# संविधानसभा
# संवैधानिक समिति

## अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन
## २०६६



संविधानसभा, संवैधानिक समिति
सिंहदरवार, काठमाडौं ।
ईमेल : conscom@can.gov.np
वेव साइट : www.can.gov.np

# संविधानसभा
# संवैधानिक समिति
# अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६

संविधानसभा नियमावली २०६५ को नियम ६५ को उपनियम (३) बमोजिम संविधानसभामा पेश गरिएको

संविधानसभा, संवैधानिक समिति
सिंहदरवार, काठमाडौं ।
ईमेल : conscom@can.gov.np
वेव साइट : www.can.gov.np

# मन्तव्य

**सम्माननीय अध्यक्ष महोदय,**

सर्वप्रथम, नेपाली जनताले देश र जनताको पक्षमा विगत लामो समयदेखि संचालन गर्दै आएका ऐतिहासिक संघर्ष र शान्तिपूर्ण जनआन्दोलनहरुको क्रममा प्राणको आहुति गर्ने महान शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । उल्लिखित आन्दोलनका क्रममा बेपत्ता भएका व्यक्तिहरुको स्मरण गर्दै घाइते योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाली जनतालाई आफ्नो संविधान आफैले बनाउन पाउने आधारभूत अधिकार प्रदान गरेको छ । यसैको लागि उक्त संविधानको धारा ६३ बमोजिम संविधानसभाको गठन भै संविधानसभा नियमावली, २०६५ को नियम ६५ को उपनियम (२) र (३) बमोजिम संवैधानिक समितिको कार्यक्षेत्र देहाय बमोजिम तोकिएको सर्वविदितै छ ।

- विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्रभित्रका विषयको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन संविधानसभामा पेश गरिसकेपछि त्यस्ता समितिहरुबाट प्राप्त प्रतिवेदन, सोमाथि सभामा छलफल भई सभाले दिएको सुझाव र निर्देशन समेतका आधारमा संविधानको मस्यौदा तयार पारी संविधानसभामा पेश गर्नु संवैधानिक समितिको प्रमुख कर्तव्य हुने व्यवस्था नियमावलीले गरेको छ ।
- संविधानको प्रस्तावना र कुनै पनि विषयगत समितिहरुको कार्यक्षेत्रभित्र नपरेका तर संविधानमा समावेश गर्नु पर्ने विषयको पहिचान गरी त्यसको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी सभामा पेश गर्ने जिम्मेवारी समेत नियमावलीले संवैधानिक समितिलाई प्रदान गरेको अवस्था छ ।

समितिले आफ्नो प्रारम्भिक जिम्मेवारीको रुपमा रहेको संविधानको प्रस्तावना र कुनै पनि विषयगत समितिहरुको कार्यक्षेत्रभित्र नपरेका तर संविधानमा समावेश गर्नु पर्ने विषयको पहिचान गरी ती विषयमा अवधारणपत्र र प्रारम्भिक मस्यौदा तयार गरी यो प्रतिवेदन तयार पारेको छ । उक्त कार्यसम्पादन गर्ने क्रममा हाम्रो संवैधानिक विकास, विश्वका केही संविधानका विषयवस्तुको तुलनात्मक अध्ययन गरी, विषयगत समितिहरुको कार्यक्षेत्रभित्र परेका विषयमा दोहोरोपन नहोस् भन्ने कुरालाई विशेष ध्यान दिई हाललाई प्रस्तावना, संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु, संविधान संशोधन प्रक्रिया, राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था, संकटकालीन अवस्थाको घोषणा, संक्रमणकालीन व्यवस्था, संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था, विविध भागमा रहने व्यवस्थाहरु, परिभाषाको भाग एवं संक्षिप्त नाम र प्रारम्भ सम्बन्धी विषयलाई समितिको कार्यक्षेत्रभित्रका विषय पहिचान गरी उल्लिखित विषयको अवधारणापत्र र प्रारम्भिक मस्यौदा सहितको प्रतिवेदन संविधानसभामा पेश गर्ने जिम्मेवारी पूरा गर्दै सम्मानित संविधानसभामा यो प्रतिवेदन पेश गरिएको छ ।

संवैधानिक समितिले आफ्नो कार्यसञ्चालन गर्ने सन्दर्भमा आफ्नो कार्यक्षेत्रको पहिचान, कार्यविवरणको निर्माण, समितिको बैठकको आन्तरिक कार्यविधि, कार्यतालिका निर्माण र समितिलाई आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन गरिएको थियो । यसै कार्यदलको प्रतिवेदनको आधारमा समितिले आफ्नो कार्य अगाडि बढाएको थियो । तदनुरुप विषयबस्तुको सन्दर्भमा हाम्रो विगतको अभ्यास र विश्वका अन्य मुलुकहरुको अभ्यासको तुलनात्मक अध्ययन तथा विकसित भएका नविनतम मान्यताहरुको अध्ययन गर्दै विश्वका संविधानहरु तथा विज्ञहरुद्वारा लेखिएका पुस्तक तथा पत्रपत्रिकाहरुलाई स्रोत सामग्रीका रुपमा उपयोग गरी अवधारणापत्र तयारीको प्रारम्भिक कार्य सम्पादन गरी समितिसमक्ष प्रतिवेदन सहितको सुझाव पेश गर्न समितिको कार्यक्षेत्रहरुलाई पाँच भागमा विभाजन गरी प्रस्तावना, संविधानको नाम, संविधान संशोधन, राजनीतिक दल एवं विविध र संकटकालीन व्यवस्था उपसमितिहरु गठन गरी कार्य प्रारम्भ गरेको थियो ।

आफ्नो संविधान आफैले निर्माण गर्ने कार्यमा जनतालाई सरिक गराउने उद्देश्यले सर्वसाधारण जनतालाई समितिको कार्यक्षेत्रभित्रका विषयहरुमा राय सुझाव दिनका लागि सार्वजनिक सञ्चारका माध्यमहरुबाट सूचना प्रचार प्रसार गरी आव्हान गरिएको थियो । समितिले छब्बीस वटा विषयगत प्रश्न रहेको प्रश्नावली तयार पारी यस समितिका माननीय सदस्यहरुसमेत संलग्न भई जनमत संकलन गर्न संविधानसभाका चालीस वटा भ्रमण टोलीहरु देशका पचहत्तर वटै जिल्लामा गई सुझाव संकलन गरिएको सबैमा अवगत नै छ । जनताबाट प्राप्त राय एवं सुझावहरुको अध्ययन, विश्लेषण एवं तालिकीकरण गरी एउटै प्रतिवेदनमा समावेश गर्न उपसमिति गठन गरी कार्य अगाडि बढाइएको थियो ।

विभिन्न राजनीतिक दलहरुबाट भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नुपर्ने अवधारणापत्र समेत छुट्टाछुट्टै रुपमा पेश भएको थियो । समितिको कार्यसम्पादन गर्ने सन्दर्भमा समितिमा उपस्थित भई भावी संविधानका आधारभूत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणापत्र तयार गर्नुपर्ने विषयहरुमा सम्बन्धित विषयका विशेषज्ञहरु र विभिन्न संस्थाहरुका प्रतिनिधिहरु समेतबाट अमूल्य राय सुझावहरु प्राप्त भएको थियो ।

उपर्युक्त सबै प्रक्रिया र सुझावहरुका आधारमा उपसमितिहरुले तयार पारेको अवधारणापत्रलाई समितिमा भएको छलफलका आधारमा परिमार्जन गरी अन्तिम रुप प्रदान गर्न र आधारणापत्र बमोजिम व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार गरी समितिमा पेश गर्न उन्नाइस सदस्यीय मस्यौदा उपसमिति गठन भएको थियो । मस्यौदा उपसमितिले पेश गरेको प्रारम्भिक मस्यौदामाथि समितिमा विस्तृत रुपमा छलफल गर्दै, छलफलमा आएका सुझावहरुलाई मस्यौदामा समावेश गर्दै परिमार्जित मस्यौदा तयार भयो । उक्त परिमार्जित मस्यौदामा अझ थप केही सुझाव भए लिखित रुपमा पेश गर्न समायावधि निर्धारण गरी समितिका माननीय सदस्यहरुलाई अनुरोध गरिएको थियो । तत्पश्चात सो समायावधि भित्र प्राप्त हुन आएका लिखित सुझावहरुलाई पुनः समितिमा विस्तृत रुपमा छलफल गर्दै, सहमति कायम गर्दै र सहमति कायम हुन नसकेका विषयहरुलाई मतदानको लोकतान्त्रिक प्रकृयाद्वारा टुङ्गो लगाउने विषयको रुपमा सूचीकृत गर्दै अगाडि बढ्ने प्रक्रिया अवलम्वन गरियो । मतदानको प्रक्रियाद्वारा निर्णयमा पुग्ने भनी सूचीकृत गरिएका विषयहरुमा मिति २०६६।०९।१० गतेको समितिको बैठकबाट निर्णय भई निर्णयानुसार पारित विषयहरुलाई अवधारणापत्र र प्रारम्भिक मस्यौदामा मिलान गरी तयार भएको प्रस्तुत प्रतिवेदन सम्माननीय अध्यक्ष मार्फत सम्मानित संविधानसभामा पेश गर्ने समितिको मिति २०६६।०९।१० को निर्णयानुसार यो प्रतिवेदन प्रस्तुत गरिएको छ । उल्लिखित सम्पूर्ण कार्य सम्पादन गर्नका लागि संवैधानिक समितिको ७९ पटक बैठक बसेको थियो भने बैठकको कार्यावधि जम्मा २०५ घण्टा रहेको छ ।

आफ्नो कार्यक्षेत्रभित्रका विषयको अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन पेश हुन बाँकी रहेका संविधानसभाका विषयगत समितिहरुको प्रतिवेदन प्राप्त भएपछि यस समितिको प्रतिवेदनले पूर्णता प्राप्त गर्न सक्ने तथ्य मस्यौदामा उल्लेख गरिएकै छ । यस समितिको कार्यक्षेत्र भित्रका विषयमा समितिले पेश गरेको प्रारम्भिक मस्यौदा र अवधारणा पत्रमा सबै विषयवस्तुहरु समेटियोस् भन्ने भरमग्दुर प्रयास गरेका छौं । यसको वावजुद पनि केही कुरा छुट हुन गएको भए सम्मानित संविधानसभाका माननीय सदस्यहरुको महत्वपूर्ण सुझावले समितिको कार्यक्षेत्रभित्रका विषयको मस्यौदाले पूर्णता प्राप्त गर्ने विश्वासका साथ यहाँहरुको अमूल्य सुझावको अपेक्षा गरेका छौं ।

यस समितिको कार्यक्षेत्रभित्रका विषयमा अवधारणापत्र सहितको संविधानको प्रारम्भिक मस्यौदा सहजताका साथ तयार गर्ने कार्यमा सहजीकरण गर्नु हुने संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, समितिका सबै माननीय सदस्यहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै समितिमा उपस्थित भै महत्वपूर्ण राय सुझाव प्रस्तुत गर्नु हुने विशेषज्ञ तथा सचिवालयका कर्मचारीहरुको अथक मेहनत र परिश्रमको सह्राहना गर्न चाहन्छु । प्रतिवेदनको तयारीको क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरु, समितिलाई महत्वपूर्ण सुझाव उपलब्ध गराउनु हुने विज्ञहरु, गैर सरकारी संघ-संस्था, संचार माध्यम, निजी क्षेत्र लगायत सम्पूर्ण जनसमुदायलाई पनि समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

अन्तमा, समितिबाट पारित समितिका कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी यो प्रतिवेदन सम्माननीय अध्यक्षज्यू मार्फत संविधानसभामा प्रस्तुत गर्दछु ।
धन्यवाद !

मिति : २०६६।०९।२०

......................
(नीलाम्बर आचार्य)
सभापति

संविधानसभा

# संवैधानिक समिति

प.सं.
च.नं.

संविधानसभा सचिवालय,
संसद भवन, सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति : २०६६।०९।१९

सम्माननीय अध्यक्षज्यू,
संविधानसभा ।

**विषय : अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन पेश गरिएको ।**

संविधानसभा नियमावली, २०६५ नियम ६५ को उपनियम (३) ले दिएको जिम्मेवारी तथा कार्यक्षेत्रलाई मध्यनजर गर्दै संवैधानिक समितिले तयार गरेको यो अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ समितिको मिति २०६६।०९।१० गतेको बैठकले पारित गरी सम्माननीय अध्यक्षज्यू मार्फत संविधानसभामा पेश गर्ने निर्णय समेत गरेकोले यो प्रतिवेदन प्रस्तुत गर्दछौं ।

| क्र.सं. | नाम | दस्तखत |
|---|---|---|
| १. | मा. श्री नीलाम्वर आचार्य (सभापति) | |
| २. | मा. श्री अग्नीप्रसाद खरेल | |
| ३. | मा. श्री उपेन्द्र यादव | |
| ४. | मा. श्री एकनाथ ढकाल | |
| ५. | मा. श्री कल्पना राणा | |
| ६. | मा. श्री कुलवहादुर गुरुङ्ग | |
| ७. | मा. श्री केशवप्रसाद मैनाली | |
| ८. | मा. श्री खड्गवहादुर बस्याल (सार्की) | |
| ९. | मा. श्री खड्गवहादुर विश्वकर्मा | |
| १०. | मा. श्री खिमलाल देवकोटा | |
| ११. | मा. श्री गायत्री साहा | |
| १२. | मा. श्री गिरिजाप्रसाद कोइराला | |

टेलिफोन नं. ०१-४२००२३१, ०१-४२००१२८
E-mail: conscom@can.gov.np

| क.सं. | नाम | दस्तखत |
|---|---|---|
| १३. | मा. श्री चन्द्रप्रकाश मैनाली | |
| १४. | मा. श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङ्गजा) | |
| १५. | मा. श्री चित्रबहादुर के.सी. | |
| १६. | मा. श्री छविलाल विश्वकर्मा | |
| १७. | मा. श्री ज्वालाकुमारी साह | |
| १८. | मा. श्री जयपुरी घर्ती | |
| १९. | मा. श्री झलनाथ खनाल | |
| २०. | मा. श्री देवप्रसाद गुरुङ्ग | |
| २१. | मा. श्री धर्मशिला चापागाईं | |
| २२. | मा. श्री नारायणकाजी श्रेष्ठ | |
| २३. | मा. श्री निलम वर्मा | |
| २४. | मा. श्री पदमबहादुर राई | |
| २५. | मा. श्री परि थापा | |
| २६. | मा. श्री पासाङ्ग शेर्पा (ताप्लेजुङ्ग) | |
| २७. | मा. श्री पुष्पकमल दाहाल (प्रचण्ड) | |
| २८. | मा. श्री प्रकाशचन्द्र लोहनी | |
| २९. | मा. श्री प्रकाशमान सिंह | |
| ३०. | मा. श्री प्रेमबहादुर सिंह | |
| ३१. | मा. श्री ववन सिंह | |
| ३२. | मा. श्री वर्षमान पुन मगर | |
| ३३. | मा. श्री वाबुराम भट्टराई | |
| ३४. | मा. श्री बुद्धरत्न मानन्धर | |
| ३५. | मा. श्री भीमबहादुर रावल | |
| ३६. | मा. श्री महन्थ ठाकुर | |
| ३७. | मा. श्री महेन्द्र पासवान | |
| ३८. | मा. श्री माधवकुमार नेपाल | |

| क.सं. | नाम | दस्तखत |
|---|---|---|
| ३९. | मा. श्री मालवर सिंह थापा | |
| ४०. | मा. श्री रत्न शेरचन | |
| ४१. | मा. श्री रामचन्द्र पौडेल | |
| ४२. | मा. श्री रामचरण चौधरी (थारु) | |
| ४३. | मा. श्री रुकमिणी चौधरी (थारु) | |
| ४४. | मा. श्री रुपा वि.क. | |
| ४५. | मा. श्री रेनु चन्द (भट्ट) | |
| ४६. | मा. श्री लक्ष्मणलाल कर्ण | |
| ४७. | मा. श्री लक्ष्मीलाल चौधरी | |
| ४८. | मा. श्री लोकेन्द्रबहादुर चन्द | |
| ४९. | मा. श्री विजयकुमार गच्छदार | |
| ५०. | मा. श्री विमलेन्द्र निधि | |
| ५१. | मा. श्री विश्वेन्द्र पासवान | असहमति सहितको फरक मत राख्दै |
| ५२. | मा. श्री शरत सिंह भण्डारी (महोत्तरी) | |
| ५३. | मा. श्री शारदा झा | |
| ५४. | मा. श्री सदरुल मियाँ हक | |
| ५५. | मा. श्री सपना प्रधान मल्ल | |
| ५६. | मा. श्री सरला रेग्मी | |
| ५७. | मा. श्री सरिता गिरी | |
| ५८. | मा. श्री सुनिल प्रजापति | |
| ५९. | मा. श्री सुप्रभा घिमिरे | |
| ६०. | मा. श्री सुरेन्द्र पाण्डे | |
| ६१. | मा. श्री सूर्यमान दोङ तामाङ्ग | |
| ६२. | मा. श्री हरिराज लिम्बू | |
| ६३. | मा. श्री हृदयेश त्रिपाठी | |

# विषयसूची

| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|


**प्रारम्भिक मस्यौदा खण्ड** १-२२

**फरक मत खण्ड** २३-५६

**अवधारणापत्र खण्ड** ५७-१२२

**भाग-एक**
**प्रारम्भिक**

१.१ संवैधानिक समितिको गठन ..... ५७
१.२ समितिको कार्यक्षेत्र ..... ५७
१.३ अवधारणा-पत्र तयार गर्न अपनाईएको विधि ..... ५७
१.४ प्रतिवेदनका सीमा ..... ५८

**भाग-दुई**
**अवधारणापत्र**

२.१ प्रस्तावना ..... ५९
२.२ संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु ..... ६९
२.३ संविधान संशोधन प्रक्रिया ..... ८०
२.४ राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था ..... ८९
२.५ संकटकाल सम्बन्धी व्यवस्था ..... ९५
२.६. संक्रमणकालीन व्यवस्था ..... १०५
२.७ संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था ..... १०९
२.८ विविध भागमा रहने व्यवस्थाहरु ..... ११४
२.९ परिभाषाको भाग ..... ११८
२.१० संक्षिप्त नाम, प्रारम्भ र खारेजी ..... १२०

**अनुसूची खण्ड** १२३-२१७

१. संवैधानिक समितिका माननीय सदस्यहरु ..... १२३
२. संवैधानिक समितिको कार्यक्षेत्र र कार्यविवरण ..... १२५
३. समितिलाई प्राप्त सुझावहरु ..... १२६
   क) समितिलाई सिधै प्राप्त राय सुझावको सारसंक्षेप ..... १२६
   ख) समितिलाई नागरिक सम्बन्ध समिति मार्फत प्राप्त जनताको राय सुझावको सार संक्षेप ..... १७०
४. जनमत संकलनसंग सम्बन्धित दस्तावेजहरु ..... १७८
   (क) आम नागरिकबाट सुझाव संकलन गर्ने प्रयोजनको लागि समितिले पारित गरेको प्रश्नावली ..... १७८
   (ख) सुझाव संकलन टोलीहरुबाट प्राप्त प्रतिवेदनको सार संक्षेप ..... १७९
   (ग) प्रश्नावली मार्फत आम नागरिकले दिएको राय सुझावको संक्षेपीकरण ..... १८४
५. समिति अन्तर्गत गठन भएका उपसमितिहरु ..... २०६
६. समितिमा आई आफ्नो राय सुझाव प्रस्तुत गर्ने राजनीतिक दलहरुको विवरण ..... २०९
७. समितिमा आई राय सुझाव प्रदान गर्नुहुने विशेषज्ञहरु र संस्थाहरुको विवरण ..... २११
८. संविधानसभा, संवैधानिक समितिको सचिवालयसंग आबद्ध पदाधिकारी तथा कर्मचारीहरुको विवरण ..... २१३
९. समितिका हालसम्मका बैठक र सो को कार्यसूची ..... २१४

मिति २०६६।९।१९ को बैठकमा माननीय सभापतिले मिति २०६६।९।१० मा समितिमा भएको मतदानबाट पारित विषयहरु अवधारणापत्र खण्डमा मिलान भए नभएको सम्बन्धमा रुजु गर्न सकिने भनी माननीय सदस्यहरुको लागि निर्धारण गर्नु भएको समय भित्र प्राप्त भएका दस्तावेजहरु ..... २१८

# प्रारम्भिक मस्यौदा खण्ड

# प्रारम्भिक मस्यौदा

| क्र. सं. | विषयबस्तु | संविधानमा राख्ने व्यवस्थाको प्रस्तावित मस्यौदा | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | प्रस्तावना | *(संविधानसभाका सबै समितिहरुबाट संविधानको समग्र पक्षमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य सम्पन्न भई सुझाव र निर्देशन सहित मस्यौदा एकीकरणको लागि संविधानसभाले संवैधानिक समितिमा पठाईनसकेको अहिलेको अवस्थामा भावी संविधानको मूल मर्म र समग्र सार खिच्ने गरी प्रस्तावनाको मस्यौदा गर्न सकिने अवस्था रहेन । संविधानको समग्र मस्यौदा तयार गर्ने क्रममा पूर्णता दिने गरी अहिले प्रारम्भिक रुपमा यो मस्यौदा प्रस्तुत गरिएको छ ।)*<br><br>हामी सार्वभौमसत्तासम्पन्न नेपाली जनता;<br><br>नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता, स्वाधीनता एवं स्वाभिमानलाई अक्षुण्ण राख्दै;<br><br>लोकतन्त्र, शान्ति, मानवअधिकार र अग्रगामी परिवर्तनका लागि गरिएका ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जनआन्दोलन र मधेश आन्दोलन तथा नेपाली जनताको त्याग, बलिदान र शहिदहरुलाई सम्मान गर्दै; | **संविधानको प्रारम्भमा** | प्रस्तावनाले संविधानको मूल मर्म र समग्र सारलाई अभिव्यक्त गर्दछ । यो संविधानको भावना (Spirit) हो । संविधान निर्माण गर्नुको मनसाय (Intent), उद्देश्य (Purpose) र प्रयोजन (Objective) प्रस्तावनाको अध्ययनबाटै थाहा पाउन सकिन्छ । यसले संविधान निर्माणको आधार, कारण र औचित्यलाई समेत स्थापित गर्दछ । प्रस्तावनालाई संविधानको प्रवेशद्वार (Gateway) को रुपमा लिइन्छ, जहाँबाट संविधानका अन्तर्वस्तुहरु र राज्यको राजनीतिक, आर्थिक, सामाजिक व्यवस्था एवं दार्शनिक पक्षहरुलाई नियाल्न सकिन्छ ।<br>सामान्यतया प्रस्तावनाको अन्तरबस्तुमा संविधान जारी गर्नु पर्ने कारण, संविधान जारी गर्ने अख्तियारी वा श्रोत, कसले, कहिले र किन संविधान निर्माण गरेको हो भन्ने कुरा, संविधानले आत्मसात गरेको कानूनी |

| | | | | |
|---|---|---|---|---|
| | | सामन्ती, निरंकुश, केन्द्रिकृत, एकात्मक र पितृसत्तात्मक राज्य व्यवस्थाले सृजना गरेका विभेद र उत्पीडनको पीडालाई स्मरण गर्दै;<br><br>बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा क्षेत्रीय विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने प्रण गर्दै;<br><br>जनताको प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्वन गरी समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै;<br><br>राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै; *(छलफलमा रहेको यो विषयलाई राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको शासकीय स्वरुप निर्धारण समितिबाट तयार हुने प्रतिवेदनको प्रसङ्गमा अझै छलफल गर्ने सहमति भएको)*<br><br>वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्थाजन्य जातपात र छुवाछूत लगायत सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र | | प्रणालीको संक्षिप्त झलक, संविधानका मूल्य र मान्यताहरु, जनताको आकांक्षा र चाहना, देशको स्वाधीनता, स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता कायम राख्ने कुरा, विगतको राज्यव्यवस्थाले पुऱ्याएको उत्पीडन र पीडा, वर्तमानको आकांक्षा र भविष्यको लक्ष्य, राज्यको स्वभाव वा चरित्र, जनताप्रतिको निष्ठा, वर्तमान राजनीतिक प्रणालीको प्राप्तिका सन्दर्भमा विभिन्न संघर्ष र आन्दोलनहरुका माध्यमबाट जनताले गरेको त्याग, बलिदान र योगदानको कदर तथा शहिदहरुलाई स्मरण र सम्मान गर्ने जस्ता पक्षलाई समेटिने मान्यता रहेको छ । यो संविधानको प्रस्तावना पनि उल्लिखित मान्यतामा आधारित भएर तयार गरिएकोछ । |

| | | | | |
|---|---|---|---|---|
| | | सहभागितामूलक मान्यताको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;<br><br>सामन्तवादका सबैखाले अवशेषहरुको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, समृद्धि र विकासको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौं । | | |
| २ | संविधान मूल कानून | १. **<u>संविधान मूल कानून</u>** : (१) यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>(२) यस संविधानको पालना गर्नु र संविधान बमोजिमका दायित्व पूरा गर्नु सबैको कर्तव्य हुनेछ । | **पहिलो भाग, धारा १** | देशको सार्वभौमसत्ता निहित रहेका जनताबाट संविधान निर्माण हुने हुँदा यसले "आधारभूत" "सर्वोच्च" वा "मूल कानून" को रुपमा मान्यता पाएको हुन्छ । यसै मान्यता समेतका आधारमा संविधान मूल कानूनको रुपमा रहेको हुन्छ । अरु सबै कानूनहरू र कानून निर्माण गर्ने अङ्ग समेतलाई यसैले सिर्जना गरेको मानिन्छ । आधुनिक संविधानवादको मान्यता अनुसार सीमित सरकारको अवधारणालाई साकार पार्न र स्वेच्छाचारीताको अन्त्य गर्न राज्यका सबै निकाय संविधानले निर्धारण गरेको परिधिभित्र सीमित रहनु पर्दछ । लिखित संविधान भएका देशमा संविधानसँग बाझिने गरी कुनै पनि कानून निर्माण हुन सक्दैन । संविधानसँग बाझिने गरी कुनै कानून निर्माण भएमा त्यस्ता कानूनहरु बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरिएको हुन्छ । संविधानले नै राज्यशक्तिको सीमा निर्धारण गरी सरकारको अधिकार क्षेत्र र नागरिक अधिकार बीच समन्वय स्थापित गरेको हुन्छ । अतः संविधान अन्तर्गत निर्माण गरिने कानून संविधान अनुकूल हुनुपर्ने गरी व्यवस्था गरिएको छ । संविधान सर्वोच्च कानून भएकोले संविधानको पालना गर्ने र संविधान बमोजिमका दायित्व पूरा गर्नु सबैको (सबै नागरिक, राज्यका अङ्गहरू, सार्वजनिक पदाधिकारीहरू, विभिन्न संघ-संस्था र तिनका पदाधिकारीहरू समेत) कर्तव्य हुने व्यवस्था समेत गरिएको छ । |
| ३ | सार्वभौमसत्ता र राजकीयसत्ता | २. **<u>सार्वभौमसत्ता र राजकीयसत्ता</u>** : (१) नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेकोछ ।<br>(२) नेपाली जनताले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग यस संविधानमा व्यवस्था | **पहिलो भाग, धारा २** | कुनै पनि राज्यको स्वतन्त्र अस्तित्व र देशभित्रको वास्तविक शक्तिको पहिचानका लागि संविधानमा सार्वभौमसत्ताको किटानी आवश्यक मानिन्छ । यो शक्तिको अभिव्यक्ति संविधानमा भएको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा शक्तिको श्रोत जनता नै भएको हुँदा सार्वभौमसत्ता जनतामा निहित रहने कुरामा दुईमत हुन सक्दैन । अतः नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने र सार्वभौमसत्ताबाटै निसृत हुने राजकीयसत्ता |

| | | | | |
|---|---|---|---|---|
| | | भएबमोजिम गर्नेछन् । | | समेत नेपाली जनातामा नै निहित रहने कुरा प्रष्ट रुपमा उल्लेख गरिएको छ । जनतामा निहित रहेको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग जनता स्वयंले सबै अवस्थामा गर्न नसक्ने हुँदा सोको प्रयोग जनताबाट प्रत्यक्ष रुपमा निर्वाचित निकाय र संविधान अन्तर्गत स्थापित वैधानिक निकायबाट हुने गर्दछ । विगतको संवैधानिक इतिहासलाई हेर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३ मा नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ, जसको प्रयोग संविधानमा व्यवस्था भए बमोजिम हुनेछ भन्ने उल्लेख भएको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहनेछ भन्ने सम्म उल्लेख भएको थियो । प्रयोग विधिबारे केही उल्लेख नभएको हुँदा यस संविधानमा नेपाली जनताले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम गर्नेछन् भन्ने व्यवस्था गरिएको छ । |
| ४ | राष्ट्र, राज्य र नेपालको क्षेत्र | **३. <u>राष्ट्र</u> :** बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो ।<br>**४. <u>नेपाल राज्य</u> :** (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, समाजवादउन्मुख, गणतन्त्रात्मक, बहुराष्ट्रिय राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिनेछ ।<br>(२) नेपाल राज्यभित्र अनुसूची-१ मा उल्लेख भएबमोजिमका संघीय इकाईहरू रहनेछन् ।<br>(३) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछः-<br>(क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र<br>(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र । | **पहिलो भाग, धारा ३ र ४** | राष्ट्र एउटा समष्टिगत अवधारणा हो जसमा समाज वा समूहका व्यक्तिहरुले लामो समयदेखि धारण गर्दै आएको धार्मिक, भाषिक, सांस्कृतिक वा जातीय पहिचान र आर्थिक अन्तरसम्बन्ध हुन्छ । राष्ट्रमा विभिन्न धर्म, वर्ण, जात र जातिका मानिसहरु बसोबास गरेका हुन्छन् तापनि उनीहरु एकतावद्ध रहेका हुन्छन् । मनोवैज्ञानिक रुपमा 'हामी र तिमी'को भावना भएतापनि उनीहरु एकसाथ बस्ने चाहना राखेका हुन्छन् । उनीहरु राष्ट्रिय स्वतन्त्रता र अखण्डताप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध रहेका हुन्छन् । अतः राष्ट्रिय एकता र अखण्डतालाई मजबुत तुल्याउने गरी "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो ।" भनी परिभाषा गरिएको छ ।<br><br>हाम्रो देश विभिन्न जातजाति र भाषाभाषीहरुको साझा थलो हो। परम्परादेखि नै स्वतन्त्र रहेको हाम्रो देश अविभाज्य पनि छ । देश धर्मसापेक्ष र एकात्मक राज्यप्रणालीबाट धर्मनिरपेक्ष र संघीय शासन प्रणालीमा रुपान्तरण समेत भई सकेको सन्दर्भमा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, समाजवादउन्मुख, |

| | | | | |
|---|---|---|---|---|
| | | | | गणतन्त्रात्मक, बहुराष्ट्रिय राज्य हो भनी परिभाषित गर्नु उपयुक्त हुने हुँदा सोही बमोजिम राज्यलाई परिभाषित गरी जसलाई संक्षिप्तमा नेपाल भनिएको छ । संघीय गणतन्त्र नेपालमा रहने संघीय इकाईहरुको सूची अनूसूचीमा रहने गरी व्यवस्था गरिएको छ । साथै यो संविधान प्रारम्भ हुँदाका बखत र प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्रलाई नेपाल राज्यको क्षेत्र कायम गरिएको छ । |
| | राष्ट्रभाषा | ५ **राष्ट्रभाषा :** सम्बन्धित विषयगत समितिबाट मस्यौदा प्रस्तुत हुने | **पहिलो भाग, धारा ५** | |
| ५ | राष्ट्रिय झण्डा, गान र निशाना छाप | ६. **राष्ट्रिय झण्डा :** (१) सिम्रिक रङ्गको भुइँ र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।<br>(२) नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका र तत्सम्बन्धी अरु विवरण अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ ।<br>७. **राष्ट्रिय गान र निशाना छाप :** (१) नेपालको राष्ट्रिय गान अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ ।<br>(२) नेपालको निशाना छाप अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ । सो निशाना छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ र त्यसमा नेपाल सरकारबाट निर्धारित रङ्गको प्रयोग हुनेछ । *(प्रदेशको आफ्नो छुट्टै निशाना छाप हुने वा नहुने विषय राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन प्राप्त भएपछि टुंगो लगाउने ।)* | **पहिलो भाग, धारा ६ र ७** | हाल कायम रहेको राष्ट्रिय झण्डा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको राष्ट्रिय चिन्हको रुपमा चीरपरिचित रहेकोले सोही राष्ट्रिय झण्डालाई यथावत कायम राखिएको छ ।<br>नेपालको वर्तमान राष्ट्रिय गान २०६२/२०६३ को ऐतिहासिक जनआन्दोलनको बलमा स्थापित लोकतान्त्रिक सरकारले सम्पूर्ण नेपाली जनताबाट उत्कृष्ट रचनाको माग गरी सम्बन्धित विषयका विद्वान विशेषज्ञ र प्राज्ञहरुको समितिबाट सिफारिश भए बमोजिम लोकतान्त्रिक विधिबाट चयन भएकोले सोही राष्ट्रिय गानलाई यथावत कायम राखी अनुसूचीमा उल्लेख गरिएको छ ।<br>नेपालको वर्तमान निशाना छाप पनि लोकतान्त्रिक सरकारले लोकतान्त्रिक प्रक्रिया बमोजिम निर्धारण गरी कार्यान्वयनमा ल्याएको र यसलाई पटक पटक परिवर्तन गर्न उपयुक्त नहुने भएकोले त्यसलाई पनि यथावत कायम राखिएको छ । |
| ६ | संविधान | ८. **संविधान संशोधन :** (१) जनतामा निहित सार्वभौमसत्ता, | **संवैधानिक** | समाजका मूल्य मान्यतामा आउने परिवर्तन र जनचाहना अनुरुप |

| | | | | |
|---|---|---|---|---|
| | संशोधन | गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलीय प्रतिष्पर्धा, वालिग मताधिकार र आवधिक निर्वाचन सम्बन्धी मूल्य र मान्यताहरुको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।<br>(२) उपधारा (१) को अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय विधायिकाको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिनेछ। त्यस्तो विधेयक नेपाल सरकार, तोकिएबमोजिमको न्यूनतम् संख्याका सदस्यहरु वा कुनै संघीय इकाईका विधायिकाबाट पेश हुन सक्नेछ ।<br>तर उपधारा (१) लाई संशोधन गरिने छैन ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपधारा (१) को अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विषय जनमत संग्रहबाट निरोपण गर्न उपयुक्त हुने भनी तोकिए बमोजिमको न्यूनतम् संख्याका सदस्यहरुले पेश गरेको प्रस्ताव संघीय विधायिकाको वहुमतबाट पारित भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट जनताको राय लिन सकिनेछ ।<br>(४) उपधारा (३) बमोजिम गरिएको जनमत संग्रहबाट संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विषय कूल सदर मतको बहुमतबाट अनुमोदन भएमा उक्त विषयमा स्वतः संविधान संशोधन भएको मानिनेछ ।<br>(५) उपधारा (२) बमोजिम पेश भएको विधेयक सम्वन्धित सदनमा प्रस्तुत भएको ३० दिनभित्र | **निकाय सम्बन्धी व्यवस्था पछि अलग्गै भाग अन्तर्गत अलग धारामा रहने** | संविधानमा संशोधन गरी यसलाई जीवन्त र गतिशील दस्तावेजको रुपमा कायम राख्न संविधान संशोधन सम्बन्धी व्यवस्था आवश्यक पर्दछ । जनताले आफ्नो परिवर्तनको चाहनालाई वैधानिक तवरबाटै पूरा गर्न सकून र हिंसा वा क्रान्तिको मार्ग अपनाउनु नपरोस् भन्ने नै यसको मूल मान्यता हो ।<br><br>संविधान निर्माण गर्ने अधिकार (Original Constituent Power) जनतामा निहित रहने तर संविधान संशोधनको अधिकार प्रत्यायोजित अधिकारको रुपमा रहेको हुन्छ । प्रत्यायोजित अधिकारले संविधान निर्माताको अधिकारलाई खण्डित गर्न नसक्ने भएकोले जनताले संविधान निर्माण गर्दा स्थापित गरेका आधारभूत मूल्य र मान्यताहरुको प्रतिकूल हुने गरी संशोधनको माध्यमबाट परिवर्तन गरिएमा संविधानको संशोधन मात्र नभई नयाँ संविधानको निर्माण गरेको हुन जान्छ । त्यसो गर्ने अधिकार सार्वभौमसत्तासम्पन्न जनतालाई मात्र रहने कुरा स्वतः स्पष्ट छ ।<br><br>एक्काईसौं शताव्दीको संवैधानिक लोकतान्त्रिक शासन व्यवस्थामा जनतामा निहित सार्वभौमसत्ता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, वहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकार र आवधिक निर्वाचन जस्ता मूल्य र मान्यताहरु सर्वस्वीकृत रुपमा स्थापित भएका छन् । त्यसैगरी हाम्रो सन्दर्भमा सयौं वर्ष लामो राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भई जनचाहना बमोजिम गणतन्त्रात्मक व्यवस्था स्थापित भएको छ । यी मूल्य र मान्यताहरुलाई आधारभूत संरचनाको रुपमा कायम राखी तिनको प्रतिकूल संविधान संशोधन गर्न नसकिने भनी संशोधनको अधिकारमा सारभूत सीमा लगाइएको छ । यस बाहेक संविधानको कुनै पनि धारालाई संशोधन वा खारेज गर्ने गरी संघीय विधायिकाको कुनै पनि सदनमा विधेयक पेश गर्न सकिने व्यवस्था गरिएको छ । त्यस्तो विधेयक नेपाल सरकार, संघीय विधायिकाका तोकिए बमोजिमको न्यूनतम संख्याका सदस्यहरु वा संघीय इकाईका विधायिकाबाट पेश हुन सक्ने व्यवस्था गरिएको छ ।<br><br>संविधान संशोधनमा जनताको प्रत्यक्ष सहभागिता स्थापित गर्नको लागि |

| | | | | |
|---|---|---|---|---|
| | | सर्वसाधारण जनताको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।<br>(६) उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै संघीय इकाईको सीमाना परिवर्तन र धारा .....मा उल्लिखित संघीय इकाईको एकलौटी अधिकारको विषयसँग सम्बन्धित भएमा संघीय विधायिकामा प्रस्तुत भएको ३० दिनभित्र संघीय इकाईका विधायिकाको सहमतिका लागि पठाउनु पर्नेछ ।<br>तर उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै निश्चित संघीय इकाईको मात्र सरोकारको विषयसँग सम्बन्धित भएमा सम्बन्धित संघीय इकाईको विधायिकाको सहमति पर्याप्त हुनेछ ।<br>(७) उपधारा (६) बमोजिम सहमतिका लागि पेश भएको विधेयक बहुमत संघीय इकाईका विधायिकाले तीन महिनाभित्र तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी संघीय विधायिकामा पठाउनु पर्नेछ ।<br>तर कुनै संघीय इकाईको विधायिका विघटन भएको अवस्था रहेछ भने त्यस्तो विधायिका गठन भई पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ ।<br>(८) उपधारा (२) बमोजिम पेश भएको संघीय इकाईका विधायिकाको सहमति आवश्यक नपर्ने विधेयक वा उपधारा (७) बमोजिम संघीय इकाईका विधायिकाबाट सहमति प्राप्त भएको विधेयक संघीय विधायिकाका प्रत्येक सदनमा सो सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाई सदस्यहरूको बहुमतबाट | | माथि उल्लेख गरिएको व्यवस्थाको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विषय जनमत संग्रहबाट निरोपण गर्न उपयुक्त हुने भनी संघीय विधायिकाका तोकिए बमोजिमको न्यूनतम संख्याका सदस्यहरुले पेश गरेको प्रस्ताव संघीय विधायिकाको बहुमतबाट पारित भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट जनताको राय लिन सकिने व्यवस्था गरिएको छ । यसरी गरिने जनमत संग्रहबाट संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विषय कूल सदर मतको बहुमतबाट अनुमोदन भएमा उक्त विषयमा स्वतः संविधान संशोधन भएको मानिने व्यवस्था समेत गरिएकोछ ।<br><br>संविधान संशोधन जस्तो महत्वपूर्ण विषयमा सर्वसाधारण जनतालाई जानकारी गराई सो बारेमा जनमत निर्माण गर्नु उपयुक्त हुने हुनाले संशोधनको विधेयक सदनमा प्रस्तुत भएको ३० दिनभित्र सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ ।<br><br>संघीय शासन व्यवस्थामा साझा शासन र स्वशासनको मान्यतालाई आत्मसात गरिने र सोही बमोजिमको प्रबन्ध यस संविधानमा पनि गरिएकाले कुनै संघीय इकाईको सीमाना परिवर्तन र संविधानमा सूचिकृत संघीय इकाईहरुको अधिकारको विषयमा संविधान संशोधन गर्नु पर्दा समेत ती इकाईहरुको सहमति लिनु जरुरी हुन्छ । यसै अनुरुप संशोधनमा सहमतिका लागि संघीय विधायिकामा पेश भएको संशोधन विधेयक ३० दिन भित्र संघीय इकाईका विधायिकामा पठाउने व्यवस्था गरिएको छ । तर यस्तो विधेयक कुनै एक वा केही इकाईको मात्र सरोकारको विषय भएकोमा त्यस्ता इकाइमा मात्र सहमतिका लागि पठाउनु पर्याप्त हुन्छ । त्यसरी सहमतिका लागि पेश भएको विधेयक बहुमत संघीय इकाईका विधायिकाले तीन महिनाभित्र तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी संघीय विधायिकामा पठाउनु पर्ने तर कुनै संघीय इकाईको विधायिका विघटन भएको अवस्था रहेछ भने त्यस्तो विधायिका गठन भई पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्ने व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | पारित भएमा राष्ट्रप्रमुखको स्वीकृतिका लागि पेश गरिनेछ ।<br>(९) राष्ट्रप्रमुखले उपधारा (८) बमोजिम स्वीकृतिका लागि पेश भएको विधेयक प्राप्त भएको मितिले १५ दिनभित्र स्वीकृत गर्नेछ ।<br>*(विधायिका एक सदनात्मक हुने वा दुई सदनात्मक हुने, त्यसको नाम के हुने भन्ने विषय अर्को समितिको कार्यक्षेत्रमा रहेकोले त्यहाबाट निर्णय भई आएबमोजिम विधायिकाको नाम राख्नु पर्ने हुन्छ ।)* | | संघीय इकाईका विधायिकाबाट पारित भई आएका विधेयक एवं संघीय इकाईका विधायिकाको सहमति लिनु आवश्यक नपर्ने विधेयकमा संघीय विधायिकाको प्रत्येक सदनमा सो सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाई सदस्यहरुको वहुमतबाट पारित हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसरी पारित भएको विधेयक स्वीकृतिका लागि राष्ट्रप्रमुख समक्ष पेश गरिने र राष्ट्रप्रमुखले विधेयक प्राप्त भएको मितिले १५ दिनभित्र स्वीकृत गर्नुपर्ने प्रावधान राखिएको छ । |
| ७ | राजनीतिक दल | **९. <u>राजनीतिक दलको गठन, दर्ता र सञ्चालन</u> :** (१) समान राजनैतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले धारा ..........(मौलिक हकमा राजनीतिक दल खोल्ने स्वतन्त्रता सम्बन्धी) अन्तर्गत बनेको कानूनको अधिनमा रही राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्नेछन् ।<br>(२) उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दलले प्रचलित कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम दल दर्ताको लागि निवेदन गर्दा राजनीतिक दलको विधान, घोषणापत्र, नियमावली र वार्षिक लेखापरीक्षण प्रतिवेदन लगायत कानूनमा व्यवस्था भएबमोजिमका अन्य कुराहरु पेश गर्नु पर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम दल दर्ताको लागि | **संविधान संशोधन सम्बन्धी भागको पछि अलगै भागमा रहने** | लोकतन्त्रको एउटा आधारभूत पक्ष नै राजनीतिक दल खोल्ने स्वतन्त्रता हो । राजनीतिक दलले जनता समक्ष राजनीतिक विचारको सम्प्रेषण गर्ने, जनतालाई सचेत बनाउन, विचार निर्माण गर्न र त्यस्ता विचारको प्राप्तिको लागि साधनको रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्दछन् । संविधानवादको मर्मलाई साकार तुल्याउन, जनताको सर्वोच्चतालाई सुनिश्चितता प्रदान गर्न, जनमतलाई निर्वाचनको माध्यमबाट अभिव्यक्त गराई लोकतन्त्रलाई बलियो बनाउन, नागरिकका अधिकार र स्वतन्त्रताहरुको प्रत्याभूति एवं उपभोग गराउन र राज्यसत्तामा जनताको पहुँचको साथै नियन्त्रण समेत स्थापित गर्न राजनीतिक दलहरुले निर्णायक भूमिका निर्वाह गरेका हुन्छन । अतः लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरुको उत्तरदायीपूर्ण भूमिका महत्वपूर्ण मानिन्छ । विश्वका सबै देशका संविधानहरुमा राजनीतिक दल सम्बन्धमा विस्तृत व्यवस्था गरेको पाईदैन तापनि हाम्रो देशको आफ्नै ऐतिहासिक सन्दर्भ र विगत नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ मा राजनीतिक दल सम्वन्धमा संवैधानिक व्यवस्था गरिदै आएको परिप्रेक्षमा वर्तमान संविधानमा समेत यस सम्बन्धी व्यवस्था गरिएको छ ।<br><br>संविधानमा नै राजनीतिक दलको अस्तित्वलाई स्वीकार गर्ने र दलको गठन गरी नियमित दर्ता गर्ने र संचालन गर्ने कुरालाई व्यवस्थित तुल्याई राख्नु उपयुक्त हुने भएकाले जुनसुकै नेपाली नागरिकले आफ्नो इच्छानुसार राजनीतिक दल खोल्न, संचालन गर्न र दलले आत्मसात गरेको विचारधारा, |

| | | | | |
|---|---|---|---|---|
| | | निवेदन दिंदा कुनै पनि राजनैतिक दलले देहायका शर्तहरू पूरा गर्नु पर्नेछ :-<br>(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्छ,<br>(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र संघीय इकाई तहका प्रत्येक पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था हुनु पर्छ,<br>(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ,<br>(घ) दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनु पर्छ ।<br>(५) कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता हुने छैन ।<br>(६) प्रादेशिक इकाई स्तरमा समेत राजनीतिक दल स्थापना, दर्ता र सञ्चालन हुन सक्नेछन् ।<br>**१०. <u>राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज</u> :** (१) धारा ९ बमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः | | दर्शन वा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न सक्ने गरी सुनिश्चितता प्रदान गरिएको छ । तर यसरी खोलिने र संचालन गरिने राजनीतिक दलहरुले संविधानको धारा ... को अधीनमा रहेर मात्र आफ्ना क्रियाकलापहरु संचालन गर्न सक्ने व्यवस्था गरिएको छ ।<br><br>कुनै पनि राजनीतिक दल स्थापना भएपछि त्यसको संस्थागत विकास होस् र कानूनी व्यक्तिको रुपमा संचालन हुन सकोस भनी दलको नियमित दर्ता हुनसक्ने व्यवस्था समेत गरिएको छ । यसको लागि निर्वाचन आयोगको विशेषज्ञता, पूर्वाधार र संगठनात्मक सहजता समेतलाई मध्यनजर गरी निर्वाचन आयोगमा नै दर्ता गरिनु उपयुक्त हुने देखिएकोले सोही अनुसार प्रवन्ध मिलाइएको छ । नियमित रुपमा दर्ता भएका सबै दलहरुले निर्वाचनमा भाग लिन वा नलिन सक्ने हुँदा निर्वाचनमा भाग लिन इच्छुक दलहरुले सो प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने व्यवस्था गरिएको र उल्लिखित दुवै प्रयोजनका लागि दल दर्ता गराउदा दलको विधान, घोषणापत्र, नियमावली र वार्षिक लेखापरीक्षण प्रतिवेदन लगायत कानूनमा व्यवस्था भएबमोजिमका अन्य कुराहरु पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । साथसाथै दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने, कम्तिमा ५ वर्षमा एक पटक संघीय र संघीय इकाई तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुनुपर्ने, कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्न महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्य समेत रहनु पर्ने गरी समावेशी सहभागिताको व्यवस्था हुनुपर्ने, दलको सदस्यको अनुशासनलाई प्रभावकारी बनाउने व्यवस्था दलको विधानमा हुनुपर्ने व्यवस्था गरिएको छ । तर कुनै राजनीतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा देशलाई विखण्डित गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता नगर्ने व्यवस्था गरिएको छ ।<br><br>संघीय प्रणालीमा प्रादेशिक इकाईस्तरमा समेत राजनीतिक दलहरुको दर्ता र संचालन हुन सक्ने यथार्थतालाई दृष्टिगत गरी तत्सम्बन्धी व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | अमान्य हुनेछ ।<br>(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाएको कानून, गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधान प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ ।<br>**११. <u>राजनीतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने</u>** : (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने धारा .....बमोजिम दर्ता भएका प्रत्येक राजनीतिक दलले प्रचलित कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा राजनीतिक दलले धारा ९ को उपधारा (३) मा उल्लिखित विवरण खुलाउनुको साथै सोही धाराको उपधारा (४) मा उल्लिखित शर्तहरु समेत पूरा गरेको हुनु पर्नेछ ।<br>**१२. <u>राजनीतिक दल सम्बन्धी अन्य व्यवस्था</u> :** (१) राजनीतिक दलको स्थापना, दर्ता र सञ्चालन सम्बन्धी अन्य कुराहरू कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । | | राजनीतिक दल गठन गरी सञ्चालन गर्ने स्वतन्त्रतामा कुनै पनि प्रकारको आँच नआओस भनी राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी कुनै कानूनी व्यवस्था वा निर्णय गरिएमा यो संविधानको प्रतिकूल मानिने र स्वतः अमान्य हुने व्यवस्था गरिएको छ । साथै कुनै एउटै राजनीतिक दल वा एउटै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरुले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था संचालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी कुनै कानूनी व्यवस्था वा निर्णय गरिएमा त्यस्ता कुराहरु यस संविधानले स्थापित गरेका मूल्य र मान्यता विपरित हुने भएकोले स्वतः अमान्य हुने व्यवस्था गरिएको छ ।<br><br>राजनीतिक दलको स्थापना, दर्ता र सञ्चालन सम्बन्धी अन्य कुरा विधायिकाले कानून निर्माण गरी गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ८ | संकटकालीन व्यवस्था | **१३. <u>संकटकालीन व्यवस्था</u> :** (१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, | **राजनीतिक दल सम्बन्धी भाग को पछि** | कुनै पनि राज्यको अवस्था गतिशील हुने हुँदा यसको राष्ट्रिय जीवनमा संकटका अवस्थाहरु आउन सक्छन् । देशको सार्वभौमसत्ता, अखण्डता, शान्ति र व्यवस्थामा खतरा उत्पन्न भएमा त्यसलाई दह्रोसँग सामना गर्न र त्यसबाट पार पाउनको लागि संविधानमा संकटकालीन अवस्थाको घोषणा गर्ने व्यवस्था गरिएको हुन्छ । यसै मान्यता अनुरुप नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा गम्भीर संकट उत्पन्न |

| | | | | |
|---|---|---|---|---|
| | | मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रप्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।<br>(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि संघीय विधायिकाका दुवै सदनमा पेश गरिनेछ ।<br>*(संकटकालीन अवस्थाको घोषणा विधायिकाबाट अनुमोदन हुनै पर्ने, विधायिका एक सदनात्मक वा दुई सदनात्मक के हुन्छ र विधायिकाको विघटन सम्बन्धी व्यवस्था रहन्छ वा रहन्न, रहेमा विधायिका विघटन भएको अवस्थामा संकटकालीन अवस्थाको घोषणा भएमा के कसरी अनुमोदनको व्यवस्था मिलाउने भन्ने विषयमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदन र संकटकालीन अवस्थाको घोषणा मन्त्रिपरिषदको सिफारिशमा राष्ट्रप्रमुखबाट हुने वा राष्ट्रप्रमुखले गर्ने विषयमा राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन संवैधानिक समितिमा प्राप्त भएपछि निर्णय गर्न उपयुक्त हुन्छ ।)*<br>(३) उपधारा (२) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश संघीय विधायिकाका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।<br>(४) उपधारा (२) बमोजिम विधायिकाका दुवै सदनमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम अनुमोदन नभएमा सो | **अलग्गै भागमा रहने** | भएमा नेपाल राज्यभरी वा कुनै भागमा संकटकाल घोषणा गर्न सकिने व्यवस्था गरिएको छ । त्यसरी गम्भीर संकट उत्पन्न हुने कारक तत्वहरुमा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपत्ति वा महामारीलाई लिईएको छ । यसरी संकटकालको घोषणा गर्नुपर्ने अवस्थाको विद्यमानता छ वा छैन भन्ने कुराको निर्णय र निक्यौंल गर्ने क्षमता देशको कार्यकारिणी निकायमा हुने हुँदा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखबाट संकटकालको घोषणा गर्ने व्यवस्था गरिएको छ । परिस्थितिलाई बिचार गरी नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा मात्र लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्न सकिनेछ । सैनिक विद्रोहलाई पनि सशस्त्र विद्रोह भित्र समेटिने तथा संघीय इकाईले आफ्नो क्षेत्रभित्र संकटकालीन अवस्थाको घोषणाको लागि संघीय सरकारसंग अनुरोध गर्न सक्ने कुरालाई समेत आत्मसात गरेर नै यो व्यवस्था गरिएको छ ।<br><br>कार्यकारिणी निकायले संकटकाल घोषणा गरेपछि सो उपर जनप्रतिनिधिमुलक निकाय विधायिकाको नियन्त्रण स्थापित गर्नका लागि र यो अधिकारको प्रयोग स्वेच्छाचारी तवरले नहोस् र दुरुपयोग पनि हुन नपाओस् भनी संकटकालीन घोषणा वा आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि संघीय विधायिकाका दुवै सदनमा पेश गर्नुपर्ने र त्यसरी अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश संघीय विधायिकाका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहन सक्ने व्यवस्था गरिएको छ । विधायिकाका दुवै सदनमा अनुमोदनको लागि पेश भएको संकटकालीन अवस्थाको घोषणा वा आदेश विधायिकाबाट अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिने व्यवस्था गरिएको छ ।<br><br>संकटकालीन अवस्थाको अवधि नसकिदै त्यस्तो परिस्थिति अझै विद्यमान रहेको कारणले सोको अवधि बढाउनु पर्ने अवस्था भएमा संघीय विधायिकाका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई-तिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन |

| | | | | |
|---|---|---|---|---|
| | | घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।<br>(५) उपधारा (१) बमोजिमको अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै संघीय विधायिकाका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।<br>(६) उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार, मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रप्रमुखले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानून सरह लागू हुनेछ ।<br>(७) नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ... मा व्यवस्था भएका मौलिक हकहरुमध्ये धारा ... मा उल्लेखित हकहरु निलम्बन गर्न सकिनेछ ।<br>तर धारा ... बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन ।<br>(८) उपधारा (७) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन | | महिनामा नबढाई सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सकिने व्यवस्था समेत समावेश गरिएको छ ।<br>देश संकटमा परेको अवस्थामा संकटकालीन अवस्थाको घोषणा गरेर मात्र समस्या समाधान नहुने हुँदा यस्तो अवस्थाको सामना गरी निकास दिलाउनका निमित्त कानूनमा भएका व्यवस्था बाहेक अन्य कामहरू पनि गर्नु पर्ने हुन सक्छ । यसै कुरालाई ध्यानमा राखी नेपाल सरकार, मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रप्रमुखले विभिन्न आवश्यक आदेशहरु जारी गर्न सक्ने र त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानून सरह लागू हुने व्यवस्था गरिएको छ ।<br><br>राज्यको सार्वभौमसत्ता, अखण्डता र सुरक्षामा संकट परेको बखत जनताका मौलिक हक अधिकारमा केही न केही असर पर्नु स्वभाविक हुने हुँदा त्यस्ता केही अधिकार निलम्वन गर्नु पर्ने हुन सक्छ । देशको व्यापक हितका लागि केहि मौलिक हकहरु निलम्वन हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलन र मान्यता अनुरुप सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ... मा व्यवस्था भएका मौलिक हकहरु मध्ये धारा ... मा उल्लेखित मौलिक हकहरु निलम्बन गर्न सकिने तर धारा ... बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गर्न नसकिने व्यवस्था राखिएको छ । त्यसरी निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था गरिएको छ ।<br><br>संकटकालको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत कानून बमोजिमको क्षतिपूर्तिको दाबी गर्न सक्ने र दाबी मनासिव ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्ने गरी व्यवस्था गरिएको छ ।<br><br>संकट टरिसकेपछि संकटकालीन अवस्था यथावत राखी रहनु जनहितको |

| | | | | |
|---|---|---|---|---|
| | | दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । (९) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत पीडितले क्षतिपूर्तिको दाबी गरेमा अदालतले कानून बमोजिमको उचित क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्नेछ । (१०) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखबाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत फिर्ता लिन सकिनेछ । | | दृष्टिले आवश्यक र उपयुक्त नहुने हुनाले सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश विद्यमान राखिरहनु नपर्ने ठानी नेपाल सरकार, मन्त्रिपरिषद्ले सिफारिश गरेमा राष्ट्रप्रमुखबाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत फिर्ता लिन सकिने व्यवस्था राखिएको छ । |
| ९ | विविध | **१४. <u>संवैधानिक परिषद् सम्बन्धी व्यवस्था</u> :** *(विषयगत समितिहरुबाट प्रस्तावित भई आएमा रहने)* **१५. <u>नेपाली राजदूत र विशेष प्रतिनिधि</u> :** मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले समानुपातिक समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ । **१६. <u>माफी</u> :** मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनमा व्यवस्था भएबमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ । | **संकटकालीन व्यवस्था पछि अलग्गै भागमा रहने** | देशले विदेशी मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संगठनहरूसँगको कूटनीतिक सम्बन्धको सञ्चालनको लागि र कुनै खास कार्य र अन्तर्राष्ट्रिय सम्मेलनहरुमा देशको तर्फबाट प्रतिनिधित्व गर्न राजदूत र विशेष प्रतिनिधिहरु नियुक्ति गर्नु पर्ने हुन्छ । यसरी नियुक्ति गर्ने अधिकार कार्यकारिणीको हुने हुँदा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था राखिएको छ । राज्यसंरचनाका सबै अंगमा मुलुक भित्रका सबै वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्न राजदूत र विशेष प्रतिनिधिको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नु पर्ने व्यवस्था गरिएको छ । फौज्दारी न्याय प्रणालीमा रहन सक्ने कमी कमजोरी, राजनीतिक वा अन्य त्यस्तै कारणले कसैलाई भएको दण्ड सजाय माफी मुल्तवी, परिवर्तन वा कम गर्नु पर्ने अवस्था आउन सक्छ । यो अधिकार अति महत्वपूर्ण भएको र |

| | | | | |
|---|---|---|---|---|
| | | **१७. उपाधि, सम्मान र विभूषण :** (१) मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषणहरू प्रदान हुनेछन् ।<br>(२) नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नुअघि नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ ।<br>**१८. सरकारी सेवाको गठन :**<br>*(सम्बन्धित विषयगत समितिबाट मस्यौदा भई आए बमोजिम रहने)*<br>**१९. संवैधानिक निकायका पदाधिकारीहरूको सुनुवाइ र नागरिकता सम्बन्धी व्यवस्था :**<br>*(विषयगत समितिहरुबाट प्रस्तावित भई आएमा रहने)*<br>**२०. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन :**<br>*(सम्बन्धित विषयगत समितिबाट मस्यौदा भई आए बमोजिम रहने)* | | यसको दुरुपयोग भई दण्डहीनताको स्थिति उत्पन्न हुन सक्ने सम्भावना समेत रहने हुँदा यसको प्रयोग अपवित्र, अविवेकपूर्ण, भेदभावपूर्ण र दूषित मनसायले नहोस भन्ने तर्फ सतर्कता अपनाउनु पर्ने हुन्छ । यसै कुरालाई ध्यानमा राखी संघीय विधायिकाले निर्माण गरेको कानूनी मापदण्डको अधीनमा रही मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ ।<br><br>मुलुकको हित प्रवर्द्धन गर्ने वा प्रतिष्ठा तथा ख्याती बढाउने कार्य गरी उल्लेखनीय योगदान गर्ने देशका नागरिक तथा विदेशीलाई उनीहरुको योगदानको सम्मानार्थ र भविष्यमा अझ बढी उल्लेखनीय योगदान गर्न उत्प्रेरित गर्नका लागि राज्यका तर्फबाट राष्ट्र प्रमुखले उपाधी, सम्मान, विभूषण प्रदान गर्ने गरिन्छ । यसै कुरालाई ध्यानमा राखी राष्ट्रप्रमुखबाट राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषणहरू प्रदान हुने व्यवस्था गरिएको छ । जो सुकैबाट उपाधि, सम्मान र विभूषण नलिइयोस, देशका नागरिकले प्राप्त गर्ने उपाधि र सम्मानको राज्यलाई जानकारी होस भन्ने उद्देश्यका साथ नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेर मात्र नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नु पर्ने व्यवस्था गरिएको छ । |
| १० | सङ्क्रमणकालीन व्यवस्था | *(नेपालको अन्तरिम संविधान, २०६३ खारेज हुने र नयाँ संविधान कार्यान्वयनमा नआईसकेको अवस्थालाई संक्रमणकालीन अवस्था भनिएको हो । हाल भएका संवैधानिक संयन्त्रमा के कस्तो परिवर्तन हुन्छ, तिनीहरुका काम, कर्तव्य र अधिकारमा के कस्तो अन्तर आउँछ र नयाँ संयन्त्र बन्न के कति समय लाग्छ भन्ने विषय स्पष्ट नभईकन संक्रमणकालीन व्यवस्थालाई पूर्णता दिन सकिदैन । विषयगत समितिहरुबाट प्राप्त मस्यौदा र संवैधानिक समितिबाट मस्यौदा एकीकरण भई संविधानको विधेयक तयार गर्ने अवधिसम्म संक्रमणकालीन व्यवस्था अन्तर्गत* | | भईरहेको संविधानलाई प्रतिस्थापन गरी नयाँ संविधान जारी गरिने अवस्थामा मुलुकमा विद्यमान संवैधानिक संस्था र व्यवस्थाहरुमा परिवर्तन |

| | | | | |
|---|---|---|---|---|
| | | *राखिनु पर्ने अन्य विषयहरु थप गर्नु पर्ने अवस्था आउने भएकोले यो भागलाई अन्तिमसम्म खुला राख्नु पर्ने समितिको सुझाव रहेको ।)*<br>२१. **राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था :** यो संविधान प्रारम्भ हुंदाका बखत बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति यस संविधान बमोजिम राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुखको निर्वाचन नभएसम्म कायम रहनेछन् ।<br>*(संक्रमणकालमा राष्ट्रपति र उपराष्ट्रपतिको पद रिक्त भएमा पूर्ति हुने प्रक्रियालाई पनि शासकीय स्वरुप समितिको प्रतिवेदन प्राप्त भएपछि सोका आधारमा संबोधन गर्नु पर्ने हुन्छ ।)*<br>२२. **मन्त्रिपरिषद् सम्बन्धी व्यवस्था : (१)** यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधान अन्तर्गत गठन भएको मानिनेछ ।<br>(२) यो संविधान बमोजिम मन्त्रिपरिषद् गठन नभएसम्म उपधारा (१) बमोजिमको मन्त्रिपरिषद् कायम रहनेछ ।<br>*(संक्रमणकालमा मन्त्रीपरिषद विघटन भएमा पुनः गठन हुने प्रक्रियालाई पनि शासकीय स्वरुप समितिको प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा संबोधन गर्नु पर्ने हुन्छ ।)*<br>२३. **विधायिकी अधिकार** : (१) यस संविधान बमोजिमको संघीय विधायिकाको प्रथम अधिवेशन नबसेसम्म नेपालको विधायिकी अधिकार व्यवस्थापिका-संसदको हैसियतले वर्तमान संविधानसभाले नै प्रयोग गर्नेछ ।<br>(२) यो संविधान जारी हुँदाका बखत कायम रहेको व्यवस्थापिका-संसद सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधान बमोजिम | | हुने र परिवर्तित व्यवस्था अनुरुपको प्रवन्ध संविधान लागू हुने बित्तिकै स्वतः निर्माण गर्न नसकिने भएकोले नयाँ संविधानले परिकल्पना गरे बमोजिमको संस्था, पदाधिकारी र व्यवस्था पूर्ण नभएसम्म कायम रहेको प्रावधानलाई निरन्तरता दिनु पर्ने संवैधानिक एवं राष्ट्रिय आवश्यकता रहन्छ । यो अन्तर्राष्ट्रिय अनुभव र हाम्रो विगतको अनुभवबाट समेत स्पष्ट भईसकेको छ । तसर्थ संविधानको पूर्ण कार्यान्वयन गर्न संविधान बमोजिम तयार हुनुपर्ने सम्पूर्ण पूर्वाधार तयार नभएसम्म विद्यमान व्यवस्थालाई निरन्तरता दिनु पर्ने आवश्यकताले संविधानमा संक्रमणकालीन व्यवस्थाको अपरिहार्यता रहन्छ । अतः सङ्क्रमणकालीन व्यवस्था सम्बन्धी देहाय बमोजिमको व्यवस्था राखिएको छ :<br><br>राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुखको निर्वाचन नभएसम्म बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति कायम रहने र नयाँ संविधान बमोजिम मन्त्रिपरिषद् गठन नभएसम्म विद्यमान मन्त्रिपरिषद् कायम रहने व्यवस्था गरिएको छ ।<br><br>यस संविधान बमोजिमको संघीय विधायिकाको निर्वाचन भई प्रथम अधिवेशन नबसेसम्म नेपालको विधायिकी अधिकार व्यवस्थापिका-संसदको हैसियतले वर्तमान संविधानसभाले नै प्रयोग गर्ने तथा यो संविधान जारी हुँदाका बखत कायम रहेको व्यवस्थापिका-संसद सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधान बमोजिम कायम हुने संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिने व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | कायम हुने संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिनेछन् । | | |
| | | २४. **<u>न्यायपालिका सम्बन्धी व्यवस्था</u> :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहनेछन् । यो संविधान प्रारम्भ हुनुअघि दायर भएका मुद्दाहरू र यो संविधान प्रारम्भ भएपछि दायर हुने मुद्दाहरु तत् तत् अदालतबाट निरूपण गर्न यो संविधानले बाधा पुऱ्याएको मानिने छैन ।<br>(२) यो संविधान प्रारम्भ हंदाका बखत सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा बहाल रहेका न्यायाधीशहरू यो संविधानमा व्यवस्था भएबमोजिमको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहनेछन । | | यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहने व्यवस्था गरिएको छ । संविधान प्रारम्भ हुनुअघि दायर भएका मुद्दाहरू र यो संविधान प्रारम्भ भएपछि दायर हुने मुद्धाहरु तत् तत् अदालतबाट निरूपण गर्न यो संविधानले बाधा पुऱ्याएको नमानिने र संविधान प्रारम्भ हंदाका बखत सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा बहाल रहेका न्यायाधीशहरू यो संविधानमा व्यवस्था भएबमोजिमको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहने व्यवस्था गरिएको छ । |
| | | २५. **<u>संवैधानिक निकाय र पदाधिकारीहरू सम्बन्धी व्यवस्था</u> :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरूमध्ये यस संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारीहरू यो संविधान प्रारम्भ भएपछि कायम रहने छैनन् ।<br>(२) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायहरू यसै संविधान बमोजिम स्थापना भएको मानिने छन् र प्रचलित कानून बमोजिम ती निकायहरूमा विचाराधीन रहेका विषयहरूलाई निरन्तरता दिन यस संविधानले बाधा पुऱ्याएको मानिने छैन । | | यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरूमध्ये यस संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारीहरू यो संविधान प्रारम्भ भएपछि कायम रहने छैनन् । संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायहरू यसै संविधान बमोजिम स्थापना भएको मानिने र प्रचलित कानून बमोजिम ती निकायहरूमा विचाराधीन रहेका विषयहरूलाई निरन्तरता दिन यस संविधानले बाधा पुऱ्याएको नमानिने प्रवन्ध राखिएको छ । |
| | | (३) यो संविधान प्रारम्भ हुँदाका बखत कायम | | यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायमा कार्यरत पदाधिकारीहरु यो संविधानमा व्यवस्था भएबमोजिमको नियुक्ति सम्वन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहने व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | रहेका संवैधानिक निकायमा कार्यरत पदाधिकारीहरु यो संविधानमा व्यवस्था भएबमोजिमको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहनेछन । | | |
| | | २६. **वर्तमान कानून लागू रहने** : (१) संविधानसभाद्वारा भए गरेका निर्णय र काम कारबाही यो संविधानसँग नबाझिएको हदसम्म यसै संविधान बमोजिम भए गरेको मानिनेछन् ।<br>(२) यो संविधान लागू हुँदाका बखत कायम रहेका कानूनहरू खारेज या संशोधन नभएसम्म कायम रहनेछन् ।<br>तर यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको विधायिकाको पहिलो बैठक बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । | | संविधानसभाद्वारा भए गरेका निर्णय र काम कारबाही यो संविधानसँग नबाझिएको हदसम्म यसै संविधान बमोजिम भए गरेको मानिने, संविधान लागू हुँदाका बखत कायम रहेका कानूनहरू खारेज वा संशोधन नभएसम्म कायम रहने तर संविधानसँग बाझिएका कानून यो संविधान बमोजिमको विधायिकाको पहिलो बैठक बसेको मितिले एक वर्ष पछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था गरिएको छ । |
| | | २७. **स्थानीय निकाय सम्बन्धी व्यवस्था** : यस संविधानद्वारा व्यवस्था गरिएको स्थानीय निकायको गठन नभएसम्म हाल विद्यमान स्थानीय निकायहरु यथावत कायम रहनेछन् । | | यस संविधानले व्यवस्था गरेका संघीय इकाईहरु र स्थानीय निकायहरुको गठन र सञ्चालनमा आउन केही समय लाग्ने तर जनताको नजिकमा रहेर सेवा सुविधा उपलब्ध गराउने स्थानीय निकायहरु निरन्तर क्रियाशील रहनुपर्ने भएकोले संविधान बमोजिम स्थापित हुनु पर्ने संघीय इकाईहरु र स्थानीय निकायहरुको संरचना तयार भई सञ्चालनमा नआएसम्म हाल विद्यमान स्थानीय निकायहरु यथावत कायम रहने व्यवस्था गरिएको छ । |
| | | २८. **बाधा अड्काउ फुकाउने अधिकार** : यस संविधान बमोजिम विधायिकाको निर्वाचन भई विधायिकाको बैठक नबसेसम्म यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रप्रमुखले मन्त्रिपरिषद्को सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।<br>*(यस भागमा लेखिएका कुराहरुमा मन्त्रिपरिषद्को* | | संविधान बमोजिम विधायिकाको निर्वाचन भई विधायिकाको बैठक नबसेसम्मको संक्रमणकालीन अवधिमा कुनै संवैधानिक प्रावधान कार्यान्वयन हुनमा गतिरोधको अवस्था आउन पनि सक्ने भएकोले सोको समाधान गरी संवैधानिक संयन्त्रलाई सुचारु तुल्याउने उद्येश्यका साथ बाधा अड्काउ फुकाउने सम्बन्धमा उपयुक्त व्यवस्था गरिएको छ । यस्तो आदेश मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखबाट जारी हुने व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | *सिफारिसमा राष्ट्रप्रमुखले गर्ने वा राष्ट्रप्रमुखले गर्ने भन्ने विषयमा राज्यको शासकीय स्वरुप समितिको प्रतिवेदन प्राप्त भएपछि मात्र टुंगो लगाउने ।)* | | संविधान बमोजिम विधायिकाको गठन भएपछि संविधान संशोधनको माध्यमबाट कुनै पनि गतिरोध विधायिकाले नै संबोधन गर्न सक्ने भएकोले बाधा अडकाउ फुकाउने अधिकारलाई तत्पश्चातका लागि राखी रहन आवश्यक ठानिएको छैन । |
| ११ | परिभाषा | **२९. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,-<br>(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ ।<br>(ख) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ ।<br>(ग) "विधेयक" भन्नाले संघीय वा प्रादेशिक विधायिकामा पेश भएको ऐनको मस्यौदा सम्झनु पर्छ ।<br>(घ) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, निवृत्तिभरण र अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधा समेत सम्झनु पर्छ ।<br>*(परिभाषा गर्नु पर्ने शब्दहरुको पहिचान संविधानको समग्र मस्यौदा तयार भएपछि मात्र यकिन हुने भएकोले अहिले केही शब्दहरुको मात्र परिभाषा प्रस्ताव गरिएको छ ।)*<br>(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानून व्याख्या सम्बन्धी प्रचलित कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ । | | भावी संविधानले राज्यको पुनर्सरचना समेत गर्ने भएकाले सो अनुरुप संविधानमा प्रयोग हुने नयाँ शब्दहरुको समेत एकरुपतापूर्ण अर्थ लागोस भनी संविधान जारी हुंदाका बखत धारा, नागरिक, विधेयक, पारिश्रमिक लगायतका संविधानमा प्रयोग भएका र एकरुपतापूर्ण अर्थ लगाउनु पर्ने प्रकृतिका शब्दहरुको परिभाषा आवश्यक पर्दछ । त्यही आवश्यकतालाई मध्यनजर गरी यी शब्दहरुको परिभाषा गरिएको छ ।<br><br>संविधानको व्याख्या सही ढङ्गबाट तथा एकरुपतापूर्ण तवरले होस् भनी त्यसमा अवलम्वन गर्नुपर्ने मापदण्ड संविधानले किटान गरेको हुनुपर्छ भन्ने मान्यता रही आएको छ । मुलुकका कानूनको व्याख्या गर्ने सम्वन्धमा कायम रहेको प्रचलित कानून र व्याख्याको पद्धतिलाई आधार मानेर नै संविधानका व्यवस्थाहरुको व्याख्या गर्नु पर्ने गरी भावी संविधानले व्याख्याको मापदण्ड तोक्ने व्यवस्था गर्नु उचित हुने भएकोले कानून व्याख्या सम्बन्धी प्रचलित कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ भन्ने व्यवस्था गरिएको छ । |
| १२ | संक्षिप्त नाम, प्रारम्भ र खारेजी | **३०. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो संविधानलाई "नेपालको संविधान, २०६७" भनिनेछ ।<br>(२) यो संविधानका भाग ... धारा ... बाहेकका अन्य व्यवस्थाहरु सम्वत् दुई हजार सतसट्ठी साल जेठ महिनाको ... देखि प्रारम्भ हुनेछन् । भाग ... र धारा ... देखि प्रारम्भ हुनेछन् ।<br>**३१. खारेजी :** "नेपालको अन्तरिम संविधान, २०६३" खारेज | | हाम्रो विगतको अभ्यास र विश्वमा देखापरेको अभ्यासलाई समेत मध्यनजर गर्दा भावी संविधानको नामाकरणको लागि देशको संक्षिप्त नामको आधारमा सामान्य र छोटो नाम तय गर्ने वा परिवर्तित सन्दर्भमा देशको स्वरुप र प्रकृति समेत संविधानको नामबाट नै पहिचान गर्न सकिने गरी लामो नाम तय गर्ने भन्ने दुईवटा विकल्पमा विस्तृत छलफल भएको छ । यी दुई विकल्प मध्ये कुन विकल्प छनौट गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा छलफल हुँदा नेपाल राज्य कस्तो विशेषताको हो भन्ने कुरा माथि धारा ४ मा नै स्पष्ट व्यवस्था भईसकेको र त्यस्तो विशेषतायुक्त राज्यलाई |

| | | | | |
|---|---|---|---|---|
| | | गरिएको छ । | | संक्षिप्तमा नेपाल भनिनेछ भन्ने कुरा समेत त्यहाबाट स्पष्ट भएकोले संविधानको नामबाटै देशको स्वरुप र प्रकृति देखिनु आवश्यक नभएकोले नयाँ संविधानको नाम संक्षिप्त नै राख्ने समितिबाट निर्णय भए अनुरुप यस संविधानको नाम "नेपालको संविधान, २०६७" राख्न प्रस्ताव गरिएको छ ।<br>संविधानको प्रारम्भ सम्बन्धमा यस संविधान बमोजिमका संघीय इकाईहरु लगायत अन्य सबै संरचनाहरु संविधान जारी भएकै दिन तयार भई सबै धारा एकै पटक प्रारम्भ हुन नसक्ने स्थिति उत्पन्न हुने भएकोले तत्काल प्रारम्भ हुने र निश्चित समय पश्चात मात्र प्रारम्भ हुने भाग र धाराको निर्धारण गरी चरणबद्ध रुपमा संविधानको प्रारम्भ गर्न सकिने सैद्धान्तिक मार्ग खुला गरिएको छ । |
| १३ | अनुसूचीहरु<br>१. नेपाल राज्यभित्र रहने संघीय इकाईहरु | अनुसूची - १<br>(धारा ४ को उपधारा (२) संग सम्बन्धित)<br>**नेपाल राज्यभित्र रहने संघीय इकाईहरु** | | |
| | २. नेपालको राष्ट्रिय झण्डा | अनुसूची - २<br>(धारा ६ को उपधारा (२) संग सम्बन्धित)<br>**राष्ट्रिय झण्डा**<br>(क) किनाराभित्रको आकार बनाउने तरिका<br>(१) एउटा सिम्रिक रङ्गको रातो कपडामा तल्लो भागमा चाहिएको जति लम्बाइको रेखा बायाँबाट दाहिनेतिर खिच्ने र यसलाई क ख नाम राख्ने ।<br>(२) क बाट सीधा माथि ग सम्म क ख को लम्बाइ जतिमा क ख कै तृतीयांश थप्दा जति हुन्छ त्यति लामो हुने गरी क ग रेखा खिच्ने । क ग मा क बाट क ख को लम्बाइ जति लिई घ चिन्हो लगाउने । ख र घ जोड्ने ।<br>(३) ख घ रेखामा ख बाट क ख जति लिई ङ चिन्हो लाउने ।<br>(४) ङ हुँदै क ख को समानान्तर पारेर क ग मा पर्ने बिन्दु च बाट शुरु गरी दाहिनेतिर छ सम्म क ख को लम्बाइ जति रेखा खिच्ने ।<br>(५) ग र छ लाई जाड्ने । | | |

(ख) चन्द्र बनाउने तरिका

(६) क ख को चतुर्थांश जति क बाट दाहिनेमा ज चिन्हो लाउने र त्यहाँबाट माथि क ग को समानान्तर पारेर ग छ लाई झ मा छुने रेखा खिच्ने ।

(७) ग च को आधा ञ बाट क ख को समानान्तर पारेर रेखा दायाँतिर खिची ग छ लाई ट मा छुने ।

(८) ञ ट र ज झ रेखा काटिएको ठाउँमा ठ चिन्हो राख्ने ।

(९) ञ र छ जोड्ने ।

(१०) ञ छ र ज झ काटिएको बिन्दुमा ड चिन्हो लाउने ।

(११) ड लाई केन्द्र मानी ख घ रेखालाई न्यूनतम अन्तर पर्ने गरी स्पर्श गर्दा हुने जति दूरी पर्ने गरी ज झ रेखाको तल्लो भागमा ढ चिन्हो लगाउने ।

(१२) ड मा छोई क ख को समानान्तर रेखा बायाँबाट दायाँतिर खिच्ने र यसले क ग लाई छोएको बिन्दुको नाम ण राख्ने ।

(१३) ठ केन्द्र लिएर ठ ढ व्यासार्द्धले तल्लो भागमा वृत्त खण्ड खिच्ने र ण ड बाट गएको रेखालाई यसले छोएको दुवै ठाउँमा क्रमशः त र थ नाम राख्ने ।

(१४) ड लाई केन्द्र मानी ड थ व्यासार्द्धले तल्लो भागमा अर्ध वृत्ताकार त थ लाई छुने गरी खिच्ने ।

(१५) ढ केन्द्र मानी ढ ड को व्यासार्द्धले त ढ थ वृत्त खण्डको दुवैतर्फ छुने गरी वृत्त खण्ड खिच्ने र यसले त ढ थ लाई छोएको विन्दुहरुको नाम क्रमशः द र ढ राख्ने । द ध लाई जोड्ने । द ढ र ज झ काटिएको विन्दुको नाम न राख्ने ।


(१६) न लाई केन्द्र मानेर व्यासार्द्ध न ध ले त ढ थ को माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी अर्ध वृत्ताकार खिच्ने ।

(१७) न लाई केन्द्र मानेर व्यासार्द्ध न ड ले त ढ थ को माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी वृत्त खण्ड खिच्ने ।

(१८) यो अनुसूचीको नं. (१६) को अर्ध वृत्ताकार भित्र र नं. (१७) को वृत्त खण्ड बाहिर चन्द्रमाको आठवटा बराबरका कोण बनाउने ।

(ग) सूर्य बनाउने तरिका

| | | | | |
|---|---|---|---|---|
| | | (१९) क च को आधा प बाट क ख को समानान्तर पारेर ख ङ मा छुने गरी प फ रेखा खिच्ने ।<br>(२०) ज झ र प फ काटिएको विन्दु ब केन्द्र मानेर ड ढ को व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।<br>(२१) ब लाई केन्द्र मानेर ठ ढ व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।<br>(२२) यो अनुसूचीको नं. (२०) को वृत्ताकार बाहिर र यो अनुसूचीको नं. (२१) को वृत्ताकारभित्र परेको गोल घेराको बीच भागमा सूर्यको बाह्रवटा बराबरका कोणहरु दुई चुच्चाहरुले ज झ रेखामा छुने गरी बनाउने ।<br>(घ) किनारा बनाउने तरिका<br>(२३) न ढ को चौडाइ जति गाढा नीलो रङ्गको किनारा झण्डाको आकारको बाहिरी सबैतिरको सीमामा थप्ने, तर झण्डाको पाँच कोणहरुमा चाहिं बाहिरी कोणहरु पनि भित्रै सरहका बनाउने ।<br>(२४) झण्डा डोरी लगाई प्रयोग गरेमा माथि बताइएकै पट्टि राख्ने । झण्डा लट्ठीमा घुसार्ने हो भने क ग पट्टि आवश्यक परे जति किनारा चौड्याउने । डोरी वा लट्ठीको प्रयोगमा क ग को पट्टिमा प्वाल राख्ने ।<br>स्पष्टीकरण : झण्डा बनाउँदा खिचिएका ज झ द ध, च ङ, ङ घ, ञ छ, ण थ, ञ ट र प फ रेखाहरु कल्पित हुन् । त्यस्तै सूर्यका बाहिरी र भित्री वृत्ताकारहरु तथा खुर्पे चन्द्र बाहेक अरु वृत्त खण्ड पनि कल्पित हुन् । यिनलाई झण्डामा देखाइँदैन । | | |
| | ३. नेपालको राष्ट्रिय गान | अनुसूची - ३<br>(धारा ७ को उपधारा (१) संग सम्बन्धित)<br>**नेपालको राष्ट्रिय गान**<br>सयौ थुँगा फूलका हामी एउटै माला नेपाली<br>सार्वभौम भई फैलिएका मेची-महाकाली ।<br>प्रकृतिका कोटीकोटी सम्पदाको आँचल<br>वीरहरुका रगतले स्वतन्त्र र अटल<br>ज्ञानभूमि शान्तिभूमि तराइ पहाड हिमाल<br>अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल<br>बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल | | |

| | | | | |
|---|---|---|---|---|
| | | अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल । | | |
| | ४. नेपालको निशाना छाप | अनुसूची - ४<br>(धारा ७ को उपधारा (२) संग सम्बन्धित)<br>**नेपालको निशाना छाप**<br> | | |

# फरक मत खण्ड

मिति : २०६६।९।११

सभापतिज्यू
संवैधानिक समिति
संविधानसभा, नेपाल ।

**विषय : फरकमत पेश गरेको ।**

संवैधानिक समितिको मिति २०६६।९।१० गतेको ७८औं बैठकले मतदानबाट निर्णयमा पुगी तदनुसार परिमार्जित समितिको मस्यौदा सहितको प्रतिवेदनमाथि मेरो देहाय बमोजिमको फरकमत पेश गरेको छु। समितिको प्रतिवेदन साथ सभामा पेश हुने व्यवस्था गरिपाऊँ ।

**फरकमत**

"संविधान निर्माण पूर्व हिन्दु राष्ट्र, राजसंस्था एवं संघीयता जस्ता विषयहरु संविधानको प्रस्तावनासँग सम्बन्धित भएको हुनाले यस्ता विषयहरुमा जनताको प्रत्यक्ष अभिमत बुझ्न राष्ट्रिय जनमत संग्रह गरी प्राप्त हुन आउने जनताको राय अनुरुप मात्र तत्सम्बन्धी व्यवस्था संविधानमा उल्लेख गरिनु पर्दछ ।"

मा. चन्द्रबहादुर गुरुङ्ग (स्याङ्जा)
सदस्य
संवैधानिक समिति
(संसदीय दलका नेता रा.प्र.पा., नेपाल)

# राष्ट्रिय जनमुक्ति पार्टी
## संविधानसभा दलको कार्यालय, सिंहदरबार

क.सं

मिति ०६६ पौष १२ गते ।

श्री सभापति ज्यु
संवैधानिक समिति
संविधानसभा

विषय:- फरकमत प्रस्तुत गरिएको सम्बन्धमा ।

मिति ०६६ पौष १० गते संवैधानिक समितिको मतदानमा मैले प्रस्तुत गरेको निम्न मतहरु अल्पमतमा परेकाले यी मतहरुलाई संविधान सभामा लग्न चाहेकोले निम्नानुसारको फरकमत प्रस्तुत गरेको छु ।

| क.सं. | विषय | अनुच्छेद | सविधानमा राख्ने प्रस्तावित मस्यौदा | प्रस्तावित फरकमत |
|---|---|---|---|---|
| १ | प्रस्तावना | ४ | ....राज्य व्यवस्थाले सृजना गरेका विभेद र उत्पीडनको ................ | यसमा विभेद शब्द अगाडी **सबै प्रकारका एकाधिकारको** भन्ने वाक्यांश थप गर्ने । |
| २ | " | ८ | ..... सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न **समानुपातिक**, समावेशी र ..... | यसमा समानुपातिक शब्द अगाडी **जातीय जनसंख्याको आधारमा पूर्ण** भन्ने वाक्यांश थप गर्ने । |
| ३ | राष्ट्रिय झण्डा | – | हाल प्रचलनमा रहेको झण्डा कायम रहेको । | हाल कायम रहेको झण्डाको सट्टा **विविध जाती र स्वयात्य क्षेत्रहरुको पहिचान प्रतिविम्व** हुनेगरी नयां झण्डा बनाउने । |
| ४ | संक्रमणकालिन व्यवस्था | – | राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धि व्यवस्था रहेको । | यसमा राष्ट्रपति र उपराष्ट्रपतिको सट्टा **अध्यक्ष मण्डलको व्यवस्था** राख्ने । |

फरकमत प्रस्तुतकर्ता
मालबर सिंह थापा
सभासद
राष्ट्रिय जनमुक्ति पार्टी

परि थापा
सदस्य
संविधानसभा
नेपाल ।

Pari Thapa
Member
Constituent Assembly
Nepal.

नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत)

Communist Party of Nepal (Unified)

माननीय सभापति ज्यू,
संवैधानिक समिति
संविधान सभा ।

विषय: फरकमत प्रस्तुत गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्बन्धमा संवैधानिक समिति द्वारा तयार पारिएको समितिको प्रारम्भिक मस्यौदा उपर मेरो फरकमतहरु यसैसाथ संलग्न राखी प्रस्तुत गरेको छु ।

धन्यवाद ।

२०६६/०६/१२

Phone: 4228521 (R) 4200131/4200029/4440993 (O) E-mail: parithapa@gmail.com
Mailing Address: Siddharthamarga, House No. 242, Anamnagar, Kathmandu- Nepal

१. प्रस्तावना:

क/ अनुच्छेद (१) को सट्टामा "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक धर्मनिरपेक्ष राज्य नेपालमा हामी नेपाली जनता" भन्ने राख्ने

ख/ अनुच्छेद (७) को "आत्मनिर्णयको अधिकार, स्वायत्तता र" को सट्टामा "आत्मनिर्णयको सिद्धान्त र जातीय क्षेत्रीय" भन्ने राख्ने।

२. राष्ट्र, राज्य र नेपालको क्षेत्र:

क/ नेपाल राज्य अन्तर्गतको "बहुराष्ट्रिय" भन्ने पदावली हटाउने।

३. राष्ट्रिय झण्डा, गान र प्रतिकहरू:

क/ राष्ट्रिय झण्डाको सम्बन्धमा उल्लेख गरिएको प्रावधानको सट्टामा "सबै स्वशासित प्रान्तहरूको प्रतिनिधित्व झल्कने गरी राष्ट्रिय संसद्द्वारा राष्ट्रिय झण्डाको निर्माण गरिनु पर्ने" भन्ने राख्ने।

४. संविधान संशोधन:

क/ उपधारा (७) जनमत संग्रहबाट अनुमोदन हुने विषयहरूमा निम्नलिखित विषयहरू अनिवार्यरूपमा उल्लेख हुनुपर्ने–

१) प्राकृतिक स्रोत र साधनको बाँडफाँड गर्ने गरि विदेशी राष्ट्र सँग हुने सम्झौता ।

२) नेपालको अन्तर्राष्ट्रिय सीमा संबन्धी सम्झौता ।

३) सुरक्षा र सामरिक संबन्धमा असर पर्ने सम्झौता ।

४) राष्ट्रिय सम्पदाको स्वरूपलाई परिवर्तन गर्ने विषय ।

५) मानव स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने विषयमा बहुराष्ट्रिय निगम सँग गरिने सम्झौता ।

मा. सभापति महोदय,
संवैधानिक समिति

संवैधानिक समिति बाट संविधान सभामा आफ्ना कार्यक्षेत्र मा पर्ने विषय हरु बारे प्रस्तुत हुने अवधारणा सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदनमा निम्न बमोजिम फरक मत राख्ने मनसाय भएकोले प्रस्तुत गरेको छु ।

<u>फरकमत</u> - धारा ४ को नेपाल राज्यको उपधारा (१) मा उल्लेखित "धर्म निरपेक्ष" वाक्य हटाउनु पर्दछ र "धर्म निरपेक्ष" राज्य हुने वा नहुने भन्ने कुरा जनमत संग्रह बाट मात्र टुंगो लगाउनु पर्दछ भन्ने फरक मत मस्यौदा मा संलग्न गरियोस । उक्त फरक मत मस्यौदा सम्मिलित गरी दिन हुन अनुरोध गर्दछु, धन्यवाद,

मिति २०६६।६।१२

भवदीय -
(लोकेन्द्र बहादुर चन्द)
सदस्य
संवैधानिक समिति

मिति : २०६६।९।१२

सभापतिज्यू
संवैधानिक समिति
संविधानसभा, नेपाल ।

**विषय : फरकमत पेश गरेको ।**

संवैधानिक समितिको मिति २०६६।९।१० गतेको ७८औं बैठकले मतदानबाट निर्णयमा पुगी तदनुसार परिमार्जित समितिको मस्यौदा सहितको प्रतिवेदनमाथि मेरो देहाय बमोजिमको फरकमत पेश गरेको छु । समितिको प्रतिवेदन साथ सभामा पेश हुने व्यवस्था गरिपाऊँ ।

**फरकमत**

"क.सं. १, अनुच्छेद ७ : आत्म निर्णयको अधिकार हटाउने ।"

"क.सं. ५, अनुच्छेद २ : प्रतिकको व्यवस्था कानूनमा तोकिएको बमोजिम हुने ।"

"क.सं. ४, अनुच्छेद १ : धर्मनिरपेक्षता बारे जनमत लिने व्यवस्था गर्ने ।"

मा.डा. प्रकाशचन्द्र लोहनी
सदस्य
संवैधानिक समिति
रा.ज.पा.

मा. सभापतिज्यू,
संवैधानिक समिति,
सिंहदरबार, काठमाडौं ।

२०६६।५।१२

विषयः फरक मत पेश गरेको ।

संवैधानिक समितिको कार्य क्षेत्र भित्र परेका विषयहरुमा तयार भएको प्रारम्भिक मस्यौदामा मेरो निम्न बमोजिमको फरक मत रहेको हुँदा समितिको प्रतिवेदनमा समावेश गर्न म अनुरोध गर्दछु: —

**१. प्रस्तावनाः —**

- तेश्रो अनुच्छेदमा रहेको 'ऐतिहासिक सशस्त्र जनआन्दोलन, शान्तिपूर्ण जनआन्दोलन र मधेस आन्दोलन' भन्ने शब्दहरुको सट्टा 'प्रजातन्त्र प्राप्तिको निम्ति भएका जन आन्दोलनहरु' भन्ने शब्दहरु राख्नु पर्ने,
- छैठौं अनुच्छेदमा रहेको 'मानव अधिकार' भन्ने शब्दहरुको अगाडि 'आर्थिक समानता सहितको' भन्ने शब्दहरु थप्ने,
- सातौं अनुच्छेदमा रहेका 'जनताको आत्म निर्णयको अधिकार' भन्ने शब्दहरु हटाई त्यसको सट्टामा 'स्थानीय' भन्ने शब्द राख्नु पर्ने,
- आठौं अनुच्छेदमा रहेको 'समानुपातिक' भन्ने शब्दको अगाडि 'कामदार वर्गको सर्वोत्तम हित हुने गरी' भन्ने शब्दहरु राख्नु पर्ने,
- नवौं अनुच्छेदमा रहेको 'यो' पछि 'समाजवाद उन्मुख' भन्ने शब्द थप्नु पर्ने,
- 'नेपाली जनताले साम्राज्यवाद र विस्तारवाद विरुद्ध गर्दै आएको संघर्षहरुको उच्च मुल्याङ्कन गर्दै' भन्ने अनुच्छेद थप्नु पर्ने ।

**२. संविधान संशोधनः —**

- उपधारा (१) मा रहेको 'मानव अधिकार' शब्दहरुको अगाडि 'आर्थिक समानता सहितको' शब्दहरु थप्नु पर्ने,
- 'बहुलवाद' शब्द हटाउनु पर्ने,

**३. राजनैतिक दलः —**

- उपधारा (६) पछि उपधारा (७) थप्नु पर्ने,
- उपधारा ७ — कुनै जात-जाति, भाषा, धर्म र क्षेत्रको आधारमा दल खोल्न पाइने छैन,

**४. विविधः —** नेपाली राजदुत र विशेष प्रतिनिधि

- 'समानुपातिक र समावेशी सिद्धान्तको आधारमा नियुक्ति गर्ने' शब्दहरुको सट्टा 'समावेशी सिद्धान्तको आधारमा नियुक्ति गर्ने' भन्ने शब्दहरु राख्नु पर्ने,

**५. संक्षिप्त नाम, प्रारम्भ र खारेजीः —**

- 'नेपालको संविधान, २०६७' को सट्टा 'समाजवाद उन्मुख गणतन्त्र नेपालको संविधान, २०६७' राख्नु पर्ने ।

सुनिल प्रजापति
सदस्य
संवैधानिक समिति

माननीय सभापति ज्यू,
संविधान सभा, संवैधानिक समिति

मिति २०६६।०१।१२

विषय : फरक मत पेश गरेको सम्बन्धमा

संविधान सभा संवैधानिक समितिको कार्य तंत्र भित्रको प्रारम्भिक मस्यौदा तयार पारेको छ। यो मस्यौदामा हामी तपसिलका माननीय सदस्यहरु फरक मत राख्दछौं। नेपालको सबै राजनैतिक परिवर्तनमा मूल निवासी धरतीपुत्र, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम समुदाय र दलित लगायत उत्पीडित र दबाइएका समुदायको बलिदानी बाट आएको परिणाममा संविधान निर्माणमा बाहिर राखी जनता विरुद्ध संविधान निर्माण गर्ने पुरानो मानसिकतावादी चिन्तन हावी हुँदै गएको संघिय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्ष राज्य र विभेदरहित सर्वपक्षीय हितकर संविधान निर्माण गर्ने तपसिलका बुँदाहरु मस्यौदामा राख्न फरक मत पेश गरेका छौं।

१. नेपालको नयाँ संविधानको नाम "संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान - २०६६ (ने.सं. ११३०) हुनेछ।"

२. प्रस्तावनाको अनुच्छेद ३ मा आदिवासी जनजातिको आन्दोलन, लिम्बुवान आन्दोलन, थरुहट आन्दोलन लगायत दलित, पिछडावर्ग, मुस्लिम समुदायको आँदोलन थप्ने

३. प्रस्तावनाको अनुच्छेद (४) मा विगतको पितृसतात्मक, सामन्ति, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेको जातीय विभेद र अनुवादी निरङ्कुश राजतन्त्रात्मक वर्णव्यवस्था बाट भएको उत्पीडनको पिडालाइ स्मरण गर्दै भन्ने राख्ने

४. प्रस्तावनाको अनुच्छेद (६) मा प्रतिस्पर्धात्मक बहुदलिय व्यव लोकतान्त्रिक शासन व्यवस्था को अगाडि पूर्ण समानुपातिक शब्द थप गर्ने।

५. प्रस्तावनाको अनुच्छेद (८) मा समतामुलक समाजको अगाडि धर्म निरपेक्ष र समतामुलक समाज राख्नु पर्ने

६. संविधान मूल कानुन भन्ने शिर्षक अन्तरगत राज्यको आफ्नो छुट्टै संविधान समेत रहनेछ भन्ने व्यवस्था गर्ने।

७. मातृभाषा भन्ने शिर्षक अन्तरगत सबै मातृभाषा जुन नेपाली जनताहरुले बोल्ने गरिन्छ ती सबै राष्ट्रभाषा हुन भनेर तोकिनु पर्ने

८. अन्तरीम संविधानमा व्यवस्था गरिएका राष्ट्रिय झण्डा र राष्ट्रिय चिन्हहरु नयाँ स्वरुपमा नेपाल राष्ट्रको समष्टी झल्किने हुनुपर्दछ।

९. संविधान संशोधन शिर्षक अन्तरगत उपधारा (१) मा आदिवासीको अग्राधिकार र धर्मनिरपेक्षता थप गरी ल्याइनुपर्ने। जातीय व्यवस्था रहेसम्म वा १२० वर्ष सम्म संशोधन गर्न नपाइने व्यवस्था राख्ने।

१०) राजनैतिक दल शिर्षकको उपधारा (४) को खण्ड (ग) अन्तरगत रहेको समावेशी भन्ने शब्दको अगाडि समानुपातिक शब्द थप गर्ने।

(११) मूल निवासी, दलित, जनजाति आदिवासी, महिला, पिछडावर्ग र मुस्लिम समुदायले खोल्ने दललाई राज्यले ३० देखि ४० प्रतिशत सम्म अनुदान २० वर्षसम्म दिनुपर्ने व्यवस्था राख्ने।

(१२) राजनैतिक दल शिर्षकको उपधारा (५) मा जे सुकै लेखिए पनि जाति र क्षेत्रको आधारमा दल दर्ता गर्दा वन्देज लगाएको मानिने छैन।

(१३) प्रत्येक राजनैतिक दलले संघिय, राज्य लगायत स्थानिय निर्वाचनमा कम्तिमा एक तिहाइ उम्मेदवार उठाउनु पर्ने प्रावधानको व्यवस्था गर्ने।

(क) मा. रुकमिणी चौधरी थारु
(संघिय लो. रा. मञ्च)

(ख) मा. विश्वेन्द्र पासमान
(दलित जनजाति पार्टी)

(ग) मा. सद्रुल मियाँ हक
(स्वतन्त्र)

(घ) मा. बुद्धरत्न मानन्धर
(नेपा: राष्ट्रिय पार्टी)

(ङ) मा. मालवर सिंह थापा
(जनमुक्ति पार्टी, नेपाल)

(च) मा. लक्ष्मीलाल चौधरी
(लोकतान्त्रिक समाजवादी दल)

बुद्धरत्न मानन्धर
(बुद्ध सायमि)
सदस्य, संविधान सभा
नेपा: राष्ट्रिय पार्टी
काठमाडौं

**Buddha Ratna Manandhar**
(Buddha Saymi)
Member, Constituent Assembly
Nepa Rastriya Party
Kathmandu

०६६। ९।१२।

माननीय सभापतिज्यू
संवैधानिक समिति
सिंहदरबार, काठमाडौं।

विषय: फरकमत

गएको पुष १० गते मतदान गरेकोमा हाम्रा पार्टीको निम्न बुँदामा फरक मत रहेको व्यहोरा अनुरोध छ।

१) क्रम संख्या ७ को 'राष्ट्रिय झण्डा, गान र प्रतीकहरू'को शीर्षकमा प्रतीकहरूको बुँदा ४ सम्बन्धमा नयाँ युग ल्याउन र नयाँ संविधान बनाउन लागेकोमा देशको नाउँमा जनताद्वारा स्थापित अद्वितीय सम्वत तथा नेपाल सरकारले समेत मान्यता प्रदान गरिसकेको राष्ट्रिय गौरव नेपाल सम्वतलाई सोको गरिमालाई कुनै वास्ता नगरी जहानियाँ सरकारले ल्याएको सम्वत चलाइरहेछन्" नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्वत् भनी संविधानमा किटान नगर्ने निर्णय प्रति भावि पुस्ताले संविधान निर्माताहरूलाई कलंकित नगरियोस् भनी फरक मत राखेको छु।

२) क्रम संख्या ११ संक्षिप्त नाम सम्बन्धमा प्रस्तावित कुनै पनि नाम निर्णय गर्दा साल उल्लेख गर्दा नेपाल सम्वत ११३० उल्लेख हुनुपर्ने फरक पटक जिकिर गर्दा पनि प्रस्तावित सातौं शीर्षक (नाम) मा मात्र नेपालको संविधान ने.सं. ११३० उल्लेख गरी बाँकि सबैमा २०६६ लेखी कुटिलपूर्ण तरिकाबाट मतदान गराएकोमा हाम्रो फरकमत जनाउन अनुरोध छ।

फरकमत जनाउने सभासद बुद्धरत्न मानन्धर
फरकमत जनाउने सभासद [illegible] चौधरी नेपा: राष्ट्रिय पार्टी
फरकमत जनाउने सभासद मालबर सिं थापा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च राष्ट्रिय जनमुक्ति पार्टी

बसन्तपुर, वार्ड नं. २३, काठमाडौं, नेपाल
फोन : ०९७७-१-४२५४८३३, ४२६७८४७ (नि), ४२२४३४१ (का)
मोबाईल : ९८४१४०२६८६

Basantapur, Ward-23, Kathmandu, Nepal.
Phone : 0977-1-4254833, 4267847 (Res.), 4224341 (Off.)
Mobile : 9841402686

# नेपाल परिवार दल
## NEPAL FAMILY PARTY
केन्द्रीय कार्यालय

पत्र संख्या:
च.नं.: १२/०६६/०६६

मिति: २०६६/०५/१२

श्री माननीय सभापतिज्यू
संवैधानिक समिति, संविधान सभा

विषय: फरक मत पेस गरेको सम्बन्धमा

माननीय सभापतिज्यू,

नेपालको इतिहासमा पहिलो पटक संविधान सभामार्फत नेपाली जनताले आफ्नो संविधान आफै निमार्ण गर्ने ऐतिहासिक अवसर प्राप्त भएकाले भावी संविधानमा निम्न अति आवश्यक बुँदाहरू समावेश गरिनु पर्ने नेपाल परिवार दलको धारणा रहेको अनुरोध गर्दछु।

१. नेपालका अध्यात्मवादी, भौतिकवादी, प्रकृतिवादी लगाएतका नागरिकहरू तथा लोकतान्त्रिक, वामपन्थी, अधिकारवादी, उदारवादी, राष्ट्रवादी लगायतका शक्तिहरूबीच समन्वय गरि सबैका असल, शाश्वत, परिस्कृत र सर्वोपरि हित निर्देशित मुल्य मान्यताको अनुसरण गर्दै भविष्यका युग सुहाउँदो सम्भावित परिवर्तनलाई आत्मसात गर्न सक्ने एक साझा चिन्तनलाई भावी संविधानको राजनैतिक दार्शनिक आधार बनाउनुपर्ने आवश्यकता महशुश गरि प्रस्तावनामा :

**पूर्ण र स्वच्छ "अग्रगामी लोकतन्त्र" Head-wing Democracy (हेडवीङ डेमोक्रेसी )लाई अङ्गिकार गर्दै** भन्ने शब्दावली राख्नु पर्ने।

**प्रष्टिकरण:** *हेडवीङ डेमोक्रेसी (Head-wing Democracy) भन्नाले मौलीक लोकतन्त्र (Original Democracy) वा वैधानिक लोकतन्त्र (Providential Democracy) वा आधिकारीक लोकतन्त्र (Official Democracy) वा अलौकिक लोकतन्त्र (Divine Democracy) वा ऊर्ध्वपन्थी आदिलाई पनि यसको पर्यावाची शब्दहरूको रूपमा लिन सकिन्छ।*

२. नेपालको उत्तर हिमालदेखि पहाड हुँदै दक्षिण तराई-मधेश सम्मका सम्पूर्ण नेपाली नागरिकहरूबीच अनन्तसम्म प्रेम, पारस्पारिक एकता र सद्भाव कायम राख्न प्रस्तावनामा:

**"नेपाल एक घर र सम्पूर्ण नेपाली एउटै परिवार भन्ने भावनालाई आत्मसात गर्दै"** भन्ने शब्दावली राख्नु पर्ने।

३. विश्व ब्रम्हाण्ड र यसभित्रका सम्पूर्ण दृश्य अदृश्य तत्वहरूको श्रोत सृष्टिकर्ता "ईश्वर" रहेको साथै ईश्वर र मानिसहरूबीच बाबुआमा - छोराछोरीको सम्बन्ध भएकोले "ईश्वर केन्द्रित एउटै मानव परिवार" (One Family Under God) को तथ्यलाई स्वीकार गर्दै सार्वभौमसत्ता र राजकियसत्ता विषयवस्तु अन्तरगत:

**"नेपालको सार्वभौमसत्ता र राजकियसत्ता ईश्वर र जनतामा निहित रहेको छ"** भन्ने शब्दावली राख्ने।

बोधार्थ:
सम्माननीय श्री सुवास नेम्वाङ :- अध्यक्ष, संविधान सभा
माननीय श्री पूर्ण कुमारी सुवेदी :- उपाध्यक्ष, संविधान सभा
श्री मनोहर प्रसाद भट्टराई :- कार्यवाहक महासचिव, संविधान सभा

प्रस्तुतकर्ता
एकनाथ ढकाल
सभासद्

फोन नं.: कार्यालय: ०१-२००१००६ फ्याक्स: ०१-४४४२८६४ www.nepalfamilyparty.org.np

मिति : २०६६ पौष १२ गते

माननीय सभापति ज्यू,
संवैधानिक समिति

विषय : फरक मत पेश गरेको ।

महोदय,

संविधानसभा, संवैधानिक समितिको मिति ०६६/९/१० को बैठकको मतदानबाट निर्णय गरे बमोजिमको व्यहोरासमेत समावेश गरिएको मसौदामा राष्ट्रिय जनमोर्चाको तल लेखिएअनुसार फरक मत रहेकोले सो फरकमत समेत समितिको प्रतिवेदन साथ संविधानसभामा पेश हुने व्यवस्था गरिदिनुहुन अनुरोध गर्दछु ।

१. क्र.सं. १ "प्रस्तावना"मा तल लेखिएअनुसार संशोधन गर्ने –

(क) अनुच्छेद ३ मा लेखिएको छ : "लोकतन्त्र, शान्ति, मानवअधिकार र अग्रगामी परिवर्तनका लागि गरिएका ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जनआन्दोलन र मधेश आन्दोलन तथा जनताको त्याग, बलिदान र शहिदहरुलाई सम्मान गर्दै"
- उक्त भनाइबाट "मधेश आन्दोलन" हटाउने ।

(ख) अनुच्छेद ४ मा लेखिएको छ : "सामन्ती, निरंकुश, केन्द्रिकृत, एकात्मक र पितृसत्तात्मक राज्य व्यवस्थाले सृजना गरेका विभेद र उत्पीडनको पीडालाई स्मरण गर्दै"
- उक्त भनाइबाट "एकात्मक" शब्द हटाउने ।

(ग) अनुच्छेद ७ मा लेखिएको छ : "राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै"
– उक्त अवधारणामा (i)"जनताको आत्म निर्णयको अधिकार" हटाउने । (ii) "स्वायत्तता र स्वशासनको अधिकार"को ठाउँमा "प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासन" लेख्ने ।

(घ) अनुच्छेद ७ मा लेखिएको "स्वायत्तता र स्वशासनको अधिकार"लाई हटाएर तलको अंशथप्ने :
"प्रजातान्त्रिक विकेन्द्रीयता, स्थानीय स्वायत्तशासन र मानव विकासको सूचकांकको आधारमा पिछडिएका जात/जाति/जनजाति/आदिवासी जनता अत्यधिक बहुसंख्यामा वसोवास गर्ने जिल्ला वा गाउँहरुमा जातीय स्वशासनको अधिकार"

(ङ) अनुच्छेद ९ को प्रारम्भमा लेखिएको छ : "सामन्तवादका सबैखाले अवशेषहरुको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, संवृद्धि र विकासको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौं ।"
– उपरोक्त अवधारणाको "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा" को ठाउँमा तलको अंश थप्ने :
"लोकतान्त्रिक गणतन्त्रात्मक एकात्मक शासन व्यवस्थाको माध्यमद्वारा"

२. क्र.सं. ४ "राष्ट्र, राज्य र नेपालको क्षेत्र" मा तल लेखिएअनुसार संशोधन गर्ने :

(क) धारा ४ को उपधारा (१) मा लेखिएको छ : "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुराष्ट्रिय राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिने छ"
– उक्त अवधारणामा लेखिएका "संघीय" र "बहुराष्ट्रिय" शब्दहरु हटाउने ।

(ख) धारा ४ को उपधारा (२) मा लेखिएको छ : "नेपाल राज्यभित्र अनुसूची–१ मा उल्लेख भए बमोजिमका संघीय इकाईहरु रहनेछन्"
– उक्त अवधारणालाई हटाएर तललेखिएको अंश राख्ने :
"नेपाल राज्यभित्र अनुसूची १ मा उल्लेख भए बमोजिमका प्रशासकीय इकाईहरु रहने छन् ।"

३. क्र.सं. ६ "संविधान संशोधन" विषयमा तललेखिए अनुसार संशोधन गर्ने :

(क) धारा ८ को उपधारा (१) मा लेखिएको छ : "जनतामा निहीत सार्वभौमसत्ता, गणतन्त्रतात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलबाद, बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकार र आवधिक निर्वाचन सम्बन्धी मूल्य र मान्यताहरुको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन"

-उपरोक्त अवधारणामा "प्रेस स्वतन्त्रता" पछि "धर्मनिरपेक्षता" थप्ने ।

(ख) धारा ८ को उपधारा (२) मा लेखिएको छ : "उपधारा (१) को अधिनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय विधायीकाको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिने छ । त्यस्तो विधेयक नेपाल सरकार, तोकिए बमोजिमको न्यूनतम संख्याका सदस्यहरु वा कुनै संघीय इकाईका विधायिकाबाट पेश हुन सक्नेछ ।"

- उपरोक्त अवधारणामा लेखिएको (i) "संघीय विधायीका" बाट "संघीय" शब्द हटाउने । (ii) त्यो अवधारणाको अन्तमा लेखिएको "कुनै संघीय इकाइका विधायिका" वाक्यांशलाई हटाउने ।

(ग) धारा ८ को उपधारा (३) मा लेखिएको छ : "उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपधारा (१) को अधिनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विषय जनमत संग्रहबाट निरोपण गर्न उपयुक्त हुनेछ भनि तोकिए बमोजिमको न्यूनतम संख्याका सदस्यहरुले पेश गरेको प्रस्ताव संघीय विधायिकाको बहुमतबाट पारित भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट जनताको राय लिन सकिनेछ ।"

- उक्त अवधारणामा लेखिएको "संघीय विधायिका"बाट "संघीय" शब्द हटाउने ।

(घ) धारा ८ को उपधारा (६) र (७) पूरै नै संघीय "इकाई"सित सम्बन्धित भएकाले तीदुवै उपधाराहरुलाई पूरै हटाउने ।

(ङ) धारा ८ को उपधारा (८) को "संघीय इकाई"सित सम्बन्धित भएको हदसम्म पूरै हटाउने ।

४. क्र. सं. ७ "राजनीतिक दल" मा तल लेखिएअनुसार संशोधन गर्ने :

(क) धारा ९ को उपधारा ४ को (ख) मा लेखिएको छ : "राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र संघीय इकाई तहका प्रत्येक पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था हुनु पर्छ ।"

- उक्त अवधारणामा लेखिएको "संघीय र संघीय इकाई तह" को ठाउँमा "केन्द्रीय" र "स्थानीय" तह लेख्ने ।

(ख) धारा ९ को उपधारा (४) को (ग) मा लेखिएको छ : "विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ"

- उपरोक्त अवधारणाको अन्तमा लेखिएको "व्यवस्था गरिएको हुनुपर्दछ" भन्ने ठाउँमा "सम्भव भएसम्म व्यवस्था गर्ने प्रयत्न गर्नुपर्दछ" लेख्ने ।

(ग) धारा ९ को उपधारा (६) मा लेखिएको छ : "प्रादेशिक इकाई स्तरमा समेत राजनीतिक दल स्थापना, दर्ता र संचालन हुन सक्ने छन् ।"

- उक्त उपधारा हटाउने ।

५. क्र.सं. ८ "संकटकालिन अधिकार" सम्बन्धित विषयमा तललेखिए अनुसार संशोधन गर्ने ।

(क) धारा १३ को उपधारा (१) मा लेखिएको छ : "नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विश्रृंखलता, प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालिन अवस्थाको घोषणा गर्न र आदेश जारी गर्न सक्नेछ"

- उपरोक्त भनाईबाट "सशस्त्र विद्रोह", "चरम आर्थिक विश्रृंखलता", "प्राकृतिक विपत्ति वा महामारी" वाक्यहरुलाई हटाउने ।

(ख) धारा १३ उपधारा २, ३ र ४ मा लेखिएका "संघीय विधायिका"बाट "संघीय" शब्द हटाउने ।

(ग) धारा १३ को उपधारा (९) मा लेखिएको छ : "उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति वापत पीडितले क्षतिपुर्तिको दाबी गरेमा अदालतले कानून बमोजिमको उचित क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्नेछ ।"

- माथि लेखिएको अवधारणामा "निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र" को ठाउँमा मिलाएर तल लेखिए अनुसारको वाक्यांश थप्ने :

"संकटकालिन अवस्थाको भित्र वा त्यो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र" लेख्ने

(घ) तलको उपधारा थप्ने :

"संकटकालको अवस्थामा संसदलाई विघटन गरिने छैन ।" ~~(iii) संकटकालिन घोषणाको न्यायिक पुनरावलोकन हुन सक्नेछ"~~

७. क्र.सं. ९ "विविध"मा तल लेखिए अनुसार संशोधन गर्ने :

(क) धारा १५मा लेखिएको छ : "मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले समानुपातिक समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।"

- उक्त अवधारणाको ठाउँमा तल लेखिएअनुसार लेख्ने :

"मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।"

८. क्र.सं. १३ "नेपाल राज्यभित्र रहने संघीय इकाईहरु"मा तल लेखिएअनुसार संशोधन गर्ने :

अनुसूची १ मा लेखिएको छ : "धारा ४ को उपधारा (२) संग सम्बन्धित नेपाल, राज्यभित्र रहने संघीय इकाईहरु" को ठाउँमा तलका अंशहरु थप्ने :

(१) प्रशासनिक दृष्टिले नेपाल राज्य तीन तहमा बाँडिने छ :

(क) केन्द्र

(ख) प्रदेश

(ग) जिल्ला

(२) प्रदेशहरु तल लेखिएअनुसार हुनेछन् :

(क) कोशी प्रदेश – मेची र कोशी अञ्चलहरुलाई मिलाएर ।

(ख) सगरमाथा प्रदेश – सगरमाथा र जनकपुर अञ्चलहरुलाई मिलाएर ।

(ग) बागमति प्रदेश – बागमति र नारायणी अञ्चलहरुलाई मिलाएर ।

(घ) गण्डकी प्रदेश – गण्डकी र धौलागिरी अञ्चलहरुलाई मिलाएर ।

(ङ) लुम्बिनी प्रदेश – राप्ती र लुम्बिनी अञ्चलहरुलाइ मिलाएर ।

(च) कर्णाली प्रदेश – कर्णाली अञ्चल ।

(छ) महाकाली प्रदेश – महाकाली र सेती अञ्चलअरुलाई मिलाएर ।

(३) जिल्लाहरुको आवश्यकतानुसार संसदद्वारा पुनर्गठन गरिने छ ।

(४) स्थानीय स्वायत्तशासनका तीन तह हुनेछन् :

१. प्रदेश, २. जिल्ला, ३. गाउँ वा नगरपालिका

........................
चित्रबहादुर के.सी.
सभासद्

सभापतिज्यू,
संवैधानिक समिति
संविधानसभा, नेपाल ।

संवैधानिक समितिको मिति २०६६।९।१० गतेको ७८ औं बैठकमा भएको मतदानबाट निर्णय भएबमोजिमको समितिले सभामा पेश गर्न तैयार पारेको प्रारम्भिक मस्यौदामा मेरो निम्नलिखित फरक मत रहेको व्यहोरा पेश गरेको छु । मेरा फरक मतलाइ समितिको प्रतिबेदन साथ सभामा पेश हुने व्यवस्था मिलाई पाउँ ।

प्रस्तावनाको,

अनुच्छेद २ को सबै युद्ध, आन्दोलनलाइ समेट्ने गरी मस्यौदा प्रस्तुत भएकोमा खास आन्दोलनका नाम उल्लेख गरिने हो भने त्यहाँ चुरेभाबर आन्दोलनलाइ छुटाउँन मिल्दैन, सो थप गरिनु पर्ने,

अनुच्छेद ६ मा वहुलवाद शब्द थप गर्नु पर्ने, र

अनुच्छेद ७ मा आत्मनिर्णयको अधिकार भन्ने शब्दहरु हटाउँने ।

सि.नं. ४ को उपधारा (१) नेपाल राज्यमा रहेको बहुराष्ट्रिय राज्य भनिएकोमा सो बहुराष्ट्रिय भन्ने शब्द हटाउनुपर्ने, र

सो उपधारामा रहेको धर्मनिरपेक्ष भन्ने शब्दका सम्वन्धमा सो विषयलाई जनमत संग्रहबाट टुङ्गो लगाउनुपर्ने भन्ने हाम्रो पर्टीको धारण रहेको व्यहोरा निबेदन गर्दै बहुधार्मिक राष्ट्र नेपालको संविधानमा सो शब्द समवेश गर्न बिरोधाभास भएकोले जनमत संग्रहवाट टुङ्गो लागे बमोजिम हुनेगरी हाललाई सो धर्मनिरपेक्ष शब्द हटाउनुपर्ने ।

सि. नं. ५ राष्ट्रिय झण्डा, राष्ट्रिय गान र प्रतिकहरु नेपालको अन्तरिम संविधान २०६३ को लाई यथावत राख्नुपर्ने ।

मा. केशवप्रसाद मैनाली
सदस्य,संवैधानिक समिति ।
चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल

मितिः २०६६/०९/१३

## फरकमत

प्रस्तावनामा संविधानको मूल भावनालाई दिशाबोध गर्नका लागि निम्न अनुच्छेदहरु थप राखिनु पर्ने :

- सामन्तवाद र वैदेशिक हस्तक्षेपका सबै रुप र अवशेषहरुको अन्त्य गरी समाजवाद उन्मुख जनताको संघीय गणतन्त्रको स्थापना गर्दै,
- मजदूर, किसान लगायतका श्रमजीवी जनता नै इतिहासका चालक शक्ति हुन् भन्ने यथार्थतालाई आत्मसात गरी राज्यका विभिन्न अंगहरुमा सम्पूर्ण श्रमजीवी जनताको विशेषाधिकारको व्यवस्था गर्दै,
- वर्गीय, जातीय, क्षेत्रीय, लैगिंक र छुवाछुतजन्य वर्णव्यवस्थाको उत्पीडनलाई अन्त्य गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै,

प्रस्तावनाको निम्न अनुच्छेदलाई निम्न अनुसार थपघट गरिनु पर्ने :

तेश्रो अनुच्छेदमा, प्रारम्भमा नै "राष्ट्रिय स्वाधिनता" राख्नु पर्ने ।
सोही अनुच्छेदमा रहेको "शान्ति र मानवअधिकार" शब्द हटाउने ।
सोही अनुच्छेदमा "शसस्त्र संघर्ष"को सट्टामा "जनयुद्ध" राखिनु पर्ने ।
छैठौ अनुच्छेदमा न्यायालयको अगाडि "जनउत्तरदायी" भनी थप्नु पर्ने ।
सोही अनुच्छेदमा "मानव अधिकार" को अगाडि "आर्थिक अधिकार सहितको" शब्द थप्ने ।
नवौं अनुछेच्दमा "संघिय लोकतान्त्रिक गणतन्त्र ..."को अगाडि "जनताको" थप्ने । सोही अनच्छेदमा दिगो शान्तिको अगाडि "अग्रगमन सहितको" भनी थप्ने ।

धारा ३, राज्य शीर्षकमा "संघीय लोकतान्त्रिक गणतन्त्र"को अगाडी "जनताको" थप्ने ।

धारा ४, झण्डा :

युगीन राजनीतिक परिवर्तनको भाव झल्कने गरी गणतन्त्र, संघीयता र समावेशीतालाई अभिव्यक्त गर्ने गरी राष्ट्रिय झण्डा परिवर्तन -परिमार्जन गर्ने ।

धारा ६, को उपधारा (१)मा सार्वभौमसत्ता सम्पन्न जनताको परिवर्तनको इच्छालाई रोक्ने वा प्रतिवन्ध लगाउने कुरा कुनै पनि लोकतान्त्रिक मूल्य मान्यता भित्र पर्दैन । सार्वभौमसत्ता र राष्ट्रिय स्वाधीनता बाहेकका विषयहरु अपरिवर्तनीय हुन सक्दैनन् । तसर्थ, अपरीवर्तनीय भनिएका विषय संविधानमा राखिनु हुँदैन । त्यसमा पनि प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थालाई आत्मसात गरी सकेपछि "बहुलवाद" जस्तो व्यवस्था राख्नु अवैज्ञानिक हुन्छ ।

धारा १० संक्रमणकालिन व्यवस्थामा देहायका प्रावधानहरु राखिनु पर्ने;

- नयाँ संविधान जारी भएको मितिले बढीमा एक महिना भित्र राष्ट्रपति तथा मन्त्रीमण्डलको अन्तरिम व्यवस्था व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।
- संवैधानिक अंगका पदाधिकारीहरु र न्यायधिशहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिना भित्र व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।
- स्वायत्त प्रादेशिक राज्यहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिना भित्र व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।

धारा ११, संविधानको नाम : 'जनताको संघीय गणतन्त्र नेपालको संविधान २०६७' हुनु पर्ने ।

फरकमत प्रस्तुत गर्ने माननीय सदस्यहरु :

१. मा. डा. बाबुराम भट्टराई
२. मा. नारायणकाजी श्रेष्ठ
३. मा. देव प्रसाद गुरुङ्ग
४. मा. वर्षमान पुन
५.मा. खड्क बहादुर वि.क.
६. मा. जयपुरी घर्ती
७.मा. राम चरण चौधरी
८ .मा. सरला रेग्मी
९.मा. पदम राई
१०.मा. महेन्द्र पासवान
११.मा. खिमलाल देवकोटा
१२.मा. हरिराज लिम्बू
१३. मा. सूर्यमान दोङ
१४.मा. धर्मशिला चापागाई
१५. मा. रुपा वि.क.
१६. मा. रेणु चन्द
१७.मा ज्वाला कुमारी साहा

ए. ने. क. पा. माओवादी पार्टी

# नेपाल सद्भावना पार्टी

(आनन्दी देवी)
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. ४२११७५३

पत्र संख्या :

मिति :- २०६६/०४/१३

च.नं. :

## संवैधानिक समिति को प्रारम्भिक अवधारणा पत्र र मस्यौदा बारे फरक मत

प्रस्तावनाको अनुच्छदे २ मा राष्ट्रिय एकता , स्वाधीनता एवं स्वाभिमान पछि थप्नु पर्ने : -

**"र नेपाली नागरिकको गरिमा र आत्म सम्मान लाई "अक्षुण्ण राख्दै**

प्रस्तावित फरक मत को कारण वा व्याख्यात्मक टिप्पणी :

(१) राष्ट्र र नागरिक एक अर्काका परिपूरक भएको हुनाले नागरिकको गरिमा र आत्म सम्मानको परिकल्पना नगरीकन स्वतन्त्र , स्वाधीन र सार्वभौम देश र जनता को परिकल्पना अधूरो हुन्छ । तसर्थ संघीय गणतान्त्रिक नेपाल नयाँ संविधान को प्रस्तावनामा राष्ट्र र नागरिकको अन्योन्याश्रित र परिपूरक सम्बन्धको भावना र सिद्धान्त लाई स्थापित गर्नु आवश्यक छ ।

**प्रस्तावनाको अनुच्छेद ४ मा विगतको पछि थप्नु पर्ने :-**

निरंकुश राजतन्त्रात्मक सामन्ती .........................

प्रस्तावित फरकमत राख्नु पर्नाको कारण र व्याख्यात्मक टिप्पणी

विगतको , सामन्ती , पितृसतात्मक , एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाको मुख्य आधार निरंकुश राजतन्त्र नै रहेको ले ।

# नेपाल सद्भावना पार्टी

(आनन्दी देवी)
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. ४२११७५३

पत्र संख्या :

मिति :-

च.नं. :

**६) संविधान संशोधन**

६ ) उपधारा ३ :- हालको उपधारा ३ हटाई निम्नानुसारको धारा राख्नु पर्ने

**उपधारा २ बमोजिम पेश भएको बिधेयक संघीय वा प्रादेशिक इकाईको अधिकारको विषय संग सम्बन्धित भएमा मुलुकको ५१ प्रतिशत जनताको प्रतिनिधित्व गर्ने कुल संघीय इकाईहरुको बहुमत बिधायकहरु द्वारा अनुमोदन भएमा संघीय बिधायिकाको दुई तिहाई मत द्वारा अनुमोदनका लागि पेश गरिने छ ।**

**तर संघीय इकाईको पुनः संरचना वा सिमाना परिवर्तन को विषय यस धारा अन्तरगत संविधान संशोधनको विषय हुदैंन ।**

हालको उपधारा (६) हटाई निम्नानुसार को उल्लेख गर्नु पर्ने :

**सीमाना परिवर्त्तनका लागि सम्बन्धित संघीय इकाईहरु को विधायिकाको बहुमतको सहमति पश्चात् सम्बन्धित संघीय इकाईहरु मा जनमत संग्रह द्वारा र प्रदेश पुन : संरचना आयोगको सिफारिशको आधार संघीय विधायिका को बहुमत बाट पारित गरिने छ ।**

फरक मतको कारण :-

१. सीमाना परिवर्त्तनको विषय कुनै एउटा संघीय इकाईको मात्र सरोकार को विषय हुन सक्दैन ।

२. मुलुकमा पर्याप्त ज्ञान अभ्यास र अनुभवको कमीले सीमाना परिवर्त्तन का लागि नमनशील पद्धति हुनु पर्ने ।

३. कुनै प्रमुख दल वा दलहरुको गठबन्धन ले संविधान सभा निर्वाचनमा प्रदेशहरुको स्पष्ट खाकाको आधारमा दुई तिहाई मत प्राप्त गर्न नसकेको हुना ले ।

व्याख्यात्मक टिप्पणी :

# नेपाल सद्भावना पार्टी

(आनन्दी देवी)
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. ४२११७५३

पत्र संख्या :                                                    मिति :-

च.नं. :

सीमाना परिवर्त्तन को सम्बन्धमा संघीय इकाईको सीमाना परिवर्त्तन कुनै एउटा संघीय इकाईको मात्र सरोकारको विषय हुन सक्दैन । संघीय इकाईको सीमाना परिवर्त्तनको विषय संघीय विधायिकाको दुई तिहाई बहुमतको विधि बाट संशोधन हुने व्यवस्था राख्नु हुँदैन

मुलुक पहिलो पटक संघीय व्यवस्था मा प्रवेश गरी रहेको हुनाले र संघीयताको अभ्यास को बारेमा देशको समग्र स्थितिको सन्दर्भमा पर्याप्त ज्ञान , अभ्यास र अनुभव नभएको हुनाले संघीय इकाई हरुको सीमाना परिवर्त्तनको सम्बन्धमा नमनशील विधि नै अपनाउन उचित हुन्छ ।

त्यसै पनि संविधान सभाको निर्वाचनमा कुनै पनि प्रमुख दल संघीय ढाँचाको स्पष्ट खाका प्रस्तुत गर्न नसकेको अवस्थामा र स्पष्ट बहुमत नल्याएको अवस्थामा दुई तिहाईको मत द्वारा प्रदेशहरुको संख्या निर्धारण म भएको अवस्थामा परिवर्त्तनको विधिका लागि संघीय विधायिकाको दुई तिहाई बहुमत आवश्यक रहेको तोकिनु वैज्ञानिक र तार्किक हुँदैन ।

नेपाल विभिन्न इकाईहरुको सहमतिको आधारमा संघ बन्न गई राखेको अवस्था पनि यहाँ विधमान छैन । त्यसले गर्दा भविष्यमा थप द्वन्दको सिर्जना भई संघीय व्यवस्था नै विफल हुने संभावना जीवित रहन्छ ।

धारा ९ हटाउनु पर्ने :- (उपधारा (६) थप्नु पर्ने वाक्य राष्ट्र प्रमुखले संघीय विधायिकाको दुई तिहाई संख्या द्वारा वा जनमत संग्रह द्वारा पारित विधेयक प्राप्त भएको मिति ले १५ दिन भित्र स्वीकृत गर्ने छ । राष्ट्र प्रमुख ले म्याद भित्र स्वीकृत गरेमा विधेयक स्वत : पारित भएको मानिने छ ।

## ८. संकटकालीन व्यवस्था

संशोधन गर्नु पर्ने : -

राष्ट्रप्रमुख ले नेपाल राज्य भर वा कुनै प्रदेशमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

नेपाल सद्भावना पार्टी
(आनन्दी देवी)
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. ४२११७५३

पत्र संख्या :
मिति :-
च.नं. :

उपधारा - ९ थप्नु पर्ने

**कानून बमोजिम पदाधिकारीको बदनियत प्रमाणित भएमा दोषी पदाधिकारी माथि आवश्यक कानूनी कारवाही गरिने छ ।**

**९. विविध :**

संशोधन गर्नु पर्ने :

नेपाली राजदूत र विशेष प्रतिनिधि -

**यस संविधान बमोजिम संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने राजदूतको पदमा नियुक्ति पूर्व निजहरुको कानूनमा व्यवस्था भए बमोजिम संसदीय सुनवाई हुनेछ ।**

१० . संक्रमणकालीन व्यवस्था

बाधा अडकाउ फुकाउने अधिकार विविधमा न भई संक्रमणकालीन अवस्थामा राख्नु पर्ने र निम्नानुसारको संशोधन गर्नु पर्ने :-

१. बाधा अडकाउ फुकाउने अधिकार

संशोधन गर्नु पर्ने

१) राष्ट्रपति, मन्त्री परिषदको सिफारिशमा आवश्यक सम्झेमा, यस संविधानको कार्यान्वयनमा त्यस्तो बाधा अड्काऊ फुकाउने, जुन विशिष्टतया अन्तरिम संविधान २०६३ को धारा बाट यस संविधानको धारामा संक्रमणको सम्बन्धमा रहेको छ, आदेश जारी गरी निर्देश गर्न सक्ने छ। आदेश उल्लेखित अवधिको दौरान यस संविधानको उपान्तरण(**addition**), परिवर्तन(Modification) वा लोप (Omission) को रूपमा अनुकूलन (Adaptation) को अधीन रही प्रभावी (Effective) रहने छ ।

२) यस्तो आदेश व्यवस्थापिका संसदबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्ने छ ।

पत्र संख्या : मिति :-

च.नं. :

३) तर यस संविधान अन्तर्गत गठित संघीय संसद/ व्यवस्थापिका संसदको प्रथम अधिवेशन पश्चात् बाधा अडकाउ फुकाउ जारी गरिने छैन ।

२. संक्रमणकालीन व्यवस्था : हाल उल्लेख भएको धाराहरुमा निम्नानुसारको संशोधन गर्नु पर्ने

१) यस संविधान अन्तर्गत निर्वाचित संघीय संसद/व्यवस्थापिका संसदको प्रथम अधिवेशनबाट अन्तरिम संविधानको खारेजीको घोषणा नभएको अवस्थासम्म लाई संक्रमणकालीन अवस्था भनिएको हो ।

२) राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धि व्यवस्था

यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति यस संविधान बमोजिम राष्ट्रप्रमुख र उपराष्ट्र प्रमुखको निर्वाचन नभएसम्म कायम रहने छन र संक्रमणकालमा राष्ट्रपति र उपराष्ट्रपतिको पद रिक्त भएमा पद पूर्ति हुने प्रक्रिया अन्तरिम संविधान २०६३ बमोजिम हुने छ ।

३) मन्त्रि परिषद् सम्बन्धि व्याख्या :

१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्री परिषद् यसै संविधान अन्तर्गत गठन भएको संघीय मन्त्री परिषद् मानिने छ ।

२) यो संविधान बमोजिम निर्वाचित संघीय संसद/व्यवस्थापिका संसद बाट संघीय मन्त्री परिषद् गठन नभएसम्म उपधारा (१) बमोजिम मन्त्री परिषद् कायम रहने छ ।

तर संघीय संसद/व्यवस्थापिका संसदको प्रथम अधिवेशन पश्चात् ६० दिनको अवधिभित्र यस संविधान अन्तर्गतको मन्त्री परिषद् गठन हुने छ ।

नेपाल सद्भावना पार्टी
(आनन्दी देवी)
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. ४२११७५३

पत्र संख्या :

मिति :-

च.नं. :

४. विधायिकी अधिकार :

१) यो संविधान बमोजिम संघीय संसद/व्यवस्थापिका संसदको प्रथम अधिवेशन नहोउन्जेल नेपालको विधायिकी अधिकार व्यवस्थापिका - संसदको हैसियतले वर्त्तमान संविधान सभाले नै प्रयोग गर्नेछ ।

२) यो संविधान जारी हुदाका बखत कायम रहेको व्यवस्थापिका संसद सचिवालय यसै संविधान बमोजिम कायम हुने संसद सचिवालय मानिनेछ ।

( नोट- विधायिकी अधिकार अन्तर्गत सचिवालयका पदाधिकारी र कर्मचारी सम्बन्धी व्यवस्था आवश्यक छैन ।)

५. स्थानीय निकाय सम्बन्धी व्यवस्था -: संक्रमणकालको अवधि सम्म यस संविधान द्वारा व्यवस्था गरिएको स्थानीय निकायको गठन यथावत कायम रहने छ । तर यस संविधान अन्तर्गत गठित संसदको प्रथम अधिवेशन पश्चात् यस संविधान अनुसार स्थानीय निकायको गठन न होउन्जेल नवगठित संसद द्वारा स्थानीय निकायको अस्थायी (**Temporary**) गठनको व्यवस्था गरिनेछ ।

१२ . धारा ३० को उपधारा १ संशोधन गर्नु पर्ने

यो संविधान लाई संघीय गणतन्त्र नेपालको संविधान , २०६७ भनिनेछ ।

सरिता गिरी

सदस्य संवैधानिक समिति

## सम्वैधानिक समिति

### फरकमत

१. नेपाल राज्य :-.........'धर्मनिरपेक्ष, समावेशी' पछि "संघिय गणतन्त्रात्मक" भन्ने वाक्यांश थप्ने ।

२. राष्ट्रिय झण्डा :- झण्डा परिवर्तन गरी नयाँ बनाउने ।

३. संविधान संशोधन : -

उपधारा (१)मा रहेको '......गणतन्त्रात्मक व्यवस्था' पछि "संघियता" थप्ने ।

उपधारा (७)मा उल्लेख 'विधेयक' पछि रहेको 'बहुमत संघिय इकाईको विधायिका'को सट्टा "५० प्रतिशत भन्दा बढी जनताको प्रतिनिधित्व गर्ने संघिय इकाईका विधायिका ले" भन्ने वाक्यांश थप्ने ।

४. संक्षिप्त नाम, प्रारम्भ र खारेजी :- संविधानको नाम पछाडी सम्बत राख्ने कुनै पनि औचित्य र प्रचलन नरहेकोले "२०६७" हटाउने

माननीय सभापतिज्यू,
संवैधानिक समिति
संविधान सभा ।

मिति : २०६६।९।१३

विषय : फरक मत अभिलेख गरेको ।

त्यस समितिमा मिति २०६६।९।१० मा अवधारणापत्र सहितको संविधानको मसौदामा मतदान हुदा तपसिलका वुँदामा हाम्रो फरक मत रहेको र त्यसलाई अभिलेख गर्न चाहेकोले तोकिएको समय सीमा भित्र हामी देहायका सभासदहरुले यो फरक मत अभिलेख गराएका छौ ।

तपसिल

१. प्रस्तावना :
- अनुच्छेद ६ मा वाक्यांशको सुरुमा "वहुलवादमा आधारित" शव्द थप्नु पर्ने ।
- अनुच्छेद ६ मा थप गर्ने भनिएको "जनताको" भन्ने शव्द हटाउने ।
- अनुच्छेद ७ मा रहेको "आत्म निर्णयको अधिकार" भन्ने शव्द हटाउने ।

२. राज्य : यो धारामा रहेको "वहुराष्ट्रिय राज्य" भन्ने वाक्यांशवाट "वहुराष्ट्रिय" भन्ने शव्द हटाउने
: त्यसैगरी यो धारामा रहेको "समाजवाद उन्मुख" भन्ने शव्दको सट्टामा "संघीय लोकतान्त्रिक" भन्ने शव्द राख्ने ।

३. संविधान संशोधन : यस धारामा असंशोधनीय विषयमा "संघीयता"लाई राख्ने ।

४. विविध : यस धारामा रहेको नेपाली राजदुत र विशेष प्रतिनिधि नियुक्तिका सम्वन्धमा "समानुपातिक समावेसी" को सट्टा "समावेसी" शव्द राख्ने ।

माथि उल्लेख गरिए वमोजिमको हाम्रो फरक मत अभिलेख गरी पाउँ ।

१. रामचन्द्र पौडेल
२. प्रकाश मान सिंह
३. कुल वहादुर गुरुंग
४. विमलेन्द्र निधि
५. खडग वहादुर वस्याल
६. रत्ना शेरचन

नेपाली कांग्रेस

श्रीमाननीय सभापतिज्यू
संवैधानिक समिति सिंहदरवार, काठमाण्डौं

विषय:- फरकमत प्रस्तुत गरेको वारे ।

महोदय
उपर्युक्त विषयमा यस समितिले तैयार गरेको आफ्नो कार्यक्षेत्र भीत्रको संबैधानिक समितिको प्रारम्भिक मस्यौदामा केही फरक मतहरु रहेको ब्यहोरा अवगत गराउँदै उक्त मतहरुलाई समावेश गरी पूर्णता दिन हुन हार्दिक अनुरोध गर्दछौं ।

## प्रारम्भिक मस्यौदा तर्फ

| विषयबस्तु | संविधानको कुन भाग वा धारा वा स्थानमा रहने | प्रस्तावित मस्यौदा | फरक मत | फरक मत राख्नु पर्ने कारण |
|---|---|---|---|---|
| प्रस्तावना | प्रस्तावनाको अनुच्छेद ६ | मा रहेको "जनताको" "समानुपातिक समावेशी" | तीनवटै शब्द झिक्नु पर्ने र "जनताको" शब्दको ठाउँमा "बहुलवादमा आधारित" शब्द थप गर्नु पर्ने | जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र शब्दले कुनै अर्थ नदिने र अस्पष्ट हुने तथा समानुपातिक समावेशी भन्ने शासन ब्यवस्था प्रणाली नभई यो शासन ब्यवस्थाको चरित्र मात्रै भएकाले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन ब्यवस्थाका बीचमा "समानुपातिक समावेशी" भन्ने शब्द अनुपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | | भएकाले हटाउने । साथै "बहुलवादमा आधारित" शब्द थप गरी अलग दार्शनिक एवं सैद्धान्तिक आधार भएका राजनीतिक दलहरु बीचको प्रतिस्पर्धालाई सुनिश्चित गर्न "बहुलवादमा आधारित" भन्ने शब्द थप गर्ने |
| | प्रस्तावनाको अनुच्छेद ७ | मा रहेको "आत्मनिर्णयको अधिकार" | "आत्मनिर्णयको अधिकार" झिक्नु पर्ने | यो "आत्मनिर्णयको अधिकार" भनेको के हो ? यसको प्रयोग कुन कुन अवस्थामा कुन ठाउँमा कसरी हुन्छ भन्ने कुरालाई एकिन नै नगरी राज्य पुनःसंरचना तथा राज्य शक्तिको बाँडफाँडमा र राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन प्राप्त नै नगरी प्रस्तावना मै यस विषयलाई उल्लेख गर्नु अनुपयुक्त भएकाले हटाउने । |
| राष्ट्र, राज्य र नेपालको | नेपाल राज्य (१) | मा रहेको "समावेशी समाजवाद उन्मुख | समाजवाद उन्मुख शब्द अघि संघीय | राज्य पुनः संरचनाको माध्यमबाट संघीय |

| | | | | |
|---|---|---|---|---|
| क्षेत्र | | गणतन्त्रात्मक बहुराष्ट्रिय राज्य हो" | लोकतान्त्रिक शब्द थप गर्ने र "बहुराष्ट्रिय" शब्द झिक्नु पर्ने | लोकतान्त्रिक व्यवस्थालाई सुदृढ गरी संघीय लोकतान्त्रिक राज्य व्यवस्थाको स्थापना गर्नु मुख्य कार्य हो । संघीय व्यवस्था राज्यको मूल चरित्र हो र त्यसलाई नै समावेश नगरी राज्यको परिभाषा पूर्ण नहुने भएकोले संघीय लोकतान्त्रिक शब्द थप गर्नु आवश्यक छ । त्यसै गरी राष्ट्रको परिभाषामा नै नपरेको "बहुराष्ट्रिय" शब्दलाई राज्यको परिभाषा गर्दा बहुराष्ट्रिय राज्य भन्न नमिल्ने भएकोले हटाउने । |
| संविधान संशोधन | संविधान संशोधनको उपधारा ४ | म रहेको "..... उक्त विषयमा स्वत: संविधान संशोधन भएको मानिनेछ" | "उक्त विषयमा स्वत: संविधान संशोधन भएको मानिनेछ" भन्ने शब्दको ठाउमा "उक्त विषयलाई संशोधनको लागि स्वीकृत भएको मानिनेछ र व्यवस्थापिका | संविधान संशोधन गर्ने ठाँउ संसद मात्रै हो । एक भन्दा बढी ठाउँमा विधिवत् तरिकाबाट संविधानको संशोधन गर्न नमिल्ने भएकाले जनमतसंग्रहबाट बहुमतद्वारा अनुमोदित विषय |

| | | | | |
|---|---|---|---|---|
| | | | संसदबाट संशोधन गरिनेछ भन्ने उल्लेख हुनु पर्ने । | पनि संशोधनको लागि प्रकृया संगत ढंगले व्यवस्थापिका संसदनै प्रवेश गर्नु पर्ने भएकाले । |
| विविध | नेपाली राजदूत र विशेष प्रतिनिधि | मा रहेको "राष्ट्र प्रमुखले समानुपातिक, समावेशी सिद्धान्तको आधारमा" | "समानुपातिक" शब्द झिक्नु पर्ने | यो विशेष प्रकृतिको सेवा भएको र यसमा समावेशी सिद्धान्तको अधारमा नियुक्ति गर्दा नै उपयुक्त हुने भएकाले । |

| क्र. सं. - | नाम - | हस्ताक्षर - |
|---|---|---|
| १. | अग्नि प्रसाद खरेल | |
| २. | भीम बहादुर रावल | |
| ३. | छविलाल विश्वकर्मा | |
| ४. | | |
| ५. | शारदा झा | |

**संशोधन प्रस्ताव :**

फरक मत

मा. प्रेमबहादुर सिंह

(१) क.सं. १ को अनुच्छेद ३ मा रहेको अग्रगामी परिवर्तनका लागि भन्ने शब्दपछि रहेको "गरिएका ......... वलिदान" भन्ने शब्दहरुको सट्टा "नेपाली जनताले हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष, त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहिदहरुलाई सम्मान गर्दै" भन्ने शब्दहरु राख्ने ।

(२) क.सं. १ को अनुच्छेद ६ को शुरुमा रहेको "जनताको..............शासन व्यवस्था" भन्ने शब्दहरुको सट्टा "सामाजिक न्यायमा आधारित आधुनिक लोककल्याणकारी प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक समाजवादी शासन व्यवस्था" भन्ने शब्दहरु राख्ने ।

(३) क.सं. ४ को धारा ४, उपधारा ( )मा रहेको "समाजवादउन्मुख गणतन्त्रात्मक" भन्ने शब्दहरुको सट्टा "लोकतान्त्रिक समाजवादी गणतन्त्रात्मक" भन्ने शब्द राख्ने र सोपछि रहेको "बहुराष्ट्रिय" भन्ने शब्दको सट्टा "बहुराष्ट्रिय विशेषतायुक्त" भन्ने शब्द राख्ने ।

(४) क.सं. ६ को धारा ८ मा देहायको उपधारा थप गरि क.स. मिलान गर्ने :

कानूनले निर्धारण गरेको विधि, प्रक्रिया पुरा गरि तोकिएको संख्याका नागरिकहरुले हस्ताक्षर गरि संघिय व्यवस्थापिकामा संविधान संशोधनको प्रस्ताव पेश गर्न सक्नेछन् ।

(५) क.सं. १०, धारा २४ को उपधारा (२) मा रहेको वहाल रहेका न्यायधिसहरु भन्ने शब्दहरुपछि रहेको "यो संविधानमा ...... नभएसम्म" भन्ने शब्दहरुको सट्टा "यसै संविधानबमोजिम नियुक्ति भएको मानि आ-आफ्नो पदमा यथावत कायम रहनेछन्" भन्ने शब्दहरु राख्ने ।

(६) क.सं. १०, धारा २५ को उपधारा (३) मा रहेको कार्यरत पदाधिकारीहरु भन्ने शब्दपछि रहेको " यो संविधानमा ....... नभएसम्म" भन्ने शब्दहरुको सट्टा "यसै संविधानबमोजिम नियुक्ति भएको मानि आ-आफ्नो पदमा यथावत कायम रहनेछन्" भन्ने शब्दहरु राख्ने ।

समाजवादी प्र. जनता पार्टी नेपाल

२०६६।३।१३

श्रीमाननीय सभापतिज्यू
संवैधानिक समिति सिंहदरवार, काठमाण्डौं

विषयः- फरकमत प्रस्तुत गरेको वारे।

महोदय
उपर्युक्त विषयमा यस समितिले तैयार गरेको आफ्नो कार्यक्षेत्र भीत्रको संबैधानिक समितिको प्रारम्भिक मस्यौदामा केही फरक मतहरु रहेको ब्यहोरा अवगत गराउँदै उक्त मतहरुलाई समावेश गरी पूर्णता दिन हुन हार्दिक अनुरोध गर्दछौं।

## प्रारम्भिक मस्यौदा तर्फ

| विषयबस्तु | संविधानको कुन भाग वा धारा वा स्थानमा रहने | प्रस्तावित मस्यौदा | फरक मत | फरक मत राख्नु पर्ने कारण |
|---|---|---|---|---|
| प्रस्तावना | प्रस्तावनाको अनुच्छेद- ३ | मा रहेको "ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जन आन्दोलन र मधेश आन्दोलन" | "मधेश आन्दोलन" भन्ने शब्द झिक्नु पर्ने | विगतमा लोकतन्त्र, शान्ति, मानवअधिकार एवं अग्रगामी परिवर्तनका लागि अनेकौ शान्तिपूर्ण आन्दोलनहरु भएका छन्। ती मध्ये मधेश आन्दोलन पनि एक भएको र शान्तिपूर्ण जन आन्दोलन भन्ने शब्दले विगतमा भएका सवै प्रकारका आन्दोलनहरुलाई समेट्ने भएकोले यसलाई मात्रै राखी राख्नु नपर्ने। |

| क. सं. - | नाम - | हस्ताक्षर - |
|---|---|---|
| १. | छविलाल विश्वकर्मा | |
| २. | पासाङ शेर्पा | |

मिति : २०६६।०९।१३

मानननीय सभापतिज्यू,
संवैधानिक समिति

विषय : फरक मत पेश गरेको सम्बन्धमा ।

संवैधानिक समितिको कार्यालय अन्तर्गत "प्रस्तावना" मा हामी निम्नलिखित सदस्यहरुको यसै साथ संलग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरिदिन हुन अनुरोध गर्दछौं ।

| क्र.सं. | नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | मा. सपना प्रधान मल्ल | | |
| २. | मा. शारदा झा | | |
| ३. | मा. रत्ना शेरचन | | |
| ४. | मा. कल्पना राणा | कल्पना राणा | |
| ५ | मा.गायत्री शाह | | |

प्रस्तावित प्रस्तावनाको अनुच्छेद ६ थप्नु पर्ने
"मानव अधिकार" भन्ने शब्द पछि "महिला अधिकार" थप्नु पर्ने

कल्पना राणा

मिति : २०६६।०९।१३

माननीय सभापतिज्यू,
संवैधानिक समिति

**विषय : फरक मत पेश गरेको सम्बन्धमा।**

संवैधानिक समितिको कार्यालय अन्तर्गत विषयहरुमा मेरो निम्नलिखित संलग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरिदिन हुन अनुरोध गर्दछौं।

| क्र.सं. | नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | मा. कल्पना राणा | | |
| | मा. गायत्री साह | | |

१. प्रस्तावनाको परिच्छेद ४ मा शान्तिपूर्ण आन्दोलन तथा पछि तिनका विर विरङ्गना थप्नु पर्ने।

२. परिच्छेद ६ मा मानव अधिकार पछि महिला अधिकार थप्नु पर्ने

३. राष्ट्रको परिभाषाभित्र बहुजातिय बहुभाषिक पछि बहुलैङ्गिक थप्नु पर्ने

४. राजनीतिक दलभित्र समावेशीको सट्टा समानुपातिक शब्द राख्नु पर्ने

५. नेपालको राष्ट्रिय गानको चौथो हरफमा वीरहरुसँग विरङ्गना थप्नु पर्ने

सभापति ज्यू,
संवैधानिक समिति
सिंहदरवार ।

विषय : फरक मत पेश गरेको ।

संवैधानिक समितिको मिति २०६६/०९/१० गतेको ७८ औं बैठकको मतदानबाट निर्णयमा पुगी तद्नुसार परिमार्जित समितिको मस्यौदा सहितको प्रतिवेदन माथि मेरो देहाय बमोजिमको फरक मत पेश गरेको छु। समितिको प्रतिवेदनसाथ संविधान सभामा पेश हुने व्यवस्था गरि पाउँ ।

१. प्रस्तावनाको अनुच्छेद् ३ मा "मधेश आन्दोलन" भन्ने शब्दावलि हटाउनु पर्ने । कारण- देशमा भएका विभिन्न खाले सशस्त्र क्रान्ति, सशस्त्र विद्रोह र जनयुद्धलाई "सशस्त्र संघर्ष" भन्ने साझा शब्दावलिबाट प्रतिनिधित्व गरिए जसरी नै विभिन्न खाले शान्तिपूर्ण आन्दोलनहरू-संयुक्त राजनीतिक आन्दोलन, आदिवासी/जनजाति आन्दोलन, थरूहट आन्दोलन, दलित आन्दोलन, महिला आन्दोलन, चुरे भावर आन्दोलन आदिलाई "शान्तिपूर्ण जनआन्दोलन" भन्ने एउटै साझा शब्दावलिले व्यक्त गर्नु उपयुक्त हुन्छ।

२. प्रस्तावनाको अनुच्छेद् ६ मा "समावेशी" भन्ने शब्दको पहिले राखिएको "समानुपातिक " भन्ने शब्द यहाँ अनावश्क भएकोले हटाउनु पर्ने ।

३. प्रस्तावनाको अनुच्छेद् ७ निम्न प्रकार राख्नु उपयुक्त हुने- "राष्ट्रिय अखण्डता र आत्मनिर्णयको अधिकारलाई अक्षुण्ण राखी जनताको स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै ।"

४. प्रस्तावना को अनुच्छेद् ८ मा "समानुपातिक" शब्दको अगाडि "किसान, मजदुर लगायत श्रमजीवी जनताको हित संरक्षण गर्ने गरी" भन्ने व्यहोरा थप्ने ।

५. "राष्ट्र, राज्य र नेपालको क्षेत्र" अन्तर्गतको राज्यको परिभाषामा "बहुराष्ट्रिय राज्य" को सट्टा "राज्य" मात्र भन्नु उपयुक्त हुने । कारण-बहुजातीय नेपाली जनता यहाँ व्याख्या गरिए अनुसार राज्य-राष्ट्रको हैसियतमा समष्टि रूपमा राष्ट्र हो ।

६. विविधको "नेपाली राजदूत र विशेष प्रतिनीधि" अन्तर्गत समावेशी सिद्धान्तको आधारमा नियुक्ति हुने व्यवस्था" उपयुक्त हुने भएकोले त्यहाँबाट "समानुपातिक" भन्ने शब्दावलि हटाउने ।

प्रस्तोता

...................
मा. चन्द्र प्रकाश मैनाली
नेकपा (माले)

मिति २०६६/०९/१३

# अवधारणापत्र खण्ड

## भाग-एक
# प्रारम्भिक

### १.१ संवैधानिक समितिको गठन

संविधानसभा नियमावली, २०६५ ले संविधान निर्माणको कार्य व्यवस्थित रुपमा सम्पन्न गर्न र यसबाट सञ्चालित हुने विविध गतिविधिहरुमा संलग्न रही संविधानसभालाई सहयोग गर्नको लागि एउटा संवैधानिक समिति, १० वटा विषयगत समितिहरु र ३ वटा प्रक्रियागत समितिको गठन गर्ने व्यवस्था गरे अनुरुप संविधानसभाको मिति २०६५।८।३० मा बसेको बैठकमा सम्माननीय अध्यक्षज्यूले समितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली सहितको प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भई सबै समितिहरुको गठन भयो । संविधानसभा नियमावली, २०६५ को नियम ६५ को उपनियम (४) बमोजिम प्रारम्भमा यस समितिमा ६१ जना सदस्य रहने व्यवस्था भएकोमा नियमावलीको पहिलो संशोधनबाट समितिको सदस्य संख्या ६३ हुने व्यवस्था भई तदअनुसार मिति २०६५।९।२६ को संविधानसभाको बैठकबाट माननीय सदस्यहरुको थप मनोनयन र हेरफेरबाट समिति गठनले पूर्णता पाएको हो । समिति गठन भएपश्चात २०६५ पौष १ गते देखि २९ गते सम्म जम्मा ११ वटा बैठक समितिका जेष्ठ माननीय सदस्य श्री कुल बहादुर गुरुङ्को सभापतित्वमा सम्पन्न भए । मिति २०६५।९।२९ मा समितिको बैठकमा भएको निर्वाचनद्वारा समितिका मा. सदस्य श्री माधवकुमार नेपाल संवैधानिक समितिको सभापतिमा निर्वाचित भई उहाको नेतृत्वमा समितिले आफ्नो कार्यसम्पादन गरिआएको अवस्था मिति २०६६।२।९ मा उहाँ व्यवस्थापिका-संसदबाट नेपालको प्रधानमन्त्री पदमा निर्विरोध निर्वाचित हुनु भएपछि समितिको सभापति पद रिक्त रहेको थियो । मिति २०६६।५।१२ मा समितिको बैठकमा भएको निर्वाचनद्वारा समितिका मा. सदस्य श्री नीलाम्वर आचार्य संवैधानिक समितिको सभापतिमा निर्वाचित भई उहाँको नेतृत्वमा समितिले आफ्नो कार्यसम्पादन गरिआएको छ । समितिमा रहनु भएका माननीय सदस्यहरुको विवरण अनुसूची - १ मा राखिएको छ ।

### १.२ समितिको कार्यक्षेत्र

संविधानसभा नियमावली, २०६५ को नियम ६५ को उपनियम (२) ले विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्र भित्रका विषयको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन संविधानसभामा पेश गरी सकेपछि त्यस्ता समितिहरुबाट प्राप्त प्रतिवेदन, सो माथि सभामा छलफल भई सभाले दिएको सुझाव र निर्देशन समेतका आधारमा संविधानको मस्यौदा तयार पारी संविधानसभामा पेश गर्नु संवैधानिक समितिको प्रमुख कर्तव्य हुने व्यवस्था गरेको छ ।

उक्त मुख्य जिम्मेवारीको अतिरिक्त संविधानसभा नियमावली, २०६५ को नियम ६५ को उपनियम (३) मा संविधानको प्रस्तावना र कुनै पनि विषयगत समितिहरुको कार्यक्षेत्र भित्र नपरेका तर संविधानमा समावेश गर्नु पर्ने विषयको पहिचान गरी त्यसको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी सभामा पेश गर्ने जिम्मेवारी समेत संवैधानिक समितिमा रहने व्यवस्था भएअनुरुप विश्वका केही संविधानका विषयवस्तुको तुलनात्मक अध्ययन गरी, विषयगत समितिहरुको कार्यक्षेत्र भित्र परेका विषयमा दोहोरोपन नहोस भन्ने कुरालाई विशेष ध्यान दिई हाललाई प्रस्तावना, संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु,संविधान संशोधन प्रक्रिया, राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था, संकटकालिन अवस्थाको घोषणा, संक्रमणकालिन व्यवस्था, संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था, विविध भागमा रहने व्यवस्थाहरु, परिभाषाको भाग र संक्षिप्त नाम र प्रारम्भ सम्बन्धी विषयलाई संवैधानिक समितिले अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्नु पर्ने गरी मिति २०६५।९।१७ मा बसेको समितिको बैठकबाट कार्यक्षेत्रको पहिचान भएको हो । यी क्षेत्रहरु अन्तिम नभई समितिले अध्ययन र कार्य गर्दै जाँदा वा सबै समितिका सभापतिहरुको संयुक्त बैठकमा छलफल हुंदा वा विषयगत समितिहरुबाट प्रतिवेदन प्राप्त भएपछि जुनसुकै चरणमा पनि कुनै विषय समितिको कार्यक्षेत्रमा थपघट कुन सक्ने गरी खुला राख्नु उपयुक्त हुने समितिको ठहर रहेको छ । समितिले पारित गरेको कार्यक्षेत्र र कार्यविवरण अनुसूची -२ मा राखिएको छ ।

### १.३ अवधारणा-पत्र तयार गर्न अपनाईएको विधि

समितिले पहिचान गरेको कार्यक्षेत्र भित्रका विषयमा अवधारणा पत्र तयार गर्ने सम्बन्धमा समितिले मूलतः संविधानसभा नियमावली, २०६५ ले निर्धारण गरेको कार्यविधिलाई अनुशरण गरेको छ । प्रथमतः विषयवस्तुको अत्यावश्यक ज्ञान, हाम्रो विगतको अभ्यास, विश्वका अन्य मुलुकहरुमा सम्बन्धित विषयमा रहेको अभ्यासको तुलनात्मक अध्ययन तथा विकसित भएका नवीनतम् मान्यताहरुको गहन अध्ययन र विश्लेषणको लागि नेपालका विगतका संविधानहरु, विश्वका संविधानहरु, सम्बन्धित विषयहरुमा विज्ञहरुद्वारा लेखिएका पुस्तक, लेख एवं पत्रिका लगायतका स्रोत समाग्रीको संकलन

गरिएको छ । समितिको कार्यक्षेत्र बृहत् रहेको हुनाले अवधारणा पत्र तयारीको प्रारम्भिक कार्य सम्पादन गरी समितिमा प्रतिवेदन सहितको सुझाव पेश गर्न विभिन्न ५ वटा उपसमितिहरुको गठन गरी उपसमितिहरु मार्फत व्यवस्थित रुपमा कार्य सञ्चालन गरिएको छ । उपसमितिहरुले तयार पारेको अवधारणापत्रलाई समितिमा भएको छलफलका आधारमा परिमार्जन गरी अन्तिम रुप प्रदान गर्न र आधारणापत्र बमोजिम व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार गरी समितिमा पेश गर्न उन्नाइस सदस्यीय मस्यौदा उपसमिति गठन भएको थियो । मस्यौदा उपसमितिले पेश गरेको प्रारम्भिक मस्यौदामाथि समितिमा विस्तृत रुपमा छलफल गरी छलफलमा आएका सुझावहरुलाई समावेश गर्दै परिमार्जित मस्यौदा तयार भयो । उक्त परिमार्जित मस्यौदामा अझ थप केही सुझाव भए लिखित रुपमा पेश गर्न समितिका माननीय सदस्यहरुलाई अनुरोध गरिए अनुरुप प्राप्त हुन आएका लिखित सुझावहरुलाई सूचीकृत गरी पुन: समितिमा विस्तृत रुपमा छलफल गरी अधिकतम विषयहरुमा सहमति कायम गर्ने र सहमति कायम हुन नसकेका विषयहरुलाई मतदानको लोकतान्त्रिक प्रकृयाद्वारा टुङ्गो लगाउने विषयको रुपमा सूचीकृत गर्ने प्रक्रिया अवलम्वन गरियो । मतदानको प्रक्रियाद्वारा निर्णयमा पुग्ने भनी सूचीकृत गरिएका विषयहरुमा मिति २०६६।०९।१० गतेको समितिको बैठकबाट निर्णय भई निर्णयानुसार पारित विषयहरुलाई अवधारणापत्र र प्रारम्भिक मस्यौदामा मिलान गरी तयार भएको प्रस्तुत प्रतिवेदन सम्माननीय अध्यक्ष मार्फत सम्मानित संविधानसभामा पेश गर्ने समितिको मिति २०६६।०९।१० को निर्णयानुसार यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

यस क्रममा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयवस्तुका सम्बन्धमा विभिन्न पत्र-पत्रिका एवं संचार माध्यम मार्फत सार्वजनिक सूचना जारी गरी स्वदेश तथा विदेशमा रहेका आम नागरिकहरुबाट सुझाव आह्वान गरिनुको साथै विशेषज्ञ, राजनीतिक दलहरु तथा अन्य सरोकारवालाहरू समेतसँग अन्तरक्रिया, गोष्ठी एवं छलफलको आयोजना समेत गरिएको छ ।

संविधानसभाले जनतालाई केन्द्र विन्दुमा राखी लोकतान्त्रिक संविधान निर्माणको विधि तय गरेको परिप्रेक्ष्यमा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयका सम्बन्धमा जनताको नजिक पुगी सुझाव लिने र आफ्नो संविधान आफैं निर्माण गर्ने कार्यमा जनतालाई सरिक गराउने उद्देश्यले २६ बटा विषयगत प्रश्न रहेको प्रश्नावली समितिको मिति २०६५।१०।२३ को बैठकबाट पारित गरिएको छ । उल्लेखित विषयगत प्रश्नावलीहरू लिई यस समितिका माननीय सदस्यहरू समेत संलग्न भई जनमत संकलन गर्न संविधानसभाका ४० वटा भ्रमण टोलीहरू देशका ७५ वटै जिल्लामा गई ती जिल्लाहरूका पनि विभिन्न स्थानहरूबाट सुझाव संकलन गरी प्राप्त भएका जनताका राय एवं सुझावको अध्ययन र विश्लेषण गरिएको छ । उल्लेखित प्रक्रिया बमोजिम संकलित सुझावहरूसमेतको आधारमा प्रस्तुत अवधारणा-पत्र तयार गरिएको छ । समितिलाई प्राप्त सुझावहरु, जनमत संकलनसंग सम्बन्धित दस्तावेजहरु, समिति अन्तर्गत गठन भएका उपसमितिहरु, समितिमा आई आफ्नो राय सुझाव प्रस्तुत गर्ने राजनीतिक दलहरुको विवरण, समितिमा आई आफ्नो राय सुझाव प्रस्तुत गर्ने विशेषज्ञहरुको विवरण क्रमश: अनुसूची -३, -४, -५- ६ र -७ मा राखिएको छ ।

## १.४ प्रतिवेदनका सीमा

यस समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयवस्तुमा सिमित भई प्रस्तुत अवधारणा-पत्र तयार भएको छ। संविधानसभाले पारित गरेको कार्यतालिका बमोजिमको समय सीमा भित्र समितिको जिम्मेवारीलाई सम्पन्न गर्न यस समितिले पनि आफ्नो कार्यक्षेत्रभित्रका विषयवस्तु समेटी कार्यतालिकाको निर्माण गरेको थियो । विषयवस्तुको विविधता र गाम्भीर्यतालाई विचार गर्दा निर्धारित समय पर्याप्त थिएन । यसै गरी सुझाव संकलनको लागि स्थलगत भ्रमणमा जाने अवधि पनि अत्यन्त सिमित भएको कारण मुलुकका सबै गा.वि.स. र वडाहरुसम्म पुग्न सम्भव भएन । तसर्थ यी सीमाहरुको अधिनमा रहेर अवधारणा पत्र तयार गर्नु पर्दा अवधारण पत्र हरेक दृष्टिबाट पूर्ण छ भनी दावी गर्न सकिने अवस्था छैन ।

समितिको सचिवालयलाई उपलब्ध कार्यस्थल, भौतिक साधन र स्रोत तथा जनशक्तिको स्थिति समेत पर्याप्त रहेनन । यी तमाम सीमाहरुको बाबजुद यो प्रतिवेदन निर्धारित समयमा नै तयार गरी सम्मानित सभामा प्रस्तुत भएको छ । समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण र समितिका हाल सम्मका बैठक र सो को कार्यसूची क्रमश: अनुसूची -८ र -९ मा राखिएको छ ।

## भाग-दुई
# अवधारणापत्र

## २.१ प्रस्तावना

### २.१.१. विषय प्रवेश

संविधान राजनीतिक - कानूनी (politico - legal) प्रकृतिको दस्तावेज हो । यो दस्तावेजको मूल उद्देश्य प्रस्तावनाबाटै बुझ्न सकिने हुनुपर्छ । प्रस्तावना संविधानको अग्रभाग मै रहने भएकाले यसमा संविधान निर्माणको आधार, भविष्यको राज्य संचालन प्रणाली र मार्ग निर्देशन तथा गन्तव्य एवं जनअधिकारको स्वरुपको सार-संक्षेप रहन्छ ।

प्रस्तावना विभिन्न किसिमबाट लेखिएको पाइन्छ । प्रस्तावनामा देशको राजनीतिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक अवस्था एवं राजनीतिक परिवर्तनको प्रक्रिया र चरणहरु बारे उल्लेख गरिएको हुन्छ । यसमा विशेष गरी नयाँ संविधान निर्माणमा योगदान पुऱ्याउने घटनाक्रम बारे उल्लेख गरिएको हुन्छ । त्यस्तै गरी नयाँ संविधान निर्माणको प्रकृया बारे प्रस्तावनामा उल्लेख गरिएको हुन्छ । कतिपय संविधानमा सामूहिक मूल्य, मान्यता, जनताको आशा र राज्यले गर्नु पर्ने कुरा समेत प्रस्तावना मै उल्लेख भएको पाइन्छ । प्रस्तावनाले संविधानको प्रकृतिलाई पनि निर्देशित गरेको हुन्छ । संविधान सार्वभौमसत्तासम्पन्न जनताबाट निर्माण हुने र यसमा उनीहरुको आकाक्षां प्रतिविम्बित हुने हुंदा सो कुराको पुष्टिको लागि प्रस्तावनामा हामी जनता (We the People) भन्ने शब्द प्रयोग गर्ने प्रचलन छ । वास्तवमा संविधान जनताका प्रतिनिधिले जनताकै लागि बनाउने हुँदा 'हामी जनता' भनेर जोड दिने गरिन्छ । तर केही देशका संविधानमा 'देवताले हाम्रो देशको रक्षा गरुन' जस्ता शब्दहरु तथा संस्कृति बारे पनि प्रस्तावनामा उल्लेख गर्ने गरेको पाइन्छ ।

धेरै देशहरुमा संविधानको अन्तरनिहित सार र लक्ष्य भूमिकाको रुपमा प्रस्तावना रहने गरेको पाइन्छ । अल्बानिया, अंगोला, बेल्जियम, डेनमार्क, इटाली, जोर्डन, लेसोथो, मलेसिया, माल्दिभ्स, नेदरल्याण्डस, नर्वे, स्वीडेन आदि जस्ता केही देशका संविधानमा प्रस्तावना रहेको पाइदैन भने धेरै देशको संविधानमा प्रस्तावना रहेको पाइन्छ । प्रस्तावना लामो वा छोटो कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा पनि खासै एकरुपता देखिदैन । इरान र चीनको संविधानको प्रस्तावना अत्यन्त लामो देखिन्छ भने क्यानाडाको संविधानको प्रस्तावना अत्यन्त छोटो रहेको छ, जसमा उल्लेख छ "क्यानाडा कानूनको शासन र देवताको सर्वोच्चतालाई आत्मसात गर्ने सिद्धान्तको जगमा उभिएको छ" (Whereas, Canada is founded upon the principles that recognize the supremacy of God and the rule of law.)

प्रस्तावनामा मुलुकको ऐतिहासिक पृष्ठभूमि, देशको प्रकृति, शासनको स्वरुप, राजनीतिक व्यवस्था जस्ता कुराहरु उल्लेख गर्ने चलन छ । हाम्रो सन्दर्भमा संविधान कुन पृष्ठभूमिमा लेखिंदैछ, संविधानले आत्मसात गरेका मूल्य र मान्यताहरु के के हुन्, संविधान जनता आफैंले जारी गर्नु पर्नाका खास कारणहरु, हामीले परिकल्पना गर्ने राष्ट्रको प्रकृति र लक्ष्य एवं संविधान जारी गर्ने अख्तियारी कसरी प्राप्त भयो ? आदि जस्ता कुराहरु प्रस्तावनामा उल्लेख गर्नु उपयुक्त हुन्छ ।

### २.१.२. परिचय

प्रस्तावनाले संविधानको मूल मर्म र समग्र सारलाई अभिव्यक्त गर्दछ । यो संविधानको भावना (Spirit) हो । संविधान निर्माण गर्नुको मनसाय (Intent), उद्देश्य (Purpose) र प्रयोजन (Objective) प्रस्तावनाको अध्ययनबाटै थाहा पाउन सकिन्छ । यसले संविधान निर्माणको आधार, कारण र औचित्यलाई समेत स्थापित गर्दछ । प्रस्तावनालाई संविधानको प्रवेशद्वार (Gateway) को रुपमा लिइन्छ, जहाँबाट संविधानका अन्तर्वस्तुहरु र राज्यको राजनीतिक, आर्थिक, सामाजिक व्यवस्था एवं दार्शनिक पक्षहरुलाई नियाल्न सकिन्छ (The preamble can be described as a gateway to the constitution through which one can have a peep into the internal mechanism of the constitutional scheme and the political and socio-economic philosophy of the State) साभार : Hari Bansh Tripathi, The Preambular Provision of our Constitution, Essays on Constitutional Law, Vol.14, 1999, Nepal Law Society, p.1.

प्रस्तावनामा एकातर्फ संविधान जारी गर्ने वैधानिक अख्तियारीको श्रोत र संविधान जारी गर्दा अपनाइएको प्रकृयाको बारेमा उल्लेख गरिएको हुन्छ भने अर्को तर्फ संविधान कुन सैद्धान्तिक, राजनीतिक एवं दार्शनिक धरातलमा आधारित छ भन्ने कुरा खुलाईएको हुन्छ । यो समग्र संविधानको सार र निचोड हो । यसलाई संविधानका विभिन्न क्रियाशील भागमा व्यवस्थित गरिएका प्रावधान मार्फत कार्यान्वयन गरिन्छ । मौलिक हकका रुपमा प्रत्याभूत गरिएका नागरिकका

अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त एवं नीतिहरु, राज्यका विभिन्न अंगहरु जस्तैः न्यायपालिका, कार्यपालिका एवं व्यवस्थापिकाका सैद्धान्तिक आधारहरु आदि जस्ता विषयहरु प्रस्तावना कै विस्तृत रुप हुन् ।

### २.१.३. प्रस्तावनाको अर्थ र परिभाषा

प्रस्तावना संविधानको शीर्ष भागमा राखिन्छ । यसबाट संविधान निर्माताको मनसाय झल्किन्छ । तसर्थ भनिन्छ "प्रस्तावना संविधान, सन्धि, सम्झौता र कानूनहरुमा प्रारम्भमा लेखिने विस्तृत कथन हो जसमा त्यस्ता दस्तावेजहरु तयार गर्ने मानिसको मनसाय अभिव्यक्त भएको हुन्छ" (Preamble is a recital at the begining of many constitutions, treaties and some acts to explain the mind of the makers of the documents.) प्रस्तावना संविधानको त्यस्तो भाग हो जसमा समग्र संविधानको मूल सारलाई प्रस्तुत गरिएको हुन्छ । संविधानको प्रस्तावनाले संविधानका मौलिक मूल्य र दार्शनिक पक्षहरु बारे प्रकाश पारेको हुन्छ ।

प्रस्तावनाबाट संविधानका आन्तरिक ढाँचा र राज्यको राजनीतिक, सामाजिक र दार्शनिक पक्षको अवलोकन गर्न सकिन्छ । प्रस्तावना संविधानको परिचयात्मक भागको रुपमा रहने भएतापनि यसको उच्च महत्व हुन्छ । संविधानको प्रस्तावनाले राजनीतिक परिवर्तनको अभिव्यक्ति, परिवर्तनको औचित्यको पुष्ट्याइ गर्दै त्यसलाई वैधता प्रदान गरेको हुन्छ । प्रस्तावनामा व्यक्त गरिएका भावना र मूल्यहरु जनताका अभिव्यक्तिका रुपमा अंकित हुन्छन् । अतः प्रस्तावनाको महत्व केवल कानूनी र राजनीतिक पक्षमा मात्र सीमित नरही मुलुकको सामाजिक र सांस्कृतिक संरचनासम्म फैलिएको हुन्छ । प्रस्तावनाका वाक्यहरु व्यक्ति, समूह र राज्य-राष्ट्रको लागि महत्वपूर्ण मार्ग निर्देशनका रुपमा रहेका हुन्छन् ।

संविधानको प्रस्तावनाले एउटा सांकेतिक (Symbolic) र अर्को न्यायोचित (Justiciable) अर्थ दिने गर्दछ । यसको सांकेतिक पक्ष अन्तर्गत प्रस्तावनामा मुलुकको ऐतिहासिक सन्दर्भ र राष्ट्रको चाहनाको बारेमा उल्लेख गरिन्छ । न्यायोचित आधारको रुपमा संविधानको व्याख्या गर्ने क्रममा प्रस्तावनालाई हेर्ने गरिन्छ ।

### २.१.४. प्रस्तावनाको विधिशास्त्रीय मान्यता, राजनीतिक, दार्शनिक एवं कानूनी पक्ष

संविधान कानूनी दस्तावेज मात्र नभएर राजनीतिक दस्तावेज पनि भएकोले प्रस्तावनालाई कानूनी प्रावधानको प्रवेश विन्दुको रुपमा र राजनीतिक आकांक्षालाई अभिव्यक्त गर्ने माध्यमको रुपमा पनि लिईएको हुन्छ । प्रस्तावनामा संविधानको उत्पत्तिको श्रोतलाई देखाईएको हुन्छ । संविधानले कस्तो राजनीतिक प्रणालीको स्थापना र विकास गर्न खोजेको छ भन्ने बारेमा समेत उल्लेख गरिन्छ ।

संविधानमा प्रस्तावना रहनुपर्छ वा पर्दैन भन्ने सम्बन्धमा संवैधानिक कानूनका विधिशास्त्रीहरुबीच एउटै धारणा रहेको पाइदैन । वर्तमान विश्वका विभिन्न देशहरुका संविधानको अध्ययन गर्दा समेत फरक-फरक प्रचलन रहेको पाइन्छ । अधिकांश देशको संविधानमा प्रस्तावना रहने गरेको र यसलाई संविधानको आधारभूत दर्शनको प्रतिविम्वको रुपमा स्वीकार गरिएको पाइन्छ । नेपालको संवैधानिक इतिहासको अध्ययन गर्दा पनि प्रस्तावना राख्ने गरिएको देखिन्छ ।

प्रस्तावनाको अध्ययनबाट संविधान निर्माणकर्ताको मनसाय पत्ता लगाउन सकिन्छ । प्रस्तावना संविधानका अरु धाराहरु जस्तो आफै क्रियाशील हुने भाग नभएतापनि यही कारणले मात्र यसको महत्वलाई कम आंकलन गर्न हुदैन । संविधानको कुनै प्रावधान अस्पष्ट, सन्दिग्ध र दोहोरो अर्थ लाग्ने खालको रहेछ भने त्यसको वास्तविक अर्थ पहिचान गर्ने सिलसिलामा व्याख्याको लागि अदालतले प्रस्तावनाको सहारा लिन सक्दछ । तर संविधानका धाराले स्पष्ट अर्थ दिई रहेको अवस्थामा त्यसलाई सीमित गर्ने अर्थमा भने यसको प्रयोग गरिदैन । यसर्थ प्रस्तावनामा उल्लिखित कुराबाट मात्रै कसैको हक वा दायित्वको सिर्जना त हुदैन तर संविधानका अन्य धाराको कार्यान्वयनका लागि यसले मद्दत पुऱ्याउँछ ।

प्रस्तावना संशोधन हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा संविधानविद् र राजनीतिशास्त्रीहरुबीच यदाकदा बहस हुने गरेको पाइन्छ । कतिपयले यो संविधानको सारभूत व्यवस्था नभएको हुँदा यसको संशोधन हुन सक्दैन, यसलाई संशोधन गर्नुको खास महत्व पनि छैन भन्ने गर्दछन् । तर पछिल्लो समयमा प्रस्तावनालाई संविधानको महत्वपूर्ण अंगको रुपमा लिन थालिएको छ । यसको महत्वलाई महशूस गरेर नै आवश्यक पर्दा संशोधन गरिनु पर्छ भन्ने मान्यता स्थापित हुँदैछ । भारतीय संविधानमा १९७६ मा ४२औं संशोधन गरी प्रस्तावनामा "सार्वभौम लोकतान्त्रिक गणतन्त्र" (Sovereign democratic republic) को सट्टा "सार्वभौम, समाजवादी, धर्मनिरपेक्ष, लोकतान्त्रिक गणतन्त्र" (Sovereign ,socialist, secular, democratic republic) र "राष्ट्रको एकता" (Unity of the nation) को सट्टा "राष्ट्रको एकता र अखण्डता" (Unity and integrity of the nation) भनी राखिएको पाइन्छ ।

## २.१.५. प्रस्तावनाको उद्देश्य र महत्व

- प्रस्तावनाको अध्ययनबाट संविधान जारी गर्ने वैधानिक अख्तियारी कसरी प्राप्त भएको रहेछ भन्ने बारे स्पष्ट हुन सकिन्छ । अमेरिकाको संविधानको प्रस्तावनामा "हामी संयुक्त राज्यका जनताहरु ....... संयुक्त राज्य अमेरिकाको लागि यो सविधान निर्माण गरी घोषणा गरेका छौं" (We the people of United States ....... ordain establish this constitution for the United States of America) भन्ने उल्लेख भएबाट अमेरिकी संविधान जारी गर्ने अख्तियारी जनताबाट प्राप्त भएको देखिन्छ । दक्षिण अफ्रिकाको संविधानको प्रस्तावनामा "हामी दक्षिण अफ्रिकाका जनता हाम्रा स्वतन्त्र रुपमा निर्वाचित प्रतिनिधिहरु मार्फत यो संविधान जारी गर्दछौं" (We the People of South Africa through our freely elected representatives adopt this constitution) भन्ने उल्लेख भएकोले जनताबाट निर्वाचित प्रतिनिधिहरुले जनताको नाउँमा संविधान निर्माण गरेको कुरा प्रष्ट हुन्छ । त्यसै गरी जापानको संविधानको प्रस्तावनामा "हामी जापानी जनता .......... घोषणा गर्छौं की सार्वभौमसत्ता जनतामा निहित छ र यो संविधान निर्माण गरी लागू गरेका छौं" (We, the Japanese people ........ do proclaim that sovereign power resides with the people and do firmly stablish this constitution) भन्ने उल्लेख भएबाट जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गरी संविधान जारी भएको कुरा बुझ्न सकिन्छ ।
- संविधान निर्माणका वेलाको तथ्य र अवस्था प्रस्तावनाको अध्ययनबाट जानकारी पाउन सकिन्छ ।
- संविधान किन निर्माण गर्नु पर्‍यो भन्ने विस्तृत विवरण प्रस्तावनामा उल्लेख नभएतापनि ती कुराहरुको प्रतिविम्व प्रस्तावनामा उल्लेख भएको हुन्छ ।
- संविधानको प्रस्तावनामा राज्यको राजनीतिक, आर्थिक र सामाजिक ढाँचा बारे उल्लेख गरिएको हुन्छ ।
- संविधानका क्रियाशील धारामा (enacting part) व्यवस्थित नगरिदासम्म प्रस्तावनाबाट मात्रै कसैको अधिकार वा दायित्वको सिर्जना हुदैन र यो आफैमा क्रियाशील भागको रुपमा रहदैन ।
- प्रस्तावनामा संविधानले अङ्गिकार गरेका मूल्यहरु (values) का वारेमा चर्चा गरिएको हुन्छ र यिनीहरु समग्र संविधानको कार्यान्वयनका लागि मार्गदर्शकका रुपमा रहन्छन् ।
- संविधानको दर्शनलाई प्रस्तावनाले अभिव्यक्त गरेको हुन्छ । त्यसैले संविधानका कुनै धारा अस्पष्ट र द्विविधाजनक (unclear, confusing or ambigious) भएको अवस्थामा सो को व्याख्याको लागि अदालतले प्रस्तावनाको सहारा लिने गर्दछ । यो संविधान निर्माताको मनसाय पत्ता लगाउने माध्यमको रुपमा रहन्छ । संविधानका आदर्श र आकांक्षाहरु प्रस्तावनामा उल्लेख भएका हुन्छन् भन्ने ठानिन्छ । साथै संविधानका धारामा उल्लेख भएका कुराहरु अस्पष्ट वा संदिग्ध नभएसम्म जे जस्तो रुपमा उल्लेख भएका छन, सोही अनुरुप लागू हुन्छन् भनी व्याख्या गरिन्छ ।
- द्वन्द्वोत्तर समाजमा निर्मित संविधानको प्रस्तावनाले विगतका अन्याय, अत्याचार, असमानता, भेदभाव तथा जनताले भोगेका दुःख र शास्तीको स्मरण गर्दै जनताले चालेका पाइलाहरु र गरेका योगदान बारे चर्चा गर्ने गरिन्छ । यसले संविधान निर्माण पश्चात् विगतका त्यस्ता पीडा नदोहोरिने कुरा सुनिश्चित गर्दछ ।

## २.१.६. प्रस्तावनामा समेट्नु पर्ने मुख्य-मुख्य विषयहरु

प्रस्तावना समग्र संविधानको सार र भावना भएको हुदा यसमा के कस्तो भाषाको प्रयोग गर्नु पर्दछ भन्ने कुरा संविधानको प्रकृति र यसमा समावेश गरिने विषयवस्तुमा निर्भर रहन्छ । समग्र संविधानको मजवुनको रुपमा प्रस्तावना रहने हुँदा यो अत्यन्त वजनदार हुनु पर्दछ । संविधान निर्माण गर्नुको खास कारण, प्रेरक घटनाक्रम, संविधान निर्माण गर्ने क्रममा अवलम्वन गरिएको प्रकृया, संविधानले आत्मसात गर्ने मूल्य, मान्यता र आधारभूत सिद्धान्तहरु, निर्माणको प्रकृया र जारी गर्ने अख्तियारीका बारेमा प्रस्तावनामा उल्लेख गर्ने चलन छ । यसको अलावा संविधानको माध्यमबाट देशले आत्मसात गर्न खोजेको राजनीतिक प्रणालीको साथ साथै के कस्तो सामाजिक वा राजनीतिक परिस्थितिका बीच संविधान निर्माण गरिएको हो भन्ने कुरा पनि प्रस्तावनामा खुलाउनु आवश्यक छ ।

संविधानको आधारभूत संरचनालाई प्रस्तावनामा नै समावेश गर्ने वा नगर्ने भन्ने बारेमा स्पष्ट हुनु जरुरी छ । जस्तो नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा मानव अधिकारको संरक्षण, वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, वहुदलीय प्रजातन्त्र, स्वतन्त्र न्यायपालिका, कानूनी राज्यको अवधारणा आदि जस्ता कुराहरुलाई संविधानको प्रस्तावनामा राखिएको थियो । यी कुराहरुलाई व्यक्त (Express) रुपमा संविधानका आधारभूत संरचना हुन् नभनिएको भएतापनि अव्यक्त (Implied) रुपमा यिनीहरुलाई आधारभूत संरचनाको रुपमा राखी यी भावनाको प्रतिकुल हुने गरी संविधान संशोधन समेत गर्न नपाउने व्यवस्था गरिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा पनि प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक

अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, र कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिवद्धता व्यक्त गरिएको छ ।
प्रस्तावना कस्तो हुनुपर्छ भन्ने बारेमा कुनै सर्वसम्मत ढाँचा नभए पनि अधिकांश संविधानका प्रस्तावनामा समेटिने विषयवस्तुहरु समान प्रकृतिका देखिन्छन । प्रस्तावनामा मुख्यतया निम्न कुराहरु समावेश गरिएको हुन्छ :-

- संविधान जारी गर्नु पर्ने कारण,
- संविधान जारी गर्ने अख्तियारी वा श्रोत,
- कसले, कहिले र किन संविधान निर्माण गरेको हो भन्ने कुरा,
- संविधानले आत्मसात गरेको कानूनी प्रणालीको संक्षिप्त झलक,
- संविधानले आत्मसात गरेका मूल्य र मान्यताहरु,
- जनताको आकांक्षा वा चाहना र राष्ट्रिय एकता कायम राख्ने कुरा,
- विगतको पीडा, वर्तमानको आकांक्षा र भविष्यको लक्ष्य,
- राज्यको स्वभाव वा चरित्र,
- जनताप्रतिको निष्ठा र वर्तमान राजनीतिक प्रणालीको प्राप्तिमा जनताहरुले पुऱ्याएको योगदानको कदर आदि ।

### २.१.७. विश्वका केही संविधानमा रहेका प्रस्तावनाको तुलनात्मक अध्ययन

कुनैपनि देशको संविधान के कस्तो ऐतिहासिक र राजनीतिक पृष्ठभूमिका सन्दर्भमा जारी भएको हो सोही आधारमा यसको ढाँचा निर्माण गरिएको हुन्छ । प्रस्तावनामा उल्लेख हुने विषयवस्तु समेत सोही मुताविक तय गरिएको हुन्छ । सदैव स्वतन्त्र रहेका राष्ट्रहरुमा संविधान जारी गर्ने अख्तियारीको वैधताको सम्वन्धमा खासै विवाद नरहने हुँदा त्यस्ता संविधानमा पुरानो राजनीतिक संस्थाहरुको प्रतिस्थापन गर्ने वा त्यस्ता शक्तिको संरचना परिवर्तन गर्ने कुरा महत्वपूर्ण रहेको हुन्छ । कतिपय देशहरुले स्वतन्त्र राष्ट्रको रुपमा स्थापित भएर संविधान निर्माण गरेका हुन्छन् र त्यस्ता देशहरुले आफैले आफ्ना लागि संविधान जारी गरेको विषयवस्तुलाई महत्वका साथ संविधानमा उल्लेख गरेको देखिन्छ । यसका साथै अन्य कतिपय देशहरुमा विगतका शासकहरुका उत्पीडन र पीडावाट मुक्तिका लागि गरिएको आन्दोलन सफल भएपछि जारी हुने संविधानमा सोही वमोजिम सो उत्पीडनका विरुद्धको सफल संघर्षका बारेमा प्रस्तावनामा उल्लेख गरेको पाइन्छ । क्रान्तिकारी आन्दोलन र जनविद्रोह सफल भई निर्माण भएको संविधानमा त्यस्ता क्रान्ति र सोको नेतृत्वकर्ताको योगदान वारे उल्लेख गरिएको हुन्छ । राजनीतिक विषयवस्तुका आधारमा विभिन्न देशको प्रस्तावनामा उल्लेख हुने विषयवस्तुहरु फरक-फरक हुनसक्ने भएतापनि सामाजिक एंव मानवीय मूल्य र मान्यताका सन्दर्भमा कुनैपनि राष्ट्रले संविधानका माध्यमबाट व्यक्त गर्ने प्रतिबद्धतामा खासै ठूलो भिन्नता भने रहेको पाईदैन ।

विभिन्न देशका संविधानको प्रस्तावना अध्ययन गर्दा सामान्यतया लोकतन्त्रलाई आधार मानेर राष्ट्रिय अखण्डता र स्वाधिनताको रक्षा गर्ने, शान्ति, समृद्धि, प्रगति र स्थायित्वलाई नियमितता प्रदान गर्ने, नागरिकका मौलिक अधिकारको संरक्षणको प्रत्याभूति दिने र न्यायपूर्ण समाजको स्थापना गर्ने जस्ता कुराहरु समानरुपमा उल्लेख गरिएको पाइन्छ । पश्चिमी उदारवादी लोकतान्त्रिक देशका संविधानहरु, साम्यवादी देशका संविधानहरु, उपनिवेशबाट मुक्त भएका राष्ट्रले जारी गरेका संविधानहरु, क्रिश्चियन वा इस्लाम धर्मबाट प्रभावित भएका देशहरुले जारी गरेका संविधानहरुमा प्रस्तावनामा भिन्नता पाइन्छ । उदारवादी प्रजातान्त्रिक संविधानमा वैयक्तिक स्वतन्त्रतालाई जोड दिएको देखिन्छ । साम्यवादी मुलुकहरुले जारी गरेका संविधानमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभूतिमा वढ्ता जोड दिई समाजका उपेक्षित र उत्पीडित वर्गको संरक्षणमा विशेष जोड दिइएको पाइन्छ । नवोदित र साना राष्ट्रले मुलुकको राष्ट्रिय अखण्डतामा बढ्ता जोड दिएको पाइन्छ । केही देशका संविधानको प्रस्तावनामा इश्वरमाथि आस्था प्रकट गरेको देखिन्छ । मुस्लिम कानून अन्तर्गत वनाइएका संविधानमा अल्लाहमाथि निष्ठा प्रकट गरेको देखिन्छ । अफ्रिकी मुलुकका संविधान, जस्तोः दक्षिण अफ्रिकाको संविधानमा रंगभेद र वर्णभेद सदाका लागि अन्त गर्ने प्रतिबद्धता व्यक्त गरिएको पाइन्छ ।

**जापान**को संविधानको प्रस्तावनाले दोश्रो विश्वयुद्धताकाको चोट र पीडालाई प्रस्तावनामा स्मरण गरेको र शान्तिको लागि वकालत गरेको छ ।

**संयुक्त राज्य अमेरिका**को संविधानमा "हामी जनता" (We the people) जस्ता शब्द प्रयोग गरी जनतामा नै राजकीयसत्ता रहेको कुरा उल्लेख गरेको पाइन्छ । साथै संघात्मकताको वकालत गर्दै "संवृद्ध संघ निर्माण गर्न" (To make perfect Union) भनी संविधान निर्माणको उद्देश्यलाई घोषणा गरेको छ ।

**दक्षिण अफ्रिका**को संविधानमा विगतमा भोग्नु परेको अन्यायको पीडालाई स्मरण गरिएको र सो तथ्यलाई आत्मसात गरिएको छ । त्यसमा त्यो अन्यायको कारणबाट पीडितहरु, जसले राष्ट्र निर्माण र विकासको लागि कार्य गरे तिनीहरुलाई सम्मान व्यक्त गरेको एवं एकतावद्ध र प्रजातान्त्रिक दक्षिण अफ्रिकाको पक्षमा अभिमत व्यक्त गरेको देखिन्छ ।

**कम्बोडिया**को १९९३ को संविधानको प्रस्तावनाले विगतमा देश र जनताले भोग्नु परेको पीडा र नोक्सानीलाई स्मरण गर्दै राष्ट्रिय एकता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई मजवुत तुल्याई मुलुकलाई 'शान्तिक्षेत्र' (Island of Peace) को रुपमा स्थापना गर्ने उल्लेख छ ।

**स्वीस महासंघ**को संविधानमा स्वतन्त्रता र शान्तिको कुरा उल्लेख गर्दै, विविधतामा एकता कायम गर्दै एकले अर्कोलाई सम्मान गर्ने कुरालाई जोडदिएको पाइन्छ ।

**जर्मनी**को संविधानमा जर्मन नागरिकमा निहित 'संविधान निर्माणको अधिकार' (constituent power) को प्रयोग गरी संविधान जारी गरिएको कुरा उल्लेख छ ।

**भारत**को संविधानमा मुलुकको स्वतन्त्रताको पक्षमा वकालत गर्दै मुलुकलाई धर्म निरपेक्ष लोकतान्त्रिक मुलुकको रुपमा प्रस्तुत गरेको पाइन्छ ।

**इरान**को संविधानमा इस्लामिक सिद्धान्तका आदर्शमा आधारित संविधान भनेर उल्लेख गरिएको छ। अन्य मुलुकको संविधानको प्रस्तावनाको तुलनामा ज्यादै लामो उक्त प्रस्तावनामा अत्याचारी शासन विरुद्धको जनआन्दोलनमा सहयोग गर्नेहरुको प्रंशसा गरिएको छ ।

**फ्रान्स**को संविधानको प्रस्तावनामा मानव अधिकार तथा राष्ट्रिय सार्वभौमसत्ताको सिद्धान्तप्रति प्रतिवद्धता व्यक्त गरिएको छ। जनतामा 'आत्मनिर्णयको अधिकार' (Self determination) रहेको कुरा समेत प्रस्तावनामा उल्लेख भएको छ ।

**चीन**को संविधानको प्रस्तावनामा जनताले संयुक्त रुपमा सृजना गरेको प्रभावशाली संस्कृति र गौरवशाली क्रान्तिकारीपनको मुक्त कण्ठले प्रशंसा गरिएको छ । जनताले देशको स्वतन्त्रता, मुक्ति र प्रजातन्त्रका लागि गरेको आन्दोलनको चर्चा गर्दै मानवले मानव उपर गर्ने शोषणको अन्त्यको घोषणा गरिएको छ ।

**समाजवादी गणतन्त्र क्यूवा**को संविधानको प्रस्तावनामा जनताको पूर्ण राष्ट्रिय स्वाधीनता दीगो राख्ने, क्रान्तिकारी सत्ता स्थापना गर्ने, प्रजातान्त्रिक परिवर्तन गर्ने, समाजवादको निर्माण शुरु गर्ने तथा कम्युनिष्ट पार्टीको अगुवाईमा साम्यवादी समाजको निर्माणको अन्तिम उद्देश्यलाई निरन्तरता दिने कुरा उल्लेख गर्दै साम्यवाद र समाजवादमा मात्रै दासत्व, वन्धकी जस्ता शोषणका रुपबाट मुक्ति पाउन सकिन्छ भन्ने कुराप्रति सचेत रहने कुरा उल्लेख छ ।

**इथियोपिया**को संविधानको प्रस्तावनामा 'हामी इथियोपियाका जनता, राष्ट्रहरु र जनजातीहरु' (We the nations, nationalities and Peoples of Ethopia .......) भन्ने वाक्यांशबाट शुरु गरी 'आत्मनिर्णयको अधिकार' (Right to self-determination) को प्रयोग गरी आफ्नो लागि आफ्नै इच्छाअनुसार एउटा 'राजनीतिक समुदाय' (Political community) को निर्माण गर्न प्रतिवद्ध रहने कुरा उल्लेख गरिएको छ । यो उनीहरुको साझा सहमति र कानूनको शासनमा आधारित हुनेछ र जसबाट अनन्त शान्ति, लोकतन्त्र एवं इथियोपियाको आर्थिक र सामाजिक विकास हुनेछ भन्ने उल्लेख भएको पाइन्छ । साथै नागरिकको मौलिक हक अधिकारहरुप्रति सम्मान व्यक्त गर्दै विभिन्न संस्कृति र धर्महरुको विकासका माध्यमबाट उल्लेखित उद्देश्य प्राप्ति गर्न सकिने कुरामा सहमति जनाएको देखिन्छ ।

हाम्रो सन्दर्भमा चर्चा गर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा २०४६ सालको जनआन्दोलनको भावनालाई सम्मान गरेको कुरा उल्लेख गरिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा जनताले २००७ साल पहिलेदेखि हालसम्म गर्दै आएका जनआन्दोलन र ऐतिहासिक संघर्ष मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनको पक्षमा प्रकट गरेको जनादेशको सम्मान गरिएको छ । त्यस्तैगरी प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति

प्रतिवद्धता व्यक्त गरिएको छ । यसका साथै प्रस्तावनामा देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई उच्च महत्वका साथ स्थान दिइएको छ ।

## २.१.८. नेपालका हाल सम्मका संविधानहरुमा रहेका प्रस्तावनाहरुको तुलनात्मक अवस्था

### नेपाल सरकार वैधानिक कानून, २००४

**प्रस्तावना**
आगे नेपालभर मुलुकका भाई-भारदार, साहू-महाजन रैयत दुनियाँ गैह्रके यथोचित ।
उप्रान्त सम्वत् १९०३ सालदेखि श्री ५ महाराजाधिराजहरुबाट समय-समयमा पाला-पालाका श्री ३ महाराजहरुलाई बक्सेको भर मुलुकको शासन सम्बन्धी अख्त्यारको पंजापत्रबमोजिम हामीबाट मुलुकको हाल हुकुमपाई काम चलाई आउएकोमा श्री पशुपतिनाथ सुरक्षित यो पुण्य भूमि नेपाललाई सामाजिक, आर्थिक, राजनीतिक सबै सुधारद्वारा संसारका अग्रगामी राष्ट्रहरुको उन्नतिको दाँजोमा पुऱ्याउने हाम्रो गाढा इच्छा भएको हुनाले,
र परम्परादेखि चलिआएको आफ्नो संस्कृतिको अनुकूल पञ्चायत प्रणाली र अरु सोही प्रकारका संस्थाको पुनरुत्थानद्वारा हाम्रा प्यारा प्रजालाई राज्य प्रणालीको हरएक अङ्गमा झन-झन वढि मात्रामा सम्मिलित गराई मुलुक र दुनियाँको उत्तरोत्तर बृद्धि गराउने हाम्रो इदमित्थम् नीति भएकोले,
र यस किसिमको बृद्धि क्रमशः यथा समयमा मात्र हुन सक्ने औ नयाँ अख्तियारी अनुसार काम गर्नेहरुको सहयोग र नयाँ अविभार चलाईएको कुशलताबाट थप अधिकारको निर्णय हुनुपर्ने भएकोले,
र हामीबाट यस कुरामा तुरुन्त कदम उठाइबक्सने बखत आयो भन्ने ठहराई बक्सेकोले,...

यस नेपाल राज्यको सिंहासनारुढ होइबक्सेको छत्तिसौ वर्षमा हामी श्री ३ महाराज... प्राइममिनिष्टर सुप्रीम कमाण्डर यनचीफबाट यो नयाँ विधान ऐन जारी बक्सेको छ ।

### नेपाल अन्तरिम शासन विधान, २००७

**प्रस्तावना**
श्री ५ महाराजाधिराजबाट सम्वत् २००७ साल फाल्गुन ७ गतेको घोषणाद्वारा अबदेखि हाम्रा प्रजाको शासन उनीहरु आफैले रोजेको विधान परिषदले बनाएको प्रजातन्त्रात्मक विधानअनुसार हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प प्रकट गरीबक्सेको
र उक्त विधान तयार नभएसम्म मौसुफलाई शासनकाममा सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल स्थापित हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प त्यही घोषणाद्वारा प्रकट गरीबक्सेको
र उपर्युक्त घोषणाद्वारा मौसुफका कार्यसम्पादन गर्नामा मौसुफलाई सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल निर्मित तथा नियुक्त गरिबक्सेको,
र यस अन्तरकालीन समयमा अन्तरिम सरकारले एककुनै विधान र निश्चित नियम र सिध्दान्तबमोजिम काम गर्नुपर्ने आवश्यकसमेत हुनाले,
श्री ५ महाराजाधिराजबाट आफ्ना मन्त्रिमण्डलको सल्लाहअनुसार निम्नलिखित ऐन मञ्जुर गरी जारी गरिबक्सेको छ ।

### नेपाल अधिराज्यको संविधान, २०१५

**प्रस्तावना**
आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्वी सुप्रसिद्ध श्री ५ बडामहाराजा पृथ्वीनारायण शायका वंशज परम पूज्य राष्ट्पिता श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवबाट प्यारा प्रजाको अधिकार र हितको निमित्त एक महान क्रान्तिको नेतृत्व गरिबक्सी संसारको इतिहासमा अमर होइबक्सेको मौसुफ बुबाज्यूबाट नेपालमा प्रजातन्त्र फलाउन प्रजाहरुलाई मौलिक हक प्रदान गर्न उत्कट अभिलाषा राखिबक्सेकोले, र
प्रजालाई सर्वतोन्मुख प्रगति गर्न तथा आफ्नो व्यक्तित्वको उच्चतम् विकास गर्न समर्थ तुल्याउन र सदा प्रजाको इच्छाको कदर गरी चल्ने एक कुशल तथा संवैधानिक राजतन्त्रात्मक ढंगको सरकारको व्यवस्थाबाट राजनीतिक स्थिरता ल्याई राजनीतिक, सामाजिक र आर्थिक न्याय तथा राष्ट्रको एकता कायम गर्न हामीबाट पनि दृढ संकल्प गरिबक्सेकोले
सार्वभौमसत्ता सम्पन्न नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्न वाञ्छनीय भएकोले हाम्रा महान तथा आदरणीय पूर्वजहरुका पालादेखि नै चलिआएको हाम्रा मुलुकको परम्परा र प्रथा अनुसार हामीमा नै निहित रहेको यस नेपाल अधिराज्यको राजकीयसत्ता र अन्तर्निहित शाही विशेषाधिकार प्रयोग गरीबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान नामक यो मूल कानून बनाई जारी गरिबक्सेका छौं ।

**नेपालको संविधान, २०१९**

**प्रस्तावना**

नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएको र त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो, तलै देखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने दलविहिन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र सम्भव छ भन्ने हाम्रो दृढ विश्वास भएको; र

प्यारा प्रजाको सुख र समृद्धि नै सदैव हाम्रो एकमात्र लक्ष्य भई सो लक्ष्य प्राप्त गर्नको लागि हामीबाट दृढ संकल्प गरिबक्सेकोले

नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्नु वाञ्छनीय हुंदा हाम्रा महान् तथा आदरणीय पूर्वजहरुका पालादेखि नै चलिआएको हाम्रा मुलुकको संवैधानिक कानून रीत र परम्परा अनुसार हामीमा अन्तर्निहित राजकीयसत्ता र विशेषाधिकार प्रयोग गरिबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट यो संविधान बनाई जारी गरिबक्सेका छौ ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

**प्रस्तावना**

स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गम गरी लोकसम्मति अनुकूल शासन व्यवस्था सञ्चालन गर्ने सङ्कल्प हामीबाट समय समयमा अभिव्यक्त गरिबक्सेको र नेपाली जनताले केही समयअघि भएको जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरुप नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्धेश्यबाट अभिप्रेरित भई;

प्रत्येक नेपाली नागरिकको आधारभुत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका वीच भ्रातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट बनाइएको यस संविधानलाई घोषित गरी लागू गर्न वाञ्छनीय भएकोले;

नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भई आएको राजकीयसत्ताको प्रयोग गरीबक्सी मन्त्रिपरिषदको सल्लाह र सम्मति अनुसार हामी श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधानको घोषणा गरी लागू गरिबक्सेका छौं ।

**नेपालको अन्तरिम संविधान, २०६३**

**प्रस्तावना**

हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता,

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प गर्दै,

प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिवद्धता व्यक्त गर्दै,

नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधान सभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै,

आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्न संविधान सभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं ।

## २.१.९. भावी संविधानको प्रस्तावनालाई मार्गदर्शन गर्न सक्ने केही दस्तावेजमा रहेका प्रस्तावनामा अन्तरनिहित बुँदाहरु

### २.१.९.१ प्रतिनिधि सभाको घोषणा - जेठ ४ , २०६३

"... मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकता सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारी आत्मसात गर्दै राज्यशक्तिको श्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीयसत्ता नेपाली जनता मै निहित रहेको तथ्य हृदयङ्गम गर्दै" भन्ने उल्लेख भएको छ ।

### २.१.९.२ नेपाल सरकार र विभिन्न पक्षहरुबीच सम्पन्न भएका सम्झौता :

**नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच मिति २०६३।८।५ मा भएको विस्तृत शान्ति संझौताः-**
नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटपटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्ने ।

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्ने,

प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकार सम्वन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहने ।

लोकतन्त्र, शान्ति, संम्वृद्धि, अग्रगामी आर्थिक सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्ने ।

**नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच मिति २०६३।२।१२ मा सम्पन्न भएको युद्ध विराम आचार संहिता :-**
मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ तथा अर्न्तराष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताप्रति प्रतिवद्ध रहने,

प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता,

लोकतन्त्र, शान्ति, समृद्धि अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्ने ।

**सात दल र ने.क.पा.(माओवादी) का शिर्ष नेताहरुको मिति २०६३ कार्तिक २२ गतेको बैठकको निर्णय** :-
नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्ने ।

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरुलाई समाधान गर्दै राज्यको अग्रगामी पुनर्संरचना गर्ने ।

प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रतिको पूर्ण प्रतिवद्धता ।

लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्ने ।

**अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम** :-
नेपाली जनताले हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनको दिशा निर्देशलाई आत्मसात गर्दै,

राष्ट्रिय स्वतन्त्रता, क्षेत्रीय अखण्डता, स्वाधीनता, स्वाभिमान र हितको संरक्षणमा प्रतिवद्ध रहने,

समावेशी वहुदलीय लोकतान्त्रिक शासन प्रणाली, संघात्मक संरचना, मानव अधिकार, सामाजिक न्याय, अग्रगमन, दीगो शान्ति जस्ता लोकतान्त्रिक मूल्य र मान्यताहरुप्रति जोड ।

**सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चावीच मिति २०६४।११।१८ मा सम्पन्न सहमति** :-
देशमा हाल चालु रहेको लिम्बूवान, खुम्वुवान, ताम्सालिङ्ग, थारुहट, दलित, महिला लगायत जनताको आन्दोलनको भावनालाई हृदयङ्गम गर्ने ।

मुलुकमा २३९ वर्षदेखि आदिवासी, जनजाति, मधेशी, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका जनताका भावना विपरित सामन्तवादी केन्द्रिकृत राज्यका कारण उत्पन्न विभेदका सवै रुपलाई अन्त्य गर्ने ।

समानुपातिक, समावेशी लोकतन्त्र तथा स्वशासित स्वायत्त गणराज्य सहितको संघीय शासन प्रणाली अनुसार राज्यलाई नयाँ संरचना गर्ने ।

**सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बूवान राज्य परिषद्‌वीच मिति २०६४।१२।६ मा सम्पन्न सहमति**:-
लिम्बूवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्वोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण राख्दै संविधानसभाबाट राज्य पुनर्संरचना गर्दा लिम्बूवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरुको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्वन गर्ने ।

**नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालवीच मिति २०६४।५।१३ मा भएको सम्झौता** :-
मुलुकमा लामो समयदेखि मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरुद्ध केन्द्रिकृत र एकात्मक राज्यद्वारा गरिदै आएको विभेदका सवै रुपहरुलाई अन्त्य गर्नका निम्ति र समावेशी लोकतन्त्र तथा संघीय ढाँचामा राज्यलाई पुन:संरचना गर्ने ।

मधेशी लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित भएर अघि वढ्ने वातावरण वनाउने ।
राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्ततायुक्त प्रदेशहरु सहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने ।

**नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समितिवीच २०६४ श्रावण ३२ मा भएको सम्झौता** :-
नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरि राख्ने,

राज्य सञ्चालनका सवै अङ्ग र तहहरुमा आदिवासी जनजातिहरु लगायतका सवै लिङ्ग, वर्ग, क्षेत्र, र समुदायको समावेशी समानुपातिक प्रतिनिधित्व हुनु पर्ने ।

**नेपाल सरकार र चुरे भावर एकता समाज, नेपालवीच मिति २०६४ साल आश्विन २८ मा सम्पन्न भएको सहमति** :-
राज्यको पुनर्संरचना गर्दा नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ हुने गरी संविधान सभाले निर्धारण गरे वमोजिम स्वायत्ततायुक्त संघीय शासन प्रणाली कायम गर्ने ।

तराई, मधेश, पहाड, हिमाल, सबै क्षेत्रका जनतालाई आपसी सद्भाव खलवलिन नदिन र आपसी समझदारी विकसित गराई राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ गराउन सबै पक्ष कृयाशील रहने ।

**नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चावीच मिति २०६४ फाल्गुण १६ मा सम्पन्न सम्झौता :-**

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एंव आकांक्षालाई सम्मान गर्ने,

मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनुका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्ने ।

नेपालको सार्वभौमसत्ता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरुको संरचना, केन्द्र र प्रदेशका सूचीहरुको पूर्ण विवरण र अधिकारको वाँडफाँड संविधानसभाबाट निर्धारण गरिने ।

**२.१.१०. भावी संविधानको प्रस्तावना लेख्दा ध्यान दिनुपर्ने कुराहरु :**

**प्रस्तावना लेख्दा ध्यान दिनु पर्ने सामान्य कुराहरु**

- संविधानको प्रस्तावना लेख्दा स्पस्ट, सरल र सकेसम्म संक्षेपमा लेख्नु उपयुक्त हुन्छ । प्रस्तावनामा अनावश्यक शब्दहरुको प्रयोग गरियो भने सर्वसाधारण जनताको लागि वोधगम्य नहुने र पछि संविधानको व्याख्या गर्दा प्रतिकूल असर पार्न सक्छ ।
- द्विविधायुक्त र वहुअर्थ लाग्ने कुराहरु प्रस्तावनामा लेख्नु हुदैन । यसो भयो भने संविधानको कार्यान्वयनमा समेत बाधा पुग्न सक्दछ । किनकि संविधानका धाराहरुबाट मात्र संविधानको मनसाय प्रस्ट हुन सकेन भने अदालतले सो धाराको व्याख्या गर्दा प्रस्तावनाको सहारा लिन सक्दछ ।
- संविधानको प्रस्तावनामा संविधान निर्माणको श्रोत, कारण र राज्य सञ्चालनका विभिन्न संयन्त्रहरुको बारेमा संक्षिप्त रुपमा उल्लेख गर्नु पर्दछ । यसका साथै देशमा के कस्तो राजनीतिक प्रणाली रहने हो सो समेत प्रस्तावनामा ईगित हुनु पर्दछ ।
- प्रस्तावनामा उल्लिखित प्रावधानबाट नै कसैको हक अधिकार वा दायित्वको सृजना नहुने भएतापनि प्रस्तावनामा व्यक्त गरिएका कुराहरु संविधानको एउटा कानूनी तथ्यको रुपमा रहन्छन । यस्ता कुराको कानूनी महत्व रहन्छ र उपयुक्त अवसरमा ती तथ्यहरुको आधारमा कानूनी र राजनीतिक मुद्दाहरुको टुङ्गो लगाउनु पर्ने हुन्छ । उदाहरणको लागि संविधान जारी हुँदाको प्रकृयाको वारेमा प्रस्तावनामा उल्लेख गरिएको रहेछ भने यो एउटा कानूनी तथ्यको रुपमा रहेको हुन्छ ।
- यो संविधान जनताको तर्फबाट संविधानसभाले बनाएर जारी गरेको छ, भन्ने खालका शब्दहरु लेख्नु उपयुक्त हुन्छ, किनकि जनताले सिधै बनाउने र जनताका प्रतिनिधिले बनाउने भन्ने कुरा फरक कुरा हो ।
- हामी नयाँ र भरखर स्वतन्त्र भएको राष्ट्रको हैसियतमा संविधान लेखिरहेका छैनौं, बरु सयौं वर्षदेखि कायम रहेको एकात्मक र केन्द्रिकृत राज्य व्यवस्थालाई रुपान्तरण गर्दै नयाँ राजनीतिक परिवेशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको संविधान निर्माण गर्न गइरहेका छौं । अतः यो ऐतिहासिक प्रसंग प्रस्तावनामा उल्लेख गर्नु उपयुक्त हुन्छ ।

**भावी संविधानको प्रस्तावनाका केही अन्तरवस्तुहरु**

- नेपाल ऐतिहासिक कालदेखि नै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राज्य रहेको तथ्य हाम्रो लागि गौरवको विषय भएकोले सो कुरा प्रस्तावनामा उल्लेख गर्नु उपयुक्त हुन्छ ।
- नेपालको राजनीतिक इतिहासमा अत्यन्तै ठूलो परिवर्तन भएको छ । नेपाली जनताले इतिहासका कालखण्डहरुमा विभिन्न ऐतिहासिक सशस्त्र संघर्ष र शान्तिपूर्ण जनआन्दोलन, मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनहरु सम्पन्न गरेका छन । तत्कालीन सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी माओवादीबीच भएको १२ बुँदे सम्झौताका साथै नेपाल सरकार र विभिन्न संघ, संस्था, समूह र दलहरुबीच भएका सम्झौताका पृष्ठभूमिमा संविधानसभाको निर्वाचन सम्पन्न भै संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको विधिवत उन्मूलन भईसकेको छ । बि.सं. २००७ साल देखि आफ्ना लागि आफैले संविधान निर्माण गर्ने नेपाली जनताको चाहनालाई मूर्त रुप दिनका लागि वर्तमान संविधान निर्माण हुने हुंदा जनताले यो प्रकृयाको सर्न्दभमा गरेको महान र ऐतिहासिक संघर्ष र वलिदानको स्मरण गर्नु पर्छ ।

- देश एकात्मक राज्यव्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्धतिमा प्रवेश गरिसकेको र सो कुरा राजनीतिक रुपले यो देशको लागि अत्यन्तै महत्वपूर्ण भएकोले नेपाल सार्वभौमसत्ता सम्पन्न, अखण्ड, स्वाधीन, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ भन्ने उल्लेख गर्नु उपयुक्त हुन्छ ।
- नेपालको विविधतालाई सम्मान गर्दै र लामो समयदेखि राज्यव्यवस्थाबाट उपेक्षित, शोषित र पीडित बिभिन्न वर्ग, लिङ्ग, क्षेत्र र जात जातिका जनताको उत्थान र बिकासका लागि हाम्रो देश प्रतिवद्ध र क्रियाशील छ भन्ने कुराको प्रत्याभूति दिने कुरा प्रस्तवानामा उल्लेख हुनुपर्दछ ।
- देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र नेपाली हुनुको स्वाभिमानको रक्षा गर्ने गरी राष्ट्रिय एकताको जगेर्ना गर्ने कुरा प्रस्तावनामा उल्लेख गर्नु पर्दछ ।
- सबै लिङ्ग, वर्ग, समुदाय र क्षेत्रका जनतालाई राजनीतिक, आर्थिक र सामाजिक न्याय उपलब्ध गराई आधारभूत मानव अधिकार सुनिश्चित गरिने कुरा उल्लेख गर्नु पर्छ ।
- जनताको प्रतिष्पर्धात्मक वहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपीलिका तथा कानूनी राज्यको अवधारणा लगायतका मूल्य मान्यताहरु लोकतान्त्रिक शासन व्यवस्थाका लागि नभई नहुने पूर्व शर्तहरु भएकाले शासन व्यवस्था सञ्चालनमा यी विषयप्रति प्रस्तावनामा निष्ठा र प्रतिवद्धता रहने कुरा उल्लेख गर्दै समाजवादको आधार निर्माण गर्न प्रतिबद्धता जनाउनु उपयुक्त हुन्छ ।
- प्रस्तावनामा नेपाल वर्गीय जातीय, क्षेत्रीय, भाषिक धार्मिक लैङ्गिक र वर्णव्यवस्थाजन्य जातपात र छुवाछूत लगायतका सबै खाले विभेदमुक्त राज्य हो भनी उद्घोष गर्नु राम्रो हुन्छ ।
- समानता र सामाजिक न्यायमा आधारित शासन प्रणाली अवलम्वन गरिने प्रसङ्ग उल्लेख गर्नु पर्छ ।
- नेपाली जनताले समान्तवादका सबै खालका अवशेषहरुको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति समृद्धि र विकासको आकांक्षा पूरा गर्ने उद्धेश्यले संविधानसभामार्फत यो संविधान निर्माण गरी जारी गरेको घोषणात्मक व्यहोरा उल्लेख गर्नु आवश्यक छ ।

## २.२ संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु

### २.२.१. सवैधानिक सर्वोच्चताको प्रत्याभूति

#### २.२.१.१. विषय परिचय

आधुनिक संविधानवादको सिद्धान्त अनुसार संविधानलाई मूल कानून (Fundamental Law of the Land) मानिन्छ । यसको मुख्य कारण के हो भने देशको सम्प्रभु शक्तिबाट संविधानको निर्माण भएको हुन्छ । यसले सरकारका अंगहरुको रुपरेखा र मुख्य मुख्य कार्यहरु, तीनको अधिकारको सीमा निर्धारण गरेको हुन्छ । संविधानले नै राज्य सञ्चालनका लागि आवश्यक पर्ने सिद्धान्तहरुको घोषणा गर्दछ । यसर्थ संविधानलाई सरकारको एउटा वडापत्र (Charter) को रुपमा लिइएको हुन्छ । जस अनुसार सरकारले आफ्ना सम्पूर्ण अधिकारहरु सार्वभौम जनताबाट प्राप्त गरेको हुन्छ । संविधान जनताको अधिकार प्रत्याभूति गर्ने एउटा महत्वपूर्ण दस्तावेज पनि हो । शासकको अधिकार क्षेत्र र जनताका अधिकारबीच समन्वय स्थापित गर्ने काम पनि संविधानवाटै हुन्छ । देशमा संविधान भन्दा माथी कुनै पनि कानून रहदैन । संविधान जारी भएपछि संविधान संग बाझिने गरी कुनै कानून वनाइदैन र यदि वनाइएमा पनि त्यस्ता कानूनहरु वाझिएको हदसम्म स्वतः निस्कृय हुन्छन् । (All laws inconsistent with the constitution shall, to the extent of such inconsistency, be null and void) सीमित सरकार (Limited government) को मान्यताको आधारमा संविधानलाई सर्वोच्च कानूनको रुपमा स्वीकार गरिएको हुन्छ । सरकारका अंगहरु संविधानले प्रदान गरेको वैधानिक अख्तियारी अन्तर्गत गठन गरिएका हुन्छन् । तसर्थ यिनीहरुले संविधानले दिएको अधिकार मात्र प्रयोग गर्न पाउँछन् । सरकारले त्यसको अवज्ञा गरेमा वा प्राप्त अख्तियारी बाहिर गई कार्य गरेमा त्यस्ता कार्यहरुको वैधता रहदैन । संविधान पछि वने पनि सबै भन्दा जेठो कानूनको रुपमा रहन्छ । संविधानले नै कानून निर्माण गर्ने अंग विधायिका लगायत देशका सबै संरचना सिर्जना गरेको मानिन्छ । संविधानलाई मूल कानूनको स्थान दिनुको अर्थ संविधानको सर्वोच्चतालाई स्वीकार गर्नु हो । प्रायः लिखित संविधानहरुमा यस्तो Supremacy clause राख्ने प्रचलन छ ।

सवैधानिक कानून अन्य कानून (statutory laws) भन्दा पृथक स्वभावको हुन्छ । यसले राजनैतिक सिद्धान्तको आधारमा विषयवस्तु तय गर्दछ जवकी अन्य कानुनहरु निश्चित विषयका सम्वन्धमा मात्र लागू हुन्छन । यसलाई व्यक्ति व्यक्ति बीच लागू हुने निजी कानूनको वर्गीकरण अन्तरगत नराखी सार्वजनिक कानूनको एउटा शाखाको रुपमा

मानिएको हुन्छ । यो व्यक्ति र सरकारवीच तथा सरकारका निकायहरुवीच लागू हुने कानून हो । संवैधानिक सर्वोच्चतालाई स्वीकार गर्नुको महत्वपुर्ण कारण यो हो कि संविधानले सरकारको मुख्य अंगहरुको ढाँचा किटान गर्ने, तिनीहरुको काम, कर्तव्य, अधिकार  निश्चित गर्ने, त्यस्ता अंगहरुको अन्तरसम्बन्धका बारेमा उल्लेख गर्ने, व्यक्तिगत स्वतन्त्रताको प्रत्याभूति गर्ने, संविधान संशोधनको प्रक्रियाबारे व्यवस्था गर्ने जस्ता महत्वपूर्ण कार्यहरु गर्दछ । संविधान सामान्य कानून जस्तो सजिलै परिवर्तन भई रहदैन । संविधानको व्याख्या मुलुकको सर्वोच्च न्यायलयबाट मात्र हुन्छ ।

राज्यको सर्वोच्च शक्तिवाट मात्र संविधान निर्माण हुन्छ र संविधानको वैधानिक अख्तियारी अन्तर्गत रही राज्य संञ्चालन गरिएको हुन्छ । अतः सरकारका कार्यहरुको बैधता (Legitimacy) संविधानको कसिमा जाँच गरिन्छ । केही संविधानहरुमा सबै नागरिकले संविधानको पालना गर्नु पर्ने (To uphold the constitution) र संविधान विपरित कार्य गर्न नपाउने (Not to act inconsistently with the constitution) भन्ने प्रावधान समेत राखिएको हुन्छ । संविधानमा यस प्रकारको Command obedience को व्यवस्था राख्नुको मूल आशय संविधान मूल कानून भएकोले यसको सर्वस्वीकार्यता र पवित्रता कायम गरी राख्नु नै हो ।

लिखित संविधान भएको मुलुकमा संविधानको सर्वोच्चतालाई कायम गर्नको लागि विधायिकी कार्यको संवैधानिकता जाँच गर्न सक्ने गरी न्यायिक पुनरावलोकनको अधिकार न्यायपालिकाको उच्चतम अदालतमा निहित रहनु पर्ने मानिन्छ । सोही अनुसार अमेरिका, भारत, नेपाल लगायतका मुलुकमा यसको अभ्यास गरी आइएको छ ।

### २.२.१.२. संवैधानिक सर्वोच्चताको सिद्धान्तको विधिशास्त्रीय आधार

प्रसिद्ध कानूनविद एवं कानूनको शासनको सिद्धान्तका प्रवर्तक A.V. Dicey ले कानूनको सर्वोच्चतालाई कानूनको शासनको एक अपरिहार्य पूर्व शर्तको रुपमा स्थापित गर्दै संविधान सबै सामान्य कानूनको परिणाम हुनुपर्ने अर्थमा यसलाई अर्थ्याएको पाइन्छ (An Introduction to the Study of the Law of the Constitution ,9th ed., (1838), Ch. IV

विधिशास्त्रको आधुनिक प्रत्यक्षवादी मतका व्याख्याता (Modern Positivist) Professor H.L.A. Hart ले प्रत्येक कानूनले एउटा कानून प्रणाली स्थापित गर्ने धारणा व्यक्त गर्दै कानून प्रणाली भनेको प्राथमिक र गौण नियमहरुको संयोजन हो (Legal system is a union of primary and secondary rules) भनेका छन् । राज्य र कानून प्रणालीको उत्पत्ति हुनु अगाडि पनि समाजमा नियमहरु थिए जसलाई उनले प्राथमिक नियम भनेका छन तर त्यसमा अनिश्चितता, स्थिरता र अपर्याप्तता जस्ता कमजोरीहरु रहने भएकोले त्यस्ता कमजोरी हटाउन राज्य निर्मित Secondary rules of recognition, rules of providing powers to change / rules of adjudication आवश्यक पर्दछ । संविधानलाई उनले Basic rules of recognition को रुपमा चित्रण गर्दै यसबाट सबै नियमहरुले वैधता प्राप्त गर्ने विचार व्यक्त गरेका छन (HLA Hart's Concept of Law 1963, P229) । विधिशास्त्रको Pure Theory का प्रतिपादक Hans Kelsen ले विधिशास्त्र Normative Propositions को प्रकृति र संगठनको परीक्षण गर्ने विज्ञान हो भन्ने विचार व्यक्त गरेका छन । कानून पद्दतिमा श्रेणीवद्ध Norms हरुको गतिशील प्रणाली रहेको हुन्छ । यो प्रणालीको सबैभन्दा माथिल्लो तहमा मौलिक र आधारभूत Norm रहेको हुन्छ जस्लाई उनी Grundnorm भन्दछन । यही Grundnorm को अधिकारबाट अन्य नयाँ नियमहरु निर्माण हुन्छन र Grundnorm ले नै अन्य Norms को वैधताको निर्धारण गर्दछ । लिखित संविधान रहेको मुलुकमा संविधान मूल कानून हो भन्ने मान्यतालाई नै Grundnorm को रुपमा स्वीकार गरिन्छ भने अलिखित संविधान रहेको मुलुकमा स्थापित संवैधानिक परम्परा (Constitutional Conventions) बमोजिम शासन व्यवस्था सञ्चालित हुनुपर्छ भन्ने मान्यतालाई Grundnorm मानिन्छ । (Hans Kelsen 'The Pure Theory of Law (1934)

माथि उल्लिखित तथ्यबाट संवैधानिक सर्वोच्चताको मान्यता आफैमा एउटा मजवुत विधिशास्त्रीय सिद्धान्त र आधारको रुपमा स्थापित रहेको स्पष्ट हुन्छ ।

### २.२.१.३. तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिकाः** संयुक्त राज्य अमेरिकाको संविधानको धारा ६(२) मा संवैधानिक सर्वोच्चताको बारेमा यस्तो व्यवस्था रहेको पाईन्छ :-

This Constitution, and the laws of the United States which shall be made in pursuance thereof; and all treaties made, or which shall be made, under the authority of the United States, shall be the supreme law of the land; and the judges in every state shall be bound thereby, anything in the Constitution or laws of any State to the contrary notwithstanding.

**कम्बोडिया:** कम्बोडियाको सन् १९९३ को संविधानको धारा १३१ मा संवैधानिक सर्वोच्चताको बारेमा यस्तो व्यवस्था रहेको देखिन्छ :

- This Constitution shall be the Supreme law of the Kingdom of Cambodia.
- Laws and decisions by the State institutions shall have to be in strict conformity with the Constitution

**दक्षिण अफ्रिका:** दक्षिण अफ्रिकाको संविधान, १९९६ को धारा २ मा - "This constitution is the supreme law of the Republic; law or conduct inconsistent with it is invalid, and the obligations inposed by it must be fulfilled" भनिएको छ ।

**मलेशिया:** मलेशियाको संविधानको धारा ४ मा - "This constitution is the supreme law of the federalism and any law passed after Merdeka day which is inconsistent with this Constitution shall, to the extent of the inconsistency, be void" भनिएको छ ।

**इथियोपिया:** इथियोपियाको संविधान, १९९४ को धारा ९ मा संविधानको सर्वोच्चताका बारे यसरी उल्लेख गरिएको पाइन्छ :-

1. This Constitution is the supreme law of the land. All laws, customary practices and decisions made by state organs or public officials inconsistent there with, shall be null and void.
2. All citizens, state organs, political organizations, other associations and their officials, have the duty to comply with this constitution and abide by it.
3. Assuming power in any manner other than as provided by this constitution is prohibited.
4. International agreements ratified by Ethiopia are an integral part of the law of the land.

**रसिया:** रसियाको संविधान, १९९३ को धारा ४ को उपधारा (२) मा - "The Constitution of Russian Federation and Federal laws shall have supremacy throughout the entire territory of the Russian Federation" भन्ने उल्लेख भएको पाइन्छ ।

**चीन:** चीनको संविधान, १९८२ को धारा ५ मा यस्तो प्रावधान रहेको पाइन्छ -

1. The People's Republic of China practices ruling the country in accordance with the law and building a socialist country of law.
2. No law or administrative or local rules and regulations shall contravene the constitution.
3. All state organs, the armed forces, all political parties and public organizations, and all enterprises and undertakings must abide by the constitution and the law. All acts in violation of the constitution and the law must be looked into.
4. No organization or individual may enjoy the privilege of being above the constitution and the law.

यसप्रकार विभिन्न देशका संविधानहरुको तुलनात्मक अध्ययन गरी हेर्दा प्रायः सबै देशका संविधानहरुमा संविधान देशको सर्वोच्च कानून हुने कुरा उल्लेख भएको देखिन्छ । कतिपय देशका संविधानमा कानून र सरकारका निर्णय र व्यवहार समेत संविधान अनुकूल हुनुपर्नेछ भनी उल्लेख भएको पाइन्छ । केहि देशका संविधानमा कानून, परम्परागत प्रचलनहरु, राज्यका अंग र सार्वजनिक पदाधिकारीहरुका निर्णयहरु समेत संविधान अनुकूल हुनुपर्नेछ भन्ने उल्लेख भएको देखिन्छ । साथै सबै नागरिक, राज्यका अंगहरु, सार्वजनिक पदाधिकारीहरु, विभिन्न संघ संस्था र तिनका पदाधिकारीहरुले संविधानको पालना गर्नुपर्नेछ भन्ने समेत उल्लेख भएको पाइन्छ ।

### २.२.१.४. संवैधानिक सर्वोच्चता र नेपालको संवैधानिक इतिहास

नेपालको सन्दर्भमा अध्ययन गर्दा नेपालको वैधानिक कानून, २००४ र नेपालको अन्तरिम शासन विधान, २००७ मा संवैधानिक सर्वोच्चताको बारेमा केही उल्लेख भएको पाईंदैन ।

**नेपाल अधिराज्यको संविधान, २०१५:** नेपाल अधिराज्यको संविधान, २०१५ को धारा १ मा संविधान नेपालको मूल कानून हुने र यसमा रहेका उपबन्धको अधिनमा रही यससँग बाभि्फने नेपाल कानून बाभि्फएसम्म खारेज हुनेछ भन्ने प्रावधान रहेको देखिन्छ ।

**नेपालको संविधान, २०१९:** नेपालको संविधान, २०१९ को धारा १ मा संविधान नेपालको मूल कानून हो र यसमा लेखिएका कुराका अधिनमा रही यो सँग बाभि्फने कानून बाभि्फएको हदसम्म अमान्य हुनेछ भन्ने उल्लेख भएको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७:** नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ मा संविधान मूल कानून हुने र संविधानसँग बाभि्फने कानून बाभि्फएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्था थियो । उपधारा (२) मा यस संविधानको पालन गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भन्ने उल्लेख भएको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३:** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १ को उपधारा (१) मा संविधान मूल कानून हुने र संविधानसँग बाभि्फने कानून बाभि्फएको हदसम्म अमान्य हुने कुरा उल्लेख भएको छ । साथै उपधारा (२) मा यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्त्तव्य हुनेछ भन्ने कुरा उल्लेख भएको छ ।

### २.२.१.५. भावी संविधानमा संवैधानिक सर्वोच्चताको प्रत्याभूति

भावी संविधानमा संविधान मूल कानून हुने र संविधानसँग बाभि्फने कानून बाभि्फएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्थाको साथमा संविधान बमोजिमका दायित्व सबैले (राज्यका सबै अंग र पदाधिकारीहरु, राजनीतिक दल, नागरिक समाज, विभिन्न संघ, संगठनहरु) पालना गर्नुपर्नेछ भन्ने स्पष्ट प्रावधान गर्नु आवश्यक देखिएको छ । संविधानसँग बाभि्फएका कानून बदर घोषित गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई मात्र हुने गरी संविधानमा व्यवस्था गरिनु पर्छ ।

## २.२.२. राजकीयसत्ता र सार्वभौमसत्ताको परिभाषा र प्रयोग गर्ने विधि

### २.२.२.१. परिभाषा

सार्वभौमसत्ता भनेको राज्यको सर्वोच्च शाक्ति हो र राज्य हुनका निम्ति यसलाई एउटा अनिवार्य शर्तको रुपमा स्वीकार गरिएको हुन्छ । राष्ट्रको स्वतन्त्र अस्तित्वको द्योतकको रुपमा मात्र होइन की देशभित्रको वास्तविक शक्तिको श्रोतको पहिचानको लागि पनि सार्वभौमसत्ताको किटानी हुनु आवश्यक मानिन्छ । यो शक्तिको अभिव्यक्ति संविधानामा भएको हुन्छ । राज्यको शासन व्यवस्था सञ्चालन गर्ने शक्तिको श्रोत सार्वभौमशक्तिमा निहित रहेको हुन्छ । सार्वभौमसत्ता जनतामा निहित रहेको छ वा एक व्यक्तिमा रहेको छ भन्ने कुराले ठूलो राजनैतिक महत्व राख्दछ । जनतामा सार्वभौमसत्ता निहित रहेको अवस्थामा संविधान निर्माण वा संशोधनका क्रममा जनताको सहभागितालाई स्वीकार गरिन्छ । शक्तिको स्रोत जनता नै हुनेहुंदा सार्वभौमसत्तालाई जनताबाट अलग गर्न सकिदैन । तसर्थ लोकतान्त्रिक शासन व्यवस्थामा जनतामा नै सार्वभौमसत्ता निहित रहेको हुन्छ ।

सार्वभौमसत्तालाई आन्तरिक र वाह्य रुपमा परिभाषित गर्ने गरिन्छ । यसले आन्तरिक रुपमा कुनै राज्यको क्षेत्रभित्र कुनै व्यक्ति वा व्यक्तिहरुको समूह अन्य व्यक्ति वा व्यक्तिहरुको समूह भन्दा सर्वोच्च रहने कुरालाई संकेत गर्दछ भने वाह्य स्वरुप अन्तर्गत पूर्ण रुपमा स्वतन्त्र राष्ट्र भन्ने बुझिन्छ, अर्थात Sovereignty, internally means, supremacy of a person or body of persons in the state over the individuals or associations of individuals within the area of its jurisdiction; externally it means the absolute independence of one state as a whole

with reference to all other states. *(साभार Dhungel et.al, Commentary on the Nepalese Constitution, 1998, P.73.)*

सार्वभौमसत्ता सारभूत रुपमा कानूनी अवधारणा हो तापनि यसलाई राजनीतिक रुपमा पनि चित्रण गर्ने गरिएको छ । यसमा कानून निर्माण गर्ने र कानून लागू गर्ने सर्वोच्च अधिकार अन्तर्निहित रहेको हुन्छ । जनतामा निहित सार्वभौमसत्ता राजनीतिक अधिकार हो, यो अधिकारबाट नै संविधान जारी भएको हुन्छ । संविधानमा गरिएको व्यवस्था बमोजिम जनताले मताधिकार प्रयोग गरी आफ्नो अभिमत निर्वाचित प्रतिनिधि मार्फत व्यक्त गरेका हुन्छन् । यसर्थ कानूनी सम्प्रभु अधिकार(Legal Sovereign Power) जननिर्वाचित संस्थाहरुमा निहित रहन्छ र तिनै संस्थाहरुले प्रयोग गर्दछन भने राजनीतिक संप्रभु अधिकार (Political Sovereign Power) जनतामा निहित रहन्छ र सो को प्रयोग जनताले आफ्नो मताधिकार मार्फत प्रयोग गर्दछन ।

### २.२.२.२. सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग विधि

सार्वभौम अधिकार जनतामा निहित रहेको मानिएता पनि यो अधिकार सदैव जनता स्वयंले प्रयोग गर्न नसक्ने हुँदा सार्वभौम अधिकारको केही अंशजनताले राज्यलाई सुम्पिएका हुन्छन जसलाई राजकीय सत्ता (State Authority) भनिन्छ । विगतमा दैवी शक्ति (Divine Sovereignty) ले प्रदान गरेको राजकीय सत्ता को प्रयोग युरोपमा चर्चहरुले गर्ने गरेको र नेपालमा राजाले प्रयोग गरेको इतिहास छ । तर जनतामा निहित सार्वभौमसत्ता (People's sovereignty) ले प्रदान गर्ने राजकीय सत्ताको प्रयोग जननिर्वाचित संस्था र निकायबाट हुन्छ ।

जनतामा सार्वभौमसत्ता निहित रहने भएतापनि जनताको नाउँमा धर्मगुरु वा राजाले राजकीयसत्ताको प्रयोग गर्ने प्रचलनबाट नै विभिन्न रुपका तानाशाही शासनको जन्म भएको पाइन्छ । उनीहरुले जनताको प्रतिनिधित्व गरी कार्य गरेको वहानामा आफ्नो शासन र शक्तिलाई निरन्तर कायम राख्ने गरेको कारणबाट वर्तमान युगमा यस्तो राजकीय अधिकारको प्रयोग जनताबाट निर्वाचित कार्यकारी प्रमुख वा व्यवस्थापिकाबाट हुने प्रचलन विकास भएको छ । यस्ता संस्थाहरु जनताप्रति उत्तरदायी रहने भएकोले त्यस्ता संस्थाबाट राजकीय शक्तिको प्रयोग हुँदा बढी लोकतान्त्रिक हुने कुरामा दुईमत हुने देखिदैन । यद्यपि त्यस किसिमले निर्वाचित भएको नाममा तानाशाही हुने प्रवृत्ति विश्व परिवेशमा यदाकदा देखिएको छ ।

जनतामा निहित सार्वभौमसत्ता नै संविधान जारी गर्ने अधिकारको श्रोत हो । जनताबाट संविधान निर्माणकै लागि चुनिएका प्रतिनिधिले जनताका नाउँमा संविधान जारी गर्दा सार्वभौमसत्ता र राजकीयसत्ता जनतामै निहित रहेको कुरा स्पष्ट हुन्छ । जनताबाट निर्मित संविधानमा 'हामी जनता ...' (We the People ...) भनी उद्घोष गरिने हुँदा त्यसले सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहेको, शक्तिको श्रोत जनता नै भएको र संविधान जनताले वनाई जनता कै नाउँमा जारी गरेको कुरा बुझ्न सकिन्छ । संविधान वैधानिक श्रोतवाट जारी भएको छ वा छैन भन्ने आधारमा संविधानको वैधता (Legitimacy) र वैधानिकता (Legality) को निरोपण गरिन्छ । सबै अवस्थामा सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग जनता आफैले गर्ने नभई आफूबाटै निर्वाचित जनप्रतिनिधि र संविधानले व्यवस्थित गरेका अन्य निकाय मार्फत गर्ने र राष्ट्रिय महत्वका कतिपय विषयमा जनमत संग्रह गराई जनताको प्रत्यक्ष अभिमतका आधारमा निर्णयमा पुग्ने व्यवस्था गर्न सकिन्छ ।

### २.२.२.३. तुलनात्मक अध्ययन

**अल्वानीया:**अल्वानीयाको संविधान, १९९१ को धारा २ मा सार्वभौमसत्ता जनतामा निहित रहने र यसको प्रयोग जनता आफैले वा प्रतिनिधिमार्फत गर्नेछन (Sovereignty in the Republic of Albania belongs to the people. The people exercise sovereignty through their representatives or directly) भन्ने उल्लेख छ ।

**इटाली:** इटालीको संविधान, १९४७ को धारा १ को उपधारा (२) मा उल्लेख छ की "The sovereignty belongs to the people, who exercise it in the forms and within the limits laid down by the constitution" अर्थात सार्वभौमसत्ता जनतामा निहित रहनेछ र जसको प्रयोग संविधानले निर्धारण गरेको सीमाभित्र रही हुनेछ ।

**इथियोपिया:** इथियोपियाको संविधान, १९९४ को धारा ८ मा sovereignty शिर्षक अन्तर्गत देहायका कुरा उल्लेख गरिएको पाइन्छ :-

1. Sovereignty resides in the nations, nationalities and peoples of Ethopia.

2. This constitution is an expression of their sovereignty.
3. Sovereignty shall be expressed through the people's representations, elected by them in accordance with this constitution, and through their direct democratic participation.

**क्यूवा:** क्यूवाको संविधान, १९७६ को धारा ३ मा "Sovereignty lies in the people, from whom originates all the power of the state. That power is exercised directly or through the assemblies of people's power and other state bodies which derive their authority from these assemblies in the form and according to the norms established in the constitution and by law" भन्ने उल्लेख भएको पाइन्छ । अर्थात जनगणतन्त्र क्यूवामा जनता सार्वभौम छन् र सबै राज्यसत्ता जनताको हातमा छ । यो शक्ति प्रत्यक्ष रुपमा जनताका परिषदहरु र अन्य राज्यका अंगहरु मार्फत प्रयोग हुन्छ । ती अंगहरुले संविधान र कानूनले स्थापित गरेका मान्यता अनुसार आफ्नो अधिकार प्राप्त गर्दछन् ।

**चीन:** चीनको संविधान, १९८२ को धारा २ मा सार्वभौमसत्ता जनतामा निहित रहने कुरा उल्लेख छ । नेशनल पिपुल्स कंग्रेस र विभिन्न क्षेत्रमा अवस्थित स्थानीय पिपुल्स कंग्रेस जस्ता निकायहरुद्वारा जनताले राज्य शक्तिको प्रयोग गर्दछन । जनताले कानूनद्वारा व्यवस्था गरिएका विभिन्न माध्यमद्वारा राज्यका कृयाकलापहरु माथि प्रशासन गर्दछन तथा आर्थिक, सांस्कृतिक र सामाजिक कृयाकलपहरुको व्यवस्थापन गर्ने भन्ने उल्लेख भएको छ । जो यस प्रकार छ :-

1. All power in the People's Republic of China belongs to the people.
2. The organs through which the people exercise state power are the national people's congress and the local people's congress at different levels.
3. The people administer state affairs and manage economic, cultural and social affairs through various channels and in various ways in accordance with the law.

**उत्तर कोरिया:** उत्तर कोरियाको संविधान, १९९८ को धारा ४ मा The sovereignty of Democratic People's Republic of Korea resides in the worker's, peasants, working intellectuals and all other working people. The working people exercise power through their representatives organs - the supreme people's Assembly and local people's assemblies at all levels भन्ने उल्लेख छ ।

**स्पेन:** स्पेनको संविधानको धारा १ को उपधारा (२) मा जनतामा सार्वभौमसत्ता निहित रहने र जसबाट राज्यको शक्ति उत्पत्ति हुन्छ भनिएको छ, अर्थात National sovereignty belongs to Spenish people from whom emanate the power of the state.

**भनेज्वेला:** भनेज्वेलाको संविधान, १९६१ को धारा ४ मा Sovereignty resides in the people, who exercise it, by means of suffrage, through the organs of the public power भन्ने उल्लेख छ ।

**जर्मनी:** जर्मनीको Basic Law को धारा २० मा राज्यशक्तिको प्रयोग विधिका बारे यसरी उल्लेख गरेको पाइन्छ - All state authority is derieved from the people. It shall be exercised by the people through elections and other votes and through specific legislative, executive and judicial bodies.

**रुस:** रुसी महासंघको सन् १९९३ को संविधानको परिच्छेद १ को धारा ३ मा देहाय बमोजिम उल्लेख भएको पाइन्छ -

1. The multinational people of the Russion Federation shall be the vehicle of sovereignty and the only source of power in the Russian Federation.
2. The people of the Russian Federation shall exercise their power directly, and also through organs of state power and local self-government.
3. The referendum and free elections shall be the supreme direct manifestationof the power of the people.
4. No one may arrogate to oneself power in the Russian Federation. Seizure of power or appropriation of power authorization shall be prosecuted under Federal law.

यसरी विभिन्न देशका संविधानहरुको तुलनात्मक अध्ययन गर्दा सार्वभौमसत्ता जनतामा निहित रहने कुरामा एक रुपता देखिन्छ भने यसको प्रयोग विधिका सम्बन्धमा केही देशका संविधानमा जनताले आफ्ना प्रतिनिधिहरु मार्फत वा सोझै आफैले यसको प्रयोग गर्नेछन भन्ने उल्लेख भएको पाइन्छ भने अन्य कतिपय देशका संविधानमा सार्वभौमसत्ता राष्ट्र, राष्ट्रवासीहरु र जनतामा निहित रहनेछ भन्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी सार्वभौमसत्ताको प्रयोग जनताका प्रतिनिधि मार्फत अथवा जनता आफैले प्रत्यक्ष लोकतान्त्रिक अभ्यासद्वारा गर्नेछन् भन्ने उल्लेख भएको पाइन्छ । केही देशका संविधानमा राज्यशक्ति जनताबाट निसृत हुनेछ र यसको प्रयोग जनताले आवधिक निर्वाचन वा निर्वाचित निकायहरु, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका मार्फत गर्नेछन् भनी उल्लेख भएको पाइन्छ ।

### २.२.२.४. नेपालको संवैधानिक इतिहासमा सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग

नेपालको वैधानिक कानून, २००४ र नेपाल अन्तरिम शासन विधान, २००७ मा राजकीय शक्तिको प्रयोग विधिबारे केही उल्लेख भएको देखिदैन ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

नेपाल अधिराज्यको संविधान, २०१५ को प्रस्तावनामा नेपालको राजकीयसत्ता राजामा नै निहित रहेको भन्ने उल्लेख भएको पाइन्छ । सो को प्रयोग विधि परम्परा र प्रथा रहेको भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तै गरी धारा ६८ मा यो संविधान वा तत्काल प्रचलित कानूनमा व्यवस्था गरिएदेखि बाहेकका श्री ५ मा निहित अरु सम्पूर्ण राजकीय अधिकारहरु मौसुफमै निहित रहेका हुन भन्ने उल्लेख थियो ।

**नेपालको संविधान, २०१९**

नेपालको संविधान, २०१९ को प्रस्तावनामा पनि राजकीयसत्ता राजामा नै निहित रहने कुरा उल्लेख भएको र सो को प्रयोग विधि संवैधानिक कानून, रीत र परम्परा रहेको भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३ मा नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ भन्ने उल्लेख भएको र यसको प्रयोग संविधानमा व्यवस्था भए बमोजिम हुने कुरा उल्लेख भएको देखिन्छ । संविधानमा स्पष्टत प्रयोगको विधि उल्लेख नभएको र संविधानको प्रस्तावनामा नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भई आएको राजकीयसत्ताको प्रयोग गरीबक्सी मन्त्रिपरिषदको सल्लाह र सम्मति अनुसार संविधान जारी गरेको भन्ने व्यहोरा उल्लेख थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३ मा सार्वभौमसत्ताको साथमा पहिलो पटक नेपालको राजकीयसत्ता जनतामा निहित रहने भन्ने उल्लेख भएको पाइन्छ तर यसको प्रयोग विधिबारे केही उल्लेख देखिदैन ।

### २.२.२.५. भावी संविधानमा सार्वभौमसत्ता र राजकीयसत्ताको किटानी र प्रयोग विधि

भावी संविधानमा राज्यशक्तिको श्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एंव राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ । यसका साथै सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग विधि बारेमा समेत उल्लेख गरिनु उपयुक्त हुन्छ । त्यसरी उल्लेख गर्दा नेपाली जनताले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम गर्नेछन भनी राख्नु उपयुक्त हुन्छ । संविधानमा वालिग मताधिकार, मौलिक हक, निर्वाचित निकायहरु, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको संयन्त्रद्वारा सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग हुने प्रबन्ध मिलाइएको हुन्छ । वालिग मताधिकारभित्र जनप्रतिनिधि चयन गर्ने जुनसुकै निर्वाचन र जनमत संग्रह समेतमा प्रयोग हुने मताधिकार, मौलिक हकभित्र वाक तथा प्रकाशन स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता, सूचनाको अधिकार जस्ता हकको प्रयोग गरी जुनसुकै विषयमा विचार व्यक्त गर्ने र विचार निर्माण गर्ने अधिकार, निर्वाचित निकायहरुभित्र स्थानीय तहदेखि केन्द्रसम्मका निर्वाचित निकायहरु, व्यवस्थापिकाभित्र कानून निर्माण गर्ने सबै संघीय इकाइका विधायिकी अंग, कार्यपालिकाभित्र कार्यकारिणी अंग सहित देशको शासन सञ्चालनसँग सम्बन्धित संवैधानिक अंग लगायतका विभिन्न निकायहरु र न्यायपालिकाभित्र राज्यको न्यायिक अधिकार प्रयोग गर्ने अदालतहरु पर्ने भएकोले सबै पक्ष समेटिने कुरा स्पष्ट हुन्छ ।

## २.२.३. राज्यको प्रकृति र विशेषता

### २.२.३.१. राज्य र राष्ट्रको अवधारणा

सामान्य बोलीचालकिो भाषामा र सरसर्ती विचार गर्दा समेत राष्ट्र (Nation) र राज्य (State) एउटै जस्तो बुझिने भएपनि यी दुई शब्दको अर्थ नितान्त फरक रहेको हुन्छ । राष्ट्र एउटा समष्टिगत अवधारणा हो जसमा समाज वा समुह वा व्यक्तिहरुले लामो समय देखि धारण गर्दै आएको धार्मिक, भाषिक, साँस्कृतिक जातीय वा हामी बेग्ले हौ भन्ने मनोबेज्ञानिक पहिचान हुन्छ । त्यसै गरी अन्य विशिष्टताको कारणबाट पनि "हामी र तिमी" (We –They) भन्ने मनोवैज्ञानिक विभाजन नै राष्ट्र हो । स्वतन्त्र समूहको पहिचान दिने स्वस्फूर्त तत्वहरु पनि राष्ट्र हो । यसर्थ जुन जुन कारणबाट व्यक्तिगत वा सामूहिक पहिचान अभिव्यक्त हुन्छ त्यो नै राष्ट्र हो । यिनै मान्यताको आधारमा देशमा बसोबास गर्ने विभिन्न धर्म, वर्ण, जातजाति र भाषाभाषीका मानिसहरु देशको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा सम्वृद्धि प्रति आस्थावान रहन्छन् ।

ब्ल्याक - ल डिक्सनरीमा राष्ट्रको परिभाषा यसरी गरिएको छ :- "संगठित कानूनी समाजको रुपमा अस्तित्व भएको मानिसहरुको समूह जसले साधारणतः पृथ्वीको निश्चित भाग अख्तियार गरेको हुन्छ, एकै भाषा बोल्दछ, एकै रीतिरिवाजको प्रयोग गर्दछ, ऐतिहासिक निरन्तरता राखेको र जो आफै समानको अन्य समूहबाट जातीय उत्पत्ति र विलक्षणताले गर्दा भिन्न हुन्छ, सामान्यतः, तर आवश्यक रुपमा होइन, एकै सरकार र संप्रभुताअन्तर्गत बसोबास गरी रहेको हुन्छ । स्वशासित वा स्वायत्तता, अर्थात् आफ्ना कुनै मामिलाका सम्बन्धमा विदेशी शक्तिबाट अलग रही वा सो शक्तिको अधीनता स्वीकार नगरी समाजको स्वतन्त्रता कायम राख्नुको अतिरिक्त यो संगठित कानूनी समाज हुनुपर्दछ । कानूनी समाजको अर्थ हो आफ्ना सदस्यहरुमाथि नियमित कानूनबाट शासन गर्नु, उनीहरुको अधिकारको परिभाषा तथा रक्षा गरी परिवार राष्ट्रको निर्माण गर्ने उद्देश्य भएको नाताबाट आफूलाई भएको अधिकार तथा कर्तव्यहरुको आदर गर्नु : यस्तो समाजले आफ्ना मामिला तथा आफ्ना स्वार्थहरु राख्दछ । यसले सामान्य रुपमा संकल्पमाथि विचार गरी त्यसको पालन गर्दछ, जसबाट सो नैतिक व्यक्ति हुन्छ र जसले आफ्नै लागि विलक्षण इच्छा तथा समझ राख्ने र अधिकार तथा दायित्व ग्रहण गर्ने हुन्छ । (साभार- टोपबहादुर सिंह, कानूनी शब्दकोष) ।

राज्य राजनीतिको मख्य केन्द्रविन्दु हो । राज्यको मान्यता प्राप्त हुनको लागि निश्चित भुभाग, जनता, सरकार, स्वतन्त्रता र सार्वभौमसत्ता जस्ता कुराहरु आवश्यक हुन्छ । राज्यमा सार्वभौमसत्ता र राजकीयसत्ताले साकार रुप लिएको हुन्छ । राज्य एक औपचारिक राजनीतिक प्रणालीको रुपमा स्थापित रहेको हुन्छ । ब्ल्याक - ल डिक्सनरीमा राज्यको परिभाषा यसरी गरिएको छ :- "एक राजनीतिक इकाई (Political unit) अन्तर्गत सामान्य कानूनी स्वभाव र रीति-रिवाजद्वारा परस्परमा बाँधिई निश्चित क्षेत्र शाश्वत रुपमा कब्जा गरिरहेका मानिसहरु, जसले संगठित सरकारको माध्यमबाट आफ्नो क्षेत्रभित्र पर्ने सबै मानिस तथा वस्तुहरुमाथि स्वतन्त्र संप्रभुता र नियन्त्रणको प्रयोग गर्दछन्, युद्ध र शान्ति गर्न र विश्वका अन्य समुदायहरुसँग अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्न सक्दछन् । जनताका तर्फबाट सार्वभौमिक शक्ति प्रयोग गर्ने जन-जीवनको संगठन । (साभार- टोपबहादुर सिंह, कानूनी शब्दकोष)

माथि गरिएको छलफलको आधारमा राज्य र राष्ट्र वीच देहाए बमोजिमको भिन्नता रहेको देखिन्छ ।

| "राज्य" | "राष्ट्र" |
|---|---|
| • सामान्य शासन अन्तर्गत एकतावद्ध भएका मानिसहरुको समुदाय राज्य हो । | • सामान्य रिती रिवाज, भाषा तथा इतिहासबाट एकतावद्ध समाज राष्ट्र हो । |
| • राज्य अन्तर्गत कैयौं राष्ट्र हुन सक्छन,राज्य कृतीम बन्धन हो | • राष्ट्र स्वस्फूर्त सामाजिक, साँस्कृतिक र राजनीतिक धारणा हो । |
| • राज्यको लागि सार्वभौमसत्ता अत्यावश्यक छ । | • राष्ट्र हुन सार्वभौमसत्ता हुन आवश्यक छैन । |
| • राज्यमा मानिसहरु निश्चित प्रदेश अन्तर्गत कानूनको निमित्त संगठित भएका हुन्छन | • राष्ट्रमा मानिसहरु मनोवैज्ञानिक रुपमा एकसाथ निवास गर्ने इच्छा राखेका हुन्छन् |
| • राज्य निश्चित सीमाबाट बाँधिएको हुन्छ | • राष्ट्र कुनै सीमाबाट बाँधिएको हुदैन |
| • राज्यको लागि राजकीयसत्ताको प्रयोग तथा सरकार हुनु वाञ्छनीय हुन्छ | • राष्ट्रमा राजकीयसत्ताको प्रयोग तथा सरकार अस्तित्वमा नहुन पनि सक्दछ । |

### २.२.३.२. तुलनात्मक अध्ययन

राज्यको प्रकृति र विशेषताको बारेमा विश्वका केही संविधानमा रहेका व्यवस्थाहरुलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

**इटाली:** इटालीको संविधानको धारा १ को उपधारा (१) मा इटाली श्रममा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो (Italy is a Democratic Republic founded on labour.) भनिएको छ ।

**भारत:** भारतको संविधानको धारा १ को उपधारा (१) मा भारत विभिन्न राज्यहरु मिलेर बनेको संघ हुनेछ (India, that is Bharat, shall be a Union of States) भनिएको छ ।

**इथियोपिया:** इथियोपियाको संविधानको धारा १ मा यो संविधानले संघीय र लोकतान्त्रिक राज्य संरचनाको स्थापना गरेको छ भन्ने उल्लेख हुनुका साथै इथियोपिया राज्यलाई संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपिया भनिनेछ भन्ने उल्लेख गरिएको पाइन्छ (This Constitution establishes a federal and democratic state structure. Accordingly, the Ethiopian state shall be called the Federal Democratic Republic of Ethiopia)

**दक्षिण अफ्रिका:** दक्षिण अफ्रिकाको संविधानको धारा १ मा दक्षिण अफ्रिका देहाएका मूल्य र मान्यताहरुमा आधारित रहेको एक सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक मुलुक हो भनी उल्लेख भएको छ ।

(१) मानव प्रतिष्ठा, समानताको प्राप्ती र मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रवर्द्धन,
(२) वर्णभेद र लिङ्गभेद विरुद्धको देश,
(३) संवैधानिक सर्वोच्चता र कानूनको शासन,
(४) उत्तरदायित्व, जवाफदेही र खुलापनको सुनिश्चितता बालिग मताधिकार, आवधिक निर्वाचन, वहुदलीय लोकतान्त्रिक प्रणाली ।

(The Republic of South Africa is one sovereign democratic state founded on the following values:
(a) Human dignity, the achievement of equality and the advancement of human rights and freedoms.
(b) Non-racialism and non-sexism.
(c) Supremacy of the constitution and the rule of law.
(d) Universal adult suffrage, a national common voters roll, regular elections and a multi-party system of democratic government, to ensure accountability, responsiveness and openness.)

**स्वीट्जरल्याण्ड:** स्वीट्जरल्याण्डको संविधानको धारा १ मा स्वीस महासंघको गठन स्वीस जनता र विभिन्न क्यान्टोनहरुबाट भएको हो भन्ने उल्लेख गरिएको छ । (The Swiss People and the Cantons of Zurich, Berne, Lucerne, Uri, Schyz, Obwald, Nidwald, Glarus, Zug, Fribourg, Solothurn, Basel-City, Basel-Land, Schaffhausen, Appenzell Outer-Rhodes, Appenzell Inner-Rhodes, St. Gall, Grisons, Aargau, Thurgau, Ticino, Vaud, Valais, Neuchatel, Geneva, and Jura form the Swiss Confederation.)

**वेल्जियम:** वेल्जियमको संविधानको धारा १ मा वेल्जियम विभिन्न समुदाय र क्षेत्रहरुबाट बनेको संघात्मक राज्य हुनेछ भन्ने उल्लेख भएको पाइन्छ (Belgium is a Federal State made up of Communities and Regions). त्यस्तै गरी धारा २ र ३ मा Communities र Regions को बारेमा यस प्रकार व्यवस्था भएको पाइन्छ :
Communities: Belgium is made up of three Communities: the French Community, the Flemish Community, and the German-speaking Community.
Regions: Belgium is made up of three Regions: the Walloon Region, the Flemish Region, and the Brussels Region.

विभिन्न देशका संविधानहरुको तुलनात्मक अध्ययन गर्दा राज्यको प्रकृति र विशेषतालाई झल्काउने गरी केही देशका संविधानहरुमा व्यवस्था गरेको पाइन्छ । कतिपय देशको संविधानमा उक्त देश संघीय लोकतान्त्रिक गणराज्य हुनेछ भनी उल्लेख भएको पाइन्छ । केही देशको संविधानमा देशलाई रङ्गभेद र लिङ्गभेद विरुद्धको देश हो भनी यसले कानूनको शासन, उत्तरदायी सरकार, खुलापन, आवधिक निर्वाचन, वहुदलीय प्रतिस्पर्धात्मक प्रणाली आदि जस्ता मूल्य र

मान्यतालाई आत्मसात गरेको छ भनी उल्लेख भएको पाइन्छ । कतिपय देशको संविधानमा देशको निर्माण विभिन्न समुदाय र राष्ट्रहरुबाट भएको हो भनी उल्लेख भएको देखिन्छ ।

### २.२.३.३. हाम्रो इतिहास

नेपाल सरकार वैधानिक कानून, २००४, नेपाल अन्तरिम शासन विधान, २००७ र नेपाल अधिराज्यको संविधान, २०१५ मा राज्यको प्रकृति र विशेषताको सम्बन्धमा केही उल्लेख भएको देखिदैन ।

**नेपालको संविधान, २०१९ :** नेपालको संविधान, २०१९ को धारा २ र ३ मा राज्यको प्रकृति र विशेषताका बारेमा देहाय बमोजिमको व्यवस्था गरेको पाइन्छ :-

धारा २ राष्ट्र : (१) जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकाङ्क्षा राख्ने र राजमुकुटप्रति आस्थाद्वारा एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रुपमा एक राष्ट्र हो ।

(२) आफ्नो प्रतिभा र परम्परा अनुसार राजनैतिक, आर्थिक र साँस्कृतिक जीवनको विकास गर्ने र अरु राष्ट्रहरुसँग आफ्नो सम्बन्ध निर्धारण गर्ने राष्ट्रको अविनाश्य र अविच्छेद्य अधिकार हो ।

धारा ३ अधिराज्य : (१) नेपाल एउटा स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दू अधिराज्य हो ।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) यो संविधान प्रारम्भ हुँदाको बखतको क्षेत्र, र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

**नेपाल अधिराज्यको संविधान, २०४७ :** नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २ र ४ मा राज्यको प्रकृति र विशेषता झल्काउने गरी देहाय बमोजिम व्यवस्था गरेको देखिन्छ :-

धारा २ राष्ट्र : जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता र अखण्डताप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रुपमा एक राष्ट्र हो ।

धारा ४ अधिराज्य : (१) नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो ।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

**नेपालको अन्तरिम संविधान, २०६३ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३ र ४ मा देहाय बमोजिमको व्यवस्था रहेको छ :-

धारा ३ राष्ट्र : बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हो ।

धारा ४ नेपाल राज्य : (१) नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष समावेशी संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य हो ।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

### २.२.३.४. भावी संविधानमा राष्ट्र र राज्यको परिभाषा र विशेषता

एउटा सार्वभौमसत्ता सम्पन्न राज्यको लागि निश्चित क्षेत्र, जनसंख्या, सरकार र सार्वभौमसत्ता जस्ता कुराहरु अनिवार्य रुपमा रहनु पर्ने हुन्छ । नेपालमा विगत लामो समयदेखि कायम रहेको राजनीतिक प्रणालीको अन्त्य भई देश गणतन्त्रात्मक राज्यमा रुपान्तरण भएको र सो अनुरुपको नयाँ संविधान निर्माण हुन गईरहेको सन्दर्भमा राजनैतिक रुपले राज्यको प्रकृति र विशेषतामा पनि केही परिर्वतन गर्नु पर्ने आवश्यकता छ ।

हाम्रो देश विभिन्न जातजाती, भाषाभाषी र धार्मिक सम्प्रदायहरुको साझा थलो हो । यो हाम्रो राष्ट्रिय वैशिष्ट्यता हो । परापूर्वदेखि स्वतन्त्र रहेको हाम्रो देश अविभाज्य पनि छ । यस सन्दर्भमा राज्यको विशेषतालाई झल्काउने गरी राज्यको परिभाषा देहाय वमोजिम गरिनु उपयुक्त हुनेछ :- "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, समाजवादउन्मुख गणतन्त्रात्मक बहुराष्ट्रिय राज्य हो ।" नेपाल राज्य भित्र रहने केन्द्रीय (संघ) र राज्य (संघीय इकाई) हरुको नाम, उद्देश्य, कार्य र प्रकृति वारेमा समेत संक्षिप्त चर्चा गर्न सकिन्छ । साथै नेपालको राज्य क्षेत्रको

बारेमा पनि यो संविधान प्रारम्भ हुदाका बखतको क्षेत्र र यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्रलाई समावेश गरी उल्लेख हुनु पर्दछ ।

जहासम्म नेपाल राष्ट्रको परिभाषाको सन्दर्भ छ, विविधतायुक्त राष्ट्रका जनतालाई एकताको सुत्रमा आवद्ध गरी राष्ट्रिय एकता र अखण्डतालाई अझ मजवुत तुल्याउने ढंगले राष्ट्रको परिभाषा गर्नु उपयुक्त देखिन्छ । अतः संविधानमा नेपाल राष्ट्रको परिभाषा देहाय वमोजिम गर्नु उपयुक्त हुनसक्छ :- "वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक विशेषतायुक्त, समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा संवृद्धिप्रति आस्थावान रही एकताको सुत्रमा आवद्ध सवै नेपाली जनता समष्टी रुपमा राष्ट्र हो ।"

### २.२.४. राष्ट्रिय झण्डा, गान र प्रतिकहरु

#### २.२.४.१ संविधानमा राष्ट्रिय झण्डा, गान र प्रतिकहरु राख्नुको औचित्य

केही यस्ता कुराहरु हुन्छन जसलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रमा देश विशेषको राष्ट्रियताको प्रतिक वा राष्ट्रिय चिन्हका रुपमा प्रयोग गरिन्छ । यीनको महत्व प्रतिकात्मक हुन्छ । यही तथ्यलाई दृष्टिगत गरेर संविधानमा राष्ट्रिय झण्डा, गान र प्रतिकहरु सम्वन्धी व्यवस्था गरिएको हुन्छ । यस्ता कुराहरुले अन्तर्राष्ट्रिय समुदायको सामु राष्ट्रको पहिचानलाई दर्शाउन सघाउ पुऱ्याएका हुन्छन् ।

#### २.२.४.२ विश्वका केही संविधानमा राष्ट्रिय झण्डा, गान र प्रतिकहरुको अवस्था

क्युवाको संविधानमा राष्ट्रिय गान र प्रतिकहरुका वारे उल्लेख भएको पाइन्छ । उत्तर कोरियाको संविधानमा राष्ट्रिय चिन्ह, झण्डा, राष्ट्रिय गानको वारेमा संविधानमा उल्लेख गरिएको छ । स्वीजरल्याण्डको संविधानमा यस्ता कुराहरुको वारेमा उल्लेख गरेको पाइदैन । दक्षिण अफ्रिकाको संविधानमा राष्ट्रिय गान र झण्डाको वारेमा उल्लेख भएको छ । प्रतिकहरुको वारेमा केही उल्लेख भएको देखिदैन । जर्मनीको संविधान (Basic law) को धारा २२ मा राष्ट्रिय झण्डा कस्तो रहनेछ भन्ने बारेमा उल्लेख भएको छ भने अनुसुचिमा राष्ट्रिय गानलाई राखिएको पाइन्छ ।

#### २.२.४.३ राष्ट्रिय झण्डा, गान र प्रतिकहरु सम्बन्धी हाम्रो संवैधानिक इतिहास

नेपालको संवैधानिक इतिहासलाई अध्ययन गर्दा नेपाल सरकार वैधानिक कानून, २००४, नेपाल अन्तरिम शासन विधान, २००७ र नेपाल अधिराज्यको संविधान, २०१५ मा राष्ट्रिय झण्डा, गान र प्रतिकहरुका बारेमा केही उल्लेख भएको पाइदैन । नेपालको संविधान, २०१९ को धारा ५ मा राष्ट्रिय झण्डा र धारा ६ मा राष्ट्रिय गान इत्यादिको बारेमा उल्लेख भएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५ मा राष्ट्रिय झण्डा र धारा ७ मा राष्ट्रिय गान इत्यादिको बारेमा व्यवस्था गरेको पाइन्छ । यस्तै गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६ मा राष्ट्रिय झण्डा को बारेमा र धारा ७ को उपधारा (१) मा नेपालको राष्ट्रिय गान र निशाना छाप नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने भन्ने र उपधारा (२) मा नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंक्षी डाँफे हुनेछ भन्ने व्यवस्था रहेको छ ।

#### २.२.४.४ अब निर्माण हुने संविधानमा राष्ट्रिय झण्डा, गान र प्रतिकहरुको व्यवस्था

अव निर्माण हुने संविधानमा समेत राष्ट्रिय झण्डा, गान र निशाना छाप इत्यादि विषयको वारेमा आवश्यक व्यवस्था गरिनु उपयुक्त देखिन्छ । झण्डाको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा समेत चिरपरिचित हाल कायम रहेको नेपालको राष्ट्रिय झण्डालाई नै यथावत कायम राख्नु उपयुक्त हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७ को उपधारा (१) मा नेपालको राष्ट्रिय गान र निशाना छाप नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ भन्ने प्रावधान रहेको छ । उल्लिखित संवैधानिक प्रावधान बमोजिम नै तत्कालीन सरकारले राष्ट्रिय गानको चयन गर्नका लागि सम्वन्धित विषयका विद्वान, विशेषज्ञ र प्राज्ञहरुको समिति गठन गरी सम्पूर्ण नेपालीहरुवाट राष्ट्रिय गानको लागि उपयुक्त रचना माग गरेको र प्राप्त रचनामध्ये लोकतान्त्रिक प्रकृयाबाट उत्कृष्ट रचना चयन गरी राष्ट्रिय गान निर्धारण गरेको कुरा सर्वविदितै छ । त्यसैगरी हाल कायम रहेको निशाना छाप जनआन्दोलन पश्चात लोकतान्त्रिक सरकारबाट नै निर्धारण भएको पनि विदितै छ । अतः जनमानसमा परिचित भई सकेको सोही राष्ट्रिय गान र निशाना छापलाई नै भावी संविधानले मान्यता दिई अनुसूचीमा राख्नु उपयुक्त हुन्छ । त्यसैगरी संघीय इकाइले नेपालको निशाना छापको साथमा सम्बन्धित इकाइको विधायिकाले कानूनमा व्यवस्था गरे बमोजिमको आफ्नो अलग्गै निशाना छापको प्रयोग गर्न सक्ने व्यवस्था गर्न सकिन्छ ।

जहाँसम्म प्रतिकहरुको सन्दर्भ छ, यो संविधानमा नभई नहुने अन्तरवस्तु नभएको र यसले कसैको अधिकारको सृजना गर्ने वा अधिकारबाट बञ्चित गर्ने विषय पनि नभएकोले नयाँ संविधानमा प्रतिक सम्बन्धी व्यवस्था गरिराख्न आवश्यक देखिदैन ।

## २.३ संविधान संशोधन प्रक्रिया

### २.३.१ संविधान संशोधनको आवश्यकता र औचित्य

संविधान निर्माण गर्ने अधिकार (Constituent Power) कुनै पनि सार्वभौमसत्ता सम्पन्न राज्यको मौलिक (Original) अधिकार हो, जसको प्रयोगमा कुनै वन्देज हुदैन र जनताले निर्वाध रुपमा प्रयोग गर्दछन् । नेपाली जनता अहिले यो मौलिक अधिकार संविधानसभा मार्फत आफैले प्रयोग गरी भविष्यमा आफू शासित हुने संविधान लेखन प्रकृयामा संलग्न भएका छन् । यस अवस्थामा संविधान सभा आफैमा सार्वभौम रहेको छ । यसलाइ पूर्णरुपमा संविधान निर्माणको शक्ति प्राप्त छ ।

समय गतिशिल छ । समयको गतिशिलतासगै देश र समाजका आदर्श, मूल्य र मान्यतामा परिवर्तन हुदै जान्छन् । राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा पनि सोहि अनुसार परिवर्तन हुँदै जान्छ । एक पटक निर्मित संविधान पनि समय सापेक्ष रुपमा परिवर्तित, परिमार्जित र परिष्कृत हुँदै जानु पर्छ । यसले जनताको भावना अनुसार संशोधन हुन सक्नु पर्छ । यसै कुरालाइ सम्वोधन गर्न संविधानमा संसोधनको व्यवस्था गर्नु पर्ने हुन्छ । जनभावना अनुसार संशोधन गर्ने विधि खुला राख्न सकिएन भने परिवर्तनका लागि जनताले शान्तिपूर्ण र संवैधानिक प्रक्रियाको सट्टा क्रान्ति वा हिंसात्मक बाटो समात्न पर्ने बाध्यात्मक अवस्था आउन सक्छ । यस्तो अप्रिय संभावनालाई रोक्नका लागि नै संविधानमा संशोधनको व्यवस्था राखिएको हुन्छ । यस अर्थमा संसोधनको व्यवस्था संविधानको सुरक्षित निकास (safety valve) को रुपमा रहेको हुन्छ ।

संविधान संशोधनको विधि निर्धारण गरिनु संविधान निर्माण प्रकृयाको महत्वपूर्ण अंशको रुपमा रहेको हुन्छ । संविधान संशोधनको अधिकार प्रत्यायोजित (Delegated) अधिकारको रुपमा जनताद्वारा आफ्ना प्रतिनिधिहरुलाई प्रत्यायोजित गरिन्छ । संविधानमा संशोधनको अधिकार प्रत्यायोजित अधिकारको रुपमा मात्र रहेको हुन्छ । त्यसैले संशोधनको अधिकार प्राप्त विधायिकालाई संविधान निर्माण गर्ने सरहको अधिकार हुदैन, संविधान संशोधन गर्ने अधिकार मात्र हुन्छ । यसर्थ भनिन्छ "संविधान संशोधनको अधिकार जनतामा निहित सार्वभौम अधिकारको विस्तार हो " (The power to amend a constitution is an extension of the sovereignty of the people.)

### २.३.२ संविधान संशोधन सम्बन्धमा अन्य मुलुकका संविधानमा रहेको व्यवस्थाको तुलनात्मक अध्ययन

**संयुक्त राज्य अमेरिका :**

- संविधानको धारा 5 (V) अनुसार अमेरिकी संविधान संशोधन गर्नको लागि दुई प्रकारले संशोधनको प्रस्ताव गर्न सकिन्छ :
  क) काँग्रेसको दुवै सदनले दुई-तिहाई बहुमतबाट प्रस्ताव पारित गरेर
  ख) दुई-तिहाई प्रान्तीय विधायिकाहरुको माग अनुसार संवैधानिक सम्मेलन आव्हान गरेर ।
- त्यहाँ संविधान संशोधनको प्रस्तावित विधेयकलाई अनुमोदन गर्ने सम्बन्धमा दुईवटा वैकल्पिक प्रकृया अपनाउन सकिने व्यवस्था छ । ती मध्ये कुन प्रकृया अवलम्वन गर्ने भन्ने विषयमा काँग्रेसले निर्णय गर्छ ।
  पहिलो - प्रान्तीय (राज्य) विधायिकाहरु मध्ये तिन-चौथाई विधायिकाहरुले अनुमोदन गरेमा ।
  दोश्रो - प्रत्येक प्रान्तमा बोलाइएका संवैधानिक सम्मेलनहरुमा तिन-चौथाई मतबाट अनुमोदन भएमा ।
- संविधान संशोधनको सम्बन्धमा देहायका सारभूत सीमाहरु किटान गरिएको पाइन्छ :
  क) सन् १८८० भन्दा अघि कुनै पनि संशोधनबाट कुनै पनि राज्यले विदेशीहरु प्रवेश गराउन वा बसाई सराई गराउने अधिकारबाट बञ्चित नगरिने ।
  ख) पहिले लगाई आएकोमा जनगणनाको अनुपात भन्दा बढी हुने गरी नागरिकलाई प्रति व्यक्ति प्रत्यक्ष कर लगाउने व्यवस्था गर्न नपाइने ।
  ग) सम्वन्धित प्रान्तको स्वीकृति विना सिनेटमा कुनै पनि प्रान्त (राज्य)को समान मताधिकारबाट बञ्चित गर्न नपाइने

## भारत :

भारतको संविधानको धारा ३६८ तथा संविधानका अन्य प्रावधानहरु अनुसार संविधान संशोधन सम्बन्धमा देहायको व्यवस्था गरेको पाइन्छ :

- केन्द्रीय विधायिकाका कुनैपनि सदनमा संविधान संशोधनको विधेयक प्रस्तुत गर्न सकिने
- राष्ट्रपतिको चुनाव सम्बन्धी व्यवस्था, केन्द्र शासित क्षेत्र (Union territories) को लागि उच्च अदालतको व्यवस्था गर्ने, सर्वोच्च अदालत सम्बन्धी व्यवस्था, केन्द्र र प्रान्तबीच अधिकार बाँडफाँड सम्बन्धी व्यवस्था, केन्द्रीय विधायिकामा प्रान्त (राज्य)को प्रतिनिधित्व सम्बन्धी व्यवस्था र संविधान संशोधन सम्बन्धी प्रावधान सम्बन्धमा संसदको प्रत्येक सदनमा उपस्थित भई मतदान गर्ने सदस्य संख्याको दुई-तिहाई तथा कूल सदस्य संख्याको वहुमतबाट पारित भई कम्तिमा आधा प्रान्तीय विधायिकाहरुले पारित गरेमा ।
- संघीय संरचनामा असर नपार्ने अन्य प्रावधानहरु, मौलिक अधिकारका विषयहरु संशोधन हुनका लागि संसदको प्रत्येक सदनमा उपस्थित भई मतदान गर्ने सदस्य संख्याको दुई-तिहाई तथा सो सदनको कूल सदस्य संख्याको बहुमतबाट संविधान संशोधन विधेयक पारित हुनुपर्ने ।
- प्रान्तहरुको विभाजन, समिकरण तथा राज्य पुनर्संरचनाका कुराहरु संशोधनका लागि संसदको दुवै सदनको सामान्य बहुमतबाट संविधान संशोधन विधेयक पारित हुनुपर्ने ।

## अष्ट्रेलिया :

अष्ट्रेलियाको संविधान संशोधन प्रकृया देहाय बमोजिम रहेको पाइन्छ :

- संघीय संसदको प्रत्येक सदनको पूर्ण बहुमतबाट संशोधनको विधेयक पारित हुनुपर्ने ।
- संसदले संशोधनको विधेयक पारित गरेको कम्तिमा दुई महिना पछि र बढी से बढी छ महिना भित्र प्रत्येक प्रान्तमा जनमत संग्रह गराउन पर्ने ।
- कुनै पनि प्रान्तको जनमत संग्रहले मान्यता पाउन उक्त प्रान्तका कम्तिमा आधा मतदाताले जनमत संग्रहको मतदानमा सहभागी भएको हुनुपर्ने ।
- संशोधनको विधेयकलाई जनमत संग्रह गर्दा पचास प्रतिशतभन्दा बढी प्रान्तहरुमा बहुमतले अनुमोदन गरेको हुनुपर्ने र विधेयकको पक्षमा खसेको सबै प्रान्तको कूल मत जनमत संग्रहमा खसेको कूल मतको आधा भन्दा बढी हुनुपर्नेछ ।
- यसरी विधेयकलाई अनुमोदन गरी सकेपछि राष्ट्राध्यक्षको हस्ताक्षरको निमित्त गभर्नर जनरल समक्ष पेश गरिन्छ ।

## क्यानाडा :

क्यानाडाको संविधानको धारा ३८-४३ सम्ममा संविधान संशोधन प्रकृयाको व्यवस्था भएको पाइन्छ जसमा देहायका प्रकृया उल्लेख छन् :

- क्यानाडाको संविधान संशोधन प्रस्ताव पारित गर्ने सम्बन्धमा दुई वटा प्रकृया छन्

क) अति विशेष प्रकृया          ख) विशेष प्रकृया

- अति विशेष प्रकृया - राष्ट्राध्यक्ष (महारानी), गभर्नर जनरल र सहायक गभर्नर जनरलको संवैधानिक व्यवस्था, फ्रेन्च तथा अंग्रेजी भाषाको प्रयोग, सर्वोच्च अदालतको गठन इत्यादी व्यवस्थामा संशोधन गर्दा संसद (सिनेट तथा हाउस अफ कमन्स)को दुबै सदन र प्रत्येक प्रान्तका विधायिकाले अनुमोदन गर्नुपर्छ ।
- विशेष प्रकृया - संशोधनको प्रस्तावलाई दुबै सदन (सिनेट तथा हाउस अफ कमन्स) र कम्तिमा दुई तिहाई प्रान्तहरुको विधायिकाबाट अनुमोदन हुनुपर्छ र ती अनुमोदन गर्ने प्रान्तहरुको कूल जनसंख्या क्यानाडाको कूल जनसंख्याको आधा भन्दा बढी हुन जरुरी हुन्छ ।
- कुनै संशोधनको प्रस्तावले एक वा बढी प्रान्तलाई मात्र असर पर्ने रहेछ भने सिनेट र हाउस अफ कमन्सको स्वीकृतिका साथै सम्बन्धित प्रान्तको विधायिकाको स्वीकृति पनि अनिवार्य गरेको छ (जस्तै प्रान्तको सीमा परिवर्तन, फ्रेन्च वा अंग्रेजी भाषाको प्रयोग बारे)
- संविधान संशोधन विधेयकको घोषणा हुनुपूर्व कुनै पनि प्रान्तले प्रान्तको अधिकार कटौति हुने विधेयकमा आफ्नो असहमति दर्ज गर्न सक्नेछ र त्यस्तो असहमति दर्ज गर्ने प्रान्तको हकमा सो विधेयक लागू गरिने छैन । तर प्रान्तले आफ्नो असहमति कुनै पनि बेला फिर्ता लिने सक्नेछ । असहमति फिर्ता लिए पछि संशोधनको विधेयक उक्त प्रान्तमा पनि लागू हुनेछ ।
- संविधान संशोधनको विधेयक पारित गर्ने प्रस्ताव विधिवत राखेको मितिले एक वर्ष नवित्दै वा सो मितिले तीन बर्ष वितिसकेपछि संविधान संशोधनको घोषणा गर्न सकिने छैन ।

- संघीय संसद सहितका प्रान्तीय विधायिकाबाट पारित भएको संशोधनको विधेयकलाई क्यानाडाको गभर्नर जनरलले लालमोहर लगाई घोषणा गर्नेछ ।

**दक्षिण अफ्रिका :**

संविधानको धारा ७४ अनुसार दक्षिण अफ्रिकाको संविधान संशोधनको प्रकृया अन्तर्गत तीन किसिमको संशोधन प्रकृया रहेको पाइन्छ :

- पहिलो प्रकृया - संविधानका आधारभूत मूल्य मान्यताहरु (सेक्सन १) तथा संशोधनको प्रकृयाको संशोधनका लागि राष्ट्रिय सभाको ७५% बहुमतबाट पारित गर्ने र प्रान्तको राष्ट्रिय परिषद्‌को कम्तिमा छ प्रान्तका प्रतिनिधिहरुले पारित गर्ने ।
- दोस्रो प्रकृया - मौलिक हकसम्बन्धी व्यवस्थाहरु, प्रान्तसँग सम्बन्धित विषयहरु र प्रान्तका सिमाहरुमा परिवर्तन गर्नको लागि संशोधन विधेयक राष्ट्रिय सभाको दुई-तिहाई बहुमतबाट पारित गर्ने र प्रान्तको राष्ट्रिय परिषद्‌का कम्तिमा ६ प्रान्तका प्रतिनिधिहरुले पारित गर्ने ।
- तेस्रो प्रकृया - संविधानका अन्य प्रावधानहरु राष्ट्रिय सभाको दुई-तिहाई बहुमतबाट पारित गर्ने
- राष्ट्राध्यक्षको हस्ताक्षर पछि संविधान संशोधनको घोषणा गर्ने ।
- संशोधनको प्रस्ताव टेबल गर्नु ३० दिन अघि राजपत्रमा प्रकाशित गर्नुपर्ने
- प्रान्तीय विधायिकाहरुको प्रतिक्रिया लिन विधेयक पठाउने
- प्रान्तको राष्ट्रिय परिषद्‌को स्वीकृति आवश्यक नपर्ने विषयको विधेयक राष्ट्रिय परिषद्‌मा सार्वजनिक बहसको निमित्त पठाउने
- यदि संशोधनको विधेयकले कुनै एक वा बढी प्रान्तलाई मात्र असर पार्छ भने सो प्रान्तका विधायिकाको स्वीकृति विना राष्ट्रिय सभाले संविधान संशोधनको विधेयक पारित गर्न नपाउने ।

**स्वीट्‌जरल्याण्ड :**

स्वीट्‌जरल्याण्डको संविधानको धारा १३८, १३९ र १४० मा संविधान संशोधनसँग सम्बन्धित छन् । जो यस प्रकार छ :

- धारा १३८ मा एकलाख मताधिकार प्राप्त स्वीस जनताले संघीय संविधानको पूर्ण परिमार्जनको लागि प्रस्ताव गर्न सक्ने र यस्तो प्रस्ताव उपर जनमत संग्रह गर्नुपर्ने प्रावधान रहेको छ ।
- धारा १३९ मा एकलाख मताधिकार प्राप्त स्वीस जनताले संघीय संविधानको आंशिक संशोधनको लागि प्रस्ताव राख्न सक्ने कुरा उल्लेख छ । यसरी गरिने संशोधनको प्रस्ताव सामान्य सुझावको ढाँचामा वा मस्यौदाको रुपमा समेत हुन सक्नेछ । यदि कुनै नयाँ योजनाको थालनी एकताको सिद्धान्त, विषयवस्तुको एकताको सिद्धान्त वा अन्तर्राष्ट्रिय कानूनका बाध्यकारी नियमसँग मेल नखाने खालको भएमा संघीय व्यवस्थापिकाले त्यस्तो प्रस्तावलाई आंशिक वा पूर्ण रुपमा अमान्य घोषणा गर्न सक्नेछ । संघीय विधायिकाले यस्तो संशोधनको प्रस्तावलाई साधारण सुझावको रुपमा स्वीकृत गरेमा संशोधन प्रस्तावको आसय अनुरुप आंशिक संशोधनको प्रस्ताव तयार गर्नेछ र सो प्रस्तावलाई जनता र क्यान्टोन समक्ष निर्णयार्थ पेश गर्नेछ । संघीय विधायिकाले अस्वीकार गरेको अवस्थामा पनि त्यस्तो विषय जनता समक्ष निर्णयका लागि पठाउने र संशोधनको प्रस्तावलाई अगाडी बढाउने वा नबढाउने निर्णय जनताले नै गर्नेछन् । यदि जनताले संशोधनको प्रस्तावलाई स्वीकार गरेमा संघीय विधायिकाले तदनुरुप संशोधनको मस्यौदा तयार पार्नेछ ।

  जनताले संशोधनको प्रस्ताव गर्दा मस्यौदाको ढाँचा सहित गरेमा संघीय विधायिकाको समर्थन वा इन्कारी के हो भन्ने कुराको सिफारिश सहित आफ्नै प्रति मस्यौदा सहित जनता र क्यान्टोन समक्ष निर्णयको लागि पठाइन्छ ।

  स्वीस जनता र क्यान्टोनहरुले संशोधनको प्रस्ताव र संशोधनको मस्यौदा उपर एकैसाथ अभिमत व्यक्त गर्नेछन । मतदाताहरुले दुवै मस्यौदालाई अनुमोदन गर्न सक्नेछन् । जनताले कुन मस्यौदालाई रुचाएका हुन् भन्ने कुरा संकेत गर्न सक्नेछन् र त्यस्ता दुवै मस्यौदाहरु स्वीकृत भएको हुनुपर्नेछ । कुनै एउटा मस्यौदा जनमतबाट पारित भएको अर्को मस्यौदा क्यान्टोनबाट पारित भएको अवस्थामा कुनै पनि मस्यौदा लागू हुन सक्ने छैन ।
- धारा १४० मा देहायका विषयहरु जनता र क्यान्टोनसमक्ष मतदानको लागि प्रस्तुत गरिने व्यवस्था छ :

  (क) संघीय संविधानको परिमार्जन,

  (ख) सामुहिक सुरक्षाको लागि कुनै संगठनहरु वा बहुराष्ट्रिय समुदायहरुमा प्रवेश गर्ने विषय,

(ग) कुनै संवैधानिक आधार नभएका तर आवश्यक भनिएको संघीय विधेयक जसको वैधता एक वर्ष नाघेको छ र यस्तो विधेयक संघीय विधायिकाबाट पारित भएको एक वर्ष भित्र जनमतको लागि पेश गर्नु पर्नेछ ।

सोही धारामा देहाएका विषयहरु जनताको मतको लागि पेश गरिनेछन् भन्ने उल्लेख छ :

अ) संघीय संविधानको समग्र परिमार्जनको लागि जनताद्वारा गरिएका थालनीहरु

आ) संघीय संविधानको आंशिक परिमार्जनको लागि जनताद्वारा साधारण सुझावको रुपमा संशोधनको प्रस्ताव गरिएको तर संघीय विधायिकाबाट इन्कार गरिएको विषय,

इ) दुवै संसदीय अंगहरुको असहमति रहेको सम्पूर्ण संविधानको परिमार्जन गर्ने वा नगर्ने भन्ने विषय

**चीन :**

चीनको संविधानको धारा ६४ मा संविधान संशोधन सम्बन्धी व्यवस्था छ । जो यस प्रकार छ :

- संविधानको संशोधनको प्रस्ताव राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समिति वा राष्ट्रिय जनप्रतिनिधिसभाको पाँच भागको एक भागभन्दा बढी प्रतिनिधिहरुले प्रस्ताव राख्नुपर्नेछ र प्रतिनिधिसभाका सबै सदस्यहरुको दुई तिहाइभन्दा बढीको बहुमतले पारित गर्नेछ ।
- विधेयकहरु र प्रस्तावहरु राष्ट्रिय जनप्रतिनिधिसभाका प्रतिनिधिहरुको आधाभन्दा बढीको बहुमतले पारित गरिनु पर्छ ।

## २.३.३ संशोधनका सन्दर्भमा नेपालको संवैधानिक इतिहास

नेपाल सरकार बैधानिक कानून, २००४ र नेपाल अन्तरिम शासन विधान, २००७ मा संशोधन सम्बन्धी कुनै व्यवस्था रहेको देखिदैन । अन्य संविधानका प्रावधानहरु यसप्रकार रहेका छन ।

**नेपाल अधिराज्यको संविधान, २०१५ :** यस संविधानको धारा ५३ मा संविधान संशोधनका सम्बन्धमा रहेको व्यवस्था निम्नलिखित रहेको पाईन्छ ।

(१) संसदको दुबै सदनबाट पास भएको विधेयकमा श्री ५ बाट स्वीकृती बक्सी लालमोहर लागे पछि त्यसद्वारा संसदले यस संविधानको कुनै पनि कुरालाई संशोधन वा खारेज गर्न सक्दछ । तर,

(क) संविधानमा संशोधन गर्ने विधेयकको नाम संविधान संशोधन विधेयक भनिनेछ र संविधान संशोधन सम्बन्धी बाहेक अन्य कुनै कुरा त्यसमा रहने छैन ।

(ख) प्रतिनिधि सभा तथा महासभाको बेग्ला बेग्लै बैठकमा विधेयकको अन्तिम पठन हुँदा उक्त सदनहरुका सबै सदस्य संख्याको कमसेकम दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त भएन भने त्यो विधेयक उक्त सभाहरुमा पास भएको मानिने छैन ।

(ग) श्री ५ को स्वीकृतिको लागि पेश हुँदा त्यो विधेयकमा अध्यक्ष तथा सभामुखद्वारा यो उपधाराको उपबन्धहरु पालना गरिएको व्यहोराको प्रमाणपत्र स्वहस्ताङ्कित भएको हुनेछ ।

(घ) स्वीकृति बक्सने या नबक्सने निधो श्री ५ बाट मौसूफको स्वविवेकमा गरिबक्सनेछ ।

**नेपालको संविधान, २०१९ :** यस संविधानको धारा ८२ मा संविधान संशोधनका सम्बन्धमा रहेको व्यवस्था निम्नलिखित रहेको पाईन्छ ।

(१) यो संविधानको संशोधन श्री ५ बाट शाही घोषणाद्वारा हुन सक्नेछ ।

(२) श्री ५ बाट उपधारा (१) अन्तर्गतको अधिकारको प्रयोग विशेष समितिसँग परामर्श लिई गरिबक्सनेछ ।

(३) यस धारा अन्तर्गत श्री ५ बाट शाही घोषणाद्वारा गरिबक्सेको संशोधन यो संविधानको अभिन्न अंग हुनेछ ।

**नेपाल अधिराज्यको संविधान, २०४७ :** यस संविधानको धारा ११६ मा संविधान संशोधनका सम्बन्धमा रहेको व्यवस्था निम्नलिखित रहेको पाईन्छ ।

(१) यस संविधानको प्रस्तावनाको भावनाको प्रतिकूल नहुने गरी संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संसदको कुनै सदनमा प्रस्तुत गर्न सकिनेछ । तर यो धारालाई संशोधन गरिने छैन ।

(२) उपधारा (१) वमोजिम पेश भएको विधेयक संसदको प्रत्येक सदनमा सो सदनको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाई सदस्यहरु उपस्थित भई उपस्थित सदस्य संख्याको दुईतिहाई वहुमतबाट पारित भएमा श्री ५ को स्वीकतिका लागि पेश गरिनेछ र श्री ५ बाट मौसुफसमक्ष पेश भएको तीस दिनभित्र त्यस्तो विधेयक स्वीकृत गर्न वा पुनर्विचारका लागि आफ्नो सन्देश सहित उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिबक्सनेछ ।

(३)उपधारा (२) वमोजिम श्री ५ बाट कुनै विधेयक फिर्ता पठाइबक्सेकोमा संसदको दुबै सदनमा सो विधेयक उपर पुनर्विचार गरिनेछ र उपधारा (२) को प्रक्रिया अपनाई मूल रुपमा वा संशोधन सहित सो विधेयक श्री ५ को स्वीकृतिका लागि पुनः पेश भएमा त्यसरी पेश भएको तीस दिनभित्र त्यस्तो विधेयक उपर श्री ५ बाट स्वीकृति प्रदान गरिबक्सनेछ।

**नेपालको अन्तरिम संविधान, २०६३ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४८ मा संविधान संशोधनका सम्बन्धमा रहेको व्यवस्था निम्नलिखित रहेको पाईन्छ।

(१) संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक व्यवस्थापिका-संसदमा प्रस्तुत गर्न सकिनेछ।

(२) उपधारा (१) वमोजिम पेश भएको विधेयक व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यहरुको वहुमतबाट स्वीकृत भएमा विधेयक पारित भएको मानिनेछ।

## २.३.४ संविधान संशोधनको सन्दर्भमा आधारभूत संरचनाको सिद्धान्त

संशोधनको अर्थ सामयिक सुधार हो, आमुल परिवर्तन होइन। आमुल परिवर्तन भनेको पहिलेको संविधानको समाप्ती र अर्को संविधानको प्रारम्भबाट मात्र संभव हुन्छ। संविधान निर्माण गर्ने जुन शक्ति हो सो को प्रयोग गरिएर निर्धारण गरिएका केहि मुलभूत मूल्य र मान्यताहरुको संसोधन प्रत्यायोजित अधिकारको प्रयोगगर्ने विधायिकी अंगले गर्न सक्दैन, संशोधनको अधिकारबाट त्यो संभव हुँदैन भन्ने दर्शनको आधारमा आधारभूत संरचनाको सिद्धान्तको जन्म भएको हो। संविधानका आधारभूत मूल्य र मान्यताहरुमा संशोधन गर्दा संविधानको मूल स्वरुपमा आधारभूत परिवर्तन हुनजान्छ भन्ने आधारमा कतिपय प्रावधानलाई असंशोधनीय बनाई आधारभूत संरचनाका रुपमा राखिएको हुन्छ। यस्तो प्रावधान राख्दा त्यस्ले विधायिकाको संसोधनको अधिकारमा सारभूतरुपमा (substantially) सीमा लगाउने काम गर्दछ।

यसरी संविधान संशोधनको विधायिकी अधिकारमा लगाईने सारभूत सीमाका दुईवटा आयामहरु रहेका छन। अभिव्यक्त सीमा (Expressed Limitation) र अन्तर्निहित सीमा (Implied Limitation)। संविधानका प्रावधानमा नै स्पष्ट रुपले यो प्रावधान वा यो पक्ष संशोधन गर्न सकिने छैन भनेर उल्लेख गरी लगाइने सीमालाई अभिव्यक्त सीमा भनिएको छ। अमेरिकी संविधानको धारा ५ ले सिनेटमा राज्यको समान प्रतिनिधित्वका बारेमा संशोधन गर्न नसकिने ( No State, without its consent, shall be deprived of its equal suffrage in the Senate) गरी आधारभूत संरचनाको सिद्धान्तलाई बल प्रदान गरेको छ। जर्मनीको Basic Law को धारा ७९(३) ले आधारभूत संरचनाको व्यवस्था गरी त्यस्ता केही विषयहरुलाई संशोधनको विषय वनाउन नसकिने (Amendment to this Basic Law affecting the division of the Federation into States (Lander), their participation on principle in the legislative process, or the principles laid down in Articles (1 and) 20 are inadmissible) भन्ने व्यहोरा उल्लेख गरिएको पाइन्छ। इटलीको संविधानको धारा १३९ ले "The Republican form of the state may not be changed by way of Constitutional Amendment" भनी यो सिद्धान्तलाई आत्मसात गरेको छ। कम्वोडियाको संविधान १९९३ को धारा १३४ ले "Any revision of amendment affecting the system of liberal and pluralistic democracy and the regime of constitutional monarchy shall be prohibited" भनेको छ। वेल्जियमको १९७० को संविधानको धारा १८७ ले "The Constitution may not be wholly or partially suspended" भनेको छ। यी सबै अभिव्यक्त सीमाका उदाहरण हुन।

अर्को तर्फ लिखित संविधान अवलम्बन गर्ने वित्तिकै त्यसका केही अन्तर्निहित मौलिक मूल्य र मान्यताहरु हुन्छन जुन संशोधन गर्न सकिदैन यसको निरोपण समय र परिस्थित अनुरुप विवादित घटना पिच्छे (case to case basis) सर्वोच्च न्यायलयले गर्ने अधिकार राख्दछ। संविधानले लिखित रुपमा कुनै सीमा लगाउन आवश्यक नै छैन भन्ने अन्तर्निहित सीमा सम्बन्धी सिद्धान्तको मान्यता रही आएको छ। उदाहरणको लागि भारतको संविधानमा कुनै अभिव्यक्त सीमा लगाईएको थिएन र छैन तर सर्वोच्च अदालतले विभिन्न मुद्दामा भएका व्याख्याबाट असंशोधनीय भनिएका विषयवस्तुहरुमा संविधानको सर्वोच्चता, लोकतान्त्रिक गणतन्त्रात्मक स्वरुपको सरकार, धर्मनिरपेक्षता, शक्तिपृथकीकरण, संघीय स्वरुपको संविधान, राष्ट्रिय एकता र अखण्डता, राज्यको सार्वभौमिकता, सामाजिक, आर्थिक एवं राजनीतिक न्याय, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, विचार र अभिव्यक्तिको स्वतन्त्रता, आस्था, विश्वास र आराधनाको स्वतन्त्रता, अवसर र हैसियतमा समानता जस्ता विषयहरु समेटिएका छन।

सवै लिखित संविधानहरुले केही आधारभूत एवं मौलिक संवैधानिक मूल्य र मान्यताहरुलाई अंगालेका हुन्छन्। यस्ता मूल्य र मान्यताहरुलाई संविधान संसोधनको माध्यमवाट परिवर्तन गर्न नदिने गरी विधायिकाको अधिकारमा सारभूत

रुपमा वन्देज लगाउने सिद्धान्त नै आधारभूत संरचनाको सिद्धान्त हो । आधारभूत संरचनाको सिद्धान्तले के मान्यतालाई अंगिकार गरेको हुन्छ भने संविधान संशोधन गर्ने विधायिकी अधिकारभित्र केही सीमितताहरु पनि अन्तरनिहित हुन्छन् र विधायिकाले संविधानको आधारभूत चरित्रलाई विगार्ने, कमजोर पार्ने, नाश गर्ने, वंग्याउने वा परिवर्तन गर्ने गरी आफ्नो संशोधनको अधिकार प्रयोग गर्न सक्दैन । यो सिद्धान्तले संविधान निर्माताको मौलिक मान्यताहरुको सम्मान र संरक्षण गर्ने उद्देश्य ग्रहण गरेको मानिन्छ । संविधानलाई वहुमतको उन्मादबाट जोगाउनु (Safeguard against majoritarian whim) नै यस सिद्धान्तको सर्वाधिक महत्वपूर्ण पक्ष मानिन्छ । आधारभूत संरचना भन्दा वाहिर गएर संविधानको संशोधन भएमा न्यायिक पुनरावलोकनवाट अदालतले शून्य घोषणा गर्न सक्दछ ।

हाम्रो सन्दर्भमा चर्चा गर्दा संविधानसभामा संविधान निर्माण गर्ने Original constituent power रहेको छ । अतः व्यवस्थापिकालाई संविधान संशोधन गर्ने अधिकार रहने भएतापनि Original constituent power अन्तर्गत निर्मित संविधानले आत्मसात गरेका आधारभूत मूल्य र मान्यता विपरित संविधान संशोधन गर्ने अधिकार रहनु हुदैन भन्ने एउटा बलियो मत छ । उनीहरुले Amending power vested in a legislature cannot be said to be another form of constituent power भन्ने कुरालाई आधार लिन्छन् ।

**यो सिद्धान्तको पक्षमा व्यक्त गरिने तर्कहरु**

- संविधान संसदमा प्रचण्ड वहुमत ल्याउने सत्ताधारी दलको हतियार हुनवाट जोगिने,
- संवैधानिक स्थायित्व कायम रहन सक्ने,
- राजनैतिक प्रणालीमा स्थायित्व कायम हुने र
- जनताको मौलिक हक अधिकारको संरक्षण हुने ।

**यो सिद्धान्तको विरोधमा आउने तर्कहरु** :

- संविधानसम्मत र शान्तिपूर्ण रुपमा सार्वभौम शक्तिको प्रयोग गर्ने माध्यम अवरुद्ध हुन सक्ने,
- जनताको इच्छा अनुसार शान्तिपूर्ण तवरमा संविधानमा परिवर्तन गर्नमा रोक लगाउने हुँदा क्रान्ति र हिंसाको माध्यम अपनाउनु पर्ने वाध्यता हुने,
- यसवाट न्यायिक सर्वोच्चता न्यायिक निरंकुशतामा परिणत हुने डर रहने,
- आधारभूत तत्वहरु के के हुन् भन्ने निश्चित नहुदा राजनैतिक अन्यौल उत्पन्न हुने सम्भावना हुने,
- अप्रत्यक्ष रुपमा सर्वोच्च अदालतलाई Constituent power प्रदान गर्ने र
- वर्तमान पुस्ताले भविष्यको पुस्ताको आत्मनिर्णयको अधिकारलाई कुण्ठित तुल्याउने ।

भारतको संवैधानिक इतिहासको प्रभावबाट हाम्रो देशमा आधारभूत सिद्धान्तको बारेमा खुवै चर्चा हुने गरेको छ । शुरुमा संविधान लागू हुँदा भारतको संविधानले आधारभूत संरचनाको सिद्धान्तलाइ आत्मसात गरेको थिएन । संविधानले आधारभूत संरचना भनेका यी यी हुन् भनी सूचीकृत गरेको नभै न्यायिक पुनरावलोकनको अधिकारक्षेत्र अन्तर्गत भारतको सर्वोच्च अदालतले त्यस सिद्धान्तलाई स्थापित गरेको हो । विधायिकाले मौलिक हकमा बन्देज लगाउने गरी संविधान संशोधन गर्न सक्छ सक्दैन भन्ने व्यापक वहसको सन्दर्भमा त्यहाँको सर्वोच्च अदालतले केशवानन्द भारती वि.स्टेट अफ केरला १९७३ को मुद्दामा आधारभूत संरचना विपरित हुने गरी संविधान संशोधन गर्न नसक्ने भनी सिद्धान्त स्थापित गरेको हो । सो सिद्धान्तलाई त्यसपछि विभिन्न मुद्धाहरुमा समेत आत्मसात गरिदै आएको पाईन्छ र यसको दायरालाई फराकिलो पारिएको छ ।

नेपालका सन्दर्भमा आधारभूत संरचनाको सिद्धान्तलाई पहिलो पल्ट २०४७ सालको संविधानले आत्मसात् गर्दै संविधान संशोधन गर्ने संसदको अधिकारलाई सीमित तुल्याएको थियो । संविधानमा कुन कुन विषयलाई आधारभूत संरचनाका रुपमा राखिएको थियो भन्ने सम्बन्धमा स्पष्ट सूची नबनाइएको भएतापनि प्रस्तावनाको भावना र संविधान संशोधनको प्रक्रिया रहेको धारा ११६ स्वयंलाई असंशोधनीय बनाई त्यसलाई व्यक्त गरिएको थियो । संविधानको प्रस्तावनाको भावना भन्ने अभिव्यक्तिका आधारमा हेर्दा आधारभूत मानव अधिकार, बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, वहुदलीय प्रजातन्त्र, स्वतन्त्र एवं सक्षम न्याय प्रणाली, कानूनी राज्यको अवधारणा आदी विषयहरुलाई आधारभूत संरचनाका रुपमा असंशोधनीय प्राबधान भनी बुझ्न सकिने अवस्था थियो ।

### २.३.५ संविधान संसोधनमा कठोर र नमनशील कस्तो विशेषता अङ्गिकार गर्ने

सामान्यतया लिखित संविधान कठोर हुन्छ भन्ने मानिन्छ । तरपनि जुन संविधानलाई सजिलैसँग अथवा सामान्य कानून जस्तो सहजै संशोधन गर्न सकिन्न र लामो प्रकृया अपनाउनु पर्ने हुन्छ त्यसलाई कठोर संविधान भनिन्छ । त्यसको

विपरित सामान्य कानून सरह वा छोटो प्रकृयाबाट संशोधन गर्न सकिने संविधानलाई लचिलो वा नमनशील संविधान भनिन्छ । संविधानमा रहेको संशोधन सम्बन्धी व्यवस्थाको आधारमा भारतको संविधानलाई लचिलो संविधान मानिन्छ भने अमेरिकी संविधानलाई कठोर संविधान मानिन्छ । तर अदालतको व्याख्याबाट भारतको संविधानमा केही कठोरताको गुण र अमेरिकाको संविधानमा केही नमलशीलताको गुण थपिन पुगेको देखिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्थापिका संसदको दुई तिहाई बहुमतबाट संविधानका कुनै पनि प्रावधान संशोधन हुन सक्ने व्यवस्था गरेको हुँदा यसलाई नमनशील संविधान भन्न सकिन्छ ।

संविधानलाई वर्गीकरण गर्दा संविधान संशोधन सम्बन्धी व्यवस्थाका आधारमा पनि वर्गीकरण गर्ने गरिएको छ । त्यसरी वर्गीकरण गर्दा कठोर संविधान र नमनशील संविधानमा विभाजन गरिन्छ । संविधान देशको मूल कानून (Fundamental Law of the Land) हो, यसको निर्माणको प्रकृया र यसमा गरिने संशोधनका दृष्टिले हेर्दा यो अन्य सामान्य कानून भन्दा फरक हुन्छ । अन्य सामान्य कानून जस्तो व्यवस्थापिकाको सामान्य वहुमतबाट बन्ने, संशोधन हुने र खारेज हुने व्यवस्था संविधानका हकमा उचित हुन्न भनिन्छ । यदि संविधान अन्य कानून जस्तै व्यवस्थापिकाको सामान्य वहुमतको आधारमा हुने र त्यसको संशोधन पनि त्यसरी नै गरिने हो भने संविधान मूल कानूनको रुपमा रहदैन । लिखित संविधान भएका प्रायः सबै मुलुकमा संविधान संशोधन सामान्य कानून सरह हुन नसक्ने व्यवस्था आत्मसात गरिएको हुन्छ । संविधानको निर्माण र संशोधन प्रक्रियाले पनि संविधानलाई अन्य कानून भन्दा पृथक तुल्याएको हो ।

**कठोर संविधानका गुणहरु**

- संविधान स्पष्ट, दीगो र निश्चित हुन्छ । संविधानका मूल्य र मान्यताहरु नष्ट हुन पाउदैनन् ।
- जथाभावी संशोधन गर्न नसकिने हुँदा जनताका मौलिक अधिकार र स्वतन्त्रताको प्रत्याभूति हुन्छ ।
- हतारमा संविधान संशोधन हुँदैन र जनताको प्रत्यक्ष/अप्रत्यक्ष सहभागिता हुन्छ । सावधानीपूर्वक र संवेदनशीलता अपनाई संशोधन हुन्छ ।
- वहुमतको उन्मादबाट संविधान सुरक्षित हुनसक्छ ।
- राजनैतिक स्थायित्व हुनसक्छ ।
- अदालतको भूमिका महत्वपूर्ण हुने हुँदा कानूनी राजको संरक्षण हुनसक्छ ।

**अवगुणहरु**

- जनइच्छा र आकांक्षाको संवोधन गर्न वा सो अनुसार परिवर्तन गर्न गाह्रो हुनसक्छ ।
- कठोर संविधानले जनविद्रोह र असन्तुष्टिको कारण राज्य टुक्रिने सम्भावना रहन सक्छ ।
- हिजोका पुस्ताको मूल्य र मान्यताहरुलाई पछिसम्मका जनताले आत्मसात गरिरहनुपर्ने हुनसक्छ ।
- न्यायिक सक्रियता कायम हुने हुनाले न्यायिक स्वच्छता र निरंकुशता बढ्ने सम्भावना हुने ।

**नमनशील संविधानका गुणहरु**

- संवैधानिक गतिशिलता कायम हुने, जनईच्छा बमोजिम संशोधन भई रहने भएकोले संवैधानिक प्रक्रिया र शासकीय प्रक्रियामा जनसहभागिता भईरहने अवस्था हुन्छ ।
- यस्तो गुण विद्यमान भएको संविधान रहेको मुलुकमा विद्रोह र गृहयुद्धको संभावना कम हुन्छ
- संशोधनको अधिकारयुक्त संसद मार्फत जनताको प्रत्यक्ष शासन कायम हुन्छ । अदालतको स्वेच्छाचारितामा शासन हुने अवस्था आउदैन

**अवगुणहरु**

- सधै परिवर्तन हुने भएकोले संविधान अष्पष्ट भई राजनीतिक व्यवस्था स्थायी र स्थीर हुन सक्दैन ।
- जनतालाई सदैव आफ्नो अधिकार गुम्ने त्रास भई रहन्छ ।
- शासन व्यवस्थाको राजनीतिक शक्ति जुन पार्टीको हातमा हुन्छ उसै पार्टीको इशारामा देश चल्ने अवस्था आउँछ । बहुमतको बोलवाला रहन्छ ।

संविधान एउटा गतिशील दस्तावेज हुँदा त्यो वैशिष्ठ्यलाई जोगाउनका लागि पनि संशोधन प्रक्रियालाई त्यति धेरै कठिन तुल्याउनु हुँदैन, जस्ले जनइच्छा समेट्न नसकोस र संविधानको संशोधन गर्नु भन्दा जनताको ध्यान नयाँ संविधान निर्माणप्रति केन्द्रित हुन नपुगोस् । यसको सट्टा संविधानमा यस्तो व्यवस्था गर्न मनासिव हुन्छ जसले जन आकांक्षालाई समय सापेक्षित रुपमा सम्वोधन गर्न सकोस । संविधान संशोधनको प्रक्रियामा रहेको कठोरता वा लचकतालाई निरपेक्ष

रुपमा नभै सापेक्षतामा विचार गर्नु पर्छ । संविधानको गतिशिलता कायम गर्ने कोणबाट हेर्दा संशोधनमा लचिलो व्यवस्था रहेको संविधानले आफूलाई जीवन्त राख्ने संभावना बोकेको हुन्छ भने संविधानको निश्चितताका दृष्टिले हेर्दा कठोर संविधानले आफ्नो अस्तित्व जोगाई राख्ने संभावना अत्यधिक रहेको हुन्छ । व्यावहारिक दृष्टिले हेर्दा संविधानको गतिशीलता कायम राख्नु जति महत्वपूण हुन्छ निश्चितता कायम राख्नु पनि उत्तिकै महत्वपूर्ण हुने हुँदा यिनको उचित संयोजन वा तालमेल अपरिहार्य हुन्छ । संशोधनका दृष्टिले कठोर भनिएको संविधान पनि व्यवहारमा अत्यन्त लचिलो हुन पुगेको (स्वीस संविधानलाई अत्यन्त कठोर संविधान भनिन्छ तापनि कतिपय नमनशील संविधान भन्दा पनि सहज रुपमा संशोधन भएको पाइन्छ) र नमनशील भनिएको संविधान पनि व्यवहारमा अत्यन्त कठोर हुन सक्दछ । अमेरिकी संविधान औपचारिक संशोधनको दृष्टिले कठोर सावित भएपनि सर्वोच्च अदालतको सिर्जनशील व्याख्याको कारण समय सापेक्षित रुपमा विकसित भई जीवन्त दस्तावेजको रुपमा कायम छ ।

### २.३.६ संविधान संशोधनमा संघ र संघीय इकाईका विधायिकाको भूमिका

संविधानसभाले गरेको घोषणा अनुसार नेपालको अबको शासन प्रणाली संघीय प्रणालीमा आधारित हुनेछ । संघीय प्रणालीमा साझा शासन र स्वशासन (Shared rule and Self rule) को आधारमा शासनको सञ्चालन हुने कुरालाई आत्मसात गरिएको हुन्छ । यसमा जनतालाई बढी भन्दा बढी अधिकार सम्पन्न बनाउने तथा आफ्नो शासन आफैद्वारा निर्मित नियमको आधारमा गर्ने प्रणाली स्थापित हुन्छ । यसर्थ अबको नेपालमा जनतालाई हरेक निर्णय प्रक्रियामा सहभागी गराईनु पर्ने प्रणाली स्थापित हुन गईरहेको भन्न सकिन्छ । त्यसकारण अबको संविधानको संशोधनमा संघीय इकाईका विधायिकाको पनि अधिकार सुनिश्चित हुनु पर्छ ।

औपचारिक संविधान संशोधन प्रक्रियामा मुलतः ३ चरण रहेका हुन्छन् । संशोधनको प्रस्ताव पेश गर्ने, प्रस्तावमाथि छलफल गरी तार्किक निष्कर्षमा पुऱ्याउने अर्थात प्रस्ताव पारित गर्ने र प्रस्तावलाई अन्तिम स्वीकृति प्रदान गर्ने । यी चरणहरु मध्ये पहिलो र दोश्रो चरण अत्यन्त महत्वपूर्ण हुन्छन् । तेश्रो चरण एक प्रकारले औपचारिक प्रकृतिको हुन्छ । जसमा प्रायः विधायिकाबाट पारित संशोधन विधेयकमा राष्ट्र प्रमुखबाट प्रमाणिकरण गर्ने काम हुन्छ । संविधान निर्माणको क्रममा संविधान संशोधनको विधि र प्रक्रिया निर्धारण गर्दा यी तिनै चरणहरुबारे स्पष्ट व्यवस्था हुन वाञ्छनीय हुन्छ ।

संविधान संशोधनको पहल गरी विषयलाई प्रस्तावको रुपमा उठान गर्न कसलाई अधिकार दिइएको छ भन्ने कुराले महत्वपूर्ण स्थान राख्दछ । शुरुको प्रस्तावमा समेटिने विषयवस्तुले त्यसमाथिको छलफल र निश्कर्षमा समेत प्रभाव पार्ने हुन्छ । विषयको उठान भै सकेपछि त्यसलाई तार्किक निश्कर्षमा पुऱ्याउने संयन्त्र पनि स्थापित हुन्छ नै । संविधान संशोधनको दोश्रो चरण, प्रस्तावमाथिको छलफल र त्यसलाई निश्कर्षमा पुऱ्याउने प्रक्रिया अर्थात प्रस्ताव पारित गर्ने नगर्ने निर्णयको प्रक्रिया निर्णायक रुपमा रहेको हुन्छ । यसमा के कस्तो प्रक्रिया अपनाई क-कस्को कति मतको आधारमा प्रस्तावलाई पारित गर्ने नगर्ने भन्ने निर्णय हुन्छ ।

अमेरिकी संविधानले संशोधनमा राज्यका विधायिकाको भूमिका अनिवार्य बनाएको छ । इथियोपियाको संविधानले पनि त्यसलाई अनिवार्य मानेको छ (धारा ९३) । भारतमा संविधान संशोधनका केही व्यवस्थाको संशोधनमा राज्य विधानसभाको भूमिका नदिएपनि सातौं अनुसूचिको संशोधन समेतमा आधा राज्य विधानसभाले अनुमोदन गर्नु पर्ने व्यवस्था गरेको छ । क्यानडाको संविधानको धारा ३८ ले संघीय विधायिका र Legislative Assembly of Province दुवैले संशोधन प्रस्ताव पास गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी धारा ४६ ले सिनेट, हाउस अफ कमन्स वा Legislative Assembly of Province ले संशोधनको प्रस्ताव राख्न सक्ने व्यवस्था गरेको छ । दक्षिण अफ्रिकाको National Council of Province मध्ये ६ वटाको समर्थन हुनु पर्ने व्यवस्था रहेको छ ।

### २.३.७ संविधान संशोधनमा जनमत संग्रह वा प्रत्यक्ष लोकतन्त्रको अभ्यास

सिद्धान्ततः संविधानका हरेक प्रवधानहरुको संशोधनमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु अत्यन्त राम्रो हो । किनकी यसले संविधान संशोधनमा जनताको निर्णायक भूमिका अनुभूति हुने र उनीहरुको स्वामित्व स्थापित गर्छ । तर हरेक प्रावधानहरुमा यो प्रक्रिया अपनाउदा धेरै समय लाग्न सक्छ, खर्चिलो हुन सक्छ र जुन उद्देश्यको लागि संशोधन गर्न लागिएको हो सो प्राप्ती नहुन सक्दछ । यसैले सबै विषयको संशोधनमा जनमतमा जान वाञ्छनीय हुन सक्दैन ।

स्पेनको संविधानको धारा ९२ ले Political decision of special importance may be submitted for a Consultative Referendum of all the citizen भनेको छ । स्वीट्जरलैण्डको संविधानमा १ लाख जनताले

हस्ताक्षर गरी संविधान संशोधनको प्रस्ताव राख्न सक्ने व्यवस्था गरेको पाइन्छ । डेनमार्कको संविधानको धारा ८८ ले संसदवाट पारित विधेयक जनतावाट अनुमोदनका लागि जनमतसंग्रहमा लानु पर्ने व्यवस्था गरेको छ ।

### २.३.८ भावी संविधानको संशोधनमा अवलम्वन गर्न उपयुक्त हुने प्रक्रिया

संविधान सशोधन सम्बन्धी व्यवस्था गर्दा नेपाल राजतन्त्रात्मक व्यवस्थाबाट गणतन्त्रात्मक व्यवस्थामा, एकात्मक स्वरुपको राज्य संरचनाबाट संघात्मक स्वरुपको राज्य संरचनामा जाने निर्णय भई सकेको तथा जनताको प्रत्यक्ष अभिमतको आधारमा संविधानसभाको निर्वाचन भई लोकतान्त्रिक अभ्यासबाट संविधान निर्माण भएको सन्दर्भमा भावी संविधानमा केही मौलिक मुल्य र मान्यताहरु समावेश हुने तथ्यलाई मध्यनजर गर्नु पर्ने आवश्यकता छ । तसर्थ जनतामा निहित सार्वभौमसत्ता, गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलिय प्रतिष्पर्धा, बालिग मताधिकार र आवधिक निर्वाचन सम्बन्धी लोकतान्त्रिक मुल्य र मान्यताहरुलाई संविधानको आधारभुत चरित्रको रुपमा स्थापित गर्दै ती मान्यताहरुको प्रतिकूल हुने गरी संविधानको संशोधन गर्न नसकिने गरी अभिव्यक्त रुपमा संशोधनको अधिकारमा सारभुत सीमा लगाउनु उपयुक्त हुनेछ । तर उल्लिखित मुल्य र मान्यताहरुलाई सुदृढ गर्ने गरी संविधानको कुनै प्रावधानलाई संशोधन गर्न भने यो व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिदैन ।

असंशोधनीय मुल्य र मान्यताहरुको अधीनमा रही संविधानका अन्य अन्तरवस्तुहरुको परिवर्तनलाई नमनशिल बनाउन संविधानका कुनै पनि धारालाई संशोधन गर्ने विधेयक नेपाल सरकार, कानूनद्वारा तोकिए बमोजिमको न्यूनतम् संख्याका संघीय विधायिकाका सदस्यहरु वा कुनै संघीय इकाइको विधायिकाबाट समेत संविधान संशोधन विधेयक प्रस्तुत हुन सक्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ । असंशोधनीय मुल्य र मान्यताहरुको अधीनमा रही प्रत्यक्ष प्रजातन्त्रको मान्यतालाई सीमित रुपमा भएपनि अभ्यास गर्न र संविधानको परिवर्तन र परिमार्जन गरी शासनमा जनताको नियमित र प्रत्यक्ष सहभागिता गराउनको लागि आवश्यक ठानिएका विषयहरुमा संघीय विधायिकाबाट प्रस्ताव पारित गरी जनमत संग्रहमा जान पनि सकिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यस्तो व्यवस्था भएमा निर्णयमा जनसहभागिता र स्वामित्वभाव कायम हुने तथा उक्त संशोधनले जनइच्छालाई आत्मसात गरी संविधानको गतिशिलतालाई सुदृढ पार्न सकिन्छ । जनमत संग्रहबाट संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विषय कूल सदर मतको बहुमतबाट अनुमोदन भएमा उक्त विषयमा स्वतः संविधान संशोधन भएको मानिने व्यवस्था गर्न सकिन्छ ।

संघीय प्रणालीमा संविधान संशोधन पनि साझा शासन (Shared Rule) को महत्वपूर्ण क्षेत्र हो । संघीय ईकाइहरुको अधिकार कटौती केन्द्रबाट एकपक्षीय ढंगबाट हुने सधैको त्रासबाट संघीय ईकाइहरुलाई मुक्त गर्न पनि उनीहरुलाई संविधान संशोधनको अधिकार प्रयोगमा सहभागी गराउनु आवश्यक देखिन्छ । संविधानका सबै विषयमा संशोधन गर्दा अनिवार्य रुपमा संघीय ईकाइका विधायिकाबाट पनि अनुमोदन हुनु पर्ने व्यवस्था राख्दा संविधान संशोधनको प्रक्रिया आफैमा जटिल भई अव्यवहारिक हुन सक्ने सम्भावनालाई पनि हेक्का राख्नै पर्ने हुन्छ । तसर्थ संघीय इकाइको अधिकारसंग प्रत्यक्ष सम्बन्धित र सरोकारका विषयहरु संविधानमा नै सूचीकृत गरी त्यस्ता विषयमा संविधान संशोधन गर्नुपर्दा बहुमत संघीय इकाईका विधायीकाबाट सम्बन्धित विधायिकाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट अनुमोदन हुनु पर्ने व्यवस्था राख्न आवश्यक छ । तर कुनै संशोधन विधेयक कुनै एक वा केही संघीय ईकाइको मात्र सरोकारको भएमा सम्बन्धित संघीय इकाईको विधायीकाबाट तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाई बहुमतबाट अनुमोदन हुनु पर्याप्त हुन्छ । त्यस्तो व्यवस्था गर्दा संघीय विधायिकाबाट पठाएको तीन महिना भित्र अनुमोदन भई सक्नु पर्ने र सो अवधिमा अनुमोदन नभए उक्त संशोधन विधेयक निष्कृय हुने व्यवस्था गरिनु पर्दछ । संघीय विधायिकाबाट संविधान संशोघन विधेयक रायका लागि पठाइएको समयमा कुनै संघीय इकाइको विधायिका विघटन भएको अवस्था रहेछ भने त्यस्तो विधायिका गठन भइ पहिलो बैठक बसेको मितिले तीन महिना भित्र स्वीकृत वा अस्वीकृत गरी पठाउन सक्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

संविधान संशोधन विधेयकलाई विधायिकी प्रक्रियामा लैजानु भन्दा अगाडि जनताको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्न र प्रादेशिक ईकाइको जानकारीको लागि सबै ईकाइमा पठाई छलफल गराउने र पृष्ठपोषण लिने पद्धतिलाई अंगकिार गर्न आवश्यक छ । संघीय इकाइका विधायिकाको सहमति आवश्यक नपर्ने संविधान संशोधन विधेयक वा संघीय इकाइका विधायिकाबाट सहमति प्राप्त भएको विधेयक संघीय विधायिकाका प्रत्येक सदनमा सो सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाई सदस्यहरुको बहुमतबाट पारित भएमा राष्ट्रप्रमुखको स्वीकृतिको लागि पेश गर्ने व्यवस्था गरिनु पर्दछ । यसरी पेश भएको विधेयक राष्ट्रप्रमुखले प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वीकृत गर्नु पर्ने र तत्पश्चात संविधान संशोधन भएको मानिने व्यवस्था राख्नु उपयुक्त हुन्छ ।

संशोधन पारित गर्दा कुनै पनि अवस्थामा संघीय विधायिकाको तत्काल कायम सम्पूर्ण सदस्य संख्याको पूर्ण बहुमत भन्दा कम मतले पारित हुन नसक्ने व्यवस्था गरिनु पर्दछ ।

## २.४ राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था

### २.४.१ राजनीतिक दलको परिचय

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरुको उपस्थिति अपरिहार्य ठानिन्छ । क्रियाशील र स्वस्थ लोकतन्त्रका लागि राजनीतिक दलहरु अनिवार्य शर्तको रुपमा रहन्छन । यिनले जनता समक्ष राजनीतिक विचारको संप्रेषण गर्न सहयोग पुऱ्याउने, जनतालाई सचेत वनाउने, विचार निर्माण गर्ने र त्यस्तो विचारहरुको प्राप्तिको लागि साधनको रुपमा नेतृत्वदायी भूमिका निर्वाह गरेका हुन्छन । राजनीतिक दलले लोकतन्त्रलाई कामयावी तुल्याउन जनतालाई जागरुक र प्रशिक्षित तुल्याउछन् । जनतालाई नेतृत्व प्रदान गर्न नेता चयन गर्ने अवसर प्रदान गर्दछन । लोकतान्त्रिक सरकारको सञ्चालनमा राजनीतिक दलहरुले महत्वपूर्ण योगदान पुऱ्याइ रहेका हुन्छन् । सरकारलाई जनउत्तरदायी वनाउनमा पनि राजनीतिक दलहरुको भूमिका अनिवार्य नै मानिन्छ । जनतालाई अधिकार दिलाउने र राज्य सत्तामा जनताको पहुँच स्थापित गर्नमा पनि यिनले ठूलो योगदान गर्दछन । समाजमा रहेको प्रतिस्पर्धी स्वार्थहरुको प्रभाव (Reflection) राजनीतिक दलहरुमा पनि अवश्य हुन्छ नै । ती प्रतिस्पर्धी स्वार्थहरुको विचमा सन्तुलन मिलाउने काम पनि राजनीतिक दलहरुले गरिरहेका हुन्छन ।

राजनीतिक दल भन्नाले नागरिकको संगठित समूह हो जुन एउटा राजनीतिक इकाईको रुपमा रहेको हुन्छ र राजनीतिक उद्देश्य कार्यान्वयन गर्नकालागि सरकार सञ्चालनका लागि कृयाशिल रहिरहन्छ । राजनीतिक दलहरु विभिन्न रुपका हुन सक्छन । ती भिन्न भिन्न आदर्श र मूल्यबाट निर्देशित भएका हुन्छन । व्यक्ति र समूहले राजनीतिक शक्ति प्राप्त गर्ने र सो को प्रयोग गर्नका लागि राजनीतिक दल साधनको रुपमा रहेका हुन्छन् । अतः राजनीतिक दलहरु राजनीतिक व्यवस्था र समाजको प्रेरक तत्व मानिन्छन् । यिनीहरु स्वशासित र संगठित संस्थाको रुपमा रहने हुदा यिनलाई कानूनी व्यक्तिको मान्यता प्राप्त हुन्छ र सोही आधारमा अधिकार र कर्तव्य निर्धारित गरिएका हुन्छन । राजनीतिक दलले आन्तरिक लोकतन्त्रको अभ्यास समेत गरेको हुनु पर्ने मान्यता रही आएको छ । कतिपय देशहरुमा निर्वाचनको समयमा मात्र राजनीतिक दलहरु सक्रिय भएको पाईन्छ (जस्तो अमेरिका) भने हाम्रो देश लगायत दक्षिण एशियामा जहिले सुकै पनि दलहरु क्रियाशील र सक्रिय भएको पाईन्छ ।

राजनीतिक दलको उपस्थितिमा नै जनमतलाई ध्यान दिने र जनमतको आधारमा निर्णय गर्ने प्रणालीको विकास हुन्छ । राजनीतिक दल राजनीतिक उद्देश्यका साथ गठन भएका हुन्छन । समूह विशेषको स्वार्थ पूर्तिका लागि मात्र स्थापित समूह राजनीतिक दल हुन सक्दैन । यसमा राजनीतिक प्रकृयालाई एकिकृत, सरल र स्थिर राख्ने चरित्र हुनुपर्छ । राजनीतिक दलले नै सरकार र जनतालाई जोड्ने, राजनीतिक मुद्दाको उठान गर्ने र समाजका मूल्य र मान्यताहरु विकास गर्ने काम गर्दछन् । साथै समाजमा रहेका विभिन्न सामाजिक एवं आर्थिक समूहलाई जोड्ने, राजनैतिक शिक्षा प्रदान गरी सामाजिकीकरण गर्ने र विभिन्न जाति, धर्म, वर्ण, लिङ्गका समुदायका वासिन्दाहरुलाई एकताको शुत्रमा बाँध्ने कार्य गर्दछन । यसर्थ आधुनिक वहुलवादी समाजको निर्माणमा राजनीतिक दलहरुले निर्वाह गरेको भूमिकालाई कसैले नकार्न सक्दैन ।

सारांशमाः संविधानवादको मर्मलाई साकार तुल्याउन, जनताको सर्वोच्चतालाई सुनिश्चितता प्रदान गर्न, जनमतलाई निर्वाचनको माध्यमबाट अभिव्यक्त गराई लोकतन्त्रलाई वलियो बनाउन, नागरिकका अधिकार र स्वतन्त्रताहरुको प्रत्याभूति र उपभोग गराउन र राज्यसत्तामा जनताको पहुँचका साथै नियन्त्रण समेत स्थापित गर्न राजनीतिक दलहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

### २.४.२ राजनीतिक दलका विशेषताहरु

राजनीतिक दलका विशेषताहरु देहाय वमोजिम हुन्छन् :-

१) निश्चित राजनीतिक दर्शनमा आधारित भएको र राष्ट्रिय चरित्र भएको
२) कुनै पनि व्यक्तिले स्वेच्छापूर्वक सदस्यता प्राप्त गर्न सक्ने तथा लिगं, धर्म, जाति, वर्ण, वा क्षेत्रियता वा यस्तै अन्य कुराको आधारमा सदस्य हुन वाट वञ्चित नगरिने व्यवस्था
३) आवधिक रुपमा लोकतान्त्रिक प्रकृया बमोजिम नेतृत्वको चयन हुने
४) आय व्ययको पारदर्शीता सहितको दलको सञ्चालन र व्यवस्थापन गर्ने स्पष्ट पद्धति स्थापित भएको

५) पूर्वानुमानीय संरचना र मापदण्ड सहित औपचारिक प्रक्रियाद्वारा दर्ता र मान्यता प्राप्त भएको ।

### २.४.३ नेपालको संवैधानिक इतिहासमा राजनीतिक दल सम्बन्धी व्यवस्था

नेपालमा राजनीतिक दलहरुको स्थापनाको इतिहासलाई स्मरण गर्दा एकतन्त्रीय राणा शासन विरुद्ध लड्न र उक्त व्यवस्थालाई ढाल्ने तथा जनताका हक अधिकारको वकालत गर्ने उद्देश्य लिई संगठित रुपमा दल खुलेका पाइन्छन् । प्रजातन्त्रको स्थापना तथा स्वतन्त्रताको आन्दोलनको नेतृत्व दलहरुवाटै भएको देखिन्छ । वर्गीय हितको वकालत गरेरपनि दल खुलेका हुन । पञ्चायत कालमा दलहरु प्रतिबन्धित हुँदापनि आफ्ना क्रियाकलापहरु जनतासमक्ष लैजान, जनतालाई जागरुक र संगठित तुल्याउन दलहरु हरतरहले क्रियाशील रहेको इतिहास छ । सक्रिय राजतन्त्रात्मक व्यवस्था अर्थात पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन दलहरुले नै लडेका हुन । हरेक तरहले शासन व्यवस्थामा जनतालाई वलियो वनाउने आन्दोलनको अगुवाई दलहरुले गरेका छन । गणतन्त्रको स्थापना जनताको इच्छा र आकांक्षा बमोजिम दलहरुको नेतृत्वमा भएको छ । नागरिक स्वतन्त्रताको वकालत गर्ने र स्वतन्त्रतामा वन्देज लाग्दा सो विरुद्ध पहिलो मोर्चामा रही जनतालाई जागरुक वनाउन पनि दलहरु नै क्रियाशील रहेको पाइन्छ । संविधानवादको सुनिश्चितताको निमित्त पनि राजनीतिक दलहरुको महत्वपूर्ण योगदान रहेको छ । दलहरु आफ्नो सिद्धान्तमा आधारित भई आ-आफ्नो कार्यक्रम लिएर हिंडेपनि वहुलवादको वकालत गरेको इतिहास छ ।

जहाँसम्म नेपालको संवैधानिक इतिहासमा राजनीतिक दल सम्वन्धी व्यवस्थाको कुरा छ, वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि लागू भएको नेपाल अन्तरिम शासन विधान, २००७ को धारा १६ मा वाक र प्रकाशन स्वतन्त्रता एवं संघ संस्था खडा गर्ने स्वतन्त्रताको प्रत्याभूति भएपछि राजनीतिक दलको संस्थागत विकासको संवैधानिक आधार तयार भएको हो भन्न सकिन्छ । सोही अनुरुपको व्यवस्थालाई नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ७ ले समेत आत्मसात गरेको थियो । तर राजनीतिक दलहरुको संस्थागत विकास र सुदृढीकरण अवरुद्ध हुने गरी २०१७ साल पौष २२ गते तत्कालिन राजा महेन्द्रले राजनीतिक दलहरुलाई अबैध घोषणा गरी दलहरुमाथि प्रतिबन्ध लगाए । यसको बाबजुद प्रतिबन्धित अवस्था मै रहेर पनि निरंकुशता विरुद्धको आन्दोलनलाई दलहरुले निरन्तरता दिई नै रहे ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले विगतमा दलहरु माथि प्रतिबन्ध लागेको इतिहासलाई ख्याल गरी पहिलो पटक राजनीतिक दल सम्वन्धी विस्तृत व्यवस्था गर्दै दलमा प्रतिबन्ध लगाउन नपाइने सुनिश्चितता गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले पनि राजनीतिक दल सम्बन्धमा केही थप नयाँ व्यवस्था गरेको हुँदा उल्लेखित व्यवस्थाहरु देहाय वमोजिम उल्लेख गरिएको छ ।

## नेपाल अधिराज्यको संविधान, २०४७ मा भएको राजनीतिक दल सम्वन्धी व्यवस्था :-

धारा ११२. राजनीतिक संगठन वा दललाई प्रतिबन्ध लगाउन बन्देज : (१) समान राजनीतिक उद्देश्य र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरुले यस संविधानको धारा १२ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश (३) अन्तर्गत बनेको कानूनको अधीनमा रही आफ्नो इच्छानुसार राजनीतिक संगठन वा दल खोल्न, सञ्चालन गर्न र सो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनको लागि अन्य कुनै कार्य गर्न सक्नेछन् । त्यस्तो कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी जारी भएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने र अमान्य हुनेछ ।

(२) कुनै एउटै राजनीतिक संगठन वा दल वा एकै किसिमको राजनीतिक विचारधारा भएका व्यक्तिहरुले मात्र निर्वाचन वा देशको राजनीतिक प्रणालीमा भाग लिन वा सम्मिलित हुन पाउने गरी जारी भएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधानको प्रतिकूल र अमान्य हुनेछ ।

(३) उपधारा (२) मा उल्लेख भएको उद्देश्यबाट वा धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रीयताको आधारमा गठित राजनीतिक संगठन वा दललाई निर्वाचन आयोगले राजनीतिक संगठन वा दलको रुपमा मान्यता दिने छैन ।

धारा ११३. राजनीतिक संगठन वा दलको रुपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने : (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनीतिक संगठन वा दलले निर्वाचन आयोगद्धारा निर्धारित गरिएको कार्यविधि अनुसार सो आयोगको कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्छ । सो बमोजिम दर्ताको लागि दिइने निवेदन पत्रमा सो राजनीतिक संगठन वा दलको नाम, त्यसको कार्यकारिणी समिति वा त्यस्तै अन्य कुनै समितिको सदस्यहरुको नाम र ठेगाना स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ र आफ्नो नियमावली तथा घोषणापत्र पनि साथै पेश गर्नुपर्छ ।

(२) उपधारा (१) बमोजिम दर्ताको लागि यस भागमा लेखिएका अन्य कुराहरुका अतिरिक्त राजनीतिक संगठन वा दलले निम्नलिखित शर्तहरु पनि पूरा गर्नु पर्नेछ :-

(क) सो संगठन वा दलको विधान र नियम प्रजातान्त्रिक हुनु पर्छ,

(ख) सो संगठन वा दलको विधान वा नियममा कम्तीमा पाँच वर्षको एक पटक संगठन वा दलका पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था भएको हुनुपर्छ,

(ग) धारा ११४ को व्यवस्था पालन गरेको हुनुपर्छ र

(घ) प्रतिनिधि सभाको निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत प्राप्त गरेको हुनुपर्छ ।

तर यस संविधान बमोजिम पहिलो पटक हुने प्रतिनिधि सभाको निर्वाचनमा भाग लिनको लागि यस खण्डमा लेखिएको शर्त बन्देज लागु हुने छैन ।

स्पष्टीकरण : कुनै दलले खसेको मतको तीन प्रतिशत मत हासिल गर्न नसकी सो दल वा संगठनको उम्मेदवार प्रतिनिधि सभामा चुनिएर गएको खण्डमा सो व्यक्तिको अस्तित्व संगठन वा दलको रुपमा नभई स्वतन्त्र रुपमा रहेको मानिनेछ ।

(३) कुनै राजनीतिक संगठन वा दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा, धार्मिक साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।

धारा ११४. महिला उम्मेदवार : प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरु मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हुनेछ ।

## नेपालको अन्तरिम संविधान, २०६३ मा रहेको राजनीतिक दल सम्बन्धी व्यवस्था :-

धारा १४१. राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज : (१) समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरुले धारा १२ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश (३) अन्तर्गत बनेको कानूनको अधीनमा रही आफ्नो इच्छानुसार राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सो को विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनको लागि अन्य कुनै काम गर्न सक्नेछन् । त्यस्तो कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने र स्वतः अमान्य हुनेछ ।

(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरुले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाएको कानून, गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधानको प्रतिकूल र स्वतः अमान्य हुनेछ ।

(३) यो संविधानको प्रस्तावनाको मूल भावना र मर्म प्रतिकूल उद्देश्य राखेका पार्टीहरु दल दर्ताको निम्ति योग्य मानिने छैनन् ।

धारा १४२. राजनीतिक दलको रुपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने : (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनीतिक दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ । यस अनुसार दर्ता नगर्ने राजनीतिक दलहरुको नाम निर्वाचन आयोगको सूचीबाट हटाइनेछ ।

(२) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन गर्दा प्रस्ताव दर्ता गर्न गरिएको राजनीतिक दलको विधान, घोषणापत्र र नियमावली पेश गरी अन्य कुराको अतिरिक्त देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) राजनीतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना,

(ख) राजनीतिक दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना,

(ग) राजनीतिक दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण ।

(३) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनीतिक दलले देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ :-

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्छ,

(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था हुनु पर्छ,

(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरु समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्छ,

(घ) दलको विधानमा दलका सदस्यहरुलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनु पर्छ ।

(४) कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा

मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको संवर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।

(५) निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनको लागि कम्तीमा दस हजार मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्नेछ ।

तर अन्तरिम व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलहरुको हकमा यो प्रावधान लागू हुने छैन ।

(६) यस भागमा लेखिएदेखि बाहेक राजनीतिक दलको स्थापना, दर्ता, मान्यता तथा अन्य कुराहरु कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

### २.४.४ विभिन्न देशका संविधानमा र अन्य अन्तर्राष्ट्रिय दस्तावेजमा भएका राजनीतिक दल सम्बन्धी व्यवस्थाको तुलनात्मक अध्ययन

संविधानमा दलहरुको व्यवस्था बारे अन्तर्राष्ट्रिय रुपमा अध्ययन गर्दा कमै देशहरुमा यस सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । धेरै देशहरुमा Freedom of Speech and Form Union को अधिकारको प्रत्याभूति गरी सोही अन्तर्गत राजनीतिक दल खोल्ने स्वतन्त्रता संरक्षण गरिएको भन्ने देखिन्छ । त्यस सम्बन्धमा विस्तृत व्यवस्था कानूनमा गर्ने गरिएको छ । अमेरिकी संविधान निर्माणको क्रममा दलहरुको व्यवस्था गर्दा अमेरिकी समाज विभाजित हुने निर्माताहरुले महसुस गरी यस सम्बन्धमा व्यवस्था नगरिएको भन्ने तथ्य अध्ययन गर्न पाइन्छ । तर संविधान निर्माणको २० वर्ष पछि दलहरुको विकास भएको देखिन्छ ।

**फान्स:** फान्सको सन् १९५८ को संविधानको Article 4 मा राजनीतिक दलहरुको सम्बन्धमा देहायको व्यवस्था रहेको छ:- Political parties and groups shall contribute to the exercise of suffrage. They shall be formed and carry on their activities freely. They must respect the principles of national sovereignty and democracy. They shall contribute to the implementation of the principle set out in the last paragraph of article 3 as provided by statute.

उक्त धारा ३ को अन्तिम वाक्याशंमा यस्तो व्यवस्था रहेको छ :-Statutes shall promote equal access by women and men to elective offices and positions.

यसप्रकार फान्सको संविधानले राजनीतिक दल र समूहहरुले जनमतको अभ्यासलाइ योगदान गर्नुपर्ने, दलको गठन र क्रियाकलाप संचालन गर्नमा स्वतन्त्रता हुने, उनीहरुले मुलुकको सार्वभौमसत्ता र लोकतन्त्रलाई सम्मान गर्नुपर्ने तथा पदहरुको बाँडफाँडमा महिला र पुरुषको समान पहुचलाई अभिवृद्दि गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ ।

**इटली:** इटलीको संविधान, १९४७ को धारा ४९ ले All citizens shall have the right to associate freely in political parties in order to contribute by democratic means to the determination of national policy. भनेको छ । हरेक नागरिकलाई राष्ट्रिय नीतिको निर्धारण गर्नमा लोकतान्त्रिक तवरले योगदान गर्नको लागि पार्टीमा समावेश हुने अधिकार दिएको छ ।

**स्पेन:** स्पेनको संविधान, १९७८ ले वहुलवादलाई अभिव्यक्त गर्ने र जनइच्छाको प्रस्तुती गर्ने साधनको रुपमा दलहरु हुने, जनताको राजनीतिक सहभागिताका साधनको रुपमा रहने तथा उनीहरुको आन्तरिक संरचना एवं क्रियाकलाप लोकतान्त्रिक हुनु पर्ने व्यवस्था गर्दै उक्त संविधानको धारा ६ मा Political parties express democratic pluralism, assist in the formulation and manifestation of the popular will, and are a basic instrument for political participation. Their creation and the exercise of their activity are free within the observance of the constitution and the laws. Their internal structure and operation must be democratic. भन्ने उल्लेख भएको छ ।

**जर्मनी:** जर्मनीको Basic Law, 1949 को धारा २१ मा राजनीतिक दलसँग सम्बन्धित प्रावधान रहेको छ । जुन यसप्रकार छ :

1) The political parties participate in the forming of the political will of the people. They may be freely established. Their internal organization must conform to democratic

principles. They have to publicly account for the sources and use of their funds and for their assets.

2) Parties which, by reason of their aims or the behaviour of their adherents, seek or impair or abolish the free democratic basic order or to endanger the existence of the Federal Republic of Germany are unconstitutional. The Federal constitutional court decides on the question of unconstitutionality.
3) Details are regulated by Federal Statutes.

यस प्रकार दलहरु स्वतन्त्र रुपमा स्थापित हुन सक्ने, उनिहरुले जनताको विचार निर्माण गर्ने, आन्तरिक संगठन संञ्चालनमा लोकतान्त्रिक मान्यता अगाल्नु पर्ने व्यवस्थाका साथै लोकतान्त्रिक व्यवस्थालाई अवरोध वा समाप्त पार्ने नीति र व्यवहार भएका तथा जर्मनीको अस्तित्वलाई खतरा पार्ने दल अवैध हुने प्रावधान समेत रहेको देखिन्छ ।

**भारत:** भारतको संविधानमा राजनीतिक दल सम्बन्धमा संविधानको छुट्टै भागमा कुनै व्यवस्था गरेको देखिंदैन । तर संविधानको धारा १९ मा सबै नागरिकलाई वाक र अभिव्यक्ति स्वतन्त्रता, विनाहातहतियार शान्तिपूर्वक भेला हुन र संघ, संगठन गठन गर्न सक्ने कुरा उल्लेख भएको र त्यस्ता अधिकारको प्रयोग निरपेक्ष रुपमा गर्न नपाइने कुरा उल्लेख भएको पाइन्छ ।

**इरान:** इरानको संविधान, १९७९ को धारा २६ को Freedom of Association शिर्षकमा उल्लेख गरिएको छ कि "The formation of parties, societies, political or professional associations, as well as religious societies, whether Islamic or pertaining to one of the recognized religious minorities, is permitted provided they do not violate the principle of independence, freedom, national unity, the criteria of Islam, or the basis of the Islamic Republic. No one may be prevented from participating in the aformentioned groups or be compelled to participate in them." यसरी उक्त देशमा अन्य कुराहरुका अलावा इस्लामिक मापदण्ड विपरितका कृयाकलापहरु गर्न राजनीतिक दल खोल्न नपाइने व्यवस्था रहेको देखिन्छ ।

**जापान:** जापानको संविधान, १९४६ को धारा २१ को उपधारा (१) मा "Freedom of assembly and association as well as speech, press and all other forms of expression are guaranteed" भन्नेसम्म उल्लेख भएको र सो वाहेक राजनीतिक दल सम्बन्धी छुट्टै व्यवस्था भएको पाइदैन ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४९ को धारा १९ मा प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार रहने कुरा उल्लेख छ भने धारा २० मा प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र संगठनको स्वतन्त्रताको अधिकार रहने छ भन्ने कुरा उल्लेख भएको पाइन्छ । सोही धारामा कुनै पनि व्यक्तिलाई कुनै पनि संगठनमा लाग्न वाध्य गराउन सकिने छैन भनिएको छ ।

त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को भाग १, धारा १ ले व्यक्तिलाई राजनीतिक हैसियत निर्धारणको अधिकार हुने भनेको छ । धारा १९ मा प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार रहने कुरा उल्लेख छ । तर यस्ता अधिकारहरुको प्रयोगमा अरुको अधिकार वा प्रतिष्ठाको सम्मान, राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण गर्नु पर्ने अवस्थामा कानूनद्वारा प्रतिवन्ध लगाउन सकिनेछ । त्यसैगरी धारा २१ मा व्यक्तिको शान्तिपूर्वक भेला हुन पाउने अधिकारलाई स्वीकार गरिएको छ । तर यो अधिकारको प्रयोगमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार वा स्वतन्त्रताको संरक्षणको लागि आवश्यक प्रतिवन्धहरु लगाउन सकिने छ भन्ने उल्लेख भएको पाइन्छ । धारा २५ ले प्रत्यक्ष वा स्वतन्त्र रुपमा छानिएका प्रतिनिधि मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिन पाउने प्रत्याभूति गरेको छ ।

### २.४.५ राजनीतिक दल खोल्ने स्वतन्त्रता, दलको सञ्चालन र दलले पालन गर्नुपर्ने कर्तव्यहरु

- लोकतन्त्रको एउटा सुन्दरतम पक्ष नै राजनीतिक दल खोल्ने स्वतन्त्रता हो । यसका लागि संविधानमा नै राजनीतिक दल खोल्ने र उनीहरुले खुल्ला एवं वैधानिक तवरबाट आफ्ना कृयाकलापहरु सञ्चालन गर्न पाउने

आधार प्रदान गरिदै आएको कुरालाई निरन्तरता दिईनुपर्छ । राजनीतिक दल खोल्न प्रतिवन्ध लगाएको विगतको राजनीतिक अनुभव र प्रचलनलाई ध्यानमा राख्दै र कुनैपनि प्रकारको तानाशाही व्यवस्था भविश्यमा आउन नसकोस भन्ने तर्फ दृष्टिगोचर गर्दै यस्तो गर्नु उपयुक्त हुन्छ ।

- कुनैपनि व्यक्तिहरुले आफ्नो इच्छा अनुसार राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सो विचारधारा, दर्शन वा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्ने गरी प्रचार प्रसार आदि गर्न पाउने गरी सुनिश्चितता प्रदान गर्नु उपयुक्त हुन्छ ।
- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा र राष्ट्रिय हित विपरित हुने नीति, कार्यक्रम र क्रियाकलाप हुन नहुने ।
- राष्ट्रिय एकता, विभिन्न जातजाती धर्म वा सम्प्रदायका वीचको सुसम्बन्धमा खलल पार्ने किसिमको नीति, कार्यक्रम र व्यवहार हुन नहुने ।
- लिङ्ग, जातजाति, धर्म, वर्ण, क्षेत्रीयता आदिको आधारमा नागरिकहरुवीच विभेद गर्न नहुने ।
- हिंसात्मक क्रियाकलाप गर्न, अपराध गर्नलाई दुरुत्साहन गर्ने र सार्वजनिक नैतिकताको प्रतिकुल हुने क्रियाकलापमा संलग्न हुन नहुने ।

### २.४.६ दल दर्ताको विधि र प्रक्रिया

राजनीतिक दल स्थापित भएपछि राज्य संयन्त्रका कुनै औपचारिक निकायमा दर्ता हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ । यस सन्दर्भमा राजनीतिक दल दुई प्रयोजनको लागि दर्ता हुन सक्ने देखिन्छ ।

**१. राजनीतिक दलको नियमित दर्ता :-** कुनै पनि राजनीतिक दल स्थापना भएपछि त्यसको संस्थागत विकास होस र कानूनी व्यक्तिको रुपमा सञ्चालित हुन सकोस् भनी दलहरुको नियमित दर्ता निर्वाचन आयोगमा गर्ने वा अन्य कुनै निकायमा गर्ने भन्ने बारे संविधानमा नै स्पष्ट गरिनु उपयुक्त हुन्छ । हाम्रो संवैधानिक व्यवस्था र स्थापित प्रचलन एवं मान्यताबाट निर्वाचन आयोग एउटा स्वतन्त्र संवैधानिक निकायको रुपमा कायम रहेको र दलको नियमित दर्ता लगायतका विषयमा विशेषज्ञता समेत यस निकायमा रहेको परिप्रेक्ष्यमा दलको नियमित दर्ता गर्ने जिम्मेवारी पनि सोही निकायमा हुनु उपयुक्त देखिन्छ । यसो गर्दा अधिकारक्षेत्रमा दोहोरोपन आउने सम्भावना न्यून हुनसक्ने, सहज र सरल हुन सक्ने एवं अर्को संरचना निर्माण गर्दा राज्यलाई पर्न सक्ने थप व्ययभार पनि कम हुन सक्ने देखिन्छ । देशको भावी शासकीय स्वरुप संघीय प्रणालीमा आधारित हुने हुँदा प्रादेशिक इकाईस्तरमा समेत राजनीतिक दलहरुको दर्ता र संचालन हुन सक्ने यथार्थतालाई दृष्टिगत गरी प्रादेशिक इकाईस्तरमा समेत दलहरु दर्ता र संचालन हुने कुराको आधारभूत रुपमा प्रत्याभूत गरी अन्य विस्तृत व्यवस्थाहरु कानूनबाट व्यवस्थित गर्न सकिन्छ । यसरी दलको दर्ता गर्ने क्रममा राजनीतिक दलको विधान, घोषणा पत्र, नियमावलीका र वार्षिक लेखापरीक्षण प्रतिवेदन लगायत कानूनमा व्यवस्था भए बमोजिमका अन्य विवरण खुलाउनु पर्ने गरी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

**२. निर्वाचन प्रयोजनको लागि दल दर्ता :-** यस प्रयोजनको लागि दल दर्ता गर्ने अधिकार हाम्रो संवैधानिक परिपाटी र स्थापित मान्यता अनुसार निर्वाचन आयोगलाई रहेको देखिन्छ । कानूनमा आवश्यक व्यवस्था गरी सोही प्रचलनलाई निरन्तरता दिइनु उपयुक्त हुन्छ । यसरी निर्वाचनको प्रयोजनको लागि दलको दर्ता गर्ने क्रममा निर्वाचन आयोगले निर्धारण गरेको कार्यविधि पूरा गर्नु पर्ने र राजनीतिक दलको विधान, घोषणा पत्र, नियमावली र वार्षिक लेखापरीक्षण प्रतिवेदन लगायत कानूनमा व्यवस्था भए बमोजिमका अन्य विवरण खुलाउनु पर्ने गरी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

### २.४.७ राजनीतिक दल भित्रको लोकतन्त्र र समावेशीता

राजनीतिक दलहरु नै लोकतन्त्रका सम्वाहक हुन् । देशमा पूर्ण लोकतन्त्र वहाली गर्न र आमजनतालाई लोकतन्त्रप्रति आस्थावान र निष्ठावान कायम गराई राख्नका लागि राजनीतिक दलका गतिविधिहरु आफैमा लोकतान्त्रिक र समावेशी मान्यताबाट अभिप्रेरित हुनु वाञ्छनीय हुन्छ । यसले दलहरुप्रति जनताको विश्वासलाई वलियो बनाउछ । चुनावका वेला जनताबाट अनुमोदित राजनीतिक दलले नै मुलुकको शासन सञ्चालन गर्ने जिम्मेवारी पाउने हुँदा यी दलहरु आफैमा लोकतान्त्रिक र समावेशी हुनु जरुरी हुन्छ । राजनीतिक दल बलियो भएमा लोकतन्त्र फस्टाउने कुरामा दुईमत हुदैन ।

राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र जति सवल हुन्छ राष्ट्रिय राजनीतिमा यसले उत्तिनै सकारात्मक प्रभाव पारेको हुन्छ । आज हरेक क्षेत्रमा समावेशीताको कुरा ज्वलन्त रुपमा उठेको र सदियौ देखि पछाडि परेको वर्गले आफ्नो हिस्सेदारी खोजीरहेको छ जुन स्वभाविक र उचित छ । अतः राजनीतिक दलभित्रको लोकतन्त्रको सूचकको रुपमा समावेशीतालाई समेत समाहित गर्नु उचित हुन्छ । दलभित्रबाटै यस्तो कुराको सुनिश्चितता हुन सकेमा हालसम्म

बहिस्करणमा परेको वर्गले राष्ट्रको नीति निर्माण लगायत अन्य स्थानमा समान सहभागी बन्न सक्ने अनुकुल वातावरण तयार हुन सक्छ । तसर्थ, यसका लागि संविधानमा देहाय बमोजिमको व्यवस्था गर्नु उपयुक्त हुन्छ :-

- राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ ।
- राजनीतिक दलको विधान वा नियमावलीमा कम्तिमा पाँच वर्षमा एकपटक सो दलका संघीय र संघीय इकाइ तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्छ ।
- विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्वित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरेको हुनुपर्छ ।
- दलको विधानमा दलका सदस्यहरुलाई अनुशासित तुल्याउने र अनुशासनको उल्लंघन भएको सम्वन्धमा कारवाही समेत गर्ने व्यवस्था राख्नुपर्छ ।
- यस सम्वन्धमा आवश्यक अन्य कुराहरु कानुनद्धारा व्यवस्थित हुनेगरी राख्नु उपयुक्त हुने ।

### २.४.८ राजनीतिक दलको व्यवस्थापन, पारदर्शीता र जवाफदेहिता सम्वन्धी संयन्त्रहरु

राजनीतिक दलको रुपमा मान्यता पाएपछि त्यस्ता दलहरुले पनि अन्य कानूनी व्यक्तिले जस्तै निश्चित दायित्व पुरा गर्नु पर्ने हुन्छ । दलको व्यवस्थापन र निर्णय प्रकृया लोकतान्त्रिक, पारदर्शी र जनताप्रति उत्तरदायी हुनेगरी गरिनु उपयुक्त हुन्छ । दल सञ्चालनको लागि जनशक्तिमात्र नभई आर्थिक स्रोत साधन आवश्यक पर्ने कुरामा दुइमत हुन सक्दैन तर त्यसरी प्राप्त हुने स्रोत स्वस्थ प्रकृतिको र राष्ट्रिय स्वाभिमानलाई प्रवर्धन गर्ने हुनुपर्छ । यस्तो वार्षिक आम्दानी र खर्चको लेखा लेखाका मान्य सिद्धान्त अनुसार राखिनु पर्ने, पारदर्शीता हुनुपर्ने र मान्यता प्राप्त लेखापरीक्षकवाट लेखापरीक्षण गरिनुपर्ने व्यवस्था संविधानमा राखिनु उपयुक्त हुन्छ । दलभित्र पारदर्शीता र जवाफदेहिता सुनिश्चित हुँदा राज्यका अन्य संयन्त्रहरुमा समेत यसको सकारात्मक प्रभाव पर्दछ । यसो भएमा दलप्रति जनताको विश्वास कसिलो र दरिलो हुन योगदान पुऱ्याउछ । यसका अतिरिक्त दल र तिनका उम्मेदवारले चुनावका वेला गरेको खर्च विवरण समेत पारदर्शी हुनुपर्ने र सो को विवरण निर्वाचन आयोगमा वुझाउनु उपयुक्त हुन्छ । दलहरुलाई जनताप्रति उत्तरदायी वनाउनका लागि त्यस्तो संयन्त्रले अझ वढी टेवा पुऱ्याउने कुरामा दुईमत हुँदैन ।

## २.५ संकटकाल सम्वन्धी व्यवस्था

### २.५.१ विषय परिचय

मानव जीवनमा जस्तै राष्ट्रको जीवनमा पनि उतार चढावहरु आउने गर्दछन् । राष्ट्रको अवस्थापनि गतिशील (dynamic) हुने भएकोले राष्ट्रिय जीवनमा संकट आउनु अस्वभाविक पनि हुदैन । भविष्यमा आईपर्न सक्ने त्यस्ता असहज परिस्थितिको सामना गर्न केही न केही प्रवन्ध संविधानमा गर्नु पर्ने हुन्छ । यसै तथ्यलाई मनन गरेर नै संविधानमा संकटकालीन अवस्थाको घोषणा गर्ने व्यवस्था गरेको पाइन्छ। तथापि भविष्यमा आइपर्न सक्ने संकटको पूर्वानुमान गरी त्यसवाट पार पाउनका लागि पहिले नै सुरक्षाकवचको प्रवन्ध गर्ने कार्य त्यति सहज भने हुदैन । संकटहरु मानव सृजित मात्र हुँदैनन, कतिपय अबस्थामा प्रकृति सृजित विपत्तिहरुले पनि संकट निम्त्याउने गर्दछन् । राज्यव्यवस्थाका विरुद्ध मुलुक भित्रवाट वेलाबखतमा हुने गरेको सशस्त्र विद्रोह, आन्तरिक उपद्रव तथा बाह्य जगतबाट हुने आक्रमणको प्रत्यक्ष खतराले राष्ट्रिय सुरक्षामाथि ठूलो संकट आइपर्ने गरेको तथ्यसँग पनि हामी सवै परिचित नै छौं ।

चरम आर्थिक विश्रृंखलताको कारणवाट अर्थतन्त्र धराशायी हुने अवस्थामा पनि राष्ट्रिय संकट उत्पन्न हुन सक्दछ । बदलिएको बर्तमान विश्वमा मानिसले कल्पना नै गर्न नसक्ने घटनाहरु पनि घट्न थालेका छन् । घातक रोगको महामारीको प्रकोप र आतंककारी शक्तिहरुले प्रयोग गरिरहेको आतंकको नयाँ-नयाँ स्वरुपहरुले एउटामात्र मुलुकलाई होइन सारा विश्वलाई नै त्रासदीमा बाँच्न विबश बनाइरहेको छ । पहिले नै निश्चित रुपमा अनुमान गर्न नसकिए पनि संभावित जुनसुकै संकटापन्न अवस्थालाई संवोधन गर्न राज्यसंयन्त्रलाई तयारी अवस्थामा राख्नु पर्छ भन्ने विषयमा कुनै विवाद हुन सक्दैन । यस प्रकारका अनगिन्ति संकटहरुलाई सामनागर्नको लागि राज्य व्यवस्थालाई तयार राख्ने कुरा पुरानै विषय हो । राज्य संयन्त्रलाई भविश्यमा आइपर्ने राष्ट्रिय संकटसँग जुध्नको लागि वैधानिकता दिने कार्य संकटकाल सम्वन्धी व्यवस्थाले प्रदान गरेको हुन्छ ।

आन्तरिक र बाह्य कारणवाट राष्ट्रिय सुरक्षामा खतरा आएमा राज्यसंयन्त्रलाई सुदृढ, संगठीत र एकिकृत तुल्याउनु पर्ने हुन्छ । त्यस अवस्थामा राज्य शक्तिको बढोत्तरी हुने र नागरिकहरुको हक अधिकारमा संकुचन वा वन्देज लाग्न सक्छ । यस परिस्थितिमा सवैभन्दा बढी असर पर्ने नागरिकका हक अधिकार र वैयक्तिक स्वतन्त्रता माथि नै हो । भनिन्छ

संकटकाल श्रृजित गर्ने घटनाको भन्दा संकटकालसँग सामना गर्नको लागि राज्यद्वारा खडा गरिने प्रवन्ध र संचालन गरिने उपायहरुवाट जनताले बढी कष्ट र हैरानी व्यहोर्नु पर्ने हुन्छ । तथापि व्यक्तिगत स्वार्थ भन्दा राष्ट्रिय स्वार्थ महत्वपूर्ण हुन्छ भन्ने मान्यताले गर्दा राष्ट्रिय संकटमा नागरिक हक अधिकार कटौति गर्ने प्रावधानले वैधानिकता प्राप्त गरेको हुन्छ । यसै दृष्टिकोणवाट नै मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि राज्यले संकटकाल व्यवस्थापन गर्न पाउने कुरालाई मान्यता दिएको देखिन्छ । नागरिक तथा राजनीतिक अधिकार सम्वन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICCPR) को धारा-४ मा *"राष्ट्रको अस्तित्व खलल पार्ने सार्वजनिक संकट र सो को विद्यमानता आधिकारिक रुपमा घोषणा गरिएको समयमा यो प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले स्थितिको आकस्मिकतावाट अत्यावस्यक भएको हदसम्म आफ्ना दायित्वहरु न्यूनगर्ने उपायहरु अवलम्वन गर्न सक्नेछन् ।"* भन्ने उल्लेख छ । तर वास्तविक राष्ट्रिय संकटको समयमा नागरिकहरुमा स्वःस्फूर्त राष्ट्रिय सहयोगको भावना आउने हुँदा संकटकालीन प्रवन्ध गरिरहन जरुरी छैन भन्ने मत पनि नपाइने होइन । त्यसमा पनि सामान्य कानूनद्वारा नै यस प्रकारको व्यवस्था गर्न सकिने हुँदा संविधानमा संकटकालीन प्राबधान राखिरहनु जरुरी छैन भन्ने बिचारधाराहरु पनि रहेका छन् । यसै अनुसार नै कतिपय देशहरुमा संकटकाल सम्वन्धमा संविधानमा व्यवस्था गरिएको पाइदैन र सामान्य कानुनवाट आवश्यक व्यवस्था गर्ने गरिएको पाइन्छ । तर हाम्रो संवैधानिक अभ्यास, प्रचलन र अनुभव समेतलाई ध्यानमा राखी यस सम्बन्धी आवश्यक व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

### २.५.२ अवधारणा

युद्ध, वाहय आक्रमण, सशस्त्र विद्रोह वा आन्तरिक उपद्रव, प्राकृतिक विपत्तिजस्ता अवस्थाहरुले देश र समाजमा अत्यन्तै गम्भिर असर पारी राष्ट्रको सार्वभौमसत्ता, अखण्डता र शान्ति व्यवस्थामा खतरा उत्पन्न हुन सक्दछ । यस्तो अवस्थाको दह्रोसँग सामना गर्न र त्यसवाट पारपाउन चालिने कदमको लागी स्थापित संयन्त्र नै संकटकालको घोषणा हो । राष्ट्रको आन्तरिक जीवन सुचारु रुपले संचालन हुन नसक्ने र राजनीतिक रुपमा स्थापित समाजमा गम्भिर खतरा आएको अवस्था नै संकटकाल हो । राष्ट्रको जीवनमा संकटकाल घोषणा अत्यन्त गम्भिर कुरा हो । यस्तो अवस्थामा संविधानका व्यवस्थाहरु नियमित तवरले सुचारु नहुन सक्दछन् । राज्यका संयन्त्रहरुलाई संकटकालसँग जुध्न र सोबाट मुक्ति दिलाउनका लागि आवश्यक आदेश निर्देश सहित तयारी अवस्थामा राखिन्छन् । व्यापक रुपमा नागरिक स्वतन्त्रताहरु कटौति गरिने भएकोले उदार प्रजातन्त्रवादीहरुले संकटकाललाई तानाशाही व्यवस्थाको प्रतिक वा सैनिक शासनको रुपमा दिने गर्दछन् ।

संकटकाल निवारणको लागि संकटकालीन आदेशसँगसँगै कार्यकारिणीले कानून सरहको हैसियत राख्ने आदेश जारी गर्न सक्दछ । त्यस्तो आदेशले सामान्य कानूनको मात्र नभई संविधान प्रदत्त केही मौलिक हकाधिकार माथि नै प्रतिबन्ध लगाउन सक्दछ । संकटकाल जारी गर्ने निकाय वा अधिकारीलाई संकटकालको मोचन भएको भन्ने लागेमा, मुलुकको व्यवस्थापिकाले अनुमोदन नगरेमा वा निश्चित अवधि पश्चात् यस प्रकारको आदेश स्वत: फिर्ता, निस्क्रिय वा समाप्त हुन्छ ।

### २.५.३ औचित्य र महत्व

विभिन्न कारणहरुले गर्दा अनपेच्छित रुपमा नै संकटहरु आइरहने गर्दछन् । कसैले पनि संकटकालको चाहना वा इच्छा गरेको हुँदैन । संकटको प्रकृति अनुरुप ठूलो जनधनको क्षति हुने वा राष्ट्रियता नै खतरामा पर्न सक्ने सम्मको संभावना रहन्छ । संकटवाट श्रृजित हुने यस प्रकारका चुनौति वा खतराको दुष्परिणामलाई फैलन नदिई न्यूनिकरण वा निवारण गर्नको लागि नै संकटकालिन प्रवन्धहरु गर्नु परेको हुन्छ । जनताका हक अधिकार माथि वन्देज लाग्न जाने भएवाट संकटकालीन अवस्था स्वयंवाट निस्कने दुष्परिणामहरु पनि चुनौतिपूर्ण हुन सक्छन् । युद्धवाट मुलुकलाई नजोगाउँदा राष्ट्रियता नै गुम्ने खतरा रहने हुँदा जुनसुकै मूल्य चुकाएर भए पनि यससँग सामन गर्नु पर्ने हुन्छ । सशस्त्र विद्रोह, सैनिक विद्रोहले पनि मुलुकलाई विभाजन गरी संविधान र कानूनको शासन व्यवस्था बहालीमा चुनौति दिएको हुन्छ । यसर्थ देशमा परिआएको कुनै पनि किसिमको संकटलाइ सामना गर्ने र आफ्नो अस्तित्वको संरक्षण गर्ने राज्यको मौलिक अधिकार नै हो ।

विद्वानहरुले संकटकालीन प्रवन्धलाई आवश्यकीय खराबी (Necessary evil) भन्ने गर्छन् । कहिलेकाँहीको लागि यो प्रवन्ध राष्ट्रको जीवनमा नभइ हुदैन, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतामा संकट आएको बखत यो संयन्त्र प्रयोग नगरी हुँदैन । मुलुक र नागरिकहरुलाई सुरक्षित पार्ने पवित्र उद्देश्यवाट अनुप्राणित भएर संकटकालीन प्रवन्धहरु गरिने हो । त्यसकारण यसको आवश्यकतालाई सहजै नकार्न सकिदैन । यसलाइ खरावीयुक्त यस कारणले भनिन्छ की यस अवस्थामा नागरिकका मौलिक हकहरु निलम्वन हुन्छन्, संकटकालको आवरणमा गरिने कार्यकारीणीको अधिकारको बृद्धिले शक्ति पृथकीकरण र संतुलनको मूल्य मान्यता निष्प्रभावी हुन सक्दछ र कार्यकारीको स्वेच्छाचारिता वढ्न

सक्दछ । नागरिक शासनको अनुभूति हुदैन । कतिपय अवस्थामा विरोधिहरुलाइ तहलगाउन यसको दुरुपयोग हुने गरेको छिमेकी र आफ्नै मुलुकको अनुभवले देखाउछ । त्ससैले यस सम्वन्धी प्रावधानहरु निर्माण गर्दा संविधान निर्माताले दुरुपयोग हुन नदिन विशेष सावधानी र सतर्कता अपनाउनु वाञ्छनीय हुन जान्छ । यस विषयमा विश्वका विभिन्न मुलुकको अभ्यास र हाम्रो आफ्नै अनुभववाट पाठ सिकेर व्यवस्था गरिनु उचित हुने देखिन्छ ।

### २.५.४ तुलनात्मक अध्ययन

प्राय संसारका सवै देशहरुमा राष्ट्रप्रमुख वा कार्यकारी प्रमुखद्धारा संकटकाल जारी गर्ने र विधायिकावाट अनुमोदन हुने साझा अन्तर्वस्तु समेटिएको पाइन्छ । नागरिकका के कस्ता हक अधिकारहरु निलम्वन गरिने, कति समयको लागि संकटकाल कायम राख्न सकिने, व्यवस्थापिकाको अनुमोदन कति समयावधिभित्र गराइ सक्नु पर्ने र संकटकालीन अवस्थाको न्यायिक पुनरावलोकनको स्थिति के हुने ? भन्ने आदि विषयहरुमा केही भिन्नता सहितका आ-आफ्नै अभ्यास र अनुभवहरु रहेको पाइन्छ ।

**भारत**

भारतीय संविधानले तीन प्रकारको संकटकालीन अवस्थाको परिकल्पना गरेको छ । जसमध्ये पहिलो युद्ध, वाह्य आक्रमण अथवा सशस्त्र विद्रोहबाट सम्पूर्ण भारतीय भूमिमाथि वा केही भागको सुरक्षामाथिको खतरा, दोश्रो राज्यहरुमा संवैधानिक संरचनाहरु असफल हुनु र तेश्रो वित्तिय संकटवाट श्रृजना हुने संकटकालीन अवस्था आदि रहेका छन् । सन् १९७५ मा लगाइएको संकटकाल निकै विवादास्पद भए पछि संविधानमा भएको ४४ औं संशोधनले संकटकालीन प्रावधानहरुमा व्यापक संशोधन र परिमार्जन गरी कार्यकारीणिले गर्ने अत्यधिक शक्ति दुरुपयोगलाई नियन्त्रण गर्ने थुप्रै सुरक्षाकवच प्रदान गरिएको छ ।

भारतीय सुरक्षा माथि आइपर्ने खतराको सामना गर्न संविधानको धारा ३५२, ३५३, ३५४, ३५५ र ३५९ ले मार्ग प्रशस्त गरेको छ । युद्ध, बाह्य आक्रमण वा आन्तरिक सशस्त्र विद्रोहको कारणवाट भारतको सम्पूर्ण वा कुनै भागको सुरक्षामा गम्भीर खतरा रहेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा संकटकालको घोषणा गर्न सक्दछन् - धारा ३५२ (१) । यस्तो घोषणा ३० दिन भित्र प्रत्येक सदनमा पेश गराई दुई तिहाई मतद्वारा अनुमोदन भएमा छ महिना सम्म बहाल रहने देखिन्छ । यसको आयु लम्ब्याउनु परेमा प्रत्येक छ/छ महिनामा शुरुकै जस्तो प्रकृया अवलम्वन गर्नु पर्ने हुन्छ । संसदवाट अनुमोदन नभएमा यस्तो आदेश स्वतः समाप्त हुन्छ - धारा ३५२(४) र (५) । संकटकाल बहाल राखिरहनु आवश्यक छैन भन्ने लागेमा राष्ट्रपतिले जहिलेसुकै फिर्ता लिन सक्दछन् । संकटकालीन घोषणा बहाल रहेसम्म संविधान प्रदत्त मौलिक हक अधिकारहरु (भूतप्रभावी कानून विरुद्धको संरक्षण, दोहोरो खतरा विरुद्धको संरक्षण र आफ्नो विरुद्ध आफै साक्षी हुन कर नलाग्ने प्रत्याभूति - धारा २० र वैयक्तिक स्वतन्त्रता र जीवनको अधिकार - धारा २१ वाहेक) निलम्वन हुन्छन् ।

भारतीय संविधानमा ४४ औं शंसोधन अघिसम्म प्रधानमन्त्रीको एकल शिफारिशको आधारमा राष्ट्रपतिले संकटकाल घोषणा गर्ने प्रावधान रहेकोमा यस शंसोधनले शिफारिशको लागि मन्त्रिपरिषदको सामूहिक निर्णय आवश्यक पर्ने गराइयो । त्यसै गरी दुई महिना सम्ममा संसदमा पेश गर्ने र सामान्य बहुमतवाट पारित भएपछि कार्यकारीणिको अनुकुलता अनुरुप जति लामो समय सम्म पनि बहाल राख्न सकिने साविक प्रावधान पनि शंसोधन गरियो । लोक सभाले संकटकालीन घोषणा गरिएको आदेशलाई कायम नराख्ने गरी प्रस्ताव पारित गरेमा राष्ट्रपतिले फिर्ता लिनु पर्ने नयाँ सुरक्षाकवच पनि यो शंसोधनले प्रदान गरेको देखिन्छ धारा -३५२(७) । यसका अतिरिक्त संकटकाल आवश्यक छैन भनी लोकसभाका कम्तिमा १/१० सदस्यहरुले संसदको अधिवेशन चलेको समयमा सभामुख र नचलेको समयमा राष्ट्रपति समक्ष विशेष अधिवेशनको माग गरी समावेदन गरेमा १४ दिन भित्र विशेष अधिवेशन वोलाउनु पर्ने प्रावधान पनि यस शंसोधनले थप गरेको पाइन्छ -धारा ३५२(८) राज्यहरुमा संवैधानिक संरचना असफल भएको अवस्थामा पनि संकटकालको घोषणा गर्न सकिने देखिन्छ धारा ३५६ ।

भारतीय संविधानले परिकल्पना गरेको संकटकालको अन्तिम रुप वित्तिय कारणवाट श्रृजित हुने संकट रहेको पाइन्छ - धारा ३६० । समग्र भारतको वा कुनै भागको वित्तिय स्थायित्व र देशको विश्वसनीयता माथि खतरा आइपरेको छ भन्ने कुरामा सन्तुष्ट भएमा धारा ३६०(१) बमोजिम राष्ट्रपतिले यस प्रकारको संकटकालको घोषणा गर्दछन् । यस आदेशको निवारणको लागि राज्यले वित्तिय क्षेत्रमा गर्नु पर्ने विभिन्न कामकारवाहीको निर्देशन समेत दिइने गरिन्छ । यस अन्तर्गत राज्यको संपत्तिको उपयोग, कर्मचारीको तलव भत्ता कटौति लगायतका विभिन्न वित्तिय हस्तक्षेपहरु पर्दछन् ।

**संयुक्त राज्य अमेरिका**
संयुक्त राज्य अमेरिकाको संविधान र कानूनमा संकटकालको घोषणा गर्ने र संकटकाल लगाउन सकिने स्पष्ट प्रावधान रहेको पाईंदैन । संविधानको धारा १ को दफा ९(२) मा विद्रोह वा आक्रमण भई सार्वजनिक सुरक्षाका लागि आवश्यक भएमा बाहेक बन्दी प्रत्यक्षीकरणको विशेषाधिकार निलम्बन नगरिने प्रत्याभूति गरिएको छ ।

संविधानको धारा ४ दफा ४ मा "The United States shall guarantee to every state in this Union a republican form of government, and shall protect each of them against invasion; and on application of the legislature, or of the executive (when the legislature cannot be convened) against domestic violence." भनिएको हुँदा सोहि आधारमा टेकेर राष्ट्रपतिले संकटग्रस्त राज्यहरुमा सेना पठाउने गर्दछन् । संघीय कानूनी प्रावधानले राष्ट्रपतिलाई दिएको सीमीत अधिकार अनुसार दिइएको आदेशवाट अमेरिकी सेनाले आन्तरिक हिंसा रोक्न, विद्रोह दमन गर्न र संघीय कानून कार्यान्वयनको लागि संकटग्रस्त क्षेत्रमा उपस्थित भई सुरक्षा घेरालाई मजबुत बनाउने कार्य गर्न सक्दछ ।त्यहाँ संकटकाल सम्वन्धमा राष्ट्रपतिको मात्र एकलौटि अधिकार छैन । संविधानको धारा १ को दफा ८(११) ले कंग्रेसलाई युद्धको घोषणा गर्न सक्ने अधिकार दिएको छ । दुबै अंगको समन्वयमा कार्यहरु सञ्चालन हुनु पर्ने देखिन्छ ।

**दक्षिण अफ्रिका**
दक्षिण अफ्रिकाको संविधानले संकटकालको घोषणा गर्ने अधिकार राष्ट्रपतिलाई दिएको छ । संविधानको धारा ३७ को उपधारा (१) मा (a) life of Nation is threatned by war, invasion, general insurrection, disorder, natural disaster or other public emergency. (b) the declaration is necessary to restore peace and order. भन्ने व्यवस्था गरेको पाइन्छ । राष्ट्रपतिको यो घोषणा पहिलो पटक संसदको सामान्य बहुमतवाट अनुमोदन भएमा वढीमा २१ दिन कायम रहन सक्ने देखिन्छ । त्यसपछि नेशनल एसेम्व्लीले बढाउन चाहेमा पहिलो पटक सामान्य बहुमतबाट प्रस्ताव पारित गरी तीन महिनाको लागि र त्यसपछि अर्को तीन महिनाको लागि संसदको ६० प्रतिशत बहुमतवाट अनुमोदन हुनु पर्ने देखिन्छ (धारा ३७ (२)) । त्यहा समानता, सम्मानपूर्वक वाच्न पाउने अधिकार, स्वतन्त्रता र व्यक्तिगत सुरक्षा, दासत्व र बलात् श्रम, अनाधिकृत पक्राउ र सुनुवाई विना थुनामा राख्न नपाउने जस्ता मौलिक हकहरुलाई संकटकालमा पनि निलम्वन गर्न नपाइने संवैधानिक प्रत्याभूति प्राप्त छ ।

**फ्रान्स**
फ्रान्सको पाँचौ गणतन्त्रको संविधान, १९५८ को धारा १६ ले संकटकालीन अधिकारको व्यापक अभ्यास गर्ने अधिकार राष्ट्रपतिलाई दिएको छ । जब गणतान्त्रिक संरचना, राष्ट्रिय स्वाधिनता, भौगोलिक अखण्डता, अन्तर्राष्ट्रिय रुपमा व्यक्त गरिएका प्रतिवद्धता माथि गंभिर चुनौति उत्पन्न हुन्छ र संवैधानिक सरकारको प्राधिकारले ठीक ढंगवाट काम कारवाहीमा वाधा उत्पन्न हुन्छ, तव राष्ट्रपतिले प्रधानमन्त्री, एसेम्वलीका अध्यक्ष र संवैधानिक परिषदसँगको सल्लाहमा परिस्थितिले मागेको आवश्यक संकटकालीन उपायहरु अवलम्वन गर्न सक्दछन् । संकटकाल अवधिभर नेशनल एसेम्वली भंग गर्न नहुने जस्ता केही सामान्य नियन्त्रणका प्रवन्धहरु संविधानको धारा १६ अन्तर्गत समेटिएको देखिन्छ ।

**संघीय गणतन्त्र जर्मनी**
संघीय गणतन्त्र जर्मनीको Basic Law को धारा 115A मा State of Defense र धारा 80A State of Tension को वारेमा व्यवस्था गरेको देखिन्छ ।

**क्यानडा**
क्यानडामा संविधानतः संकटकाल घोषणा गर्न सक्ने प्रावधान छैन । संकटकाल सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, १९८५ ले चार प्रकारका संकटकाल आइपर्न सक्ने परिकल्पना गरेको छ । जसमा प्राकृतिक विपत्तिको कारण लगाइने सार्वजनिक हितको संकटकाल, आतंककारी आक्रमणको कारणवाट लगाइने सार्वजनिक व्यवस्थाको संकटकाल, अन्तराष्ट्रिय संकट र युद्धको अवस्थावाट श्रृजित हुने संकटकाल प्रमुख रहेका छन् । कार्यकारीणिले संकटकालको घोषणा गर्ने गर्दछ र संसदका दुवै सदनले यसको अनुमोदन गर्नु पर्दछ ।

**अष्ट्रेलिया**
संविधानतः संकटकालीन प्रवन्ध नगर्ने अर्को संघीय मुलुक अष्ट्रेलिया हो ।

**वेल्जियम**

धारा १६७ को (१.२) मा "The King commands the armed forces, and determines the state of war and the cessation of hostilities. He notifies the Houses as soon as state interests and security permit and he adds those messages deemed appropriate." भन्ने व्यवस्था गरिएको छ ।

**स्पेन**

संविधानको धारा ११६ मा **Alarm, Emergency, Siege** सम्बन्धी देहायको व्यवस्था गरेको देखिन्छ :

1. An organic law shall regulate the states of alarm, emergency, and siege and the corresponding competences and limitations.
2. The state of alarm shall be declared by the Government, by means of a decree agreed upon by the Council of Ministers, for a maximum period of fifteen days informing the House of Representatives, which has convened immediately for that purpose and without whose authorization the period cannot be extended. The decree shall determine the territorial area to which the effects of the declaration shall be excluded.
3. The state of emergency shall be declared by the Government by means of a Decree agreed upon in the Council of Ministers after authorization by the House of Representatives. The authorization and proclamation of a state of emergency must expressly determine its purposes, the territorial area to which it is extended and its duration, which cannot exceed thirty days but which may be extended for a like period with the same requirements.
4. The state of siege shall be declared by the absolute majority of the House of Representatives at the exclusive proposal by the Government. The House of Representatives shall determine its territorial scope, duration, and conditions.
5. The House of Representatives may not be dissolved while any of the states contained in the present article are in effect, the Chambers being automatically convoked if they are not in a period of sessions. Their functioning, like that of the other constitutional powers of the State, may not be interrupted during the effectiveness of these states. In the event that the House of Representatives has been dissolved or its mandate has expired if one of the situations exists which leads to one of the aforementioned states, the competences of the House of Representatives shall be assumed by its Permanent Deputation.
6. The declaration of the states of alarm, emergency, and siege shall not modify the principle of the responsibility of the Government or its agents as recognized in the Constitution and in the laws.

### २.५.५ नेपालका संविधानहरुमा संकटकालीन अधिकार

**नेपाल सरकारको वैधानिक कानून, २००४**

धारा ४६ ले मुलुकभर कतै शान्ति भङ्ग भएको अवस्थामा श्री ३ महाराजले मन्त्रिमण्डलको सल्लाहले अस्थायी कानून जारी गर्न सक्ने र सो अस्थायी कानून छ महिना भन्दा वढी कायम नरहने व्यवस्था गरेको थियो । अवस्था सुध्रिएको भन्ने लागेमा श्री ३ ले जुनसुकै बेला सो कानून खारेज गर्न सक्ने व्यवस्था थियो । धारा ४७ को (क) मा मुलुकमा कुशासन, अशान्ति वा दुवै कारणवाट उक्त ऐन बमोजिम शासन चलाउने अवस्था नभएको भन्ने श्री ३ लाई लागेमा इस्तिहार जारी गरी अन्य व्यक्ति वा सभाको अधिकार आफैंमा लिने र वैधानिक कानून बमोजिम हुने काम कारवाही यो यसरी हुनेछन् भनी तजविजबाट व्यवस्था गर्न सक्ने प्रावधान रहेको देखिन्छ । त्यसरी जारी भएको आदेश अर्को आदेशवाट खारेज वा बदलिन सक्ने र छ महिना भित्र तजविजवाट उही वा अर्को व्यवस्थापक सभा बोलाउन सक्ने प्रावधान पनि रहेको थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७**

संविधानसभाको निर्वाचन सम्पन्न गरी नयाँ संविधान निर्माणको लक्ष्य लिएर छोटो समयको लागि जारी भएको यो संविधानमा संकटकालीन प्रवन्धहरु समेटिएको पाईंदैन ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ र ५६ संकटकालीन अवस्थाको घोषणासँग सम्बन्धित देखिन्छन् । उल्लेखित व्यवस्था देहायवमोजिम रहेको पाइन्छ ।

(१) श्री ५ को स्वविवेकमा कुनै गम्भीर संकट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा आर्थिक जीवन युद्धले वा बाहिरी आक्रमणले वा आन्तरिक उपद्रवले सन्तप्त छ भन्ने लागेको छ भने मौसुफबाट मौसूफ कै स्वविवेकमा देहाय बमोजिम गर्ने गरी घोषणा गर्न सकिबक्सने छ र यस संविधानको उपबन्धको प्रचलनलाई पूर्ण वा आंशिक मात्रामा निलम्बन गर्ने व्यवस्थाहरु लगायत घोषणाको उद्देश्य कार्यान्वित गर्नको लागि मौसुफबाट आवश्यक वा वाञ्छनीय सम्झिबक्सेको प्रासंगिक र आनुषंगिक व्यवस्थाहरु यस्तो जुनसुकै घोषणामा रहन सक्नेछन् ।

(क) घोषाणामा तोकिएसम्म मौसूफको कार्यहरु मौसूफबाट स्वविवेकमा गरिबक्सने गरी,

(ख) संसद वा अन्य कुनै सरकारी निकाय वा अधिकारीमा निहित वा ती द्वारा प्रयोग हुने सबै वा कुने अधिकार मौसूफले नै ग्रहण गरिबक्सने गरी,

तर यस उपधाराको कुनै कुराले पनि मौसूफबाट सर्वोच्च अदालतमा निहित वा त्यसद्वारा प्रयोग हुने कुनै पनि अधिकार ग्रहण वा यस संविधानको भाग ६ मा गरिएको व्यवस्थाहरु पूर्ण वा आंशिक मात्रामा निलम्बन गरिबक्सने छैन ।

(२) यस्तो कुनै घोषणा अर्को घोषणाद्वारा खारेज वा परिवर्तित हुन सक्नेछ ।

(३) पहिलो घोषणालाई खारेज गर्ने घोषणा बाहेक यस धारा अन्तर्गत भएको अन्य घोषणा बाह्र महिनाको अवधि नाघेपछि निष्कृय हुनेछ परन्तु पुनः अर्को घोषणाद्वारा नवीकरण हुन सक्दछ र गम्भीर संकटकालीन परिस्थिती अब विद्यमान छैन भनी श्री ५ सन्तुष्ट होइनबक्सेसम्म एवं रित चलिरहने छ ।

(४) श्री ५ बाट यस धारा अन्तर्गत अधिकार ग्रहण गरी बनाई बक्सेको कुनै पनि कानून ऐनद्वारा अगावै खारेज वा पुनः व्यवस्थित नभएमा यस धारा अन्तर्गतको घोषणा लागू हुन छोडेको ६ महिना वितेपछि निष्कृय हुनेछ ।

(५) श्री ५ बाट यस धारा अन्तर्गत अधिकार प्रयोग गरिबक्सदा यथासाध्य राष्ट्रिय परिषद्सँग परामर्श गरी कार्य गरिबक्सने छ ।

**संवैधानिक यन्त्र विफल भएमा संकटकालीन अधिकारहरु :-**

(१) यस संविधानद्वारा आयोजित संसदीय शासन पद्धति भङ्ग भएको छ र धारा १७ द्वारा प्रदत्त अधिकारहरु त्यस परिस्थितीमा अपर्याप्त छ भन्ने कुरा राष्ट्रिय परिषद्सँग परामर्श गरिबक्सेपछि श्री ५ को स्वविवेकमा लागेमा मौसूफबाट घोषणाद्वारा मौसूफको स्वविवेकमा यस संविधानको भाग ३,४ र ५ को कुनै पनि उपबन्ध निलम्बन गर्न र नेपाल अधिराज्यको शासनको लागि मौसूफको स्वविवेकमा आवश्यक ठहरिएका अस्थायी व्यवस्था गर्न सकिबक्सनेछ ।

तर-

(क) मौसूफको स्वविवेकमा संसदको एउटा मात्र वा दुवै सदनलाई निलम्वन गर्न आवश्यक छ भन्ने नलागेसम्म त्यस्तो गरिबक्सने छैन ।

(ख) मौसूफबाट संसदको एउटा सदन निलम्बन गर्नुपर्ने आवश्यक सम्झिबक्सेमा यो धारामा व्यक्त कुराहरुको अधिनमा रही श्री ५ र निलम्बन नभएको सदनको संसदद्वारा कानूनहरु बनाइने छन् ।

(ग) धारा ५३ ले व्यवस्था गरेको किसिम र ढाँचामा बाहेक श्री ५ बाट यस धारा अन्तर्गत यो संविधानलाई स्थायी तवरले संशोधन गरीबक्सने छैन ।

(२) उपधारा (१) अन्तर्गत जुनसुकै घोषणा पनि पछि हुने घोषणाद्वारा खारेज वा परिवर्तित हुन सक्नेछ ।

(३) पहिलो घोषणालाई खारेज गर्ने घोषणा बाहेक यस धारा अन्तर्गत भएको अन्य घोषणा बाह्र महिनाको अवधि नाघेपछि निष्कृय हुनेछ, तर पुनः अर्को घोषणाद्वारा नवीकरण हुन सक्दछ र श्री ५ को स्वविवेकमा यस संविधानद्वारा आयोजित संसदीय शासन पद्धति पूर्णतया पुनस्थापित हुन सक्दछ भन्ने कुरामा सन्तुष्ट होइनबक्सेसम्म यस्तै क्रमले चलिरहने छ ।

तर श्री ५ को स्वविवेकमा निम्नलिखित अवस्था छ भन्ने सन्तुष्ट भई नबक्सेसम्म यस धारा अन्तर्गत कुनै घोषणा पुनः नवीकरण हुन सक्ने छैन ।

(क) संसदीय शासन पद्धति यस्तो प्रकारले भङ्ग भएको छ कि आमनिर्वाचन गराउन अव्यवहारिक हुन जान्छ भने वा

(ख) आम निर्वाचन भरखरै भएको छ तर यस संविधानद्वारा आयोजित तरिकाबाट संसदीय शासन पद्धति अनुसार काम चल्न सक्दैन भने ।

(४) यस संविधानलाई संशोधन गर्ने बाहेक यस धारा अन्तर्गत जारी भएको घोषणा मुताविक बनाइएको कुनै पनि कानून, ऐनद्वारा अगावै खारेज वा पुनः व्यवस्थित नभएमा यस धारा अन्तर्गतको घोषणा लागु हुन छाडेको ६ महिना वितेपछि निस्कृय हुनेछ र यो संविधानलाई संशोधन गर्ने कानून चाहिं यस धारा अन्तर्गत जारी भएको घोषणा लागु हुन छाडेपछि निष्कृय हुनेछ ।

राजाको स्वविवेकमा कुनै गम्भीर संकटको विद्यमानताको कारणले नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा वाहिरी आक्रमणले वा आन्तरिक उपद्रवले सन्तप्त छ भन्ने लागेमा निजले आफै स्वविवेकमा संकटकालीन अवस्थाको घोषणा गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । राजा महेन्द्रले सोही धाराको प्रयोग गरी जननिर्वाचित प्रधानमन्त्रीलाई समेत

अपदस्थ गरी थुनामा राख्ने कार्य गरकोले संकटकालीन अवस्थाको घोषणा गर्ने अनियन्त्रित अधिकारको प्रयोगवाट राजनीतिक दुर्घटना हुने रहेछ भन्ने देखिएको छ ।

**नेपालको संविधान, २०१९**

जारी हुँदाको अवस्थामा यो संविधानको भाग १५ को धारा ८१ मा संकटकालीन अधिकार सम्बन्धी संवैधानिक प्रावधान राखिएको थियो । पछि तेस्रो शंसोधनवाट परिमार्जन गरी विषेश परिस्थिति तथा संकटकालीन अधिकार भन्ने प्रावधान राखियो । संविधान जारी हुँदाको अवस्थाको धारा ८१ र तेश्रो शंसोधनवाट कायम गरिएको धारा ८१क ले राजाको विचारमा नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षालाई युद्ध, बाह्य आक्रमण वा आन्तरिक उपद्रवको खतरा परी गंभीर संकट उत्पन्न भएको भन्ने लागेमा संकटकाल घोषणा हुन सक्ने देखिन्छ । संविधानका सबै वा कुनै धारा निलम्बन गर्न र राष्ट्रिय पञ्चायत वा अन्य कुनै सरकारी निकाय वा पदाधिकारीमा निहित अधिकार राजाले आफैमा लिन सक्ने प्रकृतिको प्रावधान पनि यो संविधानले गरेको पाइन्छ । (धारा ८१क)

**नेपाल अधिराज्यको संविधान, २०४७**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृखंलताको कारणले गंभीर संकट उत्पन्न भएमा नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिने व्यवस्था रहेको थियो । त्यस्तो घोषणा भएको मितिले तीन महिनाभित्र अनुमोदनको लागि प्रतिनिधिसभाको वैठकमा पेश गरिने र पेश हुँदा दुई तिहाई सदस्यबाट अनुमोदन भएमा ६ महिनासम्म लागू रहने र अनुमोदन नभएमा स्वत: निष्कृय हुने व्यवस्था थियो । प्रतिनिधिसभाको दुई तिहाईबाट अनुमोदन गरी अर्को एक पटक छ महिनामा नबढाई संकटकालको अवधि थप गर्न सकिने व्यवस्था रहेको थियो । प्रतिनिधिसभा विघटन भएको अवस्थामा राष्ट्रियसभाले उक्त अधिकार प्रयोग गर्न सक्ने व्यवस्था थियो । संकटकालको अवधिमा विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, आवत-जावत र पेशा रोजगार गर्ने स्वतन्त्रता, समाचार लेख प्रकाशित गर्ने हक, निवारक नजरबन्द विरुद्धको हक, सम्पत्तिको हक, सूचनाको हक, गोपनीयताको हक र संवैधानिक उपचारको हक निलम्वन हुन सक्ने व्यवस्था थियो । तर बन्दीप्रत्यक्षिकरणको उपचार प्राप्त गर्ने अधिकारमा निलम्वन हुन नसक्ने प्रावधान राखिएको थियो । सो संविधानमा राष्ट्र प्रमुखबाट जुनसुकै अवस्थामा संकटकाल फिर्तालिन सकिने व्यवस्था समेत थियो । उक्त संवैधानिक व्यवस्था बमोजिम २ पटक संकटकालीन अवस्थाको घोषणा भएको पाईन्छ ।

**मिति २०५८।८।११ मा जारी भएको आदेशको व्यहोरा**

श्री ५ महाराजाधिराजका हजूरमा २०५८ साल संसिर ११ गते बसेको मन्त्रीपरिषदको बैठकले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सन र सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्बन गरिबक्सन जाहेर गरिबक्सेकोले मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सी सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्बन गरिबक्सेको छ ।

**मिति २०६१।१०।१९ जारी भएको आदेशको व्यहोरा**

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सी सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्वन गरिबक्सेको छ ।

**नेपालको अन्तरिम संविधान, २०६३**

यो संविधानको भाग १९ को धारा १४३ मा "संकटकालीन अधिकार" शिर्षक अन्तर्गत देहाय बमोजिमको व्यवस्था छ :-

(१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा

राष्ट्रपतिले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि व्यवस्थापिका-संसदको बैठकमा पेश गरिनेछ ।

(३) उपधारा (२) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश व्यवस्थापिका-संसदको बैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।

(४) उपधारा (२) बमोजिम व्यवस्थापिका-संसदको बैठकमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै व्यवस्थापिका-संसदको बैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।

(६) उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था वहाल रहेसम्म कानून सरह लागू हुनेछ ।

(७) राष्ट्रपतिबाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश वहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्वन गर्न सकिनेछ ।

तर धारा १२ को उपधारा (१), (२) र उपधारा (३) को खण्ड (ग) र (घ), धारा १३ र १४, धारा १५ को उपधारा (२) र (३), धारा १६, १७, १८, २०, २१, २२, २३, २४, २६, २९, ३० र ३१ तथा त्यस्ता धारासँग सम्बन्धित धारा ३२ बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्वन गरिने छैन ।

(८) उपधारा (७) बमोजिम यस संविधानको कुनै धारा निलम्वन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(९) उपधारा (१) बमोजिमको घोषणा वा आदेश वहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानून विपरीत वा वदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति वापत क्षतिपूर्तिको दावी गर्न सक्नेछ र दावी मनासिव ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(१०) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रिपरिषद्को सिफरिसमा राष्ट्रपतिबाट सो घोषणा वा आदेश वहाल रहेसम्म जुनसुकै वखत पनि फिर्ता लिन सकिनेछ ।

### २.५.६ भावी संविधानमा संकटकालिन अवस्थाको घोषणा सम्बन्धी व्यवस्था

#### २.५.६.१ संकटकालको घोषणा गर्ने पूर्व अवस्थाहरु

देशको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा प्रत्यक्ष रुपमा खतरा उत्पन्न भएमा संकटकाल घोषणा हुन सक्दछ । युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह (सैनिक विद्रोह समेत), चरम आर्थिक विश्रृंखलता आदिलाई त्यस्तो खतरा वा संकट निम्त्याउने मुख्य कारकको रुपमा लिइन्छ । त्यसैगरी ठूलो प्राकृतिक विपत्ति र महामारी पनि संकटकाल घोषणा हुन सक्ने आधार हुन सक्छन् । जस्तै : वर्डफ्लुको महामारी, एन्थ्र्याक्स, प्लेग, भूकम्प, सुनामी आदि । आर्थिक विश्रृंखलताले राष्ट्रिय अर्थतन्त्र धरासायी भएको अवस्थालाई इंगित गर्न खोजिएको हो भन्ने स्पष्ट हुनु पर्ने हुन्छ । उल्लिखित आधारमा संकटकाल घोषणा गर्दा सवैले देख्न र अनुभव गर्न सकिने साझा तत्व अन्तरनिहित रहेको र सवैको नजरमा संकट संकट नै भएको हुनु पर्दछ ।

#### २.५.६.२ संकटकालको घोषणा गर्ने अधिकारी, सो को निर्णय, घोषणा, क्षेत्र, अवधि र विधि

संसारभरका प्रचलन हेर्दा केहि देशमा बाहेक राष्ट्र प्रमुखवाटै संकटकाल घोषणा गर्ने प्रचलन रहेको पाइन्छ । नेपालको पनि विगतको अभ्यास त्यस्तै नै हो । राज्यको दैनिक कामकाज सञ्चालन गर्ने अभिभारा कार्यकारी अंगमा रहने र संकटकालको पूर्वावस्था वारे प्रथमतः यही अंग जानकार हुने भएकोले कार्यकारिणीको सिफारिशमा राष्ट्र प्रमुखबाट संकटकाल घोषणा गरिनु उपयुक्त पनि हुन्छ ।

संकटकाल घोषणा गर्ने अवस्था वास्तवमा विद्यमान रहेको हो होइन, लगाउनु उचित छ छैन भन्ने कुराको निर्क्यौल गरी नीतिगत निर्णय गर्ने अधिकार चाहि जनप्रतिनिधिहरु भएको विधायिकी अंगकै अधिकार हो । शक्तिपृथकीकरणको सिद्धान्तको कसीबाट त्यस्तो आदेश जारी गर्ने कामको अन्तर्निहित प्रकृति पनि विधायिकी (Legislative) नै हो । त्यसो भएपनि यो अधिकार देशको कार्यकारीले प्रयोग गर्ने प्रचलन छ । संकटकाल घोषणाको अधिकार वा कार्यको अन्तर्निहित प्रकृतिबाट एउटा अङ्गको क्षेत्रभित्र पर्ने अधिकार वा कार्य अर्को अङ्गले सम्पादन गर्नुका पछाडि विशेषज्ञता, कार्यदक्षता, प्रभावकारिता र तत्कालीन आवश्यकता मुख्य कारणको रुपमा रहने गर्दछन् । संकटकालको सन्दर्भमापनि वास्तवमै देशमा संकट आएको हो होइन, विधमान कानुनको कार्यान्वयन वा त्यसका उपायहरु नै पर्याप्त हुन्छन् हुदैनन् भन्ने कुराको निर्क्यौल र निर्णय गर्ने क्षमता र विषेशज्ञता कार्यकारीमा नै हुन्छ । देशको गृहप्रशासन, गुप्तचर (Intelligence), विदेशी दुतावास समेतको संयन्त्र, मुलुकको ढुकुटी र सेनाको अधिकारद्धारा सुसज्जित कार्यकारिणिले नै यो गर्न सक्ने हुनाले उसलाई यस्तो अधिकार दिइन्छ ।

त्यसकारण यो अधिकार कार्यकारिणीमा दिइनु उचित र प्रभावकारी हुन सक्छ । मन्त्रिपरिषद्को निर्णयको अभावमा राष्ट्र प्रमुख वा सरकार प्रमुखवाट संकटकाल लगाउने व्यवस्था भने गरिनु हँदैन । संकटकाल लगाउने परिस्थिति उत्पन्न भएको हो होइन भन्ने कुराको निर्क्यौल र निर्णय मन्त्रिपरिषद्ले गर्नु पर्दछ । यसको पूर्ण उत्तरदायित्व मन्त्रिपरिषद्मा हुने व्यवस्था गर्नुपर्छ ।

संकटकालको अवधि जति सक्दो छोटो रहनु पर्ने कुरामा सायदै विवाद होला । कार्यकारीणिले संकटकाल घोषणा गरेमा त्यस्तो घोषणा भएको मितिले एक महिनाभित्र संघीय विधायिकाबाट अनुमोदन लिनु पर्ने व्यवस्था गरिनु उचित हुने देखिन्छ । विधायिकी अनुमोदनवाट पनि लामो अवधिसम्म संकटकालको अवधि कायम राख्ने विषयलाई उचित मान्न सकिन्न । त्यसैले विधायिकाको दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तिमा दुई तिहाई बहुमतबाट अनुमोदन भएमा तीन महिनासम्म संकटकाल अवधि कायम रहने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

जुन ठाउँमा समस्या उत्पन्न भएको हो सोहि स्थानमा मात्र लागुहुने गरि संकटकाल लगाउने व्यवस्था गरिनु उचित हुने कुरामा दुइमत नहोला । तर पनि सवै परिस्थिति विचार गरेर घोषणा गर्ने निकायले यसको निर्णय गर्छ नै । संघीयता अवलम्वन गरेका प्रायः सवै मुलुकहरुमा प्रत्येक राष्ट्रलाई वाह्य आक्रमण र सशस्त्र विद्रोहवाट जोगाई संविधानको व्यवस्था बहाली गराउनु पर्ने संघिय सरकारको दायित्व तोकिएको हुन्छ । संघिय इकाईहरुमा संकटकाल घोषणा गर्दा सम्वन्धित इकाईले अनुरोध गर्न सक्ने र त्यस्तो अनुरोध भएमा औचित्य समेतलाई विचार गरी आवश्यक निर्णय गर्ने पद्धतिलाई अंगिकार गर्नु उपयुक्त हुन्छ ।

### २.५.६.३ संकटकालीन घोषणा उपर विधायिकी अनुमोदनका प्रकृया र शर्तहरु

संकटकालको घोषणा कार्यकारिणी अङ्गले गर्ने भएतापनि शक्तिपृथकीकरणको सिद्धान्तको कसीबाट त्यस्तो आदेश जारी गर्ने कामको अन्तर्निहित प्रकृति भने विधायिकी हो भनि माथि उल्लेख गरियो । त्यसरी एउटा अङ्गले गर्नुपर्ने कार्य व्यवहारिकता वा सुविधाका दृष्टिबाट अर्को अङ्गले सम्पादन गर्ने भए तापनि यस प्रकृयाको विशिष्टता के हो भने त्यो कार्य मौलिक रुपमा जुन अङ्गको क्षेत्रभित्र पर्ने हो, त्यो कार्य उपरको अन्तिम अधिकार उसैमा निहित रहन्छ । आफूले सापटी स्वरुप दिएको आफ्नो अधिकार अर्को अङ्गले सहि रुपमा प्रयोग गरेको छ छैन भनी नियन्त्रण र सुपरीवेक्षण गर्ने अन्तिम अधिकार माउ अङ्गमै रहन्छ । अनुमोदन वा नियन्त्रणकै माध्यमबाट त्यस्तो अधिकार उपर माउ अङ्गको स्वामित्व स्थापित गरिन्छ । संकटकालीन अधिकारको सम्बन्धमा हेर्दा कार्यपालिकाले आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्छ । त्यस्ता आदेशहरु कानून सरह लागू हुन्छन तर निश्चित समयावधिभित्र त्यस्तो आदेश माउ अङ्ग विधायिका समक्ष पेश गर्नुपर्छ र विधायिकाले अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुने मान्यता छ । कार्यपालिका स्वेच्छाचारी एवं निरंकुश बन्न नपाओस् भनेर यस्तो व्यवस्था गर्ने गरिएको छ । यसो गरिनु संविधानवादको मान्यता अनुकूल नै हुन्छ ।

विधायिकाबाट संकटकाल घोषणा गर्ने अवस्थामा संकटकालको अनुगमन र व्यवस्थापनको लागि विधायिकी क्षेत्राधिकार अन्तर्गत अधिकार सम्पन्न विशेष समिति गठन गर्ने र त्यसलाई संकटकालको दुरुपयोग भए नभएको निर्धारण, अनुगमन र नियन्त्रण गर्ने अधिकार दिनु राम्रो हुने देखिन्छ । कार्यकारीणिवाट संकटकालको घोषणा भएको अवस्थामा त्यस उपर विधायिकाको पूर्ण नियन्त्रण रहने हुन्छ । त्यसको लागि संकटकालीन घोषणा एक महिनाको अवधिभित्र पेश हुनु पर्ने र व्यवस्थापिकाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने, त्यसरी अनुमोदन भएमा बढीमा तीन महिनासम्म त्यस्तो घोषणा लागू हुन सक्ने, संकटकाल आवश्यक छैन भनी विधायिकाको आफ्नै सक्रियतामा प्रस्ताव पास भएमा संकटकाल हटाउनु पर्ने, संकटकालको निरीक्षण, अनुगमन र मूल्यांकन गर्दा दुरुपयोग भएको पाईएमा सरकारलाई बाध्यात्मक निर्देशन दिने अधिकार व्यवस्थापिकामा रहनु पर्ने हुन्छ । साथै

संकटकालको निवारण गर्ने सम्बन्धमा जारी आदेश समेतलाई विधायिकी नियन्त्रणमा राख्दा दुरुपयोग विरुद्ध राम्रो सुरक्षाकवचको व्यवस्था हुन सक्छ ।

### २.५.६.४ संकटकालीन घोषणा र नागरिक हक अधिकारमाथि यसको प्रभाव

देश संकटमा रहेको बेला नागरिकले आफ्नो अधिकारलाई प्राथमिकता दिने कुरालाई उचित मान्न सकिदैन । अधिकारको माग गर्दा आफूले निर्वाह गर्नु पर्ने कर्तव्य पनि भुल्न हुदैन । अझ संकटकालमा त नागरिकको राज्य प्रतिको दायित्व वा कर्तव्यमा अझ बढोत्तरी हुन जान्छ । संकटसँग निपट्नको लागि राज्यको शक्ति बृद्धि हुनु अपरिहार्य हुन्छ । संकटकालमा सामान्य अवस्थामा जस्तै राज्यका काम कारवाहीहरू सहज तवरले सञ्चालन हुन सक्दैनन् । त्यसैले परिस्थितिले माग गरेको हदसम्म केही मौलिक हक माथि नियन्त्रण गर्नु नाजायज हुँदैन । तर संकटकालको प्रकृति र परिस्थितिको गहनता अनुरुप यसको निर्धारण हुनु पर्छ । बाह्य आक्रमण वा सशस्त्र विद्रोहका आधार, कारण र त्यससँग सामना गर्ने तौरतरिका भिन्न भिन्न हुन सक्दछन् । संकटकालको प्रकृति र गंभीरता अनुरुप माग हुने न्यूनतम नागरिक अधिकार माथि प्रतिबन्ध लगाउने गरी संविधान निर्माताले आवश्यक प्रबन्ध गर्नु पर्ने देखिन्छ ।

राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (ICCPR) को धारा ४ मा संकटकालीन अवस्थामा पनि जीवनको अधिकार, दासत्व विरुद्धको अधिकार, यातनाविरुद्धको अधिकार, भूतप्रभावी कानून विरुद्धको संरक्षण, विचार, विवेक र धर्मको स्वतन्त्रता निलम्बन नहुने व्यवस्था गरिएको छ । यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धी, १९८४ को भाग १ धारा २ मा युद्धको स्थिति वा युद्धको धम्की वा आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकटकाल जस्ता कुनैपनि अपवादजनक परिस्थितिहरुलाई यातनाको औचित्यता पुष्टि गर्न उपयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ ।

अमेरिकाको संविधानले बन्दीप्रत्यक्षीकरणको हक पनि सार्वजनिक सुरक्षाको परिस्थितिले मागेमा निलम्वन हुनसक्ने व्यवस्था गरेको छ । Art. 1(9) अनुसार The previlege of the writ of habeas corpus shall not be suspended, unless when in case of rebellion or invasion the public sefety may require it. भन्ने व्यवस्था छ । त्यहाँ वाकस्वतन्त्रता, शान्तिपूर्ण भेलाहुने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र समानताको हक निलम्वन हुन नसक्ने बनाइएको छ । दक्षिण अफ्रिकाको संविधानले बन्दीप्रत्यक्षीकरण लगायत आत्मसम्मानपूर्वक मानिस भएर जिउन पाउने धेरै मौलिक हकलाई निलम्वन नगरिने प्रत्याभूति दिएको छ ।

यस परिप्रेक्षमा नेपाल पक्ष रहेको राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (ICCPR) को प्रतिकूल नहुने गरी मौलिक हक उपर बन्देज लगाउन सकिने संवैधानिक व्यवस्था गरिनु आवश्यक हुन्छ ।

### २.५.६.५ संकटकालीन घोषणा उपर न्यायिक पुनरावलोकन

संकटकालीन घोषणाको निर्णय राजनैतिक प्रकृतिको हुन्छ । संविधानले यो अधिकार राज्यको राजनैतिक अंग (विधायिका+कार्यकारिणी) लाई नै दिएको हुन्छ । वास्तवमा देशभित्र संकटआएको हो होइन, सो को निर्णय र निराकरण गर्ने क्षमता पनि तिनै अंगमा नै हुन्छ । न्यायपालिकासँग संकटकाल लगाउनु पर्ने अवस्था विद्यमान भएको हो होइन भन्ने कुराको निक्यौल र निर्णय गर्ने क्षमता र दक्षता हुदैन । यस्तो कुराको सम्बन्धमा न्यायिक परिक्षण भएमा त्यस सम्बन्धी निर्णयले अदालतलाई अनावश्यक विवादमा ल्याउन सक्दछ । तसर्थ संकटकाल घोषणा गर्ने सम्बन्धमा सम्पूर्ण जिम्मेवारी जनताप्रति सिधै उत्तरदायी हुने संस्थामा छोडिनु उपयुक्त हुन्छ र सोही सिद्धान्तलाई आत्मसात गर्ने गरिन्छ । त्यही राजनीतिक संस्थाले नै यस सम्बन्धी उत्तरदायित्व वहन गर्ने र जनतालाई जवाफ दिने हो । यो राजनैतिक प्रश्न भएकाले न्यायिक पुनरावलोकन भन्दा बाहिर हुन्छ । तर प्रथम दृष्टिमै (Prima facie) संविधानको व्यवस्थाको ठाडो उल्लंघन र देखादेखी गलत रुपले प्रयोग गरिएको भएमा संविधानको व्याख्याता, नागरिकका हक अधिकारको संरक्षक र संविधानको पनि संरक्षक भएको नाताले न्यायपालिकालाई न्यायिक परीक्षण गर्ने अधिकार स्वतः प्राप्त हुने कुरामा दुईमत हुदैन ।

### २.५.६.६ संकटकालवाट पर्न गएको क्षतिको उपचार

जतिसुकै सजगतापूर्वक संकटकालको सामना गरिने भनेपनि यस अवधिमा नागरिकका हक अधिकारमाथि अतिक्रमण हुन सक्ने संभावनालाई नकार्न सकिन्न । संकटकाल कार्यान्वयनमा ल्याउने अधिकारीहरुले आफ्नो कर्तव्य निर्वाह गर्दा नजानीकन वा अधिकारको वढि प्रयोगवाट पनि नागरिकहरुले शारिरीक, मानसिक र आर्थिक क्षति व्यहोर्नु पर्ने हुन सक्छ । अर्को तर्फ संकटकाल मोचनको लागि राज्यद्वारा अवलम्वन गरिएका उपायहरुवाट पनि नागरिकलाई हानी नोक्सानी पर्न गएको हुन सक्छ । राज्यका अधिकारीहरुले जानाजान वा लापरवाहीपूर्वक अधिकारको प्रयोग गर्दा पनि

नागरिकलाई हानी नोक्सानी हुन सक्छ । यसरी जनताका मौलिक हकमा आघात पुग्न गए वापत तथा भएको क्षति वापतमा कानून बमोजिम क्षतिपूर्ति भराइदिने व्यवस्था गरिनुपर्छ । अत्यन्तै गैरजिम्मेवार भै वदनियतसाथ नागरिक अधिकारको दुरुपयोग गरी नागरिकलाई नोक्सानी गरेको अवस्थामा पीडकलाई कानून बमोजिम सजाय गर्ने व्यवस्था गर्न सकिन्छ । यसले अधिकारीहरुको स्वेच्छाचारी प्रवृत्तिमा नियन्त्रण लाग्न जान्छ र कामकारवाहीमा संवेदनशीलता वृद्धि हुन्छ । उपचार र क्षतिपूर्ति भराइदिदा नागरिकहरुले पनि संकटकालको आडमा भोग्नुपर्ने हैरानी कम मात्रामा महशुस गर्न सक्दछन् र राज्य पनि उत्तरदायी हुनु पर्ने अवस्था सिर्जना हुन्छ । यसैले संकटकालको कारण राज्यले सञ्चालन गरेको गतिविधिवाट नागरिकहरुलाई पर्न जाने विभिन्न प्रकृतिको हानी नाक्सानीको संकटकाल समाप्त भए लगत्तै प्रभावकारी ढंगवाट न्यायिक उपचार प्राप्त गर्ने व्यवस्था पनि संविधानमा गरिनु पर्ने हुन्छ ।

## २.६. संक्रमणकालीन व्यवस्था

### २.६.१ संक्रमणकालीन व्यवस्थाको परिचय र आवश्यकता

विद्यमान व्यवस्था खारेज भई सकेको तर नया व्यवस्था पूर्ण कार्यान्वयनमा आइ नसकेको अवधीलाई संक्रमणकाल भनिन्छ । एउटा संविधानको खारेजी र नयाँ संविधानको घोषणाको समयावधीमा उत्पन्न हुन सक्ने अप्ठ्यारो परिस्थितिलाई सामन्जस्यता कायम गरि नया संविधानको सहज कार्यान्वयनको मार्ग प्रशस्त गर्ने उद्धेश्यले गरिएका संवैधानिक प्रावधानहरुलाई नै संविधानमा संक्रमणकालीन व्यवस्था अन्तर्गत राखिन्छ ।

संविधानको परिवर्तन सगै मुलुकको राजनीतिक दर्शन, त्यसका विषयवस्तुहरु र संरचनामा नयाँ शुरुवात भई सारभूत परिवर्तन भएको हुन्छ, तापनि विगतको व्यवस्था र हालको व्यवस्थावीच सम्बन्ध स्थापित गरी निरन्तरता **दिनु** आवश्यक पर्दछ । विगतमा स्थापित सवै सस्थाहरु औचित्यहीन भएका हुदैनन । औचित्यहीन बनेका संस्थाहरुप्रति समेत राज्यको केही कर्तव्य र दायित्व रहेको हुन्छ । विद्यमान कानून प्रणाली र कर्मचारीतन्त्रलाई निरन्तरता दिनु पर्ने आवश्यकता रहन्छ । नयाँ संविधानले परिकल्पना गरेका निकाय र संस्थाहरुको स्थापना भई कार्यान्वयनमा नआएसम्म ती निकायले गर्नु पर्ने काम कारवाही शून्यको अवस्थामा राख्न नमिल्ने पनि हुन सक्दछ । यी आवश्यकतालाई संबोधन गर्न र नयाँ संविधान पूर्ण कार्यान्वयनमा नआए सम्मको लागि गर्नु पर्ने आकस्मिक प्रवन्ध मिलाउनको लागि संविधानमा राखिने अस्थायी प्रकृतिका व्यवस्थाहरुलाई संक्रमणकालीन व्यवस्था भन्ने गरिएको छ ।

### २.६.२ संक्रमणकालीन व्यवस्थाको तुलनात्मक अध्ययन

पहिलो पटक संविधानको निर्माण भएको अवस्थामा बाहेक भईरहेको संविधानलाई प्रतिस्थापन गर्ने सबै संविधानहरुमा संक्रमणकालीन व्यवस्था अनिवार्य विषयको रुपमा नै देखा परेको छ । अन्य प्रावधानहरुको तुलनामा संक्रमणकालीन प्रावधान विस्तृत रुपको पनि हुने देखिएको छ । तत्कालिन आवश्यकता र राज्यव्यवस्थाका विविध पक्षहरुमा आधारभुत परिवर्तन गर्ने संविधानहरुमा संक्रमणकालीन प्रबन्ध अन्तर्गत पनि व्यापक व्यवस्था गरेर नयाँ संविधानको कार्यान्वयनलाई सहन बनाएको पाईन्छ ।

| देश | संक्रमणकालीन प्रावधान |
|---|---|
| **१. अंगोलाको संविधान, १९९२** (धारा १६५) | The laws and regulations in force in the Republic of Angola shall be applicable unless amended or repealed, provided they do not conflict with the letter and spirit of the present Law. |
| (धारा १६६) | All treaties, agreements and alliances to which Portugal committed Angola and which are contrary to the interests of the Angolan people shall be reviewed. |
| **२. दक्षिण अफ्रिकाको संविधान, १९९६** (धारा २४१) | Schedule 6 applies to the transition to the new constitutional order established by this Constitution, and any matter incidental to that transition. |
| **३. कम्बोडियाको संविधान १९९३** (धारा १३४-१३९) | 134. Revision or amendment affecting the system of liberal and pluralistic democracy and the regime of Constitutional Monarchy shall prohibited.<br>135. This Constitution, after its adoption, shall be declared in force immediately by the Head of State of Cambodia.<br>136. After the entry into force of this Constitution, the Constituent Assembly |

| | |
|---|---|
| | shall become the National Assembly.<br><br>The Internal Rules of Procedure of the assembly shall come into force after adoption by the assembly.<br><br>In the case where the assembly is not yet functional, the President, the First and Second Vice-Presidents of the Constituent Assembly shall participated in the discharge of its duties in the Throne Council if so required by the situation in the country.<br><br>137. After this Constitution takes effect, the King shall be selected in accordance with conditions stipulated in Article 13 and 14.<br><br>138. After this Constitution take effects, and during the first legislature, the King of the Kingdom of Cambodia shall appoint a First Prime Minister and a Second Prime Minister to forma Royal Government after securing the consent of the President and the two Vice-Presidents of the assembly.<br><br>The Co-President existing before the adoption of this Constitution shall participate as members of the Committee and in the Throne Council as stipulated in Articles 11 and 13 above.<br><br>139. Laws and standard documents in Cambodia that safeguard State properties, rights, freedom and legal private properties and in conformity with the national interests, shall continue to be effective until altered or abrogated by next texts, except those provisions that are contrary to the spirit of this Constitution. |
| **४. रुवाण्डाको संविधान, १९९१ (धारा ९७-१०२)** | **Article 97 [Promulgation Effects]**<br>(1) Laws and regulations may not take effect unless they have previously been published within the conditions established by law.<br>(2) No one should be ignorant of regularly published laws.<br><br>**Article 98 [Applicable Old Law]**<br>(1) Starting from the promulgation date of this Constitution, any legislation which is not constrained by it, shall remain applicable inasmuch as it is not modified, repealed or replaced by the new laws or regulations.<br>(2) Custom shall remain applicable inasmuch as it was not replaced by laws or is not contrary to the Constitution, laws, regulations, public order or morals.<br><br>**Article 99 [Oaths]**<br>Without prejudice to provisions in Articles 41, 56 and 60, no oath may be imposed except by a law which shall establish the wording and the procedure for taking this oath.<br><br>**Article 100 [Foreigners]**<br>Any foreigner shall enjoy the protection granted to persons and property, as well as the civil rights recognized by this Constitution, except in cases prescribed by law.<br><br>**Article 101 [Continuation of Offices]**<br>(1) The President of the Republic and the Deputies to the National Council for Development presently in office will continue to exercise their duties until the next presidential and legislative elections.<br>(2) The dates for these elections will be determined by the President of the Republic. |

| | **Article 102 [Old Constitution]**<br>(1) This Constitution shall revise and replace the Constitution of 20 Dec 1978.<br>(2) It will take effect on the date of its promulgation by the President of the Republic. |
|---|---|

**२.६.३ संक्रमणकालीन व्यवस्थाको सम्वन्धमा हाम्रो संवैधानिक इतिहास**

नेपाल सरकार वैधानिक कानून, २००४ र नेपाल अन्तरिम शासन विधान, २००७ मा संक्रमणकालीन व्यवस्था राख्नुपर्ने अवस्था विधमान नभएको कारणले हुनुपर्छ ती दुई दस्तावेजहरुमा यस सम्वन्धी व्यवस्था रहेको पाइदैन ।

**नेपाल अधिराज्यको संविधान, २०१५ :** नेपाल अधिराज्यको संविधान, २०१५ को भाग १० धारा ७५, ७६ र ७७ मा संक्रमणकालीन व्यवस्था गरिएको थियो । जसमा संविधान लागू गराउनको लागि संविधानसंग मेलखाने गरी श्री ५ बाट जुनसुकै व्यवस्था र नियुक्ति हुन सक्ने, संविधान जारी हुंदाका वखत कायम रहेका कानूनहरु ३ वर्षभित्र संविधानसंग मेलखानेगरी अनुकुल वा परिवर्तन गर्न सकिने, तर वाझिएका, अनुकुलन वा परिवर्तन नगरिएका कानूनहरु तीन वर्ष पछि स्वतः निष्कृय हुने र संविधान कार्यान्वयन गर्न दुईवर्ष भित्र श्री ५ ले वाधा अड्काउ फुकाउन सक्ने अधिकार लगायतका कुराहरु यस संक्रमणकालीन व्यवस्था अन्तर्गत राखिएको देखिन्छ ।

**नेपालको संविधान, २०१९ :** नेपालको संविधान, २०१९ को भाग १९, धारा ९२ देखि ९६ सम्म संक्रमणकालीन प्रवन्ध राखिएको थियो । जसमा वर्तमान कानून लागू रहने, वाझिएको कानून एक वर्ष पछि वाझिएको हदसम्म स्वतः निस्कृय हुने, राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशन नभएसम्म व्यवस्थापिकाको अधिकार श्री ५ मा रहने, संविधान जारी हुंदाको अघिल्लो दिनसम्म कार्यरत रहेका सर्वोच्च अदातलका न्यायाधीशहरु , लोकसेवा आयोगका सदस्यहरु, महालेखा परीक्षक र महान्यायाधिवक्ता यसै संविधान वमोजिम नियुक्त भएको मानिने तथा संविधान प्रारम्भ हुंदाका वखतको मन्त्रीपरिषद यो संविधान अन्तर्गत कै मानिने तर आवश्यक सम्झेमा श्री ५ वाट मन्त्रीहरु र सहायक मन्त्रीहरुमा हेरफेर गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेको पाइन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७ :** नेपाल अधिराज्यको संविधान, २०४७ को भाग २१ धारा १२८ देखि धारा १३१ सम्म संक्रमणकालीन व्यवस्था गरिएको थियो जसमा संविधान प्रारम्भ हुदाका वखत कायम रहेको मन्त्रीपरिषद यसै संविधान अन्तर्गत गठन भएको मानिने, संसदको प्रथम अधिवेशन नभएसम्म मन्त्रीपरिषदको सल्लाह र सम्मतिवाट श्री ५ ले आवश्यक कानून वनाई लागू गर्न सक्ने, यो संविधान प्रारम्भ हुंदाका वखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरु मध्ये यस संविधानमा पुर्नव्यवस्थित नगरिएका निकाय र पदाधिकारी कायम नरहने, कायम रहेका निकायमा कार्यरत पदाधिकारीहरु संविधान प्रारम्भ भएको नौ महिनाभित्र पुनर्नियुक्त नभएमा आफ्नो पदमा वहाल नरहने, आवश्यक परेमा श्री ५ वाट त्यस्ता पदाधिकारीलाई सो अवधि अगावै पनि अवकाश दिन सक्ने व्यवस्थाको साथमा संविधान प्रारम्भ हुंदा लागू रहेका सवै कानून लागू रहने तर संविधान संग वाझिएका कानूनहरु संविधान प्रारम्भ भएको एकवर्ष पछि वाझिएको हदसम्म स्वतः निस्कृय हुने जस्ता व्यवस्थाहरु समेटिएको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३ :** नेपालको अन्तरिम संविधान २०६३ को भाग २३ मा संक्रमणकालीन व्यवस्था अन्तर्गत धारा १५९ मा राष्ट्रप्रमुख सम्वन्धी व्यवस्था रहेकोमा चौथो संशोधनवाट उक्त व्यवस्था समाप्त भएको छ भने धारा १६० मा मन्त्रीपरिषद सम्वन्धी व्यवस्था, १६१ मा व्यवस्थापिका संसद सम्वन्धी व्यवस्था, धारा १६२ मा न्यायपालिका सम्वन्धी व्यवस्था, धारा १६३ मा संवैधानिक निकाय र पदाधिकारीहरुसम्वन्धी व्यवस्था तथा धारा १६४ मा संविधान प्रारम्भ हुदाका वखतमा कायम रहेका कानूनहरु खारेज वा संशोधन नभएसम्म लागू रहने तर संविधानसंग वाझिएका कानून तीन महिना पछि वाझिएको हदसम्म स्वतः अमान्य हुने जस्ता व्यवस्था गरिएको पाइन्छ ।

**२.६.४ भावी संविधानमा संक्रमणकालीन व्यवस्था**

लागू भईरहेको संविधानलाई प्रतिस्थापन गरी नयाँ संविधान जारी गरिने अवस्थामा मुलुकमा विद्यमान संवैधानिक संस्था र व्यवस्थाहरुमा परिवर्तन हुने र परिवर्तित व्यवस्था अनुरुपको प्रवन्ध संविधान लागू हुने वित्तिकै स्वतः निर्माण गर्न नसकिने भएकोले नयाँ संविधानले परिकल्पना गरे वमोजिमको संस्था, पदाधिकारी र व्यवस्था पूर्ण नभएसम्म कायम रहेको प्रावधानलाई निरन्तरता दिनु पर्ने संवैधानिक एवं राष्ट्रिय आवश्यकता रहन्छ । यो अन्तर्राष्ट्रिय अनुभव र हाम्रो विगतको अनुभववाट समेत स्पष्ट भईसकेको छ । भावी संविधानको सन्दर्भमा पनि हाल नेपालको अन्तरिम संविधान,

२०६३ कायम रहेको र त्यसलाई प्रतिस्थापन गरी नया संविधान प्रारम्भ हुनेछ । संघीय लोकतान्त्रीक गणतन्त्रात्मक स्वरुपमा निर्माण हुन गएको भावी संविधानले निर्माण गर्ने संस्था, पदाधिकारी र व्यवस्थाको कार्यान्वयन महत्वपूर्ण र संवेदनशील एवं केही जटिल हुने स्वतः स्पष्ट छ । तसर्थ संविधानको पूर्ण कार्यान्वयन गर्न संविधान वमोजिम तयार हुनुपर्ने सम्पूर्ण पूर्वाधार तयार नभएसम्म विधमान व्यवस्थालाई निरन्तरता दिनु पर्ने आवश्यकताले संविधानमा संक्रमणकालीन व्यवस्थाको अपरिहार्यता माग गर्ने निश्चित छ ।

भावी संविधानको प्रयोजनको लागि संक्रमणकालको निर्धारण गर्दा नयाँ संविधान घोषणा भई प्रारम्भ भएको समय देखि संविधान वमोजिम खडा हुनुपर्ने संस्था, संयन्त्र र व्यवस्थाहरु पूर्ण रुपमा क्रियाशील नभए सम्मको अवधिलाई समावेश गर्न सकिन्छ । यसको निरोपण तयार गर्नुपर्ने संयन्त्र र संस्थाको प्रकृति र त्यसले लिन सक्ने समयलाई दृष्टिगत गरेर मात्र गर्न सकिन्छ ।

भावी संविधानमा के कस्तो संक्रमणकालीन प्रवन्ध राख्नु पर्छ भन्ने विषय संविधानमा के कस्तो संस्थागत र अन्य विषयवस्तुहरु रहन्छन त्यसको आधारमा तय हुने विषय हो । तथापी अन्तरिम संविधानमा रहेका केही अस्पष्टता र संवैधानिक समितिले प्रारम्भमा पहिचान गरेका विषयलाई मध्यनजर गर्दा भावी संविधानमा देहायका विषयमा संक्रमणकालीन व्यवस्था अन्तर्गत स्पष्ट व्यवस्था गर्नु आवश्यक देखिएको छ ।

**राष्ट्रपति र उपराष्ट्रपति सम्वन्धी व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ग. ले राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि नयाँ संविधानको प्रारम्भ नभएसम्म भनि निर्धारण गरेको, नयाँ संविधानले राष्ट्रपति र उपराष्ट्रपतिको प्रावधान गरेको अवस्थामा उक्त पदहरुको निर्वाचन हुन केही समय लाग्ने भएकोले निर्वाचन नभएसम्मको लागि नयाँ संविधान प्रारम्भ हुंदाको बखत कायम रहेका राष्ट्रपति र उपराष्ट्रपति निरन्तर रुपमा पदमा बहाल रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

**कार्यकारिणी अधिकारको प्रयोग**

नयाँ संविधानले कार्यकारिणी अधिकार कहाँ निहित गर्छ, उक्त संस्था गठन वा निर्वाचित हुनको लागि संविधानमा व्यवस्था भएबमोजिम निश्चित समयावधि आवश्यक पर्ने भएकोले त्यस्तो संस्था गठन वा निर्वाचित नहुदा सम्म नेपालको कार्यकारिणी अधिकारको प्रयोग नयाँ संविधान प्रारम्भ हुँदाको बखत कायम रहेको मन्त्रीपरिषदले नै गर्ने व्यवस्था गर्न आवश्यक छ ।

**विधायिकी अधिकारको प्रयोग**

नेपालको अन्तरिम संविधान २०६३ को धारा ५९ ले संविधानसभाको अवधिभर विधायीकी अधिकार संविधानसभाले नै प्रयोग गर्ने व्यवस्था गरेको र धारा ८२ ले संविधानसभाले पारित गरेको संविधान प्रारम्भ भएको दिन देखि संविधानसभाको कार्य समाप्त भई संविधानसभाको विघटन हुने भएकोले सोही धाराको प्रतिवन्धात्मक वाक्यांशमा भएको व्यवस्था अनुसार नयाँ संविधान बमोजिम संघीय विधायिकाको निर्वाचन भई प्रथम अधिवेशन नबसेसम्म नेपालको विधायिकी अधिकार नयाँ संविधान प्रारम्भ हुँदाको बखत व्यवस्थापिका-संसदको हैसियतले काम गरिरहेको संविधानसभाले नै प्रयोग गर्ने स्पष्ट व्यवस्था गर्नु उपयुक्त हुन्छ । त्यसैगरी नयाँ संविधान जारी हुँदाका बखत कायम रहेको व्यवस्थापिका-संसद सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधान बमोजिम कायम हुने संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिनेछन् भनी व्यवस्था गर्न उपयुक्त हुन्छ ।

**न्यायपालिका र न्यायाधीशहरुको स्थिति**

नयाँ संविधान संघीय स्वरुपमा निर्माण हुन गएको र त्यसमा न्यायपालिकाको तह र संरचना कस्तो हुन्छ अहिले स्पष्ट भइसकेको छैन । नयाँ संविधानले जे जस्तो संरचना र नियुक्ति व्यवस्था गरे पनि न्याय सम्पादनको कार्यलाई स्थगित गर्न नसकिने भएकोले संविधान बमोजिमको संरचना तयार नभएसम्म हाल कायम अदालतहरु निरन्तर क्रियाशील रहने र प्रत्येक तहका अदालतमा विचाराधिन मुद्दा र नयाँ दायर हुने मुद्दाहरु तत्-तत् अदालतबाट कारवाही र किनारा हुन सक्ने व्यवस्था गरिनु पर्दछ । नयाँ संविधान बमोजिमको न्यायिक संरचना तयार भएपछि हाल विद्यमान अदालतहरुमा विचाराधिन मुद्दाहरु समकक्षी तहका अदालतहरुमा स्थानान्तरण हुने व्यवस्था गर्नु आवश्यक छ । न्यायाधीशहरुको स्थिति वारेमा नयाँ संविधान प्रारम्भ हुंदाका बखत कार्यरत न्यायाधीशहरु नयाँ संविधान बमोजिमको नियुक्ति सम्वन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

**अन्य संवैधानिक निकाय र पदाधिकारी**

नया संविधानले संवैधानिक निकाय र पदाधिकारीको वारेमा जे जस्तो परिवर्तन गरेपनि ती निकायको गठन नहुदा सम्म हाल विद्यमान निकाय र पदाधिकारीको औचित्यता स्वतः समाप्त नहुने र ती निकायले संक्रमणकालमा पनि निरन्तर

राज्यको कार्य गरिरहनुपर्ने हुंदा त्यस्ता निकाय र पदाधिकारीको वारेमा व्यवस्था गर्दा संविधान प्रारम्भ हुंदाका बखत कायम रहेका तर नयाँ संविधानमा व्यवस्था नगरिएका निकाय र पदाधिकारीहरुको अस्तित्व स्वतः समाप्त हुने, नयाँ संविधानले निरन्तरता दिएका निकायहरुले यथावत रुपमा कार्य सम्पादन गरिरहने, त्यस्ता निकायमा कार्यरत पदाधिकारीहरु नयाँ संविधानको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**विगतमा निर्माण भएका कानून र निर्णयको वैधता**

राज्यको कानून प्रणाली भनेको संविधान मात्र नभई समग्र कानूनहरुको समष्टि हो । त्यस्ता कानूनहरुलाई संविधानको परिवर्तनसंगै स्वतः समाप्त गर्न सकिदैन । संविधान जारी भएपछि संविधानसंग मेल नखाने कानूनहरुलाई मूल कानूनसंग अनुकूल बनाउनु पर्ने आवश्यकता रहन्छ । त्यस्तो अनुकूलन वनाउने वा परिर्वतन गर्ने तर्कसंगत अवधि उल्लेख गरी विधायिकालाई सोको मौका प्रदान गर्नु अत्यावश्यक छ । हामीसंग वि.स.२००५।२००६ सालदेखि निर्माण भएका कानूनहरु अझै अस्तित्वमा रहेका छन । तसर्थ हाल विद्यमान कानूनहरुलाई संविधान वमोजिम प्रतिस्थापन, परिवर्तन, संशोधन वा अनुकूल बनाउन संविधान बमोजिमको विधायिकाको पहिलो बैठक बसेको मितिले एक वर्षसम्मको अवधि विधायिकालाई प्रदान गर्नु उपयुक्त हुन्छ । सो अवधिभित्र त्यसो गर्न नसकी संविधानसंग वाझिएका कानून मात्र वाझिएको हदसम्म अमान्य हुने व्यवस्थालाई संक्रमणकालीन व्यवस्थामा समावेश गर्नुपर्छ । त्यसका साथै हाम्रो देश अहिले राजनीतिक परिवर्तनको तीव्र गतिवाट गुज्रीरहेको छ । राजनीतिक संक्रमणकालमा धेरै दूरगामी निर्णयहरु पनि भएका छन । ती निर्णयहरुको वचाउ भावी संविधानले गरेन भने राजनीतिक परिवर्तन संस्थागत भई स्थायी नहुने पनि भएकोले राष्ट्रहित कै दृष्टिले कतिपय निर्णयहरुको वचाउ गर्नु पर्ने आवश्यकता भएमा सो विषय पनि यही संक्रमणकालीन व्यवस्थामा समेटिने हो । उदाहरणको लागि पुर्नस्थापित प्रतिनिधिसभावाट भएका निर्णयहरुलाई अन्तरिम संविधानले वचाउ गरेको तथ्यलाई लिन सकिन्छ।

**स्थानीय निकाय सम्बन्धी व्यवस्था**

यस संविधानले व्यवस्था गरेका संघीय इकाईहरु र स्थानिय निकायहरुको गठन र सञ्चालनमा आउन केही समय लाग्ने तर जनताको नजीकमा रहेर सेवा सुविधा उपलब्ध गराउने स्थानीय निकायहरु निरन्तर क्रियाशिल रहनुपर्ने भएकोले संविधान बमोजिम स्थापित हुनु पर्ने संघीय इकाईहरु र स्थानीय निकायहरुको संरचना तयार भई सञ्चालनमा नआएसम्म हाल विद्यमान स्थानीय निकायहरु यथावत कायम रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

## २.७ संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था

### २.७.१ संवैधानिक गतिरोध वा बाधा अड्काउको परिचय

विशेष परिस्थिति उत्पन्न भएको कारणले कहिलेकाहिं संविधानको कुनै प्रावधान कार्यान्वयन हुन नसक्ने अवस्था आउन सक्छ । यसरी संविधानको कार्यान्वयनमा आइपर्ने गतिरोधको अवस्था नै बाधा अड्काउ परेको अवस्था हो । यस्ता अवरोधहरु के कस्ता हुन सक्छन् भनी किटान गर्न सकिदैन । तर पनि सामान्यतया कुनै संवैधानिक निकायको गठन हुन नसक्नु, संवैधानिक पदाधिकारीहरुको नियुक्ति हुन नसक्नु र कुनै संवैधानिक निकाय आफ्नो कार्य सम्पादन गर्न नसक्ने अवस्थामा पुग्नुलाई संवैधानिक गतिरोध उत्पन्न भएको मानिन्छ । यस प्रकारका गतिरोधहरू नयाँ संविधान लागू भएको शुरुका वर्षहरुमा तथा संक्रमणकालीन अवस्थामा बढी उत्पन्न हुन सक्ने ठानिन्छ।

अप्रत्याशित रुपमा उत्पन्न भएको संवैधानिक गतिरोधको अवस्थालाई वैधानिक रुपबाट निकास दिई सिङ्गो संवैधानिक व्यवस्था र संयन्त्रलाई निरन्तरता दिन अपनाइने संवैधानिक उपायलाई नै बाधा अड्काउ फुकाउने अधिकार भन्न सकिन्छ । यसले संवैधानिक व्यवस्थालाई सुचारु गराउनको लागि सुरक्षित निकास (safety valve) को रुपमा काम गर्दछ । संविधानको कुनै प्रावधानको कार्यान्वयनमा देखापरेको बाधा अड्काउ फुकाउन अपनाइने उपाय संविधानमा लेखिएको हुँदैन । त्यसैले अपनाइएको त्यस्तो कुनै उपाय झट्ट हेर्दा असंवैधानिक जस्तो देखिन सक्छ । अर्थात् एउटा संवैधानिक प्रावधानलाई क्रियाशील तुल्याउन अर्को गैरसंवैधानिक काम गर्नु परेको जस्तो हुन्छ । संविधानमा व्यवस्था भएका प्रावधानहरुबाट समस्याको समाधान हुने भए बाधा अड्काउ नै उत्पन्न भएको मानिदैन । त्यसरी समाधान नहुने भएपछि नै संवैधानिक गतिरोध उत्पन्न हुने र यस्तो अधिकारको प्रयोग गर्नु पर्ने अवस्था आउने हो ।

### २.७.२ बाधा अड्काउ फुकाउने अधिकारको प्रकृति

बाधा अड्काउ फुकाउन जारी हुने आदेश संविधानका अन्य धाराहरु सरह प्रभावकारी हुन्छ । अर्थात् यो आदेशको कानूनी हैसियत संविधानको संशोधन सरह हुन्छ । संविधानमा अप्रत्याशित रुपमा कुनै बाधा अड्काउ उपस्थित भएमा

त्यसलाइ चाँडो समाधान गर्नुपर्ने अवस्था आउन सक्छ । तर संशोधनको प्रकृया औपचारिक र लामो हुनाले तत्कालको लागि बाधा अड्काउको आदेश जारी हुने हो । आवश्यकताको सिद्धान्तमा आधारित रहेर नै संशोधनको छुट्टै प्रक्रिया नअपनाई यसलाई अपनाइने गरिएको अभ्यास छ ।

संक्रमणकालमा व्यवस्थापिकाको गठन नै भइनसकेको पनि हुनसक्छ भने संक्रमणकालपछि व्यवस्थापिकाको कार्यकाल समाप्त भएको वा विघटन भएको अवस्था हुनसक्छ । यस्तो अवस्थामा त संशोधन पनि सम्भव हुँदैन । तसर्थ आवश्यकताको सिद्धान्तमा आधारित भएर पछि अनुमोदन गराउने शर्तमा कार्यपालिकाले माउ अङ्ग विधायिकाको विधायिकी अधिकारको प्रयोग गर्दै बाधा अड्काउ फुकाउने आवश्यक आदेश जारी गर्दछ । यसबाट प्रतिकूल अवस्था र हतारको समयमा पनि संवैधानिक गतिरोधको तत्काल र सहज समाधान भई संविधानको निर्वाध कार्यान्वयन सम्भव हुन्छ ।

### २.७.३ तुलनात्मक अध्ययन

बाधा अड्काउ फुकाउने सम्बन्धी भारतको संविधान १९५० को धारा ३९२ , पाकिस्तानको संविधान १९७३ को धारा २६७ र वंगलादेशको संविधान १९७२ को 4th Shedule को धारा १७ मा रहेको पाइन्छ ।

**भारत**

भारतको संविधानको धारा ३९२ यसप्रकार रहेको छ :

**Art. 392 Power of the President to Remove Difficulties** (1) The President may, for the purpose of removing any difficulties, particularly in relation to the transition from the provisions of the Government of India Act, 1935, to the provisions of this Constitution, by order direct that this Constitution shall, during such period as may be specified in the order, have effect subject to such adaptations, whether by any of modification, addition or omission, as he may deem to be necessary or expedient:

Provided that no such order shall be made after the first meeting of Parliament duly constituted under Chapter II of Part V.

(2) Every order made under Clause (1) shall be laid before Parliament.

(3) The powers conferred on the President by this article, by article 324, by clause (3) of article 367 and by article 391 shall, before the commencement of the Constitution, be exercisable by the Governor-General of the Dominion of India.

**पाकिस्तान**

पाकिस्तानको संविधानको धारा २६७ को व्यवस्था यसप्रकार रहेको छ :

**Art.267** (1) At any time before the commencing day, or before the expiration of three months from the commencing day, the President may, for the purpose of removing any difficulties, or for bringing the provisions of the Constitution into effective operation, by order, direct that the provisions of this Constitution shall, during such period as may be specified in the order, have effect, subject to such adaptations, whether by way of modification, addition or omission, as he may deem to be necessary or expedient.

(2) An order made under Clause (1) shall be laid before both Houses without undue delay, and shall remain in force until a resolution disapproving it is passed by each House or, in case of disagreement between the two Houses, until such resolution is passed at a joint siting.

**वंगलादेश**

वंगलादेशको संविधानको 4th Shedule को धारा १७ मा देहायको व्यवस्था छ:

1. For the purpose of bringing the provisions of any law in force in Bangladesh into conformity with this Constitution the President may, within the period of two years from the commencement of this Constitution, by order, amend or suspend the operation of such provisions and any order so made may have retrospective effect adaptation of laws and removal of difficulties.

2. The President may, for the purpose of removing any difficulties in relation to the transition from the provisional constitutional arrangements existing before the commencement of this Constitution to the arrangements under this Constitution by order, direct that this Constitution

shall, during such period as may be specified in the order, have effect subject to such adaptations, whether by way of modification, addition or omission, as he may deem necessary or expedient:
Provided that no such order shall be made after the first meeting of the Parliament constituted under this Constitution.
3. Every order made under this paragraph shall have effect notwithstanding any other provision of this Constitution, shall be laid before Parliament, and may be amended or revoked by Act of Parliament.

उल्लिखित संविधानका व्यवस्थाहरुमा बाधा अड्काउ फुकाउने प्रावधान संविधान भर्खर लागू भएको तर सबै संवैधानिक अङ्गहरुको गठन भइनसकेको संक्रमणकालीन अवस्थामा मात्र प्रयोग हुनसक्ने अस्थायी प्रवन्धको रुपमा रहेको र संसदको पहिलो अधिवेशन प्रारम्भ भएपछि वा तोकिएको कुनै खास दिन वा समयावधि पश्चात् त्यसको प्रयोग नहुने कुरा स्पष्ट रुपमा उल्लेख भएको देखिन्छ ।

### २.७.४ हाम्रो संवैधानिक इतिहास र यसको प्रयोग

**नेपाल सरकार वैधानिक कानून २००४:** बाधा अड्काउ फुकाउने सम्बन्धी व्यवस्था नेपाल सरकार वैधानिक कानून २००४ देखि नै रहेको पाइन्छ । उक्त कानूनको धारा ६६ यसप्रकार रहेको थियो :यो ऐनबाट काम गर्दा पहिला पटकलाई चुनाउ गर्ने विधिमा वा अरु कुनै कुरामा अड्काउ देखियो भने श्री ३ महाराजबाट सो बाधा अड्काउ हटाउन जरुरी आडर बक्सी कानूनको मनशाय पुग्ने कारवाई गर्ने गर्नलगाइबक्सनेछ ।

**नेपाल अधिराज्यको संविधान २०१५:** नेपाल अधिराज्यको संविधान २०१५ को धारा ७७ को व्यवस्था यसप्रकार रहेको थियो
**<u>बाधा अड्काउ फुकाउने अधिकार</u>** (१) यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन श्री ५बाट आवश्यक सम्झिबक्सेको आदेश जारी गर्न सकिबक्सनेछ र श्री ५बाट आवश्यक तथा वाञ्छनीय सम्झिबक्से बमोजिम थपघट र परिवर्तनको रुपमा भएको अनुकूलन बमोजिम आदेशमा तोकिएको अवधिसम्म यो संविधानका उपबन्धहरु चालु रहनेछ भनी त्यस्तो आदेशद्वारा निर्देश गर्न सकिबक्सनेछ । तर तोकिएको दिनले २ वर्षपछि यस्तो कुनै आदेश जारी हुनेछैन ।
(२) उपधारा (१) अन्तर्गत जारी गरिएको प्रत्येक आदेश संसदको दुवै सदनको सम्मुख राखिनेछ र ऐनद्वारा संशोधित वा खारेज हुन सक्नेछ । त्यसरी संशोधन वा खारेज नभएसम्म यसै संविधानमा परेसरह मानिनेछ ।

**नेपालको संविधान २०१९:** नेपालको संविधान २०१९ को दोस्रो संशोधन हुनुभन्दा अघि धारा ९६ मा र दोस्रो संशोधन पश्चात् धारा ९०क मा निम्न व्यवस्था रहेको थियो :
**धारा ९६ <u>बाधा अड्काउ फुकाउने अधिकार</u> :** यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन श्री ५बाट आवश्यक सम्झिबक्सेको आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै संविधानमा परेसरह मानिनेछ ।
तर राष्ट्रिय पञ्चायत गठन भएपछि त्यस्तो कुनै आदेश जारी हुनेछैन ।
**धारा ९०क <u>बाधा अड्काउ फुकाउने अधिकार</u> :** यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन श्री ५ बाट आवश्यक सम्झिबक्सेको आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै संविधानमा परेसरह मानिनेछ ।

**नेपाल अधिराज्यको संविधान २०४७ : नेपाल अधिराज्यको संविधान २०४७** को धारा १२७ यसप्रकार रहेको थियो ।
**<u>बाधा अड्काउ फुकाउने अधिकार</u>** : श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गरिबक्सनेछ र यस्तो आदेश संसद समक्ष राखिनेछ ।

उक्त संवैधानिक व्यवस्थाको प्रयोग निर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गर्न, कार्यकारिणी अधिकार आफूमा निहित राख्न र आफ्नो स्वविवेकमा मन्त्रीपरिषदको गठन हेरफेर र विघटन गर्न राजाबाट पटक पटक भएको देखिन्छ । पहिलो पटक मिति २०५९ असोज १८ मा शाही घोषणाको रुपमा आएको बाधा अड्काउ फुकाउन भनी जारी गरिएको आदेशको मुख्य व्यहोरा यस्तो रहेको थियो ।

.................... नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि सदा समर्पित रहने शाह वंशीय परम्परा अनुसार विक्रम सम्वत् २०४६ सालमा जन चाहना अनुरुप देशमा प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भएको सबैमा विदितै छ । यस व्यवस्थाको विगत १२ वर्षको अवधिमा प्रजातन्त्रको सुदृढिकरणको लागि विभिन्न

राजनीतिक प्रयोगहरु हुदै आएको कुरा सबैका सामु छर्लङ्ग छ । यसै क्रममा प्रधानमन्त्रीको सिफारिशमा हामीबाट गत जेठ ८ गते प्रतिनिधिसभा विघटन गरीबक्सी आगामी कार्तिक २७ गते नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गर्ने मिति तोकिबक्सेका थियौं । निर्वाचन सम्पन्न गराउने अभिभारा बोकेको प्रधानमन्त्रीले विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गर्दा तोकिएको मितिमा नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुन सक्ने अवस्था नदेखिएबाट संविधानको धारा ५३ को उपधारा (४) को कार्यान्वयनमा बाधा अडकाउ परेको हुंदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम बाधा अडकाउ फुकाउन हाम्रा हजुरमा जाहेर गरेबाट संवैधानिक गतिरोध वा रिक्तताको असहज अवस्था देखापरेको छ ।

राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकोले हामीबाट प्रयोग भई आएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावना अनुरुप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी संविधानबमोजिम निर्वाचन समयमा सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्तगरी मन्त्रीपरिषद विघटन गर्न र आगामी कार्तिक २७ गते प्रतिनिधि सभाका लागि हुने निर्वाचन समेत स्थगित गर्नुपर्ने परिस्थिति आईपरेको छ । तसर्थ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम देहाएका आदेशहरु जारी बक्सेका छौं ।

१. निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज २०५९ साल असोज १८ गतेदेखि पदमुक्त गरीबक्सी मन्त्रीपरिषद विघटन गरिबकसेका छौं ।
२. प्रतिनिधि सभाका लागि आगामी कार्तिक २७ गते हुने निर्वाचन समेत स्थगित गरिबक्सेका छौं ।

अर्को व्यवस्था गर्न केही समय लाग्ने हुंदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहित राखी मुलुकको शासन हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं । ...

उक्त व्यहोराको आदेश जारी भएपश्चात मिति २०५९ साल असोज २५ गते लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा मन्त्रीपरिषदको गठन, सोमा हेरफेर गर्ने, मिति २०६०।२।२८ मा सूर्यबहादुर थापाको अध्यक्षतामा मन्त्रीपरिषदको गठन, सोमा हेरफेर गर्ने, मिति २०६१।२।२८ मा शेरबहादुर देउवाको अध्यक्षतामा मन्त्रीपरिषदको गठन, सोमा हेरफेर गर्ने र मिति २०६१।११।२४ मा संवैधानिक निकायहरुका प्रतिवेदनहरु संसदमा राख्नुको सट्टा राजदरवारबाट नै सार्वजनिक गर्ने कार्यहरु धारा १२७ को प्रयोगबाटै भएको देखिन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३** को धारा १५८ मा यस सम्वन्धमा देहायको व्यवस्था गरिएको छ

**बाधा अड्काउ फुकाउने अधिकार** : यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिशमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश व्यवस्थापिका-संसदबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ ।
यस संविधानको पाँचौं संशोधन अगाडि भएको संवैधानिक व्यवस्थाको प्रयोग गरी तत्कालिन नेपाल सरकार मन्त्रीपरिषदले संविधानसभाको पहिलो बैठक बसेको दिन अर्थात २०६५।२।१५ गते एउटा आदेश जारी गरेको देखिन्छ । जून आदेशको व्यहोरा यस प्रकार रहेको छ :-

"नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (२) मा संविधानसभाको पहिलो बैठकबाट गणतन्त्रको कार्यान्वयन गर्ने व्यवस्था भएको र पूर्ण रुपमा गणतन्त्रात्मक व्यवस्था कायम गर्न संविधानमा आवश्यक संशोधन गर्नुपर्ने हुँदा त्यस्तो संशोधनको लागि संविधानको धारा ८५ को उपधारा (२) बमोजिम विधेयक पेश हुने दिन भन्दा कम्तीमा दुईदिन अगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउने व्यवस्था भई बाधा अड्काउ परेकोले संविधानको धारा १५९ को उपधारा (२) को व्यवस्था कार्यान्वयन गर्ने प्रयोजनको लागि पेश गर्ने विधेयक संविधानसभामा पेश भएकै दिन छलफल गरी निर्णय गर्न सकिने गरी संविधानको धारा १५८ बमोजिम बाधा अड्काउ फुकाउन मन्त्रिपरिषदले यो आदेश जारी गरेको छ ।"

उक्त आदेश जारी भएको एक महिना भित्र व्यवस्थापिका-संसदबाट दुईतिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने संवैधानिक व्यवस्था भए बमोजिम मिति २०६५।३।११ मा व्यवस्थापिका-संसदको हैसियतमा बसेको संविधानसभाको बैठकमा अनुमोदनको लागि पेश भएकोमा सर्वसम्मतिले पारित भएको थियो ।

## २.७.५ बाधा अड्काउ फुकाउने अधिकारका पूर्वशर्त र सीमाहरु

बाधा अड्काउ फुकाउनका लागि संविधानमै संशोधन गर्नु बाहेक अरु जे जस्तो आदेश जारी गर्दा तत्काल विद्यमान बाधा अड्काउ फुक्छ, त्यस्तो आदेश जारी हुनसक्छ । संशोधन र बाधा अड्काउ फुकाउन जारी हुने आदेश बीचको अन्तर कति मात्र हो भने संशोधनको प्रक्रियाबाट गरिने परिमार्जन साधारणतया स्थायी प्रकृतिको हुन्छ र यसले संविधानका धाराहरुमा नै परिवर्तन ल्याउँछ । बाधा अड्काउ फुकाउन जारी हुने आदेशले गर्ने परिमार्जन अस्थायी प्रकृतिको हुन्छ र बाधा अड्काउ फुकी आफ्नो उद्धेश्य पूरा भइसकेपछि यस्तो आदेश स्वतः निष्क्रिय हुन्छ । बाधा अड्काउ फुकेर यसरी आदेश निष्क्रिय भएपछि ग्रहणको सिद्धान्त (doctrine of eclipse) अनुसार उक्त आदेशले प्रभावित पारेका संविधानका प्रावधानहरु पूर्ववत् अवस्थामा क्रियाशिल रहन्छन् ।

संविधानका कार्यविधिगत कुराहरुमा मात्र बाधा अड्काउ फुकाउने अधिकार आकर्षित हुन्छ वा सारवान कुराहरुका हकमा पनि आकर्षित हुन्छ भन्ने सन्दर्भमा सवैको एकमत नभएतापनि यसको उद्देश्य संवैधानिक संयन्त्रलाई पुनः सञ्चालित गराउनु भएको हुनाले सारवान कुराहरुको व्यवस्था गर्न नसकिने भन्दा यसको उद्धेश्य पुरा नहुन सक्दछ । तसर्थ देखापरेको गतिरोध अन्त्य गर्न बाधा अड्काउ फुकाउने अधिकार अन्तर्गत सारवान प्रकृतिकै आदेश जारी हुन सक्दैन भन्नु उचित देखिदैन ।

बाधा अड्काउ फुकाउने अधिकार अन्तर्गत जारी गरिने आदेशको विषयवस्तुहरु र प्रकृति कस्तो हुनुपर्दछ भन्ने सम्बन्धमा कुनै निरपेक्ष सीमा निर्धारण गर्न सकिंदैन । बाधा अड्काउ फुकाउने प्रावधानको प्रयोजन आइ परेको संवैधानिक गतिरोधलाई संविधान अनुकूल तुल्याई निकास दिनु हो तर संविधानलाई नै समाप्त पार्ने (override) वा संकुचन पार्नु भने होइन । यो अधिकारको प्रयोगमा संविधानले निर्धारण गरेका संवैधानिक सीमा वा पूर्वशर्तहरु पालना हुनु पर्दछ । तिनीहरुलाई निम्नरुपमा प्रस्तुत गर्न सकिन्छ:

- संविधानको कार्यान्वयनमा बाधा अड्काउ उत्पन्न भएको हुनुपर्छ, त्यस्तो बाधा अड्काउ काल्पनिक नभई वास्तविक हुनुपर्छ र जारी भएको आदेशबाट त्यो बाधा अड्काउ फुकेर संविधानको व्यवस्था पुनः सुचारु रुपमा सञ्चालित हुन सक्नुपर्छ ।
- संवैधानिक गतिरोध वा रिक्तता समाप्त गर्ने अरु कुनै संवैधानिक वा कानूनी उपाय नभएमा मात्र यसको प्रयोग हुनसक्छ ।
- कानून बनाएर अथवा अध्यादेश जारी गरेर हुनसक्ने रहेछ भने यो अधिकारको प्रयोग गर्न हुँदैन ।
- व्यक्तिका वैयक्तिक स्वतन्त्रता तथा मौलिक हकमा अनुचित वन्देज लगाउने गरी यो अधिकारको प्रयोग गर्न मिल्दैन ।
- संवैधानिक प्रक्रियाको पालना भएको हुनुपर्छ, जस्तै; प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिबाट आदेश जारी हुने प्रावधान रहेछ भने प्रधानमन्त्रीको सिफारिश बिना राष्ट्रपतिले आदेश जारी गर्न सक्दैन ।
- जारी हुने आदेश संविधानको आधारभूत संरचनाको विपरित हुनुहुँदैन अर्थात् संविधानको संशोधन गर्न नसकिने विषयमा बाधा अड्काउ फुकाउने आदेश जारी हुन सक्तैन ।

उल्लिखित कुराहरु नै सम्पूर्ण (exclusive) नभइ अरुपनि हुन सक्छन् ।

## २.७.६ बाधा अड्काउ फुकाउने आदेशको विधायिकी अनुमोदन

संविधानको कार्यान्वयनमा देखापर्ने बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने काम राज्यको कार्यकारिणी अङ्गले गर्ने भए तापनि शक्तिपृथक्कीकरणको सिद्धान्तको दृष्टिकोणवाट हेर्दा सो आदेश जारी गर्ने कामको अन्तर्निहित प्रकृति भने विधायिकी (legislative) हो । व्यवहारिकता वा सुविधाका दृष्टिबाट तथा विशेषज्ञता, कार्यदक्षता, प्रभावकारिता र तत्कालीन आवश्यकताको कारणले यो अधिकार कार्यपालिकाले प्रयोग गर्दछ । यसरी व्यवहारिकता वा सुविधाका दृष्टिबाट कार्यकारी अङ्गले प्रयोग गर्ने भए तापनि यस प्रकृयाको विशिष्टता के हो भने त्यो कार्य मौलिक रुपमा जुन अङ्गको क्षेत्रभित्र पर्ने हो, त्यो कार्य उपरको अन्तिम अधिकार उसैमा निहित रहन्छ । अर्थात अर्को अङ्गले सहि रुपमा प्रयोग गरेको छ, छैन भनी नियन्त्रण र सुपरीवेक्षण गर्ने अन्तिम अधिकार माउ अङ्गमै रहन्छ । नियन्त्रणकै माध्यमबाट त्यस्तो अधिकार उपर माउ अङ्गको स्वामित्व स्थापित गरिने हो । बाधा अड्काउ फुकाउने अधिकारको सम्बन्धमा हेर्दा कार्यपालिकाले आदेश जारी गरे पछि निश्चित समयावधिभित्र त्यस्तो आदेश माउ अङ्ग विधायिका समक्ष पेश गर्नुपर्छ र विधायिकाले अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुने मान्यता छ ।कार्यपालिका स्वेच्छाचारी एवं निरंकुश बन्न नपाओस् भनेरपनि यसो गरिने हो । यसो गरिनु संविधानवादको मान्यता अनुकूल पनि हुन जान्छ ।

## २.७.७ आगामी संविधानमा बाधा अडकाउ फुकाउने अधिकार

बाधा अड्काउ फुकाउने अधिकार संविधानमा रहनु र त्यसको सामयिक प्रयोग आफैमा संविधानवाद र कानूनको शासनको अवधारणा प्रतिकूल हुदैन । यो आवश्यकताको सिद्धान्तमा आधारित रहेको छ र राज्यका अङ्गहरुबीचको

पारस्परिक र नियन्त्रणात्मक सम्बन्ध र कार्यशैलीलाई सुदृढ गर्दै अप्रत्याशित रुपमा देखापर्ने गतिरोध वा बाधाहरुलाई प्रभावकारी रुपमा तत्कालै समाधान गरी संविधान र संवैधानिक व्यवस्थालाई अक्षुण्ण राख्ने यसको उद्देश्य भएकोले आगामी संविधानमा पनि यस सम्बन्धी व्यवस्था राख्नु पर्दछ । त्यसरी राख्दा यस संविधान बमोजिम विधायिकाको निर्वाचन भई विधायिकाको बैठक नबसेसम्म यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रप्रमुखले मन्त्रिपरिषद्को सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ भनी संक्रमणकालीन अवधिमा मात्र यस व्यवस्थाको प्रयोग हुने गरी राखिनु उपयुक्त हुन्छ ।

## २.८ विविध भागमा रहने व्यवस्थाहरु

विविध शब्दले नै त्यहाभित्र धेरै किसिमका विषयवस्तुहरु समावेश भएका हुन्छन् भन्ने कुरालाइ जनाउँछ । यस्ता कुराहरु विविध भागमा रहने भएतापनि संविधानका महत्वपूर्ण व्यवस्थाहरु हुन सक्छन । संविधानमा विविध भाग राख्नुको उद्देश्य २ वटा हुन्छन् :-

क) संविधान निर्माताले संविधानमा राख्न आवश्यक ठानेको वा संविधानमा व्यवस्था गरिनु जरुरी देखिएको विषय जुन अन्य भागमा समेट्न सकिएको छैन । त्यस्ता विषयको सम्वन्धमा व्यवस्था गर्न,

ख) विषयवस्तुको प्रकृति, स्थिति र स्वरुप अनुसार संविधानमा रहनु पर्ने तर अलग्गै भाग आवश्यक नपर्ने विषयहरुलाई समावेश गर्न ।

संवैधानिक समितिले आफ्नो कार्यक्षेत्र पहिचान गर्ने क्रममा विविध भागमा रहने विषय अन्तर्गत देहायका विषयहरु आफ्नो समितिको कार्य क्षेत्रभित्र पर्ने भनी निर्णय गरेको अवस्था छ :

### २.८.१. राजदुत र विशेष प्रतिनिधिको नियुक्ति प्रकृया

देशले विदेशी मित्रराष्ट्रहरु र अर्न्तराष्ट्रिय संगठनहरु सँगको सम्वन्धको सञ्चालन गर्नको निमित्त मुलुकको तर्फवाट राजदुतहरुको नियुक्ति गर्नुपर्ने हुन्छ । त्यसैगरी कुनै खास प्रकारको कामको लागि वा विशेष प्रकारको अन्तर्राष्ट्रिय सम्मेलन, सभा, छलफल, गोष्ठिहरुमा देशका तर्फवाट प्रतिनिधित्व गर्नकोलागि विशेष प्रतिनिधिहरु पनि नियुक्ति गर्नुपर्ने हुन्छ । मुलुकको तर्फवाट कहाँ कहाँ र के कस्ता राजदुत वा प्रतिनिधिहरु नियुक्ति गर्ने वा पठाउने भन्ने कुरा कार्यकारीणीको अधिकार क्षेत्र भित्रको कुरा हो । शक्ति पृथकिकरणको सिद्धान्तको आधारबाट समेत यस्तो व्यक्तिको नियुक्तिको अधिकार कार्यकारीणीको नै मानिन्छ । यसरी नियुक्ति हुने राजदुत र विशेष प्रतिनिधिहरु राज्यको तर्फवाट नियुक्ति हुने र मुलुकको प्रतिनिधित्व गरेका हुन्छन् ।

**२.८.१.१ नेपालको संवैधानिक इतिहासः** नेपालको संवैधानिक इतिहास हेर्दा राजदुत र विशेष प्रतिनिधिहरुको नियुक्ति राष्ट्रप्रमुखबाट हुने गरेको पाइन्छ । यस सम्वन्धी अर्न्तराष्ट्रिय प्रचलन हेर्दा कतिपय देशका संविधानमा नै यिनिहरुको नियुक्ति राष्ट्र प्रमुखबाट हुने कुरा उल्लेख भएको देखिन्छ भने कतिपय देशमा संविधानमा नै व्यवस्था नभएतापनि राष्ट्रप्रमुखबाट उनिहरुको नियुक्ति हुने गरेको अभ्यास छ ।

**नेपालको संविधान, २०१९:** धारा ८६ग. : शाही नेपाली राजदुत र विशेष प्रतिनिधि : शाही नेपाली राजदुत र विशेष प्रतिनिधिको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ ।

**नेपाल अधिराज्यको संविधान, २०४७:** धारा १२० : शाही नेपाली राजदुत र विशेष प्रतिनिधि : (१) श्री ५ बाट शाही नेपाली राजदुत नियुक्त गरिबक्सनेछ ।

(२) श्री ५ बाट विशेष समारोहमा मौसुफको प्रतिनिधित्व गर्न शाही प्रतिनिधि र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सकिबक्सनेछ ।

**नेपालको अन्तरिम संविधान, २०६३:** धारा १५० : नेपाली राजदुत र विशेष प्रतिनिधि : मन्त्रीपरिषदको सिफरिसमा राष्ट्रपतिले नेपाली राजदुत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

### २.८.१.२ भावी संविधानमा राजदुत र विशेष प्रतिनिधिको नियुक्ति सम्बन्धी व्यवस्था

माथी उल्लेखित हाम्रो संवैधानिक अभ्यास र परम्परा हेर्दा भावी संविधानमा पनि राजदुत र विशेष प्रतिनिधि नियुक्ति सम्वन्धी व्यवस्था गर्नुपर्ने हुन्छ । हाल राज्यको शासकीय स्वरुपको सम्वन्धमा टुङ्गो लागि सकेको अवस्था नहुदा राष्ट्र

प्रमुख कार्यकारी प्रमुख नभएमा कार्यकारीणी अधिकार प्राप्त मन्त्रिमण्डलको सिफारिसमा राष्ट्र प्रमुखबाट राजदुत र विशेष प्रतिनिधि नियुक्ति हुने व्यवस्था गरिनु उचित हुन सक्छ । राष्ट्र प्रमुख नै कार्यकारीणी अधिकारयुक्त हुने भएमा निजले नै नियुक्त गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । त्यसरी नियुक्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा स्वच्छ वैयक्तिक छवी भएका उच्च नैतिकवान र राष्ट्रको छवी कायम गर्न सक्ने व्यक्तिलाई नियुक्ति गरिनु पर्ने व्यवस्था हुनुपर्छ ।

### २.८.२ माफी दिने अधिकार (Power to Grant Pardon)

### २.८.२.१ विषय परिचय, आवश्यकता र औचित्य

मानिसको जीवन र उसको वैयक्तिक स्वतन्त्रता सवैभन्दा महत्वपूर्ण कुराहरु हुन् । प्राकृतिक कानूनको सिद्धान्त तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तले पनि यी दुई विषयलाई अत्यन्तै महत्वपूर्ण मान्दछन् र यिनको संरक्षणको लागि राज्यले उचित र उपयुक्त प्रवन्धहरु गर्नुपर्ने कुरामा जोड दिन्छन् । कानून बमोजिम बाहेक कसैको स्वतन्त्रताको अपहरण हुन नसक्ने कुरा स्थापित मूल्य मान्यताको रुपमा रहेको छ । कानून बमोजिम नै कसैको स्वतन्त्रताको अपहरण हुन त सक्छ तर कानूनको कार्यान्वयन गर्ने राज्यको प्रणाली वा संयन्त्र वा अधिकारीहरुमा अन्तर्निहित कामको प्रकृतिको कारण मानवीय भूल वा त्रुटि कमजोरी हुनगई कसैको स्वतन्त्रताको अपहरण हुन जाने अवस्था आउने देखिएमा त्यसलाई सच्याउने संयन्त्रहरु स्थापित गरिनु जरुरी हुन जान्छ ।

राज्यको फौजदारी न्याय प्रणालीको त्रुटि कमजोरीले अथवा राजनैतिक वा अन्य त्यस्तै कारणले कसैलाई भएको दण्डसजाय माफि मुल्तवी गर्नुपर्ने अवस्था आउन सक्छ । अदालतबाट दण्ड सजाय गर्ने निर्णय भई सकेपछि पहिले मुद्दाको निर्णय हुँदा वास्तविक तथ्य प्रमाणहरु पेश हुन नसकेको अथवा उचित तवरले पेश हुन नसकी दण्ड सजाय गर्ने निर्णय हुँदा त्यसमा ध्यान नपुगेको, परिस्थितिमा आमुल परिवर्तन भएको अथवा फैसला भएपछि नयाँ तथ्य पत्ता लागेको अवस्थामा गलत तवरले अथवा निर्दोषले सजाय नपाओस भनी दण्ड सजाय भईसकेपछि त्यो सजायको माफी मुल्तवी दिइनुपर्छ भन्ने आधारमा संविधानमा माफी मुल्तवी सम्बन्धी व्यवस्था राखिने हो । त्यसैगरी कतिपय अपराधीहरुले कारागारमा रहँदा आफ्नो चरित्रमा सुधार गरेको र सो कारणबाट निजलाई समाजमा पुनर्स्थापना गर्दा भावी दिनमा निजबाट कुनै पनि प्रकृतिको अपराधिक कार्य हुँदैन भन्ने आधारमा समेत त्यस्ता कैदीहरुको बाँकी कैद मिन्हा गरी माफी दिने प्रचलन समेत दण्ड प्रणालीमा स्वीकृत मान्यताको रुपमा रहेको छ । यस्तो प्रचलनलाई हामीले पनि अवलम्वन गर्दै आएका छौं ।

माफी दिने अधिकार (Power to Grant Pardon) अन्तर्गत माफी, मुल्तवी वा स्थगन, विलम्व, परिवर्तन वा कम भन्ने शब्द प्रयोग हुने गर्छन । माफी भन्नाले कसैलाई अधिकार प्राप्त अदालत वा न्यायाधिकारीबाट भएको सजायबाट पूरै छुटकारा दिनु हो भन्ने बुझिन्छ भने मुल्तवी वा स्थगनले त्यस्तो सजायको कार्यान्वयन प्रकृयालाई स्थगित गरिनु हो भन्ने बुझाउँछ । विलम्वले सजायको कार्यान्वयनको अवधिमा ढिलाई गर्नु भन्ने बुझाउछ भने परिवर्तन वा कमले दण्ड सजायको मात्रा र गाम्भिर्यतालाई न्यून बनाउनु भन्ने बुझाउँछ ।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार अदालत वा न्यायाधीकारीबाट भएको दण्ड सजाय माफी दिने अधिकार न्यायिक प्रकृतिको हो । यो उच्चकोटीको अधिकार वा शक्तिको रुपमा रहेको हुन्छ । यो अधिकार सार्वभौम जनताको तर्फबाट संविधानले राष्ट्र प्रमुखलाई दिइने हो । यो अधिकारको प्रकृति सम्बन्धमा भारतीय सर्वोच्च अदालतले यस प्रकार बोलेको पाइन्छ : *Historically it is a sovereign power, politically, it is a residuary power, humanistically, it is in aid of intangible justice where imponderable factors operate for the well-being of the community, beyond the blinkered Court Process. (Krishna Goud vs. State of Andhra Pradesh*, (1976) 1 SCC 157)

### २.८.२.२ माफी दिने अधिकारको प्रयोग विधि

माफी दिने अधिकार सार्वभौम जनताको तर्फबाट संविधानले राष्ट्र प्रमुखलाई दिइने अधिकार हो भनेर माथि उल्लेख गरियो । तर यसको प्रयोग सम्बन्धमा विभिन्न प्रचलनहरु रहेका छन् । वेलायतमा माफी दिने अधिकार राजा वा रानीको विशेष अधिकार (Royal prerogative) को रुपमा लिइन्छ । भारतको संविधानको धारा ७२ ले सजायको माफी, मुल्तवी, स्थगन वा परिवर्तन गर्ने अधिकार राष्ट्रपतिलाई दिएको छ । Power of President to grant pardons, etc., and to suspend, remit or commute sentences in certain cases भन्ने शिर्षकमा *The President shall have the power to grant pardons, reprieves, respites or remissions of punishment or*

*to suspend, remit or commute the sentence of any person convicted of any offence.* भन्ने व्यवस्था गरेको पाइन्छ । अमेरिकामा माफी दिने अधिकार राष्ट्रपतिमा रहेको छ । यसलाई उसले व्यक्तिगत दयाको अधिकारको रुपमा नभई संवैधानिक प्रबन्धको रुपमा प्राप्त अधिकारको रुपमा प्रयोग गर्दछन् । (Not as a private act of grace but as a part of the constitutional scheme) त्यहाँ महाभियोगबाट भएको दण्ड सजायलाई राष्ट्रपतिले माफी दिन सक्दैनन् ।

अर्जेन्टिनाको संविधानले यो अधिकार राष्ट्रपतिलाई प्रदान गर्दै धारा ९९(५) मा He may grant pardons or commute punishments for crimes subject to federal jurisdiction, after the report of the corresponding court, according to the laws of the Nation भन्ने व्यवस्था गरेको छ । चीनको संविधानको धारा ८० ले The President of the People's Republic of China, in pursuance of decisions of the National People's Congress and its standing committee ... issues orders of special pardons भन्ने व्यवस्था गरेको छ ।

### २.८.२.३ हाम्रो संवैधानिक इतिहास

**नेपाल सरकार वैधानिक कानून, २००४:** धारा ५९ : यो ऐनभित्र परेको कुराले श्री ३ महाराजबाट अपराधीलाई माफी, मिन्हा मोजरा र सजाय घटाइबक्सिने अधिकारमा असर पर्ने छैन ।
**नेपालको अन्तरिम शासन विधान, २००७:** धारा २२ : (१) निम्न लिखित मुद्दामा कुनै अपराधको दोषी ठहरिएको कुनै व्यक्तिलाई दण्ड सजाय माफी गर्ने, विलम्व गर्ने, घटाउने वा बदल्ने वा मुल्तवी राख्ने अख्तियार श्री ५ महाराजधिराजको हुनेछ ।
(क) सेना न्यायालय (कोर्ट मार्शल) ले दण्ड सजाय गरेको,
(ख) नेपालको कार्यकारिणी अधिकार लागू हुने विषयसम्वन्धी ऐनको विरोधमा गरेको अपराधमा दण्डसजाय दिएको,
(ग) ज्यानसजायको दण्ड भएको ।

**नेपाल अधिराज्यको संविधान, २०१५:** धारा ६६ : माफी : श्री ५ बाट कुनै पनि न्यायधिकारी वा विशेष अदालत वा ऐनद्धारा नियुक्त अधिकारीद्धारा दिइएको दण्डादेशलाई माफी, विलम्ब, स्थगन, परिवर्तन वा कम गर्न सकिबक्सनेछ ।

**नेपालको संविधान, २०१९:** धारा ८४ : माफी : श्री ५ बाट कुनै पनि न्यायाधिकारी वा विशेष अदालत वा ऐनद्धारा नियुक्त अधिकारीद्धारा दिइएको दण्डादेशलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सकिबक्सनेछ ।
तर यस धारा अन्तर्गत श्री ५ बाट अधिकार प्रयोग गरिबक्सदा उपयुक्त ठहराइबक्से राजसभासँग परामर्श गरिबक्सनेछ ।

**नेपाल अधिराज्यको संविधान, २०४७:** धारा १२२ :माफी : श्री ५ बाट जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकिय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतबी, परिवर्तन वा कम गर्न सकिबक्सनेछ ।

**नेपालको अन्तरिम संविधान, २०६३:** धारा १५१ : माफी : मन्त्रीपरिषदको सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायीक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्नेछ ।

माथिको हाम्रो संवैधानिक अभ्यास र अन्य देशहरुको प्रचलन हेर्दा प्रायः सबै देशमा माफी दिने अधिकार राष्ट्र प्रमुखलाई हुने गरेको स्पष्ट हुन्छ । तर कार्यकारी राष्ट्रपति नभएको मुलुकमा यसको प्रयोग मन्त्रिपरिषद् वा विधायिकाको सिफारिशमा हुने गरेको देखिन्छ । यो अधिकार अति महत्वपूर्ण भएको हुँदा यसको प्रयोग अपवित्र, असान्दर्भिक, अविवेकपूर्ण, भेदभावपूर्ण र दुषित मनसायले गरिनु हुदैन । सामान्यतया यो अधिकारको प्रयोग गरी भएका निर्णयहरुमा न्यायिक पुनरावलोकन नगरिने भएतापनि यसको प्रयोग माथि भनिए जस्तै अपवित्र, असान्दर्भिक, अविवेकपूर्ण, भेदभावपूर्ण र दुषित मनसायले गरिएमा न्यायिक पुनरावलोकन हुन सक्ने मानिन्छ ।

### २.८.२.४ भावी संविधानमा माफी दिने अधिकार सम्बन्धी व्यवस्था

भावी संविधानमा कुनैपनि अड्डा अदालत वा न्यायाधिकरणहरुबाट भएका दण्ड सजायको माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने अधिकार राष्ट्र प्रमुखलाई दिइने व्यवस्था गर्नु उचित हुन्छ । यो अधिकारको प्रयोगमा दुरुपयोग नहोस भनी वस्तुगत आधारमा मात्र यसको प्रयोग हुने कुरा सुनिश्चित गर्नका लागि कानूनमा व्यवस्था भएबमोजिम यो अधिकारको

प्रयोग गरिने कुरा संविधानमा नै उल्लेख गर्नु उपयुक्त हुन्छ । हालको अवस्थामा मुलुकले अंगाल्ने शासकीय स्वरुप सम्बन्धमा स्पष्टता नभएको हुँदा राष्ट्र प्रमुख कार्यकारी प्रमुख हुने भएमा निजले नै यो अधिकार प्रयोग गर्ने गरी र प्रधानमन्त्री कार्यकारी प्रमुख हुने भएमा मन्त्रिमण्डलको सिफारिशमा राष्ट्र प्रमुखले यो अधिकार प्रयोग गर्ने गरी संविधानमा व्यवस्था गरिनु पर्दछ ।

### २.८.३ राज्यको तर्फबाट उपाधी सम्मान र विभूषण प्रदान गर्ने अधिकार र विधि

मुलुकको हित प्रवर्धन गर्ने र प्रतिष्ठा तथा ख्याती बढाउने कार्यगरी उल्लेखनीय योगदान गर्ने देशका नागरिक तथा विदेशका व्यक्तिहरुलाई समेत उनीहरुको योगदानको सम्मानार्थ राज्यले उपाधी, सम्मान र विभूषण प्रदान गर्ने गर्दछ । यसो गर्दा देशको उन्नती र प्रगती तथा देशको प्रतिष्ठालाई उचो तुल्याउन योगदान गर्नमा अरु व्यक्तिहरुलाई पनि उत्प्रेरित गर्दछ भने यस्तो सम्मान पाउनेले अझ दत्तचित्त भएर बढी योगदान गर्न सक्दछ । राज्यका तर्फबाट यसरी उपाधी सम्मान र विभूषण प्रदान गरिने विषय हुँदा राष्ट्र प्रमुख कै तर्फबाट यिनीहरुलाई प्रदान गर्ने गरिन्छ । जस्ले पायो उसले जहाबाट पायो त्यहीबाट उपाधी सम्मान र विभूषण लिन नपाओस र त्यसरी सम्मान पाउनेहरुको जानकारी र त्यसको अभिलेख राज्यमा रहोस भन्ने उद्देश्यले विदेशी मुलुकबाट कुनैपनि नेपाली नागरिकले उपाधी सम्मान र विभूषण प्राप्त गर्दा सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था राख्ने गरिन्छ । उपाधी, सम्मान र विभूषण दिने सम्बन्धमा नेपालका विगतका संविधानमा देहायको व्यवस्था भएको पाइन्छ :-

**नेपाल अधिराज्यको संविधान, २०१५:** धारा ६७. उपाधी, सम्मान् र विभूषण : (१) उपाधी, सम्मान् वा विभूषणहरु श्री ५ बाट मात्र प्रदान हुनेछन् ।

(२) श्री ५ बाट स्वीकृति लिएर बाहेक नेपाली नागरिकले कुनै अन्य देशले दिएको उपाधी, सम्मान् वा विभूषणहरु ग्रहण गर्न हुँदैन ।

**नेपालको संविधान, २०१९:** धारा ८५. उपाधि, सम्मान, विभूषण : (१) उपाधि, सम्मान र विभुषणहरु श्री ५ बाट मात्र प्रदान हुनेछन् ।

(२) श्री ५ बाट स्वीकृति लिएर बाहेक नेपालको नागरिकले कुनै अन्य देशले दिएको उपाधि, सम्मान् वा विभूषण ग्रहण गर्न हुँदैन ।

**नेपाल अधिराज्यको संविधान, २०४७:** धारा १२३. उपाधि, सम्मान र विभुषण : (१) श्री ५ बाट राज्यका तर्फवाट दिइने उपाधि, सम्मान र विभूषणहरु प्रदान हुनेछन् ।

(२) श्री ५ बाट स्वीकृति प्राप्त नगरी नेपालको कुनै नागरिकले कुनै देशको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्न हुँदैन ।

**नेपालको अन्तरिम संविधान, २०६३:** धारा १५२. उपाधि, सम्मान र विभुषण : (१) मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट राज्यका तर्फवाट दिइने उपाधि, सम्मान, र विभूषणहरु प्रदान हुनेछन् ।

(२) नेपाल सरकारबाट स्वीकृति प्राप्त नगरी नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान, वा विभूषण ग्रहण गर्न हुँदैन ।

यसरी विगतका संविधान तथा नेपालको अन्तरिम संविधान, २०६३ ले उपाधी, सम्मान र विभूषण राष्ट्र प्रमुखबाट दिईने व्यवस्था गरेको देखिन्छ । अन्तरिम संविधान, २०६३ ले मन्त्रिपरिषद्को सिफारिशमा मात्र राष्ट्रपतिले राज्यका तर्फबाट उपाधी, सम्मान र विभूषण दिने व्यवस्था गरेको पाइन्छ । भावी संविधानमा मुलुकको तर्फबाट दिइने उपाधी सम्मान र विभूषणहरु दिइने अधिकार राष्ट्र प्रमुखमा राखिनु उपयुक्त हुन्छ । तर कार्यकारी अधिकार प्राप्त मन्त्रिपरिषद्को सिफारिश हुनु पर्ने व्यवस्था राख्नु उपयुक्त हुन्छ । किनकी जनताप्रति प्रत्यक्ष उत्तरदायी भएको निकायले नै यसको निर्णय गर्नु उपयुक्त हुन जान्छ । नेपाली नागरिकले विदेशबाट उपाधी, सम्मान वा विभूषण लिदा सरकारको अनुमति लिनुपर्ने व्यवस्था राख्नु उपयुक्त हुन्छ ।

माथिको अवधारणा संवैधानिक समितिले संविधानको विविध भागमा रहनुपर्ने विषय भनी प्रारम्भमा पहिचान गरेका विषयमा आधारित रहेको छ । विविध भागमा रहने कतिपय विषयवस्तुहरु जस्तो की अन्तर्राष्ट्रिय सन्धी सम्झौता अनुमोदन सम्बन्धी व्यवस्था, निर्वाचन क्षेत्र निर्धारणका आधार र संयन्त्र सम्बन्धी व्यवस्था, विभिन्न परिषदहरु सम्बन्धी व्यवस्था अन्य विषयगत समितिहरुबाट अवधारणपत्र र प्रारम्भिक मस्यौदा भई आएपछि समावेश गरिने अवस्था रहन्छ भने सो बाहेकका विविध भागमा रहने विषयको निरोपण र निर्धारण संविधानको पूर्ण मस्यौदा गरिने समयमा मात्र गर्न सकिने भएकोले यो भाग पछिसम्म नै खुला रहनु पर्ने समितिको दृष्टिकोण रहेको छ ।

## २.९ परिभाषाको भाग

### २.९.१ संविधानमा परिभाषाको महत्व र औचित्य

संविधानमा प्रयोग भएका केही शब्द वा वाक्याशंलाई स्पष्ट पारी संविधान सबैले वुझ्ने गरी सरल वनाउन र संविधानको व्याख्या सही ढङ्गवाट तथा एकरुपतापूर्ण तवरले गर्न सघाउ पुऱ्याउने उद्देश्यका साथ संविधानमा परिभाषाको खण्ड राख्ने गरिन्छ । संविधानमा शब्दको परिभाषा गर्नुका विभिन्न अर्थ छन । परिभाषा गर्नु भनेको परिभाषित शब्दको व्याख्या गर्नु हो र सो शब्दलाई चिनाउनु हो । संविधानमा परिभाषा राख्नाले पछि संविधानको कार्यान्वयनको वेलामा हुन सक्ने द्विविधा, अनिश्चितता, अन्यौल र अस्पष्टतालाई हटाई स्पस्ट र सरल तरिकाले संविधानलाई वुझ्ने र लागु गर्ने काममा सहयोग पुग्न जान्छ । यसको अतिरिक्त परिभाषाले कुनै शब्दको अर्थ सीमित पार्ने, संकुचित तुल्याउने, शब्दको अर्थ निश्चित गर्ने, विस्तार गर्ने, धेरै शब्दहरुलाई वारम्वार दोहोऱ्याउनवाट वचाई कम शब्दले काम चलाउने जस्ता कार्यहरु पुरा गर्दछ । कानूनको अज्ञानता क्षम्य हुदैन (Ignorance of law is no excuse) भन्ने विधिशास्त्रीय मान्यता रहेकाले कुनै पनि कानून सर्वसाधारण लागि वोधगम्य हुन जरुरी हुन्छ । परिभाषाले संविधान र कानूनलाई सरल वनाउन मद्दत गर्ने भएकोले यसका माध्यमवाट संविधान सवै जनताले वुझ्ने गरी बोधगम्य हुन्छ । कन्टिनेन्टल ल प्रणालीमा परिभाषा लाई त्यति धेरै महत्व दिइदैन । यस प्रणालीमा कुनै पनि शब्दको प्राकृतिक अर्थ जे जस्तो हो त्यहि नै वुझ्न पर्छ भन्ने धारणा छ र शब्दहरुको परिभाषा गरि रहनु आवश्यक ठानिदैन ।

संविधानमा शब्दहरुको परिभाषा गर्ने क्रममा देहाएका कुराहरु विचार गर्नु पर्ने हुन्छ

- कानून व्याख्या सम्वन्धी ऐन सवै कानूनको र संविधानको व्याख्यामा समेत लागू हुने भएकोले कानून व्याख्या सम्वन्धी ऐनमा परिभाषित शब्दलाई त्यही रुपमा संविधानमा दोहऱ्याएर परिभाषित गरी रहनु पर्दैन ।
- संविधानमा प्रयोग भएका शब्दहरुको परिभाषा नगरिए सम्म त्यस्ता शब्दको प्राकृतिक अर्थ (Natural meaning) जे हो सोही रुपमा वुझिएको हुन्छ ।
- परिभाषा गरिएको शब्दलाई फरक फरक अर्थ दिने गरि प्रयोग गर्नु हुदैन ।
- परिभाषा गर्नुको अर्थ सविधानलाई सरल र द्विविधारहित तुल्याउनु हो । अतः अप्राकृतिक र अस्वभाविक अर्थ दिने गरी शब्दको परिभाषा गर्नु हुदैन ।
- संविधानमा प्रयोग नभएका शब्दहरुलाई परिभाषा गर्नु हुदैन ।

### २.९.२ केही संविधानमा परिभाषाको अवस्था तुलनात्मक अध्ययन

अधिकांश देशका संविधानहरुमा यसप्रकारको परिभाषाको व्यवस्था राख्ने गरिएको पाइदैन । केही देशका संविधानहरुमा मात्र यसप्रकारको व्यवस्था राख्ने गरिएको देखिन्छ ।

**दक्षिण अफ्रिका:** दक्षिण अफ्रिकाको संविधानको धारा २३९ मा केही शब्दावलीहरुको परिभाषा राखिएको छ जसमा National Legislation, Organ of State, Provincial Legislation जस्ता शब्दहरु परेका छन ।

**मलेशिया:** मलेशियाको संविधानको धारा १६० मा Aborigine, Act of Parliament, Borrow, Casual Vacancy, Chief Minister, Citizen आदी शब्दहरुको परिभाषा गरिएको छ ।

**अष्ट्रेलिया:** अष्ट्रेलियाको संविधानको धारा ६ मा The Commonwealth , The States, Original States शब्दहरुको परिभाषा गरिएको छ ।

**बंगलादेश:** बंगलादेशको संविधानको धारा १५२ मा Administrative unit, Advisor, The Appellate Division, Article, Capital, Chief Advisor, Citizen आदी शब्दहरुको परिभाषा गरिएको छ ।

### २.९.३ नेपालका हालसम्मका संविधानमा परिभाषाको सम्वन्धमा भएका व्यवस्थाहरु

नेपाल सरकारको वैधानिक कानून २००४ र नेपालको अन्तरिम शासन विधान २००७ मा कुनै पनि शब्दको परिभाषा गरिएको पाईदैन ।

**नेपाल अधिराज्यको संविधान २०१५** को परिच्छेद ३ धारा ७२ मा परिभाषाको वारेमा देहायको व्यवस्था गरिएको छः

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमाः

(क) "धारा" भन्नाले यस संविधानको धारा सम्झनु पर्छ ।

(ख) "नागरिक" भन्नाले कानूनमा भने अनुसार नेपालको नागरिक भएको कुनै व्यक्ति सम्झनुपर्छ

(ग) "मतदाता" भन्नाले संसदको सदस्यको निर्वाचनमा मतदिन पाउने व्यक्ति सम्झनु पर्छ ।

(घ) "आम निर्वाचन" भन्नाले प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचन तथा संसद विघटन भएपछि हुने उपरोक्त सदस्यहरुको निर्वाचन समेत सम्झनु पर्छ ।

(ङ) "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनु पर्छ ।

(च) "समावेदन" भन्नाले त्यस्तो समावेदन पेश गर्ने व्यक्तिको सही परेको लिखत सम्झनु पर्छ ।

(छ) "संसद" भन्नाले धारा १८ वमोजिम गठित संसदलाई सम्झनु पर्छ र त्यस्तै अवस्थामा धारा ५६ को उपधारा (१) मा भएको प्रतिबन्धात्मक वाक्याशं (ख) मा लेखिएको संसदलाई पनि जनाउँछ ।

(ज) "पारिश्रमिक" भन्नाले तलब भत्ता पेन्सन र जिन्सीको रुपमा दिइने अरु कुनै तरहको पारिश्रमिक सम्झनु पर्छ ।

(झ) "महासभासद्" भन्नाले सो समयमा भइराखेको महासभाको कुनै सदस्य सम्झनु पर्छ

२) श्री ५ लाई सम्वोधन हुने शब्दहरुले विषय वा प्रसंगले अर्को अर्थ नलागेमा अधिकार पाएको उपराज वा उपराज परिषद्लाई र धारा ११ को उपधार (१०) बमोजिम अधिकार प्रयोग गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

**नेपालको संविधान २०१९** को भाग १८ धारा ९१ मा परिभाषा सम्बन्धमा देहाय बमोजिमको व्यवस्था थियोः

१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमाः

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ

(ख) "विधेयक" भन्नाले श्री ५ मा स्वीकृतिको निमित्त पेश हुने ऐनको मसौदालाई सम्झनु पर्छ,

(ग) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ

(घ) "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनु पर्छ

(ङ) "समावेदन" भन्नाले त्यस्तो समावेदन पेश गर्ने व्यक्तिको सही परेको लिखत सम्झनु पर्छ र

(च) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, निवृत्तभरण र जिन्सीको रुपमा दिइने अरु कुनै तरहको पारिश्रमिक समेत सम्झनु पर्छ ।

**नेपाल अधिराज्यको संविधान २०४७** को भाग २२ धारा १३२ मा परिभाषाको वारेमा देहायको व्यवस्था गरिएको थियोः

१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमाः-

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ

(ख) "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनु पर्छ

(ग) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ

(घ) "विधेयक" भन्नाले संसदमा पेश भएको ऐनको मस्यौदालाई सम्झनु पर्छ,

(ङ) "समावेदन" भन्नाले निवेदन पेश गर्ने व्यक्तिको सही परेको लिखत सम्झनु पर्छ

(च) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, निवृत्तभरण र अन्य कुनै किसिमको पारिश्रमिक समेत सम्झनु पर्छ ।

**नेपालको अन्तरिम संविधान २०६३** को भाग २४ धारा १६५ मा यस वारेमा देहायको व्यवस्था गरिएको छ ।

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ ।

(ख) "नेपाल" भन्नाले नेपाल राज्य सम्झनु पर्छ ।

(ग) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ ।

(घ) "विधेयक" भन्नाले व्यवस्थापिका-संसद वा संविधान सभामा पेश भएको संविधान वा ऐनको मस्यौदा सम्झनु पर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, निवृतिभरण र अन्य किसिमको पारिश्रमिक तथा सुविधा समेत सम्झनु पर्छ ।

### २.९.४ भावी संविधानमा समेटिनु पर्ने केही शब्दहरुको परिभाषा

भावी संविधानले राज्यको पुनर्सरचना समेत गर्ने भएकाले सो अनुरुप संविधानमा प्रयोग हुने नयाँ शव्दहरुको समेत एकरुपतापूर्ण अर्थ लागोस भनी संविधान जारी हुदाका वखत धारा, नेपाल, नागरिक, विधेयक, पारिश्रमिक लगायतका संविधानमा प्रयोग भएका र एकरुपतापूर्ण अर्थ लगाउनु पर्ने प्रकृतिका शव्दहरुको परिभाषा गर्नु उपयुक्त हुन्छ ।

### २.९.५. संविधानको व्याख्या

राज्यको सर्वोच्च तहको अदालतलाई संविधानको व्याख्याता मानी संविधानमा पनि सोहि अनुरुप व्यवस्था गर्ने गरेको पाइन्छ । संविधानको व्याख्या सही ढङ्गवाट तथा एकरुपतापूर्ण तवरले होस् भनी त्यसमा अवलम्वन गर्नुपर्ने मापदण्ड संविधानले किटान गरेको हुनुपर्छ भन्ने मान्यता रही आएको छ ।

नेपालको संवैधानिक इतिहास हेर्दा २००४ साल र २००७ को संविधानमा यस सम्वन्धमा केही उल्लेख छैन । नेपालको अधिराज्यको संविधान २०१५ को धारा ७२ (३) मा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधिनमा रही नेपाल कानून व्यवस्था सम्बन्धी ऐन, २०१० यस संविधानलाई नेपाल कानून सम्झेर यस संविधानको व्याख्यामा लागू हुनेछ भन्ने व्यवस्था थियो भने नेपालको संविधान २०१९ को भाग १८ धारा ९१ (२) मा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधिनमा रही नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ भन्ने व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १३२ को (२) मा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधिनमा रही नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ भन्ने व्यवस्था थियो । नेपालको अन्तरिम संविधान २०६३ को धारा १६५ को (२) मा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधिनमा रही कानून व्याख्या सम्बन्धी प्रचलित कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागु भए सरह यस संविधानको व्याख्या पनि लागु हुनेछ भन्ने व्यवस्था छ ।

उल्लेखित संवैधानिक प्रावधान हेर्दा मुलुकका कानूनको व्याख्या गर्ने सम्वन्धमा कायम रहेको प्रचलित कानून र व्याख्याको पद्यतिलाई आधार मानेर नै संविधानका व्यवस्थाहरुको व्याख्या गर्नु पर्ने गरी भावी संविधानले व्याख्याको मापदण्ड तोक्ने व्यवस्था गर्नु उचित देखिन्छ ।

## २.१० संक्षिप्त नाम, प्रारम्भ र खारेजी

### २.१०.१ संविधानमा नामको महत्व र औचित्य

प्रत्येक व्यक्तिको पहिचानको लागि उसको आफ्नो छुट्टै नाम भए जस्तै प्रत्येक संविधान, ऐन, नियम, विनियम आदिको पनि आफ्नो छुट्टै नाम हुन्छ । संक्षिप्त नामले संविधानको परिचय वा वर्णन गर्दछ । यसर्थ संक्षिप्त नाम संविधानलाई चिनाउने नाम हो । यो औषधिको लेवल वा उद्योग वा कम्पनीको व्यापारिक चिन्ह (Trade mark) जस्तै हो । The short title has the characteristics of a label. It identifies, describes and gives a name to the act. The objective of the short title is therefore identification first and description second. संक्षिप्त नामले संविधानलाई छोटकरीमा परिचय दिने काम गर्दछ र यसको उल्लेखनलाई सजिलो वनाउँछ । यसको सीमित उद्देश्य भएकोले संविधानको व्याख्यामा यसको सहयोग लिइदैन र सो प्रयोजनको लागि ऐनको अंग पनि मानिदैन ।

नेपालको कानून तर्जुमाको इतिहासलाई हेर्दा संविधान वाहेकका अन्य ऐनहरुमा लामो शिर्षक पनि रहने गरेको र यस्तो लामो शिर्षकलाई ऐनको दफाको रुप दिइएको हुँदैन तर समग्र ऐनको क्षेत्र पत्ता लगाउन र सम्पूर्ण ऐनको व्यख्या गर्ने प्रयोजनको लागि प्रयोग गर्न सकिन्छ । त्यस पश्चात विधि निर्माण सुत्र पछि संक्षिप्त नाम राख्ने गरिएको पाइन्छ । यस्ता कानूनहरुमा संक्षिप्त नाम प्रारम्भिक भाग अर्थात भाग १ मा राख्ने चलन छ । जहाँसम्म संविधानको नामको प्रश्न छ, यो संविधानको प्रारम्भिक भागमा नराखी संविधानको पुछारमा राख्ने चलन रहेको पाइन्छ । ऐनमा जस्तो लामो शिर्षक राख्ने गरेको पाईदैन ।

हामी कहाँको संवैधानिक प्रचलनलाई हेर्दा नेपाल अधिराज्यको संविधान, २०४७ मा नाम पछि पाद विराम चिन्ह (कमा) र संविधान बनेको साल राखेको देखिन्छ । जस्तैः नेपाल अधिराज्यको संविधान, २०४७ । तर अन्तरिम संविधान, २०६३

मा संक्षिप्त नाम पछि पाद विराम चिन्ह (कमा) र संविधान बनेको साल राखी "   " उद्धरण चिन्हभित्र राखिएको देखिन्छ। जस्तो : "नेपालको अन्तरिम संविधान, २०६३"।

### २.१०.२ केही देशका संविधानको नामको तुलनात्मक अध्ययन

**Albania:** The Constitution of Albania, 1998
**Bosnia & Herzegovina:** The Constitution of Bosnia and Herzegovina, 1995
**South Africa:** The Constitution of the Republic of South Africa, 1996.
**Sri-Lanka:** The Constitution of the Democratic Socialist Republic of Sri Lanka, 1978.
**Swiss Federation:** The Constitution of the Swiss Federation, 1999.
**Argentina:** Constitution of the Argentina, 1853.
**Angola:** The Constitutional law of the Republic of Angola, 1992.
**N.Korea:** Constitution of the Democratic People's Republic of Korea, 1998.
**Pakistan:** The Constitution of the Islamic Republic of Pakistan, 1973.
**Spain:** The Constitution of Spain, 1978.

उल्लेखित विभिन्न देशका संविधानको नाम अध्ययन गर्दा केही देशहरुले संक्षिप्त रुपमा संविधानको नामाकरण गरेको देखिन्छ भने केही देशहरुले संविधानको नाम तुलनात्मक रुपमा लामो राखेको देखिन्छ। लामो नाम रहेका संविधानको नामको अध्ययनबाट नै उक्त मुलुकको राज्य प्रणाली कस्तो रहेको छ भन्ने कुरा बुझ्न सकिन्छ।

### २.१०.३ भावी संविधानको नामाकरण

हाम्रो विगतको अभ्यास र विश्वमा देखापरेको अभ्यासलाई समेत मध्यनजर गर्दा भावी संविधानको नामाकरणको लागि देशको संक्षिप्त नामको आधारमा सामान्य र छोटो नाम तय गर्ने वा परिवर्तित सन्दर्भमा देशको स्वरुप र प्रकति समेत संविधानको नामबाट नै पहिचान गर्न सकिने गरी लामो नाम तय गर्ने भन्ने दुईवटा विकल्पमा विस्तृत छलफल भएको छ। यी दुई विकल्प मध्ये कुन विकल्प छनौट गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा नेपाल राज्य कस्तो विशेषताको हो भन्ने कुरा माथि नेपाल राज्यको प्रकृति र विशेषता भन्ने शिर्षकमा नै स्पष्ट व्यवस्था भईसकेकोले संविधानको नामबाटै देशको स्वरुप र प्रकति देखिनु आवश्यक नभएकोले नयाँ संविधानको नाम संक्षिप्त नै उपयुक्त देखिएकोले नयाँ संविधानको नाम "नेपालको संविधान, २०६७" राख्न प्रस्ताव गरिएको छ।

### २.१०.४ संविधानको प्रारम्भ

संविधान पारित हुनु र प्रारम्भ हुनु फरक-फरक विषय हो। संविधान तव प्रारम्भ हुन्छ जव यो लागू हुन्छ। संविधानसभाबाट बनेको होस वा अन्य कुनै विधिबाट बनेको नै किन नहोस, संविधान पारित हुने र प्रारम्भ हुने मिति वीच भिन्नता हुन सक्दछ। खासगरी संविधान बमोजिम पूरा गर्नु पर्ने औपचारिकता वा अन्य कुनै कारणले समुचा संविधान लागू हुने मिति वा संविधानका प्रावधानहरु चरणबद्ध रुपमा लागू गर्नु पर्ने अवस्था भए सोको स्पष्टता संविधान स्वयंले नै गरेको हुनु पर्दछ भन्ने मान्यता छ।

नेपालको संवैधानिक इतिहासको अध्ययन गर्दा नेपाल सरकार वैधानिक कानून, २००४ को दफा २ मा "यो कानून २००५ साल वैशाख १ गतेदेखि जारी हुनेछ, तर स्थानीय परिस्थिति वा अरु कारणबाट यो विधानका सबै दफाहरु एकै पटक सबै ठाउँमा चालु हुन श्री ३ महाराजबाट संभव देखी बक्सेन भने जुन जुन दफा जुन जुन ठाउँमा जस जस वखत चालु हुन सक्छ सोही बमोजिम गर्न गराउन लगाई बक्सने छ। तर २००५ सालको अन्तसम्ममा सबै दफा मुलुकभर जारी भई सक्नेछ" भन्ने उल्लेख भएको देखिन्छ। तर उक्त कानून लागू नै हुन सकेको पाइदैन। नेपाल अन्तरिम शासन विधान, २००७ मा उक्त संविधान २००७ साल चैत्र २९ गते देखि जारी गरिएको छ भन्ने उल्लेख भएको पाइन्छ (धारा १(२))

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा २ मा "यस संविधानको धारा ७३ र धारा ७५ तुरुन्त र अरु उपबन्धहरु श्री ५ बाट शाही घोषणाद्वारा निधो गरी बक्सेको दिनदेखि लागू हुनेछ र त्यसरी निधो गरिबक्सेको दिनलाई यो संविधानमा उल्लेख भएको "तोकिएको दिन" मानिने छ" भन्ने व्यवस्था रहेको थियो।

नेपालको संविधान, २०१९ को धारा ९७ को उपधारा (२) मा "यो संविधान सम्वत २०१९ साल पौष १ गते रोज १ देखि प्रारम्भ हुनेछ" भन्ने व्यवस्था थियो।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १३३ को उपधारा (२) मा "यो संविधान सम्वत दुई हजार सतचालीस साल कात्तिक महिनाको तेइस गते शुक्रबारदेखि प्रारम्भ हुनेछ" भन्ने उल्लेख थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६ को उपधारा (४) मा "यो संविधान संवत् दुईहजार त्रिसट्ठी साल माघ महिनाको एक गते सोमबारदेखि प्रारम्भ हुनेछ ।" भन्ने उल्लेख भएको पाइन्छ ।

संविधानसभा नियमावली, २०६५ को नियम १०८ मा संविधानसभाले औपचारिक राष्ट्रिय समारोहको आयोजना गरी अध्यक्षले पारित संविधानलाई राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले सोही समारोहबाट नेपाली जनता समक्ष संविधान सार्वजनिक गरी संविधान लागू भएको घोषणा गर्ने कुरा उल्लेख छ । यसरी नयाँ संविधान लागू हुँदा संविधानमा व्यवस्था गरिने संघीय इकाइहरुको कानूनी एवं प्रशासनिक व्यवस्था लगायत अन्य निकाय वा अंगहरुको स्थापना तथा व्यवस्थापन भई सकेपछि मात्र संविधानका केही धाराहरु लागू गर्नु उपयुक्त हुने भएमा संविधानका अधिकाशं धाराहरु घोषणा हुदाको मितिबाट लागू हुने र केही धाराहरु निश्चित समय पश्चात मात्र लागू हुनेछन् भन्ने प्रावधान राख्न उपयुक्त हुन्छ ।

### २.१०.५ खारेजी

भई रहेको संविधानलाई निर्मित नयाँ संविधानले समाप्त गर्ने, रद्द गर्ने वा प्रतिस्थापन गर्ने कार्यलाई खारेजी भनिन्छ । हाल नेपालको अन्तरिम संविधान, २०६३ लागू रहेको र भावी संविधान निर्माण भई प्रारम्भ भएपछि हाल लागू रहेको अन्तरिम संविधानलाई खारेज गर्नु पर्ने हुन्छ । अतः संविधानमा नै नेपालको अन्तरिम संविधान, २०६३ खारेज गरिएको छ भन्ने प्रावधान राखिनु पर्दछ । अव बन्ने संविधान लागू हुँदाका वखत कायम रहेका कानून खारेज वा संशोधन नभएसम्म लागू रहने र संविधानसँग बाझिएका कानून संविधान प्रारम्भ भएको मितिले केही निश्चित अवधि भित्र परिवर्तन नभएमा स्वतः निष्कृय हुने कुरा संविधानमा नै उल्लेख गर्नुपर्ने र यस्तो प्रवन्ध संक्रमणकालीन व्यवस्थामा गरिनु उपयुक्त हुन्छ ।

# अनुसूची खण्ड

## अनुसूची-१
## संवैधानिक समितिका माननीय सदस्यहरु

| क्र.सं. | नाम |
|---|---|
| १. | मा. श्री अग्नीप्रसाद खरेल |
| २. | मा. श्री उपेन्द्र यादव |
| ३. | मा. श्री एकनाथ ढकाल |
| ४. | मा. श्री कल्पना राणा |
| ५. | मा. श्री कुलबहादुर गुरुङ्ग |
| ६. | मा. श्री केशवप्रसाद मैनाली |
| ७. | मा. श्री खड्गबहादुर बस्याल (सार्की) |
| ८. | मा. श्री खड्गबहादुर विश्वकर्मा |
| ९. | मा. श्री खिमलाल देवकोटा |
| १०. | मा. श्री गायत्री साहा |
| ११. | मा. श्री गिरिजाप्रसाद कोइराला |
| १२. | मा. श्री चन्द्रप्रकाश मैनाली |
| १३. | मा. श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङ्जा) |
| १४. | मा. श्री चित्रबहादुर के.सी. |
| १५. | मा. श्री छविलाल विश्वकर्मा |
| १६. | मा. श्री ज्वालाकुमारी साह |
| १७. | मा. श्री जयपुरी घर्ती |
| १८. | मा. श्री झलनाथ खनाल |
| १९. | मा. श्री देवप्रसाद गुरुङ्ग |
| २०. | मा. श्री धर्मशिला चापागाईं* |
| २१. | मा. श्री नारायणकाजी श्रेष्ठ |
| २२. | मा. श्री निलम बर्मा |
| २३. | मा. श्री नीलाम्बर आचार्य |
| २४. | मा. श्री पदमबहादुर राई |
| २५. | मा. श्री परि थापा |
| २६. | मा. श्री पासाङ्ग शेर्पा (ताप्लेजुङ्ग) |
| २७. | मा. श्री पुष्पकमल दाहाल (प्रचण्ड) |
| २८. | मा. श्री प्रकाशचन्द्र लोहनी |
| २९. | मा. श्री प्रकाशमान सिंह |
| ३०. | मा. श्री प्रेमबहादुर सिंह |
| ३१. | मा. श्री बवन सिंह* |
| ३२. | मा. श्री बर्षमान पुन मगर |

| क्र.सं. | नाम |
|---|---|
| ३३. | मा. श्री बाबुराम भट्टराई* |
| ३४. | मा. श्री बुद्धरत्न मानन्धर |
| ३५. | मा. श्री भीमबहादुर रावल |
| ३६. | मा. श्री महन्थ ठाकुर |
| ३७. | मा. श्री महेन्द्र पासवान |
| ३८. | मा. श्री माधवकुमार नेपाल* |
| ३९. | मा. श्री मालवर सिंह थापा |
| ४०. | मा. श्री रत्न शेरचन |
| ४१. | मा. श्री रामचन्द्र पौडेल* |
| ४२. | मा. श्री रामचरण चौधरी (थारु) |
| ४३. | मा. श्री रुकमिणी चौधरी (थारु) |
| ४४. | मा. श्री रुपा वि.क. |
| ४५. | मा. श्री रेनु चन्द (भट्ट)* |
| ४६. | मा. श्री लक्ष्मणलाल कर्ण |
| ४७. | मा. श्री लक्ष्मीलाल चौधरी |
| ४८. | मा. श्री लोकेन्द्रबहादुर चन्द |
| ४९. | मा. श्री विजयकुमार गच्छदार |
| ५०. | मा. श्री विमलेन्द्र निधि |
| ५१. | मा. श्री विश्वेन्द्र पासवान |
| ५२. | मा. श्री शरत सिंह भण्डारी (महोत्तरी) |
| ५३. | मा. श्री शारदा झा |
| ५४. | मा. श्री सदरुल मियाँ हक* |
| ५५. | मा. श्री सपना प्रधान मल्ल |
| ५६. | मा. श्री सरला रेग्मी |
| ५७. | मा. श्री सरिता गिरी |
| ५८. | मा. श्री सुनिल प्रजापति |
| ५९. | मा. श्री सुप्रभा घिमिरे |
| ६०. | मा. श्री सुरेन्द्र पाण्डे |
| ६१. | मा. श्री सूर्यमान दोङ तामाङ्ग |
| ६२. | मा. श्री हरिराज लिम्बू |
| ६३. | मा. श्री हृदयेश त्रिपाठी |

**नोट :**

- मा. श्री माधवकुमार नेपाल २०६५।९।२६ गते समिति सदस्यमा मनोनयन हुनु भएको ।
- मा. श्री सदरुल मियाँ हक २०६५।९।२६ गते समिति सदस्यमा मनोनयन हुनु भएको ।
- मा. श्री बवन सिंह २०६५।९।२६ गते समिति सदस्यमा मनोनयन हुनु भएको ।
- मा. श्री रामचन्द्र पौडेल २०६५।९।२६ मा राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिबाट हेरफेर भै संवैधानिक समितिमा आउनु भएको ।

- मा. डा. बाबुराम भट्टराई २०६५।९।२६ मा प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिबाट हेरफेर भै संवैधानिक समितिमा आउनु भएको ।
- मा. श्री धर्मशिला चापागाईं २०६५।९।२६ मा प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिबाट हेरफेर भै संवैधानिक समितिमा आउनु भएको ।
- मा. श्री रेनु चन्द (भट्ट) २०६५।९।२६ मा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिबाट हेरफेर भै संवैधानिक समितिमा आउनु भएको ।
- मा. श्री दिनानाथ शर्मा २०६५।९।२६ मा हेरफेर भै संवैधानिक समितिबाट प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिमा पर्नु भएको ।
- मा. श्री अमृता थापा २०६५।९।२६ मा हेरफेर भै संवैधानिक समितिबाट प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिमा पर्नु भएको ।
- मा. श्री सत्य पहाडी २०६५।९।२६ मा हेरफेर भै संवैधानिक समितिबाट मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा पर्नु भएको ।
- मा. श्री राधा ज्ञवाली २०६५।९।२६ मा हेरफेर भै संवैधानिक समितिबाट क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिमा पर्नु भएको ।

## अनुसूची -२
## संवैधानिक समितिको कार्यक्षेत्र र कार्यविवरण

### (क) संवैधानिक समितिले अवधारणापत्र तयार गर्नुपर्ने कार्यक्षेत्र

१. प्रस्तावना,
२. संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु,
३. संविधान संशोधन प्रक्रिया,
४. राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था,
५. संकटकालीन अवस्थाको घोषणा,
६. संक्रमणकालीन व्यवस्था,
७. संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था,
८. विविध भागमा रहने व्यवस्थाहरु,
९. परिभाषाको भाग,
१०. संक्षिप्त नाम र प्रारम्भ,
११. संविधानका अनुसूचीहरु,
१२. अन्य विषयगत समितिहरुको कार्यक्षेत्रमा नसमेटिएका र संविधानमा रहनुपर्ने भनी समितिले आवश्यक ठानेका अन्य विषयहरु,
१३. माथि उल्लिखित विषयहरुको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने,
१४. विषयगत समितिहरुबाट पेश भएका प्रारम्भिक मस्यौदामाथि सभामा छलफल भई सभाले दिएको सुझाव र निर्देशनको आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने,
१५. समितिले तयार पारेको प्रारम्भिक मस्यौदा माथि सभामा भएको छलफल र सुझावका आधारमा प्रारम्भिक मस्यौदा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने ।

### (ख) संवैधानिक समितिको कार्यविवरण

१. भावी संविधानको समग्र खाका (Skeleton) तयार गर्ने ।
२. अवधारणपत्रको सम्बन्धमा स्वदेश तथा विदेशबाट सुझाव लिने, गोष्ठी अन्तर्क्रिया गर्ने, आवश्यकता अनुसार अध्ययन गर्ने ।
३. प्रस्तावना, पहिलो भागमा रहने विषयवस्तुहरु, संविधान संशोधन प्रक्रिया, राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था, संकटकालीन अवस्थाको घोषणा, संक्रमणकालीन व्यवस्था, संविधानमा बाधा अड्काउ फुकाउने आदेश सम्बन्धी व्यवस्था, विविध भागमा रहने व्यवस्थाहरु, परिभाषाको भाग, संक्षिप्त नाम र प्रारम्भ लगायतका विषयको आधारणापत्र तयार गर्ने ।
४. प्रारम्भिक मस्यौदा तयार गर्ने क्रममा स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरुबाट सुझाव लिने, गोष्ठी अन्तरक्रिया गर्ने, आवश्यकता अनुसार अध्ययन गर्ने ।
५. प्रस्तावना, पहिलो भागमा रहने विषयवस्तुहरु, संविधान संशोधन प्रक्रिया, राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था, संकटकालीन अवस्थाको घोषणा, संक्रमणकालीन व्यवस्था, संविधानमा बाधा अड्काउ फुकाउने आदेश सम्बन्धी व्यवस्था, विविध भागमा रहने व्यवस्थाहरु, परिभाषाको भाग, संक्षिप्त नाम र प्रारम्भ लगायतका विषयको आधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार गरी संविधानसभामा पेश गर्ने ।
६. प्रारम्भिक मस्यौदामाथि संविधानसभामा भएको छलफलको क्रममा उठेका विषयको सम्बन्धमा सभापति मार्फत स्पष्ट पार्ने ।
७. विषयगत समितिबाट प्राप्त भएका मस्यौदामाथि सभाले दिएको सुझाव र निर्देशनका आधारमा सबै मस्यौदालाई एकिकृत गरी नयाँ संविधानको पहिलो मस्यौदा तयार गर्ने ।
८. संविधानको पहिलो मस्यौदामाथि पूर्ण बैठकमा हुने छलफलको क्रममा उठेका प्रश्नहरुको टिपोट गरी समितिका सभापतिले सभामा स्पष्ट पार्ने ।
९. पूर्ण बैठकमा भएको छलफल र सुझावका आधारमा समितिले संविधानको पहिलो मस्यौदा लाई अन्तिम रुप दिई अध्यक्षसमक्ष पेश गर्ने ।
१०. संविधानको पहिलो मस्यौदामाथि जनताको राय र सुझाव संकलन गर्न समितिले गोष्ठी, अन्तर्क्रिया र अध्ययन गर्ने ।
११. जनताबाट प्राप्त राय, सुझाव सम्बन्धी प्रतिवेदन तयार गर्न जनमत संकलन तथा समन्वय समितिलाई आवश्यक मद्धत पुर्‍याउने ।
१२. संविधानको पहिलो मस्यौदामा सभाले जनताको राय बमोजिम परिमार्जन गर्न भनि दिएको सुझाव र निर्देशन बमोजिम परिमार्जन गरी पेश गर्ने ।
१३. संविधानको विधेयकको प्रति तयार गरी सबै सदस्यलाई वितरण गर्ने ।
१४. अन्तरिम संविधान र संविधानसभा नियमावली बमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल हुंदा उठेका प्रश्नको सम्बन्धमा समितिका सभापतिबाट स्पष्ट पार्ने ।
१५. संशोधन सहित विधेयकमाथिको दफावार छलफल सभामा हुंदा सभापतिले समितिको धारणा राख्दै विधेयकबारे स्पष्ट पार्ने ।
१६. सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संविधानसभा सचिवालयको समन्वयमा माननीय सदस्यहरुको लागि मस्यौदा विधि, मस्यौदाकला, संविधान निर्माणको अभ्यास लगायतका विषयमा कार्यशाला, गोष्ठी, अध्ययन अवलोकन लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।
१७. नागरिक सम्बन्ध समिति, जनमत संकलन तथा समन्वय समिति र संविधानसभा सचिवालयको समन्वयमा संविधानको अवधारणा, प्रारम्भिक मस्यौदा र संविधानको विधेयकमा जनताबाट व्यापक रुपमा सुझाव संकलन गर्ने, छलफल र अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने आदि ।

# अनुसूची -३

## समितिलाई प्राप्त सुझावहरु

### क) समितिलाई सिधै प्राप्त राय सुझावको सारसंक्षेप

| सुझाव दर्ता नं. | सुझाव दिनेको नाम र माध्यम | सुझावको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | श्री कृष्ण शाही<br>(पत्र मार्फत) | शिक्षा गुणस्तरीय र सर्वसुलभ हुनुपर्ने,<br>जलश्रोत र पर्यटन क्षेत्रको विकास गरी मुलुकलाई आर्थिकरुपले सवृद्ध बनाउने तर्फ केन्द्रित हुनुपर्ने,<br>भ्रष्टाचार र दण्डहीनताको अन्त्यका लागि संवैधानिक व्यवस्था हुनुपर्ने । |
| २ | श्री मधुप्रकाश खतिवडा<br>(इ-मेल मार्फत) | राष्ट्र, राष्ट्रियता र स्वाभिमान जगाउने किसिमको संविधान बन्नु पर्ने,<br>निःशुल्क र गुणस्तरीय शिक्षा मौलिक हकको रुपमा रहनु पर्ने,<br>देशमा विद्यमान श्रोत साधनहरुको उच्चतम परिचालन गरिनु पर्ने,<br>विधिको शासन र स्वतन्त्र न्यायपालिकाको सुदृढीकरण हुनुपर्ने,<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अरु बढी शक्तिशाली र निष्पक्ष बनाइनु पर्ने,<br>देशमा लगानी मैत्री वातावरण बनाई देशभित्र पर्याप्त रोजगारीको श्रृजना गर्नुपर्ने । |
| ३ | श्री धन घले, गोर्खा, वारपाक (इ-मेल मार्फत) | विगतमा आदिवासी, जनजातिका भाषा, संस्कृति र धर्ममाथि बाहुनवादीहरुको गठबन्धनमा निर्मित शाहीसत्ताले दमन गर्दै आएको कारण अहिलेसम्ममा आदिवासी, जनजातिका भाषा, धर्म, संस्कृति र आर्थिक आधारहरु ध्वस्त हुन पुगेका छन् । अव पछाडि पारिएका वर्गको सम्पूर्ण अत्याचारहरु समाप्त हुनुपर्छ,<br>घलेभाषा र गुरुङ्ग भाषा फरक फरक हुन् । घले र तमु समुदायवीच स्पष्ट भिन्नता रहेको छ । घले छुट्टै जाती भएपनि गुरुङ्ग समुदायभित्र पारिएको छ । अव बन्ने संविधानमा घले जातीलाई छुट्टै मान्यता दिइयोस । |
| ४ | श्री दयाराम चापागाई<br>(इ-मेल मार्फत) | जातजातिको आधारमा प्रदेश विभाजन गरिनु हुन्न । नेपालबाट छुट्टिने गरी तराईलाई स्वायत्त प्रदेश घोषणा गरिनु हुन्न । |
| ५ | श्री साझा नेपाल, सुनसरी (पत्र मार्फत) | संविधानसभा सचेतनाका लागि महिला नेतृत्व विकास कार्यक्रमको प्रगति प्रतिवेदन, २०६५ :-<br>महिलालाई कुटपिट गर्नेहरुलाई कानूनी रुपमा सजायको व्यवस्था गरी महिला माथि हुने हिंसा विरुद्धको हकलाई मौलिक हकको रुपमा संवोधन गरिनु पर्ने,<br>समान काममा समान पारिश्रमिक दिइने कुरा उल्लेख हुनुपर्ने,<br>नागरिकतामा आमाबाबु दुवैको नाम उल्लेख हुनुपर्ने,<br>महिलाहरु विधवा हुने वित्तिकै जुनसुकै उमेरका भएपनि भत्ता पाउने व्यवस्था हुनुपर्ने,<br>राज्यको जुनसुकै संयन्त्रमा महिलाको ५०% सहभागिता हुने कुरा उल्लेख हुनुपर्ने,<br>महिलाका लागि मा.वि.शिक्षा निःशुल्क हुनुपर्ने,<br>आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था हुनुपर्ने,<br>दाइजो दिने र लिने दुवैलाई सजाय गर्ने व्यवस्था हुनपर्ने,<br>मुस्लिम समुदायमा "तलाख" भन्ने वित्तिकै छोडपत्र हुने चलन रहेको छ, यसका लागि छुट्टै कानूनको व्यवस्था हुनुपर्ने,<br>विधवाको पुनः विवाहलाई कानूनी मान्यता दिनुपर्ने,<br>महिलाहरुका लागि शीपमूलक रोजगार शिक्षा र प्रजनन् स्वास्थ्यको संवैधानिक सुरक्षा हुनुपर्ने,<br>जातीय छुवाछुतको अन्त्य गरिनु पर्ने । |
| ६ | श्री विविध र विप्लव चापागाईं, चितवन<br>(इ-मेल मार्फत) | अवसर र सुविधाहरुमा भेदभाव नगरी राज्यले १२ कक्षासम्म निःशुल्क शिक्षा उपलब्ध गराउनुपर्ने र शिक्षा गुणस्तरयुक्त हुनुपर्ने । |
| ७ | श्री दिलिप साह, सिराहा<br>(इ-मेल मार्फत) | देशको हरेक क्षेत्रमा शिक्षाको महत्वपूर्ण स्थान भएतापनि शिक्षकप्रति वेवास्ता गरिएको छ,<br>जो कोही सत्तामा आएपनि कर्मचारीतन्त्र निष्पक्ष हुनुपर्ने,<br>औद्योगिक क्षेत्र र अन्य संगठनहरुमा राजनैतिक नियुक्ति हुन नहुने । |
| ८ | श्री सन्तोष दाहाल, झापा, हाल कतार<br>(इ-मेल मार्फत) | अपहरणकारी र डाँकालाई फाँसीको सजाय दिनुपर्छ किनकि फाँसीको सजाय भएका देशमा अपहरणकारी र डाँका हुँदैनन् । |
| ९ | श्री दयाराम चापागाई<br>(इ-मेल मार्फत) | कोटा प्रणाली लोक सेवा आयोगले कर्मचारी भर्ना गर्दा लागू गर्ने होइन कि शिक्षा प्रणालीमा लागू गर्नु पर्दछ । किनकी कर्मचारी भर्नामा कोटा लागू हुँदा दक्ष व्यक्ति पछि पर्ने र गुणात्मक सेवा प्रभावित हुने हुन्छ । |
| १० | श्री के.के.<br>(इ-मेल मार्फत) | हामी Spiritual Nation बनाएर विश्वलाई योगदान गर्न सक्दछौं । |
| ११ | श्री सात मोहने<br>(इ-मेल मार्फत) | सर्वप्रथम पूर्व पश्चिम र दक्षिणको सीमाना कुनै न कुनै रुपमा व्यवस्थित गरिनुपर्ने<br>औपचारिक भाषा सर्वसाधारणले पनि बुझ्ने भाषामा निर्धारण गरिनुपर्ने । |

| | | |
|---|---|---|
| १२ | श्री निरज खतिवडा (इ-मेल मार्फत) | सर्वप्रथम नेपाल भारत सीमा बन्द गरी सीमानामा सैनिक क्याम्प खडा गर । |
| १३ | श्री भुवनेश्वर ढकाल (इ-मेल मार्फत) | आर्थिक विकासका लागि क्रान्तिकारी भूमिसुधार लागू गरिनु पर्दछ, राम्ररी भूमिसुधार हुँदा रोजगारीको सृजना हुन्छ,<br>पहाडको वनजंगलको सदुपयोग वहुमुखी उद्देश्यको लागि (घाँस, दाउरा, जडिबुटी आदि) हुनुपर्छ । चुरे लगायतका स्थानको जंगल जैविक विविधता, स्थानीयवासीहरुको आर्थिक समृद्धिको लागि गरिने व्यवस्था हुनुपर्छ,<br>तराइको जंगल भ्रष्टाचारी कर्मचारी र राजनीतिज्ञको फाइदाको निमित्त प्रयोग हुनबाट नियन्त्रण गरिनुपर्ने,<br>द्वन्दोत्तर समाजको आवश्यकता र उपयुक्तता हेरी भूमि र प्राकृतिक श्रोतको बाँडफाँड हुनुपर्ने,<br>व्यापारिक प्रयोजनको लागि पशुपालन र जडिबुटी खेती गर्न उच्च पहाडी क्षेत्र र दुर्गम क्षेत्रको जङ्गली भूभाग दिईएमा बञ्चितीमा परेका वर्गको आर्थिक गतिविधि बढाउन र सेवा क्षेत्रमा रोजगारी सृजना गर्न सकिन्छ । |
| १४ | श्री फणिन्द्र अधिकारी (इ-मेल मार्फत) | नेपाल प्रहरी वल (Nepal Police Force) लाई नेपाल प्रहरी सेवा (Nepal Police Service) मा परिवर्तन गरे सार्वजनिक सुरक्षा सेवाप्रति जनताको विश्वास बढ्ने थियो,<br>सुरक्षा सेवामा राजनैतिक हस्तक्षेप बन्द गरिनुपर्ने, व्यवहार परिवर्तन भएमा विश्वास जाग्ने,<br>व्यवसायिक युवालाई प्रहरी शक्तिको व्यवस्थापन गर्ने जिम्मा दिइनु उपयुक्त हुने । |
| १५ | श्री माधव अर्याल, खालिवन-८ पाल्पा (इ-मेल मार्फत) | संकटकालको अवस्था थपघट गर्नु परेमा राष्ट्रिय सहमति जुटाउनु पर्नेछ,<br>राज्यले असंलग्न परराष्ट्र नीति लिनेछ । |
| १६ | श्री नेवाः स्वायत्त राज्य (मंका) संयुक्त संघर्ष समिति (पत्र मार्फत) | राज्यको पुनः संरचना जातीय, भाषिक, क्षेत्रीय स्वायत्तताका आधारमा गरी नेवारहरुका लागि जातीय र भाषिक पहिचानका आधारमा वेग्लै स्वायत्त नेवाः राज्य खडा गरिनु पर्ने,<br>संघीय नेपालको केन्द्रीय सत्तामा अन्य राज्यहरुबाट जस्तै समानताका आधारमा नेवाः स्वायत्त राज्यबाट पनि प्रतिनिधित्व गरिने र केन्द्रीय सत्ता सफलता पूर्वक सहज रुपमा संचालन गर्न जिम्मेवारी पूर्वक आफ्नो दायित्व र कर्तव्य निर्वाह गरिने । साथै मोफसलमा रहेका नेवार वाहुल्यतायुक्त वस्तीहरुमा सम्वन्धित राज्यसँग उप-स्वायत्त शासन अधिकार दिलाउन आवश्यक पहल गर्ने,<br>केन्द्रसँगको सम्वन्ध पूर्ण स्वायत्तताको मान्यतामा आधारित हुने, रक्षा, परराष्ट्र, मुद्राको मामिलामा बाहेक अन्य सम्पूर्ण विषयमा आफै राज्य सरकारद्वारा स्वतन्त्रता पूर्वक आवश्यक कानून निर्माण गरी काम गर्ने र केन्द्रबाट हुने कुनै प्रकारको हस्तक्षेप स्वीकार्य नहुने, राज्यभित्रका जल, जंगल, जमिन, प्राकृतिक श्रोतमा नेवाःहरुको अग्राधिकार रहने,<br>नेवाः राज्यमा बसोबास गर्ने गैर नेवारप्रति उनीहरुको भाषिक, जातीय, सांस्कृतिक, धार्मिक पहिचान र परम्पराका आधारमा भेदभावपूर्ण व्यवहार नगरिने, अन्तर्राष्ट्रिय मानवअधिकारका प्रावधान, अल्पसंख्यक अधिकारको मूल्य र मान्यताभित्र रही उनीहरुको मौलिक अधिकार सुनिश्चित गरिने । संभाव्यता र आवश्यकताका आधारमा गैर नेवार समुदायका लागि गा.वि.स. वा ईलाका स्तरमा नेवाः स्वायत्त राज्यभित्र स्वशासित ईलाकाको समेत अधिकार प्रत्यायोजन गर्न सकिनेछ,<br>नेवार समुदाय भित्रका विशेष जात समूहका मानिसलाई नीति निर्माण तहमा उचित प्रतिनिधित्व गराउन उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक विकासका लागि आवश्यक विशेष व्यवस्था गरिने आदि,<br>विश्वव्यापी मानव अधिकारका मूल्य र मान्यताको अनुसरण गर्दै तिनलाई राज्यको निर्देशक सिद्धान्तको रुपमा राख्ने,<br>विपन्न, श्रमिक किसान तथा पछाडी पारिएका वर्गलाई सवैक्षेत्रमा अगाडी बढाउनको लागि समताकारी वितरण प्रणाली तथा सामाजिक न्यायलाई नेवाः स्वायत्त राज्यले लागू गर्नेछ । |
| १७ | श्री भीम लिम्बू (इ-मेल मार्फत) | सबैले आफ्ना स्वार्थबाट माथि उठेर संविधान निर्माण गर्न सक्नुहोस् । |
| १८ | श्री एस.एल. ओझा (पत्र मार्फत) | गरीबले पनि आफ्नो मातृभूमिमा सानो छाप्रो बनाएर बास बस्न पाओस । |
| १९ | श्री महादेव बराल, फूलवारी-९, चितवन (पत्र मार्फत) | संविधानको पहिलो भागमा नागरिकको मौलिक हक तथा नागरिकता सम्वन्धी विषयहरु राख्नु उचित हुन्छ,<br>संविधान संशोधन र वाधा अड्काउ फुकाउने अधिकार प्रतिनिधि सभाको २/३ सदस्यद्वारा हुने संवैधानिक व्यवस्था हुनुपर्ने,<br>राजनैतिक दल खोल्ने संवैधानिक व्यवस्थाका लागि दलको महाधिवेशन वा पदाधिकारीहरुको निर्वाचन प्रत्येक ५ वर्षमा अनिवार्य गर्नु पर्ने, शैक्षिक योग्यताको हकमा कम्तिमा स्नातक उत्तिर्ण र उमेर ४० वर्षदेखि ६५ वर्षसम्मको संवैधानिक व्यवस्था हुनुपर्दछ । त्यसपछि स्वतः राजनैतिक अवकास हुनेछ,<br>राष्ट्र प्रमुखले संकटकालीन अवस्थाको घोषणा गर्न सक्ने संवैधानिक व्यवस्था हुनुपर्दछ । त्यस्तो घोषणा भएको मितिले ३ महिना भित्र प्रतिनिधि सभाले अनुमोदन गर्नु पर्ने संवैधानिक व्यवस्था राख्नु |

| | | |
|---|---|---|
| | | पर्दछ । |
| २० | श्री दिलिपकुमार सुब्बा, जोरपाटी-३, काठमाडौं (पत्र मार्फत) | संविधानको कुनै धारा संशोधन गर्न संसदमा भएको कूल सदस्य संख्याको २/३ सदस्यको समर्थन हुनुपर्ने । संशोधन प्रस्ताव पारित भएपछि राष्ट्रपतिको सही र लालमोहरका निम्ति राष्ट्रपति समक्ष पेश गर्नु पर्ने,<br>राजनैतिक दलको संख्या सिमित संख्यामा निश्चित गरिनु पर्दछ । एकै प्रकारका सिद्धान्त भएका एक भन्दा बढी पार्टी गठन गर्न नपाइने र दलहरुको सिद्धान्त मिल्दो जुल्दो हुन नहुने,<br>भ्रष्टाचार वा कुनै पनि अभियोग लागेको नेताले निर्वाचनमा भाग लिन नपाउने,<br>एउटै राजनैतिक दलले लगातार ३ पटक भन्दा धेरै कार्यकाल सरकार संचालन गर्न नपाउने । एक नेताले एक पटक मात्र सरकारको नेतृत्व गर्न पाउने,<br>संकटकालीन अवस्थाको घोषणा तल्लो सदनको २/३ वहुमतबाट अनुमोदित प्रस्तावको आधारमा राष्ट्रपतिबाट हुने व्यवस्था हुनपर्ने,<br>देश गृहयुद्ध तर्फ अग्रसर भएमा, आर्थिक संकट आएमा, वाह्य आक्रमण भएमा र अन्य राष्ट्र विरुद्ध युद्ध लड्न परेको अवस्थामा संकटकाल घोषणा हुनुपर्ने । |
| २१ | श्री महेन्द्र मगर, धापाखेल-३, ल.पु. (स्थायी ठेगाना खोटाङ्ग) (पत्र मार्फत) | राजनीतिज्ञ र उच्च ओहोदामा बस्ने व्यक्तिको उमेर ७० वर्ष भन्दा बढी हुनु नहुने,<br>सभासदहरुको सम्पत्ति मन्त्री हुनु पूर्व र पछि मुल्यांकन गरी पारदर्शिता अपनाउनु पर्दछ,<br>भ्रष्टाचार प्रमाणित भएमा जुनसुकै पदमा वहाली रहेपनि तत्काल पदबाट वर्खास्त गरी सर्वस्वहरण सहित मृत्युदण्ड वा आजीवन जेल सजाय हुनुपर्ने,<br>राम्रो काम गर्ने व्यक्ति वा पार्टीलाई उच्च सम्मानसाथ पुरस्कृत गरिनु पर्ने । |
| २२ | श्री नेपाल स्वतन्त्र सडक मजदुर एकता, केन्द्रीय कार्यालय, काठमाडौं (पत्र मार्फत) | सरकारले सडक मर्मतमा लगाएका मजदुरहरुलाई राज्यद्वारा परिचालित मजदुर भनी संविधानमा उल्लेख गरी उनीहरुका छोराछोरीलाई आरक्षणको व्यवस्था गरियोस । |
| २३ | श्री भोजराज बराल (इ-मेल मार्फत) | संविधानले जात, वर्ण, धर्म, लिङ्ग, उत्पति, क्षमता आदिको आधारमा भेदभाव नगरी सबै नागरिकलाई समान अवसर उपलब्ध गराउनु पर्ने,<br>सबैलाई स्वच्छ अवसर उपलब्ध गराउनका लागि पारदर्शी व्यवस्था अवलम्वन गर्नुपर्ने,<br>आफ्नै मिहिनेतले कमाउने वा भाग्यवस पैसा आर्जन गर्नेले खुला बजारमा सीमित जग्गा मात्र खरिद गर्ने गरी प्रतिबन्ध लगाउनु हुदैन,<br>राष्ट्रको सीमाना एवं प्राकृतिक श्रोत साधन जस्ता राष्ट्रिय स्वार्थका विषयमा सन्धि सम्झौता गर्नु पूर्व जनमत संग्रहबाट सो गर्ने वा नगर्ने भन्ने निर्धारण हुनु पर्दछ,<br>जनमतसंग्रह आवश्यक नपर्ने अन्य महत्वपूर्ण विषयहरुमा कानून तर्जुमा गर्दा व्यवस्थापिकामा छलफल गर्ने र यसरी छलफल गर्नु भन्दा ६ महिना अगाडि संचारका माध्यमबाट छलफल गर्ने व्यवस्था गर्नु पर्दछ । यसबाट सो विषयका सकारात्मक र नकारात्मक पक्षका बारेमा जनताबीच छलफल हुन पाउने छ । यसले पारदर्शिता बढाउछ र यो नै बढी लोकतान्त्रिक विधि हुनेछ र कानून बनेपछि सो को कार्यान्वयन गर्न सजिलो हुनेछ,<br>देहव्यापारलाई कानूनी मान्यता दिनु पर्दछ,<br>जातसँग सम्बन्धित थर नराख्ने व्यवस्था हुनुपर्दछ । जस्तै :- भोजराज बराल नलेखी भोजराज मात्र लेख्ने व्यवस्था गर्ने,<br>सभासद एवं राजनैतिक व्यक्तिहरुको पारिश्रमिक गैर राजनैतिक संगठन वा असंलग्न व्यक्तिबाट तय हुनु पर्ने,<br>पूर्ण वाकस्वतन्त्रतालाई प्रशासनिक दृष्टिले व्यवस्थित गर्न कठिन हुने हुँदा केही हदसम्म नियन्त्रणकारी व्यवस्थाहरु राख्नु पर्ने,<br>मृत्युदण्ड दिने कानूनी व्यवस्था राख्नु हुदैन । |
| २४ | श्री भीम लिम्बू (इ-मेल मार्फत) | अंशवण्डाको झन्झटबाट मुक्ति पाउन र अदालतलाई भूमि सम्बन्धी विवादहरुको भारबाट मुक्ति दिलाउन Will System ल्याउनु पर्छ,<br>अवैध लागू पदार्थ ओसार पसार गर्ने र अवैध तरिकाले जनशक्ति विदेश पठाउनेहरुलाई मृत्युदण्डको सजाय दिने व्यवस्था हुनु पर्ने,<br>भ्रष्टाचारमा संलग्न कर्मचारीलाई आजीवन जेल सजाय हुनु पर्ने,<br>२ पटकसम्म ५ वर्षको पूर्ण पदावधि प्रधानमन्त्री भईसकेको व्यक्तिले चुनावमा भाग लिन नपाउने व्यवस्था हुनु पर्ने,<br>सुरक्षाकर्मीलाई देशको विकास निर्माणको काममा लगाउने व्यवस्था गर्नु पर्दछ,<br>देशको सार्वजनिक जमिन भूमिहीनलाई वितरण गर्नुको सट्टा रोजगारी नपाएसम्म वेरोजगारी भत्ता दिईनु पर्ने,<br>देशका अति गरीब जनतालाई आधारभूत खाद्य सामाग्री सहुलियतपूर्ण तरिकाबाट उपलब्ध गराउन परिचय-पत्र उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने,<br>चक्काजाम सदाका लागि रोक्नु पर्ने अन्यथा यसले मुलुकलाई पुनः ढुङ्गे युगमा फर्काउने छ । |
| २५ | श्री सुखम थापा, साउदीअरव | सबै धर्म र जातिको हितको लागि समानुपातिक शासन प्रणाली उचित हुने,<br>राष्ट्रपतिको निर्वाचन संसदबाट नभई जनताको प्रत्यक्ष मतदानबाट हुनुपर्ने, |

| | | |
|---|---|---|
| | (इ-मेल मार्फत) | शासन प्रणालीका हकमा प्रधानमन्त्रीय शासन प्रणाली उचित हुने,<br>नेपाल जस्तो वहुभाषिक, वहुधार्मिक, वहुजातीय मानिसहरु भएको देशमा संसदीय प्रणाली उचित छैन,<br>प्राकृतिक श्रोतमा पहिलो हक स्थानीय बासिन्दाको हुनु पर्ने,<br>देशलाई संघीयतामा लैजादा पहाड र तराईलाई मिलाई १२ अंचलमा विभाजित गर्नु पर्ने, प्रत्येक अञ्चलमा मुख्य मन्त्रीय शासन प्रणाली हुनु पर्ने,<br>नयाँ राजनैतिक दललाई राष्ट्रिय मान्यता दिइदा पार्टीको विधान अध्ययन गर्दा देश र जनता विभाजित हुने खतरा नभएमा मात्र राष्ट्रिय मान्यता दिइनु पर्ने । |
| २६ | श्री बसन्त उपाध्याय<br>(इ-मेल मार्फत) | संघात्मक राज्यको सट्टा एकात्मक लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, विकेन्द्रिकृत शासन प्रणाली हुनुपर्ने,<br>जातीयताको आधारमा राज्यको विभाजन गर्न उपयुक्त नहुने,<br>प्रधानमन्त्रीको छनौट जनताबाट प्रत्यक्ष निर्वाचनबाट कूल खसेको मतको वहुमतबाट हुनुपर्ने र निजलाई पदमुक्त गर्न ७५% सांसदको सिफारिशमा गर्ने व्यवस्था हुनु पर्ने,<br>मन्त्रीमण्डलमा सांसद वाहेकका विज्ञ र प्रधानमन्त्रीले उचित ठानेका व्यक्ति मात्र मन्त्री बनाउन पाउने र मन्त्री घोषणा गरेको व्यक्तिलाई संसदको वहुमतले अनुमोदन गर्नु पर्ने,<br>मन्त्रालयको संख्या १० वटा भन्दा बढी नहुने व्यवस्था गर्ने । आवश्यक देखिएका मन्त्रालयहरुमा एक भन्दा बढी सचिव रहन सक्ने,<br>२ सदनात्मक व्यवस्थापिका हुनु पर्ने । तल्लो सदन निर्वाचित हुने जसमा बढीमा १०५ सदस्य रहने र माथिल्लो सदनमा ४५ सदस्य भन्दा बढी हुन नहुने,<br>न्यायपालिका तर्फ सर्वोच्च अदालतको न्यायाधीश पदबाट अवकास प्राप्त व्यक्तिहरु मध्येबाट प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले नियुक्त गरेको व्यक्तिको अध्यक्षतामा न्याय परिषद गठन गर्ने,<br>सम्पूर्ण अदालतका न्यायाधीशहरुको नियुक्ति न्याय परिषदको सिफारिशमा सर्वोच्च अदालतले गर्ने,<br>निजामती सेवातर्फ केन्द्रीय निजामती सेवा र स्थानीय निजामती सेवा गरी यी सेवालाई व्यवस्थित गर्न केन्द्रीय लोक सेवा आयोग र स्थानीय लोक सेवा आयोग गठन गर्ने,<br>सेना संचालन सम्बन्धमा राष्ट्रिय सुरक्षा बोर्डको स्थापना गर्ने र बोर्डको सिफारिशमा सरकार प्रमुखले सेना संचालन गर्ने,<br>राष्ट्रद्रोह, राष्ट्र टुक्र्याउने योजना गर्ने र अन्य गम्भिर प्रकृतिका अपराध विरुद्ध मृत्युदण्डको सजायको व्यवस्था गर्ने,<br>आजीवन कारावासलाई ४० वर्षसम्म कायम गर्ने,<br>मानवअधिकार, प्रेस स्वतन्त्रता, व्यक्तिगत सम्पत्ति आर्जन गर्ने र सो को निर्वाध उपभोग गर्न पाइने र कानूनले तोकेको अवस्थामा वाहेक कसैको शरिर, सम्पत्तिमा अतिक्रमण र जवरजस्ती कब्जा गर्न नपाउने व्यवस्थाको सुनिश्चितता गर्ने । |
| २७ | श्री रामप्रसाद पुडासैनी, चावहिल, काठमाडौं<br>(पत्र मार्फत) | पुरातनदेखि चलिआएको हाम्रो धर्म संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने तर्फ ध्यान जाओस । |
| २८ | श्री विष्णुलाल श्रेष्ठ, महाराजगञ्ज, काठमाडौं<br>(पत्र मार्फत) | सार्वभौमिकता जनतामा निहित हुनु पर्ने,<br>नेपाल हिन्दु राष्ट्र रहनु पर्दछ र धार्मिक स्वतन्त्रता सवैलाई हुनु पर्दछ,<br>जातीपातीका आधारमा भेदभाव गरिनु हुदैन । |
| २९ | श्री गोविन्दराज जोशी<br>(पत्र मार्फत) | "नेपालमा संघीय शासन प्रणाली" नामक सुझाव पुस्तिका समितिका माननीय सदस्यज्यूहरुलाई एक एक प्रति उपलब्ध गराइएको । |
| ३० | श्री कपिलदेव थापा, धापासी-४, काठमाडौं<br>(इ-मेल मार्फत) | आमा वा बावुको नागरिकताको आधारमा नागरिकता दिने बाध्यात्मक व्यवस्था गरिनु पर्ने,<br>राज्य सरकारले नागरिकता कानून बनाउन नपाउने यसमा केन्द्रीय सरकारको मात्र अधिकार हुने,<br>नागरिकता प्रमाण पत्र अंग्रेजी र नेपाली दुवै भाषामा हुने व्यवस्था होस,<br>सवैलाई धार्मिक स्वतन्त्रता हुने, धार्मिक स्थलहरुमा जातीय भेदभाव गर्न नपाउने, मन्दिरमा वली प्रथा निरुत्साहित गर्ने किसिमको व्यवस्था होस,<br>केन्द्रीय प्रशासनमा अन्तर्राष्ट्रिय सीमाना संरक्षण, अन्तर्राष्ट्रिय सम्वन्ध, सार्वभौमिकताको संरक्षण, नागरिकता, राजमार्ग, जल, जंगल, राष्ट्रिय सेना, प्रहरी लगायत सुरक्षा निकाय केन्द्र मातहत हुने,<br>राज्य संचालन सम्बन्धी प्रशासन, स्थानीय श्रोत साधनको परिचालन स्थानीय प्रशासन अन्तर्गत रहने,<br>कानून बमोजिम राज्य वा केन्द्रीय सरकारले कर लिन पाउने,<br>व्यक्तिगत सम्पत्ति राख्न पाउनु पर्ने, कानून बमोजिम वाहेक त्यस्तो सम्पत्ति जवरजस्ती कब्जा वा प्राप्ति गर्न नहुने,<br>वैज्ञानिक भूमिसुधार लागू गर्नुपर्ने,<br>प्रति परिवार न्यूनतम जमिन निर्धारण गरी त्यो जमिन विक्री गर्न प्रतिबन्ध लगाउनु पर्ने,<br>सबै राज्यका विधानसभाको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणाली अनुसार हुनु पर्दछ,<br>सम्पूर्ण राज्यसभा र केन्द्रीय सभाको सदस्यबाट राष्ट्रपतिको निर्वाचन हुने,<br>प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत हुने,<br>प्रधानमन्त्री केन्द्रीय सभा र जनताप्रति उत्तरदायी हुने, |

| | | |
|---|---|---|
| | | मन्त्री हुन चुनाव जिती रहनु नपर्ने,<br>प्रधानमन्त्री माथिको अविश्वासको प्रस्ताव पास गर्न केन्द्रीय सभाको २/३ मतले पास गरी राज्य सभामा पठाई कूल राज्य सभाको बहुमत राज्य सभाले पास गरेमा पारित हुने र प्र.म.को निर्वाचन निर्वाचन आयोगले पुनः गर्नुपर्ने । |
| ३१ | श्री ॐ अखण्ड सुख केन्द्र सिद्धार्थनगर, भैरहवा (पत्र मार्फत) | संविधानको प्रस्तावनामा अथवा धर्म संस्कृति शिर्षकमा "हिन्दु धर्मको साथै सबै धर्महरुको आदर्शलाई यो संविधानले अनुशरण गरिरहने छ" वाक्यांश उल्लेख गरिदिनु हुन अनुरोध गर्दछौं । |
| ३२ | श्री कमान सिं घर्तिमगर, लिवाङ्ग-५, रोल्पा (पत्र मार्फत) | महिला, आदिवासी, जनजाति, उत्पिडित, दलित, अल्पसंख्यक एवं पिछडिएका समुदायहरुलाई समेत राज्यको नीति निर्माण तहमा पुऱ्याउन राजनीति क्षेत्र, सरकारी वा गैरसरकारी सेवामा आरक्षणको संवैधानिक व्यवस्था गरिनु पर्दछ,<br>अब राज्यको पुनःसंरचना गर्दा जातीय आधारको केन्दीय, संघीय, संघात्मक राज्य गठन हुन पर्दछ । |
| ३३ | श्री बालकृष्ण आचार्य, जर्बुटा-५, सुर्खेत (पत्र मार्फत) | सम्पूर्ण आपाङ्गलाई समान सम्मान, सहयोग, राहत वितरणको व्यवस्था होस्,<br>सरकारी अस्पतालमा २४सै घण्टा सेवा पाउने व्यवस्था कानूनमा समेटियोस,<br>वैज्ञानिक भूमिसुधार लागू गरी सुकुम्वासी समस्याको समाधान गरिनु पर्दछ,<br>बालबालिकालाई दास बनाइ राख्ने प्रथा अन्त्य हुने कानून निर्माण हुनु पऱ्यो । |
| ३४ | श्री रामनरेश कुमार शर्मा, जनकपुर-१, धनुषा (पत्र मार्फत) | मौलिक हक/अधिकार, सो को संरक्षण र उपचारको व्यवस्था २०४७ को संविधानमा व्यवस्था भए जस्तै हुनु पऱ्यो,<br>निर्देशक सिद्धान्तहरुको अक्षरस पालना गर्नु पर्ने,<br>सहअस्तित्व र पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीति अवलम्वन गरिनु पर्ने,<br>सरकारका अंगहरु बीच check and balance system लाई अवलम्वन गरिनु पर्ने,<br>संकटकालीन र संक्रमणकालीन व्यवस्था २०४७ को संविधानको जस्तै हुनु पर्ने,<br>मानव अधिकार अन्तराष्ट्रिय संस्थाको नीति अनुसार हुनु पर्ने । |
| ३५ | श्री गुरुप्रसाद गौतम, अध्यक्ष, नेपाल पत्रकार महासंघ, बारा (पत्र मार्फत) | संविधानको प्रस्तावनामा नै "स्वतन्त्र प्रेस" भन्ने शब्द उल्लेख गर्नुपर्छ । |
| ३६ | श्री संघीय अवधारणा अनुसन्धान तथा विकास नेपाल (FECORED-Nepal), काठमाडौं-११, माइतिघर (पत्र मार्फत) | संवैधानिक समितिले गर्ने कार्यक्रम र क्रियाकलापमा यो संस्थाको प्रतिनिधित्व हुने व्यवस्था मिलाई पाऊँ । |
| ३७ | श्री रामकुमार अधिकारी, नुवाकोट (२०६५।९।२३ मा टेलिफोन मार्फत) | गाई काट्न पाइदैन, धर्म निरपेक्ष राज्य मान्य हुदैन । |
| ३८ | श्री प्रकाश पौडेल, स्वयम्भु, काठमाडौं (२०६५।९।२८ मा टेलिफोन मार्फत) | बेरोजगार युवालाई तालिम र रोजगारीको व्यवस्था गर्न ठाउँ ठाउँमा job centre को व्यवस्था हुनुपर्ने । |
| ३९ | श्री भूईदल राई, धरान-८, सुनसरी (पत्र मार्फत) | अन्तरिम संविधान, २०६३ मा देहायबमोजिम परिमार्जन गरी भावी संविधानमा समावेश गर्नुपर्छ :-<br>धारा १३ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "दलित" शब्दलाई "दलित मुक्ति" बनाउनु पर्ने । र सोही प्रतिवन्धात्मक वाक्यांशमा रहेको "आदिवासी जनजाती" शब्दपछि कमा (,) राख्नुपर्छ,<br>सोही भागमा रहेका "मधेशी" शब्दको परिभाषा गर्नुपर्छ किनकी यो शब्दको जाती वा वर्ग दुवै छैन,<br>धारा १९ (२) मा रहेको "अधिग्रहण" भन्ने शब्दको सट्ट "राष्ट्रियकरण" भन्ने शब्द राख्नु पर्ने,<br>धारा ३३ (घ), (घक) र धारा ३५ (१०) मा समेत रहेको "आदिवासी जनजाती" भन्ने शब्दहरुलाई दोहऱ्याउनु हुँदैन,<br>धारा ३३ को खण्ड (ङ) मा रहेको "सामन्तवादका सबै रुपहरुको" भन्ने शब्दको सट्टा "एकल परिवार जीवन प्रणाली" भन्ने शब्द राख्नु पर्छ,<br>धारा ३८ (१) मा रहेको "राजनैतिक सहमतिको आधारमा" भन्ने शब्दहरुको सट्टा "समावेशी र पूर्ण लोकतान्त्रिक राज्यको आधारमा" भन्ने शब्दहरु राख्नु पर्छ,<br>भाग १७ बमोजिम प्रत्येक जातीलाई दिइने जातीय स्वायत्तताको "जातीय संघ" मा केन्द्रीय सभापतिहरुलाई पदेन सदस्यको रुपमा सभामा लिइने प्रावधान राख्नु पर्छ । सर्वजातीय सभाको बैठक प्रतिनिधि सभाको बजेट अधिवेशनको समाप्तिको १५ दिन भित्र डाक्ने व्यवस्था राख्नु राम्रो हुनेछ,<br>न्यायपालिका सम्बन्धी विषयमा मिलापत्र गर्न र हुन सक्ने खालका सामान्य मुद्दाहरुका हकमा गाउँक्षेत्रमा जनअदालत वा ग्रामीण अदालत गठन गर्नुपर्छ,<br>अल्पसंख्यक जातीको निर्वाचनमा प्रतिनिधित्व हुने व्यवस्था राख्नु पर्छ, |

| | | |
|---|---|---|
| | | मानव अधिकार आयोगमा संघीय राज्यहरुबाट १/१ योग्य व्यक्तिहरु नियुक्त गर्नुपर्छ,<br>विभिन्न संघमा रहने अल्पसंख्यक जातीहरुको प्रतिनिधित्वको व्यवस्था गर्नुपर्छ,<br>संघमा रहने जातीय संस्थाहरुलाई केही कर र दस्तुर तोक्न र लिन सक्ने आर्थिक अधिकार दिनुपर्छ । यसका साथै केन्द्र, संघ र स्थानीय निकायहरुबाट अनुदान पाउने स्वजाती मात्रको विचमा पनि अन्य आय आर्जनका व्यवसायहरु खोल्न र चलाउन पाउने र अन्य सर्वजातीय आर्थिक व्यवसायहरुमा पनि साझेदारी दिन र लाभ लिन पाउने अधिकार दिइनु पर्छ,<br>जातीय संस्थाहरुले स्वजाती हितको लागी सामाजिक हितका काम गर्ने अधिकार पाउनु पर्छ,<br>राजनैतिक दलहरुको गठनको प्रकृयामा सर्वजातीय आधारमा गठन भएका दलहरुलाई मात्र स्वीकृति दिने व्यवस्था गर्नुपर्ने,<br>सेना सम्वन्धी व्यवस्थामा देहाए वमोजिम गर्नुपर्छ :<br>केन्द्रको मातहतमा रहने सुरक्षा (रक्षात्मक) सैनिक<br>संघीय सत्ताको मातहतमा रहने निर्माण तथा विकास सेना<br>जनमुक्ति सेनालाई निर्माण तथा विकास सेनामा रुपान्तरण गर्नुपर्छ ।<br>संविधानको परिभाषा खण्डमा स्वायत्त शासन तथा संघीय शासनका भागहरुको पनि परिभाषा गर्नुपर्छ,<br>संविधानको नाम "नेपाली जनताको संधिवान, २०६६" राख्ने र २०६६ चैत्र २८ गतेबाट लागु हुने व्यवस्था गर्नुपर्छ,<br>नेपाली जातीको नाम र जनसंख्या पनि अनुसुचीमा राख्नुपर्छ । |
| ४० | श्री ढाकाप्रसाद भट्टराई<br>(पत्र मार्फत) | राष्ट्रिय कामकारवाहीको भाषामा पहिलो नेपाली, दोश्रो हिन्दी, तेश्रो अंग्रेजी सबै ठाउँमा चल्न सक्छ ।<br>अरु भाषाहरुलाई राष्ट्रिय भाषा मान्नुपर्ने,<br>कानून बनाउने, संशोधन गर्ने समेतको अधिकार प्रतिनिधिसभालाई हुने,<br>ऐन कानूनले नागरिक र सरकारको हक अधिकार र कर्तव्य तोकीदिने,<br>दोहोरो अर्थ नलाग्ने गरी कानून बनाउनु पर्ने,<br>लिङ्ग, जात, जाति, वर्ण, अनि गरीब नभनी समान गर्नु पर्ने,<br>नागरिक हक अधिकारको संरक्षण गरिनुपर्ने,<br>नागरिकता वंशज, जन्मसिद्ध, वैवाहिक, कृतिम गरी ४ किसिमका कायम गर्ने,<br>सार्वभौम भू-परिवेष्ठित देशलाई हिमाल पहाड मधेश गरी सात क्षेत्रमा विभाजित गरिनु पर्ने :- मेची, सगरमाथा, नारायणी, धौलागिरी, लुम्बिनी, कार्णाली, महाकाली,<br>शासन विकेन्द्रिकरण गरिने व्यवस्था हुनुपर्ने,<br>वहुदलीयतालाई संरक्षण गर्ने,<br>१० हजार भन्दा बढी जनताले समर्थन गरेको आधारमा मात्र दलदर्ता हुनुपर्ने,<br>हडताल गर्नु भन्दा २४ घण्टा अगावै सूचना प्रसारण गर्ने, केही क्षेत्रहरुमा बन्द हड्ताल गर्न नपाइने व्यवस्था गर्नुपर्ने,<br>राजनीतिज्ञहरुले शोषित पीडितहरुको हितमा काम गर्नुपर्ने,<br>देशमा उपलब्ध प्राकृतिक सम्पदा र वैभव उपयोग गर्न पाउने सवैको अधिकार सुरक्षित हुनुपर्ने,<br>छोराछोरीले विवाह गर्ने नगर्ने निर्णय गर्न पाउनु पर्ने,<br>अंश दिने वा नदिने सम्बन्धमा आफूखुसी गर्न पाउने अधिकार कायम हुनुपर्ने,<br>यौन स्वतन्त्रता र देहव्यापारको वकालत गरिएको,<br>१८ वर्षको मानिस वालिग हुने, ६५ वर्ष पुगेकाले वृद्धभत्ता पाउने, अपाङ्गले जन्मैदेखि भत्ता पाउने व्यवस्था गर्नु पर्ने,<br>जुनसुकै निकाय र पदाधिकारीमाथि एक तिहाई सदस्यबाट अविश्वास आउन सक्ने र छलफल भई निर्णय भए बमोजिम हुने,<br>निर्वाचन आयोग, भौतिक योजना आयोग, लोक सेवा आयोग, गृह आयोग, आर्थिक आयोग, परराष्ट्र आयोग, पुनर्वास आयोग, शिक्षण आयोग, खेल मनोरञ्जन आयोग, स्वास्थ्य आयोग, लेखा परीक्षण आयोग, गुठी आश्रम आयोग, संचार सूचना आयोग, सामान्य प्रशासन आयोग, भूमिसुधार आयोग, जलश्रोत आयोग, यातायात आयोग आदि आयोगका विषयमा विस्तृत सुझाव दिइएको,<br>सानो ठूलो जस्तोसुकै फौजदारी अपराध गरेको ठहर भएमा एक वर्ष अनिवार्य कैद हुनुपर्छ,<br>देशद्रोही, आतंककारी, ज्यानमारा, भ्रष्टाचारी, चोर, डाँकालाई जन्मकैद हुनुपर्ने, नगद बुझाएर उम्कन नपाइने हुनुपर्ने,<br>क्षमा माफी दिन सक्ने व्यवस्था राख्न सकिने । |
| ४१ | नेपालमा दीगो शान्तिका लागि बौद्ध प्रयास विषयक मिति २०६५ पुस ११ र १२ गते पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठीबाट प्राप्त सुझावहरु वा मागहरु (पत्र मार्फत) | (क) प्रस्तावनामा उल्लेख गरिनु पर्ने मागहरु<br>नेपाललाई धर्म निरपेक्ष राष्ट्र भनी स्पष्ट उल्लेख गरिनु पर्ने,<br>पञ्चशीलका सिद्धान्तको आधारमा देशको राज्य कानून संचालन गर्ने भनी स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने,<br>बुद्ध जन्मेको देश नेपाल भनी स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने ।<br>(ख) संविधानका परिच्छेद तथा ऐन, नियम, विनियममा उल्लेख गरिनुपर्ने मागहरु<br>बुद्ध जन्मस्थललाई राष्ट्रिय प्रतिकको रुपमा घोषणा गरिनुपर्ने,<br>बुद्ध सम्वतलाई राष्ट्रिय सम्वत घोषणा गरिनु पर्ने, |

| | | |
|---|---|---|
| | | राष्ट्रिय झण्डामा बौद्ध झण्डामा अंकित ५ रंग राखिनु पर्ने,<br>नेपाली मुद्रामा धर्मचक्र संकेत राखिनु पर्ने,<br>कस्तुरीलाई राष्ट्रिय जनावर घोषणा गरिनु पर्ने,<br>बुद्ध पूर्णिमाका दिन हिंसा तथा मारकाट निषेध गरिनुपर्ने,<br>भगवान गौतम बुद्ध र बुद्ध धर्मलाई व्यापारिक रुपमा प्रयोग गर्न बन्देज लगाइनु पर्ने,<br>धार्मिक मन्त्रालय गठन गरी सो अन्तर्गत छुट्टै बौद्ध विभाग कायम हुनुपर्ने,<br>लुम्बिनी विश्व विद्यालयलाई जनस्तरबाट नभई राज्यस्तरबाट नै आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने,<br>लुम्बिनी विकास कोष जस्ता धार्मिक निकायमा राजनैतिक नियुक्ति गरिन नहुने,<br>राज्य संरचना भित्रका बौद्ध धर्मसँग सम्बन्धित बौद्ध संघसंस्था तथा धार्मिक निकायमा बौद्ध व्यक्तित्वलाई नै नियुक्ति गरिनु पर्ने,<br>बौद्ध धर्मसँग सम्बन्धित पौराणिक, पुरातात्विक, गुठी, बहा: जग्गा जमिन, विहार गुम्वा आदि राज्यले अधिग्रहण गर्न निषेध गरिनुपर्ने तथा उक्त धरोहरहरु धार्मिक मन्त्रालय अन्तर्गत बौद्ध विभागमा छुट्टै दर्ता गर्ने व्यवस्था गरिनुपर्ने,<br>बौद्ध धर्मसँग सम्बन्धित विहार, गुम्बा लगायत पुरातात्विक सम्पदाहरुको राज्यद्वारा उचित संरक्षण हुनुपर्ने,<br>बुद्ध शिक्षालाई नैतिक शिक्षाको रुपमा प्राथमिक विद्यालय देखि विश्वविद्यालयसम्म अध्ययन अध्यापन गराउने व्यवस्था गरिनु पर्दछ,<br>नेपाली सेना तथा अन्य सुरक्षा निकायलाई धर्म निरपेक्ष बनाइनु पर्ने,<br>नेपाललाई शान्ति क्षेत्र देश घोषणा गरिनु पर्ने,<br>स्वेच्छाले धर्म परिवर्तन गर्न पाउने, नैसर्गिक तथा मौलिक अधिकारको उच्च सम्मान गर्दै यदि लोभ, लालच, प्रलोभन, करकाप तथा जवर्जस्ती कसैले कसैलाई धर्म परिवर्तन गर्न गराउन लगाएमा उचित दण्ड सजायको व्यवस्था गरिनुपर्ने । |
| ४२ | श्री भीमबहादुर शाही, गमौडी-१, दैलेख (पत्र मार्फत) | सार्वभौमसत्ता जनतामा निहित हुनुपर्छ,<br>संविधान छोटो र सारभूत लेखिनु पर्छ, दोहोरो अर्थ नलाग्ने, सरल भाषमा लेखिनु पर्छ,<br>जनताका मौलिक अधिकार सुरक्षित हुनु पर्दछ,<br>संघीयताको नाममा देश विखण्डन गरिनु हुदैन,<br>पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भूभागलाई हिमाल तराई छुने गरि २ अञ्चलको १ प्रान्त बनाई प्रान्तिय प्रशासनको केन्द्र विन्दु तराईको राजमार्ग हुने ठाउँमा राख्नुपर्छ, जिल्ला सदरमुकाम ७५ वटा ठाउँमा यथावत राखिनु पर्छ ।<br>जातीयताको आधारमा राज्य विखण्डन गरिनु हुदैन,<br>कृष्णसारलाई राष्ट्रिय जनावर राख्नु वेस हुन्छ,<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा भ्रष्टाचार निवारण आयोग गठन गरी ३ तहमा कार्यालय खोली अधिकार सम्पन्न गराउनु पर्दछ ।<br>अदालतको संख्या घटाई, दरबन्दी बढाई न्याय सरल र सुलभ गराउनु पर्छ,<br>प्रधानमन्त्रीलाई कार्यपालिका प्रमुख मान्नु पर्दछ,<br>लोक सेवा आयोगलाई जिल्लास्तर सम्म विस्तार गर्नु पर्छ,<br>निर्वाचन आयोगको काम, कर्तव्य सुधार गरी हरेक ५ वर्षमा सवै तहको निर्वाचन सम्पन्न गराउन जिल्लास्तरलाई दक्ष बनाउनु पर्छ ।<br>देशको कुल मतदाता संख्याको २५% मत प्राप्त गर्न नसक्ने राजनीतिक दललाई खारेज गर्ने व्यवस्था गरिनु पर्दछ ।<br>हरेक पार्टीका आफ्ना विधान संशोधन गरी खुल्ला निर्वाचनबाट मात्र पार्टी प्रतिनिधि छनौट गर्ने गरी संविधानमा व्यवस्था गरिनु पर्छ, पार्टीको अध्यक्षले मनोनित गर्ने परम्परा तोडिनु पर्दछ ।<br>नागरिकताको प्राप्ती वंशजको आधारमा मात्र हुने, जन्मसिद्ध र अंगिकृत नागरिकताको व्यवस्था संविधानबाटै खारेज गरिनु पर्छ ।<br>शिक्षा, स्वास्थ्य, संचार सेवामा जनताको पहुँच पुग्नुपर्छ, खानेपानी निःशुल्क उपलब्ध गर्ने नीति ल्याउने र विद्युत विक्री गर्दा सदनको २/३ वहुमतबाट गरिनु पर्छ ।<br>विदेशी ऋण भित्र्याउँदा जनतालाई सार्वजनिक रुपमा जानकारी गराई स्वीकृत भएपछि मात्र ऋण लिने व्यवस्था हुनु पर्दछ ।<br>मुलुकी ऐनको नाम प्रस्तावना परिवर्तन गरी नेपालका सबै खाले कानूनको एउटै संगालो बनाई सो को नाम "नेपाल कानून" राख्ने र अनावश्यक पुराना काम नलाग्ने कानून खारेज गर्ने व्यवस्था संविधानमै राखिनु पर्दछ,<br>संसद सदस्यको संख्या १५० जनासम्ममा सीमित गरिनु पर्छ र सांसदहरु आमनिर्वाचनबाट छनौट गरिने व्यवस्था हुनु पर्छ ।<br>मन्त्रीमण्डलको सदस्य संख्या बढीमा २१ जना हुनुपर्छ, विभिन्न आयोग र परिषद्मा पनि संख्या घटाउनु पर्छ । |
| ४३ | श्री मानकुमार श्रेष्ठ, प्रगतिनगर-३, | राज्यले, प्राविधिक शिक्षालाई बढी महत्व दिनुपर्छ,<br>कमजोर आर्थिक अवस्था भएका वर्गलाई अध्ययनका लागि बिना धितो ऋण उपलब्ध गराउने, |

| | | |
|---|---|---|
| | नवलपरासी, हाल : साउदी अरव (फ्याक्स मार्फत) | अध्ययन पश्चात स्वदेशमै काममा लगाउने, अध्ययन वा रोजगारीको लागि विदेश जान परेमा राज्यको अनुभति लिएर जाने व्यवस्था गरिनु पर्छ । यदि विदेश पलायन भएको खण्डमा निजको नागरिकता बदर गरिनु पर्छ । |
| ४४ | श्री वैदिक सनातन हिन्दु धर्म सेवा समिति केन्द्रिय कार्यालय भ.न.पा.-११ चितवन (पत्रमार्फत) | आफ्नो परम्परा देखि चलिआएको धर्म संस्कृतिलाई यथावत कायम राखी स्वतन्त्र रुपले मान्न पाउने स्वतन्त्रताको हक कायम गरियोस,<br>"हिन्दु राष्ट्र नेपाल" कायम गरी गाई यथावत राष्ट्रिय जनावर कायम रहोस,<br>परम्परा देखि चलिआएको आ-आफ्नो धर्म संस्कृति परम्पराको पालना गर्दा कसैले कसैलाई उपेक्षा अपमान गर्न नपाउने गरी संविधानमा व्यवस्था गरियोस,<br>कसैले कसैलाई धर्म परिवर्तन गराउन नपाउने गरी संविधानमा व्यवस्था होस । |
| ४५ | श्री हरि सिलवाल, पृथ्वीनगर - १ झापा (पत्र मार्फत) | जातीयताका आधारमा प्रदेश बनाइनु हुदैन,<br>नेपाली नागरिकले नेपालमा कमाएको सम्पत्ति विदेशमा राख्न नपाइने व्यवस्था हुनुपर्ने,<br>जग्गाको हदबन्दी कायम गर्दा जग्गाको मूल्याङ्कनका आधारमा गरिनु पर्ने,<br>भूमिहिनलाई जग्गा वितरण गर्दा किनबेच नहुने गरी वितरण गरिनु पर्छ,<br>कानून निर्माण गर्दा जातीय हितका लागि नभई वर्गीय हितका लागि हुनुपर्छ,<br>राजनैतिक दलको सर्वोच्च पदमा रहेको व्यक्ति प्रधानमन्त्री हुन नपाउने व्यवस्था गरिनु पर्छ,<br>इमान्दारलाई प्रोत्साहन र भ्रष्ट र अपराधिलाई सार्वजनिक रुपमा दण्डको व्यवस्था जनताले बुझ्ने गरी संविधानमै व्यवस्था होस,<br>कुनै राजनैतिक दलले सरकारसंग आफ्ना माग राख्नु पऱ्यो वा विरोध जनाउनु परेमा सार्वजनिक र व्यक्तिगत सम्पत्ति हानी नोक्सानी नहुने किसिमबाट विरोध गर्नुपर्ने र विरोध गर्दा हानी नोक्सानी भए सो को क्षतिपुर्ति सम्वन्धित राजनैतिक दलले व्यहोर्नु पर्ने कुरा कानुन मै उल्लेख गर्नुपर्दछ,<br>कानुन बमोजिम दर्ता भएका राजनैतिक दलले प्रत्येक वर्ष लेखा परिक्षण गरी सो विवरण सार्वजनिक गर्नु पर्ने व्यवस्था होस,<br>अब बन्ने संविधान २२ औं. शताब्दीका लागि मार्गनिर्देश दिने किसिमको हुनु पर्छ । |
| ४६ | श्री प्रदिप गुप्ता धुलावारी -१ मेची न.पा. झापा (पत्र मार्फत) | फोहोरी राजनीति नगरौं, सबै जनता आनन्दले बाँच्न पाउन । |
| ४७ | श्री भक्तिप्रसाद पराजुली विराटनगर-२ शिक्षा मार्ग (पत्र मार्फत) | राष्ट्रिय पोशाक दौरा सुरुवाल कोट टोपी प्रधानमन्त्री लगायत सवै मन्त्रीहरु, संवैधानिक निकायका प्रमुखहरुले अनिवार्य रुपमा लगाई कार्यसम्पादन गर्नु पर्दछ, र विदेश भ्रमणमा जाँदा राष्ट्रिय पोशाकमा जानु पर्ने व्यवस्था गरियोस,<br>सवै सभासदहरु तथा राष्ट्रसेवक कर्मचारीहरुले चन्द्र, सूर्य र झण्डा अंकित व्याच लगाई कार्यसम्पादन गर्नु पर्ने व्यवस्था गरियोस,<br>विभिन्न जातजातिहरुले आ-आफ्नो संस्कार निर्वाध रुपमा मनाउन पाउनु पर्छ । |
| ४८ | श्री रंग बहादुर शाही डाडाफया - १ हुम्ला (पत्र मार्फत) | एक परिवारबाट एक व्यक्ति अनिवार्य रोजगार हुनुपर्ने, एक परिवारको एक भन्दा बढी व्यक्ति कर्मचारी हुन नहुने,<br>बिभिन्न सरकारी निकयहरुमा हुने फजुल खर्चलाई नियन्त्रण गरी त्यस्तो रकम कर्णाली क्षेत्र तथा दुर्गम जिल्लाका सडक निर्माण गर्न लगाउने व्यवस्था गरियोस । |
| ४९ | श्री प्रदिप गुप्ता धुलावारी - १ मेची न.पा. झापा (पत्र मार्फत) | अब बन्ने संविधानले देशमा जारी रहेको हत्या, हिंसा अराजकताको अन्त्य गरी सबै नेपाली आपसमा मिली राष्ट्रनिर्माणमा लाग्न सक्ने वातावरण तयार गर्न सक्षम होस । |
| ५० | श्री सुमन राजभण्डारी किर्तिपुर -१ काठमाण्डौ (पत्र मार्फत) | राष्ट्रिय झण्डा सम्वन्धमा : नेपालको राष्ट्रिय झण्डा निर्माण गर्दा धरातलीय बनौट र प्राकृतिक वातावरणको आधारमा हिमाली भागको प्रतिनिधित्व गर्न सेतो, पहाडी भागको प्रतिनिधित्व गर्न रातो र तराई भागको प्रतिनिधित्व गर्न हरियो रंगको चिन्ह राखी लम्वाई र चौडाईको अनुपात ३:२ मा चारपाटे झण्डा निर्माण गर्न उपयुक्त हुन्छ । प्रत्येक संघीय राज्यको प्रतिनिधित्व गर्न १/१ वटा तारा झण्डाको बीच भागमा वृताकार रुपमा राखी झण्डाको किनारा आकासे निलो रंगको राख्नु सान्दर्भिक हुनेछ,<br>राज्यको संघीय स्वरुप सम्वन्धमा : राज्यलाई संघीय स्वरुपमा पुन संरचना गर्दा जनसंख्या, क्षेत्रफल, जाति, भाष र संस्कृति, प्राकृतिक सिमाना र धरातलीय बनौट जस्ता आधार अपनाउनु पर्दछ । राज्यलाई संघीय स्वरुपमा लैजादा :<br>(१) अरुण प्रदेश (२) बाग्मती प्रदेश (३) गण्डकी प्रदेश (४) कर्णाली प्रदेश<br>(५) कोशी प्रदेश (६) राप्ती प्रदेश<br>अथवा अर्को विकल्पको रुपमा<br>(१) लिम्वुवान राज्य (२) खुम्वुवान राज्य (३) ताम्सालिङ्ग राज्य (४) नेवा राज्य<br>(५) तमु राज्य (६) मगरात राज्य (७) खसान राज्य (८) जडान राज्य<br>(९) थारुवान राज्य<br>मा पुन:संरचना गरी अति पिछडिएको राज्य केन्द्रिय संरक्षित प्रदेश हुनेछ ।<br>शक्तिको पृथ्वकीकरण र सन्तुलन सम्वन्धमा : संसदीय व्यवस्थामा व्यवस्थापिकामा वहुमत प्राप्त |

| | | |
|---|---|---|
| | | दलले नै कार्यपालिकामा प्रतिनिधित्व गर्ने हुदा तानाशाही प्रकृति देखापर्न सक्छ तसर्थ शक्ति सन्तुलन र नियन्त्रणको लागि निम्न ५ निकायको व्यवस्था हुनु उपयुक्त देखिन्छ (१) कार्यपालिका (२) व्यवस्थापिका (३) न्यायपालिका (४) नियन्त्रण (५) नागरिक संसद<br>कार्यपालिका प्रमुखको रुपमा प्रधानमन्त्री र निजको प्रमुख सहयोगीको रुपमा उपप्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष आम निर्वाचनबाट हुने अन्य मन्त्रीहरुको सम्वन्धमा प्रत्येक राज्य संसदबाट निर्वाचित ११ जना सदस्य पदेन मन्त्री र अरु प्रधानमन्त्रीले मनोनित भए बमोजिम हुने । प्रधानमन्त्रीको उम्मेदवार पुरुष भए उपप्रधानमन्त्रीको उम्मेदवार महिला हुनुपर्ने र प्रधानमन्त्री पदको लागि महिला उम्मेदवार भए उपप्रधानमन्त्रीको उम्मेदवार पुरुष हुनुपर्ने त्यस्तै प्रधानमन्त्रीमा पहाडी मुलको भए उपप्रधानमन्त्रीमा मधेशी मुलको र प्र.म.मा मधेशी मूलको भए उप प्रधानमन्त्री पदमा पहाडी मूलको उम्मेदवार हुने व्यवस्था गरिनु पर्दछ ।<br>व्यवस्थापिकामा प्रत्येक राज्यबाट महिला र पुरुषको अनुपात बराबरी हुने गरी प्रत्येक १ लाख जनसंख्याको १ जना प्रतिनिधि हुने गरी सबै जातीको प्रतिनिधित्व गर्ने किसिमले हुनु पर्दछ ।<br>न्यायपालिकाको व्यवस्था अन्तरिम संविधानमा भए जस्तै हुनुपर्छ, तर न्यायाधीशहरुको संसदीय सुनुवाई गरिने प्रावधान उचित देखिदैन । सर्वोच्च अदालतका न्यायाधीशको अनुमोदन भने राष्ट्रिय संसदबाट गराउनु पर्ने, हालका पुनरावेदन अदालतलाई प्रत्येक राज्यमा राज्य अदालतको नामाकरण गर्ने, प्रत्येक जिल्लामा जिल्ला अदालत रहने व्यवस्था हुनुपर्छ ।<br>नियन्त्रण निकायको प्रमुखमा राष्ट्रपति र उपप्रमुखमा उपराष्ट्रपति रहने उनिहरुको निर्वाचन राष्ट्रिय संसद र राज्य संसदका सदस्यको मतबाट हुने, निर्वाचन गराउँदा प्रधानमन्त्री र उपप्रधानमन्त्रीको जस्तो पुरुष महिला र पहाडी मधेशी मुलको प्रावधान राख्नुपर्ने । नियन्त्रण निकाय मातहतमा (क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग (ख) संवैधानिक परिषद<br>(ग) लोकसेवा आयोग (घ) महालेखा परीक्षण आयोग (ङ) निर्वाचन आयोग (च) वैदेशिक सम्वन्ध आयोग (छ) सैनिक आयोग (ज) अन्तरराज्य सम्वन्ध आयोग (झ) जाति, धर्म, संस्कृति आयोग जस्ता निकाय रहने ।<br>नागरिक संसदको गठन संवैधानिक परिषदबाट विभिन्न जातजाति, धर्म, संस्कृति, पेशा, वर्ग तथा समुदायहरुबाट मनोनित प्रकृयाबाट गर्नु उचित हुन्छ । नागरिकहरुको हक अधिकार संरक्षण गर्ने, नागरिकहरुको समस्या परिचालन गर्ने, समस्या समाधानका उपायहरु पत्ता लगाउने, सरकार सम्वन्धित निकाय र संघ संस्थाहरुलाई सुझाव दिने, सजग र जागरुक गराउने जस्ता दायित्वहरु नागरिक संसदको हुनेछ । यस अगंको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा महिला पुरुष, पहाडी मधेशी मूलको प्रतिनिधित्व हुनेगरी गर्नु पर्नेछ ।<br>अनुसूचि खण्डमा नेपालमा १० लाख भन्दा बढी जनसंख्या भएका जातीहरु नेपालमा मानिने मुख्य धर्महरु, लोपोन्मुख जातिहरुको विवरण उल्लेख गरिनु उचित हुनेछ । |
| ५१ | श्री हरियाली नेपाल पार्टी, कालिकास्थान, काठमाण्डौ (पत्र मार्फत) | नेपालको सार्वभौमिकता, अखण्डता र सांस्कृतिक सद्भाव कायम रहोस र नेपालीहरुले आफ्नो राष्ट्रियताप्रति संसारसामु सगर्व शिर ठाडो गर्न सकुन्,<br>सूचनाको हक पत्रकारलाई होइन, उनका पाठक जसले पैसा तिरेर अखवार पढ्छन् तिनलाई पनि चाहिएको छ । |
| ५२ | श्री प्रदिप कुमार साह, सिराहा-७ (पत्र मार्फत) | लाभको पदधारण गरेको व्यक्ति निर्वाचनमा उम्मेदवार बन्न पाउने र निर्वाचित भएपछि राजिनामा दिन सक्ने व्यवस्था उल्लेख गरिनुपर्ने । |
| ५३ | श्री मनराज ठाकुर, कुपण्डोल, ललितपुर (पत्र मार्फत) | नयाँ नेपाल संविधानको मस्यौदा नामक पुस्तिका प्राप्त भएको जसका मुख्य बुँदाहरु निम्नानुसार छन्,<br>नेपालमा बोलिने सबै मातृभाषा क्षेत्रीय भाषा हुने र देवनागरि लिपीमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ,<br>नेपालको नागरिकता वंशज र अंगीकृत गरी दुई किसिमबाट वितरण गरिने,<br>नेपाली महिलाले विदेशी नागरिकसँग सम्वन्ध कायम गरिसकेपछि नेपालमै सन्तान जन्माएपनि नेपाली नागरिक ठहरिने छैन,<br>अवैध लागू पदार्थ ओसार पसार गर्ने, ज्यानमारा, बहुसंख्यकको ज्यान जाने गरी बम विष्फोट गराउने, गाडी ब्याक गरी ज्यान लिने जस्ता अपराधीलाई मृत्युदण्ड दिने कानुन निर्माण हुनुपर्ने,<br>कक्षा ४ देखी ७ सम्म अनिवार्य सैनिक शिक्षा दिनुपर्ने,<br>नेपालमा संघिय राज्य निर्माण गर्दा निम्नानुसार राज्य निर्माण हुनुपर्छ :-<br>सेती महाकाली राज्य<br>तराई राज्य<br>उपत्यका राज्य<br>पूर्वी राज्य<br>मध्य राज्य<br>पश्चिमी राज्य<br>उत्तर राज्य<br>व्यवस्थापिका संसद र प्रान्तीय व्यवस्थापिका संसदको सदस्य हुन कम्तिमा एस.एल.सी. योग्यता हुनुपर्ने,<br>राष्ट्रपति, उपराष्ट्रपति र संवैधानिक निकायहरुको सदस्यको लागि स्नाकोत्तर उपाधि हुनुपर्ने, |

| | | |
|---|---|---|
| | | मुलुकलाई विखण्डित गर्ने वा साम्प्रदायिक एकतामा खलल पर्ने खालको विधान भएको दललाई दर्ता गरिने छैन,<br>राष्ट्रपतिबाट व्यवस्थापिका संसदको सहमतिमा संकटकालको अवस्थाको घोषणा वा आदेश जारी गर्न सक्ने,<br>संकटकालिन अवस्था २ महिना सम्म लागु रहने र अवस्था हेरी व्यवस्थापिका संसदको साधारण वहुमतबाट डेढ महिना सम्म अवधि थप गर्न सकिनेछ । त्यस्तो अवस्थामा मौलिक हक निलम्वन गर्न सकिन्छ । |
| ५४ | श्री वैदिक सनातन धर्म संरक्षण समिति, मोरङ्ग र सनातन धर्म सेवा समिति, मोरङ्ग बाट संयुक्त पत्र (पत्र मार्फत प्राप्त) | नेपाललाई हिन्दु राष्ट्र मानिनु पर्ने र सबै धर्मावलम्बीहरुलाई धार्मिक स्वतन्त्रता दिइनु पर्दछ ।<br>गोबध निषेध गरिनु पर्दछ,<br>राष्ट्रलाई धर्मसापेक्ष मुलुक बनाइनु पर्दछ,<br>जबरजस्ती वा प्रलोभन देखाएर धर्म परिवर्तन गर्न निषेध गरिनु पर्छ,<br>संघीयतामा जाँदा अहिले विद्यमान ५ विकास क्षेत्र वा १४ अंचललाई आवश्यक परे केही संशोधन गरी संघीय गणराज्य कायम गरी केन्द्र, राज्य र स्थानीयस्तरको शासन प्रणाली कायम गरिनु पर्छ,<br>सबै धर्मवालम्वीहरुको प्रतिनिधित्व हुने गरी र सबै धर्मले समान अवसर पाउने गरी नेपाल धार्मिक परिषदको स्थापना र संचालनको व्यवस्था गरिनु पर्छ,<br>बन्द, हडताल, सार्वजनिक यातायातको अवरोध, अर्काको सम्पत्ति र जीवनको अपहरण गर्ने समूह वा व्यक्तिलाई आजीवन कारावास वा हदैसम्मको सजाय दिने व्यवस्था गरिनु पर्छ । |
| ५५ | श्री आरोहण गुरुकुलको संयोजकत्वमा स्थानीय स्तरबाट संकलित जनताका राय सुझावलाई समेटी तयार गरिएको पुस्तिकामा समेटीएका मुख्य बुदाँहरु (पत्र मार्फत) | बाल विवाहलाई प्रतिबन्ध लगाउदै महिला हिंसा गर्नेलाई सामाजिक अपराधको दायरामा ल्याई सामाजिक दण्डलाई कानुनी मान्यता दिने ।<br>दाइजो लिने दिने दुबैलाई कडा सजायहुने कानुनी व्यवस्था गरिनुपर्ने<br>सार्वजनिक पद धारण गरेका र राजनैतिक व्यक्तित्वले दहेज लिए दिएमा सेवा वा पदबाट बर्खास्ती एवं जेल सजायको संवैधानिक व्यवस्था<br>बलात्कारीलाई मृत्युदण्डको सजाय गरिनु पर्ने<br>लैङ्गिक विभेदको अन्त्य र छोरा र छोरी दुवैलाई सम्पत्तीमाथि बराबरी हकको संवैधानिक ग्यारेन्टी<br>आमा समुहलाई कानुनी मान्यता दिई उक्त समुहले गरेका निर्णयलाई कानुन बमोजिम स्वीकार गरिनुपर्ने ।<br>महिला हिंसा सम्बन्धी उजुरी हेर्ने छुट्टै महिला अदालतको व्यवस्था हुनुपर्ने<br>मदिरा बेचविखनमा नियन्त्रण गर्न कडा कानुनको व्यवस्था गरिनु पर्ने<br>भ्रष्टचार र बन्द हडताल गर्नेलाई कडा सजायको व्यवस्था गरिनु पर्ने<br>शैक्षिक संस्थालाई शान्ति क्षेत्र तोकी निःशुल्क र गुणस्तरिय शिक्षाको ग्यारेन्टी गरिनु पर्ने ।<br>एक व्यक्ति २ पटक भन्दा बढी प्रधानमन्त्री हुन नपाउने व्यवस्था गरिनु पर्ने । |
| ५६ | श्री कृति पौडेल पोखरा -९ नयाँ वजार, कास्की (पत्र मार्फत) | देशद्रोही, अरुको ज्यान लिने जस्ता अपराध गर्नेलाई मृत्युदण्डको सजायको व्यवस्था गरियोस<br>मुलुकले २ बच्चा नीति अपनाउनु पर्ने, २ भन्दा बढी बच्चा जन्माउनेलाई सरकारी नोकरी, राजनैतिक पद र अन्य सरकारी सुविधाबाट वन्चित गरियोस<br>नागरिकता पाउने एकमात्र आधार वंशजको आधारको व्यवस्था होस<br>सरकारले विदेशी मुलुकसँग सन्धी सम्झौता गर्दा प्रतिपक्षिको पनि अनिवार्य सहमति लिइनुपर्ने व्यवस्था गरियोस ।<br>कुनै पनि धर्म वा जात जातिलाई आरक्षणको व्यवस्था नगरी गरिब र गरिबीको आधारमा आरक्षणको व्यवस्था गरियोस ।<br>आत्मनिर्णयको अधिकार सहित संघीयतामा जाँदा देश टुक्रिन सक्ने भएको हुदा आत्मनिर्णयको अधिकार नदिने व्यवस्था होस । |
| ५७ | श्री टेक गुरुङ्ग, वेलायत (फ्याक्स मार्फत) | १० वर्षसम्म प्रधानमन्त्री भैसकेको व्यक्ति राजनीतिबाट अलग हुनु पर्छ ।<br>प्रधानमन्त्री हुनका लागि ३५ वर्ष देखि ६० वर्षसम्मको व्यक्ति हुनु पर्दछ ।<br>राष्ट्रिय सम्पत्तिको हानी नोक्सानी गर्नेलाई मृत्युदण्डको सजाय हुने कानुन वन्नु पर्दछ ।<br>भ्रष्टचारीलाई हदैसम्मको सजायको व्यवस्था गरिनु पर्छ<br>धार्मिक स्वतन्त्रता हुनु पर्दछ, नेपाललाई हिन्दु राष्ट्र घोषित नगरियोस<br>सेना, प्रहरी, निजामति सबै क्षेत्रमा जनसंख्याको आधारमा भर्ना हुनु पर्दछ ।<br>राष्ट्रिय ढुकुटीबाट भएको खर्च कहाँ कति र कसरी भएको छ सो को हिसाब किताव सर्वसाधरणले हेर्न चाहेमा हेर्न पाउने व्यवस्था हुनु पर्दछ ।<br>विदेश वस्ने नेपालीले नेपाली नागरिकता पाउनु पर्छ । |
| ५८ | श्री देव वहादुर गुरुङ्ग सहित २६ जना रुपन्देही (पत्र मार्फत) | संविधानमा राष्ट्रिय जनावर गाई राखिनु हुदैन । |
| ५९ | श्री गोविन्द राज जोशी, केन्द्रीय सदस्य नेपाली कांग्रेस (पत्र मार्फत) | नेपालको लागि वहुदलीय संसदीय व्यवस्था नै सर्वोत्तम व्यवस्था हुन्छ,<br>संविधान निर्माण गर्दा निम्न विषयहरु समावेश गरिनु आवश्यक छ :<br>संवैधानिक सर्वोच्चता र जनतामा सार्वभौमिकता,<br>विधिको शासन, |

| | | |
|---|---|---|
| | | मुलभुत मानव अधिकार,<br>राज्यका अंगहरु बीचमा शक्ति सन्तुलनको व्यवस्था,<br>आवधिक निर्वाचन,<br>बहुमतको शासन,<br>स्वतन्त्र न्यायपालिका,<br>संघीय संरचनामा राष्ट्रिय अखण्डताको भरपर्दो आधार,<br>नागरिकहरुको कर्तव्य,<br>राज्यका संरचनाहरु जनताप्रति उत्तरदायि हुने व्यवस्था,<br>स्वतन्त्र र निश्पक्ष निर्वाचन र यसकालागि निर्वाचनको संवैधानिक व्यवस्था राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था,<br>राष्ट्रपतिमा देशको कार्यकारी अधिकार हुने र यसको प्रयोग संविधान वमोजिम र मन्त्री परिषदको सल्लाहमा स्वयं वा मातहतका अधिकारी मार्फत गरिने,<br>राष्ट्रपतिको र उपराष्ट्रपतिको निर्वाचन संसद सदस्य र संघीय सभाका सदस्यको ५० प्रतिशत + १ प्रतिशत मत प्राप्त गरेको हुनुपर्दछ,<br>मन्त्रिपरिषद्को संरचना :<br>मन्त्रिपरिषद्को संख्या बढीमा १५ जनाको हुनेछ भनी संविधानमा व्यवस्था गरिनु पर्छ,<br>विभिन्न दलहरु मिली संयुक्त सरकारको गठन हुने भएमा संसदमा दलहरुको सदस्य संख्याको अनुपातमा मन्त्रिपरिषद्मा सहभागिता हुने व्यवस्था गरिनु पर्छ,<br>केन्द्रीय व्यवस्थापिका गठन सम्वन्धमा पहिलो विकल्प,<br>संसद १ सदनात्मक हुने जसमा देहाय बमोजिम १२५ सदस्यहरु रहने छन्,<br>दार्चुला, बाजुरा, हुम्ला, मुगु, डोल्पा, कालिकोट, मुस्ताङ्ग, मनाङ्ग, रसुवा, सोलुखुम्वु जिल्लाहरुलाई एक एक क्षेत्र आरक्षण गरी बाँकी जिल्लामा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र विभाजन गर्नु उपयुक्त हुन्छ,<br>दोश्रो विकल्प :<br>दुई सदनात्मक संसद रहने र तल्लो सदन प्रतिनिधि सभामा पहिलो विकल्पमा उल्लेख भए वमोजिम १२५ सदस्य रहने,<br>माथिल्लो सदन राष्ट्रिय सभामा देहाय बमोजिम ४५ जना सदस्यहरु रहने छन् । उप-राष्ट्रपति राष्ट्रिय सभामा अध्यक्ष हुनेछन्,<br>प्रतिनिधि सभाका सदस्यहरुबाट समानुपातिक आधारमा निर्वाचित सदस्यहरु, महिला, जनजाति, दलित, मधेशी समुदाय, पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गर्ने सदस्यहरु,<br>निर्वाचन प्रणाली :<br>निर्वाचनलाई निश्पक्ष र स्वतन्त्र बनाउन निम्न बमोजिम व्यवस्था गर्नुपर्छ,<br>निर्वाचन सरकारको संवैधानिक व्यवस्था हुनुपर्छ । प्रतिनिधि सभाको निर्वाचनको मिति तोकेको ६ महिना अघि निर्वाचन सरकारको गठन राजनैतिक दलहरुको सहमतिमा गर्नु पर्दछ,<br>त्यस्तो मन्त्रिपरिषद्का सदस्यहरु कुनै राजनैतिक दलसँग सम्बन्ध रहेको हुने छैनन्,<br>निर्वाचन मन्त्रिपरिषद्का सदस्यहरु कुनै निर्वाचनमा उम्मेदवार हुने छैनन् र निर्वाचनमा कुनै उम्मेदवारको पक्ष विपक्षमा प्रचार प्रसार गर्ने छैनन्,<br>मतदातालाई निर्वाचन आयोगले अनिवार्य परिचय पत्र व्यवस्था गर्नु पर्ने नागरिकता प्रमाण पत्र वा मतदाता परिचय पत्र नभएको व्यक्ति मतदान गर्न योग्य हुने छैन ।<br>संघीय सभा :<br>संघीय सभामा मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित र मनोनित बढीमा ४५ जना सदस्यहरु रहने छन्,<br>संघीय मन्त्रिपरिषद,<br>राज्यपालले संघीय सभामा वहुमत प्राप्त दलको नेता मुख्य मन्त्री र निजको अध्यक्षतामा मन्त्री परिषद गठन गर्नेछ । संघीय मन्त्री परिषदमा ७ जना मन्त्री रहने छन् ।<br>राज्यपाल<br>राष्ट्रपतिले सबै संघीय राज्यहरुमा राज्यपालको नियुक्ति गर्नेछन् ।<br>राज्यपाललाई राज्यका अधिकार क्षेत्रभित्र रहने गरी कानुनले दण्डनिय ठहर गरेको कुनै अपराधमा सजाय पाएको व्यक्तिलाई संविधानमा व्यवस्था भए बमोजिम माफी दिने अधिकार हुने छ |
| ६० | श्री सबिन यादव<br>(इमेल मार्फत) | सफा र स्वच्छ वातावरणमा वस्न पाउने अधिकारको ग्यारेन्टी गरियोस । |
| ६१ | श्री उमानाथ निरौला,<br>लखनपुर -१, झापा<br>(पत्र मार्फत) | यो संविधानको नाम “संघीय गणतन्त्र समाजवाद नेपाल संविधान” लेखियोस,<br>वहुभाषिक, वहुधार्मिक र धर्म निरपेक्ष राष्ट्र नेपाल हुनुपर्छ,<br>सम्पुर्ण जातजातीका मातृभाषाको उत्थान र सम्मान गरी नेपाली भाषा मूल राष्ट्रिय भाषा,<br>राष्ट्रिय चिन्हहरुमा :-<br>राष्ट्रिय जनावर : कस्तुरी, मृग र गाई<br>राष्ट्रिय पंक्षी : मयुर र डाँफे<br>राष्ट्रिय फुल : मखमली र लालिगुराँस |

| | | |
|---|---|---|
| | | वैज्ञानिक र क्रान्तीकारी भूमिसुधार लागु गर्ने,<br>असंलग्न र सवैसँग मित्रता कायम राख्ने परराष्ट्र नीति हुनुपर्छ । |
| ६२ | श्री नेपाल निषाद महा संगठन, केन्द्रीय कार्यालय, जनकपुरधाम (पत्र मार्फत) | निषाद जातिलाई मुल आदिवासीको मान्यता दिइयोस,<br>व्यक्तिगत स्वामित्व बाहेकका नदि, नाला, जलासय, ताल तलैया, पोखरी माथि निषाद जातिको पूर्ण स्वामित्वको सवैधानिक व्यवस्था गरियोस,<br>प्रत्येक जिल्लाका नदिनाला, ताल तलैया पोखरी जल व्यवसायको ठेक्का पट्टा केवल निषाद जातिलाई मात्र दिन स्थानीय निकायमा कानूनी प्रावधान गरियोस,<br>राज्यका हरेक निकायमा समावेशी हिसावले निषादको प्रतिनिधित्व गराइयोस,<br>लोकसेवा, न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका जस्ता अरु निकायमा निषाद समुदायलाई आरक्षणको ग्यारेन्टी गरियोस,<br>विधवा भत्ता दिंदा उमेरको सिमा नराखी दिइयोस,<br>निषाद समुदायको बार्षिक उत्सव माथी पुजा कमला पुजा, भुयाँ काशीलाई राष्ट्रिय उत्सवको रुपमा सार्वजनिक विदाको घोषणा तथा लागु गरियोस । |
| ६३ | श्री लक्ष्मी देवी गुरुङ्ग, महिला बृद्ध निवास, पोखरा -१० रामघाट (पत्र मार्फत) | घर परिवारबाट अपहेलित, निष्काशित, रोगी, बृद्ध, मानसिक रोगी, अन्धा अपाङ्ग, असक्तहरुको उद्धार र संरक्षण गर्न कोष र संरक्षण केन्द्र स्थापना गर्न कानुनी व्यवस्थ, गरियोस,<br>हक लाग्ने चल अचल सम्पत्ति उनिहरुकै जिम्मा लगाउने व्यवस्था गरी मृत्यु पश्चात हेरचाह गर्नेले पाउनु पर्ने कानुनी व्यवस्था गरियोस । |
| ६४ | श्री गोपालराज पौड्याल, डिल्लीबजार, काठमाडौं (इमेल मार्फत) | धर्म जस्तो अत्यन्त संवेदनशील आध्यात्मिक शब्दलाई संविधानमा उल्लेख गर्नु उचित हुँदैन । अब बन्ने संविधानमा "धर्म निरपेक्ष" भन्ने शब्द समेत उल्लेख नगरिनु राम्रो हुनेछ । |
| ६५ | श्री नेपाल शिवसेना उप-केन्द्रीय समिति, बाङ्गेमुढा, काठमाडौं (पत्र मार्फत) | धर्म निरपेक्ष राज्य खारेज गरी नेपाल हिन्दु राष्ट्र कायम गरियोस्,<br>गौ हत्या बन्द गरी गौ हत्यारालाई कारवाही गरियोस् । |
| ६६ | श्री नगेन्द्रप्रसाद पौड्याल, शान्तिक्षेत्र, काठमाडौं (पत्र मार्फत/स्वयम्) | भावी संविधानको प्रस्तावनामा "कुनै पनि राष्ट्रको कला-सम्पदा, लालित्य-वैभव, धर्म-संस्कृति र समग्र सभ्यता त्यस राष्ट्रको मौलिक पहिचान, अमूल्य धरोहर र सर्वोत्कृष्ट वैभव हो । यसै तथ्यलाई हृदयङ्गम गर्दै, उल्लेख गरिनु पर्छ । |
| ६७ | श्री जबेगु दिलीप लिम्बू, साउदी अरव (इमेल मार्फत) | छिमेकी मित्रराष्ट्र चीन र भारतसँग गरिएका सन्धीहरुलाई छानविन गरी देश र जनतामा आघात हुने खालका सबै सन्धी तत्काल खारेज गर्नुपर्ने र एक आपसमा सहयोग र सद्भाव मिल्ने सन्धी सम्झौता गर्नुपर्ने,<br>इतिहासमा नेपाल राष्ट्रमा विलय भएका राज्यहरुलाई संघीय राज्यको रुपमा अधिकार दिलाई संघीय राज्यको सीमाना संविधान मै उल्लेख गर्नुपर्ने,<br>किरात लिपीलाई राष्ट्रलिपीको मान्यता दिई सरकारी काम काजमा प्रयोग गर्न संविधानमा उल्लेख गरिनु पर्ने र अन्य जातजातीहरुको भाषा, लिपी, धर्म, संस्कार, संस्कृति र भेषभूषालाई राज्यले संरक्षण गर्नुपर्ने,<br>सार्वजनिक स्थल र क्षेत्रमा नारा, जुलुस, हुलदङ्गा, धुम्रपान निषेधित क्षेत्र संविधानमा नै उल्लेख गरिनु पर्ने,<br>घुसखोरी र सरकारी सम्पत्तिको हिनामिनाबाट त्यस्तो रकम निजबाट असुल गरी आजन्म जेल सजायको व्यवस्था संविधानमै उल्लेख गरिनुपर्ने,<br>ज्यानमारा, मानव बेचविखन, बलात्कारी, वेश्यागमन गर्ने गराउनेलाई मृत्यूदण्डको सजायको व्यवस्था संविधानमै उल्लेख गरिनुपर्ने,<br>बैदेशिक श्रम श्रेणीको मापदण्ड तोकी वैदेशिक रोजगारीमा जाने नेपालीको लागि आवश्यक रकमको बारेमा सरकारबाट स्पष्ट सार्वजनिक रुपमा रकमको मापदण्ड तोकिनु पर्ने ताकि सर्वसाधारण दलालको मारबाट बच्न सकुन्,<br>शिक्षामा व्यापारीकरण भई सर्वसाधारण मारमा परेकाले शिक्षामा व्यापारीकरण अन्त्य गरी वैज्ञानिक शिक्षा नीति लागू गर्नुपर्ने,<br>एउटै व्यक्तिले २ कार्यकाल अथवा १० वर्षको अवधिसम्म मात्र प्रधानमन्त्रीको पदमा वहाल रहन सक्ने व्यवस्था हुनुपर्छ,<br>आमचुनाव, स्थानीय चुनाव ५/५ वर्षमा गरिने व्यवस्था हुनुपर्छ,<br>राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु ३५ देखि ६० वर्ष उमेरसम्मका हुनुपर्ने,<br>सामन्ती भू-स्वामित्वको अन्त्य, जीवन निर्वाहमुखी प्रणालीको सट्टा व्यवसायिक कृषि प्रणली लागू गरिनु पर्ने, क्रान्तिकारी भूमिसुधार लागू गरिनुपर्ने । |
| ६८ | श्री नजमुलहोदा अंसारी, बिरगञ्ज-१७, पर्सा (पत्र मार्फत) | नयाँ नेपालको संविधानमा सम्पूर्ण जाती, वर्ग, समुदायको हक अनिवार्य रुपले समावेश गरी भौगोलिक, सांस्कृतिक आधारमा संघीय गणराज्यको स्थापना गर्नु पर्नेछ,<br>मुलुक राष्ट्रपतीय शासन प्रणालीमा जानुपर्ने, राष्ट्रपतिको चुनाव जनताको प्रत्यक्ष मतदानबाट हुने र बहुमतले विजयी व्यक्ति देशको कार्यकारी अधिकार सहितको राष्ट्रपति हुनेछ, |

| | | |
|---|---|---|
| | | राष्ट्रपतिको पदावधी ४ वर्षको हुने र १ पटक मात्र हुन पाउनेछ,<br>मुस्लिम समुदायलाई राज्यको प्रत्येक अंगमा जनसंख्याको अनुपातमा समावेशी आरक्षणको व्यवस्था हुनेछ,<br>मुस्लिम आयोगको गठन गरिनेछ,<br>मुस्लिम समुदायलाई उच्च शिक्षामा आरक्षण दिइनेछ । |
| ६९ | श्री राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, काठमाडौं (पत्र मार्फत) | अपाङ्गता भएका व्यक्तिहरुको छाँया संविधानसभाबाट जारी गरिएको अपाङ्गता हकहित सम्बन्धी संविधान मस्यौदा २०६५ मा मौलिक हक, राज्यको पुन:संरचना, प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड, अल्पसंख्यक तथा सीमान्तकृत हकहित, सांस्कृतिक र सामाजिक ऐक्यबद्धता, अपाङ्गता भएका व्यक्तिहरुको राष्ट्रिय अधिकार आयोग सम्बन्धी व्यवस्था, न्यायपालिका शिर्षकहरुमा अपाङ्गहरुको हकहित संरक्षण सम्बन्धी विविध सुझावहरु प्राप्त भएको,<br>हरेक नागरिकहरुले सार्वाङ्गिण विकास गर्ने क्रममा "अपाङ्गता भएका नागरिकहरु अवसरबाट बञ्चित भइरहेको आत्मसात गर्दै" भन्ने शब्द संविधानको प्रस्तावनामा रहनु पर्ने भन्ने उल्लेख भएको । |
| ७० | श्यामराज भट्ट (पत्र मार्फत) | शान्ति र प्रेमको प्रतीक परेवालाई राष्ट्रिय चिन्ह अथवा राष्ट्रिय निसाना छापमा अंकित गर्नु पर्छ<br>विशेष चिनारी र सन्देश बोकेको राष्ट्रिय एकता र अखण्डता एवं श्रद्धा र आस्थाको प्रतिक राष्ट्रिय झण्डामा आधारहिन र तथ्यहिन विवाद ल्याउनु हुँदैन ।<br>राष्ट्रिय जनावरको रुपमा "गाई" लाई राख्नु पर्दछ । |
| ७१ | रुकमण्ड चोचाङ्गे, पोखरा (पत्र मार्फत) | मठ मन्दिरहरुमा काटमार गरी वली दिने प्रथाको अन्त्य गरिनु पर्छ । |
| ७२ | गोपालप्रसाद उपाध्याय, तिनपैनी, विराटनगर (पत्र मार्फत) | नेपाल हिन्दु राष्ट्र घोषित हुनु पर्ने । |
| ७३ | वासुदेव पन्त, उदिपुर-२, लमजुङ्ग (पत्र मार्फत) | भावी संविधानको नाम "नेपालको आधुनिक संविधान, २०६६" हुनुपर्छ ।<br>देशमा बहुदलिय राजनैतिक प्रणाली हुनुपर्ने, एकदलिय वा दुई दलिय वा निर्दलिय व्यवस्था हुने गरी संविधान संशोधन गर्न नपाउने व्यवस्था गर्नुपर्ने ।<br>राजनैतिक दलहरुले उम्मेदवारी दिंदा व्यवसायिक संस्थाको नेतृत्वलाई पनि समेटेर ५०% सहभागि गराउनु पर्दछ ।<br>संविधानवादको सिद्धान्त अनुसार प्रत्येक १०-१५ वर्षमा केही धारा परिवर्तनीय हुन्छ । त्यसको लागि नागरिक स्तरवृद्धिको सुचाङ्ग निकाल्नु पर्छ । त्यस्तो प्राविधिक प्रतिवेदनको आधारमा संसदको ५०% मतको आधारमा संविधानको धारा फेर्न सकिन्छ । |
| ७४ | गिलेट सुनार, कावासोती-५, नवलपरासी (पत्र मार्फत) | देशको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता, स्वाधिनता, सँस्कृति आदिमा कुनै असर नपर्ने गरी मौलिक सँस्कृतिहरुको संरक्षण र सम्वर्द्धन गरिनु पर्छ ।<br>राष्ट्रिय एकतालाई मध्यनजर गरी वर्षको एक दिन फागु पूर्णिमाका दिनलाई राष्ट्रिय एकता दिवस मनाउने प्रचलन र सँस्कृतिको विकास गरियोस् ।<br>संविधानमा स्पष्ट रुपमा कुनैपनि जाति विशेषको जातिय परिभाषा नगरियोस् । |
| ७५ | चक्र बस्नेत, सोताङ्ग-६, सोलुखुम्बु (पत्र मार्फत) | प्रस्तावनामै नेपाल एक सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो साथै महिला र पुरुष २ जाती मात्र हुन् भनी उल्लेख गरिनु पर्छ ।<br>प्रसिद्ध र लोपन्मुख जनावरलाई नेपालको राष्ट्रिय जनावर घोषणा गरिनु पर्छ ।<br>राजनैतिक दलका व्यक्तिमात्र नभई सरकारी र गैर सरकारी संघ संस्थाका अनुभवी र दक्ष व्यक्तिलाई पनि चुनावी प्रतिस्पर्धामा भाग लिन पाउने व्यवस्था हुनु पर्छ ।<br>जातिय, लैङ्गिक, भाषिक र क्षेत्रीय आधारमा संघीय राज्य बनाउनु हुँदैन ।<br>नयाँ नेपालको राजधानी चितवनलाई बनाइनु पर्छ ।<br>तराईलाई "एक मधेश एक प्रदेश" बनाउनु हुन्न, त्यसले देश टुक्राउँछ ।<br>छुवाछुत पूर्ण रुपले अन्त्य गर्ने कुरा संविधानमा नै राख्नु पर्छ । |
| ७६ | राष्ट्रिय वादी अधिकार मञ्च (पत्र मार्फत) | नयाँ सविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्ष, पूर्ण समानुपातिक, समावेशी र जातिय विभेद तथा छुवाछुतमुक्त राष्ट्र उल्लेख हुनुपर्दछ ।<br>राष्ट्रको परिभाषा गर्दा धर्म निरपेक्षता, समानुपातिक समावेशी र जातिय विभेद तथा छुवाछुतमुक्त राष्ट्र हुनेछ भन्ने कुरा उल्लेख हुनुपर्छ ।<br>राज्यले राजदुत र विशेष प्रतिनिधि नियुक्तिमा अल्पसंख्यक सिमान्तकृत र दलित समुदायको समानुपातिक र समावेशी सहभागिताको व्यवस्था गर्नुपर्दछ ।<br>राष्ट्रिय स्तरमा मान्यता प्राप्त राजनीतिक दलहरुले आफ्नो दलमा सिमान्तकृत, अल्पसंख्यक र दलित समुदायलाई राजनीतिक संगठनमा र सबै तहको निर्वाचनमा अनिवार्य रुपले प्रतिनिधित्व नगराए राष्ट्रिय स्तरको दलको मान्यता नदिने व्यवस्था हुनुपर्दछ । |
| ७७ | किराँत राई यायोक्खा (पत्र मार्फत) | प्रस्तावना<br>प्रस्तावनामा नेपाललाई बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतियुक्त देश मात्र भनेर पुग्दैन, बहुराष्ट्रियताहरुको मुलुक भन्ने कुरा उल्लेख हुनुपर्छ ।<br>प्रारम्भिक<br>भाषा : नेपालमा बोलिने सबै मातृभाष राष्ट्रभाषा हुन । |

| | | |
|---|---|---|
| | | सम्पर्क भाषा तोकेर कुनै भाषालाई विशेषाधिकार नदिइने ।<br>खस भाषालाई मात्र नेपाली भाषा नभनिकन सबै भाषालाई नेपाली राई भाषा, लिम्बु नेपाली भाषा, तामाङ नेपाली भाषा, थारु नेपाली भाषा, खस नेपाली भाषा आदि भनेर सम्बोधन गर्ने ।<br>त्रिभाषिक नीतिको व्यवस्था गर्नु पर्ने<br>लोपोन्मुख, अल्पसंख्यकहरुको भाषालाई विशेषाधिकार<br>राज्य तहको भाषा सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार राज्य व्यवस्थापिकामा हुने ।<br>राष्ट्र : नेपाल बहुराष्ट्रियताहरुको सार्वभौमसत्ता सम्पन्न अखण्ड राष्ट्र हो ।<br>राष्ट्रिय झण्डा : अहिलेको राष्ट्रिय झण्डा हिन्दु धर्म र राजतन्त्रको प्रतिक भएकाले परिवर्तित सन्दर्भलाई सम्बोधन गर्ने नयाँ राष्ट्रिय झण्डा बनाउने ।<br>राष्ट्रिय गान आदि<br>सयौं थुंगा फुलका हामी एउटै माला नेपाली बोलको राष्ट्र गानलाई यथावत राख्ने ।<br>राष्ट्रिय जनावर, रंग, फूल, पंक्षी आदि बहसद्वारा नयाँ चयन गर्ने ।<br>धर्म निरपेक्ष राज्य र धार्मिक स्वतन्त्रता<br>धर्म व्यक्तिगत स्वतन्त्रताको सवाल भएकाले राज्य धर्मबाट पूर्णतः निरपेक्ष हुनुपर्छ ।<br>राज्यले सबै धर्म, सम्प्रदायहरुलाई समान ढंगले व्यवहार गर्नुपर्छ ।<br>राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था<br>क्षेत्रीय र जातीय मुक्ति सम्बन्धी राजनीतिक दलहरु खोल्न पाउने व्यवस्था ।<br>आदिवासीहरुको परम्परागत र प्रतिनिधिमूलक संस्थाहरु र मौलिक पद्दतिलाई मान्यता दिनुपर्ने ।<br>राष्ट्रिय जीवनलाई प्रभावित गर्ने कुनैपनि विषयमा जनमत सँग्रह गर्ने व्यवस्था गर्नुपर्छ ।<br>जनता स्वंयले पनि त्यस्तो आव्हान गर्न सक्ने व्यवस्था गर्ने<br>स्वायत्त राज्य, उपराज्य, जिल्ला, इलाका, गाउँ, टोलसम्मले जनमत सँग्रहको सार्वभौम अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिनु पर्छ ।<br>प्रत्याव्हान<br>देश र जनताप्रति पूर्ण प्रतिवद्ध, उत्तरदायी र जिम्मेवार नहुने केन्द्रदेखि गाउँ टोलसम्मका जनप्रतिनिधिलाई सम्बन्धित दल वा संस्थाले फिर्ता बोलाउने व्यवस्था हुनुपर्छ ।<br>यसले जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुने अवस्था आउँछ । |
| ७८ | सामाजिक समावेशीकरण अनुसन्धान कोष | जातिय छुवाछुत रहित समावेशी जस्ता कुराहरु प्रस्तावनामा नै उल्लेख हुनुपर्ने ।<br>म नेपाली हुँ भन्ने पहिचानलाई सर्वोपरी कायम राख्ने भन्ने भावना प्रस्तावनामा समेट्नु पर्ने ।<br>राजनीतिक दलहरुमा केन्द्रदेखि स्थानीयस्तरसम्मका हरेक निकायमा ५१% महिला प्रतिनिधित्व हुनुपर्ने अन्यथा दललाई निर्वाचन आयोगले मान्यता नदिने व्यवस्था गर्ने ।<br>तेस्रो लिंगीलाई महिला, पुरुष र तेस्रो लिंगी भनी सम्बोधन हुनुपर्‍यो ।<br>राजनैतिक दलमा यौनिक तथा लैंगिक अल्पसंख्यकलाई आरक्षण सहित समावेशी गर्ने ।<br>तेस्रो लिंगीको हक सम्बन्धी सुझावहरु<br>प्रस्तावना<br>नागरिकताको हकमा तेस्रो लिंगीले आफ्नो लैङ्गिक हक पहिचान सहित तेस्रो लिंगी नागरिकता पाउने अधिकार हुनुपर्छ ।<br>समान कामको लागि सबै नागरिकलाई समान पारिश्रमिक प्रदान गरिने कुराको प्रत्याभूति गरी सामाजिक सुरक्षामा भेदभाव नगरिने व्यवस्था<br>यौनिक तथा लैगिक अल्पसंख्यक भएको कारण भेदभाव गर्न नपाइने<br>यौनिक तथा लैगिक अल्पसंख्यकहरुमाथि हुने सबै प्रकारको हिंसा र दुव्यवहार गर्नेलाई कानुनद्वारा दण्डित गर्नुपर्ने छ ।<br>समलिंगी, तेस्रो लिंगी व्यक्तिले आफूले चाहेको व्यक्तिसँग विवाह गर्न पाउने कानुन<br>शल्यक्रियाबाट लिंग परिवर्तन गर्न र कृतिम गर्वाधान गर्न पाउने व्यवस्था<br>यौनिक तथा अल्पसंख्यक आयोग हुनुपर्‍यो<br>अल्पसंख्यक समुदाय पनि अति पिछडिएका समुदायहरुलाई प्रत्येक सम्बोधन गर्नुपर्ने व्यवस्था<br>सांस्कृतिक कार्यक्रममा सहभागिता अनिवार्य गराउनु पर्ने<br>पैतृक सम्पतिमा यौनिक तथा लैगिक अल्पसंख्यकको पनि समान अधिकार हुनुपर्‍यो ।<br>राज्यले यौनिक अभिमुखिकरण तथा लैंगिक पहिचानको आधारमा भेदभाव गरिने छैन ।<br>यौनिक तथा लैंगिक अल्पसंख्यकको समस्यालाई राज्यले सम्बोधन गर्नुपर्‍यो ।<br>यौनिक तथा लैगिक अल्पसंख्यकलाई सरकारी, अर्ध सरकारी, गैर सरकारी लगायत सम्पूर्ण क्षेत्रमा १०% आरक्षणको व्यवस्था हुनुपर्‍यो ।<br>स्वास्थ्य, शिक्षा, रोजगारमा यौनिक तथा लैगिक अल्पसंख्यकलाई विशेष व्यवस्था<br>तेस्रो लिंगीलाई छुट्टै शौचालयको व्यवस्था हुनुपर्‍यो ।<br>सरकारी, अर्ध सरकारी, गैर सरकारी संस्थाहरुको फारममा तेस्रो लिंगी भनी किटानी गरिनु पर्‍यो ।<br>यौनिक तथा लैगिक अल्पसंख्यकलाई छुट्टै कानुनको व्यवस्था हुनुपर्‍यो ।<br>यसैगरी दलितको हक सम्बन्धी सुझावहरु, महिलाको हक सम्बन्धी, आदिवासी जनजातिका हक सम्बन्धी, मधेशीको हक सम्बन्धी, मुस्लिमको हक सम्बन्धी, सिमान्तकृत क्षेत्रको हक सम्बन्धी, अन्य वहिष्कृत समुदायको हक, अपांगको हक सम्बन्धी सुझावहरु समेत प्राप्त भएको देखिन्छ । |

| | | |
|---|---|---|
| ७९ | प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल (पत्र मार्फत) | प्रस्तावना : शान्ति, सम्वृद्धि, लोकतन्त्र, अग्रगामी आर्थिक सामाजिक परिवर्तन तथा देशको सार्वभौमसत्ता, अखण्डता, नागरिक स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै राष्ट्रभित्र भएका सबै वर्गमा राष्ट्रिय एकता, सामाजिक र साँस्कृतिक सद्भाव, प्रतिस्पर्धात्मक बहुदलिय प्रजातान्त्रिक शासन व्यवस्था, मानवीय सुरक्षा, राष्ट्रिय सँस्कृति, मौलिकता र सम्पदाको संरक्षण/सम्वर्द्धन, पूर्ण प्रेश स्वतन्त्रता, वालिग मताधिकार, मौलिक अधिकार, मानव अधिकार, न्यायपालिका र कानुनी राज्यको अवधारणाका साथसाथै लोकतान्त्रिक मूल्य मान्यता कार्यान्वयन गराउन यो संविधान क्रियाशील रहनेछ ।<br>प्रारम्भिक : नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनेछ र त्यसको प्रयोग कुनै एक संस्था वा अंग हुने नबनाई संविधानको सर्वोच्चता, कानुनी राज्यको अवधारणालाई अवलम्बन गर्न सक्षम, स्वतन्त्र शक्तिशाली न्यायपालिकाको समुचित व्यवस्थाद्वारा संविधानको पालनाको निगरानी राख्ने व्यवस्था रहनेछ ।<br>राष्ट्र : राष्ट्र भन्नाले बहुजातिय, बहुभाषिक, बहुधार्मिक र प्राचीन पूर्विय दर्शनमा आधारित हिन्दु साँस्कृतिक विशेषता रहेको भन्ने उल्लेख हुनुपर्ने । यसैगरी नेपाल भरका समान आकांक्षा भएका राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय हित तथा सम्वृद्धि र नेपाली मौलिक सँस्कृतिको आस्थामा रही एउटै मालामा आवद्ध सबै नेपालीलाई समष्टी रुपमा राष्ट्र भनिनेछ । नेपाल एकीकरण पश्चात् विभिन्न वर्ग जातजाति भौगोलिक क्षेत्र (हिमाल, पहाड, तराई) र सम्प्रदायलाई एक सुत्रमा बाँध्ने प्रयासको रुपमा राष्ट्रलाई मानिनेछ । भौगोलिक रपमा हाल कायम रहेको नेपालको भू-भागमात्र नेपाल राष्ट्रभित्र रहनेछ । अन्य विवादास्पद विषय/क्षेत्रहरु परिकल्पनाभित्र रहने छैनन् ।<br>राष्ट्रिय झण्डा : राष्ट्रिय झण्डा तत्कालिन संविधान २०४७ बमोजिम रही रहनु पर्दछ ।<br>राष्ट्रिय जनावर : गाई नेपालको राष्ट्रिय जनावरको रुपमा रहने भनी उल्लेख गरिनु पर्ने ।<br>धर्म, भाषा, नागरिकता, सम्पतिको भोग चलन, समानताको हक, गुठी संस्थान, राष्ट्रिय पोशाक, राष्ट्र प्रमुख, सेना प्रमुख, संघियता र शिक्षाका विषयहरुमा समेत पृथक पृथक सुझाव उल्लेख भै आएको छ । |
| ८० | राष्ट्रिय आदिवासी/जनजाति महिला महासंघ (पत्र मार्फत) | आदिवासी जनजाति महिलाहरुको हक अधिकारको संरक्षण, सम्वर्द्धन तथा सुनिश्चितताको लागि संवैधानिक आयोगको स्थापना गरिनु पर्दछ ।<br>राज्यको प्रत्येक नीति निर्माण तहमा जातीय आधारमा आदिवासी/जनजाति महिलाहरुको प्रतिनिधित्व कायम गर्नुपर्ने ।<br>संवैधानिक निकायहरुमा आदिवासी महिलाको लागि विशेष कोटा छुट्याउनु पर्ने ।<br>आदिवासी महिलाहरुलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने वा पाउने हक सुनिश्चित हुनुपर्ने ।<br>वृद्ध, अशक्त र एकल आदिवासी जनजाति महिलालाई वृद्ध भत्ताको लागि विशेष व्यवस्था हुनुपर्ने ।<br>भाषिक समुदायहरु बीचको सामन्जस्यतालाई संरक्षण गर्न उनीहरुकै परम्परागत भू-भागीय भाषिक विभाजनलाई सम्मान गर्नु र आदिवासी भाषा बोल्ने भाषीलाई राज्यले कानुन बनाई प्राथमिकताका साथ संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने,<br>राज्यका प्रत्येक संवैधानिक निकायहरुमा पहिचान सहित आदिवासी जनजाति महिलाहरुलाई नेतृत्वदायी भूमिका सुनिश्चित गर्नुपर्ने ।<br>संयुक्त राष्ट्र संघको वडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, आई.एल.ओ. महासन्धि नं. १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७, सबै प्रकारको जातिय भेदभाव उन्मुलन गर्ने महासन्धि १९६९, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुवन्ध १९६६, आर्थिक, सामाजिक, साँस्कृतिक अनुवन्ध १९६६ र संयुक्त राष्ट्र संघ स्थायी मञ्चले उठाएको आदिवासी महिला सम्बन्धी हकलाई न्यूनतम अधिकारको आधार मानी संविधान लेख्ने ।<br>आदिवासीहरुका प्रतिनिधिमूलक संघ संस्था, आदिवासीहरुको राजनैतिक संघ संस्था, राष्ट्रिय आदिवासी महिला महासंघ र राज्यबीच भएको सम्झौतालाई कार्यान्वयन गर्ने ध्येयले संविधान लेख्ने ।<br>आदिवासी महिलासँग सरोकार रहने तथा उनीहरुलाई प्रभावी पार्ने संविधानको प्रावधानको विषयमा राष्ट्रिय आदिवासी महिला महासंघलाई छलफल र सहमति कायम गरेर मात्र राख्न पर्ने । |
| ८१ | स-शक्ति नेपाल (पत्र मार्फत) | यो सुझाव राजनैतिक दलको सुझावमा लेखिएको छ । |
| ८२ | जमिअत उलमाए नेपाल (पत्र मार्फत) | मुस्लिम समुदायलाई धार्मिक अल्पसंख्यकको रुपमा संवैधानिक मान्यता दिइनुपर्छ ।<br>मुस्लिम अल्पसंख्यकहरुको परम्परागत धार्मिक, साँस्कृतिक, भाषिक मान्यतालाई संरक्षण सम्वर्द्धन गरी अक्षुण राख्न, मुस्लिम समुदायको पारिवारिक वैवाहिक, अंश, सम्बन्ध विच्छेद, गुठी, इच्छापत्रको अधिकार, खुलुआ, नफ्का, हेवा आदिजस्ता व्यवहारहरुको संचालन र सो सम्बन्धी उठ्ने विवादहरुको निरुपण गर्ने छुट्टै कानुन र पारिवारिक मुस्लिम कानुनको आधारमा संवैधानिक प्रत्याभूति दिइनु पर्दछ । |
| ८३ | मानवतावादी समाज (सोच) नेपाल (पत्र मार्फत) | नेपाललाई धर्म निरपेक्ष बनाउने अन्तरिम संविधानको व्यवस्थालाई संविधानसभाको निर्वाचन मार्फत जनताको अनुमोदन प्राप्त भई सकेको छ । राज्यको धर्म निरपेक्षता लोकतन्त्रको आधारभूत शर्त भएकोले यसलाई जनमत सँग्रहका माध्यमबाट निर्धारण गर्न उपयुक्त हुँदैन । यसर्थ संविधानको राज्य |

| | | |
|---|---|---|
| | | सम्बन्धी व्यवस्था निम्नानुसार राख्न सिफारिश गरिन्छ :-<br>भाग १ मा राख्नुपर्ने नेपाल राष्ट्र राज्य :<br>नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्म निरपेक्ष/सांसारिक, समावेशी लोकतन्त्रात्मक संघीय गणतान्त्रिक राष्ट्र राज्य हो ।<br>तर कुनै पनि धर्म समावेशिताको आधार मानिने छैन ।<br>संघीय राष्ट्र राज्यको सार्वभौमसत्तासँग अनुकुल हुने गरी देहाय बमोजिमका प्रादेशिक राज्यहरुको भौगोलिक क्षेत्र नेपालको क्षेत्र रहनेछन् :<br>स्वायत्त प्रादेशिक राज्य<br>स्वायत्तराज्यका कुनैपनि अंग, निकाय वा सार्वजनिक सेवामा रहने कुनै पनि राष्ट्र सेवकको सार्वजनिक कार्य सम्पादन निजको व्यक्तिगत धार्मिक आस्थाबाट निरपेक्ष रहने र निजले सो पदमा बहाल रहेको अवधिसम्म कानुनमा व्यवस्था भए बमोजिम नैतिकता सहितको सांसारिक मर्यादा पालना गर्नेछ । यस्तो मर्यादा कुनैपनि सार्वजनिक पदमा रहेको राजनीतिक, संवैधानिक, सैनिक, निजामति वा अन्य सरकारी सेवामा रहेको व्यक्तिका लागि बन्धनकारी हुनेछ ।<br>नेपाल सरकारले मुलुकको प्रशासन तथा सुरक्षा व्यवस्था व्यवस्थित गर्न संघीय निजामति, प्रहरी वा अन्य सेवाहरु गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरुको गठन, संचालन र सेवाका शर्तहरु ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् । |
| ८४ | नेपाल दलित श्रमिक मोर्चा (पत्र मार्फत) | राजनैतिक दलको सुझावमा सारिएको छ । |
| ८५ | दलित महिला समिति (पत्र मार्फत) | संवैधानिक समितिको क्षेत्राधिकारभित्रको विषयहरुमा सुझावमा उल्लेख नगरिएको अन्य १० वटा विषयगत समितिहरुको क्षेत्राधिकार भित्रका विषयमात्र सुझावमा उल्लेख भएको । |
| ८६ | दलित हित विद्यार्थी संगठन (पत्र मार्फत) | संवैधानिक समितिको कार्यक्षेत्र भित्रको विषयमा वाहेक अन्य १० वटा विषयगत समितिहरुका कार्यक्षेत्र भित्रका विषयमामात्र सुझावहरु प्राप्त भएको । |
| ८७ | दलित नागरिक समाज (पत्र मार्फत) | संवैधानिक समितिको कार्यक्षेत्रभित्र बाहेकका अन्य १० वटा विषयगत समितिहरुका कार्यक्षेत्र भित्रका विषयमामात्र सुझावहरु प्राप्त भएको । |
| ८८ | दलित सेवा संघ (पत्र मार्फत) | संवैधानिक समितिको कार्यक्षेत्रभित्र बाहेकका अन्य १० वटा विषयगत समितिहरुका कार्यक्षेत्र भित्रका विषयमामात्र सुझावहरु प्राप्त भएको । |
| ८९ | लिम्बु विद्यार्थी मञ्च (पत्र मार्फत) | प्रस्तावनामा नेपाल बहुजातिय, बहुभाषिक, धर्म निरपेक्ष र आत्म निर्णयको अधिकार सहितको स्वशासित संघीय गणतन्त्रात्मक मुलुक हो भनी उल्लेख हुनु पर्छ ।<br>संविधान संशोधन प्रक्रिया व्यवस्थापिका-संसदको दुई तिहाई बहुमतबाट हुनुपर्दछ ।<br>राजनीतिक दल सम्बन्धी व्यवस्थामा केन्द्रीय, क्षेत्रीय र जातिय पार्टी (पार्टी स्वतन्त्रताको प्रत्याभूति) हुनुपर्दछ । |
| ९० | एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र (पत्र मार्फत) | नेपाल क्षेत्रगत जातिगत, भाषागत, धार्मिक, भाषिक, साँस्कृतिक विभिन्न लिंग वर्ण सहितको विविधतामा एकता भएको सार्वभौमसत्ता सम्पन्न एक अखण्ड राज्य हुनेछ ।<br>देशभित्रको भौगोलिक विविधता, साँस्कृतिक, जातिगत विविधता नै देशको पहिचान हुनेछ ।<br>तेस्रो लिंगिय महिला, दलित, जनजाति सरह भौगोलिक रुपमा पिछडिएको क्षेत्रलाई समेत स्पष्ट किटान गरिनु पर्छ ।<br>युवाको लागि विशेषाधिकार सहित राज्यले उचित प्रकारले परिचालन गर्नुपर्छ ।<br>केन्द्रिय र प्रान्तिय विधायिकामा सांसदहरु कम्तीमा स्नातक उतीर्ण भएको हुनुपर्दछ ।<br>नेपाल एक धर्म निरपेक्ष राज्य हुनेछ ।<br>ठूला ठूला मन्दिरमा हिन्दु धर्मालम्वी सरह अन्य धर्मालम्वीहरुको समेत समान अधिकार हुनुपर्छ ।<br>मन्दिरका मुख्य पुजारीमा पुरुष सरह महिला पनि हुने व्यवस्था गर्नुपर्दछ । |
| ९१ | राष्ट्रिय महिला आयोग (पत्र मार्फत) | स्वतन्त्र र स्वायत्तताको सुनिश्चितताको लागि राष्ट्रिय महिला आयोगको रुपमा संविधानमा नै व्यवस्था गर्नुपर्ने । संवैधानिक अंग सरह नै नियुक्ति तथा गठन प्रक्रिया सार्वजनिक सुनवाईको प्रक्रियाबाट अगाडि बढाउनु पर्छ ।<br>महिला आयोगको अवधारणालाई एकात्मक राखी विभिन्न राज्यहरुमा यसको शाखा रहने व्यवस्था गर्ने वा संघीय द्वैयता राखी केन्द्रमा छुट्टै महिला आयोग र संघहरुको आ-आफ्नै महिला आयोग रहने सम्बन्धमा पनि संवैधानिक स्पष्टता हुन आवश्यक छ । |
| ९२ | महिला, कानुन र विकास मञ्च (पत्र मार्फत) | संविधानको प्रस्तावनामा नेपालका सबै किसिमका सीमान्तकृत वर्ग वा समुदायको भावनालाई समेट्नु पर्दछ । सिमान्तकृत समुदायलाई राज्यको मूल प्रवाहमा समेट्ने लक्ष्यका साथ राज्यको पुनःसंरचना गर्दा त्यस क्षेत्र वा प्रान्तको अल्पसंख्यकको नागरिक अधिकारको सुनिश्चितता, राजनीतिक क्षेत्रमा सहभागिता, साँस्कृतिक मूल्य र मान्यताको स्वायत्तता, सामाजिक परिवर्तनको प्रत्याभूति गरिनु पर्दछ ।<br>नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित हुने र प्रान्तीय राज्यमा त्यहाँको शासन प्रणाली एवं संचालनको विधि लगायत विषयमा आत्मनिर्णयको अधिकार सुनिश्चित गरिने व्यवस्था हुनु पर्दछ ।<br>भाषाको सम्बन्धमा पनि एकभन्दा बढी राष्ट्र भाषाको रुपमा मान्यता दिन सकिन्छ साथै प्रान्तीय राज्यको भाषा छनौट प्रान्तले नै गर्ने स्वतन्त्रता दिने र प्रान्तमा पनि अधिकतम सिमान्तकृत वर्गले |

| | | |
|---|---|---|
| | | समेत बुझ्ने भाषाको प्रयोग गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । वहिरा तथा सुस्त श्रवण समुदायले प्रयोग गर्ने सांकेतिक भाषालाई समेत मान्यता दिनु पर्दछ । |
| ९३ | वादी सरोकार समाज, तुलसीपुर, दाङ (पत्र मार्फत) | प्रस्तावना :<br>नेपाली जनताको आफ्नो स्वतन्त्रता र अधिकारको लागि २००७ सालभन्दा पहिला हालसम्म वलिदान र संघर्षबाट प्राप्त लोकतन्त्र, शान्ति र अग्रगमनका लागि देशमा बसोबास गर्ने वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याको समाधानकोलागि राज्यको पुन:संरचना गर्दा सबैको सहभागिता गराई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिका, वालिग मताधिकार, प्रेश स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानुनी राज्यको स्थापना गर्दै लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तन गर्दै सार्वभौमिक अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै विगतदेखि अहिलेसम्म जनताको मुक्ति र परिवर्तनका लागि भएका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै नेपाली जनताको आवाजलाई बुलन्द गर्दै नयाँ नेपालको संविधान, २०६६ जारी भएको घोषणा गर्दछौं ।<br>अन्तरिम संविधानमा उल्लेखित विषयहरुमा देहायका कुराहरु थप्नुपर्ने<br>नेपालको राज्य सत्तामा धेरै पिछडिएको वर्ग वादी समुदायको पनि अनिवार्य सहभागिता हुनु पर्नेछ ।<br>सीप र कलाका धनी वादी जातिको सीप र कलाको संरक्षण र विकास गरी राज्यमा दस्तावेजको रुपमा राख्नुपर्दछ ।<br>वादी जातिका घरवार विहिनहरुलाई राज्यले पुनस्थापना गर्नुपर्ने छ ।<br>संविधान संशोधन प्रक्रिया : संविधान लेखन प्रक्रियाबाट संविधान पूर्ण भएता पनि १०२ जातका समस्याहरुलाई नसमेट्न पनि सक्छ । त्यसैले जुन जातिको समस्या छ, त्यसलाई संशोधन गरी संविधानमा राख्ने व्यवस्था र प्रतिवद्धताको साथमा वादी जातिको समस्यालाई सम्बोधन हुनुपर्दछ र प्रतिवद्धताको साथमा वादी जातिका समस्यालाई सम्बोधन हुनुपर्दछ र नभएमा संशोधनबाट वादी जातिको समस्यालाई सम्बोधन गर्ने व्यवस्था संविधानमा हुनु पर्दछ ।<br>राजनैतिक दल सम्बन्धी व्यवस्था :<br>राजनीतिक दलहरुमा पिछडिएको वर्गको लागि निश्चित प्रतिशत छुट्टयाउने व्यवस्था हुनुपर्दछ ।<br>वादी जातिलाई सबै राजनैतिक दलले स्थानीय देखि राष्ट्रिय स्तरसम्म समावेश गराउने र राज्य संचालनमा वादी जातिलाई प्रतिशत छुट्टयाउने व्यवस्था हुनुपर्नेछ<br>हरेक राजनीतिक दलमा वादी जातिलाई मनोनित गर्ने व्यवस्था राख्नुपर्दछ ।<br>संक्रमणकालीन अवस्थाको घोषणा सम्बन्धमा देशको विखण्डन हुने, जनता मार्ने, राष्ट्रका सम्पतिमाथि तोडफोड गर्ने, आन्दोलन गर्दा मनोमानी आन्दोन गर्ने र देशलाई टुक्रयाउने अवस्थामा संक्रमणकालीन अवस्थाको घोषणा गर्न पाउने व्यवस्था राख्ने ।<br>देशलाई संचालन गर्ने प्रक्रियामा जब अप्ठ्यारो परिस्थिति आई पर्दछ, त्यस अवस्थामा वाधा अड्काउ फुकाउने व्यवस्था राष्ट्रपतिद्वारा गर्नुपर्दछ ।<br>विविध भागमा रहने व्यवस्थाहरु :<br>वादी जातिको लागि विशेष अधिकारको व्यवस्था, रोजगारीको सुनिश्चितता र स्थानीय देखि क्याम्पस र प्राविधिक शिक्षामा नि:शुल्क अध्ययनको व्यवस्था र आरक्षणको व्यवस्था हुनुपर्छ,<br>आमाको नामबाट वादी जातिको बालबालिकाले नागरिकता पाउने व्यवस्था<br>वादी जातिको देह व्यापारमा संलग्न महिलाहरुको पुनस्थापना सहित रोजगारीको व्यवस्था<br>वादी जातिको राजनीतिक सहभागिताका साथै राज्यको हरेक तहमा सहभागिताको निश्चितता<br>राज्यको संवैधानिक लगायत अन्य निकाय वा क्षेत्रहरुमा वादी जातिको पूर्ण रुपमा सहभागिताको व्यवस्था ।<br>देशको विखण्डता, आक्रमण, आन्दोलन र जनताको असुरक्षाको अवस्थामा संक्रमणकालिनको उचित व्यवस्था संविधानमा गर्नुपर्दछ । |
| ९४ | अति सिमान्तकृत आदिवासी जनजाति राष्ट्रिय संजाल नेपाल (पत्र मार्फत) | नयाँ संविधानको प्रस्तावनामा नै अति सिमान्तकृत, अल्पसंख्यक, लोपोन्मुख, आदिवासी जनजातिको अधिकार संविधानबाटै सुनिश्चित गरिनेछ भनी लेखिनु पर्दछ ।<br>देश धर्म निरपेक्ष भनी घोषणा भए पनि नयाँ बन्ने संविधानको प्रस्तावनामा नै लेखिनु पर्दछ, कार्यान्वयन पक्षमा त्यो देखिनु पर्दछ ।<br>संघात्मक, गणतन्त्र, बहुदलीय लोकतन्त्र शब्द प्रस्तावनामा छुट्नु हुँदैन ।<br>नेपाल बहुजातिय, बहुभाषि, बहुसँस्कृति, बहुधर्मी राष्ट्र हो भन्ने वाक्यांश पनि प्रस्तावनामा अटाउनु पर्दछ । |
| ९५ | सन्देश सिंह हमाल, हरिसिद्धि, ललितपुर (फ्याक्स मार्फत) | राजनैतिक दलहरु सबै निर्वाचन आयोगमा अनिवार्य रुपमा दर्ता हुनुपर्ने संवैधानिक व्यवस्था हुनुपर्दछ ।<br>दलको विधानमा केन्द्रिय र जिल्ला समितिहरुमा एक तिहाई महिला सदस्य अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्ने र सो प्रावधान बमोजिम कार्यान्वयन भएको प्रमाण पेश गर्ने राजनैतिक दलहरुलाई मात्र निर्वाचन आयोगमा दर्ता गरिने संवैधानिक प्रावधान हुनुपर्छ ।<br>राजनैतिक दलहरुलाई चुनाव खर्चको लागि प्रत्येक उम्मेदवारलाई निश्चित रकम राज्यले नै उपलब्ध गराउने र राजनैतिक दलहरुले आफ्नो तर्फबाट पनि सोही रकम बराबरमा नबढाई चुनाव खर्च गर्न पाउने संवैधानिक प्रावधान हुनुपर्छ ।<br>राजनैतिक दलहरुको आम्दानी खर्चको अडिट राज्यले मान्यता दिएको आधिकारिक निकायबाट हुनुपर्ने |

| | | |
|---|---|---|
| | | र सो को प्रतिवेदन सार्वजनिक हुनुपर्ने । दुई वर्षसम्म लगातार अडिट नभएको दललाई चुनावमा भाग लिन नपाउने संवैधानिक व्यवस्था गरिनु पर्दछ । |
| ९६ | शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (पत्र मार्फत) | राजनैतिक पार्टीहरुको सुझावमा समावेश गरिएको । |
| ९७ | Nepal Asia Center for Strategic Studies | प्राप्त सुझावमा संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा सुझावमा उल्लेख नभएको भएता पनि तलका शीर्षक अन्तर्गत १८ पेजमा सुझाव प्रस्तुत भएको :<br>Federal Framework<br>Structure of the central Government<br>The mathematics of the two Houses<br>The state Government<br>Political Framework<br>The Multiparty System<br>Judicial System<br>Crime & Punishment<br>Economic Framework<br>Natural Resource of the country<br>Social Framework<br>Educational Framework<br>Healthcare Service Framework<br>Dalits & Under-represented people of Nepal<br>The Language adopted to write this constitution<br>National Calendar<br>Security Framework<br>Foreign Policy Framework<br>Good Governance Framework<br>Accountability & Transparency<br>Check & Balance<br>Infrastructure Development Framework<br>Voting Rights<br>Citizenship<br>Previous Law & Treaties<br>Properties & Lan confiscated and acquired by the previous Shah-Rana Regime |
| ९८ | नेपाल मुस्लिम संघ, केन्द्रिय कार्यालय, जलेश्वर, महोत्तरी (पत्र मार्फत) | अब बन्ने संविधानमा धर्म निरपेक्षता उल्लेख हुनुपर्छ र सबै धर्महरुको अधिकार बराबर र सुनिश्चित हुनुपर्छ ।<br>उर्दू भाषालाई राष्ट्र भाषाको मान्यता हुनुपर्ने र मधेशीहरुमा उर्दू, अरबी र फारसी भाषामा पठनपाठनको व्यवस्था हुनुपर्ने ।<br>अहिलेसम्म देशमा लागू भएको कुनैपनि संविधानले मुस्लिमको स्पष्ट पहिचान दिन नसकेकोले अब बन्ने संविधानमा मेरा मात्र होइन हाम्रो हो भन्ने विश्वास यो समुदायले राखेको छ । मुस्लिम समुदाय मधेशमा मात्र होइन, हिमाल, पहाडसम्म छरिएर बसेको समुदाय हो र अब बन्ने नयाँ संविधानमा स्पष्ट रुपमा पहिचान हुनु पर्दछ । |
| ९९ | ई. बाबुराम भट्टराई (पत्र मार्फत) | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझावमा उल्लेख नभएको तर १४ पृष्ठको सुझावहरुमा संघीयताको विषयमा मात्र उल्लेख भएको छ । |
| १०० | अमर बुढाथोकी, सुइकोट गा.वि.स. १, सल्यान (पत्र मार्फत) | यस सुझावमा संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझावमा उल्लेख नभएको । |
| १०१ | हाम्रो नेपाल सहितका अन्य तीनवटा संस्थाहरु (पत्र मार्फत) | धर्म सापेक्ष हिन्दु राष्ट्र रहनु पर्दछ ।<br>राजसंस्था नेपालको लागि अपरिहार्य छ ।<br>संघीयता र नागरिकता जस्ता विषय जनमत सँग्रहबाट निर्णय गरिनुपर्दछ । |
| १०२ | विश्व हिन्दु महासंघ समेत चारवटा संस्थाहरु (पत्र मार्फत) | हिन्दु राष्ट्र रहनुपर्ने, धर्म सापेक्ष राष्ट्र कायम हुनुपर्ने,<br>संघीयता, हिन्दु राष्ट्र र संवैधानिक राजतन्त्र जनमत सँग्रहबाट निर्णय गरी नयाँ संविधान निर्माण गर्नुपर्ने । |
| १०३ | ताजपुरिया समाज कल्याण परिषद्, गौरीगंज, झापा (पत्र मार्फत) | आदिवासीको हक अधिकार हनन हुने गरी कुनै किसिमको नियम कानुन बनाइने छैन । स्थानीय स्तरदेखि केन्द्रिय नीति निर्माण तहसम्म आदिवासीहरुको सहभागीता हुने कुरा संविधानको प्रस्तावनामा उल्लेख हुनुपर्दछ ।<br>धर्म निरपेक्ष राज्य हो भन्ने प्रस्तावनामा उल्लेख गर्नु पर्दछ ।<br>बहुजाति, बहुभाषि, बहुधार्मिक, बहुसाँस्कृतिक राज्य भएकोले सबै जाति, भाषा, धर्म, सँस्कृतिको संरक्षण र सम्वर्द्धन समान रुपले गर्ने प्रस्तावनामा नै उल्लेख हुनुपर्दछ ।<br>केन्द्रिय व्यवस्थापिकाको ६०% र सबै प्रान्तिय व्यवस्थापिकाबाट प्रत्येकको ५१% मत समर्थनबाट |

| | | |
|---|---|---|
| | | संविधान संशोधन गर्न सकिने छ ।<br>राष्ट्रको सीमाना, अखण्डता र महासंकटको वेला राष्ट्र प्रमुखले संकटकाल घोषणा गर्न सक्नेछ र यसको अवधि बढीमा २ महिना मात्र हुनेछ ।<br>केन्द्रिय व्यवस्थापिकाको सदनको स्वीकृतिमा बढीमा ६ महिना सदनले संकटकालको महशुस ठानेमा पटक पटक गरी यसको अवधि लम्ब्याउन सक्नेछ ।<br>प्रत्येक प्रान्तले संविधानसँग नबाझिने गरी आफ्नो प्रान्तको हित र उन्नतिका लागि प्रान्तिय विधानको व्यवस्था गर्न सक्नेछ ।<br>संविधानको नाम "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०६७" राखिनु पर्दछ । |
| १०४ | अनन्तजीवन चर्चा, ललितपुरबाट रविना श्रेष्ठ समेतको (८२ जना) एकमुष्ट सुझावहरु (पत्र मार्फत) | राज्य पूर्णरुपमा धर्म निरपेक्ष हुनुपर्ने छ ।<br>साथै धर्म सम्बन्धी हक, धार्मिक प्रतिष्ठान दर्ता, धार्मिक सम्पति परिचालन, धार्मिक ऐन, राष्ट्रिय धार्मिक आयोग र खीष्टियन धर्म समुदायलाई पनि मुस्लिम समुदायलाई जस्तै पृथक जाति समुदायको रुपमा संवैधानिक मान्यता दिनुपर्ने भनी सुझावहरु प्राप्त भएको । |
| १०५ | सुस्त मनःस्थिति कल्याण संस्था, काठमाडौं (पत्र मार्फत) | अपांगहरुको हक हितको संरक्षण, अनुगमन सेवा विस्तारका लागि संविधानमा छुट्टै परिच्छेदको व्यवस्था गर्नु पर्दछ । |
| १०६ | नारायणी भण्डारी, वालिंग ५, स्याङजा (पत्र मार्फत) | धर्म निरपेक्षता जनताको माग होइन, संघीय राज्यमा जान जनमत सँग्रह गर्नुपर्दछ र राज्य निर्माणका लागि भूगोल, प्राकृतिक स्रोत र साधन तथा धरातलीय सहजतालाई आधार बनाउनु पर्छ । |
| १०७ | गोविन्द प्रसाद साह, गोनरपुर गा.वि.स. ४, महोत्तरी (पत्र मार्फत) | नयाँ संविधानमा शिक्षा, स्वास्थ्य र रोजगार प्रत्येक नेपालीले पाउनु पर्छ, त्यसैगरी गाँस, बास र कपासको व्यवस्था सरकारले गर्नु पर्दछ ।<br>श्रमको मूल्य राम्रोसँग पाउने विषयमा लेख्नुपर्छ । |
| १०८ | कुलानन्द गच्छदार, सुनसरी, भलुवा ८ (पत्र मार्फत) | प्रस्तावनामा : सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित रहने, देशमो विद्यमान वर्गीय, जातिय, क्षेत्रीय, लैङ्गिक समस्याहरुलाई समाधान गर्दै राज्यको अग्रगामी पुनःसंरचना गर्दै, प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताको पुर्ण प्रतिवद्धता व्यक्त गर्दै भन्ने उल्लेख गर्ने ।<br>कुनैपनि राजनैतिक दल नेपाली नागरिकले खोल्न पाउने पूर्ण स्वतन्त्रता पाउनु पर्दछ ।<br>नेपाल राष्ट्र, राज्य वा राष्ट्रको कुनै भागमा अखण्डता खतरामा पर्ने भएमा मन्त्रिपरिषद्को बैठकले सिफारिश गरेमा प्रधानमन्त्रीले संकटकालीन अवस्थाको घोषणा गर्न सक्नेछ ।<br>संविधानको नाम "नेपाल अधिराज्यको संविधान, २०६७" रहनेछ । |
| १०९ | नेपाल ........ (धोवी) कल्याण समिति | हिन्दु धोवी सरह नै मुस्लिम धोवीलाई दलित जातिको सूचीमा समावेश गरी दलित सरहको सुविधा दिलाइनु पर्ने । |
| ११० | सामदान चर्च, ललितपुर P.O. Box No. 8975 EPC 1793 बाट आरती अधिकारी समेत ४१ जनाको एकमुष्ट सुझावहरु | धर्म निरपेक्ष राज्य हुनुपर्ने,<br>धार्मिक हक हुनुपर्ने र छुट्टै ऐन बन्नु पर्ने,<br>संवैधानिक रुपमा राष्ट्रिय धार्मिक आयोग हुनुपर्ने,<br>मुसलमानहरुलाई जस्तै क्रिस्चीयनलाई पनि हुनुपर्ने । |
| १११ | नेपाल अतिरिक्त हुलाक कर्मचारी एशोसिएसन, केन्द्रिय कार्य समितिको अध्यक्ष टंकप्रसाद हुमागाई | अतिरिक्त हुलाकका कर्मचारीहरु पनि हुलाकका अन्य कर्मचारीहरु सरहको समान व्यवस्था होस् । |
| ११२ | कान्छी तामाङ्ग, विर्ता देउराली गा.वि.स. १, काभ्रे (पत्र मार्फत) | राज्य पूर्ण रुपमा धर्म निरपेक्ष हुनुपर्छ । |
| ११३ | पृथ्वीबहादुर कार्की, सिसिरे गा.वि.स., उदयपुर (पत्र मार्फत) | चुनावमा ५ प्रतिशत मत नल्याउने पार्टीको दर्ता खारेज गर्नुपर्ने ।<br>भ्रष्ट आचरण गर्ने व्यक्तिलाई कालो सूचीमा राखी राजनीति गर्नबाट वञ्चित गर्नुपर्छ । |
| ११४ | नेपाल आदिवासी जनजाति महासंघ, गाउँ समन्वय परिषद्, सङ्गरुम्वा, इलाम (पत्र मार्फत) | राज्यको पुर्नसंरचना गर्दा क्रान्तिकारी जनजाति राज्य र आर्यन राज्य गरी विभाजन गर्नुपर्छ भन्ने सुझाव प्राप्त । |
| ११५ | विना अधिकारी न्यौपाने, | न्यायपालिका र आर्थिक बाँडफाँड तथा महिला सशक्तिकरण बारेमा उल्लेख भएको । |

| | | |
|---|---|---|
| | जोरपाटी, काठमाडौं (पत्र मार्फत) | |
| ११६ | पृथक क्षेत्री र साथीहरु (इमेल मार्फत) | प्रस्तावना : नेपाल राज्य सम्पूर्ण नेपालीहरुको सार्वभौमसत्ता सम्पन्न अविभाज्य एक स्वतन्त्र राज्य हो ।<br>संविधान संशोधन : जनमत सँग्रहबाट गरिनु पर्छ ।<br>दल : दल खोल्न, मान्यता पाउन, तथा निर्वाचनमा भाग लिन १ लाख भन्दा बढी सदस्यहरु रहेको प्रमाण पेश गर्नुपर्ने ।<br>संकटकाल : संकटकालीन अवस्थाको घोषणा प्रहरी महानिरिक्षक, प्रधान सेनापति, मुख्य सचिव जस्ता व्यक्तिको सुझावमा राष्ट्र प्रमुखले एक्लै वा मन्त्रिपरिषद्को सिफारिशमा गर्न सक्ने ।<br>वाधा अड्काउ : महान्यायाधिवक्ता, सर्वोच्च अदालत, राष्ट्र प्रमुख, व्यवस्थापिकाको सभामुखको संयुक्त छलफलबाट निस्केको निष्कर्षको आधारमा फुकाउन सक्ने गर्नुपर्ने ।<br>नाम : नेपाल राज्यको संविधान राख्ने । |
| ११७ | राजेन्द्रप्रसाद यादव, पोर्ताहा ६, सिराहा (पत्र मार्फत) | बाल मजदुरीको अन्त्य हुनुपर्ने ।<br>अपहरणकारीलाई मृत्युदण्ड गर्नुपर्ने ।<br>भ्रूणहत्या गर्भपतनमा रोक लगाउनु पर्ने । |
| ११८ | थारु कल्याणकारिणी सभा, केन्द्रिय कार्यकारिणी समिति (पत्र मार्फत) | प्रस्तावना : नेपाली जनताले ऐतिहासिक संघर्ष गर्दै जन आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल, बहुजातिय शासन प्रणाली, जातिय स्वशासन, धर्म निरपेक्षता, आत्म निर्णयको अधिकारलाई संस्थागत गर्दै राज्यको अग्रगामी पुर्नसंरचना गरी तराई मूलका आदिवासी लगायतको पहिचानलाई कायम राख्दै राज्यबाट विशेष व्यवस्था गर्ने सुनिश्चितता गर्दै जानेछ भन्ने उल्लेख हुनुपर्ने ।<br>संशोधन : संघीय राज्यको प्रतिनिधिको सिफारिशमा संसदको २/३ बाट हुनुपर्ने ।<br>दल : क्षेत्रीय, प्रान्तिय र केन्द्रिय स्तरका दल खोल्न पाउनु पर्ने, दर्ताका लागि सदस्य संख्यालाई आधार मान्नु नहुने, खसेको मतको ३% प्राप्त गर्ने दललाई राष्ट्रिय दलको मान्यता दिनुपर्ने ।<br>संकटकाल : प्राकृतिक प्रकोप, सशस्त्र विद्रोह, जातिय दंगा भएको अवस्थामा संकटकाल घोषणा हुन सक्ने ।<br>वाधा अड्काउ : राष्ट्रपतिले सर्वोच्च अदालतको सुझावमा आदेश जारी गर्न सक्ने ।<br>विविध : प्रान्तिय सरकरको सिफारिशमा केन्द्रिय सरकारले थारु जाति लगायत आदिवासीलाई समावेशी रुपमा संवैधानिक अंगको प्रमुख नियुक्ति गर्नुपर्ने ।<br>संक्रमणकाल : शासन प्रणालीमा जनताको प्रतिनिधित्व नरहेको अवस्थामा संक्रमणकालीन व्यवस्था गर्ने ।<br>थरुहट, जातिय स्वशासन र आत्म निर्णयको अधिकारको परिभाषा दिएको । |
| ११९ | नेपाल गन्धाई कल्याण परिषद्, केन्द्रिय कार्यसमिति, विराटनगर (पत्र मार्फत) | प्रस्तावना : नेपाली जनताले २००७ साल पहिलेदेखि शान्ति र अग्रगमनका पक्षमा प्रकट गरेका जनादेशको सम्मान गर्नुपर्ने । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक हक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, धर्म निरपेक्षता, आत्म निर्णय सहितको जातिय स्वायत्तता लगायत लोकतान्त्रिक समावेशी मूल्य र मान्यता प्रति पूर्ण प्रतिवद्धता व्यक्त गर्दै विगतदेखि वर्तमानसम्म वाहुनवादी, पितृसत्तावादी र पहाडिमा एकाधिकारवादी सोच, नीति र व्यवहारले आदिवासी जनजाति, दलित, महिला, मधेशी, मातृभाषा भाषि, ग्रामीण जनता विरुद्ध भएका जातिय, भाषिक, धार्मिक, सामाजिक, साँस्कृतिक, क्षेत्रगत, लैङ्गिक, वर्गिय, आर्थिक, राजनीतिक लगायतका भेदभाव, अन्याय, शोषण, दमन र उत्पीडनको अन्त्य गर्ने भन्ने वाक्यांश स्पष्ट रुपमा उल्लेख गर्ने ।<br>भाग १ :<br>संविधान मूल कानुन हुने, प्रत्येक जाति समुदाय एवं व्यक्तिले पालना गर्नुपर्ने ।<br>राजकीय र सार्वभौमसत्ता नेपाली जनता एवं स्वायत्तता प्राप्त आदिवासी, जनजाति र भाषा भाषिमा रहनु पर्ने ।<br>राष्ट्रिय गान : प्रत्येक स्वायत्त राज्यको आफ्नै राष्ट्रिय गान हुनुपर्ने ।<br>राष्ट्रिय झण्डा : प्रत्येक स्वायत्त राज्यले आ-आफ्नो झण्डा तय गर्ने ।<br>संशोधन : संशोधनको विधेयक संघीय व्यवस्थापिकामा प्रस्तुत गर्न सकिने प्रस्तुत गर्नु अघि स्वायत्त प्रदेश र राज्यको विधायिकाको २/३ बहुमतले पारित गरेको हुनुपर्ने ।<br>दल सम्वन्धमा :<br>स्वायत्त राज्यले मान्यता दिएका दललाई संघले पनि मान्यता दिनुपर्ने ।<br>दलको विधानमा लोकतन्त्र, पारदर्शीता, प्रतिस्पर्धा, समावेशी निर्वाचन, आवधिक सम्मेलन, अल्पसंख्यकलाई विशेष व्यवस्था, आदिवासी, जनजाति, दलित, मधेशी र सबै वर्ग, लिंग र क्षेत्रका आधारमा समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने ।<br>केन्द्रिय देखि प्रान्त हुँदै तल्लो पदका निकायको नेतृत्व तहमा दुई पटक मात्र नेतृत्व गर्न पाउनु पर्ने ।<br>संकटकालीन अवस्थाको घोषणा : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको असुरक्षा, युद्ध, वाहय आक्रमण, शसस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गंभीर संकट उत्पन्न भएमा राज्य सरकारको सिफारिशमा संघीय सरकारले कुनै भाग वा संघीय व्यवस्थापिकाको २/३ बहुमतको निर्णयबाट संघीय सरकारमा पेश गरेमा राष्ट्र प्रमुखद्वारा पूरा |

| | | |
|---|---|---|
| | | देश वा प्रान्तका कुनै भागमा संकटकाल घोषणा गर्न वा आदेश जारी गर्न सक्ने हुनुपर्छ । यस्तो व्यवस्था ६ महिनाभन्दा बढी अवधिको हुने छैन ।<br>वाधा अड्काउ फुकाउने अधिकार : सर्वोच्च अदालतको फूल वेन्चलाई दिनुपर्छ ।<br>विविध :<br>सवैधानिक परिषद् र सुरक्षा परिषद्को व्यवस्था राख्नु पर्छ ।<br>संघीय मन्त्रिपरिषद्ले राज्य वा प्रान्तका सरकारबाट प्राप्त नामावलीहरुबाट समावेशी तरिकाले नेपाली राजदुत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्ने व्यवस्था हुनुपर्छ ।<br>संघीय नेपालको तर्फबाट प्रधानमन्त्रीले र राज्य/प्रान्तको तर्फबाट मुख्य मन्त्रिले उपाधी, सम्मान र विभूषणहरु प्रदान गर्न सक्ने व्यवस्था हुनुपर्छ ।<br>राज्य सरकारको सिफारिशमा संघीय सरकारले तोकिएको आधारहरुमा सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्ने व्यवस्था हुनुपर्छ ।<br>संविधानको नाम : "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०६७" हुनुपर्छ । |
| १२० | धिमाल जाति विकास केन्द्र, केन्द्रिय कार्य समिति, उर्लावारी, मोरङ्ग (पत्र मार्फत) | प्रस्तावना : बहुदलिय प्रतिस्पर्धा प्रान्त र केन्द्र दुवैको संविधान हुने कुरा, समावेशी शासन व्यवस्था हुने कुरा र राज्य धर्म निरपेक्ष रहने कुरा उल्लेख हुनुपर्छ ।<br>राजनीतिक दल : राष्ट्रिय दल केन्द्रिय स्तरमा र प्रान्तिय दलहरु प्रान्तिय स्तरमा दर्ता हुनुपर्ने व्यवस्था गर्नुपर्छ ।<br>संकटकालिन अवस्थाको घोषणा : केन्द्रिय सरकार र प्रान्तिय सरकारको सहमतिबाट संकटकाल घोषणा गर्नुपर्ने । |
| १२१ | ताजपुरिया समाज उत्थान परिषद्, केन्द्रिय कार्यालय, गौरिगंज, झापा (पत्र मार्फत) | प्रस्तावना : आदिवासीको हक अधिकार हनन हुने गरी कानुन नबनाइने, स्थानीयदेखि केन्द्रिय नीति निर्माण तहसम्म आदिवासीहरुको सहभागिता हुने कुरा उल्लेख गर्ने । धर्म निरपेक्ष राज्य हुने, सबै जाति, भाषा, धर्म सँस्कृतिको संरक्षण र सम्वर्द्धन समान रुपले हुने कुरा उल्लेख गर्ने ।<br>संशोधन : केन्द्रिय व्यवस्थापिकाको ६०% र प्रान्तियको ५१% बाट संशोधन गर्न सकिने लेख्ने ।<br>संकटकाल : राष्ट्रको सीमाना, अखण्डता र महासंकटको बेला राष्ट्र प्रमुखले २ महिना मात्रको लागि आदेश दिने ।<br>नाम : "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान" हुनुपर्ने । |
| १२२ | मेचे समाज सिवायारयी आफात, धुलावारी, झापा (पत्र मार्फत) | प्रस्तावना : प्रतिस्पर्धात्मक बहुदलिय शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलक एवं मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता, कानुनी राज्यको अवधारणा एवं मानव अधिकारको घोषणा र ILO 169 प्रति प्रतिवद्धता जनाउनु पर्ने । लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तन तथा स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्नु पर्ने कुरा लेख्ने ।<br>पहिलो भाग : संविधान मूल कानुन हुने । सार्वभौम र राजकीय सत्ता नेपाली जनतामा हुनुपर्ने । गैंडा राष्ट्रिय जनावर मान्ने ।<br>संशोधन : व्यवस्थापिका संसदमा संविधान संशोधनको विधेयक पेश गरी स्वायत्त राज्यको सहमतिमा २/३ बहुमतले पारित हुनु पर्ने ।<br>दल सम्बन्धमा : दल दर्ताको प्रक्रिया संविधानमा नै राख्ने । दलमा समावेशी आन्तरिक लोकतन्त्र र पारदर्शीता हुनुपर्ने ।<br>संकटकाल : राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गंभीर संकट उत्पन्न भएको अवस्थामा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले नेपाल भर वा कुनै खास क्षेत्रमा लागू हुने गरी आदेश जारी गर्न सक्ने ।<br>वाधा अड्काउ : राष्ट्रपतिले मन्त्रिपरिषद् र राज्य सरकारको सिफारिशमा जारी गर्न सक्ने, १५ दिनभित्र संसदमा पेश गरी अनुमोदन गराउनु पर्ने ।<br>राजदुतको नियुक्ति : समावेशी तरिकाले नियुक्ति हुने कुरा उल्लेख गर्ने ।<br>उपाधि, सम्मान र विभूषण : विदेशी भए सरकारको स्वीकृतिमा लिन सक्ने ।<br>नाम : "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान" |
| १२३ | नेपाल मुस्लिम समाज, धनुषा, जनकपुर (पत्र मार्फत) | पहिलो भाग : नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहनेछ भन्ने उल्लेख गर्नुपर्छ ।<br>राष्ट्र : बहुधार्मिक, बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक विशेषतायूक्त समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, राष्ट्रहित तथा समृद्धि प्रति आस्थावान रही एकताको सुत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हो ।<br>नेपाल राज्य : नेपाल एउटा स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, न्यायपूर्ण, धर्म निरपेक्ष, समावेशी, समानुपातिक, स्वाधीन, जनमुखी, संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य हुनुपर्दछ । |
| १२४ | घनश्याम पौडेल, शालिजा गाउँ इकाई कमिटि, पर्वत (पत्र मार्फत) | मौलिक हक, राज्यको दायित्व, सीमान्तकृत वर्ग, क्षेत्र, जाति र समुदायको विशेष संरक्षण सम्बन्धी व्यवस्था नागरिकता, शिक्षा, स्वास्थ्य, रोजगारी आदि जस्ता विषयमा सुझाव प्राप्त भएको । |
| १२५ | विभिन्न चर्चका वशन्ती पुर्कोटी, पनौती ११ | राज्य पूर्ण रुपमा धर्म निरपेक्ष हुनुपर्ने ।<br>धर्म अवलम्बन गर्ने, परिवर्तन गर्ने, त्याग गर्ने, प्रचार प्रसार गर्ने स्वतन्त्रता हुनुपर्ने । |

| | | |
|---|---|---|
| | समेत का ३२२ जनाको एउटै फर्मेटमा प्राप्त सुझाव (पत्र मार्फत) | धार्मिक प्रतिष्ठान दर्ता गर्न पाउने ।<br>धार्मिक सम्पति परिचालन गर्न पाउने ।<br>राष्ट्रिय धार्मिक आयोग गठन हुनुपर्ने । |
| १२६ | सिविन नेपाल, चुन्ने भैरव मार्ग, रवी भवन, काठमाडौं ।<br>फोन४२८२२५५/४२७८०६४ (पत्र मार्फत) | प्रस्तावनामा भावी पिँढीको लागि दीगो शान्ति, न्याय, विकास भन्ने प्रकारका शब्दावलीहरु तथा भावी पिँढीलाई मानव अधिकार तथा लोकतन्त्रप्रति सम्मान गर्ने र स्वावलम्बी नागरिक बनाउन बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकारको सम्मान गर्दै, .......... भन्ने वाक्य खण्ड राख्ने । |
| १२७ | विमर्श प्रा.लि., सरस्वती मार्ग, ज्ञानेश्वर, फोन ४४१३५७०, पो.व.नं. ५२५४ (पत्र मार्फत) | दल सम्बन्धमा :<br>संचार क्षेत्र, शिक्षा क्षेत्र, कानुन क्षेत्र, निजी र सरकारी कर्मचारी, आर्थिक क्षेत्र, सामाजिक तथा पेशागत संघ संस्थामा आवद्ध व्यक्तिलाई सदस्य बनाउन नपाइने ।<br>सदस्यको उमेर १८ वर्षदेखि ६० वर्षसम्मको हुनुपर्ने ।<br>सदस्य र दलको आर्थिक स्थिति वर्षेनी सार्वजनिक गर्नुपर्ने ।<br>आम निर्वाचनको उम्मेदवार ५५ वर्ष भित्रैको हुनुपर्ने र स्नातक तह उत्तीर्ण हुनुपर्ने, एउटा क्षेत्रमा मात्र उठ्न पाउने ।<br>संचारमा लगानी गर्न पाउने तर चौथो अंगको मान्यता नपाउने ।<br>दलले मनोनयन र नियुक्ति गर्न नपाउने तर विशेष आमन्त्रण गर्न सक्ने । |
| १२८ | भुवन बहादुर के.सी. (जनआन्दोलन घाइते) (सम्पूर्ण आन्दोलनका घाइतेहरुको तर्फबाट प्रतिनिधि) | आन्दोलनका घाइतेहरुलाई बस, माइक्रोबस, प्लेनमा ४५% छुट दिने,<br>आन्दोलनका घाइते र उनिहरुका बालबच्चा, परिवारलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने,<br>आन्दोलनका घाइते, उनिहरुका बालबच्चा र परिवारलाई स्वास्थ्य उपचार निःशुल्क गर्नु पर्ने,<br>आन्दोलनका घाइते, उनिहरुका बालबच्चा र परिवारलाई रोजगारीका लागि नेपाल सरकारको मन्त्रालय, विभाग, निजी संघ संस्थाहरुले समेत उच्च प्राथमिकता दिई काम गर्नु पर्नेछ । लोक सेवा आयोग र संघसंस्थाले लिने परीक्षामा समेत १५% कोटा छुट्याई प्राथमिकता दिई कार्यान्वयन गरिनु पर्ने । |
| १२९ | भुतपूर्व शैनिक कल्याणकारी समिति, नेपाल, ललितपुर (पत्र मार्फत) | प्रस्तावनामा विशेष गरी राष्ट्रिय अखण्डता, स्वाधिनता, सार्वभौमसत्ता जनतामा निहीत रहने धर्म निरपेक्षता, सामाजिक न्यायमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमद्वारा आधुनिक लोक कल्याणकारी नयाँ नेपालको स्थापना गर्ने हुनुपर्ने ।<br>राजनीतिक दलहरुले भू.पू. शैनिकहरुलाई पार्टीको सबै तहमा अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने । |
| १३० | अनिता रजक, ल.उ.न.पा.-४ (पत्र मार्फत) | राज्य पूर्ण रुपमा धर्म निरपेक्ष हुनुपर्ने ।<br>धर्म अवलम्बन गर्ने, परिवर्तन गर्ने, त्याग गर्ने, प्रचार प्रसार गर्ने स्वतन्त्रता हुनुपर्ने ।<br>धार्मिक प्रतिष्ठान दर्ता गर्न पाउने, धार्मिक सम्पति परिचालन गर्न पाउने ।<br>राष्ट्रिय धार्मिक आयोग गठन हुनुपर्ने । |
| १३१ | रामचन्द्र राई, रुपावुङ्ग, छिनामखु-४, भोजपुर | संविधानका सबै पक्ष समेटेकोभएपनि यहाँ संवैधानिक समितिको मात्र उल्लेख गरिएको छ ।<br>पहिलो भागमा<br>संविधान मूल कानून : यो संविधान मूल कानून हो र यो संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>यो संविधानको पालना गर्नु नेपालको सम्पूर्ण नेपाली नागरिकको कर्तव्य हुने छ ।<br>सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहीत रहने छ ।<br>राष्ट्र : नेपाल विभिन्न जाती, भाषा, संस्कृति र क्षेत्रको आधारमा बनेको स्वायत्त देहायका गणराज्यहरु सहितको संघीय चरित्र, सहअस्तित्व, सहिष्णुता सहचारिता, स्वतन्त्रता, अखण्डता र राष्ट्र हित तथा समृद्धिप्रति आस्थावान एकताको सुत्रमा बाँधिएको नेपाली जनताको समष्टि रुपको राष्ट्र हो ।<br>नेपाल राज्य : नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष, पूर्ण समावेशी, छुवाछुतमुक्त संघीय गणतन्त्रात्मक राज्य हो । नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :<br>(क) यो संविधान प्रारम्भ हुँदाको वखतको क्षेत्र र<br>(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र<br>राष्ट्रिय गान : नेपालको राष्ट्रिय गान र निशान छाप संघीय नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ स्वायत्त गण राज्यहरुले कानूनद्वारा आ-आफ्नो राष्ट्रिय गान र निशाना छाप बनाउन सक्नेछ ।<br>राजनीतिक दल सम्बन्धी व्यवस्था :<br>राजनीतिक दललाई प्रतिवन्ध लगाउन बन्देज : समान राजनीतिक विचारधारा दर्शन र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरुले स्वतन्त्रताको हकको प्रतिवन्धात्मक वाक्यांशको अधिनमा रही राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सो प्रति समर्थन प्राप्तगर्न, प्रचार प्रसार गर्न सक्नेछ । त्यस्तो कुनै कार्यमा प्रतिवन्ध लगाउने गरी कानून वा निर्णय यो संविधानको प्रतिकुल र स्वतः अमान्य हुनेछ ।<br>राजनीतिक दलको रुपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने :<br>दलदर्ता गर्दा खुलाउनु पर्ने विवरण :<br>(क) राजनीतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना,<br>(ख) दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र |

| | | |
|---|---|---|
| | | ठेगाना<br>(ग) दलको आयश्रोतको कोष र सो जुटाउने श्रोतको विवरण<br>दल दर्ताका लागि निवेदन दिदा पुरागर्नुपर्ने शर्तहरु<br>(क) दलको विधान र नियमावली लोकतान्त्रिक गणतान्त्रिक हुनुपर्छ<br>(ख) कम्तीमा ५ वर्षमा १ पटक सो दलका प्रत्येक तहका पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्छ<br>(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा समावेशी व्यवस्था गरिएको हुनुपर्छ<br>(घ) दलको विधानमा सदस्यलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनुपर्दछ ।<br>नयाँ दलदर्ता गर्न १० हजार मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्ने, मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको सम्बर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो दल दर्ता गर्ने छैन,<br>संकटकालीन अधिकार<br>नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै प्रान्तको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर संकट उत्पन्न भएमा संघीय मन्त्रिपरिषद्को सिफारिशमा प्रान्त प्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्छ । सो आदेश भएको मितिले १ महिनाभित्र संघीय संसदको वैठकमा पेशगर्नु पर्नेछ र सो आदेश अनुमोदन भएमा ३ महिनासम्म लागु रहनेछ अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्कृय भएको मानिनेछ ।<br>संविधान संशोधन<br>संविधानको संशोधनको विधेयक संघीय संसदको कुनैपनि सदनमा प्रस्तुत गर्न सकिनेछ र संशोधनको विधेयक संघीय संसदको दुवै सदनले कुल सदस्य संख्याको दुई तिहाई वहुमतबाट पारित हुनु पर्नेछ र त्यसरी पारित भएको विधेयक प्रान्तीय संसदहरु मध्ये वहुसंख्यक प्रान्तले सामान्य वहुमतबाट अनुमोदन गरेमा लागू गर्न सकिने ।<br>वाधा अड्काउ फुकाउने अधिकार<br>संघीय मन्त्रिपरिषद्ले यो संविधानको कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउने आदेश जारीगर्न सक्नेछ र त्यस्तो आदेश संघीय संसदको दुवै सदनबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्ने छ ।<br>विविध<br>संवैधानिक परिषद् : संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिश संघीय राष्ट्रसभाबाट हुनेछ । सिफारिश सम्बन्धी कार्यविधि राष्ट्रिय सभाले नै बनाउने छ ।<br>प्रान्तीय सरकारी सेवाको गठन र संघीय सरकारी सेवाको गठन गर्ने व्यवस्था । |
| १३२ | संयुक्त मगर मञ्च नेपाल (पत्र मार्फत) | प्रस्तावना :<br>प्रस्तावनाको लेखन गर्दा विविधतामा राष्ट्रिय एकताको अवधारणा झल्किने र नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने, न्याय, भातृत्व, समान अवसर र एकतापूर्ण एवं समतामुलक समाजको प्रत्याभूति गरिएको हुनुपर्नेछ ।<br>पहिलो भाग :<br>संविधान नेपाल राज्यको मूल कानून हुनेछ, संविधानसँग बाझिएका कानून बाझिएको हदसम्म अमान्य हुनेछ । संविधानको पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहनेछ ।<br>सबै जात जाती, धर्म सम्प्रदाय र उनिहरुको सास्कृतिक पहिचान नै समग्रमा नेपाल राष्ट्र हुनेछ ।<br>नेपाल संघीय गणराज्य हुनेछ ।<br>नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।<br>नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुनेछ । केन्द्र र राज्य वा राज्य र राज्यबीच सम्पर्क तथा कार्यालय प्रयोगको भाषा देवनागरि लिपीको नेपाली भाषा र अंग्रेजी भाषा हुनेछ ।<br>राज्यहरुमा सम्बन्धित जातीले बोल्ने मातृभाषा नै सरकारी कामकाजको भाषा हुनेछ ।<br>संकटकालको घोषणा गर्ने काम केन्द्रीय व्यवस्थापिकाको हुनेछ ।<br>संविधान संशोधन प्रस्ताव लैजाने र पारित गर्ने काम केन्द्रीय व्यवस्थापिकाको हुनेछ ।<br>राजनैतिक दलहरुको विधानमा कम्तीमा पनि जाति, लिङ्ग र क्षेत्रका आधारमा समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्नेछ । राजनैतिक दललाई पारदर्शी बनाउने कनूनी प्रावधान हुनुपर्नेछ ।<br>धर्म निरपेक्षताको व्यवहारिक प्रयोग गर्दै राष्ट्रिय जनावरबाट गाई र सिंदुर हटाई अन्य विकल्प खोजिनु पर्ने ।<br>नयाँ संविधानको प्रतावित नाम : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०६६ हुनेछ । |
| १३३ | नेपाल विद्वत परिषद, केन्द्रीय कार्यसमिति काठमाडौं (पत्र मार्फत) | प्रस्तावना<br>इतिहासको वीरतापूर्ण गौरवगाथालाई स्मरण गर्दै संवैधानिक हिन्दु राजतन्त्रात्मक अधिराज्य, विधिको शासन, संसदीय प्रजातन्त्र, वहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, जनताको मौलिक अधिकार, पूर्ण प्रेस स्वतन्त्रता, धार्मिक, आर्थिक, सामाजिक अधिकारको |

| | | |
|---|---|---|
| | | प्रत्याभूति, शान्ति, समानता र सहिष्णुतालाई राष्ट्रको मौलिक स्वरुप मान्नु पर्ने ।<br>नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक, आर्थिक एवं राजनैतिक न्याय प्राप्त हुन सकोस, भन्ने पवित्र उद्देश्यबाट प्रेरित भई नेपालको वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक, प्रजातान्त्रिक मूल्य र मान्यताको रक्षार्थ स्वतन्त्र अधिराज्य, सार्वभौमसत्ता सम्पन्न हिन्दु संवैधानिक अधिराज्य सहितको संविधान संविधानसभाबाट जारी गरिनु पर्ने ।<br>राष्ट्र भन्नाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त समान आकांक्षा एवं नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित प्रति आस्थावान रही एकताको भावसुत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा एक राष्ट्र हो ।<br>संविधान निर्माण जसरी भएको छ त्यसै गरी संशोधन प्रकृयाको निर्धारण हुनु पर्दछ । अर्थात जनमत संग्रहद्वारा मात्र गर्न सकिनेछ ।<br>प्रत्येक व्यक्तिलाई आस्था अनुसार राजनैतिक दल खोल्ने, संचालन गर्ने, सहभागी हुने, अधिकार रहनेछ । राष्ट्रिय एकता, स्वाधिनता, राष्ट्रिय अखण्डता, सामाजिक सदभाव आदिमा राजनैतिक दलबाट प्रतिकुल आचरण भएमा दल प्रतिबन्धित हुनुपर्छ ।<br>राज्यको विधायिकी अंगले संविधानको वाधा अड्काउ बारे प्रस्ताव प्रस्तावित गरेमा सर्वोच्च अदालतबाट त्यसको निरुपण पश्चात राष्ट्र प्रमुखबाट वाधा अड्काउ फुकाउने व्यवस्था गरिनेछ ।<br>चरम आर्थिक विच्छृङ्खलता, आन्तरिक उपद्रव, भयङ्कर प्राकृतिक प्रकोप जस्तो अवस्थामा अथवा वाह्य आक्रमण, युद्ध र विग्रहको स्थिति मुलुकमा विद्यमान छ भन्ने कुरामा राज्यको कार्यकारिणी निकाय विश्वस्त भएमा राष्ट्र प्रमुखले पहिलो पटक बढीमा तीन महिनासम्म संकटकाल घोषणा गर्न सक्नेछ र त्यसको अनुमोदन संसदको वहुमतबाट गरिनेछ । यसरी जारी संकटकाल तीन महिना भन्दा बढी समय जारी राख्न आवश्यक परेमा संसदको निर्णय बमोजिम हुनेछ । |
| १३४ | विश्व हिन्दु महासंघ, नेपाल राष्ट्रिय समिति, काठमाडौं (पत्र मार्फत) | "धर्म निरपेक्ष" शब्द भाषागत रुपले अनुपयुक्त रहेको र विदेशी नक्कल गरिएको देखिने हुँदा अब बन्ने संविधानमा "भेदभाव रहित धर्म स्वतन्त्र नेपाल राष्ट्र रहने छ" भन्ने उल्लेख हुनुपर्दछ ।<br>सबै धर्म सम्प्रदायको प्रतिनिधित्व हुने गरी एक उच्चस्तरीय सुविधा एवं अधिकार सम्पन्न राष्ट्रिय धार्मिक आयोग गठन हुनु पर्दछ । जस्ले राष्ट्रमा परिआउने विभिन्न धार्मिक समस्याको निदान एवं निरुपण गरी राष्ट्रलाई धार्मिक समस्याबाट विशुद्ध राखिनु पर्छ ।<br>गाईलाई राष्ट्रिय जनावरको रुपमा राखी संरक्षण गरिनुपर्छ । |
| १३५ | शेषकान्त आचार्य भलाम-३ कास्की (पत्र मार्फत) | धर्म निरपेक्ष राष्ट्र बनाउन जनमत संग्रह गर्नुपर्ने,<br>संटकालीन अधिकार राष्ट्रपतिमा हुनुपर्ने,<br>सबै तहका निर्वाचित प्रतिनिधिको पदावधी ५ वर्षको हुनुपर्ने,<br>जातीय आधारमा राज्य खडा गर्न खोज्ने विचारलाई संविधानमा मान्यता दिनु नहुने । |
| १३६ | राजकुमार शाह, अध्यक्ष, तराई वेलफेयर सोसाइटी, नेपाल (पत्र मार्फत) | नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र अखण्डता निश्चित हुनुपर्छ,<br>प्रत्येक नेपालीलाई सार्वभौमसत्ता सम्पन्न नेपालीको रुपमा स्पष्ट व्याख्या गर्नु पर्दछ,<br>नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणराज्यलाई प्रस्तावनामा उल्लेख गर्दा सतर्क र सजग भएर लेख्नु पर्छ । साथै नेपाललाई जातीय संघीय स्वरुपमा लैजान उपयुक्त छैन ।<br>"कुनै पनि राष्ट्र भौगोलिक विभाजन नभईकन राजनैतिक विभाजन हो" भन्ने कुरालाई हृदयंगम गर्दै संविधानले सम्पूर्ण राष्ट्रियतालाई समेटेको हुनु पर्दछ र सोही अनुसार राष्ट्रिय गान, राष्ट्रिय झण्डा, भेषभूषा, धर्म संस्कृति, परम्पराको निरन्तरता स्पष्ट हुनु पर्दछ । |
| १३७ | महादेव प्रसाद मुर्ली विरगंज (इमेल मार्फत) | नयाँ संविधानमा नेपाललाई हिन्दु राज्य घोषणा गरियोस् । |
| १३८ | अच्युतानन्द पोखरेल, सचिव, अन्तर संस्थान कर्मचारी संघ नेपाल, पूर्वाञ्चल क्षेत्रीय कमिटी विराटनगर (इमेल मार्फत) | संघीय लोकतान्त्रिक गणतन्त्र बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, आवधिक निर्वाचन, धर्म निरपेक्ष, सुरक्षा आदिका साथै सामन्ती संरचनाको अन्त्य, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डता जस्ता कुरालाई प्रस्तावना मै समावेश गर्नुपर्ने ।<br>संवैधानिक पदमा नियुक्त हुने पदाधिकारीहरुले संविधानमा उल्लेख भए अनुसार राष्ट्रिय पोशाक अनिवार्य रुपमा लगाउनु पर्ने र सम्पूर्ण सरकारी कर्मचारी र शिक्षकहरुले राष्ट्रिय पोशाक लगाएर कार्यालय जानुपर्ने व्यवस्था गर्ने ।<br>नेपालका विभिन्न जातजातीहरुका भाषालाई राष्ट्रिय भाषाका रुपमा मान्यता दिने र नेपाली भाषालाइ्र राष्ट्रभाषाको रुपमा सरकारी काम काजको रुपमा मान्यता दिने ।<br>प्रान्तीय सरकारले स्थानीय भाषा र नेपाली भाषा दुबैलाई सरकारी कामकाजको भाषा बनउन पाउने व्यवस्था गर्ने । |
| १३९ | सन्तोष पोखरेल विराटनगर-४, दुधफारम (इमेल मार्फत) | <u>प्रस्तावनामा राख्नु पर्ने विषयहरु</u><br>सामाजिक शान्ति सुरक्षा<br>केन्द्रिकृत राज्यमा विकेन्द्रिकृत शासन व्यवस्था<br>बहुभाषिक विशेषताको सम्मान गर्दै नेपाली भाषालाई मुख्य भाषाको रुपमा राखिनु पर्ने ।<br><u>राजनैतिक दल सम्बन्धी</u><br>संसदीय निर्वाचनमा कूल खसेको मतको १०% भन्दा कम मत प्राप्त गर्नेलाई दलीय मान्यता नदिने व्यवस्था गरिनु पर्ने ।<br>राजनैतिक दललाई प्रतिबन्ध लगाउन बन्देज गर्ने । |

| | | |
|---|---|---|
| १४० | दीलिप खनाल (इमेल मार्फत) | नयाँ संविधानमा राज्य संचालनको मुख्य लक्ष्य नागरिकहरुको व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्ने हुनु पर्दछ । |
| १४१ | सुखमान थापा, साउदी अरब (इमेल मार्फत) | समानुपातिक शासन प्रणालीले लोकतान्त्रिक गणतन्त्रको जग बलियो हुनसक्छ । |
| १४२ | अष्ट्रेलिया नेपाल फेण्डसीप सोसाइटी, क्यानवेरा, अष्ट्रेलिया (पत्र मार्फत) | प्रस्तावना<br>संविधान सार्वभौमसत्ता सम्पन्न नेपाली जनताद्वारा जारी भएको हो,<br>संविधानले वहुदलीय लोकतन्त्र, आवधिक निर्वाचन, मौलिक अधिकार, कानूनको शासन, स्वतन्त्र न्यायपालिका, समावेशीता र मुलुकको भौगोलिक अखण्डता जस्ता कुरालाई विकास र प्रवर्द्धन गर्नु पर्दछ ।<br>संविधानले शान्तिपूर्ण, न्यायपूर्ण, समन्वयात्मक र समृद्ध संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लागि आधार प्रदान गर्नु पर्ने ।<br>राजनैतिक दल<br>सबै राजनैतिक दलले आफ्नो आर्थिक विवरण पारदर्शी तवरले सार्वजनिक गर्नुपर्ने, नियमित रुपमा निश्चित समयको अन्तरालमा राष्ट्रिय सम्मेलन सम्पन्न गर्नुपर्ने, राष्ट्रियस्तरका सबै नेताहरुको निर्वाचन गर्नु पर्ने र अदालतले भ्रष्टाचारी ठहर गरेका व्यक्तिहरुलाई सदस्यता दिन इन्कार गर्नु पर्दछ ।<br>संविधान संशोधन<br>मौलिक अधिकारहरु र प्रस्तावनामा व्यक्त गरिएका सिद्धान्तहरुलाई संशोधन गर्न नपाउने गरी व्यवस्थित गर्नु पर्दछ,<br>संघीय इकाईका विधायिकामा रहने सदस्य संख्या र निर्वाचन क्षेत्रसँग सम्बन्धित धाराहरु जनताको २/३ मतद्वारा संशोधन हुन सक्ने,<br>अन्य धाराहरु विधायिकाको सामान्य बहुमतबाट संशोधन हुन सक्ने ।<br>संकटकालीन अवस्थाको घोषणा<br>अन्तरिम संविधानमा व्यवस्था भए बमोजिम हुने ।<br>विविध<br>अवशिष्ट अधिकार राष्ट्रपतिमा रहनेछ । राष्ट्रपतिले यस्तो अधिकारको प्रयोग मन्त्रिपरिषदको सिफारिसमा गर्नेछ । यो अधिकार अन्तर्गत जारी भएको आदेश विधायिकाबाट ६० दिन भित्र अनुमोदन हुनुपर्नेछ । |
| १४३ | विष्णुभक्त भुषाल शिवनगर-५ कपिलवस्तु (पत्र मार्फत) | नेपाललाई ६ वटा राज्य प्रदेशमा विभाजन गर्नु पर्छ । |
| १४४ | जेष्ठ नागरिक समाज नेपाल, कलंकी काठमाडौं (पत्र मार्फत) | जेष्ठ नागरिकको उमेरको मापदण्ड ६० वर्ष कायम गरी वृद्ध भत्ता ६० वर्षबाट नै उपलब्ध गराउने,<br>एकल महिलालाई एकल भएको मितिबाट भत्ता उपलब्ध गराइयोस,<br>वृद्ध र एकल महिलालाई सहज स्वास्थ्य र सहज आवागमनको लागि परिचय पत्रको व्यवस्था होस् । |
| १४५ | महिला, कानून र विकास मञ्च (FWLD) (पत्र मार्फत) सि.नं.९२ मा पनि संलग्न | संविधानको प्रस्तावनामा महिला अधिकारको सवाल, राज्यका हरेक निकायमा महिलाको समान प्रतिनिधित्व र महिला विरुद्धको विभेद र हिंसा अन्त्यको कुरा उल्लेख गर्नु पर्दछ,<br>राजनैतिक दल अन्तर्गत स्थानीयस्तर देखि केन्द्रीयस्तर सम्म कम्तिमा ३३% महिलाको सहभागिता अनिवार्य हुनु पर्नेछ । |
| १४६ | नेपाल गुरुङ्ग (तमू) महिला संघ केन्द्रीय समिति, अनामनगर (पत्र मार्फत) | संविधान निर्माण प्रकृयामा गुरुङ्ग (तमू) महिलाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने,<br>गुरुङ्ग महिलाको संवैधानिक निकाय तथा नीति निर्माण तहमा ५०% प्रतिनिधित्व हुनुपर्ने । |
| १४७ | हातेमालो महिला बहुउद्देश्यीय सहकारी संस्था लि., महाराजगञ्ज, काठ (पत्र मार्फत) | मादक पदार्थ सेवन गरी परिवार र समाजमा विकृति फैलाउने व्यक्तिलाई कडा सजायको व्यवस्था गर्नु पर्ने,<br>वहुविवाह सम्बन्धी कानून कडा भन्दा कडा हुनु पर्ने,<br>संघीय शासन प्रणालीको आधार लैङ्गिक समानता हुनुपर्ने । |
| १४८ | बौद्धिक अपाङ्ग र अभिभावकहरुको राष्ट्रिय संघ, जमल, काठमाडौं (पत्र मार्फत) | संविधानको मौलिक हक खण्डमा "बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको हक" राखियोस् र यस्ता व्यक्तिहरुका लागि जीवन उपयोगी व्यवहारिक शिक्षा, स्वास्थ्य, आवास, खाद्य तथा जीवन रक्षाको ग्यारेन्टी हुनेगरी व्यवस्था गरियोस,<br>यस्ता व्यक्तिहरुको हक हित संरक्षणका लागि "बौद्धिक अपाङ्गता हित संरक्षण आयोग" को संवैधानिक व्यवस्था होस् । |
| १४९ | श्री राम जानकी मठ मन्दिर जिल्ला कार्यालय सर्लाही (पत्र मार्फत) | नेपाललाई हिन्दु राज्य कायम गरियोस । |
| १५० | प्रगतिशील उपयोग तत्व नेपाल, राष्ट्रिय | नेपाल अधिराज्यको सार्वभौमिकता एवं राजकीयसत्ताको घोषणा संविधानको प्रस्तावनामा रहनुपर्छ,<br>संविधानमा क्षेत्रीय, जातीय, वर्गीय, लिङ्गीय, समावेसी तथा धर्म निरपेक्ष जस्ता शब्दहरु पूर्णत: |

| | | |
|---|---|---|
| | सचिवालय पोखरा (पत्र मार्फत) | निषेधित गर्नु पर्दछ,<br>प्रत्येक १० वर्षमा संविधान संशोधन हुनुपर्दछ,<br>राष्ट्रिय संकट तथा आमूल परिवर्तनका लागि जनमत संग्रह गर्नु पर्दछ,<br>नयाँ संविधान घोषणा गर्नु भन्दा पहिले जनमत संग्रह गरी ९० प्रतिशत मतदान र ७५% को स्वीकृति भएपछि मात्र लागू गर्नु पर्दछ । |
| १५१ | भवदत्त त्रिपाठी, धमिलीकुवा-३, लमजुङ्ग (पत्र मार्फत) | सार्वभौमसत्ता जनतामा निहित, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनी राज्य प्रति प्रतिवद्धता संविधानमा व्यवस्था गरिनु पर्छ,<br>राजनैतिक दल खोल्न प्रतिबन्ध लगाउन नपाउने गरी संविधानमा व्यवस्था गरिनु पर्छ, राजनैतिक दल खोल्न नागरिकहरुको १०,००० हस्ताक्षर चाहिने वर्तमान व्यवस्था संविधानमा राख्नु हुदैन । |
| १५२ | सनातन धर्म सेवा समिति, मोरङ्ग विराटनगर (पत्र मार्फत) | पशुपति विकास कोषलाई सरकारी नियन्त्रणबाट मुक्त गरी स्वतन्त्र, पारदर्शी र अधिकार सम्पन्न तुल्याइनु पर्छ । |
| १५३ | श्री हनुमान आराधना मण्डल नेपाल केन्द्रीय कार्यालय, जनकपुरधाम (पत्र मार्फत) | नेपाल सार्वभौमसत्ता सम्पन्न, अखण्ड, धर्मसापेक्ष हिन्दु राष्ट्र रहनुपर्छ,<br>राजसंस्था नेपालको लागि अपरिहार्य छ । |
| १५४ | श्री हनुमान आराधना मण्डल नेपाल, काठमाडौं जि.समिति, ललितपुर जि.स., भक्तपुर जि.स., किर्तिपुर शाखा, काठमाडौं (पत्र मार्फत) | अब बन्ने संविधानमा हिन्दु राष्ट्र र संवैधानिक राजतन्त्रको वारेमा जनमत संग्रहबाट निर्णय भए बमोजिम हुनुपर्ने । |
| १५५ | कृष्ण बहादुर चौधरी, श्रीपुर-९, कैलाली | बालबालिकालाई बालश्रमबाट मुक्त गरी अनिवार्य निःशुल्क शिक्षा तथा छात्रवृत्तिको व्यवस्था गरियोस्,<br>छुट्टै बालमन्त्रालयको स्थापना गरियोस,<br>सरकारी र निजी क्षेत्रबाट संचालित विद्यालयमा समान शैक्षिक पाठ्यक्रमको व्यवस्था गरियोस । |
| १५६ | मनिराम चौधरी, दुर्गालक्ष्मी उच्च मा.वि. अत्तरीया, कैलाली | राज्यले सबै जातजाती उपर समान व्यवहार र अवसर प्रदान गर्नुपर्छ,<br>अब बन्ने संविधान केन्द्रमुखी नभएर जनमुखी हुनु पर्छ । |
| १५७ | कृष्ण खड्का, कक्षा ७ मा अध्ययनरत विद्यार्थी, (राय सुझाव संकलन टोली नं. ३६ संयोजक मार्फत प्राप्त) | राज्यले उच्च मा.वि.सम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्छ । |
| १५८ | यज्ञराज जोशी, पतंजली योग समिति, महाकाली अंचल प्रमुख | स्वस्थ, सम्पन्न र शान्त नेपाल निर्माण गर्ने हो भने योग तथा आयुर्वेदलाई राष्ट्रिय चिकित्सा पद्धतिको रुपमा संवैधानिक व्यवस्था हुनुपर्दछ । |
| १५९ | देवीनाथ योगी, का.वा. सभापति, श्री गोरखनाथ सेवा संघ शाखा दैलेख | नयाँ संविधानमा नाथ योगीहरुको पृथक पहिचान र अस्तित्व स्पष्ट गर्दै योगीहरुलाई समानुपातिक र समावेशी आधारमा सुविधा र अधिकारहरु प्राप्त हुने उल्लेख हुनु पर्दछ । |
| १६० | नेपाल हिन्दु समाज | अब बन्ने संविधानमा नेपाललाई "हिन्दु राष्ट्र" उल्लेख गरी वहुसंख्यक हिन्दुहरुको सम्मान गरियोस्,<br>गौ हत्या माथि प्रतिबन्ध लगाइयोस । |
| १६१ | लाल बहादुर ऐर, डडेल्धुरा | प्रेस स्वतन्त्रता, मानव अधिकारको ग्यारेन्टी हुनु पर्दछ । |
| १६२ | डडेल्धुरा जिल्लामा रहेका हलिया तथा दलित संघ संस्थाहरु (राय सुझाव संकलन टोली नं. ३६ का संयोजक मार्फत प्राप्त) | क्रान्तिकारी भूमिसुधार मार्फत सबै हलिया तथा दलितहरुको जमिनमाथिको स्वामित्वको ग्यारेन्टी हुने गरी सुरक्षित आवास र उर्वरायुक्त कमाई खाने जमिन उपलब्ध गराउने संवैधानिक व्यवस्था हुनु पर्ने,<br>रोजगारीलाई मौलिक हकको रुपमा लागू गर्दै हलिया तथा दलितहरुको रोजगारीको सम्पूर्ण व्यवस्था राज्यले गर्नु पर्ने संवैधानिक व्यवस्था हुनुपर्ने,<br>राजनैतिक पार्टीका सबै तह र निकायमा समानुपातिक प्रतिनिधित्व र सहभागिता अनिवार्य रुपमा हुनु पर्ने,<br>दलित आयोगलाई अधिकार सम्पन्न संवैधानिक बनाई राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय जनजाति आयोग पदेन सदस्य रहने गरी राष्ट्रिय मानव अधिकार आयोग पुन संरचना हुनुपर्ने ।<br>दण्डहिनताको अन्त्य गरी छुवाछुतलाई गम्भीर मानविय अपराधका रुपमा परिभाषित गदै यसका अपराधीलाई कडा कानूनी कारवाहीको व्यवस्था होस् ।<br>पार्टीका सबै तहमा तथा सरकारी कर्मचारीका लागि जातिय छुवाछुत तथा भेदभाव सम्वन्धी आचार |

| | | |
|---|---|---|
| | | संहिताको निर्माण गरी लागु गरियोस । दलित समुदायको प्रतिनिधित्व गराउन दलितहरुको छुट्टै Saperate Electral System हुनु पर्ने । |
| १६३ | नेपाल अपाङ्ग संघ जिल्ला शाखा कैलाली (राय सुझाव संकलन टोली नं. ३६ का संयोजक मार्फत प्राप्त) | सात किसिमका अपाङ्गहरु मध्ये प्रत्येक समूहबाट २ प्रतिशतका दरले १४ प्रतिशत अनिवार्य रुपमा सवै राजनैतिक क्षेत्रमा समावेश गराउनु पर्ने । अपाङ्गहरुको हकहित सुरक्षाका लागि संघ संस्था र राजनैतिक दल खोल्न पाउने । निर्वाचनमा उम्मेदवार हुनका लागि अपाङ्गताको प्रकृतिलाई आधार बनाउन नपाइने । अपाङ्गताको कारण देखाई कुनै पनि राजनैतिक नियुक्तिबाट वञ्चित गर्न नपाइने अपाङ्ग सम्वन्धी मुद्दा मामिलाहरु हेर्ने गरी अपाङ्ग आयोगको स्थापना हुनुपर्ने शैक्षिक रोजगारमा अपाङ्ग व्यक्तिका लागि १५ प्रतिशत आरक्षण कोटा व्यवस्था हुनुपर्ने विद्यालयको शिक्षक दरवन्दीमा कम्तिमा ५ प्रतिशत अपाङ्ग शिक्षक दरवन्दी हुनुपर्ने । |
| १६४ | गा.वि.स.सचिव हकहित संरक्षण केन्द्र नेपाल जिल्ला कार्य समिति कैलाली (राय सुझाव संकलन टोली नं. ३६ का संयोजक मार्फत प्राप्त) | गा.वि.स सचिवहरुका मागहरु आन्दोलन मागहरु, आन्दोलन कार्यक्रमहरु र पेशागत हकहितसंग सम्वन्धीत विषयहरु भएको हुदा वुदाहरु टिपोट गर्न आवश्यक नदेखिएको । |
| १६५ | सेती महाकाली सुकुम्वासी मुल समिति (राय सुझाव संकलन टोली नं. ३६ का संयोजक मार्फत प्राप्त) | संविधान लेखन प्रकृयामा सुकुम्वासीका सवाल गास, वास, कपास, शिक्षा स्वास्थ्य रोजगार समावेश गरियोस सुकुम्वासीका वालवालिकालाई निःशुल्क शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गरियोस राज्यका हरेक क्षेत्रमा सुकुम्वासीको सहभागिता गराइयोस । |
| १६६ | नेपाल उराँव आदिवासी जनजाति उत्थान प्रतिष्ठान इनरुवा सुनसरी | उराँव/कुडुखा जनजातिलाई राज्यका हरेक अङ्गमा पूर्ण समानुपातिक प्रतिनिधित्व गरिनुपर्दछ । संघीय राज्य निर्माण हुदा उराँव /कुडुखाजनजातिको पहिचान हुने गरि कुडुख राज्य पनि हुनुपर्छ उराँव कुडुख जनजातिलाई निःशुल्क शिक्षा, स्वास्थ्य पाउने व्यवस्था गरिनुपर्छ । |
| १६७ | नेपाल बार एशोसिएसन रामशाह पथ काठमाण्डौ | ११औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनबाट जारी गरिएको काठमाण्डौ घोषणा पत्र २०६५मा उल्लेखित वुदाहरु संघीय लोकतान्त्रिक गणतन्त्र, वहुलवादमा आधारित पूर्ण प्रतिस्पर्धात्मक शासन व्यवस्था जनतामा निहित राजकिय र सार्वभौमसत्ता विधिको शासन संवैधानिक सर्वोच्चता, वालिग मताधिकार तथा आवधिक निर्वाचन, आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सहितको मौलिक मानव अधिकारको पूर्ण प्रत्याभूति स्वतन्त्र सक्षम र उत्तरदायि न्यायपालिका पुर्ण प्रेस स्वतन्त्रता, समावेशी लोकतन्त्र, सिमान्तकृत वर्ग समुदाय पिछडिएको क्षेत्र, माहिला र अल्पसंख्यक समुहहरुको प्रतिनिधित्व सहितको अधिकार सम्पन्न शासकिय ढाँचामा आधारित अखण्ड अविभाज्य र राष्ट्रिय एकतालाई सुदृढ गर्ने संविधान निर्माण हुनुपर्दछ । |
| १६८ | मैथिल ब्राहमण सभा, कमलपोखरी, काठमाण्डौ (पत्रमार्फत) | राष्ट्र :- नेपाल राष्ट्रहरुको राष्ट्र अथवा बहुराष्ट्र हो जहा मुलरुपमा दुई राष्ट्रका मानिस बस्दछन मधेशी र पहाडी मैथली भाष संघको सरकारी कामकाजको भाषा हुनुपर्ने । गाइको विशेष संरक्षण र गौपालन प्रवर्धन हुनुपर्ने । मैथिल ब्राहमण अल्पसंख्यक र आर्थिक रुपले पिछडिएको समुदाय भएकाले राजनैतिक र आीर्थक आरक्षण आवश्यक छ । |
| १६९ | नेपाल हिन्दी साहित्य परिषद केन्द्रिय कार्यालय वीरगंज (पत्रमार्फत) | हिन्दी लगायत नेपालमा बोलिने र बुझिने सबै भाष र बोलीहरुलाई भावी संविधानमा यथोचित सम्मान र स्थान प्राप्त हुनुपर्छ । |
| १७० | लोकतन्त्र तथा समावेशीकरण परियोजना | संविधानको नाम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६५ हुनुपर्दछ । आवश्यक परेको खण्डमा संविधान शंसोधन गरिनु पर्दछ । संविधान संशोधन प्रकृयामा सवै प्रान्तहरुको सहभागिता र प्रान्तीय सरकारको दुइतिहाई मतले पास गर्नु पर्दछ । |

| | | |
|---|---|---|
| १७१ | नेपाल अपाङ्ग मानव अधिकार केन्द्र काठमाण्डौ (पत्रमार्फत) | अपाङ्गहरुले पनि सपाङ्ग सरह सम्मानपुर्वक बाच्न पाउनु पर्छ ।<br>अपाङ्गहरुलाई आरक्षणको व्यवस्था गरिनुपर्दछ ।<br>उच्च शिक्षा सम्म निःशुल्क पढ्न पाउनु पर्छ ।<br>अपाङ्गताहरुको हक अधिकार प्रस्तावनामा उल्लेख गरि कार्यान्वयन गरिनु पर्छ ।<br>सबै अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न राज्यले जीवन धान्ने गरी अपाङ्गता भत्ता दिनु पर्छ । |
| १७२ | श्री ५ बिरेन्द्र स्मृति प्रतिष्ठान, केन्द्रिय कार्यालय, गोठाटार-८ (पत्र मार्फत) | संसदमा सभासदहरुले अनिवार्य राष्ट्रिय पोशाक लगाउनु पर्छ ।<br>नेपालको माटो सुहाउदो संविधान वनाउनु पर्ने ।<br>हिन्दु राज्य निर्धारण गरियोस,<br>कुनैपनि जाति, समुदायको धर्ममा हस्तक्षेप नहोस ।<br>पुनःराजसंस्थाको व्यवस्था होस । |
| १७३ | चनौरा ईदगाह कमिटी, राजविराज-२, सप्तरी (पत्र मार्फत) | भावी संविधानमा मुस्लिम जाति उल्लेख हुनुपर्ने ।<br>मुस्लिम नारीलाई इसलामी कानुनको हक पाउनु पर्ने ।<br>सरकारी गैरसरकारी हरेक क्षेत्रमा मुस्लिमलाई जनसंख्याको आधारमा समावेशी गर्नु पर्छ ।<br>मदरसाको वोर्ड गठन हुनुपर्ने ।<br>जातिको आधारमा राज्यलाई नटुक्राउने<br>मुस्लिम लाई अध्ययनको लागि सरकारी कोटा छुट्टायाउनु पर्ने । |
| १७४ | जातीय समता समाज केन्द्रीय कार्यालय, डिल्लीबजार (पत्र मार्फत) | प्रस्तावननामा निम्न लिखित विषय समावेस गरिनुपर्ने<br>"जातीय विभेदरहित छुवाछुत मुक्त राष्ट्र" भनेर उल्लेख गरिनु पर्छ ।<br>देशमा विधमान सामन्ती आर्थिक, सामाजिक व्यवस्थामा आमुल परिवर्तन र रुपान्तरण गरेर प्रगतिशील, जनकल्याणकारी र समतामूलक आर्थिक, सामाजिक र राजनैतिक व्यवस्था निर्माण गरिने कुरा उल्लेख गरिनु पर्छ ।<br>विगत लामो समय देखि सामन्ती केन्द्रीकृत एकात्मक शासन अन्तर्गत शोषण, दमन तथा उत्पिडनमा परी पछाडी पारिएका जातजातीको वृहत स्वतन्त्रता र अधिकारका निम्ति दलितहरुको बहुसंख्या भएका जिल्ला वा गाउहरुमा अग्राधिकार सहितको जातीय स्वशासन दिइने कुरा उल्लेख गरिनु पर्छ ।<br>संघीय राज्यमा दलितहरुको एकता र सदभाव टुक्रिने, दलितहरुको जातीय हित कुण्ठित हुने हुदा देशमा प्रजातान्त्रिक विकेन्द्रीयता तथा स्थानीय स्वायत्त शासन सहितको एकात्मक शासन प्रणाली अपनाइने कुरा उल्लेख गरिनु पर्छ ।<br>सबै धर्मावलम्वीहरु आफ्नो आस्था बमोजिमको धर्म मान्नका लागि स्वतन्त्र हुने र राज्यले कुनै पनि धर्मको संरक्षण नगर्ने गरी धर्म निरपेक्ष राज्य उल्लेख गरिनु पर्छ ।<br>दलित जातीको परिभाषा सहित तराई, पहाड र हिमाली भेगमा बस्ने सबै जाती अन्तर्गतका दलितहरुलाई सूचिकृत गरिनु पर्छ । भविष्यमा कुनै कारणले कुनै समुदायले आफूलाई दलित समुदायको रुपमा प्रमाणित गरी आएमा उनिहरुका लागि पनि ढोका खुल्ला राखिनु पर्छ ।<br>दलित समुदायलाई सरकारका सबै निकायमा जनसंख्याको आधारमा आरक्षण कोटाको व्यवस्था गरिने कुरा उल्लेख गरिनु पर्छ।<br>राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न संवैधानिक निकाय बनाइनु पर्छ । |
| १७५ | जनआन्दोलन २०६२।६३ का पिडित घाइते तथा शहिद परिवारको तर्फबाट प्रस्तुतकर्ता सुदर्शन के.सी. (पत्र मार्फत) | नयाँ बन्ने संविधानको प्रस्तावना खण्डमा नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनालाई समेट्दै "जनआन्दोलन २०६२।०६३ र सो आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने शहिदको सपना र घाइते योद्धाहरुको त्याग र भावनाको उच्च सम्मान गर्दै" भन्ने वाक्यांश राखियोस ।<br>नेपाल राष्ट्र - राज्यको परिभाषामा नेपालको अन्तरिम संविधान ०६३ को प्रावधान सहित "यो संविधान घोषणा हुँदाका बखत कायम रहेको राज्यको भूगोल कुनै पनि अवस्थामा अखण्डित रहनेछ ।" कुनै पनि अवस्थामा आत्मनिर्णय स्वशासन स्वायत्तताको अधिकार प्रदान गरिएको स्थितिमा पनि "नेपाल राष्ट्रलाई विखण्डन गरी अर्को राष्ट्रको घोषणा गर्न पाइने छैन सो भए गरेमा राष्ट्र द्रोहको अभियोगमा राष्ट्रिय शत्रु घोषणा गरी सर्वश्व सहित आजन्म कारावास वा देश निकाला गरिने छ" भन्ने वाक्यांश राखियोस् ।<br>राष्ट्रिय बहसको विषय बन्ने कुनै पनि आम सरोकारको महत्वपूर्ण मुद्धामा राष्ट्रिय जनमत संग्रह गरी त्यस्तो विषयको निर्णय लिइने संवैधानिक व्यवस्था हुनु पर्नेछ । |
| १७६ | नेपाल मुस्लिम पत्रकार संघ | नया बन्ने संविधानमा नेपालमा बसोबास गर्ने इस्लाम धर्मावलम्वी मुस्लिमहरुको स्पष्ट परिचय र पहिचान उल्लेख गरिनु पर्छ । उनिहरुको स्तन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विधमान संवैधानिक र कानुनी व्यवस्थालाई आवश्यक प्रकृया पुरा गरी संशोधन गर्नुपर्छ ।<br>शक्तिशालि संवैधानिक राष्ट्रिय मुस्लिम आयोग स्थापना गरिनु पर्छ<br>मुस्लिम समुदायलाई संघीय संरचनाका केन्द्रीय र प्रान्तीय राज्यहरुमा विशेष आरक्षण गरिनु पर्छ । |
| १७७ | मोर्डन कन्या मल्टिपल कलेज, भिमसेन गोला काठमाण्डौ | उक्त कलेजले संविधान निर्माणमा महिला सहभागिता विषयमा गोष्ठी आयोजना गरी सो का निष्कर्षहरुलाई सुझावको रुपमा प्रस्तुत गरिएको जसमा आरती चटौत र डा. गोविन्द वहादुर थापाका २ वटा कार्यपत्र समेत संलग्न रहेका छन् । उक्त गोष्ठिको निश्कर्षमा हरेक क्षेत्रमा ५० प्रतिशत आरक्षण सहितका भावी संविधानले महिलाका सवालमा संम्वोधन गर्नुपर्ने विषयहरुलाई |

| | | |
|---|---|---|
| | | समेटेको देखिन्छ । यस समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको |
| १७८ | वासिङ्टन नेपाल फोरम वासिङ्टन डि.सी. अमेरिका | प्रस्तावना<br>संघीय सरकारका तीन वटा अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको शक्ति विभाजन गरिने कुरा प्रस्तावनामा प्रष्टसंग लेख्नु पर्ने<br>संविधान संशोधन<br>संविधान संशोधनको विधेयक संघीय राज्यहरुको विधायिका कम्तिमा पनि ६० प्रतिशत वहुमतबाट अनुमोदन हुनुपर्ने |
| १७९ | संयुक्त अरब इमिरेटसमा कार्यरत नेपाली नागरिक नवीन थापा सहित ६६ जना | संयुक्त अरब इमिरेट्स स्थित नेपाली राजदुतवास मार्फत त्यहा कार्यरत ६६ जना नेपाली नागरिकहरुको सुझाव यस समितिको नाममा प्राप्त भए पनि यस समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा आधारित सुझाव नभएको |
| १८० | वि.एच.कार्की, ओखलढुंगा जिल्ला मामखा गा.वि.स. वर्डा नं. १ | सुझावकर्ताको सुझावका विषयहरु भ्रष्ट्रचार नियन्त्रण, मौलिक अधिकार कर्मचारीतन्त्र विकास निर्माण जस्ता विषयहरुमा बढी केन्द्रित देखिएको यस समितिका कार्यक्षेत्र भित्रका विषयहरु नसमेटिएको । |
| १८१ | प्रल्हाद कार्की, दुवाकोट २ भक्तपुर | प्राप्त सुझाव राज्यको शासकिय स्वरुप, राष्ट्रिय हितको संरक्षण समितिका विषयमा केन्द्रीत रहेको । |
| १८२ | होमराज विष्ट चितवन | संविधान सरल स्पष्ट सबैले बुझ्ने हुनुपर्छ दोहोरो अर्थ लाग्ने र अस्पष्ट हुनु हुदैन<br>संविधानले सबै तह र तप्पका वर्ग लिङ्ग भाषा समुदायलाई समेट्न सक्नुपर्छ<br>मन्त्रीहरुमा विषयगत दक्षता हुनुपर्छ<br>संसद मन्त्रीहरुलाई जनताले फिर्ता बोलाउन सक्ने व्यवस्था हुनुपर्छ |
| १८३ | खस क्षेत्री संयुक्त राष्ट्रिय मोर्चा र सामाजिक जनतान्त्रिक समाज द्वारा प्रस्तुत भावी संविधान २०६७ मार्फत | प्रस्तावना<br>प्रस्तावनामा "नेपाली जनता राजनैतिक हैसियतमा निर्णायक, आर्थिक हैसियतमा सम्पन्न, सामाजिक हैसियतमा सम्मानित, सांस्कृतिक हैसियतमा लोकप्रिय बन्न पाउने अधिकारलाई सुनिश्चित गर्दै प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन व्यवस्था, जनसर्वोच्चता, मानव अधिकार, प्रेस तथा नागरिक स्वतन्त्रता, शक्ति सन्तुलन, वालिग मताधिकार, आवधिक निर्वाचन, मौलिक अधिकार, स्वतन्त्र एवं सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत राज्यको सम्पुर्ण शक्तिको श्रोत नेपाली जनता मात्र हुन भन्ने मान्यतालाई आत्मसात गर्दै हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता स्वयंमले यो नेपालको संविधान २०६७ जारी भएको घोषणा गर्दछौं" जस्ता शब्दहरु उल्लेख भएको ।<br>प्रारम्भिक<br>संविधान मुल कानुन हो, संविधानलाई जनमत संग्रह मार्फत ५१ प्रतिशत वालिक मताधिकारबाट अनुमोदन भए पछि लागु हुनेछ ।<br>नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहने ।<br>नेपाल एक स्वतन्त्र अविभाज्य, सार्वभौमसत्ता सम्पन्न सामाजिक लोकतान्त्रिक गणराज्य हो ।<br>हालका ५ विकास क्षेत्रलाई ५ स्वायत्त क्षेत्रमा परिर्वतनगरी आफ्नो लागि आफै निर्णय गर्न पाउने जनताको सार्वभौम अधिकार सुनिश्चित गरी आ-आफ्नै कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सहितको अधिकार बाँडफाडको व्यवस्थागरी केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीय गरी ४ तहका सरकारहरु संचालनमा ल्याउने ।<br>नेपालमा वोलिने सवै मातृभाषा राष्ट्र भाषा देवनागरिक लिपीमा नेपाली भाषा सरकारी कामकाजको भाषा र नेपालीको सम्पर्क भाषा हुनेछ ।<br>हाल कायम रहेको राष्ट्रिय झण्डा नै रहने छ ।<br>नेपालको भूमि, साधनस्रोत सार्वभौमसत्ता, राजकिय सत्ता, नागरिकता, भाषा, संस्कृति, भेषभुषा धरोहर, मुल्य मान्यता, गौरवगाथा, आन, मान, शान, आदि उपभोग र उपयोग गर्ने जनता नेपालको राष्ट्रियता हो । प्रत्येक नेपालीको भावना, चाहना र स्वाभिमानको कदरगर्दै नागरिकको इज्जत मान सम्मान र प्रतिष्ठा उचो राख्दै नागरिक नागरिक वीचको एकता, सद्भाव सहयोग र सहकार्य वृद्धि गर्दै नेपाली राष्ट्रियताको संरक्षण र सम्वर्द्धन गरिने छ । राष्ट्रियतामा आँच आउन नदिनु प्रत्येक नेपालीको कर्तव्य हुनेछ ।<br>नेपाली सीमा मिचिन नदिनु नेपाली क्षेत्रफलमा कमी आउन नदिनु नेपाली भुमि अतिक्रमण, खण्डित तथा विखण्डित हुनबाट जोगाउनु, राष्ट्रिय अखण्डताको रक्षा गर्नु मानिनेछ र नेपालको अखण्डताको रक्षा गर्नु प्रत्येक नेपालीको कर्तव्य हुनेछ ।<br>नेपालमा लगाइने पोषाकहरु सबै राष्ट्रिय पोशाक हुन तापनि नेपालीको सांस्कृतिक पहिचान बनिसकेको टोपी, सुरुवाल र कोटलाई साझा राष्ट्रिय पोशाक मानिनेछ र राष्ट्रिय समारोहमा धारण गरिनेछ । |

| | | |
|---|---|---|
| | | राष्ट्रिय गान र निसान छाप नेपाली जनताले निर्धारण गरे बमोजिम हुनेछ ।<br>नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंक्षी डाँफे राष्ट्रिय पहिचान मानिनेछ र यिनीहरुको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य मानिनेछ ।<br><u>संकटकालीन व्यवस्था</u><br>नेपाल राज्यको सार्वभौमसत्ता अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध बाह्य आक्रमण सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृखलताको कारणले गम्भिर संकट उत्पन्न भएमा नेपाल सरकार राज्य परिषदको सिफारिसमा राष्ट्रध्यक्षले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा निश्चित समयको लागि लागु हुने गरी संङ्कटकालिन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ । संकटकालमा सुरक्षाको दृष्टिले असहज हुने मौलिक हक बाहेक उपचारको हक र वन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन । |
| १८४ | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | यस मञ्चका मागहरु नेपालको भूमिसुधारसँग केन्द्रित रहेको । यस समितिको कार्यक्षेत्रसँग सम्बन्धित सुझाव नरहेको । |
| १८५ | बौद्धिक स्रोत परिचालन केन्द्र, नेपाल | <u>नाम :</u> संघीय लोकतान्त्रिक संसदीय गणतन्त्र नेपालको संविधान, २०६६<br><u>प्रस्तावना</u> :<br>नेपाल राष्ट्र र राष्ट्रियताको स्वभिमानी गौरव गाथालाई निरन्तरता दिने प्रतिवद्धता सहितको गहनतम जिम्मेवारी लिएका हामी संविधान सभासदहरु नेपाली जनताको संवैधानिक प्रतिनिधिको हैसियतले नेपाली जनताको गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य तथा प्राकृतिक श्रोत सम्पदा तथा पर्यावरणको सदुपयोग र संरक्षण, शान्ति सुरक्षाको सुनिश्चित गर्नका लागि नेपालको संघीय गणतन्त्रको संविधान नेपालको संविधान २०६६ तयार पारि नेपाल राष्ट्रको मुल कानून यो संविधान जारी गरेका छौं ।<br><u>पहिलो भाग</u> :<br>संविधान नेपालको मूल कानून हो । यो संविधानको पालना गर्नु प्रत्येक नेपालीको कर्तव्य हुनेछ ।<br>राष्ट्र : राष्ट्रको आधार जनता हुन । जुनसुकै धर्म, वर्ग, जात वा जातिका भएपनि समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता र अखण्डता प्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध हिमाल, पहाड, तराईका सवै नेपाली जनता समष्टिगत रुपमा एक राष्ट्र हो ।<br>नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने छ ।<br>राज्य : नेपाल एक बहुजाति, बहुभाषिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न बहुलवादी संघीय लोकतान्त्रिक गणतन्त्र हुनेछ ।<br>राष्ट्रिय झण्डा र राष्ट्रिय गान हाल प्रचलित कायम रहने छ ।<br>नेपाली भाषा राष्ट्र भाषा र सम्पर्क भाषा हुने र मातृभाषाका रुपमा वोलिने सवै भाषा राष्ट्रिय भाषा हुनेछन् ।<br><u>राजनीतिक दल सम्बन्धी</u> :<br>राजनैतिक संगठन खोल्ने अधिकारबाट बञ्चित गरिने छैन ।<br><u>संविधान संशोधन</u> :<br>सम्पूर्ण संसद सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्ताव पारित गरेमा संविधान संशोधन गर्न सकिनेछ ।<br><u>संकटकाल</u> :<br>नेपाल राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता कुनै भागको सुरक्षा युद्ध सशस्त्र विद्रोह बाह्य आक्रमण वा चरम आर्थिक विश्रृखलताको कारणले गम्भिर संकट उत्पन्न भएमा मन्त्री परिषदको सिफारिसमा राष्ट्रपतिबाट नेपाल राज्यभर वा कनै खास क्षेत्रमा लागु हुने गरी संकटकालिन अवस्थाको घोषणा गर्न सकिने छ । सो को तीन महिना भित्र संसदको बैठकबाट अनुमोदन गराउन पर्नेछ ।<br><u>बाधा अड्काउ फुकाउने</u> :<br>संविधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले आदेश जारी गर्नेछ र त्यस्तो आदेश संसदबाट अनुमोदन गरिनु पर्नेछ । सो कुरा दुई तिहाई मतबाट पारित हुनु पर्छ ।<br><u>विविध</u> :<br>संवैधानिक परिषद<br>प्रधानमन्त्री — अध्यक्ष<br>प्रधानन्यायधीश — सदस्य<br>सभामुख प्रतिनिधिसभा — सदस्य<br>उपाध्यक्ष राष्ट्रियसभा — सदस्य<br>प्रतिनिधि सभामा प्रमुख विपक्षी दलको नेता — सदस्य<br>उक्त अवधारणामा नेपाल समता पार्टीको पुर्व सहमति रहेको कुरा नेपाल समता पार्टीका अध्यक्ष पासाङ्ग गोपर्माले प्रमाणित गर्नु भएको छ । |

| | | |
|---|---|---|
| १८६ | राष्ट्रिय दलित आयोग | प्रस्तावना :<br>नेपालको सार्वभौमसत्ता, राजकीयसत्ता र राज्यशक्तिको श्रोत नेपाली जनता नै हुन भन्ने तथ्यलाई स्वीकार गर्दै,<br>नेपाल एक बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक विशेषतायुक्त राष्ट्र भएको स्वीकार गर्दै,<br>दलित समुदायलाई इतिहासकाल देखि राज्यद्धारा नै समग्र क्षेत्रमा पछाडि पारी जातीय विभेद तथा छुवाछुत जन्य व्यवहार गरिदै आएकोमा पश्चात गर्दै,<br>समानता, सामाजिक न्याय र मानवीय मर्यादायुक्त, धर्म निरपेक्ष पुर्ण समावेशी र जातिय भेदभाव तथा छुवाछुत रहित राष्ट्रको निर्माण गर्ने प्रतिबद्धता जाहेर गर्दै<br>प्रारम्भिक :<br>नेपालको सार्वभौमसत्ता, राजकीयसत्ता र राज्यशक्तिको श्रोत नेपाली जनतामा निहित रहनेछ ।<br>राष्ट्र : नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, धर्मनिरपेक्ष पूर्ण समावेशी, भेदभाव तथा छुवाछुत रहित, समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धि प्रति आस्थावान रही एकताको सुत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हो<br>नेपाल राज्य : नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्मनिरपेक्ष पुर्णसमानुपातिक समावेशी जातीय विभेद तथा छुवाछुत मुक्त संघीय लोकतान्त्रिक गणराज्य हो ।<br>राजनीतिक दल :<br>राजनीतिक दलका सबै तहका कार्यकारिणी समितिमा दलित तथा जातीय अल्पसंख्यक समुदायबाट समुचित प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ ।<br>दलको विधानमा दलको सदस्यहरुलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनुपर्दछ ।<br>कुनै राजनैतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा,वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनैतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह, वा झण्डा मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलिय वा एक दलिय व्यवस्थाको सम्वोधन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।<br>राजनैतिक दलहरुबाट सबै तहका निर्वाचनहरुमा दलितलाई अनिवार्य रुपमा समानुपातिक उम्मेदवारी र प्रतिनिधित्वको व्यवस्था गर्नु पर्छ ।<br>दलको विधानमा जातीय भेदभाव तथा छुवाछुतलाई राज्य र मानवता विरुद्धको जघन्य सामाजिक अपराध स्वीकार गरी त्यस्तो व्यवहार गर्ने नेता कार्यकर्तालाई कारवाही गर्ने व्यवस्था नभएका राजनैतिक दललाई दर्ता गरिने छैन ।<br>विविध :<br>संवैधानिक परिषदमा दलित तथा जातीय अल्पसंख्यक समुदायबाट अनिवार्य रुपमा समावेश गरिनेछ ।<br>राज्यले राजदुत र विशेष प्रतिनिधि नियुक्तिमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुनेछ ।<br>परिभाषा :<br>दलित समुदाय भन्नाले परम्परागत रुपमा जातीय विभेद र छुवाछुतजन्य भेदभाव भोग्दै आएका सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक र सांस्कृतिक क्षेत्रमा बहिस्कृत बञ्चितिकृत र अति सिमान्तकृत कलाकार, सिल्पी पौरखी श्रमिक समुदायलाई जनाउनेछ । |
| १८७ | बाहिङ किरात मुलखिम र बृहत किरात स्वायत्त प्राप्ती संघर्ष समितिको संयुक्त सुझाव | नेपाल बहुभाषिक बहुसांस्कृतिक बहुजातीय, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, पूर्ण समावेशी, लोकतान्त्रिक संघीय राज्य प्रणाली एवम् समानुपातिक सहमतिको आधारमा राज्य संचालन हुने ।<br>नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषाको रुपमा राज्यको कामकाजी भाषा त्रिभाषिक नीति अवलम्वन स्थानीय मातृभाषा नेपाली, अंग्रेजी<br>राष्ट्रिय झण्डा र किरात संघीय राज्यको महत्व झल्कीने झण्डा छुट्टै रहनेछ । राष्ट्रिय गान हालकै कायम रहनेछ ।<br>राष्ट्रिय जनवार कस्तुरी हुनेछ । |
| १८८ र १८९ | राष्ट्रिय महिला आयोगको तर्फबाट | प्रस्तावना :<br>अन्तरिम संविधानको प्रस्तावनामा उल्लेखीत व्यवस्थालाई यथावत राख्दै निम्न कुरा थप गर्ने<br>अविभेदको सिद्धान्तमा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक संघीय राज्य व्यवस्थालाई संस्थागत गर्ने र देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक समस्याहरु लगायत महिला विरुद्ध विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, कानूनी एवं प्रशासनिक भेदभावको अन्त्य गर्ने संकल्प गर्दै<br>राजनैतिक दल :<br>अन्तरिम संविधानको धारा १४२ को उपधारा १ पछि देहाय बमोजिम थप गर्ने<br>(१क) प्रत्येक राजनैतिक दलले आफ्नो स्थानीयस्तरको संगठनदेखि केन्द्रीयस्तरको संगठनसम्ममा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । यसरी प्रतिनिधित्व गराउँदा एकल महिला, दलित, आदिवासी, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, पछाडी पारिएका क्षेत्र र मुस्लिम सिमान्तकृत अल्पसंख्यक, तेस्रो लिङ्गी, यौन अभिमुखिकरण समेतको विविधता कायम गर्नु |

| | | |
|---|---|---|
| | | पर्नेछ ।<br>(१ख) यसरी ५० प्रतिशत महिला प्रतिनिधित्व नगराएको राजनीतिक दललाई निर्वाचन आयोगले दर्ता गर्ने छैन ।<br>विविध :<br>अन्तरिम संविधानको धारा १५० देहाय बमोजिम संशोधन गर्नुपर्नेछ<br>राष्ट्राध्यक्षले मन्त्रिपरिषदको सिफारिसमा विभिन्न क्षेत्रबाट ५० प्रतिशत महिलाहरु समावेश हुने गरी नेपाली राजदुत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधिहरु नियुक्ति गर्ने छ । यसरी नियुक्ति गर्दा दलित आदिवासी जनजाति मधेशी अपाङ्गता भएका व्यक्ति सिमान्तकृत अल्पसंख्यक पछाडी पारिएका क्षेत्र र मुस्लिम महिला समेतको विविधता कायम गर्नु पर्नेछ ।<br>धारा १५३ मा देहाय बमोजिम संशोधन गर्नु पर्नेछ ।<br>नेपाल सरकारले मुलुकको केन्द्रिय प्रान्तीय एवं स्थानीय प्रशासन संचालन गर्न निजामति सेवा र आवश्यक अन्य सरकारी सेवाहरुको गठन गर्न सक्नेछ । यसरी गठन गरिने सेवा सम्वन्धित निकायहरुका प्रत्येक तहका कर्मचारीहरुमा कम्तिमा ५० प्रतिशत महिला कर्मचारीहरु नियुक्त गर्ने छ । यसरी नियुक्ती गर्दा एकल महिला दलित आदिवासी जनजाति मधेशी अपाङ्गता भएका व्यक्ति सिमान्तकृत अल्पसंख्यक पछाडी पारिएका क्षेत्र र मुस्लिम महिला समेतको विविधता कायम गर्नु पर्नेछ । |
| १९० | सुनुवार सेवा समाज | राज्यको पुन:संरचना हुदा सुनुवारहरुको वल्लो किरात स्वायत्त राज्य हुनेछ । |
| १९१ | सार्वजनिक नीति सम्वाद केन्द्र | प्रस्तावना :<br>सार्वभौम एवं राज्य सत्ता नेपाली जनतामा निहित रहने गरी नेपाली जनताको सर्वोच्चता कायम हुने गरी लोकतान्त्रिक गणतन्त्वात्मक राज्य व्यवस्था सम्वन्धी कुराहरु<br>प्रजातन्त्रका सर्वमान्य सिद्धान्त र आर्दश प्रतिको प्रतिवद्धता अनतिक्रमणीय रुपमा अभिव्यक्त हुनु पर्दछ ।<br>नागरिकको सार्वभौम मौलिक अधिकार मानव अधिकार समानता स्वतन्त्रता तथा जीउ धन संग सम्वन्धित अधिकारहरुको प्रत्याभुतिलाई अनतिक्रमणीय तथा अनुलङ्नीय रुपमा उल्लेख हुनु पर्ने ।<br>कानूनको शासन स्वतन्त्र र निश्पक्ष न्यायपालिकाको प्रतिवद्धता उल्लेख हुनु पर्दछ ।<br>प्रतिस्पर्धात्मक बहुदलिय शासन प्रणाली र आवधिक स्वतन्त्र निर्वाचनको व्यवस्था समावेश गर्नु पर्ने<br>नेपालमा बोलिने सवै भाषा राष्ट्रिय भाषा हुने व्यवस्था गर्नु पर्छ ।<br>सर्म्पक भाषाको रुपमा नेपाली भाषा विकसित भै सकेकोले नेपाली भाषालाई राष्ट्रभाषा तथा केन्द्रको सरकारी कामको भाषा बनाउन उपयुक्त हुन्छ ।<br>प्रादेशिक राज्यहरुको सर्म्पक भाषा नेपाली राष्ट्र भाषा र भाषिक समन्वय समितिले तोकेको सम्वन्धित प्रादेशिक राज्यको अन्य १ वहुप्रचलित भाषा हुनेगरी व्यवस्था हुनु पर्नेछ ।<br>संकटकाल :<br>मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट बढीमा १ महिनाको लागि संकटकाल घोषणा हुने । संकटकाल घोषणाको सिफारिशमा राष्ट्रपतिलाई पुनविचार हुनु पर्ने लागेमा एक पटक पुन विचार गर्न मन्त्री परिषदमा फिर्ता गर्न सक्ने<br>संकटकाल घोषणा हुने वित्तिकै ३० दिनभित्र तल्लो तथा माथिल्लो सदनको संयुक्त वैठकमा संकटकाल सम्बन्धी प्रस्ताव पेश गरी अनुमोदन गराउनु पर्ने । एक महिना भन्दा वढी संकटकाल लागु गर्नु पर्ने अवस्थामा व्यवस्थापिका संसदको स्वीकृतिमा सरकारले संकटकालको अवधि एक पटकमा वढीमा ३ महिनासम्म थप गर्न सकिने व्यवस्था हुन उपयुक्त हुने संसदको स्वीकृति प्राप्त भएमा संकटकालको घोषणा राष्ट्रपतिबाट हुने संसदलाई छल्नेगरी संकटकाल घोषणा गर्न नसक्ने व्यवस्था राख्ने ।<br>संविधान संशोधन :<br>संविधानको मर्म र भावना विपरित तथा संविधानको प्रस्तावनामा लेखिएको भावना विपरित हुने गरी संविधान संशोधन गर्न नसकिने वन्देज हुनु पर्छ ।<br>संविधान प्रदत्त मौलिक अधिकार कटौति गर्ने गरी संविधान संशोधन गर्न नपाइने व्यवस्था गर्ने ।<br>नेपालको अखण्डता, सार्वभौमीकता र नेपालको सिमामा प्रतिकुल असर पर्ने गरी संविधान संशोधन गर्न नपाइने व्यवस्था हुनु पर्छ ।<br>अन्य विषयमा संविधान संशोधन गर्न नेपाल राज्यको तल्लो सदन माथिल्लो सदन र प्रादेशिक राज्यहरुको व्यवस्थापिका सदनका सदस्यहरुको गोप्य मतदानबाट दुईतिहाई बहुमतका आधारमा मात्र संशोधन गर्न सकिने व्यवस्था हुनु पर्छ ।<br>विविध :<br>संविधान कुनै कुरा प्रष्ट नभई कार्यान्वयनमा वाधाउत्पन्नभएमा त्यस्तो वाधाा अड्काउ फुकाउने व्यवस्था गर्नु पर्ने<br>राष्ट्रिय महत्वको कुनै विषयमा निर्णय लिदा तत्काल कायम रहेको संसदले जनमत संग्रहद्वारा निर्णय लिन उपयुक्त हुन्छ भनि प्रस्ताव पारित गरेमा तोकिए बमोजिम जनमत संग्रह गर्ने व्यवस्था संविधानमा समावेश गर्नु पर्ने । |

| | | |
|---|---|---|
| १९२ | सुदुर पश्चिमाञ्चल सरोकार मञ्च नेपाल | प्रस्तावना :<br>हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनताले विभिन्न जनआन्दोलन मार्फत प्रकट गरिएका चाहना अनुसार प्राप्त आफ्नो संविधान आफै बनाउने अधिकारले प्रदत्त निर्वाचित संविधानसभाले जनताको चाहना अनुरुप नेपाललाई एक सम्पूर्ण प्रभुत्व सम्पन्न अखण्डित समतामुलक लोककल्याणकारी संघीय लोकतान्त्रिक गणराज्य बनाउन तथा नेपालका समस्त नागरिकलाई सामाजिक, आर्थिक र राजनैतिक न्याय विचार अभिव्यक्ति विश्वास धर्म र उपासनामा स्वतान्त्रता प्रतिष्ठा र अवसरको समानता प्राप्त गर्न र सबै वर्ग क्षेत्र लिङ्गको मानवीय गरिमा राज्यको अकुण्ठित एकता, अखण्डता सुनिश्चित गर्ने पारस्परिक बन्धुत्व बढाउनका लागि दृढ संकल्परत रहने प्रतिवद्धताका साथ जनताका तर्फवाट संविधान सभाले यो संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६७ जारी भएको घोषणा गरिनु पर्छ ।<br>भाषा :<br>देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।<br>नेपालमा सनातनदेखि बोलिने सबै भाषा राष्ट्रिय भाषा हुनेछन ।<br>केन्द्रदेखी स्थानीय निकायसंग सम्पर्क गर्ने माध्यम देवनागरि लिपीमा नेपाली भाषा हुनेछ ।<br>राज्य वा प्रदेश उप प्रदेश र गाउँ नगरमा सम्वन्धित निकायले निर्णय गरेको बहुसंख्यकले वोलिने मातृभाषा र नेपाली भाषा दुवै भाषा सरकारी कामकाजी भाषा हुनेछन् ।<br>राष्ट्रको परिभाषा :<br>जुनसुकै धर्म, वर्ग, जातजातिका भएपनि समान आकाक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता प्रति आस्थावान रही एकताको सुत्रमा आवद्ध सबै नेपाली जनता समष्टिरुपमा एक सनातन राष्ट्र हो ।<br>नेपालको विशेषता :<br>अखण्ड सार्वभौमसत्ता, प्राकृतिक, विविध धर्म तथा सस्कृति वीचको समन्वयकारी समाज हो ।<br>राष्ट्रिय प्रतिक :- रातो गुराँसको फुल, गाई, सिम्रिक रंग, राष्ट्रिय झण्डा, डाँफेचरा, वीरताको चिन्ह डवल क्रस खुकुरी, सगरमाथा राष्ट्रको लोगो आदि ।<br>राष्ट्रिय गान : हाल कै ठिक छ ।<br>राजनीतिक दल :<br>मतदाताको हस्ताक्षरको आधारमा दल दर्ता गर्ने प्रावधान राखिनु हुदैन<br>निर्वाचन खर्चको लागि दललाई सरकारले अनुदान दिने तर चन्दा उठाउन नपाइने व्यवस्था गरिनु पर्छ ।<br>प्रत्येक दलले प्रत्येक वर्षको आय व्यय प्रतिवेदन निर्वाचन आयोगमा पेश गरि सार्वजनिक गर्नु पर्ने व्यवस्था हुनु पर्दछ ।<br>संकटकालीन अवस्था :<br>कार्यकारी प्रमुखले पहिलो पल्ट ६ महिनाका लागि घोषणा गर्न सक्ने र थप गर्नु पर्ने भए व्यवस्थापिकाको सहमतिमा थप्ने व्यवस्था गर्ने ।<br>वाधा अड्काउ फुकाउने अधिकार :<br>बाधा अड्काउ फुकाउने अधिकार तत्कालिन संसदलाई हुनु पर्छ । संसद नभएको अवस्थामा राष्ट्रपतिलाई हुनुपदृछ ।<br>संविधानको नाम :<br>संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६७ राखिनु पर्दछ । |
| १९३ | अखिल नेपाल ट्रेड युनियन महासंघ केन्द्रिय समिति | प्राप्त सुझावहरु श्रमिक वर्गको पेशागत हक अधिकार संग सम्वन्धित रहेको यस समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव प्राप्त नभएको । |
| १९४ | संविधान सभा महिला सभासद समुह | प्रस्तावनामा ............ समानता, स्वतन्त्रता, न्याय तथा आत्मसम्मानको सिद्धान्त अनुसार समाजमा विधमान लैङ्गिक असमानताको पुर्ण अन्त्य गर्दै<br>........महिला विरुद्धका सम्पुर्ण शोषण, दमन, विभेद र हिसांको पुर्ण अन्त्य गर्दै .....<br>........ स्वभिमान, उच्च सम्मान तथा मर्यादाका साथ महिलाको बाँच्न पाउने अधिकारको प्रत्याभुति गर्दै<br>.......... महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्वन्धी महासन्धिलाई आधार मान्दै<br>.............. समन्यायी राज्य ............समेत रहने गरी व्यवस्था गर्नु पर्ने<br>अन्य विषयगत समितिको कार्यक्षेत्र भित्र नपरेका विषयमा संवैधानिक व्यवस्था गर्दा लैङ्गिक हक अधिकार तथा विशेष संरक्षणको व्यवस्थालाई संवैधानिक सुनिश्चितता प्रदान गर्ने<br>संविधानमा लैङ्गिक विभेद व्यक्त हुने भाषाको प्रयोग नगरी भाषामा लैङ्गिक तटस्थता कायम हुने (जस्तै राष्ट्राध्यक्ष, सभाध्यक्ष, सेना प्रमुख) भाषा शब्दको प्रयोग हुनुपर्ने ।<br>संवैधानिक सर्वोच्चतामा कानुन व्यवहार र प्रथा परम्परा संविधानसंग बाझिएमा खारेज हुने व्यवस्थाको सुनिश्चितता गर्नु पर्ने ।<br>सरकारी कागजात लगायत सार्वजनिक क्षेत्रमा प्रयोग हुने लिखतमा बाबुको नाम लेख्नु पर्ने स्थानमा लैङ्गिक विभेद नहुने गरी बाबुआमाको नाम लेख्नुपर्ने व्यवस्था हुनुपर्ने । |

| | | |
|---|---|---|
| | | गरी दलित महिलालाई हरेक स्थानमा ५० प्रतिशत सुनिश्चितता गरिनु पर्दछ । |
| २०२. | रावासावा प्राज्ञिक समाज नेपाल, काठमाडौं | पुस्तिकाको रुपमा **नयाँ बन्ने संविधानका लागि सुझावहरु, २०६५** प्रस्तुत गरिएको जसमा डा. विष्णु प्रसाद राई, सुमन राजभण्डारी, धनप्रसाद सुवेदी 'श्रमिक', नरेन्द्रराज रेग्मी, टङ्क भट्टराई, परिवर्तन भट्टराई, बम बानियाँ, शन्तिराम राई, गणेश अधिकारी समेत १० जनाको छुट्टा छुट्टै सुझाव संलग्न भएको, जसका मूल बुँदाहरु यस प्रकार छन् :-<br>नेपाल धर्म निरपेक्ष राज्य हुनुपर्छ,<br>गाई राष्ट्रिय जनावरबाट हटाइनु पर्छ,<br>सबै जातिको भाषाले समान अधिकार पाउनु पर्छ,<br>संघीय स्वायत्त राज्य र आत्मनिर्णय अधिकार हुनुपर्छ,<br>संघीय लोकतान्त्रिक गणतन्त्र अपरिहार्य छ,<br>विधिको शासन, सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित आवधिक निर्वाचन मानव अधिकारको सुनिश्चितता हुनुपर्छ,<br>धर्म निरपेक्ष राज्य, सबैखाले विभेदको अन्त्यको संवैधानिक व्यवस्था,<br>महत्वपुर्ण र संवेदनशिल विषयहरुमा निर्णय गर्नु पर्दा जनमतसंग्रहद्वारा टुङ्ग्याउनु उचित हुन्छ,<br>राष्ट्रिय झण्डा बदल्नु पर्छ,<br>नेपालको विशिष्टतामा एक सिङे गैडा वा कस्तुरी मृग राष्ट्रिय जनवार हुन सक्छ । |
| २०३ | मदन राई रतन्छाली (रावासावा प्राज्ञिक समाज नेपाल) | सुझाव नं. २०२ मा संलग्न व्यहोरा नै हुबहु रहेको । |
| २०४ | टङ्क भट्टराई (उपाध्यक्ष रावासावा प्राज्ञिक समाज नेपाल) | सुझाव नं. २०२ मा संलग्न व्यहोरा नै हुबहु रहेको । |
| २०५ | धन प्रसाद सुवेदी 'श्रमिक' (रावासावा प्राज्ञिक समाज नेपाल) | सुझाव नं. २०२ मा संलग्न व्यहोरा नै हुबहु रहेको । |
| २०६ | मुकुन्द प्रसाद खतिवडा हे.न.पा.-९, मकवानपुर | नेपाल धर्म निरपेक्ष मुलुक हुनु पर्छ ।<br>निर्वाचनमा ५ प्रतिशत मत प्राप्त नगर्ने दल वा जनताले अनुमोदन नगरेको दल खारेज हुने व्यवस्था गरिनु पर्छ । |
| २०७ | नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्र, केन्द्रीय कार्यालय, काठमाण्डौ | नया संविधानमा मानव अधिकार प्रेस स्वतन्त्रता र ट्रेड यूनियन अधिकारको ग्यारेन्टी सहित लोकतान्त्रिक मुल्य मान्यता र आर्दशको ग्यारेन्टी हुनु पर्दछ ।<br>सामाजिक सुरक्षा एवम् सामाजिक न्यायको हकको ग्यारेन्टी,<br>विधायिका लगायत नीति निर्माणको तहमा श्रमिक वर्गको प्रतिनिधित्व,<br>समानताको हकको प्रत्याभुति,<br>जीवन निर्वाह गर्न पुग्ने पारिश्रमिकको ग्यारेन्टी र आरक्षणको व्यवस्था,<br>बालबालिकाको हक, शोषण विरुद्धको हक, राष्ट्रिय श्रम आयोगको गठन, सामाजिक संवाद र औद्योगिक सम्बन्ध विकास सम्बन्धी व्यवस्था हुनुपर्छ । |
| २०८ | नेपाल उधोग वाणिज्य महासंघ, काठमाण्डौ | भावी संविधानमा देहायका अधिकारहरुको संवैधानिक संरक्षण हुनु पर्छ :<br>निजी सम्पत्ति आर्जनगर्न र त्यसको सुरक्षा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता<br>आर्थिक क्रियाकलापको अधिकारको स्वतन्त्रता<br>उधम अधिकारको स्वतन्त्रता<br>सरकार वा कुनै व्यक्तिको अनुचित कार्यबाट कसैको कुनै प्रकारको भौतिक क्षति हुन गएमा त्यस्तो क्षति वापत क्षतिपुर्ति पाउने अधिकारको स्वतन्त्रता<br>निश्पक्ष, प्रशासनिक सेवा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता<br>व्यापार व्यवसाय खोल्ने संचालन गर्ने यसबाट मुनाफा प्राप्त गर्ने र बन्द गर्न पाउने स्वतन्त्रता<br>स्वतन्त्र र निश्पक्ष प्रतिस्पर्धाको अधिकार<br>सम्झौता गर्ने अधिकारको स्वतन्त्रता<br>सरकारको एकाधिकार विरुद्धको अधिकार<br>वस्तु तथा उत्पादनको खुल्ला परिचालनको स्वतन्त्रता<br>लगानी तथा व्यवसायी सुरक्षाको व्यवस्था<br>दोहोरो कर विरुद्धको अधिकारको स्वतन्त्रता<br>श्रमिक तथा कामदारले न्यायोचित ज्याला तथा सुविधा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता<br>उधमी लगानीकर्ता रोजगारदाता र कामदार श्रमिक वीचको अन्तसम्बन्धको संवैधानिक प्रत्याभूतिको अधिकार । |

| | | |
|---|---|---|
| २०९ | प्रेमकुमार पोखरेल<br>धरमपुर–८, सप्तरी | प्रस्तावना :<br>आफ्नो लागि आफैले संविधान निर्माण गर्ने तमाम नेपाली नागरिकहरुको चाहना पुरा गर्ने क्रममा आफ्नो प्राणको आहुति दिएर गणतन्त्रको लागि वीरगति प्राप्त गरेका हजारौं महान शहिदहरुको सपनाको स–सम्मान गर्दै सम्पूर्ण जात जातिहरुको इच्छा बमोजिमको सार्वभौमसत्ता सम्पन्न, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, नेपाली स्वाभिमान र स्वतन्त्रता अक्षुण्ण रुपमा कायाम राख्दै अनेकतामा एकताको मूल मन्त्रलाई स्वीकार गर्दै सुन्दर शान्त संघीय गणतान्त्रिक अधिराज्य नेपालको संविधान २०६७ जारी भएको घोषणा गर्दछौं ।<br>पहिलो भागमा रहने विषयहरु :<br>संविधान मूल कानून<br>राष्ट्रिय भण्डा – अहिले कै ठिक छ ।<br>राष्ट्रिय भाषा – नेपाली नै राम्रो छ ।<br>राष्ट्रिय गान – अझ उत्कृष्ठ छनौट गर्नु पर्छ ।<br>मातृभाषा – सबै जातिको संविधानमा किटान गरिनु पर्छ ।<br>संविधान संशोधन प्रकृया :<br>अन्तरिम संविधान २०६३ को प्रावधान ठिक छ ।<br>राजनैतिक दल :<br>दलीय स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रता संविधानमा उल्लेख भए पनि राजनैतिक दल २ वटा मात्र होस् ।<br>संकटकालिन अवस्थाको घोषणाको व्यवस्था :<br>अन्तरिम संविधान २०६३ को प्रावधान ठिक छ ।<br>बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धि व्यवस्था :<br>एमिकस क्यूरीको सहयोगमा संसद सदस्यहरुको दुई तिहाई सदस्यहरुको बहुमतबाट स्वीकृत भए बमोजिम हुने व्यवस्था होस् ।<br>संक्रमणकालिन व्यवस्था :<br>अन्तरिम संविधान २०६३ को धारा १६० देखि १६५ सम्मको प्रावधान ठिक छ ।<br>परिभाषा :<br>अन्तरिम संविधान २०६३ को धारा १६५ को उपधारा १(ख) मा नेपाल राज्यको सट्टा नेपाल अधिराज्य उल्लेख गर्नु पर्छ ।<br>नाम :<br>गणतान्त्रिक संघीय संविधान नेपाल र हरेक नेपालीको आफ्नै ऐतिहासिक संविधान २०६७ भनिनेछ |
| २१० | दलित सेवा संघ, शाखा कार्यालय जुम्ला<br>(पत्र मार्फत) | संकटकाल कस्तो कस्तो अवस्थामा लगाउने भन्ने बारे स्पष्ट व्याख्या गरिनुपर्छ,<br>जनताको दैनिक जीवन यापनका गतिविधि जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी तथा खाद्य सम्प्रभुता लगायतका सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरु जस्तोसुकै संकटकालको घोषणाले पनि कटौती गर्न हुदैन,<br>राज्यको पुन:संरचना गरिदा राज्यको हरेक संयन्त्रमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्छ,<br>राजनीतिक दलहरुको संरचना अनिवार्य रुपले समावेशी हुनुपर्छ । |
| २११ | सिविन नेपाल<br>(पत्र मार्फत) | बालबालिकाको विषयलाई प्राथमिकता दिन प्रस्तावनामा निम्न वाक्यखण्ड राखिनु उपयुक्त हुनेछ :<br>"भावी पिंढीका लागि दिगो शान्ति, न्याय, विकास भन्ने प्रकारका शब्दावली तथा भावी पिंढीलाई मानव अधिकार तथा लोकतन्त्रप्रति सम्मान गर्ने सक्षम र स्वावलम्वी नागरिक बनाउन बालबालिकाको बचाउ, संरक्षण विकास र सहभागिताको अधिकारको सम्मान गर्दै" |
| २१२ | बाँके युनेस्को क्लब, नेपालगञ्ज (पत्र मार्फत) | संविधानको प्रस्तावना खण्डमा इस्लाम धर्मावलम्वी मुस्लिम समुदायको समस्याहरुलाई समाधन गर्न राज्यको पुन:संरचना गर्दै भन्ने वाक्यांश राख्नु पर्ने देखिन्छ,<br>संविधानको प्रस्तावनामा मधेशका समस्यालाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्ने कुरा उल्लेख गर्नु पर्छ, |
| २१३ | नेपाल उद्योग परिसंघ, (CNI) | परिसंघबाट समितिमा प्रस्तुत अवधारणामा देहायका मूल बुँदाहरु बारे प्रष्ट पारिएको :-<br>मौलिक हक,<br>निर्देशक सिद्धान्त तथा नीतिहरु,<br>न्यायपालिका |
| २१४ | थकाली सेवा समिति नेपाल | थसाङ् क्षेत्रमा थकालीले विगतदेखि वर्तमानसम्मका जुनसुकै शासन व्यवस्थामा पनि जातीय स्वायत्ततालाई निरन्तर रुपमा उपभोग गरिआएको सन्दर्भमा अब बन्ने संविधानमा थकाली जातीय स्वायत्त राज्य वा प्रदेश सुनिश्चित हुनपर्छ,<br>नेपाल पक्ष रहेको ILO को महासन्धि नं. १६९ ले सुनिश्चित गरेका निम्न अधिकार सुनिश्चित हुनु पर्दछ :-<br>पृथक र विशिष्ट पहिचानको अधिकार, जल, जंगल, जमिन लगायतका प्राकृतिक श्रोत र साधनको अधिकार, सहभागिताको अधिकार, क्षतिपूर्तिको अधिकार, श्रमिकहरुको नियुक्ति तथा रोजगारीको अधिकार, व्यवसायिक तालिम, हस्तकला तथा ग्रामिण उद्योग सम्बन्धी अधिकार, सामाजिक सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अधिकार, शिक्षा तथा संचार सम्बन्धी अधिकार, अन्तर्देशीय सम्पर्क तथा |

| | | |
|---|---|---|
| | | सहयोग सम्बन्धी अधिकार,<br>साथै राष्ट्रसंघीय घोषणा पत्रले सुनिश्चित गरेका निम्न अधिकार सुनिश्चित हुनुपर्दछ :-<br>पृथक र विशिष्ट पहिचानको अधिकार, सामुहिक अधिकार, आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकार, पितृभूमि र प्राकृतिक श्रोतहरु माथिको अधिकार, परम्परागत अधिकार, आदिवासी जनजाती, महिला र बालबालिकाको अधिकार, मातृभाषा र शिक्षाको अधिकार, परम्परागत स्वास्थ्य पद्धति माथिको अधिकार, परम्परागत संचारको अधिकार । |
| २१५ | भावेन्द्र भण्डारी (इमेल मार्फत) | नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक र भौगोलिक हिसाबले विविधतायुक्त मुलुक भएको हुँदा बहुलता नेपाली समाजको विशेषता रहेको छ, राज्यको पुनर्संरचना गर्दा एकात्मक र संघात्मक राज्यका सकारात्मक विशेषता र हाम्रो मुलुकको राम्रा अनुभवलाई समेत समेट्नु पर्छ,<br>प्रत्येक जाति र समुदायको मानिसहरुलाई आफ्नो मातृभाषाको अकुण्ठित प्रयोग र विकासको अधिकार रहनछ । राज्यले भाषिक समानताको नीति अवलम्बन गर्नु पर्दछ । नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाउने नीति अवलम्वन गर्नु पर्छ,<br>सबै समुदायको धर्म र संस्कृति प्रति राज्यका तर्फबाट समान व्यवहार हुने कुरालाई सुनिश्चित गरिनु पर्छ । |
| २१६ | एजुकेशन नेटवर्क (इमेल मार्फत) | यस समितिले जनताबाट राय सुझाव संकलन गर्न तयार गरेको प्रश्नावली भरी पठाएको पाइयो । |
| २१७ | मुस्लिम संघ नेपाल, केन्द्रीय कार्यालय, काठमाडौं | नेपालीहरुको माध्यम भाषा नेपाली भाषा हो । केन्द्रीय सरकारको कामकाजको लागि नेपाली र अंग्रेजी भाषा तोकिनु पर्ने तर केन्द्र-प्रान्त र प्रान्त-प्रान्त बीच केन्द्रीय सरकारी कामकाजको भाषा प्रयोग गर्नु पर्छ । स्थानीय निकायहरुमा कामकाजको भाषा निर्धारण गरी प्रत्येक वर्ग, जाति र समुदायको मातृभाषामा शिक्षा अनिवार्य गरी ती भाषाहरुको संरक्षण र विकास गर्नु पर्छ,<br>मुलुकभरी बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरिनु पर्छ,<br>मुस्लिम समुदायको धर्म, संस्कृति, सामाजिक मूल्य मान्यतालाई मनन गर्दै उनिहरुको विविध क्षेत्रको उत्थान र विकास गर्न संवैधानिक निकायको रुपमा अधिकार सम्पन्न शक्तिशाली मुस्लिम आयोगको स्थापना गर्नुपर्छ,<br>केन्द्रीय, प्रान्तीय र स्थानीय निकायहरुमा मुस्लिम समुदायलाई जनसंख्याको आधारमा विशेष आरक्षण व्यवस्था गरिनु पर्छ । |
| २१८ | रुद्रराज शर्मा, टेकनाथ पौडेल र विष्णुप्रसाद गौतम | संविधान सरल र स्पष्ट भाषामा लेखियोस, दोहोरो अर्थ लाग्ने भाषा प्रयोग नगरियोस,<br>कार्यालयको कामकाजी भाषा नेपाली भाषा हुनुपर्छ,<br>राष्ट्रिय जनावर गैंडा हुनुपर्छ,<br>प्रत्येक १० वर्षमा संविधानका असफल भएका बुँदाहरु संशोधन गर्ने व्यवस्था होस् । |
| २१९ | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन (पत्र मार्फत) | मानव अधिकार मैत्री संविधान निर्माणका लागि देशका पाँच विकास क्षेत्रमा आयोजना गरिएका परामर्श गोष्ठिबाट प्राप्त सुझावहरुलाई प्रस्तुत गरिएको जसका मुख्य बुँदाहरु :-<br>आदिवासी तथा जनजातिहरुको ILO अभिसन्धि नं. १६९ लाई संविधानमा सुनिश्चित गर्नुपर्ने,<br>नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु संविधानमा समावेश गरिनुपर्ने,<br>कामको सिलसिलामा विदेश गएका नेपालीलाई पनि मतदानको अधिकार प्राप्त हुनुपर्ने<br>मुस्लिम, दलित, जनजाति, आदिवासी, अल्पसंख्यकहरुको अधिकार संवोधन हुने खालको व्यवस्था हुनुपर्छ,<br>निर्वाचित नेताले जनताको विपरित काम गरेमा ५१% मतदाताहरुको हस्ताक्षरमा फिर्ता बोलाउने व्यवस्था हुनु पर्दछ । |
| २२० | हिमालय बुढापाका समाज नेपाल (पत्र मार्फत) | आगामी संविधानमा बुढापाकाहरुको हकहित र अधिकारहरुको व्यवस्था गरिनुपर्छ । |
| २२१ | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, केन्द्रीय समिति (पत्र मार्फत) | प्रस्तावना :<br>………… सार्वभौमसत्ता, राजकीयसत्ता र राज्यशक्तिको श्रोत नेपाली जनता ……… नेपाल एक बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक, धर्मनिरपेक्ष, समानुपातिक समावेशी, सबै प्रकारको जातीय भेदभाव तथा छुवाछुतमुक्त जनताको संघीय लोकतान्त्रिक राष्ट्रिय गणतन्त्रात्मक राष्ट्र हुनेछ भन्ने वाक्यांश राखिनु पर्दछ ।<br>पहिलो भाग :<br>सार्वभौमसत्ता र राजकीयसत्ता :- नेपालको सार्वभौमसत्ता, राजकीयसत्ता र राज्यशक्तिको श्रोत नेपाली जनतामा निहित रहनुपर्छ,<br>राष्ट्र :- नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, धर्मनिरपेक्ष पूर्ण समानुपातिक समावेशी, जातीय विभेद तथा छुवाछुतरहित विशेषतायुक्त समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धि प्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हुनुपर्दछ ।<br>राजनीतिक दल :<br>राजनीतिक दलका सबै तहका कार्यकारिणी समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा निर्वाचित हुने व्यवस्था गरिनुपर्छ, |

| | | |
|---|---|---|
| | | दलको विधानमा सदस्यहरुलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था हुनुपर्छ, दलको विधानमा "जातीय भेदभाव तथा छुवाछुतलाई राज्य र मानवता विरुद्धको जघन्य सामाजिक अपराध स्वीकार गरी त्यस्तो व्यवहार गर्ने नेता कार्यकर्तालाई कारवाही गर्ने व्यवस्था" नभएका दललाई दर्ता गरिनु हुदैन । |
| २२२ | नेपाल ब्राम्हण समाज पर्सा, वीरगञ्ज (पत्र मार्फत) | वैदिक हिन्दु संस्कृति सनातन धर्म, हिन्दुत्व एवं ब्राम्हणत्वको अस्तित्व रक्षको प्रत्याभूति गरियोस्, अल्पसंख्यक ब्राम्हण जातीलाई राज्यको हरेक अंगमा आरक्षणको व्यवस्था सुनिश्चित गरियोस्, गौहत्या र गाइगोरुको अवैध व्यापार पूर्णतः बन्द गरियोस, संस्कृत शिक्षाको अध्यापन उच्चशिक्षा तहसम्म अनिवार्य गरियोस । |
| २२३ | नेपाल जन प्रशासन संघ, जमल, काठमाडौं (पत्र मार्फत) | **नयाँ संविधानः सार्वजनिक प्रशासनको व्यवस्थापन अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझावहरु** नामक पुस्तिकामा शासकीय स्वरुप निर्धारण समितिको कार्यक्षेत्रका विषयमा सुझाव प्राप्त भएको यस समितिको कार्यक्षेत्रमा सुझाव नरहेको । |
| २२४ | अनन्त श्री विश्वभुषित धर्म सम्राट जगतगुरु परिवाजक शंकराचार्य श्री मददण्डी आश्रम १०८ काशिकानन्द सरस्वती जी महाराज मोतिझिल आश्रम बृन्दावन, उत्तरप्रदेश, भारत (पत्र मार्फत | शिक्षाको राष्ट्रियकरण गरी गरीब वर्गलाई निःशुल्क शिक्षा, आरक्षण व्यवस्थाले जातिवाद जन्माउछ, जातिवादले अशान्ति हुन्छ त्यसकारण आरक्षणको व्यवस्था नराख्नु राम्रो हुन्छ, संकटकालीन अवस्थाको घोषणाको अधिकार प्रधानमन्त्रीमा निहित रहने र यस्तो अवस्था छ महिनाको लागि मात्र हुनुपर्छ । |
| २२५ | संयुक्त ट्रेड युनियन समन्वय केन्द्र | नेपालमा क्रियाशील ट्रेड युनियन महासंघहरुको साझा संयन्त्र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले नयाँ संविधानमा राख्नु पर्ने भनी दिएको सुझावमा उल्लेखित मुख्य बुँदाहरु :-<br>शोषण विरुद्धको हक, ट्रेड युनियन अधिकार र सामुहिक सौदावाजीको हक, वाह्यकारी श्रम विरुद्धको हक, बालश्रम विरुद्धको हक, समानताको हक, सामाजिक सुरक्षा तथा न्याय सम्बन्धी हक, रोजगारीको हक,<br>सबै संयुक्त ट्रड युनियन सम्बन्धी प्रस्ताव र संवैधानिक अंगको रुपमा राष्ट्रिय मजदुर आयोगको गठन सम्बन्धी प्रस्ताव पेश भएको छ । |
| २२६ | हिमालय ग्रामिण प्राकृतिक श्रोत व्यवस्थापन महिला समूह (हिमवन्ती) नेपाल | नयाँ संविधानमा ग्रामिण महिलाको तमाम सवालहरु मध्ये प्राकृतिक श्रोतमाथि ग्रामिण महिलाको अधिकार र पहुँचको विषयले पनि प्राथमिकता पाउनु पर्छ । |
| २२७ | नेपाल चलचित्र कलाकार संघ, काठमाडौं (पत्र मार्फत) | नेपाली चलचित्र क्षेत्रलाई राष्ट्रको पाँचौ अंगको रुपमा मान्यता दिई चलचित्र उद्योगका हकहितको संरक्षणलाई राज्य व्यवस्थाले विशेष मान्यता दिईनेछ भनि मौलिक हकमा समावेश गर्ने उल्लेख भएको तर संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| २२८ | ऐतिहासिक जनआन्दोलनका यूवा घाइतेहरुको समाज, केन्द्रीय कार्यालय, माइतिघर, काठमाडौ (पत्र मार्फत) | प्रस्तावना :<br>ऐतिहासिक जनआन्दोलन २०६२/६३ को मुख्य उपलब्धी स्वरुप राजतन्त्रको विधिवत अन्त्य गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,<br>नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणाप्रति प्रतिवद्धता व्यक्त गर्दै,<br>देशमा विद्यमान लैङ्गिक, जातीय, क्षेत्रीय, वर्गीय समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना, देशमा शान्ति, संमृद्धि र सामाजिक परिवर्तनलाई केन्द्रमा राख्दै नेपाली जनताहरुको भावना अनुरुप तयार गरी नेपालको संविधान २०६७ जारी गरिएको हो ।<br>पहिलो भाग :<br>नाम : यो संविधानको नाम "नेपाल अधिराज्यको संविधान, २०६७" रहने छ । र व्यवस्थापिका संसदले अनुमोदन गरेपछि प्रारम्भ हुनेछ ।<br>नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहनेछ<br>नेपाल राज्य : नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी राज्य हो ।<br>संविधान संशोधन : संविधान संशोधनका लागि माथिल्लो र तल्लो सदनको सदस्य संख्याको ७५ प्रतिशतले अनुमोदन गरेपछि मात्र संविधान संशोधन हुनेछ ।<br>राजनीतिक दल :<br>जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक रुपमा एकलौटी तवरबाट राजनीतिक दल खोल्न पाइने छैन । नैतिक पतन गुमेको फौजदारी अपराधमा सजाय पाएको, राष्ट्रिय अखण्डतामा खलल पुऱ्याउने वा पुऱ्याउन उत्प्रेरित गर्ने व्यक्तिले राजनीतिक दल खोल्न पाउने छैनन् र सामाजिक हितका लागि खोलिएका कुनैपनि सामाजिक संस्था राजनीतिक दलका रुपमा गठन हुन पाउने छैनन् ।<br>प्रत्येक राजनीतिक दलले आफ्नो आय-व्यय विवरण वार्षिक रुपमा निर्वाचन आयोगमा पेश गर्ने र |

| | | |
|---|---|---|
| | | त्यसको अनुगमन पनि निर्वाचन आयोगले गर्नेछ ।<br>संकटकालीन अधिकार : मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखले संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार रहनेछ । राष्ट्रिय अखण्डता र सार्वभौमसत्तालाई नै खलल पर्ने अवस्था आएमा मात्र संकटकालीन अवस्थाको घोषणा गरिनेछ । पहिलो पटक मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्र प्रमुखले तीन महिनाको लागि र दोश्रो पटक केन्द्रीय व्यवस्थापिकाको दुवै सदनले अनुमोदन गरेपछि छ महिनाको लागि लगाउन सकिनेछ ।<br>बाधा अड्काउ फुकाउने अधिकार : मन्त्रिपरिषदको सिफारिशमा राष्ट्र प्रमुखले संवैधानिक बाधा अड्काउ फुकाउने व्यवस्थाको प्रयोग गर्न सक्नेछन् । |
| २२९ | नेपाल अपाङ्ग समाज, काठमाडौं | नेपाल अपाङ्ग समाजबाट प्रकाशित “नयाँ संविधानको लागि अपाङ्गता भएका व्यक्तिको आवाज” नामक पुस्तकलाई सुझावको रुपमा प्रस्तुत गरिएको जसमा अपाङ्गता भएका व्यक्तिहरुको समग्र सवालहरुः शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक जस्ता विषयमा प्रकाश पारिएको । संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| २३० | रामप्रसाद कहार, बुटवल १० सुखा नगर, रुपन्देही (पत्र मार्फत) | नेपाल धर्म निरपेक्ष र लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक कायम गरिनु पर्छ । |
| २३१ | कृष्ण विक्रम शाह, लेखगाउँ, सुर्खेत (पत्र मार्फत) | प्राप्त सुझावहरु यस समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा केन्द्रित नभई मौलिक हक, राष्ट्रिय हितको संरक्षण, राज्यको पुनसंरचना जस्ता विषयहरुमा केन्द्रित रहेको देखियो । |
| २३२ | हरि प्रसाद श्रेष्ठ, त्रिवेणी-७, सल्यान (पत्र मार्फत) | प्राप्त सुझावहरु यस समितिका कार्यक्षेत्र भित्रका विषयसंग सम्वन्धित नरहेको । |
| २३३ | बाबुराम ज्ञवाली (जनआन्दोलनको जीउँदो शहिद), गुल्मी, लिम्घा-९, (पत्र मार्फत) | प्राप्त सुझावहरु यस समितिका कार्यक्षेत्र भित्रका विषयहरुमा नरहेको । |
| २३४ | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, जिल्ला संगठन समिति, बैतडी (पत्र मार्फत) | अब बन्ने संविधानमा दलित समुदायको समस्याको वास्तविक पहिचान गरी राज्यले दलित समुदायलाई राज्य सत्ताका सम्पूर्ण अंगहरुका साथै आर्थिक, सामाजिक, सांस्कृतिक लगायत जीवनका सबै क्षेत्रहरुमा विशेषाधिकारको नीतिलाई सुनिश्चित गरी प्रभावकारी र दिगो ढंगले क्रियान्वयन गर्नु पर्दछ । |
| २३५ | किरात याक्थुङ्ग चुम्लुङ, केन्द्रीय कार्यालय, ललितपुर (पत्र मार्फत) | संविधानको नाम :- “संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०६७” हुनु पर्दछ ।<br>प्रस्तावनाले निम्न मर्म/विषयहरु आत्मसात गर्नु पर्दछ :-<br>नेपालको जातीय, भाषिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय/पर्यावरणीय विविधतालाई मान्यता दिदै राष्ट्रिय एकताको प्रवर्धन गर्ने,<br>सामन्ती, राजतन्त्रात्मक, एकात्मक, जातीय, विशिष्टतावादी, विभेदकारी राज्यसत्ताको दमन, उत्पीडन, शोषण र बहिष्कारमा परेका महिला, आदिवासी जनजाति, दलित, विभिन्न जातजाति तथा समाजिक समूह लगायतका सार्वभौमसत्ता सम्पन्न जनसमुदायको मुक्तिको आकांक्षा पुरा गर्न र समतामुलक, समन्यायिक समाज निर्माण गर्न दृढता ।<br>राज्यसत्ताको परिवर्तनका लागि आदिवासी जनजातिहरुले पु-याएको योगदानको उचित कदर । आदिवासी जनजातिहरुको आत्म–निर्णय र जातीय स्वशासनको अधिकारको प्रत्याभूति,<br>सामुदायिक, पूर्ण समानुपातिक प्रतिनिधित्व र अल्पसंख्यक तथा सिमान्तकृत समुदायको विशेष प्रतिनिधित्वको प्रत्यभूति,<br>लोकतान्त्रिक मूल्य, राजनीतिक तथा सांस्कृतिक बहुलवाद, संघीय प्रणाली, मौलिक स्वतन्त्रता, मानव अधिकार, सामाजिक न्याय, स्वतन्त्र प्रेस, आवधिक निर्वाचन, वहुदलिय प्रतिस्पर्धा, शक्तिको न्यायसंगत वितरण र कानूनी राज्य, अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र घोषणाहरुका प्रावधानहरु प्रति पूर्ण प्रतिवद्धता ।<br>सार्वभौमसत्ता र राजकीय शक्ति : नेपालको सार्वभौमसत्ता र राजकीय शक्ति जनतामा निहित रहनुपर्छ । जसको प्रयोग नेपाली जनताले स्वतन्त्र र निष्पक्ष रुपमा आफ्नो बालिगमतधिकार प्रयोग गरी निर्वाचित प्रतिनिधि मार्फत गर्ने व्यवस्था हुनुपर्दछ ।<br>नेपाल राज्यको विशेषता : नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष र समाजिक छुवाछुतमुक्त संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य हो ।<br>संविधान संशोधन : संविधान संशोधन संघीय व्यवस्थापिकाको दुई तिहाई सदस्य संख्याले गर्ने, तर वहुमत राज्य व्यवस्थापिकाले अनुमोदन नगरेमा संशोधन नहुने व्यवस्था गरिनुपर्छ ।<br>राजनीतिक दल : बहुदलिय प्रतिर्स्पधा र शान्तिपूर्ण आन्दोलनमा केन्द्रीत भई गतिविधि गर्न राजनीतिक दल खोल्नका लागि बन्देज लगाउनु हुन्न ।<br>राजनीतिक दलहरु जनता र राष्ट्र प्रति जिम्मेवार हुने, आर्थिक रुपले पारदर्शी हुने र आन्तरिक लोकतन्त्रको अभ्यासलाई सुनिश्चित गर्ने संवैधानिक व्यवस्था गर्नु जरुरी हुन्छ ।<br>संकटकालीन अवस्थाको घोषणा : संकटकालको घोषणा भएको मितिले एक महिनाभित्र अनुमोदनका |

| | | |
|---|---|---|
| | | लागि संघीय व्यवस्थापिकाको बैठकमा राख्नुपर्दछ । संघीय व्यवस्थापिकाको दुइतिहाई बहुमतले अनुमोदन गरेमा संकटकाल तीन महिनासम्म लागु रहनुपर्नेछ ।<br>वाधा अड्काउ फूकाउको व्यवस्था : संघीय मन्त्रिपरिषदले संविधानको कार्यान्वयन गर्न वाधा अड्काउ परेमा वाधा अड्काउ फूकाउन आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश संघीय व्यवस्थापिकाको दुवै सदनवाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ । |
| २३६ | भुम बहादुर गुरुङ्ग पोखरा - १० नेपाल (पत्र मार्फत) | समितिले अवधारणा पत्र तयार गर्ने कार्यक्षेत्र भित्रका विषयसंग सम्वन्धित सुझाव नरहेको ।<br>संघिय संरचनाको स्वरुप र नागरिकता सम्बन्धमा सुझाव रहेको । |
| २३७ | शान्ति युवा परिवार नेपाल जोकाहा ९, रौतहट (पत्र मार्फत) | समितिले अवधारणा पत्र तयार गर्ने कार्यक्षेत्र भित्रका विषयसंग सम्वन्धित सुझाव नरहेको । महिलालाई निशुल्क शिक्षा, दहेज प्रथाको अन्त, घरेलु हिंसाको अन्त, कृषकको जीवन स्तर माथि उठाउनु पर्ने तथा अशक्त, अपाङ्ग, एकल महिला तथा विधवाको हक हित संरक्षण हुनु पर्ने विषय समावेश भएको । |
| २३८ | पदम न्यौपाने, गोर्खा एफ. एम. (पत्र मार्फत) | आगामी संविधानमा सबै जनताको सहभागिता रहन सकेन भने फेरी वन्ने संविधानले अहिले सम्मका समस्याहरु समाधान नगरी उस्तै रहनेछ । तसर्थ सबैको सहभागिता र संबोधन जरुरी छ । अपनत्व र स्वीकार्यता जरुरी छ । |
| २३९ | प्रेमप्रसाद तिमिल्सिना ढुंखर्क-७, काभ्रेपलाञ्चोक | यस समितिका कार्यक्षेत्र भित्रका विषयहरुमा सुझाव नरहेको । |
| २४० | पूर्व कर्मचारी सेवा परिषद (पत्र मार्फत) | समितिले अवधारणा पत्र तयार गर्ने कार्यक्षेत्र भित्रका विषयसंग सम्वन्धित सुझाव नरहेको ।<br>निजामति सेवा, लोक सेवा आयोग, भ्रष्ट्राचार नियन्त्रण, मन्त्रीपरिषदको गठन, संघको निर्माण संग सम्बन्धित सुझावहरु समावेश रहेका । |
| २४१ | संयुक्त नेपाली महासंघ, मुंबई | भावी संविधान प्रजातान्त्रिक समाजवादमा आधारित गणतन्त्रात्मक लोकतन्त्रको घोषणा होस् ,<br>धर्मनिरपेक्षता, राष्ट्रिय एकता, अखण्डता र सार्वभौमतालाई अगाडि राखी इमान्दारीतापूर्वक भावी संविधान कोरियोस्,<br>आत्मनिर्णयको अर्थको अनर्थ हुनसक्छ, यसलाई संविधानमा स्पष्ट रुपमा परिमाषित गरियोस् । राज्यको स्वायत्तता संघीय स्वायत्तता माथि हुन हुदैन । भाषा, संस्कृति, जाति, क्षेत्रको आधारमा स्वायत्तता मान्य हुनु हुदैन । संघीय राज्यमा केन्द्र र राज्य वीचको सम्बन्ध स्पष्ट रुपले परिभाषित भएको हुनुपर्दछ । निर्वाध रुपमा नागरिक एक राज्यवाट अरु राज्यमा बिना<br>रोकतोक शिक्षा, व्यवसाय, रोजगार, बसाइसराई गर्न पाउने अधिकार संविधानमा सुनिश्चित हुनपर्छ । |
| २४२ | धनिराम सापकोटा न्यू जर्सी, संयुक्त राज्य अमेरिका | प्रस्तावना : अन्य व्यहोराका अतिरिक्त निम्न वाक्यांश राखिनु उपयुक्त हुनेछ : हालसम्म नेपालको शासनसत्तामा बस्ने जो सुकै भएपनि उनिहरुबाट महिलाहरु उपर भएको थिचोमिचो र विभेदलाई मनन् गर्दै तथाकथित पानी चल्ने र नचल्ने जातका आधारमा कृत्रिम विभाजन गरी कथित पानी चल्ने जातका तर्फबाट पानी नचल्ने बनाइएका र हालसम्म दवाइएका कथित दलित वर्गहरु उपर भएको थिचोमिचो र भेदभावका सन्दर्भमा राष्ट्रिय रुपमा क्षमा माग्दै उनिहरुको मर्यादा, समानता र स्वाभिमानको सम्मान गर्दै ................नेपाल आदिकाल देखि स्वतन्त्र र अविभाज्य रहदै आएको स्थानीय स्वायत्ततामा आधारित सार्वभौमसत्ता सम्पन्न राज्य................लेखिनुपर्छ ।<br>संविधान संशोधन प्रकृया : सदनमा रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतद्धारा संशोधन गर्न सकिने । प्रान्तीय व्यवस्था भएमा एक पटक प्रान्त तोकिसकेपछि प्रान्त थप गर्नुपर्ने स्थिति आएमा जनमत संग्रहवाट पुष्टि गर्नुपर्ने थप व्यवस्था बनाउन उपयुक्त हुन्छ । धर्म निरपेक्ष र प्रान्त विभाजन जस्ता गम्भिर विषयहरु जनमत संग्रहका आधारमा हुनुपर्ने ।<br>राजनीतिक दल सम्बन्धी : एक पटक सरकारको नेतृत्व गरिसकेको व्यक्ति वा दुई पटक दलको नेतृत्व गरिसकेको व्यक्ति पुन: दलमा नेतृत्व लिन नपाउने संवैधानिक व्यवस्था गरिनुपर्छ ।<br>५०%महिला आरक्षण हुने संवैधानिक व्यवस्था हुनुपर्छ । राजनीतिक दल खुल्ला बहुदलिय लोकतान्त्रिक प्रतिस्पर्धामा आधारित हुनुपर्छ र देशको सार्वभौमिकता र अखण्डतालाई सधै संरक्षण र सम्वर्द्धन गर्ने हुनुपर्छ ।<br>संकटकालीन अवस्थाको घोषणा : नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ४ र ५ को प्रतिकूल नहुने गरी संकटकाल लगाउन सकिने व्यवस्था हुनुपर्ने ।<br>बाधा अड्काउ फूकाउने : मन्त्रिपरिषदको सिफारिसमा सरकार प्रमुखले राष्ट्रप्रमुखलाई लिखित अनुरोध गर्ने । |
| २४३ | एकराज भण्डारी, अध्यक्ष, राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज काठमाडौ | प्रस्तावनामा राज्यद्वारा बेपत्ता परिएका महान योद्धाहरुले पु-याएको योगदानलाई उल्लेख गरियोस । |

| | | |
|---|---|---|
| २४४ | Nepalese Americas Council, U.S.A. | गैर-आवासीय नेपालीहरुले अर्को देशको नगरिकता प्राप्त गरेपछि पनि नेपालको नागरिकता कायम राख्न पाउने व्यवस्था हुनुपर्ने,<br>लिङ्गको आधारमा भेदभाव गर्न नपाइने र नागरिकहरु वीच धर्म, वर्ण, जात, उमेर आदिको आधारमा भेदभाव गर्न नपाइने र महिला र पछाडि पारिएका समुदायको संरक्षणका लागि सकरात्मक भेदभावको नीति लिने कुरा समावेश गर्नुपर्ने,<br>सार्वजनिक र निजी क्षेत्रमा रोजगारी उपलब्ध गराउन उमेरका आधारमा भेदभाव गर्न नपाइने, भेदभावसंग सम्बन्धित विषयहरुको न्यायपूर्ण रुपमा समाधान गर्ने संयन्त्रको निर्माण गर्नुपर्ने । |
| २४५ | क्षेत्री समाज राष्ट्रिय महासंघ केन्द्रीय कार्यालय, काठमाडौ । | खस क्षत्रीलाई अलग पहिचान हुने गरी संवैधानिक रुपमा आदिवासीमा सूचिकृत गरियोस, राज्यका हरेक अंग र क्षेत्रको सबै तहमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको संवैधानिक प्रत्याभूति गरियोस् । |
| २४६ | खस क्षत्री संयुक्त राष्ट्रिय मोर्चा, काठमाडौ । | खस क्षत्रीलाई आदिवासीको रुपमा सूचिकृत गरी राज्यका हरेक अंग र क्षेत्रमा क्षत्री जातीको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको संवैधानिक प्रत्याभूति गरियोस । |
| २४७ | लोकतान्त्रिक संवाद समूहवाट आएका राय सुझावहरु (संखुवासभा, तेह्रथुम, धनकुटा, पाँचथर, सुनसरीका लिम्बू समुदायका सुझावहरु) | संविधानको प्रस्तावना तयार गर्दा राष्ट्रको सार्वभौमिकता, अखण्डता, बहुलवादी सिद्धान्त, मुलुकका सबै जातजाति, धर्म, संस्कृति, भाषा, भेषभूषा, भौगोलिक अवस्थिति, विशिष्टतालाई अंगिकार गर्दै राष्ट्रिय लोगो, गान, झण्डाहरुमा हरेक नागरिकको अपनत्व झल्काउनुपर्दछ ,<br>जातीय भेदभाव रहित राज्य भनेर संविधानको प्रस्तावनामा लेखिनुपर्छ,<br>धर्म निरपेक्ष राज्य संविधानमा स्पष्ट हुनुपर्छ,<br>संविधानको नामाङ्कन 'जनताको कानून' गरिनुपर्छ,<br>नेपाली, अंग्रेजी र प्रान्तमा बहुसंख्यकले बोल्ने भाषा हुने त्रैभाषिक नीति अवलम्बन हुनुपर्दछ ,<br>प्राकृतिक श्रोत साधनमा स्थानीय आदिवासी- जनजातिको अग्रधिकार हुनुपर्छ, |
| २४८ | लोकतान्त्रिक संवाद समूहवाट आएका राय सुझावहरु (ताक्पेगोला समुदाय-ताप्लेजुङ्ग) | राष्ट्रिय गान हाल कायम रहेको 'सयौ थुंगा .........'नै हुनुपर्छ,<br>राष्ट्रिय जनावर गैंडा वा कस्तुरी मृग हुनुपर्छ,<br>राष्ट्रिय पंक्षी डाँफे र फूल लालीगुराँस हुनुपर्छ,<br>स्थानीय देखि केन्द्र सरकारसम्म सरकारी कामकाजको भाषा तोक्पेगोलामा हुनुपर्छ । |
| २४९ | लोकतान्त्रिक संवाद समूहवाट आएका राय सुझाव (याक्खा समुदाय संखुवासभा, धनकुटा) | संविधानको नाम 'संघीय गणतन्त्र नेपालको संविधान' हुनुपर्छ ।<br>अल्पसंख्यक र सीमान्तकृत जातिको विषयलाई प्रस्तावनामा नै उल्लेख गर्नुपर्दछ ।<br>राष्ट्रिय झण्डा, राष्ट्रिय चिन्ह परिवर्तन गरी सामाजिक संस्कृति विविधता झल्काउने गरी तथा नयाँ झण्डा र चिन्ह निर्माण गरिनुपर्छ । |
| २५० | लोकतान्त्रिक संवाद समुहवाट आएका राय सुझावहर (वालुङ्ग समुदाय, ताप्लेजुङ्ग) | त्रैभाषिक नीति अवलम्बन गरिनुपर्ने,<br>नेपाली भाषा सम्पर्क भाषा हुने,<br>अंग्रेजी भाषा विश्व भाषा हुने,<br>धर्म निरपेक्ष राज्य हुनुपर्ने,<br>राष्ट्रिय जनावर कस्तुरी मृग हुनुपर्ने,<br>राष्ट्रिय पंक्षी डाँफे हुनुपर्ने,<br>वालुङ्ग जातिका लागि हरेक क्षेत्रमा समान अवसरको सुनिश्चितता हुनुपर्ने । |
| २५१ | लोकतान्त्रिक संवाद समूहवाट आएका राय सुझावहरु (आठपरिया समुदाय धनकुटा, मोरङ्ग) | नेपालमा प्रचलित सबै भाषा, धर्म, संस्कार, संस्कृति, रितीरिवाजलाई राज्यले संरक्षण गर्नुपर्दछ,<br>आठपरिया राईको भाषामा विद्यालय देखि पठनपाठनको व्यवस्था गरिनुपर्छ । |
| २५२ | लोकतान्त्रिक संवाद समूहमा आएका राय सुझावहरु (दलित समुदाय) | अब बन्ने संविधानमा जातीय भेदभावको अन्त्य हुनुपर्छ,<br>दलितहरुको लागि आरक्षण र विशेष शिक्षा नीति हुनुपर्छ,<br>'धर्म निरपेक्ष ' राष्ट्र उल्लेख गर्नुपर्छ,<br>दलितहरुलाई अग्रधिकारको व्यवस्था हुनुपर्छ । |
| २५३ | लोकतान्त्रिक संवाद समूहद्वारा आएको राय सुझावहरु (माझी समुदाय सुनसरी, मोरङ्ग, तेह्रथुम) | माझी समुदायलाई राज्यका सबै अङ्गमा समानुपातिक र समावेशीको आधारमा सहभागिता र प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्छ,<br>माझीको पहिचान संविधानको अनुसूचीमा उल्लेख गरिनुपर्छ । |
| २५४ | लोकतान्त्रिक संवाद समूह वाट आएका राय सुझाव (धिमाल समुदाय -झापा, मोरङ्ग) | धिमाल जातिका लागि राज्यका हरेक क्षेत्रमा आरक्षणको व्यवस्था गरियोस्,<br>केन्द्रीकृत शासनप्रणाली खारेज गरी संघीय शासनप्रणाली कायम गरियोस्,<br>धिमाल भेषभूषा, भाषा, लिपीको संरक्षण र सम्वर्धन गरियोस्,<br>धर्म निरपेक्ष राज्य गरियोस् । |
| २५५ | लोकतान्त्रिक संवाद समूहबाट आएका राय तथा सुझावहरु (लाप्चा समुदाय-ईलाम) | ऐतिहासिक पृष्ठभूमिको आधारमा रोङ्ग स्वायत्त राज्य हुनुपर्छ,<br>लाप्चा भाषा सम्बन्धी विद्यालयको व्यवस्था हुनुपर्छ,<br>राज्यशक्तिको श्रोत जनता तथा आर्थिक, सामाजिक, राजनीतिक न्यायको ग्यारेण्टी, सक्षम न्याय प्रणालीको व्यवस्था प्रस्तावनामा किटानीका साथ सम्बोधन गरिनुपर्छ । |

| | | |
|---|---|---|
| २५६ | लोकतान्त्रिक संवाद समूहवाट आएका राय तथा सुझावहरु (उराव समुदाय, राजवंशी, ताजपुरिया, मेचे, सन्थाल मुस्लिम समुदायको तर्फबाट) | आदिवासी जनजातिलाई समानुपातिक समावेशीका आधारमा राज्यका संरचनामा पूर्णरुपमा सहभागि हुन पाउने हकको किटानी गर्नुपर्छ,<br>आदिवासीलाई जातीय विभेद गर्ने परम्पराको अन्त्य गरिनुपर्छ,<br>मुस्लिम समुदाय, तराईवासी नेपाली हुन् मधेशी होईनन्,<br>मुस्लिम समुदायको आफ्नो धर्म अनुसारको कानून लागू हुनुपर्छ । |
| २५७ | भूतपूर्व सैनिक कल्याणकारी समिति, नेपाल | प्रस्तावनामा विशेष गरी राष्ट्रिय अखण्डता, स्वाधिनता, सार्वभौमसत्ता जनतामा निहित, धर्म निरिपेक्षता, सामाजिक न्यायमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमद्वारा आधुनिक लोककल्याणकारी नयाँ नेपालको स्थापना गर्ने,<br>राष्ट्रिय प्रतिक निर्धारण गर्दा सबै धर्मावलम्बीहरुलाई मान्य हुने खालको हुनुपर्दछ,<br>भाषाका सम्बन्धमा मातृभाषा, राष्ट्रिय भाषा, अन्तर्राष्ट्रिय भाषा गरी तीन तहको भाषाको व्यवस्था गर्ने । |
| २५८ | परिवर्तका लागि श्रमिक संवाद, रत्नचोक पोखरा | निम्न आधारभूत विषयहरु अनिवार्य रुपमा संविधानमा राखिनुपर्छ :<br>राज्यशक्तिको श्रोत जनता भएको र सार्वभौमसत्ता जनतामा रहेको किटानी साथ व्यवस्था गरिनुपर्छ,<br>आवधिक निर्वाचन प्रणालीले व्यवस्था गरिनुपर्छ,<br>जनप्रतिनिधिवाट शासन संचालन गर्ने व्यवस्था गरिनुपर्छ,<br>वैयक्तिक स्वतन्त्रता र आत्मसम्मानको प्रत्याभूति हुनुपर्छ,<br>स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरिनुपर्छ,<br>प्रेस स्वतन्त्रताको व्यवस्था हुनुपर्छ,<br>ट्रेड यूनियन अधिकारलाई मौलिक अधिकारमा व्यवस्था गरिनुपर्छ,<br>विभेदकारी श्रमको ज्यालादर अन्त्य गरी श्रमको मूल्य निर्धारणको व्यवस्था गरिनुपर्छ,<br>राज्यका सम्पूर्ण तहमा श्रमिकवर्गको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्छ ।<br>श्रमिकवर्गलाई  बिना धितो ऋण र कृषि वजारको उचित व्यवस्था संविधानमा गरिनुपर्छ । |
| २५९ | नेपाल मुस्लिम नागरिक समाज केन्द्रीय कार्यालय, काठमाडौं | मुस्लिम समुदायको निम्ति जनसंख्याको आधारमा राज्यका हरेक अंङ्गमा समानुपातिक किसिमले आरक्षणको व्यवस्था गरिनुपर्छ,<br>संवैधानिक निकायको रुपमा राष्ट्रिय मुस्लिम आयोग गठन हुनुपर्छ,<br>उर्दु भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गर्नुपर्छ,<br>मुस्लिम पर्सनल ल बोर्डको गठन हुनुपर्छ,<br>राष्ट्रिय मदरसा बोर्डको गठन गरिनुपर्छ, । |
| २६० | दलित अधिकारका लागि साझा अभियान, नेपाल (दलित वर्ग उत्थान समन्वय समिति, पाल्पा) | संविधानको प्रस्तावनामा नै जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सहितको समावेशीकरण नीति अवलम्बन गरिनुपर्छ,<br>राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न संवैधानिक आयोग बनाउनुपर्छ,<br>धार्मिक स्वतन्त्रतालाई रक्षा गर्दै कुनै पनि एक धर्मलाई मात्र स्वीकार गर्ने वा पक्षमा वकालत गर्ने राजनीतिक दललाई निषेध गरिनुपर्छ,<br>राजनीतिक दलहरुको सबै निकायहरुमा कम्तिमा २० प्रतिशत दलित समूदायको प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्छ । राजनीतिक दलहरुले जातीय भेदभाव र छुवाछुतको अन्त्य गर्ने प्रतिवद्धता जनाउनुपर्छ । |
| २६१ | वैदिक सनातन कर्मकाण्ड महासंघ, काठमाडौं | जातीय आधारमा संघीय राज्यको अवधारणा राखेर ब्राम्हण क्षेत्रीलाई आदिवासीको सूचीबाट हटाउनु नयाँ नेपालको निर्माणमा वाधक हुन सक्छ । |
| २६२ | शंखर कुमार राई, चम्पे, भोजपुर | लोकतन्त्र गणतन्त्र संघीय राज्यको महत्व सम्बन्धमा सुझाव प्राप्त भएको, यस समितिको क्षेत्रभित्रका विषयमा सुझाव नरहेको । |
| २६३ | गोविन्द रोका, दुवाकोट-२, भक्तपुर | प्राप्त सुझाव यस समितिको कार्यक्षेत्रभित्रका विषयमा नरहेको । |
| २६४ | महेन्द्र मगर, बराहपोखरी-७, खोटाङ्ग | प्राप्त सुझाव यस समितिको कार्यक्षेत्रभित्रका विषयमा नरहेको । |
| २६५ | कृष्णप्रसाद शर्मा, लेखानी सामुदायिक विकास श्रोत केन्द्र, लेखानी बाग्लुङ्ग | प्राप्त सुझाव यस समितिको कार्यक्षेत्रभित्रका विषयमा नरहेको । |
| २६६ | नयाँ संविधानमा खीष्टियन सुझाव समिति, २०६५, नेपाल | सबै धार्मिक सम्प्रदायको हक अधिकारको सुनिश्चिततालाई व्यवहारिक रुपमा कार्यान्वयन गराउन राष्ट्रिय धार्मिक आयोग गठनको संवैधानिक व्यवस्था गरिनुपर्छ । |
| २६७ | मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID), काठमाडौ | प्राप्त सुझाव यस समितिको कार्यक्षेत्रभित्रका विषयमा नरहेको । |

| | | |
|---|---|---|
| २६८ | खगेन्द्रप्रसाद अधिकारी 'गाउँले', साक्फारा-२, तोरीवारी, ईलाम (पत्र मार्फत) | प्राप्त सुझाव यस समितिको कार्यक्षेत्रभित्रका विषयमा नरहेको । |
| २६९ | भरत राई (ठेगाना प्राप्त नभएको) (पत्र मार्फत) | प्राप्त सुझाव यस समितिको कार्यक्षेत्रभित्रका विषयमा नरहेको । |
| २६९ (क) | प्रशासकीय अदालत काठमाडौं | प्रशासकीय अदालतद्वारा २०६५ मार्ग १३ र १४ गते **संविधान निर्माण र न्यायिक सुधार** विषयक कार्यशाला गोष्ठीको आयोजना गरी गोष्ठीबाट निस्किएका निष्कर्षहरु सम्मिलित प्रतिवेदन प्रशासकीय अदालत बुलेटिनमा प्रकाशित गरी उक्त बुलेटिन समितिलाई उपलब्ध गराईएको । त्यहाँ उल्लिखित सुझावहरु यस समितिको कार्यक्षेत्र भित्रका विषयमा मात्र सिमित नरही समग्र संविधानका अन्तरवस्तु र स्वतन्त्र न्यायपालिका तथा विधिको शासन स्थापित गर्न आवश्यक पक्षहरुमा केन्द्रित रहेका । |
| २७० | राष्ट्रिय दलित नेटवर्क नेपाल, दाङ्ग जिल्ला कार्यसमिति | दलितहरुको एजेण्डा सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २७१ | राष्ट्रिय दलित नेटवर्क नेपाल, कैलाली मार्फत जि.प्र.का., कैलाली | दलितहरुको एजेण्डा सम्बन्धी विषयमा ३६ थान सुझाव प्राप्त । |
| २७२ | राष्ट्रिय दलित नेटवर्क नेपाल, कंचनपुर जिल्ला समिति, मार्फत जि.प्र.का., कंचनपुर | संविधान निर्माणका क्रममा दलित हक अधिकार सुनिश्चित गर्ने विषयमा सुझाव प्राप्त । |
| २७३ | हरिप्रसाद आचार्य, तोपगाछी-५, झापा | चेलीवेटी वेचविखन जस्ता जघन्य अपराधमा मृत्यूदण्डसम्मको सजाय हुन सक्ने तथा अन्य अपराधमा हदैसम्मको सजाय हुनेसक्ने गरी व्यवस्था गर्नुका साथै राज्य पुनर्संरचना, नागरिकता, सुकुम्वासी समस्या समाधान आदि सम्बन्धी सुझावहरु प्राप्त । |
| २७४ | मधेशी दलित विकास महासंघ, नयाँबानेश्वर, काठमाडौं | नयाँ संविधानमा मधेशी दलित समुदायको एजेण्डा सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २७५ | हिमराइट्स्, पुल्चोक ललितपुर | नयाँ संविधानमा सम्वोधन हुनुपर्ने बालबालिकाका सवालहरु सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २७६ | हिन्दुराष्ट्र नेपाल, राष्ट्रवाद, कंचनपुर महेन्द्रनगर | नयाँ संविधानमा रहने राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमसत्ता जस्ता विषयमा सुझाव प्राप्त । |
| २७७ | अखिल नेपाल ट्रेड यूनियन महासंघ (अन्टुक), के.का., काठमाडौ | नयाँ संविधानमा सम्वोधन हुनुपर्ने श्रमिक वर्गको हक अधिकार सुनिश्चित गर्ने सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २७८ | जनकपुर बौद्धिक समाज, जनकपुरधाम | राष्ट्रभाषा सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २७९ | जीवनबहादुर कार्की, पद्मकन्या ब.क्या., काठमाडौ | महिला हक हितको संरक्षण सम्वन्धमा सुझाव प्राप्त । |
| २८० | राष्ट्रिय ब्रम्हण समाज, नेपाल | ब्रम्हण जातिलाई आदिवासीको सूचीमा सूचीकृत गर्ने लगायत उक्त जातिको हक अधिकार संरक्षण तथा जातीय आधारमा नभई वर्गीय आधारमा आरक्षण सम्बन्धी व्यवस्था गर्नुपर्ने विषयमा सुझाव प्राप्त । |
| २८१ | महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह (एटविन) | मौलिक हक र राज्यको निर्देशक सिद्धान्तमा समेटिनुपर्ने महिला तथा बालबालिकाका हक अधिकार सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २८२ | दलित नागरिक समाज संस्थाहरुको संजाल | नयाँ संविधानमा सुनिश्चित गरिनुपर्ने दलित समुदायको साझा सवालहरु विषयमा सुझाव प्राप्त । |
| २८३ | नेपाल बार एशोसिएसन, काठमाडौं नेपाल | संविधानसभा, न्याय प्रणाली सम्बन्धी समितिबाट पारित गरिएको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदनप्रति ध्यानाकर्षण सम्बन्धी ज्ञापन पत्र । |
| २८४ | नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघ | बहिराहरुका सवालहरुलाई संविधानमा समावेश गर्न विशेष पहल गरियोस् भन्ने सम्बन्धमा सुझाव प्राप्त । |

| | | |
|---|---|---|
| २८५ | ॐ अखण्ड सुख केन्द्र, सिद्धार्थनगर, भैरहवा | "हिन्दु धर्मका साथै सबै धर्मको आदर्शतालाई यो संविधानले अनुशरण गरिरहने छ ।" भन्ने वाक्यांशलाई संविधानको प्रस्तावना वा धर्म संस्कृति सम्बन्धी शिर्षकमा उल्लेख गरिनुपर्ने विषयमा सुझाव प्राप्त । |
| २८६ | तिरहुते ब्राम्हण सेवा समिति, काठमाडौं | तिरहुते ब्रम्हणहरुको हक अधिकार र आरक्षण लगायतका विषयमा नयाँ संविधानमा व्यवस्था हुनुपर्ने बारेको सुझाव प्राप्त । |
| २८७ | संयुक्त ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघ, नेपाल केन्द्रीय समिति | ब्रिटिस-गोर्खा सैनिकहरुका समस्या र समाधान विषयक अवधारणा पत्र, २०६६ सुझावको रुपमा प्राप्त भएको । |
| २८८ | हरप्लेस मानव अधिकार संरक्षण तथा कानूनी सेवा केन्द्र | नयाँ संविधानका लागि राप्ती अञ्चलका सीमान्तकृत समुदायका ५० बुँदे सवाल घोषणा-पत्र, २०६६ सुझावको रुपमा प्राप्त । |
| २८९ | बज्र फाउण्डेसन नेपाल | ४०% प्रतिशत भू-भाग वन जंगलको रुपमा संरक्षण गर्ने कुरा ग्यारेण्टी गर्दै समयमै संविधान निर्माण गर्नुपर्ने सम्बन्धी ज्ञापन पत्र सुझावको रुपमा प्राप्त । |
| २९० | वातावरण बचाउ आन्दोलन, नेपाल वातावरण पत्रकार समूह, सामुदायिक वन उपभोक्ता महासंघ | राष्ट्रिय वातावरण संरक्षण आयोगको गठनको व्यवस्था हुनुपर्ने तथा ४०% प्रतिशत भू-भाग वन जंगलको रुपमा संरक्षण गर्ने कुरा ग्यारेण्टी नयाँ संविधानले गर्नुपर्ने सम्बन्धी ज्ञापन पत्र सुझावको रुपमा प्राप्त । |
| २९१ | प्रा.डा. श्रीरामप्रसाद उपाध्याय, त्रि.वि. किर्तिपुर | संघीय राज्यभित्र शक्तिपृथककीकरण र सन्तुलन विषयक लेख सुझावको रुपमा प्राप्त । |
| २९२ | मेचे समाज शिवियारी आफात (मेचे समाज सुधार समिति), झापा | मेचे जातिको उत्थान तथा संरक्षण सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| २९३ | भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल | प्राकृतिक प्रकोप तथा विपद् सम्बन्धी प्रस्तावित संवैधानिक प्रावधानका लागि संक्षिप्त अवधारणा पत्र सुझावको रुपमा प्राप्त । |
| २९४ | नेपाल चलचित्र कलाकार संघ | चलचित्र क्षेत्रलाई उद्योगको रुपमा मान्यता दिने तथा चलचित्रकर्मी र चलचित्र उद्योगको विषयलाई नयाँ संविधानले संबोधन गर्नुपर्ने सम्बन्धी सुझाव प्राप्त । |
| २९५ | आदिवासी/जनजाति वृहत मोर्चा, नेपाल | आदिवासी/जनजातिहरुका साझा मुद्धाहरुलाई नयाँ संविधानमा संवोधन गर्नुपर्ने विषयमा सुझाव प्राप्त । |
| २९६ | हिन्दु राष्ट्र नेपाल, राष्ट्रवाद, कंचनपुर | राष्ट्रियता, हिन्दु धर्म लगायतका विषयमा सुझाव प्राप्त । |
| २९७ | विष्णबहादुर बुढ्थापा, चन्दननाथ अफसेट प्रेस, जुम्ला | आगामी बन्ने संविधानका लागि परिवार नियोजन, कर, कला र संस्कृति, राज्य संचालन सम्बन्धी विषयहरुमा सुझाव प्राप्त । |
| २९८ | मानव अधिकारका लागि जनमञ्च, काठमाडौं | नेपाली आप्रवासी महिला कामदारहरुका सरोकारका सवालमा नयाँ संविधानले सम्बोधन गर्नुपर्ने विषयमा सुझाव प्राप्त । |
| २९९ | जिल्लाका दलित संघ संगठन, महोत्तरी | आगामी संविधानमा दलित अधिकारको सुनिश्चितताका लागि २५ बुँदे दलित समुदायका सझा सवालहरु ज्ञापन पत्रको रुपमा प्राप्त । |
| ३०० | चेलीबेटी क्लव, उदयपुर | "हाम्रो भविष्य लेखौं, अगुवा युवाहरु संविधानसभालाई समुदायमा लिएर जाऔं" कार्यक्रम अन्तरगत उदयपुरे युवाहरुबाट संकलित सुझावहरुको प्रतिवेदन सुझाव रुपमा प्राप्त । |
| ३०१ | ए.ने.क.पा. माओवादीका ३१ जना मधेशी सभासदहरु | प्रेस विज्ञप्ती |
| ३०२ | न्यायपूर्ण समाजका लागि दलित नागरिक समाज संस्थाहरुको सञ्जाल | नयाँ संविधानद्वारा सम्बोधन गरिनुपर्ने दलित समुदायका सवालहरु सहितको सामुदायिक घोषणापत्रहरुको संगालो पुस्तिका प्राप्त । |
| ३०३ | विदेह फण्डेसन | नेपालको नयाँ संविधानमा मधेशी महिलाको अधिकार र सरोकार सम्बन्धी विषयमा सुझाव प्राप्त । |
| ३०४ | आदिवासी जनजाति वृहत संयुक्त मोर्चा, नेपाल | आदिवासी जनजातिहरुका साझा मुद्धाहरुलाई नयाँ संविधानमा संवोधन गर्नुपर्ने विषयमा सुझाव प्राप्त । |

## ख) समितिलाई नागरिक सम्बन्ध समिति मार्फत प्राप्त जनताको राय सुझावको सार संक्षेप :

| सुझाव दर्ता नं. | सुझाव दिनेको नाम र माध्यम | सुझावको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | नविन्द्रविक्रम राई, पाल्लेपानी ७, भोजपुर | दल सम्बन्धी : सरकारी ओहोदामा रहँदा भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरी जेल सजायमा परेका व्यक्तिहरु बाहेक प्रत्येक नेपाली नागरिकहरुले राजनैतिक दल वा संघ संस्था खोल्न पाउने गरी संविधानमा व्यवस्था गरिनु आवश्यक छ । |
| २ | सुवास बस्नेत, पुल्चोक क्याम्पस, ललितपुर | नेपाल बहुभाषि मुलुक भएको हुँदा सबैलाई मान्य हुने भाषा खस नेपाली भाषा उत्तम हुनेछ । विभिन्न जातिहरुले आफ्नो मातृभाषामा पढाई आरम्भ गरेता पनि अँग्रेजी भाषालाई ग्राह्यता दिनु २१ औं शताब्दिको आवश्यकता हो । |
| ३. | टीकाराम रेग्मी, नागरिक समाज, दाङ | प्रस्तावना : नेपाल एक अविभाज्य, स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, बहुजातीय, बहुभाषिक, धर्म निरपेक्ष, बहुसाँस्कृतिक मुलुक हो । (अब बन्ने राज्य संरचना देशको विविधतापूर्ण बनौट र जनसंख्यालाई आधार बनाएर उक्त विशिष्टतालाई न्यायोचित किसिमले प्रतिविम्बित हुने समावेशी र समानुपातिक हुनु पर्दछ ।)<br>नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित हुने प्रष्ट उल्लेख हुनुपर्छ ।<br>बहुदलिय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन, राज्यका अंगमा अधिकारको पृथकीकरण, आधारभूत मानव अधिकार, राजनीतिक स्वतन्त्रताको ग्यारेण्टी नेपालको लोकतान्त्रिक गणतन्त्रको मुख्य विशेषता हुनुपर्छ ।<br>जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको कदर गर्दै अब बन्ने संविधानमा अपरिवर्तनीय कुरा केही रहने छैन । संविधान संशोधन वा जनमत सँग्रह मार्फत संविधान र कानुनका व्यवस्था शान्तिपूर्ण ढंगबाट परिवर्तन गर्न सकिनेछन् ।<br>राजनीतिक दल तथा निर्वाचित निकायको सबै ढाँचा र तहमा दलित, जनजाति, मधेशी, आदिवासी, महिला, विपन्न वर्ग र अविकसित भौगोलिक क्षेत्रका लागि उनीहरुको सामाजिक बनौट अनुसार पहुँच र प्रतिनिधित्वको सुनिश्चित गर्न संविधान र कानूनमा समानुपातिक कोटाको वाध्यकारी व्यवस्था हुनुपर्छ ।<br>नेपालको शासन प्रणाली सहमति चरित्रको हुनुपर्छ, निश्चित प्रतिशत भन्दा बढी मत पाउने दलहरुलाई मतको आकार अनुसार सबै तहको सरकारमा सामेल हुन पाउने व्यवस्था हुनुपर्छ । |
| ४ | उद्धवप्रसाद काफ्ले, भोजपुर, हाल काठमाडौं | वैयक्तिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, बहुदलिय प्रतिस्पर्धामा आधारित शासन प्रणाली, आवधिक निर्वाचन, संवैधानिक सर्वोच्चता, कानूनी शासन जस्ता कुराहरु प्रस्तावनामा समावेश हुनुपर्छ ।<br>संकटकालमा छ महिना भन्दा बढी समय राष्ट्रपतिले आफ्नो हातमा अधिकार लिन पाउने व्यवस्था हुनुहुदैन, सो भन्दा बढी समय संकटकाल लागू गर्नु परे प्रतिनिधि सभाको स्वीकृति लिनुपर्छ । |
| ५ | सोमबहादुर धिमाल, धिमाल जाति विकास केन्द्र, मोरङ्ग | प्रस्तावना : जनआन्दोलन दोस्रो र संघीय लोकतन्त्रको मर्मलाई मनन गर्दै हरेक जात, भाषा, क्षेत्र, धर्म तथा समुदायलाई संविधानमा लेखिनुबाट वञ्चित गरिनु हुन्न । सबै समुदाय, वर्ग, क्षेत्र, भाषाभाषी, धर्मालम्बीहरुको हक, हित, अधिकारहरु लेख्ने कुरामा सम्झौता गरिनु हुन्न । |
| ६ | गोविन्द बहादुर भण्डारी, देपाल ८, जुम्ला | अब बन्ने संविधानमा अपरिवर्तनीय कुरा राखिनु हुँदैन । देशमा कुनै पनि राजनैतिक समस्या आएको खण्डमा निर्वाचित प्रतिनिधिका २/३ वा जनमत संग्रहबाट ७०% मत ल्याएको खण्डमा राजनीतिक दलले चाहे अनुसारको राजनीतिक प्रणाली लागू गर्न पाउने संवैधानिक व्यवस्था हुनुपर्छ । |
| ७. | आयुष भण्डारी, कुमारीपाटी, ललितपुर | समितिको कार्यक्षेत्र भित्रका सुझाव नरहेको । |
| ८. | भिम पोखरेल, चैलाही ५, लमही, दाङ | नयाँ बन्ने संविधानमा एक मधेश एक प्रदेश होइन बरु “सयौं थुंगा फूलका हामी एउटै माला नेपाली” भन्ने सकारात्मक विचारको विकास गरौं । |
| ९. | महिला अधिकार मञ्च, सातदोबाटो, ललितपुर | राजनीतिक दलहरुको स्थानीय देखि केन्द्रीय तहसम्म ५०% महिला सहभागिता गराउने, सहभागिता नगराउनेको दल खारेज गर्ने । |
| १०. | ढुण्डिराज दुवाडी, हंसपुर ५, गोरखा | भावी संविधानमा बहुदलिय, संघात्मक, लोकतान्त्रिक, हिन्दु गणतन्त्र स्पष्ट रुपमा लेखियोस् । |
| ११. | राजकुमार थापा, शित्तलपाटी ३, सिन्धुली | भावी संविधानमा झुपडीमा बस्ने जनतालाई राहत पुग्ने, विश्वले समेत अनुसरण गर्ने किसिमको बनोस्,<br>भाषाको सम्बन्धमा मातृभाषा धेरै भएको, नेपाली भाषा बहुसंख्यक जनताले बुझ्न सक्ने हुँदा कामकाजको भाषा हुनसक्छ । |
| १२ | तारानाथ कँडेल, धरमपुर ९, झापा | अब बन्ने संविधान निर्माण सँगै नेपालको सिमाना स्पष्ट होस्, कुनैपनि राष्ट्रको पहिचान भनेकै त्यस राष्ट्रको सीमा हो । |
| १३. | प्रेमकुमार पोखरेल, धरमपुर ८, सप्तरी (पत्र मार्फत) | दलित, उत्पीडित, अन्धा, अपांग, असक्त व्यक्तिहरुको लागि कम्तिमा २० वर्ष आरक्षण कायम होस् ।<br>जातीय विभेद, महिला हत्या हिंसा, दाइजो, तिलक, तलाक प्रथा लगायतका कु–संस्कारहरुको अन्त्य हुने व्यवस्था संविधानमा नै गरियोस्,<br>संघीय प्रणाली निर्माण गर्दा निम्न कुराहरुमा ध्यान जाओस्,<br>प्राकृतिक स्रोत साधनको बाँडफाँड र उपयोग,जातजाति धर्म सँस्कृति रिती रिवाज, सामाजिक बनौट र मान्यता, भौगोलिक अवस्था, धार्मिक सहिष्णुता र सामाजिक एकता, अनेकतामा एकता नै नेपाल |

| | | |
|---|---|---|
| | | र नेपाली बीचको ममता ।<br>जिल्ला विभाजन गर्दा २२५ देखि २७५ वटा सम्म निर्माण गर्नु उचित हुन्छ । |
| १४ | बद्रीप्रसाद ढुंगाना, होक्से ४, काभ्रे | अपराधीलाई मृत्यूदण्डको सजाय हुनुपर्ने र पिडित पक्षलाई उचित क्षतिपूर्ति दिलाइनुपर्ने ।<br>भ्रष्टाचार गरेको ठहरिएमा विगोको दोब्बर जरिवाना गर्नुपर्ने ।<br>मानव अधिकारको विश्वव्यापी घोषणाको पालना गर्ने वा गराउनु पर्ने । |
| १५ | बहालवाला व्यवसायीहरु | समितिको कार्य क्षेत्र भित्रका सुझाव नरहेको । |
| १६ | शैलेश कुँवर, गोदावरी ४, ललितपुर (पत्र मार्फत) | संविधानसभाले राम्रो संविधान निर्माण गरोस्, जनताको साथ सँधै रहनेछ । |
| १७ | बेनामी | गरिबलाई गाँस, बास, कपास तथा वास्तविक सुकुम्वासीलाई जग्गा पाउने किसिमले कानून निर्माण होस् ।<br>नारीले पनि पुरुष सरह हक अधिकार पाउने कानून बन्नु पर्‍यो । |
| १८ | लालबहादुर सिंह, चौमाला ३, कैलाली | भावी संविधान संसदीय शासन प्रणालीमा आधारित होस् । |
| १९ | घनश्याम अर्याल, रुपाकोट ८, गुल्मी | हालको राष्ट्रिय गानको सट्टामा अर्को राष्ट्रिय गान प्रस्ताव गरेको । |
| २० | मगलु माझी मुसहर, डुमरवाना ६, बारा | एक मधेश एक प्रदेश हुनु हुँदैन, मुलुकको अखण्डता कायम राख्नु पर्छ ।<br>हिन्दु राष्ट्र हुनु पर्दछ । |
| २१ | बेनामी | प्रस्तावना : नेपाल बहुजाति, बहुभाषिक र अनेकतामा एकता भएको धर्म निरपेक्ष हिमाली राज्य हो भनी घोषणा गनुपर्दछ ।<br>भाग १ मा : नेपाल सार्वभौमसत्ता र अखण्डता भएको पूर्ण स्वाधीन राष्ट्र हो भनी घोषणा गर्नुपर्दछ ।<br>संविधान संशोधन : प्रस्तावना र संविधानमा रहेको सार्वभौमसत्तासँग सम्वन्धित कुरा अपरिवर्तनीय हुनुपर्ने ।<br>दल सम्बन्धमा : स्वच्छ प्रतिस्पर्धा गर्न पाउने व्यवस्था उल्लेख हुनुपर्ने ।<br>संकटकाल : राष्ट्रिय एकता र अखण्डतामा आँच भएको खण्डमा संसदको २/३ ले पास गरेको खण्डमा राष्ट्र प्रमुखले घोषणा गर्न पाउनु पर्ने । |
| २२ | हरि ढकाल "खोखानी", विराटनगर ४, पुष्पमार्ग, मोरङ | प्रस्तावना : वीर वीरंगनाको बलिदानको सम्झना गर्दै, नेपाललाई शान्ति क्षेत्र कायम गर्दै, समाजवादी अर्थनीति कायम गर्ने उद्देश्य लिदै, आधारभूत आवश्यकताको पूरा गर्ने प्रतिवद्धता सहित मानव अधिकार, स्वतन्त्र समाज, सूचनाको हक, ज्येष्ठ नागरिकको संरक्षण, भातृत्व भावनात्मक एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन व्यवस्था, स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको स्थापना गरी केन्द्रीकृत शासन व्यवस्थालाई विकेन्द्रीकरण गर्ने कुरा उल्लेख हुनुपर्ने ।<br>भाग १ : संविधान मूल कानुन हुने ।<br>राष्ट्रिय झण्डा, गान, भाषा, जनावर, पंक्षी, रंग, फूल, फलको उल्लेख हुनुपर्ने । राष्ट्रिय झण्डा च्यात्ने र जलाउन नपाइने व्यवस्था गर्दै प्रत्येक नेपालीले आ-आफ्नो घरमा राख्न पाउनु पर्ने ।<br>दल सम्बन्धी : दलका नेता र आय व्यय पारदर्शी हुनुपर्ने । |
| २३ | देवराम यादव, मधेश मुक्ति पार्टी, धनुषा, जनकपुरधाम | संशोधन : संशोधनका तीन मोडल प्रस्तुत<br>अधिकांश सामान्य व्यवस्थाहरु केन्द्रिय संसदको सामान्य बहुमतबाट,<br>राष्ट्रपतिको निर्वाचन, केन्द्रीय सरकार र प्रान्तीय सरकारको कार्यकारी अधिकार र प्रान्तीय सरकारको प्रतिनिधित्व हुने विषय संसदको जुनसुकै सदनमा २/३ बहुमतबाट पारित हुन सक्ने र त्यस्तो संशोधन आधा भन्दा बढी व्यवस्थापिका सभाबाट पारित भएको हुनुपर्ने ।<br>अन्य प्रावधानहरु संसदको प्रत्येक सदनको उपस्थित सदस्यको २/३ बहुमतबाट पारित हुनुपर्ने । यस्तोमा State Legislature को अनुमोदन आवश्यक नपर्ने ।<br>संकटकाल : युद्ध, संवैधानिक संयन्त्र असफल भएको वा आर्थिक संकटको बेला संकटकाल घोषणा गर्न सकिने । |
| २४ | बिजु सुवेदी "विजय", भक्तपुर, टौमढी ११ bijusubedi@hotmail.com | बहुदलिय प्रतिस्पर्धात्मक व्यवस्था हुनुपर्ने,<br>दल : लोकतान्त्रिक कार्यप्रणाली भएकोलाई मात्र मान्यता दिने,<br>धर्म निरपेक्ष राष्ट्र,<br>झण्डा : चार कुने हुनुपर्ने, चन्द्र सूर्य हटाउने बरु बुद्ध र सगरमाथा राख्ने,<br>राष्ट्रिय पंक्षी डाँफे जस्तै जनावर यती, गैंडा वा कस्तुरी कुनै राख्ने,<br>प्रेश स्वतन्त्रता कायम गरियोस्,<br>दललाई चुन्ने व्यवस्था गरियोस्, जसको बढी मत हुन्छ उसैले सरकार चलाउन पाउने गरियोस्,<br>देश बुझेकालाई राजदुत बनाउनु पर्ने, राष्ट्रिय गान पनि प्रस्ताव गरेको । |
| २५ | रामजी ज्ञवाली, थानपति ९, गुल्मी | दल : हरेक दलको आ-आफ्नो सिद्धान्त र मूल्य मान्यता भएता पनि राष्ट्र, राष्ट्रियता र राष्ट्र निर्माणका सवालमा आपसी समझदारी कायम हुनुपर्ने, सबै दलको समान सम्मान हुनुपर्ने । |
| २६ | नविन्द्र विक्रम राई | राजनीतिक दल : संघीय राज्य अखण्ड गणतन्त्र नेपालको विभिन्न राजनैतिक दलहरु वा नयाँ खोलिने राजनीतिक दलहरु बहुमतको सरकार वा सहमतिको सरकार कुनै एक सरकारले राज्यका तीन वटै अंगहरु संचालन गर्ने हुँदा आ-आफ्नो संघीय राज्य, केन्द्रीय राज्य र नेपाली नागरिकको |

| | | |
|---|---|---|
| | | हितमा सम्पूर्ण कार्यहरु र सम्पूर्ण विकास निर्माणका कार्यहरु गर्नु पर्ने हुन्छ । |
| २७ | अनिरुद्र जोशी, त्वादेउ गा.वि.स.८, बैतडी | देशलाई पूर्ण धर्मनिरपेक्ष बनाइनु पर्ने,<br>भ्रष्टाचार मुक्त समाज निर्माणका लागि अख्तियार दुरुपयोग अनुसान्धान आयोगलाई अधिकार सम्पन्न बनाई स्थानीय स्तर सम्म विस्तार गर्ने,<br>राज्यमा रहेका लोपोन्मुख, अल्पसंख्यक जातीलाई उत्थान गर्न आवश्यक व्यवस्था गर्ने । |
| २८ | बाबादेव डाक्टर | नेपालमा राजा चाहिन्छ,<br>देश टुक्रा भए भावी सन्ततिलाई धराप मात्र हुन्छ । |
| २९ | हिन्द विराज गुरुवाचार्य, कुलेश्वर, काठमाण्डौं | संविधान निर्माण प्रकृयामा प्राप्त सुझावहरुलाई लिपीबद्ध गरी बुद्धिजीवी र सर्वसाधारण समेत राखी अन्तरक्रिया गरिएमा पारदर्शिता र विश्वासनियता बढ्ने थियो । |
| ३० | त्रिलोक सिंह थापा क्षेत्री, बानेश्वर | संविधान निर्माण प्रकृयामा राजनीतिक दलहरु बीच सहमति कायम गरी अघि बढ्नु आवश्यक छ । |
| ३१ | नेपाल पत्रकार महासंघ, केन्द्रीय समिति | नयाँ बन्ने संविधानको अपरिवर्तनीय धारामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता उल्लेख गरिनु पर्छ । |
| ३२ | मनराज ठाकुर, कुपण्डोल, ललितपुर | प्रस्तावना<br>ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४।१२।२८ ले देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गीक समस्यालाई समाधान गर्न तथा आत्मनिर्णय सहितको संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिवद्ध रही, लोकतन्त्र, शान्ति, समृद्धि तथा आर्थिक, समाजिक, राजनीतिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई आत्मसात गर्दै राष्ट्रलाई अग्रगमन तथा सार्वभौमसत्ता सम्पन्न नेपाली जनता बनाउन जनादेश दिएकाले नेपाल र नेपाली जनताको हक, हित तथा राज्य संचालनका लागि नीति नियम कानूनको प्रवर्द्धन तथा सम्वर्द्धनको लागि नेपालको संविधान २०६५ जारी गरिने छ ।<br>राष्ट्रभाषा<br>नेपालमा बोलिने सबै मातृभाषा क्षेत्रीय भाषा हुनेछ । देवनागरी लिपीमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ । स्थानीय निकाय र कार्यालयमा मातृभाषा प्रयोग गर्न सकिनेछ ।<br>राष्ट्रलाई चिनाउने सम्बन्धमा<br>राष्ट्रिय जनावर गाई<br>राष्ट्रिय चरा डाफे<br>राष्ट्रिय फुल लाली गुँरास<br>राष्ट्रिय रंग सिम्रिक<br>राष्ट्रिय खेल कपर्दी<br>राष्ट्रिय बाजा पञ्चेबाजा हुनेछ<br>राजनीतिक दल<br>समान राजनीतिक विचारधारा दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुले नेपाल सरकारको कानूनको अधिनमा रही आफ्नो इच्छा अनुसार राजनीतिक दल खोल्न र संचालन गर्न सक्नेछ । मुलुकलाई विखण्डन गर्ने वा साम्प्रदायिक एकतामा खलल पर्ने खालको विधान भएको दललाई दर्ता गरिने छैन । दल दर्ता गर्दा कम्तिमा ५,००० मतदाताको समर्थनको हस्ताक्षरयुक्त निवेदन दिनुपर्ने ।<br>संकटकालीन अधिकार<br>राष्ट्रपतिबाट व्यवस्थापिका संसदको सहमतिमा संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ । यस्तो घोषणा वा आदेश २ महिना सम्म लागु रहनेछ । अवस्था हेरी व्यवस्थापिका संसदको साधारण वहुमतबाट डेढ महिनाको लागि म्याद थप गर्न सकिनेछ । संकटकालीन अवस्थामा मौलिक हक निलम्बन गर्न सकिनेछ ।<br>संविधान संशोधन<br>संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्नु परेमा व्यवस्थापिका संसदको दुई तिहाई सदस्यहरुको बहुमतबाट पारित हुनेछ ।<br>बाधा अड्काउ फुकाउने अधिकार<br>संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन मन्त्रीपरिषदले आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश व्यवस्थापिका संसदबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ । |
| ३३ | रन्जन काफ्ले, हाल गोल्डेन गेट नयाँ वानेश्वर काठमाण्डौ । | राजनैतिक सहमति कायम गरी दिगो संविधान बनाउने,<br>जनतालाई सार्वभौम सम्पन्न गराऔं,<br>संविधान निर्माण गर्दा जातीयताको बारेमा बहस नगरी वर्गीय असमानता, आधारभूत आवश्यकताका बारेमा बहस गरौं,<br>व्यक्तिगत स्वतन्त्रता, गुणस्तरीय शिक्षा, स्वास्थ्य रोजगारीको सुनिश्चितता गरौं । |
| ३४ | नर बहादुर साउद, भिमदत्त न.पा.२ | संविधानमा अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गरिनुपर्छ,<br>देश संघीयतामा जाँदा राष्ट्रिय अक्षुण्णता, सामाजिक सद्भाव र मेलमिलाप कायम रहने गरी प्रदेशका |

| | | |
|---|---|---|
| | कञ्चनपुर | निर्माण गरिनुपर्छ,<br>ज्यानमारा, देशद्रोही, भ्रष्टचारी, व्यभिचारी, अधिकारको दुरुपयोग गर्नेलाई जेलमा पालनपोषण गर्नु भन्दा मृत्युदण्ड दिने काम गर्नु राम्रो होला । |
| ३५ | लेखनाथ न्यौपाने, चिकित्सक झापा | बन्द हड्ताल गर्न प्रतिबन्ध लगाउने कानून निर्माण गरौ । यसको प्रभावकारी कार्यान्वयनका लागि बन्द हडतालको कारण भएको क्षति त्यस्तो बन्द हडताल आयोजकबाट असुल उपर गर्ने कानुन बनाऔं,<br>गरिब, निमुखा, असाहय जनतालाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सकियोस,<br>भ्रष्टचारीलाई हदैसम्मको कारवाहीको व्यवस्था गरियोस । |
| ३६ | Nepal Participator Action Network (NEPAN) | निर्माणाधीन संविधानमा निम्न कुरा सुनिश्चित गर्न पहल गरियोस<br>वृद्धावस्था भएको कारणले कुनै पनि नेपाली जेष्ठ नागरिक अपहेलित तथा उत्पीडित हुनुपर्ने छैन र सम्मानपूर्वक जीवन निर्वाह गर्न पाउने हक हुनेछ, जेष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य तथा सामाजिक सुरक्षाको हक हुनेछ,<br>अशक्त, असहाय, बेवारिसे, द्वन्द पिडित एवं विस्थापित जेष्ठ नागरिकको सुनिश्चित जीवन यापनका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ,<br>जेष्ठ नागरिक आयोग तुरुन्त गठन गरिनुपर्छ,<br>मानव अधिकार र जेष्ठ नागरिक विषयमा अध्ययन गराई जेष्ठ नागरिकका विशिष्ट अधिकारहरुको संरक्षण गरिनुपर्छ । |
| ३७ | दिपक सुवेदी deepaksubedichintak@yahoo.com | हाम्रो जस्तो अस्वावलम्बी तथा राजनीतिकवादी शब्दजाल भएको मुलुकमा यावत राजनीतिक वादीय मान्यता र संस्कारबाट स्पष्ट राज्य व्यवस्थाको दिशा अवलम्बन गर्न निकै गाह्रो छ । साच्चिकै सेवाग्राही, सर्वमान्य, निष्कपट, सर्वकल्याणकारी, शान्ति, महाशान्तिको एउटै उपायको हामी सबैमा खोजी हुनैपर्छ । वैदिक साम्यवादलाई गन्तव्य बनाएर अगाडि बढ्न तथा सोही अनुसार संविधान निर्माणको कार्य हुन अनुरोध गर्दछु । |
| ३८ | जीत बहादुर सिंजाली, राजपुर गा.वि.स. दाङ्ग देउखुरी | नेपाललाई गोरखा राज्य नामाकरण गर्नुपर्छ ।<br>प्रजातन्त्र सत्यको लागि, न्यायको लागि, विकासको लागि, सामाजिक सद्भावको लागि, समावेशीको लागि चाहिएको छ । हामीलाई बेकारको लुटपाटीय प्रजातन्त्र चाहिएको छैन । सकभर एक पार्टी मात्र हुनुपर्छ । |
| ३९ | उमानन्द झिनुवा (नागरिकको आवज) | भात पानी खान छोरी लिन दिन स्वतन्त्रता हुनेछ, करकाप र जवरजस्ती गर्न पाइने छैन ।<br>आफु खुशी धर्म गर्न पाइनेछ, कसैले कसैलाई ठुलोसानो जात भनि भन्न पाइने छैन ।<br>गाई, डाँफे, मजुर लाई राष्ट्रिय जनावर भएकोले काटमार गर्न पाइने छैन । |
| ४० | विश्व हिन्दु महासंघ (पत्र मार्फत) | धर्म निरपेक्ष शब्द भाषागत रुपले अनुपयुक्त रहेको र विदेशी नक्कल गरिएको देखिने हुँदा अब बन्ने संविधानमा भेदभावरहित धर्म स्वतन्त्र नेपाल राष्ट्र रहनेछ भन्ने उल्लेख हुनुपर्दछ ।<br>गाईलाई राष्ट्रिय जनावरको रुपमा राखि संरक्षण गरिनु पर्दछ ।<br>अब बन्ने संविधान राष्ट्रको सर्वाङ्गिण हितका लागि उपयुक्त बनोस र दिग दिगान्त सम्म अन्तराष्ट्रिय समुदायलाई समेत नमूनाको रुप दिन सकोस । |
| ४१ | स्वर्गिक मार्ग संघ नेपाल | समाजमा बिद्यमान सबै खाले छुवाछुतको अन्त्य गर्ने कानूनी प्रावधान राखियोस र यो कानून लागू गर्न बाधा पुऱ्याउने सबै किसिमका शास्त्रीय धार्मिक एवम् सांस्कृतिक मान्यताहरुमा सुधार गर्न संवैधानिक पहल होस,<br>वैधानिक तथा अवैधानिक दृष्य तथा अदृष्य र आर्थिक वाध्यताका कारण हुने मानव बेचविखनलाई रोक्न कडा संवैधानिक व्यवस्था गरियोस । |
| ४२ | वली मुहम्मद (मोमिन) | अब नेपालको नयाँ संविधानका प्रस्तावना धारा उपधारा, अनुसूची, दफा उपदफा, परिच्छेद, संकेत आदिमा शब्द प्रयोग गर्दा शुद्ध नेपाली भाषामा स्पष्ट शैलीमा व्याख्या हुनु एवं संविधानमा सम्बोधन हुनु जरुरी छ ।<br>कलमको बल, स्वतन्त्र निर्भिक शान्तिको अनुभुतिले संविधानको मस्यौदा गर्नुपर्दछ तब मात्रै संविधान आयोगका विद्वानहरुले जनविचारलाई मुर्त रुप दिने,<br>वाह्य शक्तिको सन्तुलन नितान्त जरुरी छ । |
| ४३ | नेपाल शिक्षक सङ्घको छैठौ राष्ट्रिय महाधिवेशन २०६५ बाट प्रस्तावित केही सुझाव | प्रस्तावना:-<br>सार्वभौम नेपाली जनताको स्वतन्त्रता, स्वाभिमान, सम्मान र मर्यादा प्रति प्रभावकारी र उत्तरदायी राज्यसंयन्त्र निर्माण,<br>आम नेपाली पहिचानहरुको सुरक्षा, सम्मान र अधिकारलाई सुनिश्चित गर्ने राजनीतिक, सामाजिक र आर्थिक व्यवस्थाहरु निर्माण र विकास गर्न,<br>नेपालको अन्तरिम संविधानको धारा ........अन्तर्गत गठित संविधान सभाको धारा ......... अनुरुप यो संविधान निर्माण गरी जारी गरिएको छ ।<br>सार्वभौमसत्ता<br>नेपालको सार्वभौमसत्ता नेपाली नागरिकमा रहनेछ,<br>नेपाली जनताले सार्वभौमसत्ताको प्रयोग यो संविधान अनुसारको आवधिक चुनाव/जनमत संग्रहद्वारा आफैले प्रत्यक्ष रुपमा गर्ने अवस्थामा बाहेक यो संविधान अनुसार निर्वाचित संसद र सरकारले |

| | | |
|---|---|---|
| | | न्यायिक सर्वोच्चताको मान्यताको अधिनमा रही राष्ट्रप्रमुख मार्फत गर्नेछन् ।<br>जनमत संग्रहको व्यवस्था<br>राज्यको स्वरुप, संरचना सम्बन्धी निर्णय, प्रदेश विभाजन जस्ता सवालमा संसदको दुई तिहाई बहुमतको सिफारिसमा आवधिक रुपमा जनमत संग्रह गर्ने व्यवस्था गरिनेछ । संविधान सभाबाट संविधानको मस्यौदा तयार भई राष्ट्रप्रमुखबाट जारी हुनु अघि संविधान अनुमोदनको लागि जनमत संग्रह गरिनेछ ।<br>संकटकालको घोषणा<br>मुलुकको सुरक्षामा गम्भीर संकट उत्पन्न भई वा राजनीतिक सामाजिक वा आर्थिक जीवनमा गम्भीर समस्या उत्पन्न भई नियमित दैनिक सामाजिक, राजनीतिक, आर्थिक जीवनमा अवरोध तथा संकटको स्थिति उत्पन्न भएमा नेपालको सबै भ–भाग वा कुनै निश्चित भु–भागमा सुरक्षा परिषद समेतको रायको आधारमा नेपाल सरकारको सिफारिसमा राष्ट्रप्रमुखले संकटकाल घोषणा गर्ने छन्, यस्तो संकटकाल एक पटकमा वढीमा छ महिनाको लागि घोषणा गर्न सकिनेछ ।<br>छ महिना पछि अर्को पटकको लागि संकटकाल घोषणा गर्नु परेमा संसदको स्वीकृति अनिवार्य हुनेछ, संसदको स्वीकृतिले लगातार तीन पटक भन्दा बढी संकटकाल घोषणा गर्न पाइने छैन । |
| ४४ | विवेक क्षेत्री, संजय कार्की, समीक्षा कार्की, अम्विका कार्की, कामनपा ३२ | संविधानको शिर्षक **जनगणतन्त्र नेपाल** लेखियोस् । |
| ४५ | पुरुषोत्तम पोखरेल, सितापुर– ८ महोत्तरी | कुनै पनि दलले केन्द्र, क्षेत्र र जिल्ला समितिका सबै सदस्यले आफ्नो हैसियत (सम्पत्ति) अनिवार्य सार्वजनिक गर्नुपर्ने र चरित्रलाई स्वच्छ बनाउने,<br>केन्द्रीयस्तरका नेताहरुले पार्टी महाधिवेशन पछि मात्र पार्टी त्याग्न पाउने र अर्को पार्टीमा जान पार्टी खुला राख्ने प्रावधान ल्याउने,<br>कुनै पनि दलका नेताले एक भन्दा वढी पद लिन नपाइने,<br>प्रत्यक्ष वा समानुपातिक तर्फवाट विजयी नेताले वर्षमा कम्तिमा २ पटक घरदैलो कार्यक्रम गर्ने,<br>दलले राजनीतिक नियुक्ति गर्दा व्यक्तिको योग्यता क्षमता नैतिकता आदिको आधारमा दलको प्रतिष्पर्धाबाट मात्र गर्ने,<br>दलहरुलाई समावेशी बनाउने । |
| ४६ | कल्याणदेव भट्टराई, स्वतन्त्र नागरिक | देशको सबै राजनीतिक पार्टीहरुले आफ्नो विधानमा सम्बन्धित पार्टीको नेतृत्वको छनौट प्रजातान्त्रिक प्रकृयाबाट छनौट गरिने प्रावधान अनिवार्य राख्नुपर्ने हुनुपर्छ र यसरी विधान अनुसार गरिनुपर्ने आन्तरिक चुनाव तथा अन्य भेला, बैठक निर्धारित समयमा नगरेमा त्यस्तो पार्टीलाई चुनाव आयोगले प्रतिबन्ध लगाउने प्रावधान संविधानमा हुनुपर्दछ,<br>राजनीतिक पार्टीको आ.व.को अन्तिम सम्म लेखा प्रतिवेदन सार्वजनिक गरी आम्दानीका स्रोत र खर्चको फाँटवारी प्रकाशित गर्नु पर्दछ,<br>सम्पूर्ण जिम्मेवारी पद चुनावद्धारा कार्यकर्ताको मत बाट नियुक्ति गर्ने प्रावधान हुनु पर्दछ । |
| ४७ | प्रा.डा.सुर्य प्रसाद सुवेदी | कान्तिपुर पत्रिकामा केहि अगाडि प्रकाशित दुई वटा लेखलाई सुझावको रुपमा प्रस्तुत गरिएका, शासन प्रणाली र संघीयता निर्माण सम्वन्धमा सुझाव केन्द्रित रहेको । |
| ४८ | भिमवहादुर राई, वेदप्रकाश कायस्थ, निर्मल राजवंशी, मेघराज श्रेष्ठ र शशिधर के.सी | १६ पेजको प्रस्तुत सुझावमा संविधानका अन्तरवस्तुका वारेमा सिधै उल्लेख नगरी गाँस, वास, कपास, दण्डहिनता, विकास निर्माण, रोजगारी सिर्जना तथा राजनीतिक दल र नेताहरुप्रतिको असन्तुष्टि जाहेर भएको । |
| ४९ | साप्ताहिक विमर्श | नेपाल बन्द, चक्काजाम, तोडफोड र आगजनी सबै क्षेत्रमा सदाका लागि अन्त्य गर्ने, त्यसको अवज्ञा गर्नेलाई सुरक्षा निकायबाट गोली हान्न सक्ने अधिकार सहितको कानुन बनाउने,<br>सबै क्षेत्रलाई आरक्षणमुक्त गर्ने तर केही समयको लागि उपेक्षित क्षेत्र र समुदायलाई प्राथमिकता दिने,<br>दलले सञ्चार, शिक्षा, कानूनी क्षेत्र निजी र सरकारी कर्मचारी आर्थिक क्षेत्र, सामाजिक तथा पेशागत संघसस्थामा आबद्ध व्यक्तिलाई सदस्यता वितरण गर्न नपाउने,<br>निजामती प्रशासनलाई राजनीतिक हस्तक्षेपमुक्त राख्ने कानुन वनाउने,<br>सदस्यको उमेर १८ देखि ६० वर्षसम्म मात्र हुनुपर्ने,<br>सदस्य र दलको आर्थिक स्थिति बर्षेनी सार्वजनिक हुनुपर्ने,<br>आम निर्वाचनका उम्मेदावरको उमेर ५५वर्ष भित्र हुनुपर्ने,<br>उम्मेदवारले एउटा क्षेत्रमा मात्र उठ्न पाउने,<br>उम्मेदवारको योग्यता कम्तिमा पनि स्नातक तह उत्तिर्ण हुनुपर्ने,<br>चन्दा र उपहार लिन नपाउने,<br>संञ्चार क्षेत्रमा लगानी गर्न पाउने तर चौथो अगंको मान्यता नपाउने,<br>दलले मनोनयन र नियुक्ति गर्न नपाउने तर विशेष आमन्त्रण गर्न पाउने । |
| ५० | धिमाल जाति विकास केन्द्र, केन्द्रिय समिति | प्रस्तावनामा उल्लेख हुनुपर्ने :<br>संघीय लोकतान्त्रिक गणतन्त्र वहुदलिय प्रतिस्पर्धात्मक, |

| | | |
|---|---|---|
| | उर्लावारी मोरंग | जनताको सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल,<br>प्रान्त र केन्द्र दुवैको संविधान हुने कुरा प्रस्तावनामा उल्लेख हुनुपर्ने,<br>राष्ट्रको आर्थिक, सामाजिक, सास्कृतिक विकास, सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वभिमानलाई सम्मान गर्दै राज्यको पुनःसंरचना ऐतिहासिक भोग चलन गरि आएको भुमिको जातीय, आत्मनिर्णय तथा अग्राधिकार सहितको हुनुपर्ने,<br>धर्म निरपेक्ष हुनुपर्ने,<br>दोस्रो ऐतिहासिक अपूर्व जनआन्दोलनबाट प्राप्त जनअधिकार अनुरुप जननिर्वाचित जनप्रतिनिधि संविधान सभाद्धारा निर्मित भनिनु पर्ने ।<br>राजनीतिक दल सम्वन्धी :<br>राष्ट्रिय र राज्य/प्रान्तीय दल दुवैको संवैधानिक व्यवस्था हुनपर्ने,<br>राष्ट्रिय दलले केन्द्रीयस्तरमा दर्ता हुनुपर्ने र प्रान्तीय दलहरुले प्रान्तीय स्तरमा दर्ता गर्नुपर्ने व्यवस्था हुनुपर्ने ।<br>संकटकालीन अवस्था :<br>केन्द्रीय सरकार र प्रान्तीय सरकारको सहमतिबाट संकटकाल घोषणा गर्ने ।<br>विविध :<br>केन्द्र सरकारले प्रान्तीय सरकारको सिफारिस अनुरुप व्यवस्था गर्ने,<br>संक्रमणकालीन व्यवस्था,<br>केन्द्रीय सरकार र प्रान्तीय सरकारले दलिय र जातीय सहमति अनुसार कार्य संचालन गर्ने ।<br>परिभाषा :<br>देशको अखण्डको मान्यता राख्दै भोग चलन गरी आएको भूमिको सिमाङ्कन, नामङ्कन र स्वशासन बारे निर्णय आफै गर्न पाउने अधिकार आत्मनिर्णयको अधिकार हुनुपर्नेछ,<br>अग्राधिकार :<br>प्रान्त वा जातीय स्वशासित भूमिमा भुमिपुत्र आदिवासीहरुले राजनीतिक सरकारी निकाय आर्थिक, साँस्कृतिक र प्राकृतिक श्रोत साधनमा पहिलो प्राथमिकताका साथ पाउने अधिकार अग्राधिकार हुनु पर्नेछ । |
| ५१ | रेवतीरमण कुँवर,<br>गोदावरी ४ ललितपुर | आम नेपाली जनता नेपाल अधिराज्यका सार्वभौम नागरिक हुन् यो पक्ष अपुरो र परिवर्तित हुनै सक्तैन ।<br>राजनीतिक दल स्पष्ट र पारदर्शि हुन पर्दछ, धनीबाट चन्दा असुल्ने र गरिबलाई पार्टी काममा लतार्ने हुनु हुदैन ।<br>राजनीतिक पार्टीमा संगठित या कृयाशील रुपमा आवद्ध मानिसहरुको निम्ति शैक्षिक योग्यता एस.एल.सी. हुनै पर्ने र चल अचल गरि न्युनतम आर्थिक हैसियत १० लाख हुन आवश्यक छ ।<br>राजनीतिक पार्टीले आफ्ना कार्यकर्ताको लागि प्रदान गर्ने परिचय पत्रमा निजको शैक्षिक योग्यता र आर्थिक हैसियत प्रष्ट साथ खुलेको हुन पर्नेछ ।<br>एउटै दर्शनमा आधारित भई समान आस्था र विश्वासको सिद्धान्तमा स्थापित भएको राजनीतिक पार्टीमा समय सापेक्ष बेमेल उत्पन्न भई फुट्नु पर्ने स्थिति सिर्जना भएमा कम्तिमा केन्द्रीय कमिटिका सदस्यको ४० प्रतिशत र केन्द्रीय कमिटि भन्दा तलका सबै लेवल र स्तरका कमिटिहरुबाट ४०/४० प्रतिशत सो पार्टीका आबद्ध कार्यकर्ताहरुको संख्याले फुटनु पर्ने लिखित कारण जनाई निर्वाचन आयोगमा आवेदन दिनु पर्नेछ ।<br>दल दर्ता गर्दा कम्तिमा पनि एक लाख ५० हजार मानिसको लिखित आवेदन निर्वाचन आयोगमा प्रस्तुत हुनुपर्नेछ र चालु आर्थिक वर्षको राज्यको कुल बजेटको ०.५० प्रतिशतले हुने रकम एकमुष्ठ नेपाल राष्ट्र बैकमा धरौटी राखि प्रमाण सहित पार्टीको विधान कार्यक्रम विधान अनूरुप सांगठनिक आकार र पदाधिकारीहरु लगायत सबै कार्यकर्ताको नामावली निर्वाचन आयोग समक्ष पेश गरि राजनीतिक पार्टी औचित्य हुने निवेदन पेश गर्नु पर्नेछ ।<br>संविधान भित्र रहेर कानूनको पालना गर्नु गराउनु पनि राजनीतिक पार्टीहरुको दायित्व हो । |
| ५२ | मित्र कुञ्ज | नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्र (चौथो संशोधनका प्रावधानहरु) थप गरी नयाँ संघीय संविधानमा राख्ने । |
| ५३ | टेक बहादुर कार्की,<br>मुगा –७, धनकुटा | यस समितिको कार्य क्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ५४ | जिल्ला भोजपुर चम्पे गा.वि.स.को जन समाज मन्डलीहरुको तर्फबाट | समाज मण्डलीको छलफलबाट निश्कर्ष निकाली १२ बुँदाका सुझाव दिइएको, सुझावमा भावी संविधानमा समावेशी सम्बन्धी सवालहरुको सम्बोधन गरिनुपर्ने र विकास निर्माणका विषयहरु संलग्न रहेका तर समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नआएको । |
| ५५ | केदार खड्गी, टंकेश्वर १३, काठमाण्डौ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ५६ | उमानाथ निरौला,<br>लखनपुर–१ झापा | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ५७ | नगेन्द्रभक्त श्रेष्ठ,<br>वरिष्ठ अधिवक्ता | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |

| | | |
|---|---|---|
| ५८ | रामजी ज्ञवाली, थानपति गा.वि.स गुल्मी | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ५९ | नेपाल जेसिज, थापाथली | सुझावहरु राज्य पुर्नसंरचना संग सम्वन्धित रहेको, संवैधानिक समितिको कार्यक्षेत्र भित्रको सुझाव नरहेको । |
| ६० | चिरंजीव मरासिनी, एवरेस्ट च्याम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीज | नयाँ संविधान पूर्ण रुपले प्रजातान्त्रिक गणतन्त्रात्मक तथा संघात्मक हुनु पर्दछ । |
| ६१ | दया प्रसाद घिमिरे, मोतिपुर गा.वि.स.सचिव कपिलबस्तु | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ६२ | शैलेस थापा, काठमाण्डौ | संविधानका अन्तरवस्तु वाहेक अन्य कुरामा असन्तुष्टि व्यक्त । |
| ६३ | जडान स्वायत्त प्रदेश, केन्द्रीय समिति | अन्य समितिसंग सम्बन्धित मात्र सुझाव रहेको संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ६४ | व्याकवार्ड सोसाइटी एजुकेशन (बेस) दाङ्ग, बाके, बर्दिया, कैलाली र कञ्चनपुर घोषणापत्र | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ६५ | ऋषवदेव खनाल, वानेश्वर हाइट | नेता र दलहरु प्रतिको असन्तुष्टि व्यक्त भएको, संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । । |
| ६६ | हरिचन्द्र तिमिल्सेना | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ६७ | कुश वहादुर कार्की, काठमाण्डौ | नेपाल एउटा स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक धर्म निरपेक्ष राज्य हुनपर्ने,<br>संविधान संशोधन गर्दा सदस्य संख्याको दुई तिहाई बहुमतवाट राष्ट्रपतिले घोषणा गर्नुपर्ने,<br>एउटा दलबाट निर्वाचित सदस्य सो दल परित्याग गरेमा सदस्यता स्वत: खारेज हुनुपर्ने तर ५० प्रतिशत सांसदले छुट्टै पार्टी गठन गरी दल छाड्न सक्ने ।<br>निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगमा दलहरु अनिवार्य रुपमा दर्ता हुन पर्ने,<br>हरेक दलले पाँच पाँच वर्षमा महाधिवेशन गर्नुपर्ने ।<br>केन्द्रीय सरकारको सिफारिसमा राष्ट्रपतिले बाधा अड्काउ फुकाउ गर्नुपर्ने र सो को औचित्य सदनबाट पुष्टि गर्नुपर्ने । |
| ६८ | गुणेश ठाकुर, एम.ए डि.पी ए | २०४७ सालको संविधान निर्माणका वेला प्रस्तुत गरेको सुझाव संलग्न । |
| ६९ | गंगाप्रसाद दाहाल, इटहरी नगरपालिका, वार्ड नं. ५ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको |
| ७० | Kumar Brhma, Young Kummunist (NINETH) Tikapur, Kailali | हिन्दुत्वलाई पनि संविधानमा समावेश गर्नुपर्छ । |
| ७१ | रामकृष्ण बजगाईं, चाउथे-४, पैरेगाउँ, नुवाकोट | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको |
| ७२ | धनराज गिरी, तोपगाछी-७, झापा | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ७३ | सोनलाल दमाई, नेपाल राष्ट्रिय दलित मुक्तिमोर्चा, जिल्ला समिति, डडेलधुरा | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको |
| ७४ | नेपाल कानून समाज, काठमाडौं | समाजद्वारा प्रस्तुत **नयाँ संविधानको भावी स्वरुप बारे स्थानीयस्तरका सरोकारवालाहरुको धारणा** नामक प्रतिवेदन, २०६५ मा सरोकारवालाहरुसँग गरिएका छलफलका निश्कर्षहरुलाई प्रस्तुत गरिएको जसमा शासकीय स्वरुप, राज्य पुनर्संरचना, न्याय प्रणाली समिति, मौलिक अधिकार समिति, राष्ट्रिय हितको संरक्षण समितिका कार्यक्षेत्र भित्रका विषयमा विस्तृत सुझाव संलग्न रहेको । संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ७५ | राष्ट्रिय प्रजातन्त्र पार्टी, धादिङ्ग | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा सुझाव नरहेको । |
| ७६ | हरिहर सोती, व्यास-७, तनहुँ | प्रस्तावना :<br>दल, धर्म, जात, संस्कृति र सम्प्रदायहरुको अस्तित्वलाई स्वीकार्दै समग्र नेपाल र नेपालीको आवश्यकता र एकताको भावना अनुरुप, राजनीतिक, धार्मिक, साम्प्रदायिक, भाषिक सूचना-सञ्चार, |

| | | |
|---|---|---|
| | | औद्योगिक लगायत इतिहासका विभिन्न कालखण्डहरुमा सञ्चालित आन्दोलन, विद्रोह र प्रदर्शित भागहरुलाई संवोधन गर्दै राज्यको हित चिताई सम्पूर्ण सहिद, घाइतेयोद्धा र आन्दोलनकारीहरुको मर्म र भावनालाई उच्च सम्मान गर्दै, भौगोलिक, क्षेत्रीय र दुर्गम भू-भागलाई नेपाली भूमि रहेको प्रत्याभूत गराउने गरी संविधानको प्रस्तावनालाई निर्माण गरिनु पर्दछ ।<br>संविधान संशोधन प्रक्रिया :<br>आपसमा बाझिएका अस्पष्ट संविधानका धाराहरुलाई कुनै नागरिक संघ संस्थाले अदालतमा दायर गरेको रिटका आधारमा अदालतको आदेश बमोजिम संविधान संशोधनको लागि सरकारले संसदमा प्रस्ताव लैजाने ।<br>राजनीतिक दल सम्बन्धी :<br>राजनीतिक दलको नाममा भ्रष्ट, अपराधी र राष्ट्रविरोधी तत्वले टाउको उठाउने अवस्थालाई कम गर्न कुनै पनि पार्टीसँग नाम जोडिएर आएको तत्व व्यक्ति र भातृसंगठनहरुलाई कारवाही नगरेसम्म पार्टीलाई कुनैपनि राजनीतिक क्रियाकलापमा भाग लिन नपाउने गरी प्रतिबन्ध लगाउने व्यवस्था गरिनु पर्दछ,<br>राजनीतिक दल विचार र प्रतिस्पर्धामा विश्वास गर्ने जुझारु र अग्रगामी सोचको हुनुपर्ने,<br>दलका नेता र समग्र दलको आर्थिक कारोबार हरेक वर्षको अन्त्यमा पारदर्शी रुपमा सार्वजनिक गरिनु पर्ने व्यवस्था गर्ने,<br>क्षेत्रीय दलहरुले स्थानीय चुनावमा मात्र भागलिन वा चुनाव लड्न पाउने र राष्ट्रिय दलले मात्र राष्ट्रिय चुनावमा भागलिन पाउने व्यवस्था गर्ने,<br>दलहरुबाट जातीय, लिङ्गीय र साम्प्रदायिक विभेद गरेको अवस्थामा सम्बन्धित जाति, लिङ्ग र सम्प्रदायले अदालत जान पाउने र दोषी पाइएमा अदालतबाट स्पष्टिकरण माग गर्ने स्पष्टिकरण दिन नआए दलको त्यस निर्णयलाई अमान्य घोषणा गर्न अदालतले राज्यलाई आदेश दिने व्यवस्था हुनुपर्ने ।<br>संकटकालीन अवस्थाको घोषणा : देशमा देहायका बमोजिम अवस्थामा संकटकालीन स्थिति घोषणा गर्न पाउने व्यवस्था गर्ने :<br>राजनीतिक अस्थिरता, युद्ध, आन्दोलन र विरोधबाट मानवीय संकट आइपरेको वेला,<br>प्राकृतिक प्रकोपको कारण मानवीय संकट आइपरेको वेला,<br>रोगजन्य प्रकोपबाट पूरै देश प्रभावित भएको वेला,<br>उर्जा संकटको चरम अवस्थाले मानवीय संकट निम्त्याएको वेला,<br>आर्थिक रुपमा देश टाँट उल्टिएको वेला,<br>विदेशीहरुबाट राज्यमा आक्रमण गर्दा, सीमा अतिक्रमण गर्दा वा अन्य देशको आन्तरिक मामिलामा अनावश्यक दवाव सिर्जना गरेमा,<br>देशमा संवैधानिक संकट आइपरेको वेला ।<br>बाधा अड्काउ फुकाउने अधिकार :<br>राष्ट्रपति सरकार प्रमुख रहेमा अदालतबाट बाधा अड्काउ फुकाउने आदेश दिने व्यवस्था हुने,<br>प्रधानमन्त्री प्रमुख रहेमा राष्ट्रपतिबाट बाधा अड्काउ फुकाउने व्यवस्था गर्ने,<br>बाधा अड्काउ फुकाउनेको नाममा देश र जनतालाई नकारात्मक असर पुग्ने निर्णयहरु भएमा निर्णय वा फैसला सुनाउने अधिकारीलाई महाभियोगद्वारा हटाउने व्यवस्था हुनुपर्ने । |

## अनुसूची-४
## जनमत संकलनसंग सम्बन्धित दस्तावेजहरु

### (क) आम नागरिकबाट सुझाव संकलन गर्ने प्रयोजनको लागि समितिले पारित गरेको प्रश्नावली

भावी संविधान निर्माणको सिलसिलामा संविधानसभा, **संवैधानिक समिति**को कार्यक्षेत्र भित्रका विषयमा आम नागरिकबाट राय सुझाव प्राप्त गर्नका लागि तयार गरिएको प्रश्नावली :-

नाम : ............................................ (गोप्य राख्न चाहेमा उल्लेख नगरेपनि हुने)

ठेगाना : ............................................ (गोप्य राख्न चाहेमा उल्लेख नगरेपनि हुने)

१. भावी संविधानको प्रस्तावनामा के कस्ता कुराहरु समावेश गर्नु उपयुक्त देख्नु हुन्छ ?
२. संविधानको प्रस्तावनामा संविधानका आधारभूत मूल्य र मान्यताहरु पनि उल्लेख हुने गरेको सन्दर्भमा आगामी संविधानमा समावेश गर्नुपर्ने त्यस्ता आधारभूत मूल्य र मान्यताहरु के के हुन सक्छन् ?
३. प्रश्न नं.२ को सन्दर्भमा तपाईले किटान गर्नु भएका आधारभूत मूल्य र मान्यताहरु मध्ये भविष्यमा संशोधन गरेर परिवर्तन गर्न सकिने कुनै छन् कि ? ती मूल्य र मान्यतालाई परिवर्तन गर्न सकिने बनाउनु उपयुक्त हुन्छ वा हुदैन ?
४. जनतामा निहित सार्वभौमसत्ता र राजकीय शक्तिको प्रयोग कसले, कसरी गर्ने र प्रयोग विधि कस्तो बनाउनु उपयुक्त हुन्छ ?
५. संविधानमा राष्ट्रको परिभाषा गर्नु पर्छ कि पर्दैन ? यदि परिभाषा गर्नुपर्छ भने कसरी परिभाषित गर्नु पर्ला ?
६. नेपाल राज्यको विशेषता के के हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?
७. संविधानमा राष्ट्रिय प्रतिक (फूल, रंग आदि) को रुपमा कुनै कुराहरु उल्लेख गर्नुपर्छ वा पर्दैन ? यदि पर्छ भने के कस्ता कुराहरुलाई राष्ट्रिय प्रतिकको रुपमा समावेश गर्नु पर्ला ?
८. वर्तमान राष्ट्रिय गान र निशाना छाप परिवर्तन गर्नु पर्छ वा पर्दैन ?
९. संविधान संशोधन गर्ने सम्बन्धमा कस्तो व्यवस्था समावेश गर्नु उपयुक्त होला ?
१०. संविधान निर्माण प्रक्रियामा कुनै धारा, उपधारा, खण्डका सम्बन्धमा जनमत संग्रहको अभ्यास अवलम्वन गर्नु उपयुक्त हुन्छ वा हुदैन ? यदि यस्तो अभ्यास अवलम्वन गर्नु उपयुक्त हुन्छ भने कस्ता विषयहरुमा जनमत संग्रह गर्नु पर्ला ?
११. संविधानले अन्य कुनै व्यवस्थालाई संशोधन गर्न नसकिने गरी अपरिवर्तनीय वनाउन उपयुक्त हुन्छ वा हुदैन ? यदि अपरिवर्तनीय वनाउने हो भने के के कुरा संशोधन हुन नसक्ने अपरिवर्तनीय बनाउनु पर्ला ?
१२. संविधान संशोधनका लागि संघीय विधायिका र संघीय इकाईका विधायिकाहरुको के कस्तो भूमिका रहने व्यवस्था राख्नु उपयुक्त हुन्छ ?
१३. राजनैतिक दल खोल्नका लागि के कस्ता शर्तहरु पूरा गर्नुपर्छ भन्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ?
१४. निर्वाचनको लागि राजनैतिक दल दर्ता गर्न र संचालन गर्न कस्तो विधि र प्रकृया राख्नु उपयुक्त होला ?
१५. राजनैतिक दललाई अझबढी समावेशी चरित्रको बनाउनका लागि कस्तो संवैधानिक व्यवस्था गर्नु पर्ला ?
१६. राजनैतिक दलहरुको आयव्ययको पारदर्शिता र जनताप्रतिको उत्तरदायित्वको सुनिश्चितताका लागि संविधानमा नै कुनै व्यवस्था राख्नु आवश्यक छ वा छैन ?
१७. संविधानमा संकटकालीन अवस्थाको घोषणा गर्ने व्यवस्था राख्नु पर्छ वा पर्दैन ? यदि पर्छ भने त्यस्तो घोषणा गर्ने अधिकार कस्लाई दिने ?
१८. कस्तो कस्तो अवस्थामा संकटकालीन अवस्थाको घोषणा गर्ने व्यवस्था राख्नु उपयुक्त हुन्छ ?
१९. संकटकाल कति अवधिसम्म लगाउन पाउने व्यवस्था गर्नु पर्ला ?
२०. संकटकालीन अवस्थाको घोषणालाई व्यवस्थापिकाबाट अनुमोदन गर्ने व्यवस्था राख्नु पर्छ वा पर्दैन ? यदि राख्नु पर्छ भने कस्तो व्यवस्था राख्नु पर्ला ?
२१. संकटकालीन अवस्थामा पनि बन्देज लगाउन नसकिने गरी नागरिकका कुन कुन मौलिक हक सुरक्षित गर्नुपर्ला ?
२२. संविधानमा व्यवस्था गरिएको कुनै निकाय समयमा गठन हुन नसकेको कारण वा संविधानले परिकल्पना नगरेको अवस्था परी संवैधानिक संकटको अवस्थामा वाधा अड्काउ फुकाउने व्यवस्था संविधानमा गर्नु पर्छ कि पर्दैन ?
२३. वाधा अड्काउ फुकाउने अधिकारको प्रयोग कहाँबाट कसरी हुने व्यवस्था गर्नु उपयुक्त होला ?
२४. पुरानो अवस्थाबाट नयाँ संविधान अनुसारको व्यवस्थामा प्रवेश गर्दा संक्रमणकालीन व्यवस्था कस्तो गर्नुपर्ला ?
२५. राष्ट्रको तर्फवाट उपाधि सम्मान र विभुषण दिने अधिकार संघीय सरकारमा मात्र रहनु उपयुक्त होला कि संघीय इकाईलाई पनि दिनु पर्ला ?
२६. भावी नेपालको संविधानको नाम के राख्नु उपयुक्त देख्नु हुन्छ ?

मिति २०६५/१०/२३ को बैठकवाट पारित ।

(ख) सुझाव संकलन टोलीहरुबाट प्राप्त प्रतिवेदनको सार संक्षेप

| टोलीको नाम | सुझावहरु |
|---|---|
| टोली नं. १<br>झापा/इलाम | ➢ संविधानमा सबैको भावना समेट्नु पर्ने,<br>➢ संविधान निर्माण अघि आन्दोलन होइन सबै नेपाली संविधान निर्माणको प्रकृयामा जुट्नु पर्ने,<br>➢ मुलुकलाई अग्रगमनमा लैजान नदिने र विथोल्नेहरुदेखि सावधान हुनुपर्ने,<br>➢ जनयुद्ध र जनआ न्दोलका योद्धा र घाइतेहरुलाई संवोधन गर्नु पर्ने,<br>➢ सहमति जुट्न नसक्ने जटिल विषयहरुको समाधान जनमत संग्रहबाट (सन्धी/सम्झौता/प्राकृतिक श्रोत बाँडफाँड/संघीयता/राज्यको पुनर्संरचना) गर्नुपर्ने,<br>➢ सबैको अपनत्व हुने संविधान निर्माण हुनु पर्ने,<br>➢ नयाँ संविधानले राष्ट्रिय भावनाको जागरण गर्ने वातावरण सृजना गर्नु पर्ने,<br>➢ सहकारी सम्बन्धी राष्ट्रिय नीतिको व्यवस्था हुनु पर्ने,<br>➢ विज्ञहरु र दक्ष प्राविधिकहरुको सहयोगमा संविधान निर्माण हुनु पर्दछ। |
| टोली नं. २<br>ताप्लेजुङ्ग/पाँचथर | ➢ भावी संविधानको प्रस्तावनामा विगतमा भएका सबै आन्दोलनहरुको उल्लेख हुनुपर्ने,<br>➢ जनतामा निहित सार्वभौमसत्ता, राजकीयसत्ताको प्रयोग गर्ने पद्धतिमा जानतामा निहित सार्वभौमसत्ता राजकीयशक्तिको प्रयोग जनताद्वारा छानिएका नेताले इमान्दारीतापूर्वक जनताको सेवा गर्नु पर्ने,<br>➢ संविधान संशोधनको लागि संघीय तथा प्रान्तीय विधायिकाको दुइ तिहाई वहुमत हुनुपर्ने,<br>➢ संकटकालीन व्यवस्था कायम गर्दा संसदबाट सामान्य वहुमतको आधारमा अनुमोदन गर्नुपर्ने,<br>➢ भावी नेपालको संविधानको नाम "संघीय गणतन्त्र नेपालको संविधान" हुनुपर्ने,<br>➢ वाधा अड्काउ फुकाउने तथा संकटकालीन अधिकार राष्ट्रपतिमा निहित राख्नुपर्ने । |
| टोली नं. ३<br>मोरङ्ग/भोजपुर | ➢ लोकतान्त्रिक पद्धति र मान्यतालाई आत्मसात गर्दै राष्ट्रिय एकता र अक्षुणतालाई कायम राख्न सक्ने जनहितकारी संविधान बन्नुपर्ने । |
| टोली नं. ४<br>सुनसरी/धनकुटा | ➢ दलले निश्चित प्रतिशत मत ल्याएपछि मात्र राष्ट्रिय दलको मान्यता दिनु पर्ने,<br>➢ राजनीतिमा अवकाशको व्यवस्था हुनुपर्ने,<br>➢ समाजवाद उन्मुख संविधान वन्नु पर्छ । |
| टोली नं. ५<br>संखुवासभा/तेह्रथुम | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |
| टोली नं. ६<br>ओखलढुङ्गा | ➢ विधिको शासन, सार्वभौमसत्ता जनतामा निहित, राष्ट्रिय एकता र राष्ट्रिय अखण्डतालाई टिकाइ राख्ने लोकतान्त्रिक पद्धति र मान्यतालाई आत्मसात गर्दै जनहितकारी संविधान निर्माण हुनुपर्ने, वालिग मताधिकार, आवधिक निर्वाचन, मानव अधिकार, वहुदलीय प्रतिस्पर्धा, पूर्ण प्रेस स्वतन्त्रता एवं कानूनी राज्यको अवधारणा, स्वतन्त्र न्यायपालिका सहितको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक पद्धति अपनाउन नयाँ निर्माण हुने संविधानमा सो विषयहरु समेट्नु पर्ने । |
| टोली नं. ७<br>सोलुखुम्बु | ➢ राजनीतिक दल, पारदर्शी र लोकतान्त्रिक हुनुपर्ने,<br>➢ संविधानका आधारभूत संरचना संविधानको प्रस्तावनामा उल्लेख गर्नुपर्ने । |
| टोली नं. ८<br>सप्तरी/खोटाङ्ग | ➢ प्रस्तावनामा "जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनको उपलब्धी ...... " भनेर लेखिनु पर्ने,<br>➢ संविधानको प्रस्तावना अपरिवर्तनीय हुनु पर्ने,<br>➢ संविधानका आधारभूत संरचना, साश्वत तत्वहरु संविधानको प्रस्तावनामा उल्लेख गर्नुपर्ने,<br>➢ सर्वहारा वर्गको हितलाई हेरेर संविधान बनाइनु पर्ने,<br>➢ राष्ट्रिय जनावर गाईको सट्टा अन्य वन्यजन्तु मध्येबाट घोषणा गरिनु पर्ने,<br>➢ वर्तमान राष्ट्रिय गानको सट्टा जनआन्दोलन र जनयुद्धको भाव अनुसारको हुनुपर्ने,<br>➢ वर्तमान निशानाछापमा उल्लेखित संस्कृत शब्दलाई नेपाली भाषामा लेखिनुपर्ने,<br>➢ सबै धर्महरुलाई राज्यले समान रुपमा व्यवहार गर्नुपर्ने,<br>➢ राजनीतिक दलहरुको हरेक तहको आर्थिक आय व्ययको लेखापरीक्षण गर्ने संवैधानिक व्यवस्था हुनुपर्ने,<br>➢ राजनीतिक दल पारदर्शी र लोकतान्त्रिक हुनुपर्ने व्यवस्था संविधानमा नै उल्लेख गर्नु पर्ने । |
| टोली नं. ९<br>सिराहा/उदयपुर | ➢ नेपाली भाषाका अलावा स्थानीय सबैले बुझ्ने भाषालाई पनि सम्बन्धित प्रदेशमा सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिईनुपर्ने,<br>➢ संविधान राष्ट्रिय सहमति कायम गरी समयमै निर्माण हुनुपर्ने,<br>➢ बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग गर्दा दुरुपयोग नहुने गरी संविधानमा प्रष्ट व्यवस्था गरिनु पर्ने । |
| टोली नं. १०<br>दोलखा/रामेछाप | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |
| टोली नं. ११<br>धनुषा/महोत्तरी | ➢ नेपाल राष्ट्रको नाम र राष्ट्रिय झण्डामा पुनरावलोकन हुनुपर्ने,<br>➢ राज्य, लोकतान्त्रिक संघीय गणतान्त्रिक हुनु पर्दछ,<br>➢ राजनैतिक दलको पदहरुमा समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ,<br>➢ प्रेस स्वतन्त्रताको प्रत्याभूति संविधानको प्रस्तावनामा नै उल्लेख हुनुपर्ने,<br>➢ विवादास्पद विषयहरुको छिनोफानो गर्न जनमत संग्रहको व्यवस्था हुनुपर्ने । |
| टोली नं. १२<br>वारा/पर्सा/रौतहट | ➢ संघीय लोकतान्त्रिक गणतन्त्र,<br>➢ सार्वभौमसत्ता जनतामा निहित हुनुपर्ने, भयमुक्त समाजको स्थापना, |

| | |
|---|---|
| | ➢ संकटकालीन अवस्थाको घोषणालाई व्यवस्थापिकाबाट अनुमोदन गर्ने व्यवस्था राख्नुपर्ने,<br>➢ राजनैतिक दलहरुको आयव्ययको पारदर्शीता र जनताप्रतिको उत्तरदायित्वको सुनिश्चितताका लागि संविधानमा नै व्यवस्था हुनुपर्ने । |
| **टोली नं. १३ सर्लाही/सिन्धुली** | ➢ भावी संविधानको प्रस्तावनामा गुणको कदर, शान्ति कायम, पिछडिएको वर्गको समुन्नति हुनुपर्दछ,<br>➢ नयाँ संविधानमा पाहुनाको स्वागत सत्कार गर्ने, आफ्नो धर्म संस्कृतिमा विश्वास गर्ने,<br>➢ जनतामा निहित सार्वभौमसत्ता, राजकीयसत्ताको प्रयोग गर्ने पद्धतिमा जनतामा निहित सार्वभौमसत्ता, राजकीयशक्तिको प्रयोग जनताद्वारा छानिएका नेताले इमान्दारितापूर्वक जनताको सेवा गर्नु पर्दछ,<br>➢ संविधान संशोधनको लागि संघीय इकाईका विधायिकाहरुमा सामान्य वहुमतबाट हुनुपर्दछ । संघीय विधायिकामा दुइ तिहाई वहुमत हुनुपर्दछ,<br>➢ संकटकालीन व्यवस्था कायम गर्दा संसदबाट सामान्य वहुमतको आधारमा अनुमोदन गर्नु पर्दछ,<br>➢ भावी नेपालको संविधानको नाम "संघीय गणतन्त्र नेपालको संविधान" हुनुपर्ने,<br>➢ संकटकालीन अवस्थामा पनि बाँच्न पाउने, सम्पत्ति राख्न र स्वास्थ्य र शिक्षा सम्वन्धी अधिकारलाई रोक लगाउन नपाउने । |
| **टोली नं. १४ चितवन/ मकवानपुर** | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |
| **टोली नं. १५ काठमाडौं/ललितपुर** | ➢ संविधानका धाराहरु एक आपसमा नवाझियोस ।<br>➢ तर भन्ने प्रतिवन्धात्मक शब्द राखेर जसरी संविधानको व्याख्या गरे पनि हुने गरी संविधान नवनोस ।<br>➢ संविधान संशोधन किन र के का लागि गरिने हो भन्ने विषयमा संविधानमा स्पष्ट व्यवस्था होस ।<br>➢ संविधान स्पष्ट र सीधा भाषामा लेखियोस । जनताले नवुझ्ने भाषामा घुमाउरो किसिमले संविधान नलेखियोस । |
| **टोली नं. १६ नुवाकोट/रसुवा** | ➢ १० वर्षे जनयुद्ध, निरंकुशता विरोधी पटक पटकका शान्तिपूर्ण आन्दोलन र २०६२/०६३ को जनआन्दोलनको बलिदानलाई प्रस्तावनामा समेटिनु पर्ने । |
| **टोली नं. १७ सिन्धुपाल्चोक/ काभ्रेपलाञ्चोक** | ➢ प्रस्तावनामा नेपाली जनताको साम्रज्यवाद, बिस्तारवाद तथा सामन्तवाद विरुद्धको जनयुद्ध र जनआन्दोलनको उपलब्धी भनेर लेखिनु पर्ने,<br>➢ संविधानमा राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, अखण्डता र स्वाधिनताको सम्वन्धमा स्पष्ट उल्लेख गरिनु पर्ने,<br>➢ संविधान स्पष्ट तथा दोहोरो अर्थ नलाग्ने खालको निर्माण होस,<br>➢ व्यवहारत: कार्यान्वयन हुने संविधान लेखिनु पर्छ । |
| **टोली नं. १८ कास्की/स्याङ्जा** | ➢ समानुपातिक निर्वाचन पद्धति अवलम्वन गर्नु पर्ने प्रावधान राख्ने ।<br>➢ मतदाताको निश्चित प्रतिशत ल्याएका राजनैतिक पार्टीमात्र राष्ट्रिय पार्टी हुन पाउने ।<br>➢ प्रस्तावना छुवाछुत र भेदभाव रहित समाज राख्ने ।<br>➢ एक धारा अर्का धारासंग वाझिने र दोहोरो अर्थ लाग्ने गरी मस्यौदा तयार नगर्ने ।<br>➢ मानव अधिकार वहुदलिय प्रतिस्पर्धा, स्वतन्त्र न्यायपलिका, आवधिक निर्वाचन, प्रेश स्वतन्त्रता, मौलिक हक, शक्ति पृथकिकरण, शक्ति सन्तुलन र नियन्त्रण, संवैधानिक निकायका काम, कर्तव्य, अधिकार, कार्यपालिक, न्यायपालिका, व्यवस्थापिका अधिकार बाँडफाड, लोकतान्त्रिक पद्धति, मुल्य मान्यताहरु जस्ता विषय संविधानमा समावेश हुनु पर्ने ।<br>➢ संकटकाल घोषणाको अनुमोदन व्यवस्थापिकाबाट निश्चित समय भित्र गराउनु पर्ने प्रावधान राख्ने ।<br>➢ संविधान संशोधन प्रक्रिया र कार्यविधि सरल बनाउने । |
| **टोली नं. १९ लम्जुङ्ग/मनाङ्ग** | ➢ देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक असमानताहरुलाई समाधान गर्दै लोकतान्त्रिक पद्धति र मान्यतामा आधारित भएर जनपक्षीय संविधान बन्नुपर्ने,<br>➢ विधिको शासन, लोकतान्त्रिक शासन व्यवस्था, समावेशी सहभागिता, सीमान्तकृत वर्गको विशेष संरक्षण, राज्यको श्रोत र साधनमा समान पहुँच, मावनअधिकारको प्रत्याभूति राजनैतिक स्वतन्त्रता र व्यक्तिको मर्यादाको सम्मान जस्ता कुराहरु समेटिनु पर्ने । |
| **टोली नं. २० धादिङ्ग/गोर्खा** | प्रस्तावना<br>..................<br>➢ राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण राख्न,<br>➢ नागरिकको जीवन (Life), स्वतन्त्रता (Liberty) र सम्पत्ति (Property) को रक्षा गर्न,<br>➢ सामाजिक सद्भाव, सहिष्णुता, सदाचार र नैतिकता अभिवृद्धि गर्न,<br>➢ नियन्त्रण तथा सन्तुलनको सिद्धान्तमा आधारित संरचनालाई सवल वनाउन<br>................ |
| **टोली नं. २१ तनहुँ/नवलपरासी** | ➢ भावी संविधानको प्रस्तावनामा राख्नुपर्ने विषयहरु<br>• सार्वभौमसत्ता नेपाली जनतामा हुनुपर्ने ।<br>• राज्यशक्तिको श्रोत नेपाली जनता हुनुपर्ने ।<br>• नेपाल एक संघीय, लोकतान्त्रिक, समावेशी, धर्म निरपेक्ष, र गणतन्त्रात्मक राज्य हुनुपर्ने ।<br>• नेपाल हिन्दु राष्ट्र हुनुपर्ने । (केही ठाउका यस्तो सुझाव प्राप्त)<br>• संविधानको सर्वोच्चता र कानूनको शासन ।<br>• वहुदलिय प्रतिस्पधात्मक शासन व्यवस्था । |

| | |
|---|---|
| | • संविधान संशोधन संघीय संसद र संघीय इकाइको व्यवस्थापिका संसदको इकाईको २/३ तिहाई बहुमतले गर्नु पर्ने ।<br>• राष्ट्रिय महत्वका मुख्य मुख्य विषयहरुमा संविधान संशोधन गर्दा जनमत संग्रह हुनुपर्ने ।<br>• राजकिय सत्ता प्रधानमन्त्री मार्फत प्रयोग हुनुपर्ने ।<br>• नेपाल एक स्वतन्त्र, सार्वभौम राष्ट्रको रुपमा रहेको कुरा उल्लेख गर्नुपर्ने ।<br>• सवै जातजाति, लिङ्ग, वर्ग, धर्म र क्षेत्रका मानिस समान रहने ।<br>• सवैमा सद्भाव र सहिष्णुताको भावना राखेर काम गर्नपर्ने वहुलवादको मान्यतालाई अंगिकार गर्ने ।<br>• जनमुखि, गरिबमुखि र ग्रामिण मुखि संविधान हुनुपर्ने ।<br>• संविधान परिवर्तनिय हुनुपर्ने ।<br>➢ राजनैतिक दल सम्वन्धी व्यवस्था<br>• राजनैतिक दलको प्रस्तावनामा संविधान तथा कानुनी शासनको सर्वोच्चता तथा समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक र पारदर्शी शासन व्यवस्थाको पुर्ण परिपालना गर्ने कुरा राख्नुपर्ने ।<br>• अपराधीलाई राजनीतिक संरक्षण नदिने व्यवस्था गर्नुपर्ने ।<br>• पदाधिकारीहरुलाई दुई कार्यकाल भन्दा बढी कार्य गर्न नपाउने व्यवस्था गर्ने ।<br>• राजनीति गर्नेको उमेरको हद तोक्ने र योग्यता तोक्ने व्यवस्था गर्ने /नगर्ने ।<br>➢ संकटकाल सम्वन्धी व्यवस्था<br>• कम्तिमा ६ महिना र बढीमा १ वर्षसम्म संकटकाल घोषणा गरी लागु गर्न सकिने व्यवस्था हुनुपर्ने ।<br>➢ संकटकालमा वन्देज लगाउन नसकिने अधिकराहरु सम्वन्धी व्यवस<br>• जीवन सुरक्षाको हक<br>• सुचनाको हक<br>• शिक्षा प्राप्त गर्ने र उपचार गर्न पाउने हक<br>• सम्पत्ति उपयोगको हक<br>➢ संकटकालमा वन्देज लगाउने घोषणा गर्ने अधिकार सम्वन्धी व्यवस्था<br>• केन्द्रिय व्यवस्थापिका संसदको दुईतिहाई बहुमतबाट<br>➢ भावी संविधानको नाम<br>• जनताको/संघीइ लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०६६ |
| **टोली नं. २२ रुपन्देही/ कपिलवस्तु/ अर्घाखाची** | ➢ महत्वपूर्ण विषयमा जनमत संग्रहबाट निर्णय गरिनु पर्ने । |
| **टोली नं. २३ पाल्पा/गुल्मी** | ➢ राजनीतिक दल पारदर्शी र लोकतान्त्रिक हुनुपर्ने,<br>➢ संविधानका मूलभूत विशेषता, मूल्य, मान्यताहरु प्रस्तावनामा उल्लेख गर्नुपर्ने । |
| **टोली नं. २४ बाग्लुङ्ग/पर्वत** | ➢ राजनीतिक दल पारदर्शी र लोकतान्त्रिक हुनुपर्ने,<br>➢ संविधानका आधारभूत संरचना साश्वत तत्वहरु संविधानको प्रस्तावनामा उल्लेख गर्नुपर्ने । |
| **टोली नं. २५ म्याग्दी/मुस्ताङ्ग** | ➢ राज्यको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियताप्रति सजग र सुरक्षा प्रदान गर्न सक्षम सरकार हुनुपर्ने,<br>➢ अन्तर्राष्ट्रिय सम्झौता पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसंघको बडापत्र, सेना तथा मुद्रा केन्द्रीय सरकारको मातहतमा हुनुपर्ने,<br>➢ गाईलाई राष्ट्रिय जनावर वनाइनु पर्छ भन्ने मतका साथै केही जनताको वनाउन नहुने मत समेत पाइयो । |
| **टोली नं. २६ दाङ्ग/सल्यान** | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |
| **टोली नं. २७ प्युठान/रोल्पा** | ➢ राष्ट्रिय एकता र अक्षुणतालाई कायम राख्न सक्ने लोकतान्त्रिक पद्धति र मान्यतालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बन्नुपर्छ । |
| **टोली नं. २८ रुकुम/जाजरकोट** | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |
| **टोली नं. २९ बर्दीया/सुर्खेत** | ➢ राष्ट्रिय जनावर हात्ती हुनुपर्ने,<br>➢ राजनीतिक दलको आय व्ययको लेखापढी छुट्टै निकायबाट हुनु पर्ने,<br>➢ देशलाई विखण्डन गर्ने खालको संविधान नबनोस् । |
| **टोली नं. ३० दैलेख/बाँके** | ➢ भेदभाव रहित संविधान निर्माण होस ।<br>➢ सरकार जनतामुखि होस ।<br>➢ संविधानले अहिले व्याप्त रहेको अशान्तिलाई शान्तिमा रुपान्तरण गरोस ।<br>➢ पारिवारिक तथा प्रतिगमनकारी तथा साम्प्रदायिक दल खोल्न प्रतिवन्ध हुनु पर्ने ।<br>➢ देशमा पार्टी गठन गर्दा निश्चित मापदण्ड हुनुपर्ने ।<br>➢ संविधानका शब्दावलीहरु दोहोस अर्थ नलाग्ने गरि स्पष्ट हुने गरि लोखिनु पर्छ ।<br>➢ नेपाली भाषालाई राष्ट्रभाषा र मातृभाषालाई सम्पर्क भाषाको मान्यता हुनुपर्ने । |
| **टोली नं. ३१ जुम्ला** | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |
| **टोली नं. ३२** | ➢ प्रस्तावनामा निम्न कुराहरु उल्लेख हुनुपर्ने : |

| | |
|---|---|
| **कालिकोट** | • उत्पीडित जाति, आदिवासी जनजाति, वर्ग, क्षेत्र, लिंग र समुदायका समस्या, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्थानीय स्वतन्त्रता र राष्ट्रिय एकता अक्षुण राख्ने,<br>• जनसंख्याको आधारमा समानुपातिक सहभागिता अनुरुपको न्यायमूलक समाजको प्रत्याभूति दिने,<br>• सम्पूर्ण नेपाली जनता शान्तिपूर्ण बाँच्न पाउने अधिकारको ग्यारेण्टी गर्नुपर्ने,<br>• नेपाल एक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र अविभाज्य धर्म निरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनुपर्ने ।<br>➢ प्रस्तावनाको आधारभूत मूल्य मान्यताहरुमा निम्न कुराहरु उल्लेख हुनुपर्ने :<br>• हिमाल, पहाड र तराइका विभिन्न उत्पीडित जाति जनजातिहरुको आत्मनिर्णयको अधिकारको स्वायत्तताको आधारमा राज्यको पुनर्संरचना अनुरुप संघात्मक राज्य प्रणली अंगीकार गर्दै बहुदलीय लोकतान्त्रिक व्यवस्था, नागरिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्यमान्यता प्रति पूर्ण प्रतिवद्धता हुनुपर्दछ,<br>• राज्यको सम्पूर्ण शक्तिको श्रोत नेपाली जनता मात्र हुन् । छुवाछुत मुक्त राज्य र जनसंख्याको आधारमा समान सहभागिताको अधिकार ग्यारेण्टी हुनपर्छ ।<br>➢ जनतामा नीहित सार्वभौमसत्ता र राजकीयशक्तिको प्रयोग सम्बन्धमा :<br>• नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा नीहित रहनेछ, जसको प्रयोग नेपाली जनताले नै गर्नेछन्,<br>• उत्पीडित जाति र क्षेत्रको आत्मनिर्णयको अधिकार र स्वायत्त शासनको नीतिका आधारमा राज्यको पुर्संरचना मार्फत संघात्मक राज्य प्रणाली अंगीकार गर्ने । जनतामा नीहित सार्वभौमसत्ता र राजकीय शक्तिको प्रयोग जननिर्वाचित संस्था (जस्तै व्यवस्थापिका) को सल्लाह र परामर्श बमोजिम मन्त्रिपरिषदबाट हुनेछ र सो को राष्ट्रपतिबाट स्वीकृति पश्चात लागू गर्न सकिने छ ।<br>➢ राष्ट्रको परिभाषा सम्बन्धमा :<br>• नेपाल सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त विशेषता रहेको राष्ट्रिय स्वतन्त्रता र अखण्डता, राष्ट्रिय हित र सम्वृद्धिप्रति एकताको सूत्रमा आवद्ध सबै नेपाली समग्रमा राष्ट्र हो ।<br>➢ राज्यको विशेषता सम्बन्धमा :<br>• विविधतामा एकता भएको,<br>• धर्मनिरपेक्ष र पूर्ण लोकतान्त्रिक संघीय राज्य ।<br>➢ राष्ट्रिय फूल र चिन्ह सम्बन्धमा :<br>• धेरैले हालकै हुनुपर्ने भनेको,<br>• केहीले शान्तिको प्रतिक नीलो रंगलाई राष्ट्रिय चिन्ह मान्नुपर्ने मत प्रकट भएको ।<br>➢ संविधान संशोधन सम्बन्धमा :<br>• संविधान संशोधन केन्द्रीय (संघीय) व्यवस्थापिकाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट मात्र हुने तथा प्रस्तावना विपरित संविधान संशोधन नहुने । समयसापेक्ष अनुसार राष्ट्रिय महत्वका तथा संघीय व्यवस्थापिकाले निर्णय गर्न नसकेका जटील विषयहरुमा संशोधन गर्नु परेमा जनमत संग्रहमा जानुपर्ने ।<br>➢ संकटकाल घोषणा सम्बन्धमा :<br>• संकटकालीन अवस्था घोषणाको अनुमोदन वा स्वीकृति संघीय व्यवस्थापिका वा जनप्रतिनिधिमूलक संस्थाबाट १ वा ३ वा ६ महिनाभित्र गराउनु पर्ने ।<br>➢ नायाँ संविधानको नाम सम्बन्धमा :<br>• गणतन्त्र नेपालको पहिलो जनसंविधान<br>• नेपालको संविधान, २०६७<br>• नयाँ नेपालको संविधान<br>• नेपालको नयाँ जनसंविधान<br>• जनताको पहिलो संविधान, २०६७ |
| **टोली नं. ३३**<br>**डोल्पा** | ➢ सर्वहारा वर्गको हितलाई हेरेर संविधान बनाइनु पर्ने,<br>➢ महिलामैत्री संविधान निर्माण गरिनु पर्ने,<br>➢ कुनै पनि किसिमको दमन, शोषण र उत्पीडनविरुद्ध विद्रोह गर्न पाउने अधिकारलाई प्रस्तावनामा उल्लेख गर्नु पर्ने,<br>➢ प्रस्तावनामा सामन्तवाद साम्राज्यवाद विरोधी जनयुद्ध र जनआन्दोलनको उपलब्धी भनेर लेखिनु पर्ने,<br>➢ नेपाल राष्ट्रको परिभाषामा विभिन्न भाषा, लिपि, धर्म संस्कृति भएका जाति र क्षेत्रको सम्बोधन गर्ने आधार बनेका जातीय क्षेत्रीय स्वायत्तता रहेका प्रदेशहरु समग्रमा नेपाल राष्ट्र हो भन्ने कुरा उल्लेख हुनु पर्ने,<br>➢ राष्ट्रिय जनावर गाई नभई अन्य तोकिनु पर्ने आदि । |
| **टोली नं. ३४**<br>**मुगु** | ➢ संविधानमा अन्य आयोग जस्तै शिक्षा आयोगको व्यवस्था गरिनु पर्ने ।<br>➢ लोकसेवा आयोग पारदर्शी हुनु पर्ने ।<br>➢ मानव अधिकारको नाउमा विभेद गर्न नहुने ।<br>➢ प्रत्येक जिल्लामा लोक सेवा आयोग स्थापना हुनुपर्ने ।<br>➢ स्थानिय व्यक्तिलाई परिक्षामा प्राथमिकता दिइनु पर्ने । |

| | |
|---|---|
| **टोली नं. ३५**<br>**हुम्ला** | ➢ देशमा पुन: द्वन्द हुने अवस्थाको सिर्जना नहुने गरी संविधान निर्माण गरिनुपर्दछ,<br>➢ लामा/भोटे जातीहरुले आफ्नो संस्कृति अनुसार गाईको मासु खाने हुनाले गाईलाई राष्ट्रिय जनावरका रुपमा नराखियोस भन्ने माग राखेकाले सो सम्बन्धमा संविधानमा उचित व्यवस्था गर्न आवश्यक देखिन्छ,<br>➢ हुम्लाका केही उत्तरी क्षेत्रमा पर्ने गा.वि.स. लगायत नेपालको उत्तरी क्षेत्रमा हालसम्म पनि बहुपति प्रथा कायमै रहेको पाइयो त्यसैले यो प्रथाका साथै बहुपत्नी प्रथा समेतलाई संवैधानिक बन्देज लगाउन आवश्यक देखिन्छ । |
| **टोली नं. ३६**<br>**कैलाली/**<br>**कञ्चनपुर/ डडेल्धुरा** | ➢ भावी नेपालको संविधानको नाम "नेपालको लोकतान्त्रिक संविधान, २०६६" राख्नुपर्ने,<br>➢ राष्ट्रको तर्फबाट उपाधी, सम्मान र विभुषण संघीय सरकारको सिफारिशमा केन्द्र सरकारले दिनुपर्ने,<br>➢ भावी नेपालको संविधानमा अधिकतम ६ महिना मात्र संकटकाल घोषणा गर्न पाउने व्यवस्था हुनुपर्ने,<br>➢ बाधा अड्काउ फुकाउने अधिकार मन्त्रिपरिषद्को निर्णयमा प्रधानमन्त्रीले सिफारिश गरेपछि राष्ट्रपतिले गर्नुपर्ने,<br>➢ राजनीतिक दलहरुको आय-व्ययको पारदर्शिता सम्बन्धमा संविधानमा नै स्पष्ट उल्लेख गरिनुपर्ने,<br>➢ राजनीतिक दल खोल्नलाई कुनै एक निर्वाचनसम्म परीक्षणमा राखी भएको निर्वाचनको जम्मा मतसंख्याको १० प्रतिशत मत ल्याउनेलाई मात्र राजनीतिक दलको रुपमा मान्यता दिनुपर्ने,<br>➢ राजनीतिक दलहरुले आफ्नो घोषणापत्र एवं सम्पूर्ण समितिहरुमा स्पष्ट रुपले महिला, आदिवासी, अपाङ्ग एवं अरु विभिन्न जातजातिको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने । |
| **टोली नं. ३७** | प्रतिवेदन प्राप्त हुन बाँकी |
| **टोली नं. ३८**<br>**डोटी/अछाम** | ➢ विधिको शासन, राष्ट्रिय एकता र अक्षुणतालाई कायम राख्न सक्ने लोकतान्त्रिक पद्धति र मान्यतालाई आत्मसात गर्दै जनहितकारी संविधान बन्नुपर्ने । |
| **टोली नं. ३९**<br>**वैतडी/दार्चुला** | ➢ सन् १९५० देखिका निशस्त्र तथा सशस्त्र लोकतान्त्रिक आन्दोलन हुदै सन् १९९६ देखिको जनयुद्ध र माओवादी र ७ पार्टी बीच १२ बुंदे समभफदारीपछि २०६२/६३ को जनआन्दोलनमार्फत जनताको लोकतान्त्रिक संघीय गणतन्त्र स्थापना संभव भएको विषय संविधानको प्रस्तावनामा उल्लेख गरिनु पर्ने,<br>➢ नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौम, धर्म निरपेक्ष, छुवाछुतमुक्त समानतामा आधारित समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भन्ने कुरा प्रस्तावनामा उल्लेख गरिनु पर्ने,<br>➢ क्षेत्रीय सन्तुलनको व्यवस्थापन अवधारणामा उल्लेख हुनुपर्ने । |
| **टोली नं. ४०**<br>**बाजुरा** | *संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयसँग सम्बन्धित सुझाव संलग्न नरहेको ।* |

## (ग) प्रश्नावली मार्फत आम नागरिकले दिएको राय सुझावको संक्षेपीकरण

(संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयमा ४० वटा सुझाव संकलन टोली मार्फत आम नागरिकबाट प्रश्नावली भरी दिएका सुझावहरुको माननीय सदस्यहरुले अध्ययन गरी तयार गरेको तालिकीकरण फारामको समितिबाट एकीकरण र संश्लेषण गरिएको)

| विषयवस्तु | आम नागरिकको सुझाव |
|---|---|
| प्रस्तावना | **१. प्रस्तावनामा समावेश गर्नु पर्ने कुराहरु**<br>• ऐतिहासिक पृष्ठभूमि, आधारभूत मूल्य मान्यता, भविष्यका लक्ष्यहरु, राज्य र समाज पुनर्संरचनाका अवधारणाहरु,<br>• यति अक्षांश र यति देशान्तरमा रहेको प्राचीन कालदेखि स्वाधीन नेपाल,<br>• जनवादी गणतन्त्रात्मक, बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुदलीय व्यवस्था सहितको नेपाल,<br>• २००७ सालदेखि चलिआएको जनआन्दोलन र जनयुद्ध हुदै १२ बुंदे समझदारीको भाषा प्रयोग गर्ने , १९ दिने जनआन्दोलनलाई समेत संस्थागत गर्ने,<br>• शान्ति सुरक्षाको प्रत्याभूति , दिगो शान्ति, न्याय, जनजीविकाको प्रत्याभूति,<br>• नेपाली जनताको जनआन्दोलनबाट प्राप्त जननिर्वाचित संविधानसभाद्वारा तयार गरिएको गणतान्त्रिक नेपालको संविधान,<br>• नेपाली जनताद्वारा जनताकै लागि लेखिएको संविधान,<br>• संवैधानिक सर्वोच्चता, प्रतिस्पर्धात्मक लोकतान्त्रिक बहुदलीय शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, कर्तव्य, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानूनी राज्य, लोकतान्त्रिक मूल्यमान्यता प्रति प्रतिबद्धता,<br>• भ्रष्टाचारमुक्त सुशासनको प्रत्याभूति, राष्ट्रिय अखण्डता, राष्ट्रिय हीत,<br>• जनतामा निहित सार्वभौमसत्ता, महिला अधिकार, बाल अधिकार, धर्म निरपेक्ष, समावेशी, समतामूलक नेपाल,<br>• समाजवादको आधार निर्माण गर्ने ,जातिहरुको आत्म निर्णयको अधिकारसहितको स्वशासन, सामन्तवाद र साम्राज्यवादको पूर्ण उन्मूलन, शोषण, हिंसा, पूजीवादको अन्त्य,<br>• जनताको संघीय लोकतान्त्रिक र जनमुखी गणराज्य,<br>• जनताको जनगणतन्त्र, शहीदको सम्मान, शहीदको भावनाको कदर,<br>• हिंसारहित शान्तिपूर्ण समाज, राष्ट्रिय एकताको जगेर्ना र आर्थिक समुन्नति प्राप्त गर्ने ,गरीबी उन्मूलन र राजनैतिक स्थिरता,<br>• जनता नै इतिहास निर्माता,<br>• आलंकारिक राष्ट्रपति, कार्यकारिणी अधिकार प्रधानमन्त्रीमा निहित बहुदलीय संसदीय प्रणाली,<br>• संघीय लोकतन्त्रात्मक गणतन्त्र नभनी समाजवादी लोकतन्त्रात्मक गणतन्त्र र सर्वहारा वर्गको हित,<br>• जनयुद्ध र जनआन्दोलनका महान शहिदको सम्मान,<br>• नेपालमा आर्थिक समानता छ, जहां जातीय विभेद छैन,<br>• हिमाल, तराई, पहाड एउटै नेपाल हो । हामी सबै नेपाली हो । हाम्रो भाषा नेपाली हो । हामी एक हौं, एक रहन्छौं । दलित, जनजाति, मधेसी, अन्य जाति सबै एक जात हो भन्ने उल्लेख हुनुपर्ने,<br>• साम्राज्यवादी र सामन्तवादी व्यवस्थाबाट मुक्त हुन सबै जातजातीको योगदान रहेको कुरा,<br>• अर्ध औपनिवेषिक र अर्ध सामन्ती व्यवस्थाको अन्त्य ,पूंजीवादी गणतन्त्रबाट साम्यवाद, समाजवाद तर्फ उन्मूख,<br>• जातीय, लैंगिक, क्षेत्रीय विभेदको अन्त्य,<br>• महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलन लगायत नेपाली जनताको बलिदानीपूर्ण सम्पूर्ण संघर्षको मर्ममा रही मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वतन्त्रतालाई संरक्षण गर्दै राज्यको सम्पूर्ण शक्तिको श्रोत नेपाली जनता भएको मान्यतालाई दह्रोसाथ आत्मसात गर्दै विभिन्न जातजातिको आत्मनिर्णयको अधिकार सहितको स्वायत्तता आदि समावेश गरिनु पर्दछ,<br>• सबै वर्ग, क्षेत्र, जाति, लिङ्ग, भाषा, धर्म, संस्कृतिको राजनैतिक, आर्थिक र सांस्कृतिक मुक्तिप्रतिको प्रतिवद्धता उल्लेख गर्नुपर्ने,<br>• राज्यलाई समावेशी समानुपातिक चरित्रको हुनेछ भनी किटान गरि समावेशी तथा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, जनतालाई अधिकार सम्पन्न र सार्वभौम बनाउने कुरा,<br>• सामन्तवाद, साम्राज्यवाद तथा औपनिवेशका विरुद्ध, स्वतन्त्रा, राष्ट्रिय एकता र अखण्डता कायम राख्ने कुरा, जनता बीचको भातृत्व र एकता,<br>• मौलिक हक, स्वतन्त्र न्याय, लोकतान्त्रिक व्यवस्था, सार्वभौमिकता र स्वायत्तता भन्दै जातीय, भाषिक, धार्मिक, नैतिक संवैधानिक व्यवस्था गर्दै जनताको कानून जनताबाटै अनुमोदित गराउने काम गर्दै कानूनी राज्यका साथमा लोकतान्त्रिक व्यवस्थाको युगमा जनतालाई भयमुक्त वातावरणमा बाच्न स्वतन्त्र भावना व्यक्त गर्दै आफ्नो हक र हितको रक्षा गर्ने लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था,<br>• २४० वर्षे निरंकुश राजतन्त्र विरुद्ध नेपाली जनताले २००७, २०३६, २०४२, २०४६ र २०५२ सालदेखि संचालन गरेको जनयुद्धका क्रममा शहीद भएकाहरुलाई सम्मान गर्दै दोश्रो जन आन्दोलन २०६२।६३ मा सहादत प्राप्त गरेका सहिदहरुको सम्मान गर्दै नेपालको सार्वभौमिकता प्राप्तीलाई स्मरण गर्दै संघीय राज्य प्रणाली स्थापनामा प्रतिवद्धता |

व्यक्त गर्दै यो नयाँ नेपालको संविधान, २०६७ जारी गरेका छौं,
- १० वर्षे जनयुद्ध, सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा, सात पार्टीको १२ बुँदे समझदारी, ऐतिहासिक आवश्यकतालाई केन्द्रविन्दुमा राख्ने,
- अन्तरिम संविधान ०६३ का सबै विषय समावेस गर्नुपर्ने,
- राष्ट्रिय सार्वभौमसत्ता अखण्डता, स्वतन्त्रता, स्वाभिमान र नेपालको एकताको आधार धर्म निरपेक्षता समावेशीलाई, संघीय लोकतान्त्रीक गणतन्त्रत्मक नेपालको संविधानमा लेख्नुपर्छ,
- स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न राज्यशक्तिको श्रोत हामी सर्वभौम तथा राजकीय सत्ता सम्पन्न नेपाली जनताले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धीको रक्षा गर्दै सामन्तवादको पूर्ण अन्त गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गरिनु पर्छ,
- मानिसले मानिसमाथि गर्ने सवै खाले शोषणको अन्त्य,
- आत्मनिर्णयको अधिकार सहितको प्रान्तिय सरकार र सार्वभौम सत्ता राजकीय सत्ता सम्पन्न नेपाली जनता,
- प्रत्यक्ष निर्वाचित कार्यकारिणी राष्ट्रपति र संसदवाट निर्वाचित प्रधानमन्त्रीको प्रावधान हुनुपर्छ,
- खाद्य संप्रभुता,रोजगारी, मातृभाषाको अधिकार,
- लिंग, जाती, धर्म र संस्कृतिको आधारमा अविभेद,
- पञ्चशीलमा आधारित परराष्ट्र नीति, प्राकृतिक सम्पदाको संरक्षण,
- हिन्दु राष्ट्र लेखी धर्म सापेक्ष राष्ट्र लेख्ने,
- एकात्मक राज्य प्रणालीको अन्त गर्ने,
- भूगोलको आधारमा विभिन्न जातजातीका मौलिक हक अधिकार सुनिश्चित गरिने कुरा प्रस्तावनामा उल्लेख गरिनु पर्छ तर जातीय विखण्डन हुनबाट रोकिनु पर्ने,
- जनताको परिवर्तनको चाहनालाई सम्मान,
- नेपालको ऐतिहासिक, जातिगत मौलिकता, स्वतन्त्रता, अविभाज्यता, संस्कृति तथा संघीयताको विशेषता झल्किने कुरा प्रस्तावनामा उल्लेख हुनुपर्छ,
- प्रस्तावनामा राष्ट्रियता, जनतन्त्र, जनजीविका तथा गणतन्त्रको सुदृढिकरण जस्ता कुरा उल्लेख हुनुपर्ने,
- नेपाल हिमाल, पहाड र तराईमा बस्ने जातजातीको फूलवारी हो, अखण्ड राष्ट्र, सगरमाथा र वुद्धको देश भन्ने,
- नेपाली जनतालाई सामाजिक तथा आर्थिक न्याय दिने, राज्यको नीति निर्माणमा विना भेदभाव सबैलाई समान रुपमा हेरिनेछ भन्ने कुरा उल्लेख गर्ने,
- प्राकृतिक स्रोत साधनको न्यायोचित वितरण र उपभोग गर्न समान अवसर प्रदान गर्ने,
- राष्ट्रिय सुरक्षा नीति उल्लेख गर्ने,
- १२ बुंदे सहमतिदेखि पटक पटक भएको राजनीतिक पार्टी तथा विभिन्न जातीय मोर्चा, मधेश आन्दोलन, जनजातीहरुसँग भएको सहमतिको भाव समेत झल्किनु पर्ने,
- जनताद्वारा जनताकै लागि निर्मित परिवर्तनशील संविधान,
- मधेश आन्दोलन र यसका उपलब्धीहरु,
- १८औं सताब्दीको उत्तरार्धदेखि कायम रहदै आएको सामन्तवाद, साम्राज्यवाद तथा उपनिवेशवाद विरुद्धको आन्दोलन, राजतन्त्रको विरुद्ध सन् १९५० आसपास देखि संचालन गर्दै आएको सशस्त्र तथा निसस्त्र आन्दोलन मुख्यत १९९६ देखि ने.क.पा. (माओवादी)को नेतृत्वमा संचालित जनयुद्ध, माओवादी र सात पार्टी वीच १२ बुंदे समझदारीको आडमा अप्रिल २००७ जन आन्दोलन संघर्ष वलिदान र क्रान्तिकारीहरुको विशेष गरी जनयुद्धको स्मरण उत्पिडित वर्ग जाती क्षेत्र लिङ्ग र समुदायको समस्याको स्मरण गर्दै संविधान सार्वभौमिकता, अखण्डता, स्वाधीनता, राष्ट्रिय एकता अखण्ड राख्दै नयाँ नेपाल निर्माण गर्ने र त्यसको स्रोत नेपाली जनता हुने कुरा,
- संविधानमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक यी आदि समस्याहरुलाई राज्यको अग्रगामी तथा पुनसंरचना र प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक सुशासनको व्यवस्था अन्तरगत स्वतन्त्रताको हक, समानताको हक छुवाछुत, जातीय भेदभाव विरुद्धको हक, प्रकाशन, छापाखाना, शिक्षा, रोजगार सम्पत्ति, महिला, अपाङ्ग बहिरा, अन्धा, वालवालिका तथा धर्म सम्बन्धी हक समावेश गर्न नितान्त आवश्यक देखिन्छ,
- भावी संविधानको प्रस्तावनामा प्रत्येक नागरिकलाई आत्मनिर्भर बनाउने नीति, गाँस बास र कपासको व्यवस्था, रोजगारीको सृजना, वैदेशिक रोजगारी रोकी स्वदेशमा नै रोजगारको व्यवस्था, आर्थिक उन्नतिको नीति देशको दुरगति गर्नेलाई दण्ड, त्यस्तै बन्द हडताल निषेधित क्षेत्रको घोषणा, स्वदेशी उत्पादनमा वृद्धि सम्बन्धी आदि कुरा स्पष्ट खुल्ने गरी राखिनु पर्दछ । जवाफदेही सरकार भएको, भयमुक्त, सेवामुखी र संरक्षणमुखी मुलुक हुनेछ,
- जातीय आधारमा होइन वर्गीय आधारमा लेख्नु पर्छ रगत सबैको रातो हुन्छ,
- जातीय मुद्धा उठाएर जानु हुदैन, वर्गीय हिसावले जानुपर्छ,
- महिलालाई व्यवहारिक शिपमूलक तालिम, रोजगारको व्यवस्था, दाइजो प्रथा हटाउनु पर्ने, पैतृक सम्पत्तिको व्यवस्था गरिनु पर्ने, महिला पुरुषले समान कामको समान ज्याला हुनुपर्ने, ५०% हक अधिकार उत्पिडितलाई निश्चित गरिनु पर्ने, हिंसा, बालविवाह, वहुविवाह रोकिनुपर्ने, उच्च शिक्षा स्वास्थ्य निशुल्क र दक्ष जनशक्तिको विकास गरिनु पर्ने,
- आदिवासी जनजातीको परिचय खुल्नेगरी प्रस्तावनामा उल्लेख गर्नुपर्छ,
- नेपाली जनता देशको मालिक बनेको कुरा घोषणा गर्दछौं,
- क्रान्तिकारी र वैज्ञानिक भूमीसुधार गर्ने कुरा,
- वैदेशिक हस्तक्षेप र राज्य विखण्डनवादीको अनावश्यक चलखेलको रोक लगाउने कुरा,
- सीमा सुरक्षामा कडा नीति अवलम्वन गर्ने कुरा,
- शान्ति सुरक्षामा जोड, विकास निर्माणमा जोड,

- कार्यकारी अधिकार जननिर्वाचित प्रतिनिधिमा दिनुपर्ने, शोषित, पीडित जनतामा ध्यान केन्द्रित गर्ने,
- देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक सम्बन्धी स्पष्ट व्यवस्था, शान्ति, आर्थिक, सामाजिक परिवर्तन, अखण्डता, क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीको संस्थागत गर्ने,
- भाषिक क्षेत्रयुक्त राष्ट्र, छुवाछुत मुक्त राष्ट्र, वैदेशिक हस्तक्षेप विना संचालन हुने राष्ट्र भनी प्रस्तावनामा लेखिनु पर्छ,
- कर्णालीलाई विशेष अवस्थामा राख्नु पर्ने, कर्णाली राज्य गठन हुने कुरा, एक मधेश एक प्रदेश,
- शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेण्टि, उचित कामको उचित ज्याला जस्ता कुरा,
- भौगोलिक आधारमा प्रान्त विभाजन गरिने कुरा,
- किसान, मजदुर, आदिवासी जनजाती मधेशी अपांग, दलित, महिला, गरीव निमुखा, वालवालिका, पिछडिएको क्षेत्रलाई अगाडि बढाउन राज्यले प्रयत्न गर्नेछ भनेर लेख्ने,
- वर्ग क्षेत्र तथा जातीय उत्पीडितलाई निश्चित अवधिसम्म आरक्षण दिनु पर्ने,खुला प्रतिस्पर्धा र दक्षताको मुल्यलाइ सम्मान गर्नु पर्ने,
- मृत्युदण्ड नदिने, सबैलाई समान अवसरको बाँडफाँड,
- उत्पादनका साधनहरु सामाजिकरण गरिनु पर्छ,
- सार्वभौमसत्ताको पूर्ण रुपमा रक्षा गर्नुपर्ने, कुनैपनि नागरिक भोक, रोग र अशिक्षाबाट पीडित हुने छैनन् भनेर उल्लेख गर्ने,
- बेरोजगार युवाहरुलाई आफ्नै देशमा रोजगारको व्यवस्था धर्म, भाषा, मान्यतालाई जगेर्ना गर्न पाउने मौलिक अधिकार राख्नु पर्ने,
- घरेलु हिंसा मुक्त देश हुने भनेर प्रस्तावनामा उल्लेख गर्ने,
- वेरोजगार युवालाई भत्ता, सम्पत्तिको हद प्रस्तावनामा उल्लेख गर्ने,
- सिमान्तकृत, समुदायलाई हरेक क्षेत्रमा आरक्षणको व्यवस्था गर्नुपर्ने कुरा प्रस्तावनामा उल्लेख गर्ने,
- बृद्धभत्ता, शिक्षा प्रणालिको परिवर्तन,
- नेपालको शासकीय व्यवस्था बौद्ध धर्म अनुसार हुनुपर्ने,
- स्वायत्त क्षेत्र अर्न्तगत एक वा एकभन्दा बढी उप-स्वायत्त क्षेत्र वा ईलाकाहरु बनाइनु पर्छ,
- स्वायत्त राज्य, जातिय , क्षेत्रिय , आधारमा हुनुपर्छ,
- छुवाछुतलाई अपराधको रुपमा हेरिनु पर्ने,
- प्राचिन र प्राकृतिक श्रोत र साधनको उचित व्यवस्थापन,न्यायोचित बाँडफाड,
- संघीय गणतन्त्रमा निशुल्क शिक्षा, स्वास्थ्यको व्यवस्था र रोजगारी प्रदान गर्ने प्रावधान राखिनुपर्ने छ,
- हिमाल, पहाड र तराई मिलाई प्रान्तीय राज्य बनाउनु पर्ने,
- जाति, लिङ्ग, धर्मभन्दा राष्ट्रिय उन्नतिको प्रस्तावना बनाउनु पर्ने,
- विकेन्द्रीकृत स्थानीय सरकार हुनुपर्ने,
- आत्मनिर्णय सहितको संघीय राज्य प्रणाली हुनुपर्ने, राज्यप्रणाली जनवादी हुँदै समाजवादतर्फ उन्मुख हुनुपर्ने,
- भौगोलिक आधारमा राज्यको संरचना,देश आत्मनिर्भर हुने,
- राष्ट्र निर्माण र नागरिकले दायित्व बोध गर्ने, कर्तव्य प्रति जागरुक बनाउने,

## २. प्रस्तावनामा रहनु पर्ने आधारभूत मूल्य र मान्यताहरु

- राज्यको सम्पूर्ण श्रोत नेपाली जनता, जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, अखण्डता, नागरिक शासन, बहुलवादी खुला समाज, वैज्ञानिक समाजवाद, अन्तरर्राष्ट्रियतावाद, प्रतिस्पर्धात्मक लोकतान्त्रिक बहुदलीय शासन व्यवस्था, नागरिक स्वतन्त्रता, समानताको अधिकार, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानूनी राज्य, लोकतान्त्रिक मूल्यमान्यता प्रति प्रतिबद्धता, गणतान्त्रिक मुलुक, संघीय व्यवस्था,
- कुनैपनि एकतन्त्रीय र हुकुमी शैलीलाई नअगाल्ने शासकीय पद्धति,
- सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म संस्कृति प्रति उच्च सम्मानका साथै संविधानद्वारा नै संरक्षण हुनुपर्ने,
- अन्तरिम संविधान २०६३ जस्तै,
- धर्म, भाषा, संस्कृतिको समान अधिकार,
- स्वायत्तता, स्वतन्त्रता, नैसर्गिक अधिकार, धार्मिक, सांस्कृतिक, जातीय मूल्य मान्यता,
- विद्यमान संविधानमा सिमित सरकार, शक्ति पृथकीकरण नियन्त्रण र सन्तुलन शक्तिको विभाजन, मौलिक अधिकार तथा कानूनको शासन आगामी संविधानमा समावेश गर्नुपर्ने मूल्य र मान्यता हुन,
- २०४७ को संविधान अनुसार,
- संघीयता, स्वायत्तता, राजनीतिक, आर्थिक र सांस्कृतिक स्वतन्त्रता र समानता, धर्म निरपेक्षता, राष्ट्रिय अखण्डता, स्वतन्त्र राष्ट्रिय पहिचान, सुखी, सभ्य र समुन्नत नेपाल आदि आधारभूत मूल्य र मान्यता बन्नु पर्दछ,
- समावेशी, समानुपातिक, समतामूलक र छुवाछुत मुक्त भनी आधारभूत मूल्य र मान्यताको रुपमा उल्लेख गर्ने, द्वैध अर्थ लाग्ने शब्द संविधानमा प्रयोग नगर्ने,
- स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकार,
- वर्गीय भेदभावको अन्त्य गर्ने,सर्वहारा वर्गको शासन,
- बालअधिकार,भ्रष्टाचारी विरुद्ध कानूनी कारवाही,
- जनउत्तरदायी शासन व्यवस्था,सकारात्मक विभेदको नीति,खाद्य सम्प्रभुता, धर्म निरपेक्षता,जातीय भेदभावको अन्त्य,

| | |
|---|---|
| | • विपन्न, पिछडिएका वर्ग, जनजातीको अधिकारको ग्यारेन्टी,<br>• जनताको न्यूनतम बांच्ने अधिकार र अधिकतम मापदण्ड,<br><br>**३. अपरिवर्तनीय मूल्य र मान्यताहरु**<br><br>• सवै व्यवस्था पविर्तन गर्न सकिने हुन पर्छ। आधारभूत मूल्य र मान्यताहरु परिवर्तन गर्न नहुने,<br>• एकतन्त्रीय हुकुमी शासनमा जानेगरी परिवर्तन गर्न नमिल्ने, अरु मिल्ने,<br>• भविष्यमा पनि संविधानमा परिवर्तन संविधानसभाले मात्र गर्नसक्ने,<br>• आधारभूत मूल्य मान्यता पनि दुइतिहाई बहुमतले परिवर्तन गर्न सकिने,<br>• संविधानलाई जड् र स्थीर होइन, परिवर्तनशील र विकासशील दस्तावेजको रुपमा स्वीकार गरिनु पर्दछ,<br>• संविधान लचिलो हुनु आवश्यक, आवश्यक परे परिवर्तन गर्न सक्नु पर्ने,<br>• जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, अखण्डता, नागरिक शासन, बहुलवादी खुला समाज, वैज्ञानिक समाजवाद, अन्तरराष्ट्रियतावाद, प्रतिस्पर्धात्मक लोकतान्त्रिक बहुदलीय शासन व्यवस्था, नागरिक स्वतन्त्रता, समानताको अधिकार, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानूनी राज्य, लोकतान्त्रिक मूल्यमान्यता प्रति प्रतिबद्धता, गणतान्त्रिक मुलुक, संघीय व्यवस्था , विकेन्द्रित प्रणाली, जवाफदेहिता, पारदर्शिता, संघको भूगोल, संघको आर्थिक अवस्था परिवर्तन गर्न नमिल्ने,<br>• संविधान सशोधन गर्नुपरेमा जनमत संग्रह गरेर मात्र गरिनुपर्ने,<br>• संविधानको प्रस्तावना अपरिवर्तनीय हुनुपर्ने,<br>• दुई तिहाई वहुमतको सरकारले संविधान परिवर्तन गर्नसक्ने,<br>• पहिचान गुम्नेगरी फेरवदल गर्नु हुदैन,<br>• अशक्त, अपाङ्ग, असहायलाई भत्ताको व्यवस्था गरिनेछ भन्ने कुरालाई परिवर्तन गर्न नमिल्ने बनाउने, |
| **पहिलो भाग** | **४. सार्वभौमसत्ता र राजकीय शक्तिको प्रयोग कसले, कसरी गर्ने र विधि**<br><br>• जननिर्वाचित व्यवस्थापिकाका दुबै सदनले पारित गरी राष्ट्राध्यक्षद्वारा प्रमाणित गरेर,<br>• जननिर्वाचित सरकारद्वारा सिफारिश गरेपछि राष्ट्रप्रमुखको घोषणाद्वारा,<br>• ठीक बेठीक सर्वोच्च अदालतले छुट्याउने,<br>• राष्ट्रपतिले,जनप्रतिनिधिले,स्थानीय जनताले,<br>• संवैधानिक राष्ट्रपति र कार्यकारिणी मन्त्रिपरिषद्ले गर्ने, यी दुबैलाई सञ्चालन र नियन्त्रण गर्ने व्यवस्थापिका र न्यायपालिकाले,<br>• कार्यकारी प्रधानमन्त्रीले, प्रधानमन्त्रीको नेतृत्वमा गठित मन्त्रिपरिषदले,<br>• जनताको मतवाट निर्वाचित कार्यकारी प्रधानमन्त्रीले,<br>• कार्यकारिणी अधिकार सहितको राष्ट्रपतिले,<br>• आवधिक निर्वाचन मार्फत जनताले नै गर्ने,जनमत संग्रहवाट,<br>• दलीय सहमती र सरकारको संवादमा गर्ने,<br>• वैज्ञानिक जनवादी विधिद्वारा राष्ट्रपतिले,<br>• वालिग मताधिकारको आधारमा जनताले चुनेको राष्ट्रपतिले र प्रतिनिधिसभाले गर्ने,<br>• जनताले, स्थानीय निकायले, बुद्धिजीवीले,<br>• सार्वभौमसत्ता र राजकीय शक्तिको श्रोत जनता हुनाले उनैले,<br>• सार्वभौमसत्ताको प्रयोग संघीय संसदबाट र राजकीयसत्ता राष्ट्रपतिले,<br>• प्रतिनिधिसभाको बहुमतबाट,जनताद्वारा निर्वाचित प्रतिनिधि मार्फत,<br>• उत्पिडित जाती क्षेत्रहरुको आत्म निर्णयको अधिकार र स्वायत्तता शासनको निर्माताको आधारमा राज्यको पुनर्संरचना मार्फत संघात्मक राज्य प्रणाली अंगिकार गरी उनीहरुले नै,<br>• जनतामा निहीत सार्वभौमसत्ता र राजकीय शक्तिको प्रयोग राष्ट्रपतिले गर्ने । प्रयोग विधि देशको समय स्थिति हेरी देशको जिम्मेवारी पूरा गर्ने जनतालाई मान्य हुने कदम चाल्ने । देशमा आवश्यक नीति नियम लागू गर्ने सरसल्लाह गर्ने जनतालाई सर्वोपरी मान्ने,<br>• वहुदलीय प्रतिस्पर्धाको मूल्य मान्यताको आधारमा शान्तिपूर्ण निर्वाचनको विधिद्वारा,<br>• सार्वभौमसत्ता र राजकीय शक्तिको प्रयोग जनताले निर्वाचित प्रतिनिधि मार्फत गर्ने,<br>• जनताद्वारा चुनिएको शक्तिद्वारा चुनिएको व्यक्तिद्वारा जनताको हितका लागि गर्नुपर्दछ,<br>• जनताले चुनेको जनप्रतिनिधिबाट बनेको मन्त्रिमण्डलको सिफारिसमा राष्ट्रप्रमुखले गर्ने र व्यवस्थापिकाबाट अनुमोदन वा जनमत संग्रह,<br>• जननिर्वाचित प्रतिनिधिको संसद,सरकार तथा संवैधानिक निकायहरुले वहुप्रचलित र लोकप्रिय शासकिय विधिबाट,<br>• नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित हुनुपर्छ,<br>• नेताले चुनेको प्रतिनिधिले प्रयोग गर्ने गरी जनतामा निहित,<br>• प्रधानमन्त्री र राष्ट्रपतिलाई मिश्रित अधिकार दिनुपर्छ,<br>• संसदीय पद्धति अनुरुप मन्त्रीमण्डलले,<br>• अन्तरिम संविधान ०६३ को धारा ४ बमोजिम,<br>• व्यवस्थापिका-संसद मार्फत प्रधानमन्त्रीले,<br>• संसद मार्फत् कार्यपालिकाले प्रयोग गर्नुपर्ने, |

- प्रतिनिधिसभाकासभामुखले, सभासदले,
- शक्ति सन्तुलनका आधारमा (विधायिका, कार्यपलिका र न्यायपालिकावाट)
- विधायिका, कार्यपलिका र न्यायपालिकावाट,
- केन्द्रीय र प्रान्तीय सरकारवाट,
- केन्द्रीय र प्रान्तीय सरकारका विधायिकावाट,
- केन्द्रीय र प्रान्तीय सरकारका विधायिका र सरकारवाट,
- प्रान्तीय सरकारको सिफारिसमा केन्द्रीय सरकारवाट कानुन वनाएर,
- विधायिकाले वनाएको कानुनका आधारमा सरकारले जनताको हितमा प्रयोग गर्ने, दुरुपयोग हुन नदिन न्यायपालिकावाट परीक्षण हुने,
- स्थानीयतहका जनताले स्वयं मतदानद्वारा गर्ने,
- भ्रष्टाचार रहित तथा विवेकशील व्यक्तिले,
- सेना, प्रहरी, प्रशासनिक काम जनप्रतिनिधिबाट गर्ने विधि तयार गर्ने र भ्रष्ट जनप्रतिनिधि फिर्ता गराउने व्यवस्था गर्ने,
- वस्तुस्थिति सुहाउदो विधि ।

## ५. राष्ट्रको परिभाषा

- परिभाषा आवश्यक छ / छैन
- राष्ट्रको परिभाषा होइन चिनारी दिनुपर्छ,
- अखण्ड देश, सार्वभौम जनता,बहुजातीय,बहुभाषा संस्कृति रहेको,
- हिमाल, पहाड, तराई,मेचीदेखि महाकालीसम्मको अखण्डित भूभाग,
- सार्वभौमसत्तासम्पन्न, स्वतन्त्र, लोकतान्त्रिक,संघीय गणतन्त्रात्मक राष्ट्र,
- स्वतन्त्र, अविभाज्य, जनसार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, सगरमाथाको देश,
- सम्पूर्ण अभिव्यक्तिमा बहुलता र विविधता हुनु पर्दछ,
- राज्य नै राष्ट्र हो भनी परिभाषित गर्नु पर्ने,
- प्रदेश वा प्रान्तलाई प्रदेश राज्यको अवधारणाबाट परिभाषित गर्नुपर्ने,
- हिन्दुराज्य, अटल, विशाल र उच्च छ भनी परिभाषित गर्ने,
- राष्ट्र एक, संघ, प्रदेश, संस्कृति, जाति, क्षेत्र अनेक भनेर,
- वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक, विशेषतायुक्त स्वतन्त्र अखण्ड राष्ट्र,
- संघीय जनवादी गणतन्त्रात्मक राष्ट्र,
- भूपरिवेष्टित, शहिद, वीर नेपालीको रगत पसिनाबाट आर्जीत राष्ट्र,
- स्वतन्त्र, स्वाभिमानी, अखण्ड र धर्मनिरपेक्ष,
- जनजातीको साझा फुलवारी भनिनु पर्छ,
- सामन्तवाद र साम्रज्यवाद विरोधी राष्ट्र,
- प्रदेश प्रदेश मिलेर बनेको संघीय नेपाल एक राष्ट्र हो,
- राष्ट्रको परिभाषामा देशको रक्षाको लागि आवश्यक परे जनता सबैलाई सेनाको तालिम दिइने छ भनेर लेख्ने,
- राष्ट्रलाई (Nation) राज्यको केन्द्रीय भाव बुझाउने गरी परिभाषा गर्नुपर्छ,
- सबै जात-जाती धर्म वर्ग आदि समेटेर राष्ट्रको परिभाषा गर्ने,
- वर्तमान अन्तरिम संविधानको व्यवस्था नै हुनुपर्ने,
- परिभाषा गर्दा स्थानीय तहदेख ठूलो वर्गसम्म समेट्नु पर्दछ,
- नेपाल र नेपालीको पहिचान खुल्ने गरी,
- आफ्नै सेना, प्रशासन, अर्थनीति, परराष्ट्र नीति भएको राज्यको रुपमा चिनिनु पर्दछ,
- समाजवाद, साम्यवाद उन्मुख जनगणतन्त्रात्मक राज्य,
- राष्ट्र भनेको सबै जातजाती र समुदायको हो,
- स्वतन्त्र परराष्ट्र नीति भएको,
- राष्ट्रको विषयमा अन्तरिम संविधानको धारा ४ मा परिभाषित भए बमोजिम परिभाषित गर्नु पर्ने,
- वीरहरुको देश भनेर,शान्तिको मुलुक भनी राष्ट्रको परिभाषा गर्ने,
- सबै जाति, धर्म, लिङ्गलाई राष्ट्रको परिभाषा गर्नुपर्ने,
- सवै जाती, भाषा, धर्म, संस्कृति, रितिरिवाज, रहन सहन, भेषभुषा र अनेकतामा एकता कायम गर्दै सहिष्णुताका साथ परस्पर आवद्ध जनता नेपाली भूमिको एकाकार स्वरुपनै समग्रमा राष्ट्र हो,
- पुराना संस्कारलाई जोगाएर परिभाषा गर्नुपर्ने,
- राष्ट्र नभनी मुलुक भन्नुपर्ने,
- नेपाल जस्तो अल्पविकसित राष्ट्र भनी राष्ट्रको परिभाषा गरिनु पर्ने ।

## ६. राज्यको विशेषता

- स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्म निरपेक्ष, समावेशी, संघीय, लोकतान्त्रिक गणतन्त्र,
- धार्मिक, भाषिक, सांस्कृतिक र जातीय सहिष्णुता भएको संघीय गणतन्त्र,

- प्रमुख प्रतीक, भूबनोट, जाति, धर्म, भाषा, सांस्कृति, ऐतिहासिक पहिचानको विशेषता रहेको,
- हिन्दु अधिराज्य ,हरियो वन नेपालको धन, धार्मिक स्थल र प्राकृतिक रुपमा धनी, हाम्रो नेपाल राम्रो नेपाल,
- असंग्लग्नता, भूपरिवेष्ठित मुलुक, सहअस्तित्व, विश्वबन्धुत्व, निडर र मेहनती इमान्दार नेपाली जनता,
- सगरमाथाको देश, बुद्धको देश, कला संस्कृति र भाषामा धनी देश, हिमाल, पहाड, तराईको बेजोड संगम, जातजाती भाषाभाषीको साझा देश,
- हिमाली अधिराज्य गणतन्त्र , जनताको गाथा, नालापानी युद्धको इतिहासको देश,
- छुवाछुत,भेदभाव रहित राज्य,
- समाजवाद साम्यवाद उन्मुख जनगणतन्त्रात्मक राज्य,
- आर्थिक समानता भएको वर्गविहीन समाज भएको नेपाल,
- राष्ट्रपतीय शासन प्रणाली भएको संघीय जनगणतान्त्रीक राज्य,
- राजा नभएको मुलकमा राज्य शब्द भन्न नहुने, संघीय मुलुक भन्नुपर्ने,
- २०४७ को संविधान अनुसार,
- असमान भौगोलिक, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक विशेषता भएको हिमाली अधिराज्य राज्यको विशेषता हुनुपर्दछ,
- राष्ट्रको निम्ति लडेका जनताका गाथा/नालापानी युद्धको इतिहास विशेषताको रुपमा उल्लेख गरिनु पर्दछ,
- प्रदेश वा प्रान्तलाई प्रदेश राज्यको अवधारणाबाट परिभाषित गर्नुपर्ने,
- अनेकतामा एकता भएको,जलश्रोतको धनी, सगरमाथा र बुद्धको देश,जैविक विविधतायुक्त देश,पर्यटकीय आकर्षणको केन्द्र,
- जातीय, धार्मिक र सांस्कृतिक - सहिष्णुता भएको देश,
- वहुभाषा, वहुसंस्कृति, वहुजाती र प्राकृतिक सम्पदायुक्त राज्य,
- नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष समावेशी र संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य हुनेछ,
- प्रदेश भौगोलिक आधारमा विभाजन, समावेशीकरण भेदभाव रहित बन्द हडताल निषेधित देश,
- हिन्दु राज्य हुनुपर्छ,
- शान्तिपूर्ण राज्य, बीर देशप्रेमीहरुको देश, विविध प्राकृतिक संपदाको राज्य, निस्वार्थी नेपालीको राज्य, जनयुद्ध लडेको देश,
- कानून भन्दा माथि कोही पनि नराख्ने देश, आ-आफ्नो भेषभूषा भएको देश,
- धर्मनिरपेक्ष, जातीय, भाषिक, भौगोलिक आधारमा विभाजित संघीय नेपाल नै नेपालका विशेषता हुन,
- सुन्दर हावापानी, प्रकृतिको धनि र निडर व्यक्तिको देश,
- विकासमुखी राज्य, गोर्खालीको देश,
- असमान भौगोलिक, जातीय, भाषिक, धार्मिक सांस्कृतिक विशेषता भएको हिमाली राज्य,
- समावेशी संघीय, समाजवादी, आत्मनिर्भर सार्वभौम, समृद्ध, अखण्डता नेपालका विशेषता हुन,
- असंलग्न परराष्ट्र नीतिमा आधारित राज्य नेपालको विशेषता,
- हिमाल, पहाड, तराई भौगोलिक विविधतामा एकता नेपालको विशेषता,
- प्राकृतिक श्रोत, जल सम्पदाको देश, कला, साहित्य, संस्कृतिको मान्यता राख्ने देश, धर्म निरपेक्षतामा आस्था राख्ने, हिन्दु राष्ट्र भने देशका विशेषतामा उल्लेख गर्ने,
- राज्यको विशेषता सगरमाथाको देश, गौतम बुद्धको देश,
- विश्व शान्तिका प्रतिक गौतम बुद्ध जन्मेको देश, विश्व शान्तिको मुहान तथा धार्मिक सहिष्णुता बोकेको नेपाल राज्य भनी उल्लेख गरिनुपर्ने,
- अनेकतामा एकताको मुलुक नेपाल,
- जलश्रोतको दोश्रो धनी देश,सगरमाथाको देश,
- वर्तमान अन्तरिम संविधानको जस्तै,
- भेदभावको अन्त्य भएको देश,
- विश्वमा दिगो शान्तिको भावना दिने,
- क्रन्तिकारीहरुको देश,
- शान्त सम्पन्न र रमाइलो नेपाल हाम्रो विशेषता हो,
- साँस्कृतिक र जातीय पहिचानाई मूल विषय बनाएको,
- राज्य अन्तर्गत विभिन्न राष्ट्र हुनु पर्ने,
- जनगणतन्त्र नेपाल, जनवादी गणतन्त्र नेपाल,
- सामन्तवाद र साम्राज्यवाद विरोधि देश,
- धर्म निरपेक्षता, लोपोन्मुख संस्कृतिको जगेर्ना, जातजातिबीच विभेद नभएको,
- जलश्रोतको धनी देश, भूपरिवेष्ठित राष्ट्र, हरियो वन, नदीनाला, हावापानी,
- कृषि प्रधान देश, मन्दिरै मन्दिरको देश, नदी नाला, कुण्ड पोखरी जलासय , प्राकृतिक सम्पदायुक्त देश,
- एशियाका दुइ ठूला देश चीन र भारतविचको १४७१८१ वर्ग कि.मि क्षेत्रफलको देश,
- प्रचुरमात्रामा खनिज भएको देश,
- लिम्बूवान, खुम्बुवान, तामसालिङ्ग, नेपाल मण्डल, तमुवान, मगरात, पूर्वाञ्चल, पशिचमाञ्चल, थरुहट, अवधि, भोजपुरी र मैथली मधेश स्वायत्त प्रान्त युक्त देश,

- भारतको अप्रत्यक्ष औपनिवेशिकताबाट अलग्गिएको स्वतन्त्र नेपाल राष्ट्र हो भनेर विशेषतामा उल्लेख गर्नु पर्ने,
- सैन्य ज्ञान र तालीम भएको राज्यको विशेषता हुनुपर्ने ।

## ७. राष्ट्रिय प्रतिक बारे

- राष्ट्रिय प्रतिक तोक्नु हुँदैन/तोक्नुपर्दछ,
- प्रतिकहरु जाती र धर्म विषेशसँग सम्वन्धित हुनु हुदैन,
- **फूल** : लाली गुरांस फूल, कमल, लोपोन्मुख फूल, गुलाफ फूल, सयपत्री, मखमली, लालुपाते,चम्पा, गेदा, तुलसी, सेतो चिमाल, सुनगाभा,
- **रंग** : सिम्रिक, हरियो रंग, रातो रंग, अबीर, नीलो, सेतो, सप्तरंगी, हिउँ रङ, कलेजी,
- **जनावर** : गाई, खरायो, चितुवा, चौरी गाई, याक, वाघ, सिंह, कस्तुरी मृग, लोपोन्मुख जनावर, एकसिंगे गैंडा, रातो पाण्डा, डल्फीन, कृष्णसार,
- **पंक्षी** : डांफे चरा, लोपोन्मुख चरा, हौचिल चरा , परेवा , मयूर, कांडेभ्याकुर, ठूलो धनेस, कोइली, मुनाल, रानी चरी,
- **अन्य** : सगरमाथा हिमाल, लुम्बिनी गौतम बुद्धको जन्मस्थल, पशुपतिनाथ र स्वयम्भु मन्दिर, जनकपुर, सीता, जनक राजा, तराइमा सुनबाली, निडर र निश्चल नेपाली जनताको लागि कुनै संकेत, हलो, हलो जोतेको किसान, हलो जुवा वोकेको किसान, त्रिशुल, खुकुरी, पञ्चैवाजा, डमरु, घण्ट, राष्ट्रिय विभूति, शहीद ,चन्द्र सूर्य झण्डा, नदीनाला, झरना, मठ मन्दिर, पाटी पौवा, पौराणिक धार्मिक स्थल, बगी रहेको नदी, नेपालको नक्सा, खेतिमा व्यस्त किसान,नोट र सिक्कामा गाइ, देशभक्त शहीदहरु, शिवजी महादेव, भृकुटी, अरनिको, मुक्तिनाथ, मनकामना मन्दिर, नारायणहिटी संग्रहालय, हिमालय श्रृंखला, सरस्वतीको मूर्ति, ऋषिहरुको चिन्ह अंकित स्वस्तिीक चिन्ह, गजुर, वरपिपल, कोदाली, खर्पन, ढाकी वोकेकी महिला, ढाकर वोकेको भरिया, टेकुवा/तोक्मा, जनजातिको पहिरन, नरसिंह, शालिग्राम, नाग, झरना, गुफा, ढाल तरवार, मयुर, घुमाउरो घर, माउरी, ताल तलैया, मादल, कन्चनजङ्घा, माछापुछ्रे हिमाल, किसानको प्रतिक हलो, कोदालो, हतियार - खुकुरी,
- २०४७ को संविधान अनुसार,
- लालिगुराँस, सिम्रिक, निशाना छापमा नदी नाला र ऐतिहासिक स्थल लुम्बिनी राख्ने,
- शान्तिका प्रतिक - गौतम बुद्ध / राष्ट्रियता - सगरमाथा,
- विरुवा - दार, सिसम, साल, असोक आदि,
- संविधानमा राष्ट्रिय झण्डा - हसिया हथौडा, हिमालमा सगरमाथा हुनुपर्छ भन्ने लाग्छ,
- विवाद नहुने खालका प्रतिकहरु राख्न पर्ने,
- भाषा - खस, बाजा - पञ्चैबाजा, खेल - कवर्दी,
- स्याउ, हिमशिखरहरु, ताल तलैयाहरु प्रतिक हुनसक्ने,
- निशानाछाप श्री ५ को दण्ड वाहेक सबै २०४७ कै संविधानका फूल रंग, चरा आदि राख्ने,
- सगरमाथालाई राख्ने प्रतिकमा,
- विभूती - लखन थापा, गंगालाल र देशभरीका शहिदहरु,
- राष्ट्रिय चिन्ह, गान र प्रतिक पुरानै ठीक छन्,
- लोपोन्मुख जनावरहरुलाई राष्ट्रिय प्रतिकको रुपमा उल्लेख गर्नुपर्ने,
- राष्ट्रिय पोशाकमा ढाका टोपी,प्रतिक हलो जोतेको किसान हुनुपर्छ,
- राष्ट्रिय प्रतिक अशोक स्तम्भ तथा लुम्बिनी,
- राष्ट्रिय लिपी रन्जना,
- राष्ट्रिय चिन्ह अरु विशेषता झल्कने विषय वस्तुको आधारमा,
- राष्ट्रिय चिन्ह नदी नाला, हिमाल, गैडा, हात्ती हुनुपर्छ,
- धर्मसंग सम्बन्ध हुने वस्तुलाई राष्ट्रिय चिन्ह बनाउनु हुदैन,
- लोगो सगरमाथा र लालीगुराँस,
- राष्ट्रिय चिन्हहरु समावेसी हुनुपर्ने छ,
- रामजानकी मन्दिर, सगरमाथा, वराह क्षेत्र, गौतम बुद्ध,
- राष्ट्रिय चिन्ह र गान अहिलेकै ठीक छ,
- सगरमाथा, नदीनाला र गौतम बुद्ध,
- फुटबल : राष्ट्रिय खेल, पोशाक : बख्खु र पांगदेन,
- कबड्डी - राष्ट्रिय खेल, गुन्द्रुक, ढिंडो - राष्ट्रिय खाना,
- राष्ट्रिय पोशाक धोती र कुर्ता, धोती चोलो हुनुपर्ने
- सगरमाथा माथी नेपालको झण्डा फहराएको प्रतिक हुनुपर्ने,
- पर्यटकीय देश नेपाल ।

## ८. राष्ट्रिय गान र निशाना छाप बारे

- राष्ट्रिय गान र निशाना छाप यथावत राख्ने/परिवर्तन गर्ने,
- राष्ट्रिय गान ठीक छ, निशाना छाप बेठीक छ,
- निशाना छाप ठीक छ, गान फेर्नुपर्छ,
- मजदुर, किसान, शिक्षक, विद्यार्थी लगायतलाई समेट्ने,

| | |
|---|---|
| | • निशाना छाप परिवर्तन गरी नेपाल र नेपालीको भविष्यको प्रगतिको संकेत दिने खालको बनाउने,<br>• हसिया हथौडा निसाना छापमा हुनुपर्छ,<br>• हलो जोतेको किसान,टोपी निसाना छापमा राख्ने,<br>• शिरमा ढाका टोपि र कम्मरमा पटुका बाधेको,<br>• हिमाल पहाड तराइ निसाना छापमा राख्ने,<br>• निशाना छापमा नेपालको झण्डा समेत हुनुपर्ने,<br>• संघीय, प्रान्तीय, स्थानीय  निशाना छाप हुनु पर्ने,<br>• राष्ट्रिय गानमा "इश्वर" भन्ने शब्द अनिवार्य हुनुपर्दछ,<br>• राष्ट्रियगान ठीक छ, निशाना छाप आवश्यक छैन,<br>• राष्ट्रियगानले सबै देशलाई समेट्नु पर्‍यो,<br>• सबै भाषामा मेची महाकाली सम्म, पढेका नपढेकाले पनि सरलभाषामा गुन गुनाउन सक्ने राष्ट्रिय गीत हुनुपर्छ, स्पष्ट निसाना छाप हुनपर्छ,<br>• निसान छाप, राष्ट्रिय गान बदल्नु पर्दैन,<br>• राष्ट्रिय गानले सबैलाई समेट्न सकेको छैन,<br>• राष्ट्रिय गान र निशाना छाप सुधार गर्नु पर्ने,<br>• देशको पूरै आकारको उल्लेख गर्नुपर्छ,<br>• धानको वाला,गहुको वाला र हिमाल निशानाछापमा समावेश गर्ने,<br>• सगरमाथाको चुचुरोमा पाँच कुने तारा र सूर्य, निशानाछापमा समावेश गर्ने,<br>• किसान र मजदुरको प्रतिक र देशको नक्सा निशानाछापमा समावेश गर्ने,<br>• सगरमाथाको काखमा बुद्धको पूर्ण कदको प्रतिक निशानाछापमा समावेश गर्ने,<br>• राष्ट्रियगान परिवर्तन गर्ने, ७५ जिल्लाबाट छनौट गर्ने,<br>• राष्ट्रिय गान क्रान्तिकारी भाव समेटेको हुनुपर्छ,<br>• राष्ट्रिय गान लोकगीत हुनुपर्छ,<br>• जय जय गोरख जय जय काली.... राष्ट्रिय गान हुनुपर्छ,<br>• निशाना छापमा बुद्धको धर्मचक्रलाई मान्यता दिनुपर्ने,<br>• निशाना छापमा नेपालको गुमेको भूभाग सहितको नक्सा अंकित हुनुपर्ने,<br>• नेपाल सरकारले बनाएको नयाँ छाप र राष्ट्रिय गानलाई परिवर्तन नगर्ने,<br>• राष्ट्रिय झण्डामा बुद्धको चित्र र सगरमाथा अकिंत हुनुपर्ने,<br>• हसिया र हथौडा अंकित झण्डा राष्ट्रिय झण्डा हुनुपर्छ,<br>• राष्ट्रिय गान आवश्यक छैन, निशाना छापमा  श्रीपेचको सट्टा लालीगुराँस हुनुपर्ने,<br>• सर्वहारा र श्रमजीवि जनतालाई राष्ट्रिय गानमा समेटिनु पर्ने,<br>• १० वर्षको जनयुद्ध र १९ दिने आन्दोलनको उद्देश्य गानमा समेटिएको हुनु पर्छ । |
| **संविधान संशोधन** | **९. संविधान संशोधनको व्यवस्था**<br>• संशोधन नै गर्नु नपर्ने संविधान वनाए राम्रो,<br>• व्यवस्थापिकाको दुई तिहाई मतद्वारा, सामान्य बहुमतद्वारा, असी प्रतिसतको अनुमोदन वाट जनताको प्रत्यक्ष संलग्नतामा,<br>• संविधान संशोधन गर्न प्रतिनिधिसभाको ३/४ (तीन चौथाइ) ले मात्र गर्ने,<br>• कुनै साधारण बहुमतले, कुनै दुइतिहाइले,<br>• जनमत संकलनवाट, जनमत संग्रहबाट ,वाफिने विषयमा जनमत संग्रहबाट,<br>• नेपाली जनताको वहुमतवाट,<br>• कुनै पनि बुंदामा जनमत संग्रह गर्न सकिने,<br>• दुबै सभाको दुइ तिहाइ बहुमतले,<br>• दुबै सभाको दुइ तिहाइ बहुमतले र प्रान्तीय सदनको साधारण वहुमतले,<br>• संघीय संसदको कुल संख्याको  दुई तिहाइ वहुमतले पारित र स्वायत्त राज्य संसदहरु  मध्ये  वहुमतवाट अनुमोदन हुनु पर्ने,<br>• संघीय संसद र प्रदेश संसदको  दुई तिहाइ बहुमतले पारित हुनु पर्ने,<br>• हरेक ५,१०,२०,१०० वर्षमा समीक्षा गरेर,<br>• सरकार, नागरिक समाज, मानवअधिकारकर्मी, राजनीतिक दलहरु सबैको व्यापक सार्वजनिक छलफल हुनुपर्छ,<br>• शोषित, उत्पीडित जाति, वर्ग र क्षेत्रका जनतासंग प्रत्यक्ष राय लिएर,<br>• तीन किसिमका व्यवस्थाहरुः १) अपरिवर्तनीय, जसलाई अर्को संविधानसभाले मात्र परिवर्तन गर्न सक्ने, २) सर्वसहमतिमा परिवर्तनीय गराउनु पर्ने, दुबै सदनबाट सर्वसम्मतिले परिवर्तन गर्न सकिने, ३) दुइतिहाइ बाट परिवर्तन गर्न सकिने,<br>• जनमत संग्रहबाट, चुनावी प्रकृयाबाट मात्र संशोधन गर्न पर्ने,<br>• राष्ट्रिय प्रतिनिधि सभावाट,<br>• संविधान संशोधन गर्दा तल्ला निकायको विधायिकाहरुको राय सुझाव लिन आवश्यक हुन्छ,<br>• संविधान संशोधन गर्नु पर्दा जनताको सुझाव संकलन गरी संशोधन समितिको सिफारिसमा हुनु पर्दछ, |

- व्यवस्थापिका संसदको दुई तिहाई बहुमतबाट,
- मन्त्रीपरिषद्ले आवश्यकता अनुसार संविधान संशोधन गर्न पाउनु पर्ने,
- केन्द्रीय व्यवस्थापिका संसदको कम्तीमा २/३ बहुमतबाट र मुख्य बुँदामा जनमत संग्रहबाट,
- तल्लो सभाको सिफारिशमा माथिल्लो सभाले निर्णय गर्ने,
- राज्यका प्रतिनिधिहरुको सल्लाह बमोजिम,
- संघीय इकाइको सिफारिशमा केन्द्र सरकारले संशोधन गर्न सक्ने,
- मौलिक हकहरु यथावत राखी ७५% विधायकहरुको समर्थनमा संशोधन गर्न सकिने,
- दुवै सभाको दुई तिहाइले,
- नमूना सर्वेक्षण विधिबाट मत संकलन गरी कति धारा, खण्ड, भाग परिवर्तन गर्ने बुझ्न सकिन्छ,
- देशभर सुझाव पेटिका राखी संविधान संशोधन गर्नुपर्ने,
- जनताप्रति उत्तरदायी हुने र सुमधुर सम्बन्ध राख्ने गरी संविधान संशोधन गर्ने,
- संघीय विधायिकाको साधारण बहुमतले पारित जन-प्रतिनिधि सभाद्वारा २/३ बहुमतले पारित हुनुपर्ने,
- जनताबाट बुझि राष्ट्रिय सरकार समक्ष विधायकहरुको रोहवरमा संविधान संशोधन गर्न प्रस्ताव गर्ने,
- केन्द्र, स्थानीय सरकार र प्रान्तीय सरकारको परामर्शमा संविधान संशोधन हुनु पर्छ,
- नेपाली जनताको बहुमतबाट,
- सर्वसम्मतीबाट मात्र,
- प्रस्तावनाको भावनाको प्रतिकूल नहुने गरी संविधानको कुनैपनि धारालाई संशोधन वा खारेज गर्ने विधेयक संसदको कुनै सदनमा प्रस्तुत गर्न सकिने र दुईतिहाई बहुमतबाट पारित भएमा राष्ट्रपतिको स्वीकृतिका लागि पेश गरि १० दिनभित्र निर्णय गर्ने व्यवस्था गरिनुपन,
- सर्वदलीय उच्चस्तरीय आयोग गठन गरी त्यसको सुझावमा गर्ने, जनताको आयोग गठन गरी त्यसको सुझावमा ।

## १०. संविधान संशोधनमा जनमत संग्रह गर्नु पर्ने वा नपर्ने/गर्नु परे त्यस्ता विषयहरु

- जनमत संग्रह हुनु हुदैन,
- जनमत संग्रह गर्नु उपयुक्त हुनेछ,
- राष्ट्रिय सरोकारको विषय, उपयुक्त निकास निस्कन नसकी संवैधानिक जटिलता आएको विषय,
- राष्ट्रको सीमाना, ठूला सन्धि संझौता जस्ता राष्ट्रिय र अन्तरराष्ट्रिय विषयमा जनमत संग्रह गर्ने,
- राष्ट्रिय मुद्दाको सवालमा विवाद भएमा,
- पंचशीलबाहेकको विदेश नीति अवलम्बन गर्नु परेमा,
- गम्भीर किसिमका परियोजनाको सन्धि संझौतामा, जलश्रोत लगायत प्राकृतिक श्रोत बारे संझौता गर्नुपरेमा,
- संवेदनशील विषयमा जनमत संग्रह गर्नु उपयुक्त हुनेछ,
- केही धारा परिवर्तन गर्न जनमत संग्रहबाट गर्नुपर्छ,
- राज्यको संरचना गर्नु परेमा, सीमाबारे सन्धी संझौता गर्दा, संघीयतावाट एकात्मक व्यवस्था कायम गर्नु परेमा,
- जनमत संग्रह महङ्गो हुन्छ त्यसैले विशेषज्ञहरुबाट राय लिनु पर्छ,
- सेना परिचालन, संकटकाल, विदेशीसँग सम्झौता गर्नु पर्दा जनमत संग्रह गर्ने,
- कार्यकारिणी अधिकार सम्पन्न निकायबाट देशमा अवान्छनीय खलल पुगेमा, अखण्डतामा आँच आएमा, घातक सन्धि सम्झौता भएमा,
- जनमत संग्रहको अभ्यास प्रदेश विभाजनमा हुनपर्छ,
- दुईतिहाईमत द्वारा टुङ्गो लाग्न नसकेको विषयलाई जनमत संग्रहद्वारा टुङ्गो लगाउने,
- राजनीतिक सहमति नभएका राजनीतिक मुद्दामा,
- स्वायत्त प्रदेश दिने नदिने सम्बन्धमा,
- प्रान्तीय वा स्थानीय सीमा निर्धारण बारे,
- प्राकृतिक श्रोत साधनको बाँडफाँड सम्बन्धमा,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका विषयमा निर्णय लिदा जनमत संग्रह गर्ने,
- संविधान निर्माण प्रक्रियामा कुनै धारा उपधाराहरु वा खण्डको सम्बन्धमा जनमत संग्रहको अभ्यास अवलम्बन गरिनु पर्ने,
- प्रान्तहरु बीच विलय, सम्मिलन हुन चाहेमा जनमत संग्रहबाट,
- जातीय विषयमाथि जनमत संग्रह, प्रतिस्पर्धात्मक लोकतान्त्रिक बहुदलीय शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, कर्तव्य, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानूनी राज्य, लोकतान्त्रिक मूल्यमान्यता, गणतन्त्रात्मक व्यवस्था संघियता, धर्म निरपेक्षता, परराष्ट्र नीति जस्ता अपरिवर्तनीय मूल्य मान्यताको हकमा जनमत संग्रह हुन पर्छ,
- राजसंस्था बारे, हिन्दु राष्ट्र घोषणा गर्ने/नगर्ने बारे,
- संघीयता र भाषाका विषयमा,भ्रष्टाचारीलाई मृत्युदण्डको सम्बन्धमा,
- शासकीय स्वरुप, प्रान्तीय स्वरुप र सरकार , राष्ट प्रमुख कार्यकारी वा आलंकारिक हुने विषय,
- संघीय इकाइका प्रमुखहरुले पनि संविधान संशोधन सम्वन्धी जनमत गराउन माग गर्ने अधिकार दिनुपर्छ र ५० प्रतिशत इकाई राज्यले मात्र अनुमोदन गरेमा जनमत संग्रहमा जानुपर्ने व्यवस्था हुनुपर्छ ।

## ११. कुनै विषयहरु अपरिवर्तनीय वनाउनु पर्छ वा पर्दैन / पर्छ भने के कस्ता विषयहरु अपरिवर्तनीय हुने

- सवै व्यवस्था परिवर्तनीय बनाउन नहुने । सवै व्यवस्था परिवर्तनीय बनाउनु पर्ने,
- देश, काल र समय अनुसार हरेक धारा परिवर्तन हुनु आवश्यक हुन्छ,
- दुनियामा अपरिवर्तनीय भन्ने वस्तु केही छैन, कुनै धारालाई अपरिवर्तनीय मान्नु तानाशाही अधिनायकत्वको लक्षण हो,
- राष्ट्र, राष्ट्रिय अखण्डता, विविधता सहितको स्वायत्तता, संघीयता सहितको अविभाज्य नेपाललाई अपरिवर्तनीय बनाइनु पर्दछ,
- राष्ट्रिय एकता र अखण्डता, राष्ट्रिय हीत विपरीत कार्य गर्न नहुने प्रावधान, जनतामा निहित सार्वभौमसत्ता, मानवीय स्वतन्त्रता, नेपाली जनताको सर्वोच्चता, गणतान्त्रिक पद्धति, नेपाल राज्यको विषेशतालाइ अपरिवर्तनीय बनाउने,
- वहुलवाद, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक पद्धति, वालिग मताधिकार, आवधिक निर्वाचन, मौलिक मानव अधिकार, जनतामा निहित सार्वभौमसत्ता, पूर्ण प्रेस स्वतन्त्रतालाई अपरिवर्तनीय बनाउने र अन्य कुरा दुई तिहाइले परिवर्तन गर्न मिल्ने,
- अपरिवर्तनीय कुरा: १) राजा चाहिदैन २) ६० वर्ष माथिका लाई कुनै पद नदिने ३) बाल अधिकार हनन गर्न नपाइने ४) दाइजो प्रथा हट्ने,
- जनविरोधी जनप्रतिनिधिलाई फिर्ता बोलाउने,
- सार्वभौम अधिकारका स्रोत जनता, मानव अधिकार, प्रेस स्वतन्त्रता वहुलवादी राजनीतिक प्रणाली, धर्म निरपेक्षता, जातीय सदभाव, लैङ्गीक समानता जस्ता विषयहरु संशोधन गर्नु हुन्न,
- जनताको आत्मनिर्णयको अधिकार कटौती नहुने गरी संशोधन गर्ने,
- रोजगार र जमिन जोत्नेको हुनुपर्ने कुरा अपरिवर्तनीय बनाउनु पर्ने,
- संशोधनको धारा बाहेक सबै परिवर्तनीय हुनुपर्ने,
- राज्य विखण्डन गर्न नपाउने, एउटै मुद्रा चलाउने, नेपाल अधिराज्यबाट अलग हुने अधिकार नदिने कुरा अपरिवर्तनीय बनाउने,
- मौलिक हक वाहेक अरु अपरिवर्तनीय बनाउनु पर्छ,
- धर्म निरपेक्षता, विदेश नीति सम्बन्धी र मुद्रा सम्बन्धी कुरा,
- केही संवैधानिक निकायलाई अपरिवर्तनीय बनाउनु पर्छ,
- राष्ट्रको हितकर प्राकृतिक सम्पदा जस्तो विषयमा अपरिवर्तनीय गर्ने,
- प्रादेशिक क्षेत्रको सिमांकन र नामाकरण परिवर्तन हुनुहुदैन,
- राष्ट्र खण्डित हुने, प्रान्तले आत्मनिर्णयको स्वतन्त्रता नपाउने जस्ता कुरा अपरिवर्तनीय हुनुपर्ने,
- गास, वास, कपास, रोजगारी, मजदुर, श्रमिक र किसानका अधिकार,निशुल्क शिक्षा र स्वास्थ्य,शान्तिको अधिकार,
- मताधिकार प्रयोग गर्न पाउने व्यवस्था,
- प्रान्तीय सरकारले आफनो प्रान्तहरु अरु मुलुकसँग गाभ्न नपाईने विषय अपरिवर्तनीय हुनुपर्ने,
- सर्वहारा वर्गको शासन व्यवस्था,
- आइ. एल. ओ. को धारा १६९ को व्यवस्था अपरिवर्तनीय हुनुपर्ने,
- कार्यकारी राष्ट्रपतीय व्यवस्था,
- प्रस्तावनाको भावना र मौलिक हकहरु, भ्रष्टाचारीलाई सजाय गर्ने व्यवस्था,
- सामन्तवादी र साम्रज्यवादीहरुले वहुदलीय प्रतिष्पर्धा गर्न नपाउने व्यवस्था ।

## १२. संशोधनमा संघीय र इकाईका विधायिकाको भूमिका

- दुवैतहका विधायिकाको संशोधन टोली बनाउने,
- सहमतीय प्रणालीबाट गर्ने,
- संघीय विधायिकाको दुई तिहाइ बहुमत आवश्यक हुने,
- संघीय इकाइका विधायिकाले प्रस्ताव पारित गरी संघीय विधायिकामा पेश गर्न सक्ने,
- केन्द्र र प्रान्तीय सरकारको दुई तिहाई वहुमतले,
- गृहयुद्ध हुने अवस्थामा संघीय विधायिका र संघीय इकाईका विधायिकाहरुको भूमिकाको व्यवस्था,
- संघीय इकाईका विधायिकाहरुले सुझाव मात्र दिने,
- तल्लो सदनको वहुमतले पारित गरी माथिल्लो सदनले पारित गर्ने,
- तल्ला निकायका विधायिकाको रायसुझाव लिएर,
- प्रान्तीय अधिकारलाई असर पर्ने विषयमा सबै प्रान्तका विधायिका र केन्द्रीय विधायिकाको सुझावमा संशोधन गर्ने ( अप्रत्यक्ष जनमत संग्रह)
- राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, विविधता सहितको स्वायत्तता, संघीयता सहितको अविभाज्य नेपाललाई अपरिवर्तनीय बनाइनु पर्दछ र संविधानको उक्त धारा संघीय इकाईका विधायिकाहरुको विशेष मागमा संघीय विधायिकाले संशोधन गर्न पाउने अधिकार राख्नु पर्दछ,
- एकले अर्काको कार्यक्षेत्रलाई हस्तक्षेप नगर्ने खालको विधान हुनु पर्ने,
- संघीय इकाईबाट संशोधनको लागि प्रस्ताव पारित गरेर संघीय विधायिकामा दर्ता गर्न सक्ने,
- राष्ट्रिय मुद्दाहरुमा इकाईका विधायिकाको भूमिका हुनु हुदैन,

| | |
|---|---|
| | • संघीय ईकाईको सवालमा आफ्नो निर्णय आफैले गर्न पाउनु पर्दछ, <br>• संघको विधायिकाले मात्र संशोधन गर्ने गरी ईकाईको पनि भूमिका देखिन आवश्यक छ, <br>• केन्द्रको विधायिकाहरुले मात्र संविधान संशोधन नगरी प्रान्तीय सरकारको पनि त्यसमा भूमिका हुनुपर्ने, <br>• संविधान संशोधन गर्ने व्यक्तिलाई राय सुझावदाताको रुपमा मात्र भूमिका रहने व्यवस्था राख्न उपयुक्त हुन्छ। |
| **राजनीतिक दल** | **१३. दल खोल्नका लागि पूरा गर्नुपर्ने शर्तहरु** <br>• दल खोल्नका लागि शर्त आवश्यक छैन/शर्त आवश्यक छ, <br>• संविधानको प्रस्तावनाको मूल भावना र मर्म प्रतिकूल उद्देश्य राखेर दल खोल्न नपाइने, <br>• राष्ट्रिय अखण्डता र सार्वभौमिकतालाई जोगाउने उद्देश्यले विना शर्त दल खोल्न सक्ने व्यवस्था हुनपर्दछ, <br>• राष्ट्र, राष्ट्रियता र सार्वभौमसत्तामा आँच नआउने गरी जनभावनाको सम्मान गर्ने आधारमा दल खोल्न पाउने र राष्ट्रिय मान्यता पाउन कम्तिमा ५% मत केन्द्रिय निर्वाचनमा ल्याउनु पर्ने, <br>• अन्तरिम संविधानको धारा १४२ अनुसारका शर्तहुन पर्ने, <br>• पाँच प्रतिशत मत पाएको हुनुपर्ने, <br>• पार्टी फुटेको खण्डमा संसदको साथै केन्द्रीय समितिको ४०% सदस्य संख्या भएमा नयाँ पार्टी र ६०% भन्दा बढी हुनेले झण्डा विधान र चुनाव चिन्ह पाउने व्यवस्था, <br>• नागरिक समाजलाई असुविधा पुऱ्याएमा प्रतिबन्ध लाग्न सक्ने, <br>• भ्रष्टाचार महाभियोग नलागेकाले मात्र नेतृत्व गर्न पाउने, <br>• राष्ट्रिय हित विपरीत नजाने ,समावेशी राष्ट्रिय चरित्र बोकेको, राष्ट्रको साम्प्रदायिक सद्भाव र अखण्डता स्वीकार गर्ने, हिंसात्मक हुन नहुने, <br>• राष्ट्रिय स्तरमा चर्चित राजनेताद्वारा नेतृत्व गरेको, <br>• मौलिक हक भित्रको विषय भएकाले कठीन शर्तहरु राख्न नहुने, <br>• जनताको इच्छा विपरीत दल खोल्न नपाउने, <br>• घोषणापत्र एक अर्का दलसंग नबाझिने हुनुपर्ने, <br>• विधान, घोषणापत्र, नियमावली लोकतान्त्रिक गणतान्त्रिक भावना अनुकूल हुनुपर्ने, <br>• दलको नेता पच्चीस वर्ष पुगेको नेपाली नागरिक हुनुपर्ने, <br>• दलको विधान लोकतान्त्रिक र पाँच वर्षमा एक पटक पदाधिकारी निर्वाचन गर्ने व्यवस्था भएको हुनुपर्ने, <br>• सामन्तवाद र साम्राज्यवादका दलाल विखण्डनकारीलाई दल खोल्ने अधिकार नहुने, <br>• आवधिक निर्वाचन हुनुपर्ने र समावेशी हुनुपर्ने, <br>• तानाशाही र यथास्थितिवादी सोच भएका दल खोल्न नपाइने, <br>• कारवाहीको क्रममा पार्टीबाट निस्काशन गर्न नपाइने, तीन महिना भन्दा बढी निश्काशन गर्न नपाईने र अदालत जान पाउनु पर्ने, <br>• एक दलबाट अर्को दलमा प्रवेश गर्न नपाउने व्यवस्था सहितको दल खोल्न पाउने व्यवस्था हुनुपर्ने, <br>• राष्ट्रियतालाई बिर्सेमा दर्ता रद्द हुने,विखण्डनलाई प्रश्रय दिने खालको,साम्प्रदायिकता बढाउने खालको हुन नहुने , प्रतिगमनकारी सोच विकसित गर्ने खालको हुन नहुने, <br>• सबै प्रतिनिधिसभाका क्षेत्रमा ४० प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने, <br>• पाँच राजनैतिक दलको मात्र व्यवस्था गर्ने, <br>• चार भन्दा बढी दल खोल्न नपाइने, <br>• दलमा रहने पदाधिकारीको शैक्षिक योग्यता निर्धारण गरिनुपर्ने, <br>• चुनावमा उठ्नेहरु आइ.ए. र वि.ए. पढेको हुनुपर्ने, <br>• पार्टी प्रमुख कम्तिमा एम.ए पास, केन्द्रीय सदस्यहरु कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण, <br>• सर्वोच्च अदालतले कारण सहित खुलाई दल खोल्ने अनुमति दिनु आवश्यक हुन्छ, <br>• दल सम्बन्धी व्यवस्था संविधानमा उल्लेख गर्न जरुरी छैन, <br>• दल, सामन्तवाद र साम्राज्यवाद विरोधी, देशभक्त र लोकतान्त्रिक हुनुपर्ने प्रावधान अनिवार्य राख्नु पर्दछ, <br>• राजालाई ब्युताउने गरी दल खोल्न नपाइने, <br>• जन्मसिद्ध नागरिकले मात्र दल खोल्न पाउने, <br>• दलको वार्षिक कार्ययोजना हुनुपर्छ, <br>• नयाँ दल खोल्न पाँच दलको समर्थन चाहिने, <br>• ५०,००० वयस्क नागरिक सदस्य, ५०,००० जनता, ५,००० पार्टी सदस्य, <br>• जातीय र क्षेत्रीय आधारमा दल खोल्न नपाइने, <br>• पहिलो पटक निशर्त दर्ता त्यस पछि निर्वाचनमा खसेको मतको ५%/१५%/ २.५%/२०% नपाए खारेज गर्ने, <br>• निर्वाचनमा ५% मत दलले पाउनु पर्दछ अन्यथा दर्ता खारेज गरिनु पर्दछ, <br>• जिल्लाहरुमा कम्तिमा १००० सदस्यता, <br>• एक लाख समर्थक हुनुपर्ने र संविधानको मर्म विपरित जान नपाइने, <br>• जनसंख्याको ४१% जनमत हुनु पर्ने, <br>• बीस प्रतिशत मत ल्याएको दल राष्ट्रिय पार्टी हुने, <br>• दश हजार जनताको हस्ताक्षर भएको, <br>• दल खोल्नका लागि कम्तीमा ५०० जना हुनुपर्ने, |

- दल खोल्न १० लाख जनताको दस्तखत आवश्यक छ,
- दल खोल्न २० हजारको आवश्यक पर्ने व्यवस्था गरिनु पर्छ,
- पन्ध्र लाखको हस्ताक्षर संकलन गर्नुपर्ने,
- पचास हजारको हस्ताक्षर हुनुपर्ने,
- अग्रगामी परिवर्तनलाई आत्मसात गर्ने संघ संस्था एवं राजनैतिक दल खोल्ने स्वतन्त्रता हुन पर्छ,
- पार्टीको नाम स्पष्ट हुनुपर्ने, विधान हुनुपर्ने, निश्कलङ्कित र कुनै किसिमको फौजदारी मुद्धा नलागेका प्रतिनिधिहरु हुनुपर्ने, पहिलो निर्वाचनमा खसेको मतको २५% मत ल्याएको हुनुपर्ने,
- राजनीतिक दलको विधान, घोषणापत्र र नियमावली लोकतान्त्रिक हुनुपर्छ,
- देशलाई विखण्डन गर्दैन भनेर १० हजार संगठित सदस्यले सहिछाप गरेको हुनुपर्छ,
- देशमा विद्रोह र आन्दोलन भैरहेको वेला थप पार्टी खोल्न नहुने,
- संघीय लोकतान्त्रिक गणतन्त्र प्रति प्रतिवद्ध हुनुपर्ने,
- राज्यमा कुनै हिंसात्मक घटना नगरेको हुनु पर्ने,
- समान राजनीतिक विचारधारा भएका, पूर्व मेची देखि पश्चिम महाकालीसम्मका जनताको हित चिताएको दल,
- पहिलो पटक निर्वाचनमा भाग लिदा प्राप्त मतको आधारमा मान्यता दिने,
- अराजक, हिंस्रक, देश विखण्डन गर्ने खाले दललाई अनुमति दिन नहुने,
- बाउन्न जनाको केन्द्रिय समिति र ५% जिल्लामा कमिटी गठन भएको हुनु पर्ने,
- निर्वाचन क्षेत्रको ५०% क्षेत्रमा उम्मेद्वारी दिएको,
- प्रान्तीय राज्यमा दर्ता गरी खोल्न पाइने र ५०००० हस्ताक्षर भएको,
- जाती, धर्म, भेगलाई लिएर दल खोल्न रोक लगाउनु पर्ने,
- केही समयको परीक्षण काल लगाई साना दललाई पनि मान्यता दिने,
- दल खोल्न चाहने सदस्यहरुको शैक्षिक योग्यता, राजनीतिशास्त्रमा स्नातकोत्तर गरेको हुनुपर्ने,
- एक लाख, ५ लाख धरौटी राखि वेइमानी गरे जफत हुने,
- दुई सय जनाको नाम भएको विधान हुनुपर्ने,
- वर्गीय चरित्र बोकेको दल,देश र जनताको पक्षमा काम गर्ने, राष्ट्रिय हितलाई ध्यानमा राख्ने दल दर्ता गरिनु पर्छ,
- जातीय वा विषेश सम्प्रदाय लक्षित दल हुन नहुने,
- दुई दलको प्रतिस्पर्धा उत्तम हुन्छ / दुईवटा मात्र दल हुनुपर्ने,
- प्रतिक्रान्तिकारी एवं यथास्थितिवादी प्रकृतिका दल वाहेक अन्य जनपक्षीय दलमात्र खोल्न पाइने,
- देश नटुक्रिने, बहुसंख्यक वर्गको हित गर्नुपर्ने शर्त,
- राष्ट्र र जनताको हितविपरीत पार्टी खोल्न नपाईने,
- अन्तरिम संविधानमा भएको व्यवस्था अनुसार हुनुपर्ने,
- राष्ट्र विखण्डन गर्ने किसिमका भूमिका निर्वाह गर्ने राजनीतिक दल प्रतिबन्ध हुनुपर्दछ,
- एउटा निश्चित आदर्शमा राजनीतिक दल खोल्नुपर्ने,
- दलका सदस्यहरु अनुशासित हुनुपर्दछ,
- पचास प्रतिशत महिला उम्मेदवार हुनुपर्ने,
- पाँच बर्षको एकपटक पदाधिकारीको निर्वाचन हुनुपर्ने,
- दल खोल्ने चाहना भएकाको साथमा १५ प्रतिशत जनसहभागिता हुनुपर्छ,
- जातीय, क्षेत्रीय, लिङ्गीय, वर्गीय, क्षेत्रीय उत्पीडित जनतालाई समावेस गर्न नसक्ने दल वा संगठन लाई संवैधानिक तहबाट अमान्य हुन सक्ने,
- लोकतान्त्रिक व्यवस्था र देशको सार्वभौमिकतामा प्रतिकूल असर नपर्ने गरी,
- जनताको सर्वोच्चता र संघीयता स्वीकार गर्ने दलहरु खोल्न पाउने,
- दल खोल्न १० हजार पार्टी सदस्य र १ लाख मतदाता हुनुपर्ने प्रावधान राखिनु पर्छ,
- पाँच लाख धरौटी र पार्टीगत चिन्ह तोकिनु पर्छ,
- केन्द्रले केन्द्रीय दल खोल्न कम्तीमा तीन दलको सिफारिस र प्रान्तमा क्षेत्रीय दल खोल्न १५ सय जनताको दस्तखत आवश्यक छ,
- निर्वाचनमा १० प्रतिशत मत नआए दल खारेज गरिनु पर्छ,
- जनतन्त्र र जनजीविकाको ग्यारेन्टी गर्नेलाई मात्र दल खोल्न दिनु पर्छ,
- दलहरु राष्ट्रिय स्वाधीनता, अखण्डता र देश निर्माणको पक्षमा छैनन् भने खारेजीको व्यवस्था गर्ने,
- दलमा प्रजातान्त्रिक परिपाटी देखिनु पर्ने,
- पहिलो पटक दल दर्ता गर्न पाउने, निर्वाचनमा १०% मत नल्याएमा दल खारेज गर्ने,
- दलको अल्पकालीन र दीर्घकालीन उद्देश्य स्पष्ट पार्नुपर्ने,
- महाधिवेशन भएको, केन्द्रीय तहदेखि स्थानीय तहसम्म कमिटी भएको हुनुपर्ने,
- सामन्तवाद, साम्राज्यवाद र विस्तारवादको विरोध गर्ने कुनै पनि समूहले दल खोल्न पाउने,
- सरकारी जागिर खाएका र भ्रष्टाचारको आरोप लागेका व्यक्तिले दल खोल्न नपाउने,
- दलाल पूँजीपतिको पक्षपोषक हुन नहुने,
- विश्वव्यापी मान्यता अनुरुपको शर्त पूरा गरी दल खोल्न सकिने,
- दल खोल्न यसका नेता स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने,
- दलीय स्वार्थ र कुर्सीको लागि लड्ने भन्दा देश र जनताको हित गर्नेले दल खोल्ने,

- पचास प्रतिशत जनताको हस्ताक्षर हुनुपर्ने,
- पाँच देखि बीस जिल्लासम्म जनाधार भएको,
- साम्यवादी शासन र वर्गविहीन राज्य बनाउने गरी दल खोल्न पाइने,
- हतियार भए विद्रोह गर्न पाउने ।

## १४. निर्वाचनको लागि दल दर्ता गर्ने विधि र प्रक्रिया

- अन्तरिम संविधानको धारा १४५ अनुसार नै हुनुपर्छ,
- हाल अन्तरिम संविधानमा ठीक छ, तर दश हजार हस्ताक्षरको व्यवस्था हटाउनु पर्दछ, हस्ताक्षरको व्यवस्था हुनुहुँदैन,
- राजनीतिक दल दर्ता गराउन कम्तीमा पाँच हजार हस्ताक्षर र ५०% महिलाको सहभागिता हुनै पर्दछ,
- संसद सचिवालयमा वा निर्वाचन आयोग वा गृहमन्त्रालयमा दर्ता हुनु पर्ने,
- विभिन्न नागरिकबाट कम्तीमा १०००, १५००, ५०००, १००००, २००००, २५०००, ५०००० र १००००० सम्मको हस्ताक्षर हुनुपर्ने सुझाव प्राप्त भएको,
- पहिले नै दर्ता हुनुपर्ने, चुनावको मुखमा दर्ता गरेर मान्यता नपाउने,
- पांच वर्ष अगाडि नै निर्वाचन आयोगमा दर्ता गरेको हुनुपर्ने,
- दर्ता गर्ने पार्टी नेताको सम्पत्तिको मूल्यांकन, राजनीतिक दलको स्वदेश र विदेशमा रहेको सम्पत्ति खुलाउनुपर्ने,
- दलको सदस्यसंख्या र प्रभाव, त्यसको संगठनात्मक संरचना र उदेश्य खुलेको हुनुपर्ने र अनुसन्धानबाट सांचो ठहरिनुपर्ने,
- राष्ट्रिय, क्षेत्रीय वा स्थानीय दल भनी वर्गीकरण गर्ने,
- जिल्ला तहमा पनि दर्ता गर्न सकिने,
- तेत्तीस प्रतिशत महिला हुनुपर्ने,नेता चरित्रवान हुनुपर्ने,
- लोकतान्त्रिक दलमात्र दर्ता हुन र मान्यता पाउन सक्ने,
- दश लाखको हस्ताक्षर र १० करोड राजस्व दाखिला गर्नुपर्ने,
- प्रति दलले ५० हजार धरौटी फिर्ता नहुने गरी राख्ने,
- कूल मतको १०%, कम्तीमा १/४ क्षेत्रबाट उमेद्वारी दिन सक्ने,
- कूल जनसंख्यको ४०% जनमत भएको दलले मात्र भाग लिन पाउने,
- दलको विधान, घोषणापत्र, नियमावली लोकतान्त्रिक हुनुपर्ने, दलको नाम र प्रधान कार्यालय रहने स्थान, कार्यकारिणी समितिको नाम र पदाधिकारी,
- दल खोलेर १० वर्षसम्म जनता माझ काम गरेका दललाई मात्र निर्वाचनमा भाग लिन दिने,
- सामन्तवाद, साम्राज्यवाद विरोधी रहेको आधारमा मात्र दर्ता गर्ने,
- राजनीतिक दलको विधान घोषणापत्र नियमावलीमा ५ वर्षमा निर्वाचन हुनुपर्ने,
- राष्ट्रलाई केन्द्रमा राख्ने दल हुनुपर्छ १५ हजार मतदाता भएको,
- दश हजार संगठित सदस्य भएको,
- दलको विधान लोकतान्त्रिक हुनुपर्ने, कम्तिमा पाँच वर्षमा पदाधिकारीको निर्वाचन हुनुपर्ने, जातीय, लैङ्गिक, उपेक्षित, उत्पीडित कार्यकारीणी समितिका सदस्य रहनुपर्ने,
- निर्वाचन घोषणा पत्रको आधारमा,
- दलको सदस्यता संख्या, यसको संगठनको प्रभाव क्षेत्र, त्यसको संगठनात्मक संरचना, उद्देश्य आदिको अवस्था हेरी दल दर्ता गरिनु पर्छ,
- विगत चुनावमा ५% मत प्राप्त गरेको,
- दल खोल्न, निर्वाचन आयोगले तोकेको मापदण्ड पूरागर्ने, राष्ट्रहित हो वा व्यक्तिगत स्वार्थ हो मूल्याङ्कन गर्ने, दलको सिमित संख्या तोक्ने,
- राजनीतिक दल खोल्नको लागि दलको विधान घोषणा पत्र र अधिवेशन आयोजक कमिटी सँगै साधारण सदस्यहरुको दस्तखत संकलन गरेको निर्वाचन आयोगमा दर्ताको लागि निवेदन दिनु पर्ने,
- एकपटक दल दर्ता गरे पुग्ने,
- जातीय, क्षेत्रीय, धार्मिक र भाषिक आधारमा दल दर्ता हुनुपर्ने,
- जातीय, लैंगिक, भाषिक, धार्मिक र क्षेत्रीयताको आधारमा पार्टी खोल्न नपाईने,
- राजनीतिक दलको आयश्रोत र सो जुटाउने श्रोतको विवरण,
- दलको विधान र कार्यकारिणी सदस्यको वायोडाटा पेश गरिनुपर्ने,
- निर्वाचन आयोगको विधि अनुसार,दल दर्ता गर्न १० प्रतिशत मतदाताको समर्थन हुनुपर्ने,
- राजनीतिक दलको विधानमा पार्टी प्रमुख दुई पटक भन्दा बढी हुन नपाईने,
- झण्डा, चिन्ह र नियमावली पेश गरेपछि,
- विधान, घोषणापत्र र नियमावली पेश गर्नु पर्ने,
- पाँच वर्षमा निर्वाचन, १० हजार मतदाताको हस्ताक्षर,
- १५% मत आएको दललाई मात्रै मान्यता दिने,
- केन्द्रमा १०,०००, राज्यमा ५००० सदस्य हुने,
- संघीय एकाईमा पार्टीहरु दर्ता गर्ने प्रावधान हुनुपर्ने,

## १५. दलहरुलाई समावेशी चरित्रको बनाउनका लागि गर्नु पर्ने व्यवस्था

- सबै तहमा जातीय, लैगिक, भाषाभाषी, महिला, उत्पीडित, मधेसी, सीमान्तीकृत, लोपोन्मुख, आर्थिक र आफ्नो पहिचान समेत गुमाउन लागेका समूहलाई समावेशी प्रकारले प्रतिनिधित्व गराउने,
- गाउं, नगर, इलाका, जिल्ला, केन्द्र, सबै तहमा न्यूनतम शैक्षिक योग्यता तोकिनुपर्ने, तर महिला र अन्य वर्गलाई यो लागू नगर्ने । वडाध्यक्ष कक्षा पाँच पास, गाविस अध्यक्ष कक्षा आठ पास, इलाका अध्यक्ष एस्. एल्. सी. पास, जिल्ला तहमा इन्टर पास, केन्द्रीय तहमा डिप्लोमा पास,
- कानूनको परीधिभित्र, संविधानमै उल्लेख गर्नुपर्ने,
- सम्पूर्ण जातजाति, भाषभाषी, लिंग आदिलाई समावेश गराउने, समावेशी नभए पार्टी खारेज गर्ने,
- विभिन्न वर्गबाट निश्चित संख्या पुगेको हुनुपर्ने,
- सत्तरी वर्षभन्दा बढीको नेता हुन नपाउने,
- राजनीतिक दललाई समानुपातिक आधारमा आर्थिक सहयोग हुनुपर्ने,
- अनुशासन, नैतिकता र मानव अधिकारको सम्मान साथ समावेशी,
- पछाडि परेका वर्ग, जाति, क्षेत्रलाई विशेष अवसरको व्यवस्था गरिएको हुनुपर्ने,
- निश्चित मात्रामा महिला, दलित, जनजाति, आदिवासी, अपांग, अल्पसंख्यक सबैको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने,
- हरेक जातिको जातीय आधारमा प्रतिनिधित्व हुनुपर्ने, पचास प्रतिशत महिला हुनुपर्ने,
- तेत्तीस प्रतिशत महिलाको सहभागीता हुनुपर्ने,
- पचास प्रतिशत महिला, १५% दलित, ५% मधेसी, १५% जनजाती र १५% अन्य जातीको समावेशी कार्यसमिति भएका हुनु पर्ने,
- घोषणापत्र अनुसार काम नगरे प्रतिबन्ध लगाउने व्यवस्था,हात हतियार बिना प्रचार प्रसार गर्न पाउने,
- राजनीतिक पार्टीलाई विभिन्न जात, जाति, भाषा, धर्म र लिङ्ग आदि समुदायको प्रतिनिधित्व गर्नु पर्दछ,
- राजनीतिक दल भित्र आरक्षणको व्यवस्था गर्दा अझ बढी समावेशी हुनेछ,
- हत्या, हिंसा र आन्दोलन गर्न नपाउने - समानुपातिक/विशेष अधिकार प्रयोग,
- जनउत्तरदायी रहेको स्थानीय तहबाट मत संकलन गरेर,
- विभिन्न कार्यकारी समितिमा महिला, दलित, उपेक्षित, उत्पीडित क्षेत्रका सदस्यहरु समावेश गर्ने,
- सबै जाती क्षेत्र भूगोल वर्ग समेटेर त्यही अनुरुपको पारदर्शी स्वच्छ चरित्रको बनाएको,
- हरेक जातको उम्मेद्वार हुनपर्ने, कम्तीमा एकजना महिला, दलित, जनजाती, पिछडिएका, आदिवासी, विपन्न र पहुँचमा नपुगेका समुदायलाई अनिवार्य सहभागी गराउनु पर्ने,
- समावेशी नभएको प्रमाणित भएमा घटिमा दुई वर्ष निर्वाचनमा भागलिन नपाउने व्यवस्था गर्ने,
- गाउँ, टोल, गा.वि.स. जिल्ला संघीय ईकाई, संघसम्मका तह र तप्काबाट समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनुपर्ने,
- प्रत्येक दलमा महिला, अपांग, दलित, सिमान्तकृत लगायत सबै वर्गको निश्चित प्रतिशतमा प्रतिनिधित्व हुने व्यवस्था गर्ने,
- उत्पीडित जाती, क्षेत्र, वर्ग, लिङ्गको समानुपातिक प्रतिनिधित्व आवश्यक छ,
- दल समावेशी होइन समानुपातिक बनाईनु पर्छ,
- पिक्षडिएको क्षेत्र, दलित, महिलाहरुको सम्पूर्ण क्षेत्रमा विशोष अधिकार हुनुपर्छ,
- दल समावेसी बनाउन ३३ प्रतिशत महिलाको दस्तखत अनिवार्य गर्ने,

## १६. दलको आयव्ययको पारदर्शिता र जनउत्तरदायी बनाउनका लागि गर्नुपर्ने व्यवस्था

- दलको आयव्ययको पारदर्शीता र जनउत्तरदायी बनाउनका लागि गर्नुपर्ने व्यवस्था आवश्यक छ/आवश्यक छैन,
- अन्तरिम संविधानको धारा १४२ को (२)को (ग) अनुसार,
- आम्दानी कहाँबाट ल्याए, के गरी ल्याए, कति छ, कस्तो किसिमको छ आदि कुरा जनतालाई पारदर्शी रुपमा जानकारी हुनुपर्छ, अवैध सम्पत्ति राष्ट्रियकरण हुनुपर्छ,
- महालेखा र जिल्लामा को.ले.नि.का.ले हेर्ने,
- हरेक वर्ष आय-व्यय विवरण श्रोत सहित सार्वजनिक गर्नु पर्छ । जनताले चाहेको खण्डमा जुनसुकै बेलापनि यस्ता विवरण उपलब्ध गराउने व्यवस्था राखिनु पर्छ,
- राजनीतिक दलका कार्यकर्ताको सम्पत्ति निश्चित दायराभन्दा बढी भएमा राज्यले लिने,
- निर्वाचन खर्च, संचानल खर्च आदिको अनिवार्य महालेखा परीक्षकबाट आय व्ययको हिसाव किताव पास गराउनु पर्ने, नगरिएकोलाई निर्वाचनमा भाग लिनबाट रोक लगाउनुको साथै दल खारेजीको व्यवस्था,
- प्रत्येक कार्यकर्तालाई आफ्नो तहको हिसाव पारदर्शी रुपमा राख्न लगाइनु पर्दछ त्यसको लेखा परीक्षणको व्यवस्था गर्नु पर्दछ,
- अनुगमन समितिको गठन र विशेष अदालतबाट छानविन हुन पर्छ,
- राष्ट्रपतिलाई अधिकार दिने हुनुपर्छ ।
- दलको खर्च राष्ट्रिय कोषबाट व्यहोर्ने र त्यसको सरकारी लेखापरीक्षण हुनुपर्ने
- राजनीतिक दल भन्दा माथी उठेका उद्योगपति, व्यापारी र विशिष्टता प्राप्त राजनीतिक दल प्रमुख, अन्य समर्थक शुभचिन्तक प्रति स्वच्छ भएका स्वच्छन्दताका साथ माथि उठी मुलुक र मुलुकको अगाडि आय/व्यय पारदर्शिता

| | |
|---|---|
| | जनताप्रति उत्तरदायी सुनिश्चितताको लागि संविधानमा स्पष्ट हुनुपर्ने,<br>• निर्वाचन आयोगले खडा गरेको आर्थिक अनुगमन उपसमितिले छानविन गरी निर्वाचन आयोगमा प्रतिवेदन पठाउनुपर्ने,<br>• दलहरुको आय-व्यय विवरण अनिवार्य रुपमा महालेखावाट लेखापरीक्षण गर्ने,<br>• दलले सरकार र जनता माझ आय-व्यय बुझाउनु पर्ने, वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने,<br>• दलले खर्च गर्ने सीमा तोक्ने, अपारदर्शि दललाई प्रतिवन्ध लगाउने,<br>• आय-व्याय जनप्रतिनिधि सभाबाट अनुमोदन हुनुपर्ने/सरकारलाई बुझाउनुपर्ने,<br>• आम्दानी खर्चको तीन तीन महिनामा, प्रत्येक वर्ष राष्ट्रिय दैनिक प्रत्रिकाबाट प्रकाशित गर्ने,<br>• संविधानमा आचार संहिता उल्लेख गरी त्यसलाई कडा संग लागू गर्नुपर्छ,<br>• राजनीतिक दललाई जनस्तरमा विकासको काममा लगाउने,<br>• राजनीतिक दलको पारदर्शीता र जनउत्तरदायित्व संविधानमा नै गर्ने,<br>• आर्थिक पारदर्शितालाई दलको न्यूनतम योग्यता मानिनु पर्छ,<br>• जनताको हितमा हुने गरी विधानमा किटानी भएको हुनु पर्ने,<br>• दलको आयव्यय संविधानमा किटान गर्ने,पारदर्शी हुनुपर्दछ,<br>• सत्ताधारी दलले कार्यपत्र तथा घोषणापत्र अनुसार कार्य नगरेमा न्यायालय जान पाउने अधिकार राख्नु पर्दछ,<br>• घोषणापत्र अनुसार काम नगर्ने सत्ताधारी पार्टी विरुद्ध न्यायालय जान पाउने अधिकार राख्नु पर्ने,<br>• सरकारमा गएको दल विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता गर्न पाउनु पर्ने,<br>• दलको निश्चित संख्या तोकेर कडा आचार संहिताको व्यवस्था गर्नु पर्ने,<br>• राजनीतक दलहरु स्वतन्त्र संगठन हुने भएकोले कुनै व्यवस्था राख्नु आवश्यक छैन,<br>• सार्वजनिक सुनवाई गर्ने, जनतावाट लेखाजोखा हुने पारदर्शी व्यवस्था हुनुपर्छ।,<br>• दलहरुको खर्च, बजेट, चुनाव खर्च लगाएतको सम्पूर्ण आय व्याय अनिवार्य बुझाउनु पर्छ,<br>• जति खर्च गरे पनि छुट दिनुपर्ने,<br>• दलको साथै राजनीतक नियुक्ति भएका व्यक्तिहरुको समेत सम्पत्ति जाँच गर्ने निकाय हुनुपर्ने,<br>• लेखा प्रणालीबाट पनि आयव्ययको पारदर्शीता गर्नुपर्ने,<br>• युथफोर्स, वाइसिएल, तरुणदललाई विघटन गर्नुपर्ने,<br>• जनता सहितको आयव्यय समिति गठन गर्ने, |
| **संकटकालीन व्यवस्था** | **१७. संकटकालीन व्यवस्था राख्नु पर्ने वा नपर्ने / कस्ले घोषणा गर्ने**<br>• संकटकालको व्यवस्था राख्न आवश्यक छैन,<br>• संकटकालको व्यवस्था राख्नुपर्दछ,<br>• मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले घोषणा गर्ने,<br>• घोषणा गर्ने अधिकार राष्ट्रपतिलाई दिनु पर्दछ, राष्ट्रपति र प्रधानमन्त्रीले, जनताले,संसदको निर्णयलाई राष्ट्रपतिले घोषणा गर्ने,<br>• संकटकालीन अधिकार प्रधानमन्त्रीलाई दिने,<br>• सेना प्रमुख, प्र.जि.अ.लाई अधिकार दिने,<br>• राष्ट्रपतिले सल्लाह गरेर, संकटकाल लगाउने,<br>• अवस्था हेरी संकटकाल लगाउने,<br>• संसदको दुइतिहाई मत प्राप्तगरी प्रधानमन्त्रीले संकटकालको घोषणा गर्नसक्ने,<br>• केन्द्री सरकारको सिफारिशमा राष्ट्रपतिले घोषणा गर्ने,<br>• संघीय राज्यका विभिन्न इकाईको सिफारिसमा राष्ट्र प्रमुखले अनुमोदन गरिने व्यवस्था हुनुपर्ने,<br>• राष्ट्रपति र प्रधानन्त्रीलाई दिने,<br>• संघीय प्रतिनिधिको बहुमतको निर्णयले राष्ट्रपतिले गर्ने,<br>• प्रतिनिधि सभाको दुई तिहाई बहुमतले,<br>• प्रादेशिक सरकारलाई,<br>• प्रान्त/राज्यमा राज्य/प्रान्तीय सरकारको सिफारिसमा केन्द्रीय राष्ट्र प्रमुख बाट,<br>• अवस्था हेरी प्रधानमन्त्री द्वारा लागू गर्ने,<br>• संसदको सिफारिसमा राष्ट्रपतिबाट गर्नुपर्छ,<br>• प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संकटकाल लगाउने,<br>• प्रधानमन्त्री/ मन्त्रिपरिषदको सिफारिसमा विधयिकाले संकटकाल लगाउने,<br>• राम्रो संविधान वनेमा संकटकाल घोषणा गर्नुपर्दैन,<br>• राष्ट्र प्रमुखले संसदको अनुमति र वहुमत सदस्यले स्विकृति दिएमा,<br>• व्यवस्थापिकाबाट मन्त्रीपरिषदमा पेश गर्ने र संकटकालको घोषणा गर्ने,<br>• सम्पूर्ण प्रान्त प्रमुखलाई दिने,<br>• संसदको सिफारिसमा मन्त्रीपरिषदले गर्ने,<br>• स्थानीय तहलाई संकटकाल घोषणा गर्न दिने, |

## १८. संकटकालीन अवस्था घोषणा गर्नसकिने अवस्थाहरु

- अन्तरिम संविधानकै अवस्था अनुसार,
- राष्ट्रिय प्राकृतिक प्रकोप, आर्थिक संकट, सुरक्षामा संकटको अवस्थामा,
- विशेष परिस्थिति सिर्जना भएमा,जातीय दंगा हुंदा,विद्रोह उत्पन्न भएमा,
- प्रकृतिक प्रकोप, राष्ट्रिय अखण्डतामाथि आंच, विदेशी सैनिक हस्तक्षेप,
- भूखमरी,गृह युद्धको समयमा,सीमा अतिक्रमण,दलीय अस्वस्थ प्रतिस्पर्धा भएमा,
- २०४७ को संविधान अनुसार,
- आपत्ति, महामारी र बाह्य हस्तक्षेपको बेलामा संकटकाल घोषणा गर्ने,
- सीमा अतिक्रमण, दैवी प्रकोप, अन्तर्राष्ट्रिय हस्तक्षेप, राज्य विखण्डित हुँदा संकटकाल लगाउन सकिने,
- सशस्त्र विद्रोह, आर्थिक विशृङ्खलताको अवस्थामा तीन महिनासम्म संकटकाल लगाउन सकिने,
- अपराधिक गिरोहले आतंक मच्चाएमा,जनतालाई काम गर्न अप्ठ्यारो परेको अवस्थामा,
- राष्ट्रको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतामा आँच आएमा, राष्ट्रिय सुरक्षामा खलल् पुग्न गएमा संकटकाल घोषणा गर्न सकिने ४८ घण्टासम्मका लागि संकटकाल,
- गृहयुद्ध, जातीय दङ्गा, धार्मिक तथा क्षेत्रीय दंगाको अवस्थामा,राष्ट्र संकटग्रस्त भएको कुनै पनि अवस्थामा,
- देशमा हत्या, हिंसा आतंक मच्चिएमा,प्रजातान्त्रिक व्यवस्थामा आँच आएमा,
- सैनिक हस्तक्षेप, प्रान्तहरु वीच भै-भगडा भएमा,
- देश विरोधी तत्वको चलखेल भएमा,
- आर्थिक संकट, कानूनी व्यवस्था भंग भएको, जातीय सदभाव बिग्रिएको, राष्ट्रमा रक्तपात भएको,
- जनतालाई असुरक्षाको महसूश भएमा र राज्यमा ठुलो संकट आइपरेमा,
- दैविक प्रकोप तथा महामारी भएमा,
- देशको राष्ट्रियता, अखण्डता, स्वतन्त्रतामा खलल पुगेमा,
- अराजकता, जातीय र क्षेत्रीय सदभाव खलबलिएमा, बिषम परिस्थितिमा,
- धर्मयुद्ध, जातिय युद्ध, भाषायुद्ध, सामाजिक सद्भावका विरुद्ध साम्प्रदायिक दंगा भएमा,
- राष्ट्रलाई धनजनको क्षती हुने अवस्थामा,
- जतिवेला शासक निरंकुश हुन्छ त्यसवेला शासकलाई सत्ताबाट भार्न संकटकाल लगाउनुपर्छ,
- साम्राज्यवादीको दमन हुन थालेमा मात्र संकटकाल लगाउन आवश्यक छ,
- सविधान अनुसार मुलुक चल्न नसकेमा,
- आतंकवाद हावी भएर, राष्ट्र असफल भएमा,
- अस्थीर सरकार भएमा, संगठित रुपमा देशद्रोही गर्ने गिरोहको अन्त्यको लागि ।

## १९. संकटकालको अवधि

- पहिलो तीन महिना, प्रतिनिधिसभाको दुईतिहाइ बहुमतले अनुमोदन गरेमा दोस्रो तीन महिनासम्म,
- आवश्यकता अनुसार, पाँच महिनासम्म, २०-३० दिनसम्म, १२ घण्टा, बढीमा दुई घण्टा, एक महिना बढिमा, तीन महिनासम्म, पाँच महिनासम्म, बढीमा छ महिना, एक वर्षसम्म, दुई वर्षसम्म, छ दिन मात्र,
- पन्ध्र दिनभित्र/ एक महिनाभित्र जनप्रतिनिधिसभाबाट अनुमोदन गराउनुपर्ने,
- बढीमा छ महिनासम्म घोषणा गरिनु पर्दछ तर व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्दछ,
- पहिले तीन महिना र आवश्यक भए थप गर्न सकिने,
- देशको अवस्था नसुध्रेसम्म संकटकाल जारी राख्ने,
- संकटकाल पहिला १०, दोश्रो पटक २० दिन, तेश्रो पटक ३० दिन,
- तिन/तिन महिना गरी बढीमा एक वर्ष सम्म,
- बढीमा छ महिनासम्म,
- पन्ध्र दिन देखी एक महिनासम्म लगाउने व्यवस्था,
- पाँच वर्ष सम्म लगाउनु पर्छ, बढीमा एक वर्षमा, एक देखि सात दिनसम्म, बढीमा दुई/तीन महिना सम्म, दुई महिना सम्म, आवश्यक्ता अनुसार,
- बिना सिफारिस एक महिना, संकटकाल अवस्था सामान्य नभएसम्म लगाई रहनु पर्छ,
- संकटकाल तीन/तीन महिनाको दरले एक वर्ष सम्म, १२ घण्टासम्म, छ महिनादेखि एक वर्षसम्म, बढीमा छ महिना घटीमा १५ दिन, अवस्था अनुसार जतिसुकै अवधिको लागि संकटकाल लगाउन सकिने, नौ महिनासम्म, बढीमा ७४ घण्टा मात्र ।

## २०. संकटकालीन अवस्थाको घोषणाको विधायिकी अनुमोदन सम्बन्धी व्यवस्था

- विधायिकी अनुमोदन आवश्यक पर्छ,
- विधायिकी अनुमोदन आवश्यक पर्दैन,
- अन्तरिम संविधान २०६३ को व्यवस्था ठीक छ,
- साधारण वहुमतका आधारमा,संघीय इकाई प्रमुखको अनुमोदन भए पुग्छ,

| | |
|---|---|
| | • बुद्धिजीवी, कुटनीतिज्ञ, राजनीतिक दलको सल्लाहमा वा अनुमोदन भएपछि मात्र,<br>• व्यवस्थापिकाबाट अनुमोदन गर्ने व्यवस्था तीन/तीन महिनामा हुनुपर्ने,<br>• संकटकाल लगाएको एक महिना भित्र जनप्रतिनिधि सभामा पेश गरी अनुमोदन गर्नुपर्ने,<br>• व्यवस्थापिका संसदको बहुमतबाट, तीन महिना भित्र दुई तिहाई बहुमतबाट,<br>• स्थानीय निकायलाई दिनुपर्दछ,<br>• संघीय व्यवस्थापिका संसदको दुई तिहाई बहुमतले तीन तीन महिनामा अनुमोदन,<br>• कानूनले व्यवस्था गरे अनुसार,<br>• संसद चलेको बेलामा संसदको स्वीकृति लिई, नचलेको बेलामा पछि अनुमोदन गराउने व्यवस्था मिलाउनु पर्ने,<br>• प्रान्तीय सदनबाट अनुमोदन गर्दै केन्द्रीय सदनले एक महिना मात्र,<br>• आवश्यकता अनुसार अनुमोदन गर्नुपर्छ,<br>• व्यवस्थापिकाको उपस्थित संख्याको दुई तिहाइ बहुमतले,<br>• संसदमा पास गरेर घोषणा गर्नुपर्ने, ३/३ महिनामा अनुमोदन गर्नुपर्ने,<br>• प्रतिनिधि सभा बसेको बेला तत्काल अनुमोदन गराउनु पर्ने,<br>• संकटकाल घोषणा भएको डेढ महिनापछि व्यवस्थापिका बैठक बोलाउने ।<br><br>**२१. संकटकालमा वन्देज लगाउन नसकिने मौलिक हकहरु**<br><br>• अन्तरिम संविधानकै व्यवस्था अनुसार,<br>• गास, बास, कपास, वाक स्वतन्त्रता आदि अत्यावश्यक कुरा,<br>• शिक्षा, स्वास्थ्य, रोजगार, आधारभूत आवश्यकता,<br>• समस्त मानव अधिकारका पक्षहरुः प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, सूचना एवं सञ्चारको हक, स्वास्थ्योपचारको हक आदि,<br>• आवत जावत र पेशामा बन्देज लाउन नपाइने,<br>• नागरिकलाई कुटपीट गर्न नपाइने, धेरै दिनसम्म थुन्न नपाइने,<br>• मानवअधिकारकर्मीले रिपोर्ट लिन पाउने,<br>• २०४७ को संविधान अनुसार,<br>• वाक स्वतन्त्रता, छापाखाना, सामाजिक सुरक्षा, व्यक्तिगत सम्पति आदि सुरक्षित गर्नु पर्दछ,<br>• स्वास्थ्य, शिक्षा र सूचनामा बन्देजमुक्त राख्नु पर्दछ,<br>• शिक्षा, स्वास्थ्य, खाद्यान्न, सूचना, पेशा व्यवसायमा नियन्त्रण नगर्ने,<br>• राजनीतिक दल खोल्ने, संघ-संस्था खोल्ने, वातावरण तथा स्वास्थ्य, संवैधानिक उपचारको हक,<br>• खाना खान पाउने, खाद्यान्न जम्मा गर्न छुट हुनु पर्ने,<br>• उपचारको हक, सूचनाको हक, मानव अधिकारको हक कायम राख्ने,<br>• मानव अधिकार, स्वतन्त्र रुपले हिड्डुल गर्न पाउने,<br>• खाना, नाना र छानाको हक सुरक्षित राख्ने,<br>• स्वतन्त्रताको हक, बन्दी प्रत्यक्षीकरण,<br>• दैनिक उपभोग्य वस्तु आयात,<br>• बाँच्न पाउने अधिकार,<br>• समानताको हक, संस्कृति तथा शिक्षा सम्बन्धि हक,<br>• धर्म सम्बन्धि हक,देश निकाला विरुद्धको हक,संवैधानिक उपचारको हक,<br>• पत्रकार, स्वास्थ्यकर्मी र बिरामी,<br>• निवारक नजरबन्दको हक,<br>• वाक र लेखन  स्वतन्त्रता सम्पत्ति बेचबिखन,<br>• चाडपर्व मनाउने, किनमेल गर्ने संवैधानिक हक,<br>• न्याय सम्बन्धी हक,यातना विरुद्धको हक,<br>• एम्बुलेस सेवा, बिवाह, पत्रकारिता, ओहोर दोहोर,<br>• वाक स्वतन्त्रता सुचना प्रकाशन,<br>• दैनिक उपभोग्य वस्तु र औषधी किनबेच गर्न पाउनु पर्छ,<br>• लेख्ने, पढ्ने, गास, वास, कपासमा संकटकाल लागु नहुने,<br>• बाँच्न र सूचना सम्प्रेशण गर्न पाउने,<br>• स्वतन्त्रताको हक, शिक्षा सम्वन्धी हक, न्याय पाउने हक,<br>• महिला, बालबालिका, सम्पत्तिको हक, यातना विरुद्धको हक । |
| **वाधा अड्काउ फुकाउने व्यवस्था** | **२२. वाधा अड्काउ फुकाउने व्यवस्था राख्नु पर्ने वा नपर्ने**<br><br>• वाधा अड्काउ फुकाउने व्यवस्था राख्नु पर्ने,<br>• वाधा अड्काउ फुकाउने व्यवस्था राख्नु नपर्ने । |

## २३. वाधा अड्काउ फुकाउने अधिकारको प्रयोग कस्ले कसरी गर्ने

- मन्त्रिपरिषदले सर्वोच्च अदालतको परामर्श लिएर गरेको निर्णय अनुसार राष्ट्रपतिद्वारा आदेश जारी गर्ने, व्यवस्थापिकाले अनुमोदन गर्ने,
- व्यवस्थापिकाको निर्णय अनुसार मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिद्वारा वाधा अड्काउ फुकाउने,
- कार्यकारी अधिकार सहितको राष्ट्रपतिद्वारा वाधा अड्काउ फुकाउने,
- मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने,
- हालको जस्तो ठीक छ,
- कार्यपालिकाको सिफारीसमा व्यवस्थापिकाले,
- सर्वोच्च अदालतको सिफारिसमा राष्ट्रपति बाट,
- राष्ट्रपतिबाट,जनताबाट,व्यवस्थापिका संसदबाट,
- जनप्रतिनिधिसभाको सिफारिशमा राष्ट्रपतिबाट,
- कार्यपालीकाको सिफारिसमा राष्ट्र प्रमुख बाट,
- साठी प्रतिशतभन्दा बढी प्रतिनिधिसभा सदस्यबाट,
- संवैधानिक समितिबाट, कानूनविद्बाट, न्याय प्रणालीको सर्वोच्च निकायबाट,
- मान्यताप्राप्त दलहरुको ९० प्रतिशतको सहमतिमा प्रधानमन्त्रीले,
- जन अनुमोदित तर सर्वोच्च अंगबाट उपयुक्त हुन्छ,
- जन प्रतिनिधिसभाको सिफारिशमा राष्ट्रपतिबाट वाधा अड्काउ फुकाउने अधिकारको व्यवस्था हुनु पर्दछ,
- जन अदालतको बहुमतबाट वाधा अड्काउ फुकाउन सकिन्छ,
- वाधा अड्काउ फुकाउने व्यवस्था राष्ट्रपतिबाट हुने व्यवस्था गर्ने,
- सम्बन्धित निकायबाट,
- वाधा अड्काउ फुकाउने अधिकार मन्त्रिपरिषदले प्रयोग गर्ने,
- मानव अधिकारवादी संघ-संस्था, नागरिक समाज र न्यायपरिषद्सँग परामर्श गरी मन्त्रिपरिषद्द्वारा,
- जिल्लाबाट र राष्ट्रपतिबाट,
- वाधा अड्काउ फुकाउन जनमत संग्रहबाट गर्नुपर्छ,
- मौलिक हक र अधिकार हनन् नहुने गरी वाधा अड्काउ फुकाउने व्यवस्था हुनु पर्छ,
- सरकारमा वहुमत ल्याउने राजनीतिक दल वा राष्ट्रपतिले वाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्ने,
- अदालतबाट वाधा अड्काउ फुकाउने,विधायकको दुई तिहाईबाट,
- संसदको विशेष समिति + मन्त्रिपरिषदले,
- स्थानीयस्तरबाट सरल तरिकाले वाधा, अड्काउ फुकाउन पाउने हुनुपर्छ,
- राष्ट्र प्रमुखबाट प्रधानमन्त्रिको सिफारिशमा वाधा अड्काउ फुकाउने,
- स्थानीय निकाय, प्रान्तीय संसद, संघीय संसद, नागरिक समाज मार्फत प्र.म. ले राष्ट्रपतिलाई प्रतिवेदन गरेपछि अवस्था हेरेर वाधा अड्काउ फुकाउने,
- केन्द्रीय सरकारबाट कानूनी परामर्शको आधारमा वाधा अड्काउ फुकाउने,
- मन्त्रिपरिषद् र सुरक्षा परिषद्को संयुक्त सिफारिशमा,
- राष्ट्रिय जनसभा र व्यवस्थापिकाको दुई तिहाईबाट,
- जननिर्वाचित प्रधामन्त्रिको सिफारीसमा राष्टपतिबाट,
- राजनीति अन्यौल आएमा वा कसैको ज्यान खतरामा परेमा,
- संसदको बहुमतले, न्यायलयबाट, राष्ट्र प्रमुखबाट, प्रधानमन्त्रीको बिशेषाधिकारबाट, व्यवस्थापिका संसदबाट, स्थानीय निकायबाट, प्रशासनबाट,
- प्रान्तीय सरकारको सिफारिसमा दुवै सदनबाट पारित गरी राष्ट्रपतिले,
- कार्यकारी प्रमुख वा मन्त्रिपरिषदले संसदको स्वीकृतमा,
- प्रतिनिधि सभाबाट बाधा अड्काउ फुकाउने कार्य गर्नुपर्छ,
- बिशेष संवैधानिक निकायबाट,
- राज्य सभाको सिफारिसमा राष्ट्रपतिबाट,
- प्रान्तीय सरकार प्रमुख र केन्द्रीय सरकारको सहभागितामा,
- सवै दलको सहमतिबाट फुकाउने,
- देशभरिका प्रान्त प्रमुखहरु र केन्द्रीय सरकारको सहमतिमा,
- प्रतिनिधि मुलक संघीय विद्यायिकाबाट,
- परिस्थिति मुताविक अगाडि बढ्न बाधा अड्काउ फुकाउने व्यवस्था गरिनुपर्छ,
- राष्ट्रपति र प्रधानमन्त्री दुवैले राष्ट्रलाई संवोधन गरेर,
- राष्ट्रपतिले सर्वोच्च न्यायलय संग सुझाव लिई वाधा अड्काउ फुकाउ गरिनुपर्दछ,
- तल्ला निकायको अनुमतिमा माथिल्लो निकायले,
- स्थानीय तहबाट,
- मन्त्रिपरिषदले बाधा अड्काउ फुकाउने र एक महिनाभित्र संसदले अनुमोदन गर्नुपर्ने,
- राष्ट्रपतिमा हुनुपर्ने र संसदको दुई तिहाइ बहुमतले अनुमोदन गर्नुपर्ने,
- प्रान्तीय एकाइबाट,जनताहरुबाट, सम्बन्धित निकायबाट, सुरक्षा निकायबाट ।

| | |
|---|---|
| **संक्रमण-कालीन व्यवस्था** | **२४. संक्रमणकालीन व्यवस्था कस्तो हुनु पर्ने**<br>• नयाँ सरकार गठन नभएसम्म पुरानै सरकारलाई निरन्तरता दिने, छ महिना देखि एक वर्ष भित्र चुनाव गरी सक्ने,<br>• संक्रमणकालीन कानूनको निर्माण गर्ने,<br>• अहिलेका सभासदलाई व्यवस्थापिकाको सदस्य बनाई थप दुई वर्ष राख्नुपर्ने,<br>• केही निश्चित समयसम्म पुरानोलाई समेत मान्यता प्रदान गरेर,<br>• जनप्रतिनिधि सभाको निर्वाचन नभएसम्म हाल कायम रहेको संविधान सभाले नै जनप्रतिनिधि सभाको काम गर्ने,<br>• संक्रमणकालीन अवस्थाको जानकारी सिङ्गो देशलाई गराउदै नयाँ युग, काल, नयाँ विधिको शासन संचालन भएको अवस्था जानकारी गराउदै राष्ट्रपतिद्वारा नयाँ संविधानको घोषणा गर्ने गराउने,<br>• संक्रमणकालीन व्यवस्थाको आवश्यकता छ तर कसरी गर्ने भन्ने बारे राजनीतिक सहमति हुनु पर्दछ,<br>• नयाँ संविधान जारी हुनासाथ तत्काल कायम भएको व्यवस्थापिका संसद विगठन हुने,<br>• अन्तरिम संविधानको व्यवस्था अनुसार,<br>• भारत र चीनको खुला सीमानामा रोक,<br>• संक्रमणकालीन व्यवस्थाले नयाँ बन्ने संविधानको सामान्य खाका देओस,<br>• कानूनविद्को राय लिने ,जनताको मत वा आवाज अनुसार,<br>• नयाँ संविधान अनुसार मन्त्रिपरिषद गठन नहुन्जेल पुरानो संविधान अनुसार निर्मित मन्त्रिपरिषद् नयाँ संविधान अनुसार गठन भए सरह मान्यता दिने,<br>• सबै दलको सहकार्यको राजनीतिद्वारा व्यवस्थित गर्नुपर्छ, देशलाई अप्ठ्यारो परेको अवस्थामा,<br>• छोटो संक्रमणकालीन व्यवस्था, सरल हुनु पर्छ,<br>• नयाँ संविधान अनुसार नयाँ सरकारले काम नगरेसम्म,<br>• पुरानो अवस्थाबाट नयाँ अवस्थामा जाँदा साना-ठूला दलहरुको वैठक बसी नीति तर्जुमा गर्ने,<br>• जनताको पिरमर्का तथा जनतालाई अप्ठ्यारो नपर्ने गरी,<br>• तटस्थ र जनउत्तरदायी,सबै दलको एकता भएर,जनमेण्डेट अनुसार मिलाउने,<br>• छोटो र स्पष्ट,समय अनुसारको,अत्यन्तै कडाई गर्नुपर्ला,<br>• नयाँ संविधान अनुसारको निर्वाचित राष्ट्रपति, उपराष्ट्रपति, संसद र सरकारलाई निरन्तरता दिनु पर्ने व्यवस्था गर्ने,<br>• नयाँ संविधान अनुसारको संवैधानिक अंग र इकाईको स्थापना नभएसम्म हाल कायम रहेको संवैधानिक अंग र इकाईहरुले नै काम गर्ने गरी व्यवस्था मिलाउने,<br>• नयाँ संविधान लागू हुँदाका वखत कायम रहेका ऐन कानूनहरु कायम रहने व्यवस्था गर्ने,<br>• नयाँ संविधानमा संक्रमणकालको स्पष्ट मिति तोक्नु पर्छ,<br>• दलीय सहमतिको आधारमा संक्रमणकालीन अवस्था लागू गर्नुपर्ला,<br>• यो अवस्था आफैमा संक्रमण भएको हुँदा सहज बनाउनु पर्छ,<br>• संक्रमणकालीन विशेष कानून पारित गरेर, वैचारिक संक्रमणकालीन व्यवस्था गर्ने,<br>• हत्या, हिंसा र आतंक नहुने खालको लचिलो हुनुपर्छ,<br>• सरकारमा बसेका दलहरु बीच सहकार्य गरी कुनैपनि मानवीय क्षति नहुने खालको,<br>• संवैधानिक निकाय र कार्यपालिकालाई पूर्ण जिम्मेवारी सहितको अधिकार दिने,<br>• संक्रमणकाल भरी कडा सुरक्षा व्यवस्था गरिनु पर्छ,<br>• पुरानो सरकारले छ महिनाभित्र चुनाव गराउनु पर्ने,<br>• नयाँ संविधानले काम नगरेसम्म पुरानो संविधानले काम गर्नु पर्ने,<br>• राष्ट्रलाई हित हुने व्यवस्था राख्नु पर्छ,<br>• आज भोलीकै संक्रमणकालीन अवस्था ठीक छ,<br>• विधिको साशनको प्रत्याभूति हुनु पर्छ ,संक्रमणकालीन व्यस्थाको अन्त गरिनु पर्छ,<br>• सामान्य व्यवस्था हुनुपर्छ,<br>• लोकतान्त्रिक ढंगले जनसहभागीताको आधारमा,<br>• सुरक्षीत हुनु पाउने अधिकार सहित,<br>• राष्ट्रपतिले घोषणा गरी नयाँ संविधान जारी गर्ने,<br>• राष्ट्रिय सहमति, मेलमिलाप, छलफल, वार्ता र शक्ति विन्द्रीकणको सिद्धान्तको आधारमा गर्नु पर्ला । |
| **उपाधि, सम्मान र विभुषण** | **२५. उपाधि, सम्मान र विभुषण दिने अधिकार कसलाई हुने**<br>• संघीय सरकारलाई, संघीय सरकारलाई मात्र, संघीय इकाईलाई, आवश्यकता हेरी दुबैलाई,<br>• संघीय सरकारले राष्ट्रिय व्यक्तित्वलाई र इकाईले अन्य व्यक्तित्वलाई,<br>• विशेष सम्मान केन्द्रबाट र अन्य सामान्य सम्मान संघीय इकाईबाट,<br>• संघीय राज्यस्तरको उपाधि, सम्मान र विभूषण संघीय राज्यले र इकाईस्तरको विभूषण आदि प्रान्तीय राज्यले,<br>• संघीय सरकारलाई दिनु पर्छ,<br>• संघीय इकाइको सिफारिशमा केन्द्रीय सरकारले दिनु पर्छ,<br>• राष्ट्रिय उपाधी सम्मान विभूषण केन्द्रले, प्रादेशिक उपाधी र सम्मान प्रदेशले दिने,<br>• केन्द्रीय सरकारको तर्फबाट राष्ट्रपतिद्वारा,<br>• केन्द्रीय, प्रान्तीय र स्थानीय सरकारलाई, |

| | |
|---|---|
| | • केन्द्रीयस्तरको उपाधि राष्ट्रप्रमुखबाट दिनुपर्ने,<br>• प्रान्तीय सरकारलाई दिने व्यवस्था गर्ने,<br>• अन्तर्राष्ट्रियस्तरको सम्मान केन्द्रीय सरकारले तथा राष्ट्रियस्तरको सम्मान प्रान्तीय सरकारले,<br>• देशभरीका प्रान्तीय प्रमुखहरुबाट उपाधी छनोट गरी केन्द्रले ठीक ठहराएमा राष्ट्रपतिबाट दिने व्यस्था गर्ने,<br>• आवश्यकता अनुसार,<br>• राष्ट्रकोतर्फबाट केन्द्रले र प्रान्तको तर्फबाट प्रान्तले आफै गर्ने,<br>• सम्मानको आधार आर्थिकस्तर अनुसार निर्धारण गरिनु पर्छ,<br>• केन्द्रीय र प्रान्तीय स्तरमा ख्याती कमाएका व्यक्तिहरुलाई मात्र सम्मान गरिनु पर्छ,<br>• प्रदेशको सिफारिसमा केन्द्रीय सरकारले गर्ने । |
| **संविधानको नाम** | **२६. भावी संविधानको नाम**<br><br>नेपालको संविधान, नेपाल राज्यको संविधान, नेपाल राष्ट्रको संविधान, नेपाल राष्ट्रको गणतान्त्रिक संविधान, पहिलो गणतान्त्रिक संविधान, लोकगणतन्त्र नेपालको संविधान, गणतान्त्रिक संविधान, गणतान्त्रिक समावेशी नेपालको संविधान, गणतान्त्रिक नेपाल राज्यको मूल कानून, गणतान्त्रिक नेपालको संविधान, गणतान्त्रिक नेपालको पहिलो संविधान, गणतन्त्र नेपालको संविधान, गणतन्त्र नेपालको पहिलो संविधान नेपाली जनताको गणतान्त्रिक संविधान, नेपालको मौलिक संविधान, लोकतान्त्रिक हिन्दु गणराज्यको राष्ट्रिय संविधान, नयाँ नेपालको संविधान,<br><br>संघीय समानुपातिक लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, संघीय नेपालको लोकतान्त्रिक संविधान, संघीय नयाँ नेपालको संविधान, संघीय जनमुखी संविधान, संघीय जनताको राष्ट्रिय गणतन्त्रको संविधान, संघीय जनगणतन्त्र नेपालको संविधान, संघीय प्रजातान्त्रिक संविधान, संघीय लोकतान्त्रिक, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सर्वहारा वर्गको संविधान, संघीय गणतन्त्र नेपालको संविधान, संघीय गणतन्त्र नेपालको जनसंविधान, संघीय गणतन्त्र नेपालको जननिर्मित संविधान, संघीय गणतन्त्र नेपालको ऐतिहासिक संविधान, नेपालको संघीय संविधान<br>नयाँ नेपालको संघीय गणतन्त्रात्मक संविधान, संघीय गणतान्त्रिक नेपालको संविधान,<br><br>जनसंविधान, जनसुधार संविधान, जनआन्दोलन संविधान, जनमुखी संविधान, जनवादी संविधान, जनपक्षीय संविधान, जनप्रिय नेपाली संविधान, जनतान्त्रिक संघीय संविधान, जनताको संघीय लोकतान्त्रिक राष्ट्रिय गणतान्त्रिक संविधान, जनताको आधुनिक संविधान, जनताको पहिलो संविधान, जनताको गणतान्त्रिक नयाँ संविधान, जनताको शासकीय संविधान, जनगणतान्त्रिक संविधान, जनगणतन्त्र नेपालको संविधान, जनप्रिय संविधान, जनकेन्द्रित संविधान, गणतान्त्रिक नेपालको समावेशी जनसंविधान, गणतान्त्रिक नेपालको जनसंविधान, जनताको दस्तावेज, जनगणतन्त्र नेपालको नमूना संविधान, नेपाली जनसंविधान, नेपालको जन संविधान, नेपालको जनराज्यको संविधान, नेपालको जनमुखी गणतन्त्रात्मक संविधान, नेपालको जनवादी संविधान, नेपालको जनगणतान्त्रिक संविधान, गणतन्त्र नेपालको जनसंविधान, राष्ट्रिय जनमुखी संविधान,<br><br>वहुदलीय लोकतान्त्रिक संविधान, पूर्ण लोकतान्त्रिक संविधान, लोकप्रिय संविधान, लोकतान्त्रिक संघीय नेपालको संविधान, लोकतान्त्रिक संविधान, लोकतान्त्रिक नेपालको संविधान, नेपालको प्रजातान्त्रिक संविधान, नेपालको लोकतान्त्रिक शान्ति संविधान, नेपालको एकीकृत गणराज्य संविधान, नेपालको गणतान्त्रिक संविधान, नेपाल गणराज्यको संविधान,<br><br>समावेशी संविधान, समावेशी नेपालको संविधान, समुन्नत नेपालको संविधान, सार्वभौम संविधान, सार्वभौमसत्ता सम्पन्न संविधान, सुनौलो संविधान, सुनौलो नेपालको संविधान, देश परिचालन नियमावली (पुस्तिका), देशको मूल कानून, आधुनिक संविधान, नेपाल र नेपालीको संविधान, नेपाल सरकारको वैधानिक कानून, नेपाल देशको जननिर्मित संविधान, नेपाल अधिराज्यको संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान, नेपाल अधिराज्यको संविधान, नेपाल अधिराज्यको गणतान्त्रिक संविधान, नेपाल शासन विधान, नेपाली संविधान, नेपाली आफैले लेखेको जनमुखी संविधान, नेपाली जनताको संविधान, नेपाली जनताको सर्वतोमुखी स्वतन्त्र संविधान, नेपालको मूल संविधान, नेपालको नयाँ संविधान, नेपालको वैधानिक संविधान, नेपालको वहुप्रतिष्ठित संविधान, नव ऐतिहासिक संविधान, नयाँ संविधान, नयाँ नेपालको संविधान, नयाँ नेपालको नयां संविधान, नयाँ गणतान्त्रिक संविधान, नयाँ गणतान्त्रिक नेपालको संविधान, गोर्खालीको संविधान, हाम्रो संविधान राम्रो संविधान, हाम्रो संविधान, शान्ति संविधान नेपाल, एकात्मक गणतान्त्रिक नेपालको संविधान, हिन्दु राज्य नेपालको संविधान, नेपालको छैटौं संविधान, लोक कल्याणकारी संविधान, भावी नेपालको संविधान, अजम्वरी संविधान, सर्वदलीय संविधान, नैतिक संविधान, राष्ट्रिय संविधान नेपाल, राष्ट्रिय नेपालीको साझा संविधान, स्वाभिमान नेपालको संविधान, राष्ट्रिय गणतन्त्र नेपालको संविधान, नेपालको राष्ट्रिय संविधान, रातो संविधान, हटाइयो राजा बनाइयो राष्ट्रपति ल्याइयो नयाँ नेपालको नयाँ संविधान, नेपाली जनताको भाग्य र भविष्यको ऐतिहासिक संविधान, अग्रगमनकारी संविधान, परिवर्तनकारी संविधान । मधेश, पहाड, हिमाल नेपालको संविधान, नेपालीको संविधान, लाल संविधान, महान नेपाली जनताको संघर्षको परिणामको संविधान, गरीब इमान्दार कर्मठ नेपाली जनताको विजयको संविधान, |
| **संविधान निर्माणसँग सम्बन्धित अन्य** | • कुनैपनि एकतन्त्रीय र हुकुमी शैलीलाई नअगाल्ने शासकीय पद्धति,<br>• शिक्षा, स्वास्थ्य, रोजगारीको प्रत्याभूति ,कृषि मैत्री, विउ वीजनको व्यवस्था,<br>• कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाको सन्तुलन र नियन्त्रण,<br>• दलित भनेर थिचोमिचो गर्न नपाइने,<br>• महिला विभेदको अन्त्य, |

**सुझावहरु**

- समाजवाद उन्मुख जनताको संघीय लोकतान्त्रिक राष्ट्रिय गणतन्त्रात्मक राज्य,
- लोकतन्त्र विदेशी शब्द भयो, प्रजातन्त्र भन्नुपर्ने,
- नेपालको इतिहासमा निरंकुशताका विरुद्ध राष्ट्रियता, जनतन्त्र र जनजीवीका पक्षमा भए गरेका जनआन्दोलन र जनयुद्धको उल्लेख गर्नु पर्ने,
- राष्ट्रियता - विदेश नीति - सुरक्षाको प्रत्याभूति,
- सामन्तवादको अन्त भएपनि सामन्तवादी अवशेषको पूर्ण रुपमा अन्त्य नभएकोले सो को अन्त्य गरिनु पर्ने भनी उल्लेख गर्ने,
- भ्रष्टचारमुक्त राज्य हुनु पर्ने,स्वच्छ, विभेदरहित समाजको निर्माण गर्नुपर्ने,
- अखण्ड भौगोलिक गणराज्य, नेपाल र नेपालीको संरक्षण हुनुपर्ने,
- ००७ साल ०४६ साल १० वर्षे युद्ध र १९ दिने जनआन्दोलनलाई सम्मान गर्ने,
- सवै जातजातीको समान अधिकार र भ्रष्टचारीहरुलाई दण्ड,
- पैतृक सम्पत्तिमा समान अधिकार, इच्छ्याइएको व्यक्तिलाई दिन पाउने,
- घुस खाने व्यक्तिलाई मृत्युदण्ड दिने र कर्मचारीहरु तोकेको समयमा भन्दा अगाडी आउनु पर्ने,
- नागरिकतामा तेश्रो लिङ्गि भन्ने शब्द,
- नेपाली पुरुषसँग विवाह गर्दा महिलालाई अङ्गिकृत नेपाली नागरिकता प्रदान गर्न नसकिने,
- टोलीले वितरण गरेको नागरिकता छानविन गर्ने,
- सभासद् प्रत्येक तीन महिनामा जिल्ला जाने,
- धनुषा र महोत्तरीको २/४ वटा गाउँमा मात्र केवट र मण्डल छन् त्यो समुदायलाई स्मरण गर्नुपर्छ,
- स्थानीय जनताले चाहेको, चलेका चलन चल्तिका मान्यतालाई प्राथमिकता दिने खालको,
- आधारभूत शिक्षा आर्जनको लागि मातृभाषामा पाठशाला खोल्ने, कक्षा १०+२ सम्म निःशुल्क अध्ययन गर्न पाउनु पर्ने,
- पछाडि परेको क्षेत्रलाई विकसित गराउन आर्थिक प्याकेज लैजाने, वर्गीय विभेदको अन्त्य,
- युवाको लागि आर्थिक सवलिकरण उल्लेख हुनु पर्ने,
- देशको ५०% बजेट स्थानीय निकायलाई दिने, महत्वपूर्ण उत्पादनका साधन राष्ट्रियकरण गर्ने,
- सुलभ यातायात गाँस, बास, कपासको सरकारले ग्यारेण्टी गर्ने,
- त्रुटिपूर्ण राज्यको ढाँचाको अन्त्य भएको,
- एक परिवार एक रोजगार, सुरक्षाको ग्यारेण्टी,
- शीप अनुसारको काम, काम अनुसारको ज्याला दिइनेछ भनेर उल्लेख गर्ने,
- समानुपातिक सहभागिता, भ्रष्टाचार नियन्त्रण, सुशासन, दरवार हत्याकाण्डको छानविन हुनेकुरा प्रस्तावनामा उल्लेख गरिनुपर्छ,
- पुरानो संस्कृतिको जगेर्ना र परिमार्जन गरिनेछ भनेर लेख्ने,
- बन्द, हड्ताल निषेध गरिनेछ भनेर प्रस्तावनामा उल्लेख गर्ने,
- सरकारी गैर सरकारी संस्थामा महिला, दलित, जनजाती अपाङ्गता भएका व्यक्तिहरुलाई संख्याको आधारमा दरबन्दी,
- विश्वभरी एउटै नापतौल निर्धारण, समान मुल्य निर्धारण, इन्धन पेट्रोलियम पदार्थको सहज आपूर्ति, शुद्ध खानेपानी, सस्तोमा नियमित विद्युत वितरण, बासमा कर लगाउन नपाईने, खाद्य बस्तुमा कर उठाउन नपाईने,
- जनजाती सुकुम्बासी कमैयाहरुको बारेमा संविधानमा लेखिनुपर्ने,
- कृषकलाई चाहिने मल, विउ विजन आदि सरकारले निशुल्क प्रदान गरिनुपर्ने,
- प्रदेश क्षेत्र, भूगोल, जाती, धर्म संस्कृति, भाषा लिपिको आधारमा अधिकार प्राप्त गर्ने,
- चेलीवेटी वेचविखन र बालबालिकाको अपहरण गर्नेलाई मृत्यूदण्ड, राष्ट्रघातिलाई फासीको सजाय,
- तीन तहका अदालत रहने कुरा,
- राजा रजौटाको नाम स्थापना गर्न आवश्यक छैन,
- सबै जात जाती, क्षेत्र धर्म लिङ्गको संघीयता आवश्यक छ,
- बाल विवाह , बहुवीवाह भेदभाव, छुवाछुत हटाउनु पर्ने,
- सामाजिक भेदभावलाई अपराध उल्लेख गरिनुपर्छ,
- अन्धविश्वास र गरिबी हटाइ देश विकास गर्नुपर्ने,
- कर्णालीका लागि विशेष कार्यक्रम हुनुपर्ने,कर्णाली अञ्चलका भूमिहीन गरीव किसानलाई विशेष अधिकार दिई वेरोजगारी समस्याको अन्त्य गर्नुपर्ने,
- इच्छा अनुसार काम र काम अनुसार ज्यालाको बन्दोवस्त हुनुपर्ने,
- बाल अधिकार, व्यवहारिक शिक्षा,२० वर्षको उमेरमा रोजगारीको ग्यारेन्टी हुनुपर्ने,
- मातृभाषाबाट आधारभूत शिक्षा प्रदान गर्नुपर्ने,
- १६ वर्षपछि सैनिकमा भर्ति हुन पाउनु पर्ने मानव अधिकार,
- देश संघीयतामा जान नहुने, एक मधेश प्रदेश हुन नहुने,
- धार्मिक रीतिरिवाज, चालचलन र जनसंख्याको आधारमा संघीय संरचना हुनुपर्ने,
- १० वर्षे जनयुद्धका घरपरिवार र बालबच्चालाई पठनपाठनको व्यवस्था राज्यबाट गर्नुपर्ने,
- एक मधेश एक प्रदेश हुनुपर्छ, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तोकिनुपर्ने,
- बन्द हड्ताल र जनतालाई दुःख दिने कुरामा बन्देज लगाउने,
- मठ मन्दिरमा वली पूजा गर्न रोक लगाउने ,
- उधोगी व्यवशायीको हक हित संरक्षण, दलालतथा नोकरशाही पूजीको अन्त्य गरी राष्ट्रिय पूजीको विकास,

| | |
|---|---|
| | • लोपोन्मुख जातीको संरक्षण,<br>• सैन्य तालिमको व्यवस्था र प्रविधिक शिक्षा,<br>• नेपाली सेनालाई मधेश सेना बनाउनु पर्ने,<br>• पचास प्रतिशत मधेशी हरेक अङ्गमा हुनु पर्ने,<br>• नागरिकता, भाषा, सुरक्षाको पुनर्संरचना,<br>• मिश्रित निर्वाचन प्रणाली,<br>• नेपालको एकीकरण पश्चात् निरंकुश एकतन्त्रीय शाह, राणा परिवारको हुकुमी शासन तथा प्रजातन्त्र प्राप्ति पश्चात पनि राजाबाट संविधान उपर बेला बेलामा गरिएका 'कु' का विरुद्ध नेपाली जनताको जनआन्दोलन,<br>• भूमि बैंकको स्थापना, सहकारी खेती,<br>• जीवन विमा,<br>• पुराना रीति रिवाज, लोकगीतको संरक्षण,<br>• पचास प्रतिशत महिलाका निम्ति आरक्षण,<br>• सबै जातजातीलाई सूचिकृत गर्ने,<br>• व्यक्तिगत सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने<br>• नेपाल कम्युनिष्ट व्यवस्था भएको देश हो,<br>• दण्डहीनताको अन्त्य, बृद्धावस्थाको सुरक्षा, हरेक नागरिकको प्रत्याभूति राज्यले दिनुपर्ने,<br>• चार वर्ण ३६ जातले आफनो थान्कोमा बस्नुपर्ने ,गौहत्या गर्नेलाई हत्याको सजाय हुने,<br>• गाउँमा जनसरकार गठन गर्ने कुरा,<br>• प्राचीन वस्तुहरु, मन्दिरहरुको र प्राकृतिक वातावरणको संरक्षण,<br>• शिक्षा, स्वास्थ्य र रोजगार मौलिक हक हुने कुरा,<br>• असमान सन्धि सम्झौता पुनरावलोकन,खारेज भएको कुरा,<br>• कसैले कसैलाई मार्छ भने उसलाई मृत्यु दण्डको व्यवस्था,शोषकहरुलाई कडा कार्वाहि गरिने कुरा ।<br>• जात जातीको नाममा राज्यको नाम राख्न नपाइने,<br>• युवा, वाल, वृद्ध, वयस्कको सम्मान ठूलालाई आदर सानालाई माया गर्ने मूल्य मान्यता स्थापना गर्ने समानुपातिक प्रतिनिधित्व,<br>• राज्यको पुनर्संरचना गर्ने कुरा,<br>• महिलालाई पचास प्रतिशत अधिकार,गाँस, बास, कपास, शिक्षा, स्वास्थ रोजगारी,<br>• विद्युत महशुल प्रति युनिट रु. १ /- हुनुपर्ने,<br>• खानेपानी निशुल्क हुनुपर्ने, इन्धन पेट्रोलियम पदार्थमा सहुलियत,विश्वभरी एउटै नापतौल निर्धारण,<br>• पश्चिमी छाडा संस्कृतिलाई निरुत्साहित गर्ने कुरा ।<br>• भ्रष्टाचारमुक्त सुशासनको प्रत्याभूति,समानुपातिक समावेशीकरण,<br>• शिक्षा स्वास्थजस्ता आधारभूत आवश्यकता,वाल शोषण गर्न नपाइने,<br>• नेपाली प्रथम राष्ट्रिय भाषा, अंग्रेजी दोस्रो भाषा । अरु भाषालाई पनि राष्ट्रिय भाषाको मान्यता ।<br>• पौराणिक संस्कार तोड्न नहुने,<br>• भ्रष्टाचार र ढीलासुस्ती निर्मुल पार्ने कुरा,<br>• गाँस, बास, कपासको सरकारले ग्यारेण्टी गर्ने,<br>• भेदभाव मुक्त समाज हुनुपर्ने,<br>• मुलुकको कुनैपनि भाग बिखण्डित हुने अवस्था भए संघीय सरकारले हस्तक्षेप गर्नुपर्ने व्यवस्था गर्ने ।<br>• नागरिक समाजको सहयोग लिएर राष्ट्रको परिभाषा गर्नुपर्छ, |

# अनुसूची-५
## समिति अन्तर्गत गठन भएका उपसमितिहरु

### १. मिति २०६५।९।७ को निर्णयबमोजिम गठित कार्यदल

**कार्यक्षेत्र** : संवैधानिक समितिको कार्यक्षेत्रको पहिचान, कार्यविवरणको निर्माण, समितिको बैठकको आन्तरिक कार्यविधि, कार्यतालिका निर्माण र समितिलाई आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

**कार्यदलमा रहनु भएका माननीय सदस्यहरु :**
१. मा. श्री नीलाम्वर आचार्य
२. मा. श्री अग्नी प्रसाद खरेल
३. मा. श्री खिमलाल देवकोटा
४. मा. श्री निलम बर्मा
५. मा. श्री रुक्मिणी चौधरी थारु

### २. अवधारणापत्र तयारीको सन्दर्भमा मिति २०६५।१०।१४ मा गठित उपसमितिहरु

**(क) प्रस्तावना उपसमिति**
**कार्यक्षेत्र :** प्रस्तावना
**उपसमितिमा रहनुभएका मा. सदस्यहरु :**
संयोजक मा. श्री खिमलाल देवकोटा
मा. श्री चन्द्रप्रकाश मैनाली
मा. श्री प्रकाशचन्द्र लोहनी
मा. श्री प्रेमबहादुर सिंह
मा. श्री भीमबहादुर रावल
मा. श्री रामचन्द्र पौडेल
मा. श्री रुपा विश्वकर्मा
मा. श्री बुद्धरत्न मानन्धर
मा. श्री हृदयेश त्रिपाठी

**(ख) सविधानको नाम उपसमिति**

**कार्यक्षेत्र:** संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु, संक्षिप्त नाम र प्रारम्भ ।
**उपसमितिमा रहनुभएका मा. सदस्यहरु :**
संयोजक मा. श्री सपना प्रधान मल्ल
मा. श्री विजयकुमार गच्छदार
मा. श्री विमलेन्द्र निधि
मा. श्री सुप्रभा घिमिरे
मा. श्री धर्मशीला चापागाईं
मा. श्री पदमबहादुर राई
मा. श्री गायत्री साह
मा. श्री पासाङ्ग शेर्पा
मा. श्री चित्रबहादुर के.सी.

**(ग) संविधान संशोधन उपसमिति**

**कार्यक्षेत्र :** संविधान संशोधन प्रक्रिया, संक्रमणकालीन व्यवस्था, परिभाषाको भाग ।
**उपसमितिमा रहने मा सदस्यहरु :**
संयोजक मा. श्री नीलम बर्मा
मा. श्री प्रकाशमान सिंह
मा. श्री विश्वेन्द्र पासवान
मा. श्री सूर्यमान दोङ्ग तामाङ्ग
मा. श्री सरला रेग्मी
मा. श्री छविलाल विश्वकर्मा
मा. श्री मालवरसिंह थापा

मा. श्री केशवप्रसाद मैनाली
मा. श्री शारदा झा
मा. श्री कल्पना राणा

**(घ) राजनीतिक दल र विविध उपसमिति**

**कार्यक्षेत्र :** राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था र विविध भागमा रहने व्यवस्थाहरु ।
**उपसमितिमा रहने मा सदस्यहरु :**
संयोजक मा. श्री नीलाम्बर आचार्य
मा. श्री खड्गबहादुर बस्याल (सार्की)
मा. श्री सुनिल प्रजापति
मा. श्री जयपुरी घर्ती
मा. श्री परी थापा
मा. श्री सुरेन्द्र पाण्डे
मा. श्री ज्वालाकुमारी साह
मा. श्री सदरुल मियाँ हक
मा. श्री लक्ष्मीलाल चौधरी

**(ङ) संकटकालीन व्यवस्था उपसमिति**

**कार्यक्षेत्र :** संकटकालीन अवस्थाको घोषणा र संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था ।
**उपसमितिमा रहने मा सदस्यहरु :**
संयोजक मा. श्री लक्ष्मणलाल कर्ण
मा. श्री रेनु चन्द भट्ट
मा. श्री रत्न शेरचन
मा. श्री महन्थ ठाकुर
मा. श्री अग्नीप्रसाद खरेल
मा. श्री शरत सिंह भण्डारी
मा. श्री रुक्मिणी चौधरी
मा. श्री हरिराज लिम्बू
मा. श्री सरिता गिरी

## ३. मिति २०६६।१।९ गते गठन भएको कार्यदल

**कार्यक्षेत्र:** माननीय सदस्यहरुबाट प्रश्नावली अध्ययन गरी तालिकीकरण फाराममा निचोड तयार गरी सचिवालयलाई उपलब्ध गराएको सुझावहरुलाई एकिकृत गरी एउटै प्रतिवेदन तयार गर्ने ।

**कार्यदलमा रहनु भएका माननीय सदस्यहरु:**
मा. श्री नीलाम्बर आचार्य
मा. श्री भीमबहादुर रावल
मा. श्री बर्षमान पुन अनन्त

## ४. मिति २०६६।५।१६ गते गठन भएको मस्यौदा उपसमिति

**उपसमितिको कार्यक्षेत्र :**
(१) संवैधानिक समितिको कार्यक्षेत्रभित्रका विषयहरुमा उपसमितिहरुले तयार पारेको अवधारणापत्रलाई समितिमा भएको छलफलका आधारमा परिमार्जन गरी अन्तिम रुप प्रदान गरी समितिमा पेश गर्ने ।
(२) समितिको कार्यक्षेत्रभित्रका विषयको आधारणापत्र बमोजिम व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार गरी समितिमा पेश गर्ने ।

**उपसमितिमा रहनुभएका माननीय सदस्यहरु**

| | | | |
|---|---|---|---|
| १) मा. श्री देवप्रसाद गुरुङ्ग | सदस्य | ७) मा. श्री अग्नीप्रसाद खरेल | सदस्य |
| २) मा. श्री वर्षमान पुन मगर | सदस्य | ८) मा. श्री सपना प्रधान मल्ल | सदस्य |
| ३) मा. श्री जयपुरी घर्तिमगर | सदस्य | ९) मा. श्री नीलम बर्मा | सदस्य |
| ४) मा. श्री खिमलाल देवकोटा | सदस्य | १०) मा. श्री उपेन्द्र यादव | सदस्य |
| ५) मा. श्री विमलेन्द्र निधि | सदस्य | ११) मा. श्री हृदयेश त्रिपाठी | सदस्य |
| ६) मा. श्री सुप्रभा घिमिरे | सदस्य | १२) मा. श्री लक्ष्मणलाल कर्ण | सदस्य |

| | |
|---|---|
| १३) मा. श्री चन्द्रप्रकाश मैनाली | सदस्य |
| १४) मा. श्री लोकेन्द्र बहादुर चन्द | सदस्य |
| १५) मा. श्री कल्पना राणा | सदस्य |
| १६) मा.श्री विश्वेन्द्र पासवान | सदस्य |
| १७) मा.श्री सदरुल मियाँ हक | सदस्य |
| १८) मा. श्री सुनिल प्रजापति | सदस्य |
| १९) मा. श्री चित्रबहादुर के.सी. | सदस्य |

# अनुसूची-६
## समितिमा आई आफ्नो राय सुझाव प्रस्तुत गर्ने राजनीतिक दलहरुको विवरण

| क्र.सं. | राजनीतिक दलको नाम | प्रस्तुती गरेको मिति | प्रस्तुतीको विषय |
|---|---|---|---|
| १ | राष्ट्रिय जनमोर्चा | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २ | नेपाल मजदुर किसान पार्टी | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ३. | नेपाल कम्युनिष्ट पार्टी ( संयुक्त) | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ४ | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २०६५।१२।१२ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ५ | राष्ट्रिय जनशक्ति पार्टी | २०६५।१२।१३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ६ | मधेशी जनअधिकार फोरम नेपाल | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ७ | नेपाली काँग्रेस | २०६५।१२।१८ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ८ | ने. क.पा. (माले) | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ९ | राष्ट्रिय प्रजातन्त्र पार्टी, | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १० | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| ११ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १२ | राष्ट्रिय जनमुक्ति पार्टी | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १३ | ने.क.पा. एकिकृत | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १४ | नेपाली जनता दल | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १५ | संघीय लोकतान्त्रिक रा.मञ्च | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १६ | तराई मधेश लोकतान्त्रिक पार्टी | २०६५।१२।२० | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १७ | सदभावना पार्टी | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |

| | | | |
|---|---|---|---|
| १८ | समाजवादी प्र. जनता पार्टी नेपाल, | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| १९ | चुरे भावर राष्ट्रिय एकता पार्टी | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २० | दलित जनजाती पार्टी | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २१ | नेपाल परिवार दल | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २२ | नेपाः राष्ट्रिय पार्टी | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २३ | नेपाल लोकतान्त्रिक समाजवादी दल | २०६५।१२।१९ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २४ | नेपाल सद्भावना पार्टी (आ.) | | |

## अनुसूची-७
## समितिमा आई राय सुझाव प्रदान गर्नुहुने विशेषज्ञहरु र संस्थाहरुको विवरण

| क्र.सं. | विशेषज्ञको नाम | प्रस्तुती गरेको मिति | प्रस्तुतीको विषय |
|---|---|---|---|
| १ | मा.न्या. श्री अनुपराज शर्मा, सर्वोच्च अदालत । | २०६५।१०।०७ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको अवधारणागत पक्ष |
| २ | मा.न्या. श्री कल्याण श्रेष्ठ, सर्वोच्च अदालत । | २०६५।१०।०७ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको अवधारणागत पक्ष |
| ३. | प्रा.डा. लोकराज बराल, | २०६५।१०।०७ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको अवधारणागत पक्ष |
| ४ | प्रा.कृष्ण खनाल, काठमाडौ । | २०६५।१०।०७ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको अवधारणागत पक्ष |
| ५ | प्रा.डा. शान्ता थपलीया, मानभवन, ललितपुर । | २०६५।१०।१२ | भावी संविधानमा लैङ्गिक सवाल सम्बोधन गर्न ध्यान दिनुपर्ने आधारभुत विषयहरु र सो को प्रत्याभूतिको संयन्त्र । |
| ६ | वरिष्ठ अधिवक्ता श्री महादेव यादव, काठमाडौं । | २०६५।१०।१२ | भावी संविधानमा दलित, सीमान्तकृत र अल्पसंख्यकका सवालहरुलाई सम्बोधन गर्न ध्यान दिनुपर्ने आधारभूत विषयहरु र सो को प्रत्याभूतिको संयन्त्र |
| ७ | अधिवक्ता श्री टेकराम ताम्राकार | २०६५।१०।१२ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणापत्र तयार गर्नु पर्ने विषयहरुको अवधारणा पत्र तयार गर्दा ध्यान दिनु पर्ने कुराहरु |
| ८ | श्री लक्ष्मणप्रसाद अर्याल, पूर्व न्यायाधीश, सर्वोच्च अदालत । | २०६५।१०।१३ | नेपालको संवैधानिक इतिहास र संविधान निर्माणमा हाम्रो अनुभवको परिप्रेक्ष्यमा भावी संविधानका आधारभुत सिद्धान्तहरु र अवधारणागत विषयहरु |
| ९ | राजनीतिज्ञ श्री भरतमोहन अधिकारी, ने.क.पा.(एमाले) । | २०६५।१०।१३ | नेपालको संवैधानिक इतिहास र संविधान निर्माणमा हाम्रो अनुभवको परिप्रेक्ष्यमा भावी संविधानका आधारभुत सिद्धान्तहरु र अवधारणागत विषयहरु |
| १० | श्री सूर्यनाथ उपाध्याय, पूर्व प्रमुख आयुक्त, अ.दु.अ.आ. । | २०६५।१०।१३ | नेपालको संवैधानिक इतिहास र संविधान निर्माणमा हाम्रो अनुभवको परिप्रेक्ष्यमा भावी संविधानका आधारभुत सिद्धान्तहरु र अवधारणागत विषयहरु |
| ११ | श्री कृष्ण वेलवासे, क्याम्पस प्रमुख, नेपाल ल क्याम्पस । | २०६५।१०।१७ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, संघीय स्वरुपको संविधानमा संविधान संशोधन प्रकृया, संविधानमा आधारभूत संरचनाको सिद्धान्तको सान्दर्भिकता र औचित्यता |
| १२ | श्री काशीराज दाहाल, अध्यक्ष, प्रशासकीय अदालत । | २०६५।१०।१७ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, संविधानमा रहनुपर्ने राजनीतिक दल सम्बन्धी व्यवस्था, संविधानको विविध भागमा रहने विषयहरु |
| १३ | डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल, संविधानविद । | २०६५।१०।१७ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, संविधानको प्रस्तावना र संविधानको व्याख्याको सन्दर्भमा यसको उपयोगिता, संविधानमा रहनुपर्ने बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था र संकटकालीन अवस्थाको घोषणा सम्बन्धी व्यवस्थाका |
| १४ | मा.न्या. श्री रामकुमार प्रसाद शाह, सर्वोच्च अदालत । | २०६५।१०।२३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, प्रस्तावना र संविधानको व्याख्याको सन्दर्भमा यसको उपयोगिता र संविधान संशोधन सम्बन्धी व्यवस्था |
| १५ | डा. देवेन्द्रराज पाण्डे, नागरिक समाजका अगुवा, काठमाडौ । | २०६५।१०।२३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु र राजनैतिक दल सम्बन्धी व्यवस्था |
| १६ | वरिष्ठ अधिवक्ता श्री विश्वकान्त मैनाली, अध्यक्ष, नेपाल बार एशोसियशन । | २०६५।१०।२३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, संकटकालीन अवस्थाको घोषणा सम्बन्धी व्यवस्था र बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था |
| १७ | नागरिक समाजबाट डा. अर्जुन कार्की । | २०६५।१०।२६ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु र राजनैतिक दल सम्बन्धी व्यवस्था |
| १८ | पूर्व अध्यक्ष, श्री शम्भु थापा, नेपाल बार एसोसियशन | २०६५।१०।२६ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, प्रस्तावना र संविधानको व्याख्याको सन्दर्भमा यसको उपयोगिता र संकटकालीन अवस्थाको घोषणा सम्बन्धी व्यवस्था |
| १९ | सविंधानविद् श्री लुमा सिंह विश्वकर्मा | २०६५।१०।२६ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र |

| | | | |
|---|---|---|---|
| | | | सिद्धान्तहरु, संविधान संशोधान सम्बन्धी व्यवस्था र वाधा अडकाउ फुकाउने व्यवस्था |
| २० | मा.न्या.श्री सुशिला कार्की सर्वोच्च अदालत । | २०६५।१०।२८ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, प्रस्तावना र संविधानको व्याख्याको सन्दर्भमा यसको उपयोगिता र संविधान संशोधन सम्बन्धी व्यवस्था |
| २१ | मानवअधिकारवादी श्री सुशिल प्याकुरेल | २०६५।१०।२८ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, संकटकालीन अवस्थाको घोषणा सम्बन्धी व्यवस्था र राजनैतिक दल सम्बन्धी व्यवस्था |
| २२ | राजनीतिशास्त्री प्रा.मोहम्मद हबिबुल्लाह | २०६५।१०।२८ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानमा सीमान्तकृत र अल्पसंख्यकका सवालहरुलाई सम्वोधन गर्न ध्यानदिनु पर्ने आधारभुत विषयहरु र सो को प्रत्याभुतिको संयन्त्र र राजनैतिक दल सम्वन्धी व्यवस्था |
| २३ | नागरिक समाजका डा.मथुराप्रसाद श्रेष्ठ | २०६५।१०।२८ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, र राजनैतिक दल सम्बन्धी व्यवस्था |
| २४. | नेपाल उद्योग परिसंघ | २०६५।१२।२३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २५ | घरेलु तथा साना उद्योग महासंघ | २०६५।१२।२३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २६ | नेपाल बार एशोसिएसन | २०६५।१२।२३ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेट्नु पर्ने अवधारणा |
| २७ | अन्तरपार्टी महिला सञ्जाल | २०६५।१२।३० | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणा |
| २८ | नेपाल आदीवासी जनजाती महासंघ | २०६५।१२।३० | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणा |
| २९ | नेपाल प्राध्यापक संघ | २०६५।१२।३० | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणा |
| ३० | नेपाल शिक्षक युनियन | २०६५।१२।३० | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणा |
| ३१ | नेपाल पत्रकार महासंघका अध्यक्ष श्री धर्मेन्द्र झा | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |
| ३२ | श्री नूतन थपलिया | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |
| ३३ | प्राध्यापक श्री चैतन्य मिश्र | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |
| ३४ | संविधानविद श्री पूर्णमान शाक्य | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |
| ३५ | नागरिक समाजका अगुवा श्री कृष्ण पहाडी | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |
| ३६ | नागरिक समाजका अगुवा श्री श्याम श्रेष्ठ | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |
| ३७ | अधिवक्ता श्री ललित ब. बस्नेत | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा |

## अनुसूची-८
## संविधानसभा, संवैधानिक समितिको सचिवालयसंग आबद्ध पदाधिकारी तथा कर्मचारीहरुको विवरण

**संविधानसभा**

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सम्माननीय श्री सुवासचन्द्र नेम्वाङ्ग | अध्यक्ष | |
| २. | माननीय श्री पूर्णकुमारी सुवेदी | उपाध्यक्ष | |

**संवैधानिक समिति**

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय श्री माधवकुमार नेपाल | सभापति | २०६६।२।९ सम्म |
| २. | माननीय श्री नीलाम्बर आचार्य | सभापति | २०६६।५।१२ देखि |

**संविधानसभा सचिवालय**

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री मनोहरप्रसाद भट्टराई | कार्यवाहक महासचिव | |
| २. | श्री कृष्णप्रसाद पाण्डे | सचिवालय सचिव | |

**संवैधानिक समितिको सचिवालयमा कार्यरत कर्मचारीहरु**

| क्र.सं. | नाम थर | दर्जा | कैफियत |
|---|---|---|---|
| १ | श्री टेकप्रसाद ढुङ्गाना | समिति सचिव (सहसचिव) | |
| २ | श्री वासुदेव उप्रेती | उपसचिव (कानून) | |
| ३ | श्री कोमलप्रसाद आचार्य | उपसचिव (कानून) | |
| ४ | श्री टीकाराम आचार्य | उपसचिव (न्याय) | |
| ५ | श्री रमेश मैनाली | उपसचिव (प्रशासन) | |
| ६ | श्री जयप्रसाद पौडेल | शाखा अधिकृत (कानून) | |
| ७ | श्री डिल्लीराम चम्लागाईं | ना.सु. | |
| ८ | श्री धनिश्वर अर्याल | ना.सु. | |
| ९ | श्री दिपक दाहाल | कम्प्युटर अपरेटर | |
| १० | श्री बिनोद पौडेल | कम्प्युटर अपरेटर | २०६६ पौषदेखि |
| १० | श्री केशवराज भट्टराई | ओ.सी. | |
| ११ | श्री मुकुन्दबहादुर खत्री | प्रा.स. | |
| १२ | श्री जीवन निरौला | क.अ. | |
| १३ | श्री रामहरि पोखरेल | ना.टे.स. | |
| १४ | श्री नवराज शर्मा | खरिदार | |
| १५ | श्री केशवबहादुर कार्की | ना.मा.स.(माइक) | |
| १६ | श्री लेखनाथ न्यौपाने | प्रा.स.(माइक) | |
| १७ | श्री राजाराम थापा | ह.स.चा. | |
| १८ | श्री श्रीजन खनाल | का.स.(बैठके) | २०६५ चैत्रसम्म |
| १९ | श्री सीता कार्की | का.स. | २०६६ भाद्रसम्म |
| २० | श्री केशव तिमल्सेना | का.स. | २०६६ श्रावणदेखि |
| २१ | श्री बिन्दु खत्री | का.स. | २०६६ श्रावणदेखि |

**मुद्रण शाखाका कर्मचारीहरु :**

| क्र.सं. | नाम थर | दर्जा | कैफियत |
|---|---|---|---|
| १ | श्री पुष्पमुनी बज्राचार्य | प्र.मु.अ. | |
| २ | श्री जगदिश्वरलाल श्रेष्ठ | मु.अ. | |
| ३ | श्री प्रेमलाल तण्डुकार | मु.अ. | |
| ४ | श्री सागरकुमार तुलाधर | मु.अ. | |
| ५ | श्री दिपकप्रसाद न्यौपाने | सि.प्रे.टे. | |
| ६ | श्री गम्भीरमान सिंह | सि.प्रे.टे. | |
| ७ | श्री राजेन्द्रप्रसाद लामिछाने | सि.प्रे.टे. | |
| ९ | श्री प्रेमबहादुर चन्द | प्रे.टे. | |
| ८ | श्री रमेश वासुकला | प्रे.टे. | |
| १० | श्री मदन गिरी | का.स. | |

## अनुसूची -९
## समितिका हालसम्मका बैठक र सो को कार्यसूची

| बैठक संख्या | मिति | कार्यसूची |
|---|---|---|
| १ | २०६५।९।१ | सपथ ग्रहण, समितिको कार्यविवरण र कार्यतालिका निर्माण गर्ने विधिबारे छलफल |
| २ | २०६५।९।६ | समितिको कार्यक्षेत्रको पहिचान, समितिको कार्यविवरण र कार्यतालिका निर्माण तथा समितिको आन्तरिक कार्यविधि निर्माण बारे छलफल |
| ३ | २०६५।९।७ | समितिको कार्यक्षेत्र, कार्यविवरण र कार्यतालिका निर्माण गर्न कार्यदल वा उपसमिति गठनको आवश्यकता बारे छलफल |
| ४ | २०६५।९।११ | कार्यदलले समितिमा प्रतिवेदन पेश गर्ने र सो उपर छलफल प्रारम्भ हुने |
| ५ | २०६५।९।१४ | कार्यदलको प्रतिवेदनमाथि छलफल |
| ६ | २०६५।९।१६ | कार्यदलको प्रतिवेदनमाथि छलफल जारी |
| ७ | २०६५।९।१७ | समितिको कार्यक्षेत्रको पहिचान, समितिको कार्यविवरण र कार्यतालिका निर्माण तथा समितिको आन्तरिक कार्यविधि लगायतका दस्तावेजहरुलाई अन्तिम रुप प्रदान गर्ने |
| ८ | २०६५।९।२० | समितिको कार्यक्षेत्र भित्रका विषयमा अवधारणागत छलफल प्रारम्भ गर्ने |
| ९ | २०६५।९।२२ | समितिमा विशेषज्ञ, राजनीतिक दलहरु र सरोकारवालालाई आमन्त्रण गरी राय परामर्श लिने प्रक्रिया बारे छलफल |
| १० | २०६५।९।२६ | संविधान, यसको प्रकृति, संविधानमा अन्तर्निहित हुने सिद्धान्तहरु लगायतका आधारभुत विषयमा मा. श्री नीलाम्वर आचार्य, मा. श्री सपना प्रधान मल्ल मा. श्री खिमलाल देवकोटा र मा. अग्नी प्रसाद खरेलबाट समितिमा प्रस्तुती |
| ११ | २०६५।९।२९ (विहान) | समितिका सभापतिको निर्वाचन |
| १२ | २०६५।९।२९ (दिउसो) | नव निर्वाचित सभापतिलाई बधाई एवं शुभकामना, समितिको भावी बैठकको मिति र कार्यसूची निर्धारण । |
| १३ | २०६५।१०।४ | उपसमिति गठनको प्रयोजनको लागि समितिको कार्यक्षेत्र भित्रका विषयहरुको विभाजन |
| १४ | २०६५।१०।७ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको सम्बन्धमा विज्ञहरुसंग परामर्श |
| १५ | २०६५।१०।१२ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको सम्बन्धमा विज्ञहरुसंग परामर्श |
| १६ | २०६५।१०।१३ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको सम्बन्धमा विज्ञहरुसंग परामर्श |
| १७ | २०६५।१०।१४ | समितिको कार्यक्षेत्रभित्रका विषयहरुमा अवधारणापत्र तयार गरी समिति समक्ष प्रतिवेदन पेश गर्न कार्यक्षेत्र र कार्यावधि तोकी उपसमिति गठन |
| १८ | २०६५।१०।१७ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको सम्बन्धमा विज्ञहरुसंग परामर्श |
| १९ | २०६५।१०।२३ | " " र समितिको प्रश्नावली पारित गर्ने । |
| २० | २०६५।१०।२६ | भावी संविधानका आधारभुत सिद्धान्तहरु र संवैधानिक समितिले अवधारणा पत्र तयार गर्नुपर्ने विषयहरुको सम्बन्धमा विज्ञहरुसंग परामर्श |
| २१ | २०६५।१०।२८ | " " |
| २२ | २०६५।११।१५ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणाको सम्बन्धमा विभिन्न राजनीतिक दलहरुबाट समितिमा आ-आफ्नो दलिय धारणा प्रस्तुत हुने । |
| २३ | २०६५।१२।११ | समितिको कार्यक्रम निर्धारण |
| २४ | २०६५।१२।१२ | भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणाको सम्बन्धमा सम्माननीय प्रधानमन्त्री एवं एकिकृत ने.क.पा. माओवादीका अध्यक्षबाट आफ्नो दलको अवधारणा प्रस्तुत हुने । |
| २५ | २०६५।१२।१३ | राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष तथा मधेशी जनअधिकार फोरम नेपालका अध्यक्षबाट भावी संविधानको सम्बन्धमा आफ्नो दलको अवधारणा प्रस्तुत हुने । |
| २६ | २०६५।१२।१८ | नेपाली कँग्रेस, ने.क.पा. (माले), राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्षबाट भावी संविधानको सम्बन्धमा आफ्नो दलको अवधारणा प्रस्तुत हुने । |
| २७ | २०६५।१२।१९ | नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय जनमुक्ति पार्टी, ने.क.पा. एकिकृत, नेपाली जनता दल संघीय लोकतान्त्रिक रा.मंञ्चका अध्यक्षबाट भावी संविधानको सम्बन्धमा आफ्नो दलको अवधारणा प्रस्तुत हुने । |

| | | |
|---|---|---|
| २८ | २०६५।१२।२० | मधेश लोकतान्त्रिक पार्टी, सदभावना पार्टी, समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल, चुरे भावर राष्ट्रिय एकता पार्टी, दलित जनजाती पार्टी, नेपाल परिवार दल, नेपाः राष्ट्रिय पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी अध्यक्षबाट भावी संविधानको सम्बन्धमा आफ्नो दलको अवधारणा प्रस्तुत हुने । |
| २९ | २०६५।१२।२३ | (१) विभिन्न छ वटा संस्थाहरु नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसियसन, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, चेम्वर अफ कमर्श र घरेलु तथा साना उद्योग महासंघले भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणाको सम्बन्धमा समितिमा आ-आफ्नो संस्थागत धारणा प्रस्तुत गर्ने<br>(२) संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा अवधारणा पत्र सम्बन्धी प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरी समितिमा पेश गर्न मिति २०६५।१०।१४ मा गठित विभिन्न पाँचवटा उपसमितिहरुले आ-आफ्नो प्रतिवेदन पेश गर्ने । |
| ३० | २०६५।१२।३० | (१) अन्तरपार्टी महिला सञ्जाल, नेपाल आदीवासी जनजाती महासंघ, नेपाल प्राध्यापक संघ र नेपाल शिक्षक युनियनले भावी संविधानले आत्मसात गर्नुपर्ने आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरु, भावी संविधानको समग्र संरचना र संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समेटनु पर्ने अवधारणाको सम्बन्धमा समितिमा आ-आफ्नो संस्थागत धारणा प्रस्तुत गर्ने<br>(२) विविध |
| ३१ | २०६६।१।३ | जनमत संकलनको लागि खटिएका ४० वटा टोलीहरुबाट सम्माननीय अध्यक्ष मार्फत समितिलाई दिएको प्रतिवेदन र प्रश्नावलीहरुको समितिले अध्ययन र विश्लेषण गर्ने प्रक्रियाबारे छलफल जारी । |
| ३२ | २०६६।१।५ | प्रश्नावलीहरुबाट प्राप्त सझावहरुको माननीय सदस्यहरुले अध्ययन र विश्लेषण गरी तालिकीकरण गर्ने प्रयोजनको लागि समितिको निर्णयानुसार सचिवालयले पेश गरेको फाराम बारे निर्णय गर्ने । |
| ३३ | २०६६।१।९ | १. प्रश्नावलीहरु अध्ययन गरी माननीय सदस्यहरुबाट प्राप्त तालिकीकरण फारामको स्थिति र सचिवालयबाट सबै फारामहरु एकिकरण गरी एकिकृत प्रतिवेदन तयार गर्ने कार्यको प्रगति समीक्षा ।<br>२. संवैधानिक समितिले आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा पत्र सम्बन्धमा संविधानसभामा पेश गरिने प्रतिवेदनको संरचना र त्यसमा समावेश गर्नुपर्ने अन्तरवस्तुहरुको विवरण बारे छलफल |
| ३४ | २०६६।१।१६ | माननीय सदस्यहरुबाट प्रश्नावली अध्ययन गरी तालिकीकरण फाराममा निचोड तयार गरी सचिवालयलाई उपलब्ध गराएका आमनागरिकका राय सुझावहरुलाई एकिकरण गरी एउटै प्रतिवेदन तयार गरी समितिमा पेश गर्न गठित कार्यदलका संयोजक मा.श्री नीलाम्बर आचार्यले कार्यदलको प्रतिवेदन पेश गर्नु हुने । |
| ३५ | २०६६।१।१८ | भावी संविधानले आत्मसात गर्नु पर्ने मुल्य र मान्यता एवं संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणागत पक्षमा विभिन्न क्षेत्रका महानुभावहरुसंग परामर्श |
| ३६ | २०६६।१।२० | संकटकालिन व्यवस्था उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने |
| ३७ | २०६६।१।२१ | १. संकटकालिन व्यवस्था उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने<br>२. संविधान संशोधन उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने |
| ३८ | २०६६।१।२२ | राजनीतिक दल र विविध उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने |
| ३९ | २०६६।२।१ | १. राजनीतिक दल उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने ।<br>२. पारित भएका अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार पार्ने कार्य प्रारम्भ गर्न मस्यौदा उपसमितिको गठन । |
| ४० | २०६६।२।४ | संविधानको नाम उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने । |
| ४१ | २०६६।२।५ | १. प्रस्तावना उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथि छलफल हुने ।<br>२. पारित भएका अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार पार्ने कार्य प्रारम्भ गर्न मस्यौदा उपसमितिको गठन । |
| ४२ | २०६६।२।६ | १. प्रस्तावना उपसमितिले पेश गरेको अवधारणा सम्बन्धी प्रतिवेदनमाथिको छलफल जारी रहने ।<br>२. अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार पारी समितिमा पेश गर्न मस्यौदा उपसमितिको गठन । |
| ४३ | २०६६।२।१३ | अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार पारी समितिमा पेश गर्न मस्यौदा उपसमितिको गठन । |

| | | |
|---|---|---|
| ४४ | २०६६।५।१२ | समितिका सभापतिको निर्वाचन |
| ४५ | २०६६।५।१४ | समितिको हाल सम्मको काम कारवाहीको समीक्षा तथा आगामी कार्यक्रम तय गर्ने सम्बन्धमा छलफल |
| ४६ | २०६६।५।१६ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयमा अवधारणा पत्रको आधारमा व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा तयार गर्न स्पष्ट कार्यक्षेत्र र कार्यावधि निर्धारण गरी मस्यौदा उपसमितिको गठन |
| ४७ | २०६६।५।२२ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिको कार्यावधि थप गर्ने सम्बन्धमा । |
| ४८ | २०६६।५।२३ | १. समिति अर्न्तगत गठित मस्यौदा उपसमितिका मा.संयोजक श्री देवप्रसाद गुरुङ्गले उपसमितिले तयार गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुहुने ।<br>२. माननीय सभापतिले सभापतिमार्फत विभिन्न संस्था र व्यक्तिहरुबाट समितिमा पेश भएका ज्ञापन पत्रहरुको बैठकलाई जानकारी गराउनु हुने । |
| ४९ | २०६६।५।२५ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने । |
| ५० | २०६६।५।२६ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५१ | २०६६।५।२८ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५२ | २०६६।५।२९ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५३ | २०६६।७।१० | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५४ | २०६६।७।११ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५५ | २०६६।७।१२ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५६ | २०६६।७।१३ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५७ | २०६६।७।१९ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५८ | २०६६।७।२० | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्र भित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि छलफल गर्ने र समितिको प्रतिवेदन तयार गर्ने कार्य जारी रहने । |
| ५९ | २०६६।७।२२ | समिति अर्न्तगत गठित मस्यौदा उपसमितिले पेश गरेको समितिका कार्यक्षेत्रभित्रका विषयको अवधारणा सम्बन्धी प्रतिवेदन र व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि समितिको बैठकमा भएको छलफलमा उठेका विषयलाई मस्यौदामा समायोजन गर्ने । |
| ६० | २०६६।७।२९ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६१ | २०६६।८।१२ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६२ | २०६६।८।१४ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६३ | २०६६।८।१५ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६४ | २०६६।८।१६ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |

| | | |
|---|---|---|
| ६५ | २०६६।८।१७ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६६ | २०६६।८।१८ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६७ | २०६६।८।२१ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६८ | २०६६।८।२२ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ६९ | २०६६।८।२३ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७० | २०६६।८।२४ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७१ | २०६६।८।२५ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७२ | २०६६।८।२६ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७३ | २०६६।८।२८ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७४ | २०६६।८।३० | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७५ | २०६६।८।३० | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७६ | २०६६।९।१ | संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुलाई उक्त मस्यौदामा समायोजन गर्ने । |
| ७७ | २०६६।९।९ | १. संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको कार्तिक २२ गते वितरित मस्यौदामाथि माननीय सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुमध्ये मतदानको प्रक्रियाबाट निर्णय गर्नु पर्ने विषयहरुको सूचीलाई अन्तिम रुप प्रदान गर्ने ।<br>२. संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको अवधारणा पत्र र प्रारम्भिक मस्यौदालाई अन्तिम रुप प्रदान गर्न मतदान हुने बैठकको मिति र समय निर्धारण गर्ने ।<br>३. मतदानबाट निर्णय गर्दा अपनाईने प्रक्रिया तय गर्ने ।<br>४. विविध । |
| ७८ | २०६६।९।१० | १. संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयको मस्यौदामा मतदानद्वारा निर्णय गर्ने भनी मिति २०६६।९।९ को बैठकद्वारा सूचिकृत गरिएका विषयहरुमा क्रमश: निर्णय गरिने ।<br>२. विविध । |
| ७९ | २०६६।९।१९ | १. संवैधानिक समितिको कार्यक्षेत्र भित्रका विषयहरुको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सहितको प्रतिवेदनमा माननीय सदस्यहरुको हस्ताक्षर हुने ।<br>२. विविध |

**मिति २०६६।९।१९ को बैठकमा माननीय सभापतिले मिति २०६६।९।१० मा समितिमा भएको मतदानबाट पारित विषयहरु अवधारणापत्र खण्डमा मिलान भए नभएको सम्बन्धमा रुजु गर्न सकिने भनी माननीय सदस्यहरुको लागि निर्धारण गर्नु भएको समय भित्र प्राप्त भएका दस्तावेजहरु**

# मधेसी जन अधिकार फोरम, नेपाल
## Madheshee People's Rights Forum, Nepal

केन्द्रीय समिति

प. सं:- ०६६/६७
च. नं:- ६६

E-mail: mprforum@yahoo.com


मितिः .....२०६६-पौष-१९

श्रीमान् सभापति ज्यू,
संवैधानिक समिति

विषय :- फरक मत पेश गरेको ।

महोदय,

अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन २०६६ माथि मेरा देहाय बमोजिमको फरक मत एवं अवधारणा पेश गरेको छु । उक्त अवधारणा एवं फरक मतलाई समेत अवधारणा पत्रका साथ संविधानसभामा पेश हुने व्यवस्था गरी पाऊँ ।

१. प्रस्तावनाको अनुच्छेद ४ मा **"केन्द्रिकृत"** शब्द भन्दा पहिले र **"एकात्मक"** शब्द राखि मिलाउने ।

२. (६) राष्ट्रिय झण्डा : (१) राष्ट्रिय झण्डा परिर्वतन गरी नयाँ बनाउने ।

३. (३०) संक्षिप्त नाम र प्रारम्भ : (१) यो संविधानलाई **"संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६७"** भनिने छ भनि राख्ने ।

४. अनुच्छेद (६) मा **"आर्थिक समानता सहितको मानव अधिकार"** थप गर्ने ।

५. संविधान शंसोधन उपधारा (१) संघीयता, प्रादेशीकस्वायत्तता र स्वशासन, लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशीकरण, गणतन्त्र अपरिवर्तनीय रुपमा राख्ने ।

उपेन्द्र
मा. उपेन्द्र यादव
सदस्य, संवैधानिक समिति

## संविधानसभा संवैधानिक समिति अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्वन्धि प्रतिवेदन २०६६ को अवधारणा खण्डमा परिमार्जन गरी समावेश गर्नु पर्ने केही बूदाहरु:

### जनयुद्ध जनआन्दोलन र मधेश आन्दोलनवारे

विभिन्न ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जनआन्दोलन र मधेश आन्दोलन विगतको सामन्ती र केन्द्रकृत राज्य व्यवस्थाले सिर्जना गरेका विभेद र असमानताहरुका विरुद्धको जनताको विद्रोह थियो । यो विद्रोहले संविधानसभाको निर्वाचन र संघीयताका वारेमा मूर्त रुप लिने कुराकालागि प्रेरक तत्वको भूमिका निर्वाह गरयो । विगतका ऐतिहासिक घटनाक्रम दश वर्षे महान जनयुद्ध लगायतका संविधानसभा र संघीयताका आधारहरुलाई स्मरण नगरी नया संविधानले पुर्णता प्राप्त गर्न सक्दैन ।

### जनताको त्याग र वलिदानवारे

नेपाली जनताले नेपाली समाजको रुपान्तरणकालागि खेलेको भूमिका मुख्यत संविधानसभा गणतन्त्र संघीयता सहितको राज्यको अग्रगामी पुनरसंरचना एवं समावेशी समानुपातिक सिद्वान्तको प्रत्याभूतिकालागि जनताले गरेको त्याग र वलिदानलाई विशेष रुपले स्मरण गर्नु पर्छ । उल्लेखित राजनैतिक ऐजेण्डाहरुलाई स्थापित गर्न संचालन गरिएका महान जनयुद्ध जनआन्दोलन र मधेश आन्दोलनको भूमिकालाई स्थापित नगरीकन सो मा गरेको नेपाली जनताको त्याग र वलिदानको स्मरण अपुरो हुन्छ ।

### पितृसत्तात्मक राज्यवारे

राज्यको अग्रगामी पुरनसंरचना मुलुकको साझा ऐजेण्डा वनेको स्थिति हो । यसकालागि सामन्ती एकात्मक केन्द्रिकृत राज्य स्वरुपका साथै पितृसत्तात्मक राज्यको स्वरुप अग्रगामी रुपान्तरणको मुख्य वाधक तत्व हो भन्ने कुरा स्मरण गर्न जरुरी छ ।

### जनतामुखी प्रतिस्पर्धात्मक प्रणालीवारे

प्रतिस्प्रधात्मक वहुदलिय लोकतान्त्रिक प्रणाली आजको आवश्यकता हो तर त्यो लोकतान्त्रिक प्रणाली जनताको प्रणाली हुन सक्यो कि सकेन मुख्य प्रश्न उब्जिएको छ । विगतदेखि नै भनिदै आएको र यतिवेलाको पनि लोकतान्त्रिक प्रणाली जनताको ईच्छा आकंक्षाको परिपुर्ति गर्ने र जनताको हित र स्वार्थको रक्षा गर्न जति हुनुपर्ने हो त्यति सफल हुन नसकेको अवस्था हो । तसर्थ अव नया संविधान जनताको लोकतन्त्रको प्रत्यभूति गर्ने खालको हुन जरुरी छ । अर्थात औपचारिक लोकतन्त्र हैन वास्तविक लोकतन्त्र हाम्रो सरोकारको विषय हो । तसर्थ भावी संविधान जनसंविधान हुने कुराको सुनिश्चितता जनताको लोकतन्त्र वन्न सक्ने वा नसक्ने कुरामा निर्भर गर्दछ ।

## समानुपातिक र समावेशी सिद्वान्तवारे

आजसम्मको राज्य प्रणाली एक भाषा एक जाती एक वर्ग र एक समुदायको मात्रै वाहुल्यता भएका कारणले सिगो राज्य मेरो भन्ने भावनाको विकास हुनै सकेन । फलस्वरुप नेपाली समाजका समस्याहरु एक पछि अर्को गर्दै झन झन जटिल वन्दै गएको अवस्था हो । सो जटिल वन्दै गएको समस्यालाई समाधान गर्ने एकमात्र उपाय भनेको राज्यका हरेक अंग र निकायमा समानुपाति र समावेशी मान्यतालाई सैद्धान्तिक रुपमा मात्रै हैन व्यवहारिक रुपमा पनि स्थापित गर्न जरुरी भएकाले संविधानको प्रस्तावनामा नै यो विषयलाई समावेश गर्नु परेको हो ।

## आत्मनिर्णको अधिकारवारे

राष्ट्रिय अखण्डतालाई अछुण राख्दै जनताको भावनालाई सम्मान गरी जनताको आत्मनिर्णयको अधिकार सहित स्वयत्तता र स्वशासनप्रति प्रतिवद्ध रहनु पर्दछ भन्ने कुरालाई स्वीकार गर्न जरुरी छ । आत्म निर्णयको अधिकार पूर्ण लोकतन्त्रको मान्यतामा आधारित छ भन्ने कुरा स्वीकार गर्नु नै लोकतन्त्र प्रतिको सही बुझाई र वास्तविक प्रतिवद्धता पनि हुनेछ ।

## वर्ण व्यवस्थाजन्य जातिपाति छुवाछुतवारे

विगतको समाज सामन्ती एकात्मक र केन्दिकृत त छदै थियो त्यसका अलावा वर्ण व्यवस्थाजन्य जात पात र छुवाछुतमा आधारित पनि थियो । त्यसैकारणले विभेदयुक्त र अवैज्ञानिक समाजका संस्कार तिनै संस्कारवाट निर्देशत राज्यसत्ता हुनुका कारणले त्यसका विरुद्ध जनताले विद्रोह गरेको अवस्था जगजाहेर छ तसर्थ यो तथ्यलाई प्रस्तावनामा आत्मसात गर्न जरुरी भएको हो ।

## सामन्तवादका सवै रुपहरुको अन्त गर्ने वारे

र वैदेशिक हस्तक्षेपका सबै रुप तथा

सामन्तवाद अवशेषहरुको अन्त्य गर्दै नेपाली जनताको महान संघर्षवाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै जनवाद सामजवाद र साम्यवादमा पुग्ने लक्षप्रति ईमान्दार हुदै सामन्तवादको नेतृत्व गर्ने राजतन्त्रको विधिवत अन्त भएको भएतापनि विगतको सामन्तवादका अवशेषहरु ज्यूका त्यू छन् । उनीहरुले मौका पाउनासाथ टाउको उठाउने र नेपाली जनताको त्याग र वलिदानवाट प्राप्त उपलब्धीलाई समेत चुनौति दिनसक्ने अवस्था विद्यामान हुदा सामन्तवादका सवै खाले अवशेषहरुको अन्त नगरीकन संघीय गणतन्त्र संस्थागत पनि हुन सक्दैन र सामन्तवादको सवै रुपहरुको अन्त नगरीकन सो संघीय गणतन्त्र जनताको (आधारभूत वर्ग श्रमिक तथा मजदुर ) हितको हुन पनि सक्दैन भन्ने कुरालाई आत्मसात गर्न जरुरी भएको छ ।

## वहुराष्ट्रिय राज्यवारे

नेपाल वहु जातीय वहु भाषिक तथा वहु सांस्कृतिक राज्य हो । राष्ट्रियताको अर्थ एक निश्चित र साझा भूभाग भित्र वसोवास गर्ने साझा भाषा साझा संस्कृति साझा मनोविज्ञान र साझा आर्थिक आधार भएका जनताहरुको एकिकृत अभिव्यक्ति । यसको अर्थ निश्चित जात पात र नश्लको प्रश्न होईन । यो वहुजातीय वहु राष्ट्रिय अभिव्यक्ति र अर्थ दिने जनताको समुह नै राष्ट्रियता हो । नेपाल वहु राष्ट्रहरुको

एकिकृत र संकेन्द्रित स्वरुप हो । तसर्थ यो वास्तविकतालाई आत्मसात गरी नेपाल वहुराष्ट्रिय राज्य हो भन्ने कुरा नया संविधानमा प्रष्टसंग राख्न जरुरी छ ।

**जनताको त्याग र वलिदानवारे**

यसै गरी नेपाल महान तथा गौरवशाली संघर्ष र वलिदानको जगमा सामन्तवादी राजतन्त्रात्मक र एकात्मक राज्यवाट जनताको गणतन्त्रात्मक र संघीय राज्य हुदै समाजवादमा पुग्ने लक्ष राख्दछ भन्ने कुरा विवाद रहित छ । नेपाली क्रान्तीको यात्राले समाजवाद साम्यवादलाई लक्ष वनाउन जरुरी छ । यस उद्देश्यकालागि यो नया संविधान समाजवादउन्मुख हुन जरुरी छ । समानतामा आधारित काम, माम, आवास, स्वास्थ्य, शिक्षा र रोजगारीको ग्यारेण्टी गर्न सक्ने व्यवस्था नेपाली जनताको ईच्छा मात्रै हैन जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनको चाहना पनि हो ।

**संविधानमा प्रतिक सम्बन्धि व्यवस्था** नराख्ने कुरामा समिति एकमत हुन जरुरी छ । विगतको राज्य व्यवस्था सामन्ती एकिकृत र केन्द्रिकृत मात्रै थिएन यो त हिन्दु वर्ण व्यवस्थामा आधारित थियो राज्य धर्म निरपेक्ष घोषित भैसक्दा पनि हिन्दु धर्मवाट प्रभावित कतिपय प्रतिक चिन्हहरु विगतदेखि नै प्रचलनमा आएको अवस्था थियो । तसर्थ विगतको यो सामन्ती एकिकृत र हिन्दुवर्णाश्रम व्यवस्थामा आधिकारित नेपाली समाजको रुपान्तरण आजको अपरिहार्य आवश्यकता वनेको छ । तसर्थ नया संविधानमा विगतका हिन्दुधर्मवाट प्रेरित प्रतिक चिन्हहरु नराख्ने गरी व्यवस्था गर्न आवश्यक भएको हो ।

**राष्ट्रिय स्वाधिनता**

स्वाधिन मुलुकको सर्वाधिक महत्वको विषय हो । वैदेसिक हस्तक्षेपवाट अकान्त मुलुकले एकात्मक सामन्ती राजतन्त्रको अन्त गरी संघीयता र गणतन्त्र स्थापना गर्न सक्षम नेपाली नागरिकहरु राष्ट्रिय स्वाधिनताकालागि फेरि लडनु पर्ने अवस्थाको पुष्टि वैदेशिक हस्तक्षेपको चरम र नांगो स्वरुपले गरेको अवस्था छ ।

**आर्थिक समानता सहितको मानवअधिकार**

मानवअधिकार भन्नासाथ राजनैतिक र नागरिक अधिकार मात्रै वुझ्ने र आर्थिक सामाजिक सांस्कृतिक अधिकारलाई वेवास्ता गर्ने पुजिवादी मान्यता समाजमा व्याप्त छ तसर्थ मानवअधिकार भन्नासाथ पूजिवादी अधिकार मात्र वुझ्ने स्थिति भएका कारणले आर्थिक समानतासहितको मानवअधिकार आजको आवश्यकता हो भन्ने कुरा बोध गर्न जरुरी छ ।

**जनउत्तरदायी न्यायप्रणालीवारे**

स्वतन्त्र न्यायपालिका २०औं शताव्दीको उपज हो यसको प्रयोगले न्यायपालिका जनताप्रति उत्तरदायी हुनेभन्दा जनतावाट कटदै जाने जनताप्रति उत्तरदायी हैन शासकहरुप्रति मात्रै उत्तरदायी हुने, जनताको तिरो र करवाट सुविधा भोग गर्ने जनताप्रति उत्तरदायी हुन नपर्ने अवस्थाले लोकतान्त्रिक मुल्य मान्यताकै उपहास हुने अवस्था सिर्जना भएको छ । राज्यका सवै निकायहरु जनताप्रति उत्तरदायी हुनु

पर्ने मान्यता स्थापित हुन जरुरी छ । यसो हुन सकेन भने जनउत्तरदायीको सट्टा पुरानै सामन्ती र एकात्मक व्यवस्थाको निरन्तरता हुने खतरा हुनेछ तसर्थ अवको समयमा जनउत्तरदायी राज्यका निकायहरु स्थापना गर्नु जरुरी छ । पुराना राज्यका संरचना जनउत्तरदायि वन्ने र अग्रगामी पुनरसंरचनाकासाथै जनउत्तरदायी वनाउन जरुरी छ ।

**असंशोधनीय प्राव्धानवारे**

नेपाली जनता सार्वभौमसत्तासम्पन्न हुन भन्ने मान्यता लोकतान्त्रिक मूल्य र मान्यतालाई स्वीकार गरिसकेपछि जनता नै शक्तिको श्रोत हुन भन्ने कुरालाई मान्नै पर्ने हुन्छ। जनताको परिवर्तनको चाहनालाई रोक्ने निषेध गर्ने वा प्रतिवन्ध लगाउने कुनै पनि व्यवस्था लोकतान्त्रिक हुनै सक्दैन ठीक यसै गरी संविधानमा असंशोधनीय प्राव्धान राख्ने कुराले यी सवै मान्यताको एकमुष्ठ खण्डन गर्दछ । तसर्थ संविधानमा कुनै पनि प्राव्धान असंशोधनीय राख्न हुदैन । राख्नै पर्ने हो भने जनतामा निहित सार्वभौमसत्ता र राष्ट्रिय स्वाधिनता वाहेक अरु विषय असंशोधनीय वनाउन हुदैन ।

त्यसमा पनि वहुलवादजस्तो दार्शनीक शव्दावली संविधानमा राख्ने र परिवर्तन गर्न नपाइने व्यवस्थाले लोकतन्त्रको पूरै मान्यताको खण्डन गर्दछ । वहुलवादको वकालत गर्ने कुरा दार्शनिक हिसावले पनि राजनैतिक हिसावले पनि मेल खादैन । जनताको ईच्छा र आकंक्षा जेसुकै भए पनि वहुलवाद राखिराख्नै पर्ने मान्यता कुनै तर्कले पनि पुष्टि गर्न सक्दैन । अझ वहुलवादलाई – संविधानवादको आधारस्तम्भ मान्ने कुराले विषयवस्तुप्रतिको अज्ञानतालाई मात्रै प्रकट गर्दछ । तसर्थ संविधानमा अशंशोधनीय प्राव्धानका वारेमा चर्चा गर्दा कमसेकम लोकतान्त्रिक मूल्यमान्यता,जनताको सार्वभौमसत्ता र जनता नै शक्तिको श्रोत हुन भन्ने कुरासंग नवाझिने गरी मात्रै व्यवस्था गर्नु पर्दछ ।

**संकमणकालिन व्यवस्था वारे**

संकमणकालिन व्यस्थामा नया संविधानको भाव अभिव्यक्त हुन जरुरी छ । संकमणकाल भएका कारणले नया संविधानमा संकमणकालिन कार्यकारी, व्यवस्थापिका र न्यायपालिका एवं संवैधानिक पदाधिकारीहरुको व्यवस्था गर्न जरुरी छ । राष्ट्रपति उपराष्ट्रपति र मन्त्रीपरिषदको निर्वाचन अन्तरिम संविधानको आधारमा भएको हो। पुरानो संविधान अन्तरगतका निकाय र पदाधिकारीहरुको निरन्तरता कायम हुन सक्दैन ।

संविधानको प्राव्धानमा परिवर्तन आएमा परिवर्तन भएकै आधारमा संविधानसंग वाझिएका पद,प्राव्धान र पदाधिकारीहरु स्वत: खारेज हुने छन् ।

परिवर्तित संविधानले पुरानो संविधानका पद , प्राव्धानहरु र पदाधिकारीहरुलाई परिवर्तित प्राव्धानसंगै परिमार्जन गरे पछिमात्रै निरन्तरता प्राप्त हुनेछ ।

नेपाल संघीय गणतन्त्रात्मक राज्य हुनेछ भन्ने कुरा संविधानको पहिलो संशोधनले स्पष्ट पारिसकेपछि पनि मुलुक एकात्मक नै भैरहने अवस्था संविधानसंग मेल खादैन त्यसका अलावा नया संविधान जारी

भैसकेपछि पनि संघीय ईकाइ वा प्रदेशहरुको वारेमा संकमणकालिन व्यवस्था गर्न नसक्नु फेरि संविधानको मर्म र भावना विपरित हुने अवस्था छ। कमसेकम संकमणकालमा पनि स्वायत्त प्रदेशहरुको व्यवस्था कसरी गर्ने भन्ने वारेमा संकमणकालिन व्यवस्थ ।गर्न आवश्यक भएको हो । संकमणकालिन व्यवस्थाले संघीयताको भाव दिन सक्नु पर्छ नया संविधानको मर्म पकडन सक्नु पर्छ| [illegible] । यसकालागि संकमणकालिन नया व्यवस्था गर्नु जरुरी छ।

१. मा. डा. वावुराम भट्टराई

२. मा. नारायणकाजी श्रेष्ठ

३. मा. देवप्रसाद गुरुङ्ग

४. मा. बर्षमान पुन

५. मा. खड्क बहादुर वि.क.

६. मा. जयपुरी घर्ती

७. मा. राम चरण चौधरी

८. मा. सरला रेग्मी

९. मा. पदम राई

१०. मा. महेन्द्र पासवान

११. मा. खिमलाल देवकोटा

१२. मा. हरिराज लिम्बू

१३. मा. सूर्यमान दोङ्ग

१४. मा. धर्मशिला चापागाई

१५. मा. रुपा वि.क.

१६. मा. रेणु चन्द

१७. मा. ज्वालाकुमारी साहा

मिति २०६६ पौष १९ गते